# नगर बृहत् योजना
# २०७७




## दमक नगरपालिका
दमक, झापा, प्रदेश नं. १, नेपाल

# नगर बृहत् योजना-२०७७

## दमक नगरपालिका

### दमक, झापा

### प्रदेश नं. १, नेपाल ।

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दमक, झापा, प्रदेश नं. १, नेपाल**

(बृहत् योजना नगर विकासका क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको मार्गदर्शक दस्तावेज हो । व्यापक जनसहभागितामा आधारित विधिबाट तयार भएको यो योजना आवधिक रूपमा समीक्षा र अद्यावधिक गर्ने पद्धतिमार्फत् जीवन्त दस्तावेजका रूपमा रहने छ ।)

अर्जुन राई
सभापति
सुशासन तथा योजना समिति
१ नं. प्रदेश, नेपाल
सम्पर्क नं. ०२३-५८१८०७
मो. ९८५२६७६०६१

Arjun Rai
Chairperson
Good governance and Planning Committee
1 No. Province, Nepal
Contact:023-581807
9852676061

प.स.
च.नं.

# शुभकामना

दमक नगरपालिकाले पनि आफ्ना विकास निर्माणका कार्यलाई व्यवस्थित एवं योजनावद्ध रुपमा अगाडि बढाउन २० बर्षे सोच सहितको "दमक बृहत योजना" निर्माण गरी प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुशी लागेको छ । नेपाल संघीय राज्य संरचनाको स्थापना पछि संघसंगै ७ प्रदेश र ७५३ स्थानीयतह समृद्धि र विकास निर्माणमा सक्रिय छन । संघीयताको मर्म र अभिप्राय बमोजिम जनताको पिरमर्का र अप्ठ्याराहरुलाई उनीहरुकै घरदैलो नजिकै वसी समाधान गर्ने जिम्मेवारी यिनीहरुको काँधमा आएको छ । यो कार्यमा संघ,प्रदेश सरकारले स्थानीयतहलाई सहयोग पु¥याउदै आएको छ । संघ,प्रदेश सरकार संग निरन्तर सर्म्पक र समन्वयमा रही जनचाहना अनुरुप समृद्धि र विकास निर्माणको नेतृत्व गर्ने अवसर स्थानीय तहलाई प्राप्त भएको छ ।

नेपालको संघीयताका अन्य मुलुकको जस्तो प्रतिस्पर्धात्मक नभई सहकारीता, सह-अस्तित्व र समन्यवमा आधारित भएकाले एक तहको सरकारले अर्को तहको सरकारलाई समपुरक र परिपुरक हुने गरी बृहत योजना निर्माण गरी तिनको कार्यान्वयनमा पारस्परिक सहयोग समन्वय र सहकार्य आवश्यक छ । यसै परिपेक्ष्यमा दमक नगरपालिकाले निर्माण गरेको यस २० बर्षे सोच सहितको "दमक बृहत योजना" ले समग्र नगरको विकासलाई दिशानिर्देश गरी समृद्ध नगर निर्माणमा सहयौगी हुने अपेक्षा गर्दछु साथै "दमक बृहत योजना" को सफल एंव दिगो कार्यान्वयनको लागि सम्वद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०७७ मंसिर

अर्जुन राई
सभापति
सुशासन तथा योजना समिति
प्रदेश नं. १

**प्रदेश योजना आयोग**
**उपाध्यक्ष**

**मितिः २०७७ भाद्र**



# शुभकामना

नेपालको संविधानले संघीय गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा विकास सुशासन र समृद्धिको आकांक्षा पूरा गर्ने परिकल्पना गरेको छ । यसका लागि सन्तुलित समावेशी र न्यायोचित विकास प्रणालीको अवलम्बन अनिवार्य छ। उच्च आर्थिक वृद्धि हाँसिल गर्दै सामाजिक न्यायमा आधारित बहु-आयामिक रूपान्तरण गर्नु अहिलेको मुख्य कार्यभार हो । सन्तुलित समावेशी र न्यायोचित विकासका लागि जनताको अर्थपूर्ण सहभागितामा निर्माण गरिएको विकास योजना अपरिहार्य हुन्छ । तथ्याङ्क, सूचना, क्षमता र सम्भावनाको सिर्जनशील आंकलन गरी दीर्घकालीन योजना बनाउनु स्थानीय तहको दायित्व हो । दीर्घकालीन सोँच हाँसिल गर्न वार्षिक र अल्पकालीन योजना बनाइन्छ । हरेक स्थानीय तह राष्ट्रिय विकासको अभिन्न अंग भएकोले राष्ट्रिय र प्रादेशिक विकास योजनासँग गाँसिने गरी स्थानीय तहले आवधिक योजनाको निर्माण गर्नु पर्छ । स्थान विशेषको प्राथमिकताको निरूपण गर्नु र तदनुरूप सरकारी निजी श्रोतको आंकलन गर्नु योजना निर्माण प्रकृयाको अभिन्न अंग हो । उपरोक्त विषयलाई अङ्गीकार गरी दमक नगरपालिकाले नगरको बृहत् विकास योजना तर्जुमा गरी सार्वजनिक गर्न लागेकोमा म पालिका परिवार र योजना निर्माणको चरणमा सहभागी सबैमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।

योजनामा समेटिएका विषयगत क्षेत्र र क्षेत्रगत लक्ष्य एवम् प्राथमिकताको औचित्यको बारेमा योजना निर्माणको बेलामा अपनाइएको सहभागितामूलक विधिका कारण स्थानीय नागरिक सचेष्ट रहेका छन् भन्ने मलाई लाग्छ । आजको युग सिर्जनशीलताको युग हो । अबको पुस्ता हरेक कार्य र प्रकृयामा नवीनता चाहन्छ । दमक नगरपालिकाले जनताको आकांक्षा, प्रतिबद्धता र सहभागितामा पूर्ण सफलता प्राप्त गर्ने छ भन्ने विश्वास लिएको छु । प्रदेश योजना आयोग दमक नगरपालिकाको विकास कार्यमा सदाशयतापूर्वक संलग्न रहने छ । यो रणनीतिक योजना निर्माणमा पालिकालाई सहयोग गर्नुहुने विषय विज्ञ, परामर्शदाता लगायत सबैलाई पुनः हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु ।

..........................................
**(सुबोधराज प्याकुरेल)**

प्रदेश सरकार, प्रदेश नं. १, कवि लेखनाथ मार्ग, विराटनगर १२, मोरङ, नेपाल
☎ ०२१-४७०३७६ (आयोगको) ☎ ०२१-४७०३७३ (सचिवालय) ९८५१०२६८४१
http://ppc.p1.gov.np/ ppc.prov1@gmail.com subodh.pyakurel@gmail.com

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

दमक, झापा, प्रदेश नं. १, नेपाल

फोन नं.: 023-580044, 580137, 580502, 581053
फ्याक्स नं.: 023-580146
Web: www.damakmun.gov.np
Email: info@damakmun.gov.np

**पत्र सङ्ख्या: ०७७/०७८**
**चलानी नम्बर : २३४३**

**मितिः २०७७/०६/१४**



## मन्तव्य

दमक नगरपालिका झापा जिल्ला प्रदेश नं. १ मा रहेको पूरानो नगरपालिका हो । २०३९ सालमा मोरङको राजघाट र मधुमल्लाको केही भाग मिलाएर दमक नगरपालिका घोषणा भएको हो । स्थापना कालमा यस नगरमा १९ वटा वडा कायम रहेकोमा पुर्न संचनाको क्रममा २०७३ सालमा नगरपालिकाको मापदण्ड कायम गर्दा १० वटा वडा कायम भएका छन् । ७५.८५ वर्ग कि.मि. क्षेत्रमा फैलिएको यस नगरमा २०७५मा प्रकाशित पार्श्वचित्रको तथ्याङ्क अनुसार ८६८९० जनसंख्या रहेको छ । यस नगरपालिकाको पश्चिम तर्फ मावा र पूर्व तर्फ रतुवा खोलाले घेरिएको प्रशस्त सिमसार भएको क्षेत्र पर्दछ ।

यस नगरपालिकामा बाटाहरूको सञ्जाल धेरै ठाउँमा पुगिसकेको छ । यद्यपि कैयौं बाटा कच्ची अवस्थामा नै रहेका छन् । नगरपालिकाको साधन र स्रोत सीमित छ र आवश्यकता असिमिति छन् । ती सीमित साधन स्रोतको अधिकतम सदुपयोग गररे आफ्नो विकास गतिमा नगरपालिका निरन्तर अघि बढिरहेको छ । विभिन्न विषय समेटेर द एसिया फाउण्डेशनसँगको सहकार्य र अष्ट्रेलियन सहयोगमा दमक नगरपालिकाले नगर पार्श्वचित्र २०७५ निर्माण गरेको छ । पार्श्वचित्रका तथ्याङ्कमा आधारित भएर द एसिया फाउण्डेशनको सहयोगमा दमक नगरपालिकाको बृहत् योजना निर्माण गरिएको छ । बृहत् योजना निर्माणमा प्रदेश नं. १ का योजना प्रमुख सुवोधराज प्याकुरेल र प्रदेश सभा सदस्य अर्जुन राई ज्यूले महत्वपूर्ण सुझाब तथा सल्लाह दिनु भएको छ । त्यसैगरी, कार्यपालिका बोर्डका उपप्रमुख, सदस्य ज्यूहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, नागरिक सल्लाहकार संयोजक तथा सदस्य ज्यूहरू, नगर सभा सदस्य ज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत र कर्मचारी वर्ग, द एसिया फाउण्डेशनका पदाधिकारीहरू तथा सहयोगी कन्सलटेन्ट ज्यूहरूले बृहत् योजना निर्माणमा खेल्नु भएको भूमिका, सहयोग र सक्रियताको उच्च आदर सम्मान गर्दै दमक नगरपालिकाको बृहत् योजना २०७८ देखि २०९८को सफल कार्यान्वयनको विश्वास गर्दछु । यो बृहत् योजना आगामी दिनमा नगरको नेतृत्व समाल्नु हुने जनप्रतिनिधिहरूका लागि मार्ग दर्शक बन्ने विश्वास प्रकट गर्दछु ।

धन्यवाद ।

.......................................
**रोमनाथ ओली**
नगर प्रमुख

# दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा, प्रदेश नं. १, नेपाल

फोन नं.: 023-580044, 580137, 580502, 581053
फ्याक्स नं.: 023-580146
Web: www.damakmun.gov.np
Email: info@damakmun.gov.np


**पत्र सङ्ख्या: ०७७/०७८**
**चलानी नम्बर : १५२३**

**मितिः २०७७/०६/१२**



## शुभकामना

लामो संघर्ष पछि नेपाली जनताको चाहना अनुरुप नेपालमा, नेपालको संविधानले संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा विकास, सुशासन र संवृद्धिको आकांक्षा पुरा गर्ने परिकल्पना गरेको छ । यसका लागि सन्तुलित, समावेशी र न्यायोचित विकास मार्फत उच्च आर्थिक वृद्धि द्धारा द्रुत गतिमा गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्नु आवश्यक छ । सन्तुलित समावेशी र न्यायोचित विकासका लागि एउटा भरपर्दो योजना अपरिहार्य हुन्छ । स्थानीय सरकार संग भएका तथ्यांक वा संरचनाको आधारमा अल्पकालिन वा दीर्घकालिन योजना तर्जुमा र त्यसको समय सापेक्ष अद्यावधिक गरि प्रभावकारी कार्यान्वयन गर्नु प्रत्येक स्थानीय सरकारको दायित्व हो । विशेष गरी आफ्नो क्षेत्र भित्रको सन्तुलित, समावेशी र न्यायोचित विकासका लागि स्थानीय सरकारले यस कार्यका लागि विशेष प्राथमिकता दिनु पर्दछ । स्थानीय तहको निर्वाचन २०७४ पश्चात् हामी जनप्रतिनीधिहरू यस नगरपालिकामा निर्वाचित भई नगरवासीको भावना र आवश्यकताको उच्च सम्मान गर्दै यस दमकलाई सुन्दर, स्वच्छ र संमृद्ध नगर बनाउने अभियानका साथ "हरित नगर संमृद्ध दमक" को नारा लिई सोहि अनुरुपको नगर बनाउने दीर्घकालीन उद्देश्य राखी आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अगाडी बढ्न मन, वचन र कर्मले सदैव प्रतिवद्ध र कटिवद्ध छौं ।

यसै विषयलाई ध्यान दिंदै दमक नगरपालिकाले नगरका विकासका सबै पक्षलाई यो नगर बृहत योजना तर्जुमा गरी प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । यस कार्यमा सफल भएकोमा दमक नगरपालिकालाई धन्यवाद व्यक्त गर्दछु । यसले नगरको दीर्घकालिन लक्ष्य हासिल गर्न स्पष्ट मार्ग निर्देशकको भूमिका निभाउने छ भन्ने विश्वास लिएको छु ।

दमक नगरपालिकाको नगर बृहत् योजना २०७७ मा योजना तर्जुमा प्रकृया अर्न्तत नागरिक केन्द्रित योजना तर्जुमा प्रकृयालाई आधार मानि यो योजना निर्माण कार्य सम्पन्न गरेको हुँदा यसको निरन्तर अद्यावधिक र कार्यान्वयन प्रकृयामा पनि नागरिक सहभागीतालाई नगरले प्राथमिकता दिनेछ भन्ने अपेक्षा राख्दै योजनामा समेटिएका विषयगत क्षेत्र र सो क्षेत्र भित्रका लक्ष्य र प्राथमिकताका आधारमा दमक नगरको समृद्धिको लक्ष्य प्राप्त गर्न मार्ग प्रसस्त बन्ने अपेक्षा गर्दै दमक नगरपालिकाको समृद्धि र समुन्नतिको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

गीता अधिकारी
उपप्रमुख
दमक नगरपालिका

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक, झापा, प्रदेश नं.१, नेपाल

फोन नं.: 023-580044, 580137, 580502, 581053

फ्याक्स नं.: 023-580146

Web: www.damakmun.gov.np

Email: info@damakmun.gov.np


पत्र सङ्ख्या: ०७७/०७८

चलानी नम्बर : ३३०३



## वृहत योजनाको सन्दर्भमा

समाजमा आवश्यकताहरू असिमित हुन्छन् तर ती आवश्यकताहरू पुरा गर्ने श्रोत र साधनहरू सधैं सिमीत हुन्छन् । तिनै असिमीत आवश्यकताहरू सिमीत श्रोत र साधनबाट पूरा गर्दै विकास र सम्वृद्धि हाँसिल गर्नको लागि आवश्यकताहरूलाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रुपले प्राथमिकीकरण गरी श्रोत र साधनलाई यथासक्य बढोत्तरी गर्दै विकास र सम्वृद्धिका कार्यक्रमहरूको खाका तयार गर्नको लागी योजना निर्माण गर्नुपर्ने हुन्छ । योजना निर्माण नगरी न त विकास निर्माणका कार्य व्यवस्थित ढङगले अगाडी बढाउन सकिन्छ, न त श्रोत र साधनको सदुपयोग नै हुन्छ । त्यसैले योजना निर्माण प्रक्रिया विकास र सम्वृद्धिको आधारशिला हो भन्न सकिन्छ ।

विकास आयोजना र कार्यक्रम सञ्चालन गर्ने हरेक निकाय र संघ संस्थाहरूले आवधिक/ वार्षिक रुपले योजना तर्जुमा गरेका हुन्छन् । वार्षिक योजना तर्जुमा गर्ने कार्य नियमित प्रक्रिया हो भने आवधिक योजना एउटा निश्चित अवधि वा बहुवर्षीय प्रकृतीको हुन्छ । वार्षीक योजनामा वर्ष भरि जुटाइने श्रोत र साधन, सम्पादन गरिने कार्य र वार्षीक लक्ष्य तथा उपलब्धीको लेखाजोखा गरिएको हुन्छ । तर आवधिक योजनामा एउटा निश्चित बहुवर्षे अवधिका लागि दीर्घकालीन लक्ष्य नीति रणनीती तथा कार्यनीति पूरा गर्न क्रियाकलापहरूको आवधिक लेखाजोखा सम्भावित बजेटका श्रोतहरूको आंकलन समेत गरिएको हुन्छ । एउटा निश्चित अवधि भित्र समाजलाई कुन विन्दु सम्म अगाडी बढाउन सकिन्छ भन्ने वृहत लक्ष्य र कार्यक्रम सहितको मार्गदर्शक दस्तावेज हो आवधिक योजना । त्यसैले आवधिक योजनाले हरेक वार्षिक योजनालाई दीर्घकालिन लक्ष्य पुरा गर्ने तर्फ डोऱ्याईरहेको हुन्छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले आवधिक योजना निर्माण गर्नुपर्ने व्यवस्था गरे अनुरुप तत्कालीन कतिपय स्थानीय निकायहरू (जिल्ला विकास समिती, गाँउ विकास समिती, र नगरपालिकाहरू) ले आवधिक योजना निर्माण गरे पनि अधिकांशले निर्माण गर्न सकेनन् । निर्माण भएका आवधिक योजनाहरू पनि प्रभावकारी रुपले लागू भएनन् । यसको प्रमुख कारण ऐन लागू भएपछी पुनः स्थानिय निकायको निर्वाचन हुन सकेन र लामो समयसम्म निर्वाचित जनप्रतिनिधि विहिन अवस्थामा स्थानीय निकायहरू संचालन भए । यस्तो अवस्था १५ वर्ष भन्दा बढी अवधि सम्म कायम रहेकाले स्थानीय तहहरूमा आवधिक योजना/वृहत योजनाको राम्ररी अभ्यास हुन पाएन । यो अवस्था अध्यावधि छँदैछ ।

नेपालको संविधान लागू भएपछि जारी भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि आवधिक योजना निर्माण गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । सोही अनुरुप दमक नगरपालिकाले २०७५ साल देखि आवधिक योजना निर्माणको प्रारम्भ गरेको हो । दमक नगरपालिकाको सन्दर्भमा शिक्षा, स्वास्थ्य, खानेपानी, सिँचाई, यातायात, विद्युत लगायत सबै क्षेत्रको एकीकृत शहरी विकास योजना (Integrated Urban Development Plan –IUDP) को रुपमा २० वर्षे दीर्घकालीन योजना निमार्ण गरिएको छ । द एशिया फाउण्डेशनको आर्थिक सहयोग र कमिटेड नेपालको प्राविधिक सहयोगमा निर्मित यो एकिकृत शहरी विकास योजनामा नगरपालिकाको दूरदृष्टि, लक्ष्य, उद्देश्य, क्रियाकलाप तथा अनुमानित लागत र श्रोतको आँकलन समेत गरिएको छ ।

योजना निर्माण गर्दा साझेदार संस्थाले स्थानीय नगरवासीको आवाजलाई सकेसम्म घनिभुत रुपमा मुखारित हुने गरी सहभागीतात्मक पद्धति अबलम्वन गरेको थियो । वडा वडाका विषयगत समितिहरू र वडा स्तरीय विषयगत समितिहरू तथा वडा स्तरीय नागरिक सल्लाहकार परिषद् संगको छलफल, परामर्श र सुझाव सहित नगरपालिकामा समेत व्यापक छलफल गरी उपलब्ध सुझावहरूलाई समेत समेटी तयार गरिएकोले यो योजना वस्तुगत र व्यवहारिक छ भन्ने लाग्दछ । हुन त योजना आफैंमा समाधान होइन ।

यो समस्या समाधानको लागि पथ प्रदर्शक मात्र हो । यसले परिलक्षित गरेको दिशामा हाम्रो वार्षीक योजना र कार्यक्रमहरू तय हुन सके मात्र यसले निर्धारित गरेको गन्तव्यमा पुग्न सकिन्छ । अन्यथा शब्द र अंक कुँदिएको एउटा अवाक पुस्तक मात्रै ठहरिन जान्छ । तसर्थ यसको सफल कार्यान्वयनका लागि वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा यो दस्तावेजलाई अभिभावकको रुपमा ग्रहण गर्नु पर्ने मान्यतामा  नगरपालिका प्रतिवद्ध छ ।

२० वर्षको लामो अवधीका लागि तयार गरिएकोले समय सर्न्दभ र यो योजना कार्यान्वयन गर्दै जाँदाको अनुभवले यस भित्रका कतिपय विषयहरू संशोधन, परिमार्जन वा थपघट गर्नुपर्ने आवश्यकता हुन्छ । त्यसैले आयोजना र कार्यक्रमहरू अल्पकालीन, मध्यकालीन र दीर्घकाल गरी ३ समुहमा प्राथमिकिकरण गरिएको छ । कार्यान्वयन गर्दै जाँदा आवश्यकता अनुसार यसको आवधिक समीक्षा गरी परिर्माजन गरिने नै छ । नेपालको संविधान जारी भएपछि भएको पहिलो स्थानीय तहको निर्वाचन बाट निर्वाचित जनप्रतिनिधिको कार्यकालमा निर्मित यो आवधिक योजना दमक नगरपालिका कै इतिहासमा संभवतः पहिलो आवधिक योजना हो । यो महत्वपूर्ण दस्तावेज तयार गर्ने कार्यमा हाम्रो अनुरोधलाई स्वीकार गरी द एशिया फाउण्डेशनले यसको सम्पूर्ण आर्थिक दायित्व व्यहोरेको छ र कमिटेड नेपालले यो योजनाको सबै प्राविधिक कार्य सम्पन्न गरेको छ । यो महत्वपुर्ण दस्तावेज तयार गर्न आर्थिक सहयोग गर्ने दातृ निकाय  र प्राविधिक सहयोग गर्ने साझेदार संस्था प्रति नगरपालिका अत्यन्तै आभारी छ । यो योजना तयार गर्ने कार्यमा सबै जनप्रतिनिधिहरू, राजनितिक दल, नागरिक समाज, पत्रकार, नागरिक सल्लाहकार परिषद्, विषयगत वडास्तरीय समितिहरू, सरकारी कार्यालय तथा गैरसरकारी संघ सस्थाहरू तथा आम नगरवासीहरूको सक्रिय एवम् सकारात्मक सहयोग प्राप्त भएको छ । यसका लागि नगरपालिका हार्दिक आभार प्रकट गर्दछ ।

अन्तमा यो योजनाले तय गरेका दूरदृष्टि, लक्ष्य र उद्देश्य पूरा गर्नका लागि निर्धारित कृयाकलापहरू तर्फ कार्यान्वयन गर्न जिम्मेवार सबै पक्षहरूसंग दमक नगरपालिका खुला हृदयले हातेमालो गर्नेछ । यसमा जिम्मेवार सबै पक्षहरूबाट सकारात्मक सहयोग हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

**मिति : २०७७ मंसिर १०, बुधवार**

..........................................

**गणेश प्रसाद तिम्सिना**
प्रमुख प्रशासकिय अधिकृत

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक, झापा, प्रदेश नं. १, नेपाल

पत्र सङ्ख्या: ०७७/०७८
चलानी नम्बर : २९८७

फोन नं.: 023-580044, 580137, 580502, 581053
फ्याक्स नं.: 023-580146
Web: www.damakmun.gov.np
Email: info@damakmun.gov.np

## हाम्रो प्रतिबद्धता

आफूले चुनेका जनप्रतिनिधिले आफ्नो संविधान लेख्ने करिब ६५ वर्ष पूरानो चाहनाको प्राप्ति पश्चात् जारी भएको नेपालको संविधान २०७२ ले नेपाललाई सङ्घीय संरचनामा ढालेर स्थानीय तहहरूलाई एक स्वशासित, अविच्छिन्न उत्तराधिकारवाला संस्थाका रूपमा स्थापित गरेको छ । राज्य पुर्नःसंरचना सँगसँगै स्थानीयस्तरको समग्र विकासको जिम्मेवारी स्थानीय तहमा आएको छ । यो एक ऐतिहासिक अवसर हो भने, यस अवसरको सदुपयोग गरेर पालिकाको समग्र विकास हाम्रो दायित्व, जिम्मेवारी र कर्तव्य हो । तीन तहको सरकारमध्ये जनताको दिनानुदिनका अवस्थासँग प्रत्यक्षरूपमा सरोकार र साझेदारी गर्ने सरकारका रूपमा रहेको स्थानीय सरकार सामु स्थानीय विकास र समृद्धिका लागि महत्वपूर्ण जिम्मेवारीहरू छन् । दमक नगरपालिकालाई मुलुककै उत्कृष्ट नगरपालिकाका रूपमा विकास गर्न यहाँका नागरिकको दक्षता तथा क्षमता अभिवृद्धि गर्नु आवश्यक रहेको छ । यसकै आधारमा सामाजिक तथा आर्थिक विकासका नयाँ अवसरहरू सिर्जना गरेर जनसहभागीतामा आधारित द्रुत तथा दीगो विकासका माध्यमले नागरिकको जीवन सुनिश्चित गर्न यो नगरपालिका लागिरहेको छ ।

स्थानीय सरकारसँग भएका तथ्यांक वा सूचनाका आधारमा अल्पकालीन वा दीर्घकालिन योजना तर्जुमा र त्यसको समय सापेक्ष अध्यावधिक गरी प्रभावकारी कार्यान्वयन गर्नु प्रत्येक स्थानीय सरकारको दायित्व हो । विशेष गरी आफ्नो क्षेत्र भित्रको सन्तुलीत, समावेशी र न्यायोचित विकासका लागि स्थानीय सरकारले यस कार्यका लागि विशेष प्राथमिकता दिनु पर्दछ । यसै विषयलाई ध्यान दिदै दमक नगरपालिकाले वडाका नागरिक र वडाका पदाधिकारीहरूको प्रत्यक्ष संलग्नतामा नगरका विकासका सबै पक्षलाई समेटी बृहत् योजना तर्जुमा गरी प्रकाशन गर्न लागेकोमा हामी नगरका सबै वडाका वडाध्यक्षहरू एउटा महत्वपूर्ण दायित्व पुरा गरेको ठानेका छौं ।

नेपालको संविधानले व्यवस्था गरेका काम, कर्तव्य र अधिकारहरूको सदुपयोग गर्दै स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनहरूको समुचित व्यवस्थापन र सदुपयोग गरी समुदायमा आधारित व्यवसायी, सरकारी, गैरसरकारी व्यवसायी, व्यापारिक प्रतिष्ठान आदिसँग सहकार्य गर्ने, नीति तथा जनसरोकारका विकास साझेदार, छिमेकका स्थानीय सरकार, प्रादेशिक सरकार र सङ्घीय सरकारसँग समेत सहकार्य गर्दै दमक नगरपालिकाको सुन्दर भविष्य सुनिश्चित गर्ने दृढ अठोटका साथ योजनाबद्ध तवरबाट कार्यक्रम सञ्चालन गर्न २० वर्षे बृहत् योजना तर्जुमा गरी योजना कार्यान्वयन प्रकृयामा नागरिक सहभागितालाइ  नगरले प्राथमिकता दिनेछ ।

विषयगत क्षेत्र र सो क्षेत्र भित्रका लक्ष्य र प्राथमिकताका आधारमा नगरको २० वर्षे बृहत् योजनामा दमक नगरको सम्पूर्ण वडा सहित नगरको संमृद्धिको लक्ष्य प्राप्त गर्न कोशेढुङ्गो बन्ने अपेक्षा गर्दै यसमा सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिन चाहन्छौ । साथै यो बृहत् योजना कार्यान्वयनको पूर्ण सफलताको कामना गर्दै तन, मन वचनका साथ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । धन्यवाद ।



**तारा प्रसाद अधिकारी**
अध्यक्ष
वार्ड नं. १



**प्रजापति सापकोटा**
अध्यक्ष
वार्ड नं. २



**नबिन बराल**
अध्यक्ष
वार्ड नं. ३



**कुमार साम्सोहाङ**
अध्यक्ष
वार्ड नं. ४



**इन्द्र बहादुर गुरुङ**
अध्यक्ष
वार्ड नं. ५



**टेक बहादुर थापा**
अध्यक्ष
वार्ड नं. ६



**भिम प्रसाद पौडेल**
अध्यक्ष
वार्ड नं. ७



**पशुपति राज गौतम**
अध्यक्ष
वार्ड नं. ८



**राम बहादुर धिमाल**
अध्यक्ष
वार्ड नं. ९



**बोधराज न्यौपाने**
अध्यक्ष
वार्ड नं. १०

# नगरको दूरदृष्टि

औद्योगिक, पर्यटकीय र हरित नगर
स्वच्छ, सुरक्षित, र समृद्ध दमक

## विषय सूची


**खण्ड १ : प्रारम्भिक** **१**
१.१. परिचय १
१.२. बृहत् योजनाको सान्दर्भिकता र कानुनी आधार २
१.३. बृहत् योजनाको क्षेत्र र सीमा ३

**खण्ड २ बृहत् योजना तर्जुमा विधि** **५**
२.१. योजना तर्जुमा प्रक्रियाको सामान्य झलक ५
२.२. वस्तुस्थिति विश्लेषण ७
२.३. मस्यौदा तयारी र पृष्ठपोषण ९
२.४. मस्यौदा स्वीकृति र सार्वजनिकिकरण ९
२.५. बृहत् योजना कार्यान्वयन ९
२.६. बृहत् योजना परिमार्जन वा संशोधन १०

**खण्ड ३ नगर परिचय** **११**
३.१. पृष्ठभूमी ११
३.२. नगरको जनसाङ्खिक अवस्था १२
३.२.१. जनसंख्या प्रक्षेपण १५
३.२.२. जनसंख्या प्रक्षेपण विधि १५

**खण्ड ४ नगरको समष्टिगत लक्ष्य** **१९**
४.१. नगरको मुख्य प्राथमिकता १९
४.२. नगरको दूरदृष्टि १९
४.३. नगरको दीर्घकालीन लक्ष्य २१
४.४. प्रमुख अपेक्षित उपलब्धी २२

**खण्ड ५ क्षेत्रगत योजना** **२३**
५.१. आर्थिक विकास २५
५.१.१. सीप तथा रोजगारी २५
५.१.२. पर्यटन ३१
५.१.३. उद्योग र वाणिज्य ३८
५.१.४. कृषि तथा पशुपालन ४३
५.१.५. सहकारी ४९
५.१.६. आर्थिक पूर्वाधार तथा राजस्व परिचालन ५२
५.१.७ . स्थानीय आर्थिक विकास अन्तर्गत संगठनात्मक क्षमता विकास ५६
५.२. सामाजिक विकास ६३
५.२.१. शैक्षिक विकास ६३
५.२.२. स्वास्थ्य ८३
५.२.३. सम्पदा संरक्षण १११
५.२.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण १२०
५.३. पूर्वाधार विकास १२७
५.३.१. भू-उपयोग तथा आवास व्यवस्थापन १२७
५.३.२. पार्क तथा मनोरञ्जन १४४
५.३.३. यातायात १५१
५.३.४. सार्वजनिक निर्माण १६९
५.४. वन, वातावरण र विपद् व्यवस्थापन २०३
५.४.१ .प्राकृतिक स्रोत र वातावरण २०३
५.४.२. विपद् तथा आपत्कालीन व्यवस्थापन २२४
५.५. संस्थागत विकास र सुशासन २४५
५.५.१. संस्थागत विकास २४५
५.५.२. सुशासन २४७

**खण्ड ६. अनुगमन र मूल्याङ्कन** २५३
***अनुसूची १ बृहत् योजना कार्यान्वियनको आर्थिक पक्ष*** ***२५५***
***अनुसूची २ बृहत योजनाको प्रारम्भिक मस्यौदा माथि नागरिक सल्लाहकार परिषद्को सुझाव*** ***२५९***

## तालिका सूची


| | | |
|---|---|---|
| तालिका २.२ | : विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र | ८ |
| तालिका २.६ | : बृहत् योजना परिमार्जन वा संशोधन आधार | १० |
| तालिका १/३.२ | : नगरको वडागत जनसाङ्खिक स्थिति | १३ |
| तालिका २/३.२ | : अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसंख्याको विवरण | १४ |
| तालिका ३.२.२ | : आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण | १६ |
| तालिका ४.३ | : नगरको दीर्घकालीन लक्ष्य | २१ |
| तालिका ४.४ | : नगरको अपेक्षित उपलब्धी | २२ |
| तालिका १/५.१.१ | : सीप तथा रोजगारीका रणनीति र कार्यनीति | २८ |
| तालिका २/५.१.१ | : आवधिक प्राथमिकता : सीप तथा रोजगारी | २९ |
| तालिका १/५.१.२ | : पर्यटनका रणनीति र कार्यनीति | ३४ |
| तालिका २/५.१.२ | : आवधिक प्राथमिकता : पर्यटन | ३५ |
| तालिका १/५.१.३ | : उद्योग र वाणिज्यका रणनीति र कार्यनीति | ४० |
| तालिका २/५.१.३ | : आवधिक प्राथमिकता : उद्योग र वाणिज्य | ४१ |
| तालिका १/५.१.४ | : कृषि तथा पशुपालनका रणनीति र कार्यनीति | ४५ |
| तालिका २/५.१.४ | : आवधिक प्राथमिकता : कृषि तथा पशुपालन क्षेत्र विकास | ४६ |
| तालिका १/५.१.५ | : सहकारीका रणनीति र कार्यनीति | ५० |
| तालिका २/५.१.५ | : आवधिक प्राथमिकता : सहकारी | ५१ |
| तालिका १/५.१.६ | : आर्थिक पूर्वाधार तथा राजस्व परिचालनका रणनीति र कार्यनीति | ५३ |
| तालिका २/५.१.६ | : आवधिक प्राथमिकता : आर्थिक पूर्वाधार र राजश्व परिचालन | ५४ |
| तालिका १/५.१.७ | : स्थानीय आर्थिक विकास अन्तर्गत संगठनात्मक क्षमता विकासका रणनीति र कार्यनीति | ५७ |
| तालिका २/५.१.७ | : आवधिक प्राथमिकता : संस्थागत विकास | ५८ |
| तालिका ३/५.१.७ | : आर्थिक विकास क्षेत्रको अपेक्षित उपलब्धी | ६० |
| तालिका १/५.२.१ | : शैक्षिक विकासका रणनीति तथा कार्यनीति | ७० |
| तालिका २/५.२.१ | : आवधिक प्राथमिकता : शैक्षिक विकास | ७४ |
| तालिका ३/५.२.१ | : शिक्षा विकासको आवधिक अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य | ८१ |
| तालिका १/५.२.२ | : नगरपालिकाका स्वास्थ्य संस्था तथा तिनको पूर्वाधार | ८६ |
| तालिका २/५.२.२ | : स्वास्थ्यका रणनीति र कार्यनीति | ८७ |
| तालिका ३/५.२.२ | : आवधिक प्राथमिकता : स्वास्थ्य | ९१ |
| तालिका ४/५.२.२ | : स्वास्थ्य क्षेत्रको अपेक्षित उपलब्धी | १०८ |
| तालिका ५/५.२.२ | : स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य | ११० |
| तालिका १/५.२.३ | : सम्पदा संरक्षणका रणनीति र कार्यनीति | ११४ |
| तालिका २/५.२.३ | : आवधिक प्राथमिकता : सम्पदा संरक्षण | ११६ |
| तालिका ३/५.२.३ | : सम्पदा संरक्षणको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य | ११९ |
| तालिका १/५.२.४ | : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका रणनीति र कार्यनीति | १२१ |
| तालिका २/५.२.४ | : आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १२३ |
| तालिका ३/५.२.४ | : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य | १२५ |
| तालिका १/५.३.१ | : भू-उपयोग तथा आवास व्यवस्थापनका रणनीति र कार्यनीति | १३० |
| तालिका २/५.३.१ | : आवधिक प्राथमिकता : भू-उपयोग र आवास व्यवस्थापन | १३४ |
| तालिका ३/५.३.१ | : भू-उपयोग र आवास व्यवस्थापनको अपेक्षित उपलब्धी र परिमाणात्मक लक्ष्य | १४१ |
| तालिका १/५.३.२ | : पार्क तथा मनोरञ्जन का रणनीति र कार्यनीति | १४५ |
| तालिका २/५.३.२ | : आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन | १४६ |
| तालिका ३/५.३.२ | : पार्क तथा मनोरञ्जनको परिमाणात्मक लक्ष्य/अपेक्षित उपलब्धी | १४९ |
| तालिका १/५.३.३ | : यातायात का रणनीति र कार्यनीति | १५५ |
| तालिका २/५.३.३ | : आवधिक प्राथमिकता : यातायात | १५७ |
| तालिका ३/५.३.३ | : यातायात क्षेत्रको परिमाणात्मक लक्ष्य/अपेक्षित उपलब्धी | १६८ |
| तालिका १/५.३.४ | : सार्वजनिक निर्माणका रणनीति र कार्यनीति | १७० |

| | | |
|---|---|---|
| तालिका २/५.३.४ | : खानेपानीका रणनीति र कार्यनीति | १७५ |
| तालिका ३/५.३.४ | : सार्वजनिक सरसफाईका रणनीति र कार्यनीति | १७८ |
| तालिका ४/५.३.४ | : सिँचाइका रणनीति र कार्यनीति | १८० |
| तालिका ५/५.३.४ | : सार्वजनिक भवन तथा पुस्तकालयका रणनीति र कार्यनीति | १८२ |
| तालिका ६/५.३.४ | : विद्युत र ऊर्जाका रणनीति र कार्यनीति | १८४ |
| तालिका ७/५.३.४ | : विद्युत र ऊर्जाका रणनीति र कार्यनीति | १८६ |
| तालिका ८/५.३.४ | : आवधिक प्राथमिकता : सार्वजनिक निर्माण | १८६ |
| तालिका ९/५.३.४ | : सार्वजनिक निर्माणको परिणामात्मक लक्ष्य | २०१ |
| तालिका १/५.४.१ | : प्राकृतिक स्रोतका रणनीति र कार्यनीति | २०४ |
| तालिका २/५.४.१ | : वातावरणका रणनीति र कार्यनीति | २०८ |
| तालिका १/५.४.१ | : आवधिक प्राथमिकता : प्राकृतिक स्रोत तथा वातावरण | २११ |
| तालिका २/५.४.१ | : वातावरण तथा प्राकृतिक स्रोत क्षेत्रको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य | २२३ |
| तालिका १/५.४.२ | : विपद् तथा आपत्कालीन व्यवस्थापनका रणनीति र कार्यनीति | २२६ |
| तालिका २/५.४.२ | : आवधिक प्राथमिकता : विपद् तथा आपत्कालीन ब्यवस्थापन | २३० |
| तालिका ३/५.४.२ | : विपद् तथा आपत्कालीन व्यवस्थापन क्षेत्रको परिमाणात्मक लक्ष्य | २४३ |
| तालिका १/५.५.२ | : सुशासनका रणनीति र कार्यनीति | २४८ |
| तालिका २/५.५.२ | : आवधिक प्राथमिकता : सुशासन | २५० |
| तालिका १/६.१ | : लागत अनुमानको सार संक्षेप | २५६ |
| तालिका २/६.१ | : बृहत् योजना कार्यान्वयनको स्रोत व्यवस्थापनको प्रारुप | २५७ |
| तालिका ३/६.१ | : वडा र समुदाय स्तरबाट प्राप्त सुझावको सम्बोधनका लागि परिषद्को निर्णय | २५९ |

# नक्सा सूची


| | | | |
|---|---|---|---|
| नक्सा ३.१ | : | दमक नगरपालिकाको राजनीतिक विभाजन | ११ |
| नक्सा ५.१.१ | : | नगरमा बेरोजगारीको अवस्था | २६ |
| नक्सा ५.१.२ | : | दमक नगरपालिकामा रहेको पर्यटकीय क्षेत्र | ३२ |
| नक्सा ५.१.४ | : | दमक नगरपालिकाको कृषि उत्पादन क्षेत्र | ४४ |
| नक्सा १/५.२.१ | : | नगरमा सञ्चालनमा रहेका सामुदायिक र संस्थागत विद्यालयहरू | ६४ |
| नक्सा २/५.२.१ | : | सामुदायिक आधारभूत र माध्यमिक विद्यालयहरू | ६५ |
| नक्सा ३/५.२.१ | : | सामुदायिक माध्यमिक विद्यालयको कक्षाकोठाको क्षमता | ६६ |
| नक्सा ४/५.२.१ | : | सामुदायिक आधारभूत विद्यालयको कक्षाकोठाको क्षमता | ६७ |
| नक्सा ५/५.२.१ | : | विद्यालय बाहिर रहेका ५ देखि १२ वर्ष उमेर समुहका बालबालिकाको घर परिवारको विवरण | ६८ |
| नक्सा ६/५.२.१ | : | माध्यमिक विद्यालयमा भौतिक र शैक्षिक सुविधामा कमी सम्बन्धी विवरण | ७६ |
| नक्सा ७/५.२.१ | : | आधारभूत विद्यालयमा भौतिक र शैक्षिक सुविधामा कमी सम्बन्धी विवरण | ७७ |
| नक्सा १/५.२.२ | : | नगरमा रहेका स्वास्थ्य संस्था | ८५ |
| नक्सा २/५.२.२ | : | स्वास्थ्य संस्थाको सेवा क्षेत्र | ९३ |
| नक्सा ३/५.२.२ | : | दीर्घरोगी बढी भएको क्षेत्र र स्वास्थ्य संस्था | १०६ |
| नक्सा ४/५.२.२ | : | अपाङ्गता बढी भएको क्षेत्र र स्वास्थ्य संस्था | १०७ |
| नक्सा ५.२.३ | : | नगरपालिकाको भू-उपयोग वर्गीकरण नक्सामा चित्रित प्रमुख सम्पदा स्थान | ११२ |
| नक्सा १/५.३.१ | : | दमक नगरपालिकाको संकलित जी.पी.एस. तथ्याङ्कको आधारमा भवनहरूको प्रयोग | १२८ |
| नक्सा २/५.३.१ | : | नगरपालिकामा बाढी तथा कट्टानको र जंगली जनावर र मानव बिच द्वन्द्वको कारण जोखिम बस्ती सम्बन्धी विवरण | १३७ |
| नक्सा ५.३.३ | : | नगरको मुख्य सडक सञ्जाल र बसपार्क | १५२ |
| नक्सा १/५.३.४ | : | पाइपको खानेपानीको पहुँचमा नरहेका परिवार | १८९ |
| नक्शा २/५.३.४ | : | साधारण चर्पी प्रयोग गर्ने र आफ्नै चर्पी नभएका परिवार | १९१ |
| नक्सा ३/५.३.४ | : | विद्युत सेवाको उपयोग | १९६ |
| नक्सा ४/५.३.४ | : | इन्टरनेट सेवाको उपयोग | १९८ |
| नक्सा १/५.४.१ | : | घरदैलोमा फोहोर संकलन सेवा पाउने घरघुरी | २१४ |
| नक्सा २/५.४.१ | : | काठ दाउरा र ग्याँसलाई खाना पकाउने ऊर्जाको प्रमुख स्रोत बनाउने घरधुरी | २१८ |
| नक्सा १/५.४.२ | : | बाढीबाट जोखिमयुक्त बस्ती | २३२ |
| नक्सा २/५.४.२ | : | नगरमा रहेका आपत्कालीन प्रतिकार्य सम्बन्धी सुविधा | ३२८ |
| नक्सा ३/५.४.२ | : | वन्यजन्तु आतंक सम्भाव्य बस्ती | २४१ |

# खण्ड १
# प्रारम्भिक

## १.१. परिचय

विक्रम सम्बत् २०३९ सालमा तत्कालीन नगर पञ्चायतको रुपमा स्थापित दमक पूरानो नगरपालिका मध्ये एक हो । नेपाल सरकारको २०७३ फागुन २७ को निर्णय अनुसार नगरका १९ वडालाई १० वटा वडामा समायोजन गरिएको छ । वि.सं. १९७० पछि आवादी विस्तार शुरु भएको यस नगरमा त्यसअघि नै धिमाल, कुमाल, मेचे, सतार, राजवंशी जस्ता जातिहरूको बसोबास रहेको मानिन्छ । ऐतिहाँसिक दस्ताबेजहरूका अनुसार धिमाल जातिको बसोबास वि.सं. १८९० अघि नै रहेको मानिन्छ । विकासको दृष्टिकोणले यस नगरपालिकाको विकासको स्तर औषत रहेको छ । मुख्य शहरी क्षेत्रमा आधारभूत शहरी मापदण्ड अनुकुलका पूर्वाधार विकास भएका छन् । विकासको स्तरमा भने सबै तिर समानता छैन । समुदायको अग्रसरता र स्वविवेक तथा तत्कालिक आवश्यकता सम्बोधन गर्ने क्रममा तयार भएका कतिपय पूर्वाधार हालको सन्दर्भमा पर्याप्त छैनन् । विकासको स्तरमा मुख्य शहरी क्षेत्र र ग्रामीण भेगमा असमानता रहेका छन् । यी असमानता कम गर्दै नगरलाई हरित नगर र समृद्ध दमकको सोचसहित विकास प्रक्रियालाई क्रमशः व्यवस्थित गर्दै लगेको छ ।

समग्र विकास योजना निर्माण र कार्यान्वयन नगर्दासम्म नगरको सोच र अपेक्षित उपलब्धी हाँसिल हुन नसक्ने नगरको अनुभव रहेको छ । सीमित स्रोत र साधनको उपयोगलाई प्रभावकारी बनाउन र स्रोतको उपलब्धता र विकासको आवश्यकताका बिचमा सन्तुलन कायम गरी दीगो प्रतिफल प्राप्त गर्नका लागि यस प्रक्रियामा अधिकतम जनसहभागिता र आम स्वामित्व आवश्यक हुने भएकोले सहभागितामूलक पद्धतिबाट नगर बृहत् योजना तयार गर्ने निर्णय लिइएको हो । विकास र सेवाको क्षेत्रगत नीति, योजना, कार्यक्रम र लगानीको प्राथमिकता निर्धारण गर्ने मार्गदर्शक दस्ताबेजका रुपमा नगरले पहिलो बृहत् योजना निर्माण गरेको छ । पहिलो पटक योजना तयार गर्दा रहेका सीमितता जीवन्त दस्ताबेजका रुपमा कार्यान्वन, निरन्तर अद्यावधिक र परिमार्जन गर्ने क्रममा पूरा हुँदै जानेछन् ।

बृहत् योजना तर्जुमा प्रक्रिया पूर्व निर्धारित तर लचक विधिमार्फत् नागरिक बिचको निरन्तर सम्वाद र परामर्शको उपज हो । नगरको अवस्था पहिचानका लागि गरिएको घरधुरी सर्वेक्षणबाट तयार गरिएको नगर पार्श्वचित्र २०७५ तथा वडागत रुपमा भएको व्यापक विषय केन्द्रित नागरिक समूह छलफल, नगरका विषयगत शाखा केन्द्रित रहेर गरिएको क्षेत्रगत सबल र कमजोर पक्ष तथा अवसर र चुनौती (SWOT) विश्लेषण तथा नगरस्तरीय योजना तर्जुमा निर्देशक समिति, नगर कार्यपालिका र अन्तर्गतका समितिस्तरमा छलफल गरी नगरको समष्टीगत लक्ष्य तथा क्षेत्रगत योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो । सो मस्यौदालाई नगर कार्यपालिकामा थप छलफल गरी योजना तर्जुमाको प्रारम्भिक चरणमा गरिएका समस्या पहिचान र सुझाव संकलन प्रक्रियामा सहभागी नागरिक र सम्बन्धित सबैका लागि अध्ययन र पृष्ठपोषणको अवसर उपलब्ध गराई र तत्पश्चात् यसलाई अन्तिम रुप दिइने छ ।

यसमा नगरवासीको सुझाव लिनको लागि दमक नरपालिकाको विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ अन्तर्गत गठित नागरिक सल्लाहकार परिषद्मार्फत् नगरपालिकाको प्राविधिक सहयोगमा नगरस्तरीय सार्वजनिक सुनुवाई आयोजना गरिनेछ । यसरी छलफल तथा सूचना प्रविधिका माध्यमबाट प्राप्त हुने पृष्ठपोषण तथा सुझावका आधारमा बृहत् योजनालाई नगरपालिकाले अन्तिम रुप दिनेछ ।

विकासका कार्यक्रमलाई जनताको अपेक्षा अनुरुप अघि बढाई थप उपलब्धीमूलक बनाउन तथा लगानीको मौद्रिक मूल्य सार्थकता हाँसिल गर्नमा सहयोग गर्नु बृहत् योजनाको मुख्य उद्देश्य हो । यसमा समेटिएका क्षेत्रको व्यापकताका कारणले आगामी २० वर्षसम्मका लागि तय गरिएको समग्र कार्यक्रमको लागत अनुमान गरी विश्वसनीय आँकडा प्रस्तुत गर्नु असम्भव प्रायः भएकोले यो मस्यौदालाई अन्तिम रुप दिने समयसम्ममा योजना कार्यान्वयनका लागि चाहिने लागतको सामान्य प्रक्षेपण गर्न नगर प्रयासरत रहेको छ । समग्र कार्यक्रमको लागत विश्लेषण यस योजनामा निर्धारित प्राथमिकताका आधारमा क्षेत्रगत नीति तथा योजना तयारीका क्रममा तयार पारी आवधिक रुपमा यस योजनालाई समेत थप विस्तृत बनाउँदै लगिने छ ।

## १.२. बृहत् योजनाको सान्दर्भिकता र कानुनी आधार

नगरको समष्टीगत लक्ष्य, उद्देश्य नीति तथा प्राथमिकताका आधारमा विकासका कार्यक्रमलाई नतिजामूलक बनाउने कामको नेतृत्व नगरपालिका स्वयंले नै गर्न सकेमा मात्र समृद्ध नेपालः सुखी नेपालीको सोच हाँसिल हुन सक्ने हुनाले दमक नगरपालिकाले नगरवासीको सुख र समुन्नतीमा केन्द्रित भई विस्तृत योजना निर्माणको कार्य अघि बढाएको हो । नगर बृहत् योजना सीमित स्रोत र साधनको आदर्श उपयोगको सुनिश्चितताको नगरवासीको चाहना पूरा गर्नमा योगदान गर्न नगरवासीकै सहभागितामा तयार गरिएको हुनाले नगरवासीको अपनत्व नै यो योजनाको सान्दर्भिकताको प्रमुख आधार हो । नगरको सेवा प्रवाह र विकासका कार्यक्रम तर्जुमालाई निर्देशित गर्न तयार गरिएको नगर बृहत् योजनाले विकास र समृद्धिको जनचाहना छिटो पूरा गर्न र नगरको विकास प्रयासको प्रभावकारिता बढाउनमा योगदान गर्ने अपेक्षा रहेको छ ।

नगरले आफ्नो वार्षिक विकास योजना तर्जुमा र प्राथमिकीकरण गर्दा दीर्घकालीन लक्ष्य तथा प्राथमिकता अनुरुप गर्न सक्ने वातावरण निर्माणका आधारको रुपमा बृहत् योजना निर्माण गरिएको हो । बृहत् योजनाले नगरपालिकाको राजश्व सुधारको विधि निर्धारण र कार्यान्वयन, पुँजी सुधार कार्यक्रम निर्माण तथा भू-उपयोग योजना तयारीमा पनि योगदान गर्नेछ । दीर्घकालीन विस्तृत योजना, मध्यकालीन विकास योजना र वार्षिक विकास कार्यक्रम निर्माणको सबै प्रक्रियामा नागरिकहरूको सक्रिय संलग्नतामार्फत् मात्र विकास कार्यक्रमको प्रभावकारिता र दीगोपन सम्भव हुने भएकोले बृहत् योजना निर्माण प्रक्रियालाई अधिकतम सहभागितामूलक बनाउन खोजिएको हो ।

यस पृष्ठभूमिमा नेपालको संविधानको धारा ५७ (४) अनुसारको अनुसूची ८ मा उल्लिखित स्थानीय सरकारको अधिकारको सूची र धारा ५९ मा उल्लिखित विकास आयोजना सम्बन्धी प्रावधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, १२, १४, १५ र २४ को अधिनमा रही दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नागरिकहरूको सहभागितामा व्यवस्थित र प्रभावकारी रुपमा नगरपालिकाको विस्तृत योजना (Comprehensive Plan) तर्जुमा गर्ने सम्बन्धमा आधारभूत प्रक्रिया र विधि निर्धारण गर्न दमक नगरपालिकाले विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ जारी गरी सोही कार्यविधिका आधारमा पहिलो पटक नगर बृहत् योजना तयार गरेको छ । संवैधानिक रुपमा नगरको एकल अधिकार तथा संविधानमा साझा अधिकारको रुपमा राखी स्थानीय सरकार सञ्चालन ऐनमार्फत् स्पष्ट गरिएका विषयका र जनताको घरदैलोमा रहेको सरकारबाट जनताले गर्ने अपेक्षा पूरा गर्नमा निर्वाह गर्नुपर्ने व्यवहारिक रुपमा नगरमा रहेको जिम्मेवारीका विषयलाई समेत ध्यानमा राखेर योजना तयार गरिएको छ ।

विस्तृत योजना तर्जुमा कार्यविधिमा नगरको बृहत् योजनाको आवश्यकता, योजना तर्जुमामा ध्यान दिनुपर्ने विषय, योजना निर्माण प्रक्रिया, योजना तर्जुमाका क्रममा जनसहभागिताको विधि र प्रक्रिया, विभिन्न पक्ष तथा निकायको भूमिका, योजना कार्यान्वयन तथा परिमार्जन लगायतका विधि निर्धारण भएका छन् । कार्यविधिमा निर्धारित प्रक्रिया अनुसार बृहत् योजना निर्माण गरिएको हो ।

संघीय सरकारको १५ औं योजनाको आधारपत्र र प्रदेश नं. १ को पहिलो विकास योजनाले राखेको दूरदृष्टि तथा प्राथमिकता तथा स्थानीय आवश्यकता र नगरवासीको चाहनाका बिचमा सामञ्जस्यता कायम गर्दै यो योजनामा सबै पक्षको अपनत्व सुनिश्चितताको प्रयास नगरले गरेको छ ।

सामान्यतयाः विकास योजना सम्बन्धित कार्यकारीको विकासको गन्तव्य निर्धारक र दिशानिर्देशक हो । सबै विकास योजनालाई मार्गदर्शन गर्ने कानुनी आधारको रुपमा समेत बृहत् योजना तयार गरिएको हो । नगरबासीको आवश्यकता अनुसार योजना निर्माण र कार्यान्वयन गरिने तथा स्थानीय अवस्था र नागरिकको आवश्यकतामा आउने परिवर्तनका आधारमा योजना परिमार्जन हुने कुराको प्रत्याभूति भएमा मात्र नगरले नागरिकको विश्वास प्राप्त गर्न सक्ने हुनाले योजनामा नागरिकको आवश्यकता प्रतिबिम्बित हुने गरी अद्यावधिक गर्दै जीवन्तता दिइने छ ।

## १.३. बृहत् योजनाको क्षेत्र र सीमा

दमक नगरपालिकाको बृहत् योजनाले नगरको स्थानीय पहिचान कायम राख्दै विकास र सेवा प्रवाहका प्रमुख क्षेत्रहरूलाई समेट्ने प्रयास गरेको छ । नगरको आन्तरिक स्रोत विस्तार र बाह्य स्रोत प्राप्तिका लागि विभिन्न पक्ष तथा निकायसँग समन्वयका विषय पनि यसमा समेटिएको छ । विकास कार्यक्रम निर्माणको विगतको अभ्यासमा मुल रुपमा समेट्ने गरिएको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावारण र विपद् व्यवस्थापन तथा संस्थागत विकास र सुशासन जस्ता विषयगत क्षेत्र अन्तर्गतका विशिष्ठ सेवा क्षेत्र बृहत् योजनामा पनि समेटिएको छ । विगतमा निश्चित विषयगत क्षेत्रमा नरहेका भू-उपयोग, नगरको आपत्कालीन व्यवस्थापन जस्ता विषयलाई पनि उपयुक्त विषयगत क्षेत्रभित्र राखिएको छ ।

बृहत् योजना निर्माणका क्रममा प्रयोग भएको तथ्याङ्क तथा सूचनाको विश्वसनीयताका लागि नगर आफैंले घरधुरी सर्वेक्षण गरी नगर पार्श्वचित्र तयार गरेको थियो साथै समुह केन्द्रित छलफलबाट आम नागरिकको धारणा संकलनको विधिमार्फत् बृहत् योजनालाई वास्तविक समस्याको केन्द्रसम्म पुगेर समस्या समाधानको आधार पहिल्याउने माध्यमका रुपमा अघि बढाउन खोजिएको छ । नगर कार्यपालिका तथा नगरको आन्तरिक संयन्त्रले गर्ने भनी निर्धारित भएका कतिपय छलफलमा सर्वदलीय र सर्वपक्षीय सहभागिता पनि गराइएको थियो ।

योजना तर्जुमा प्रक्रियामा भएका समुह केन्द्रित छलफल प्रतिनिधिमूलक र वडास्तरमा मात्र हुनु तथा बृहत् योजना तयारीका क्रममा वडास्तरसम्मका हरेक विशिष्ठ गतिविधि र वार्षिक कार्यतालिकाको सूची र तिनको लागत समावेश गर्न नसकिनुलाई यो योजनाको सीमितता मान्न सकिन्छ । जीवन्त दस्ताबेजका रुपमा पहिलो पटक तयार पारिएको यस बृहत् योजनालाई स्थानीय कार्यविधिमा तोकिए बमोजिम आवधिक रुपमा परिस्कृत गर्दा तथा क्षेत्रगत नीति, रणनीति तथा वार्षिक विकास कार्ययोजनामार्फत् यो सीमितता पूरा हुनेछ ।

# खण्ड २
# बृहत् योजना तर्जुमा विधि

## २.१. योजना तर्जुमा प्रक्रियाको सामान्य झलक

नेपालको संविधान, संघीय कानुन, संघ र प्रदेश नं. १ का विभिन्न अभ्यास र स्थानीय आवश्यकतालाई मनन गरी दमक नगरपालिकाको नगर विस्तृत योजना तर्जुमा कार्यविधि २०७७ र त्यस अघि नगर कार्यपालिकाको निर्णयमार्फत् तय गरिएका विधि र प्रक्रियाका आधारमा दमक नगरपालिकाको बृहत् योजना तयार परिएको हो । योजना तर्जुमाका लागि सुझाव संकलनका क्रममा सहभागी भएर आ-आफ्नो राय राख्न आमनागरिकलाई प्रदान गरिएको खुला अवसर, प्रारम्भिक मस्यौदाको हरेक विषयमा नगरका जनप्रतिनिधिहरू तथा विषयगत शाखा बिचमा भएको प्रारम्भिक मस्यौदालाई अधिकतम जनसहभागितामा आधारित बनाएको छ । मस्यौदा अध्ययन र पृष्ठपोषणका लागि सार्वजनिक गरी सुझाव संकलन गर्ने क्रममा नागरिक सहभागितामा रहेका कमी पूर्ति हुने अपेक्षा गरिएको छ ।

बृहत् योजनाको समग्र प्रक्रियामा नगरले सहयोगी संस्थाको प्राविधिक सहयोग लिएको थियो । कार्यविधि अनुसार बृहत् योजना तयारीका क्रममा समस्या पहिचान, प्रारम्भिक मस्यौदा तयारी र परिमार्जनसहित अन्तिम रुप दिने क्रममा मूलतः तल उल्लिखित प्रक्रिया अपनाइएको थियो ।



दमक नगरपालिकाले निर्धारण गरेको विस्तृत योजना तर्जुमा प्रक्रियामा आमनागरिकको अधिकतम सहभागिताका लागि वडा तथा नगरस्तरमा गठन भएका स्वयंसेवी संरचना अर्थात् वडास्तरीय विषयगत कार्यदल तथा कम्तीमा सबै वडा समेतको प्रतिनिधित्व हुने गरी नगरका लागि परामर्श दिन नगरस्तरीय नागरिक सल्लाहकार परिषद् निर्माण गरेको थियो भने योजना तर्जुमाको मुख्य जिम्मेवारी नगर स्वयंले लिएको थियो । यस क्रममा निर्माण भएका संरचनाले नगरका हरेक नीति तथा योजना निर्माणका लागि नागरिक परामर्शको माध्यमका रुपमा कार्य गर्नेछन् । योजनाको समग्र प्रक्रियामा विभिन्न पक्षको भूमिकालाई विस्तृत योजना तर्जुमा कार्यविधिमार्फत् व्यवस्थित गरिएको छ । विभिन्न पक्ष र तिनको प्रमुख भूमिका प्रवाहचित्र सहित प्रस्तुत गरिएको छ ।




**क) नगरसभा :** नगर कार्यपालिकाले अन्तिम स्वीकृतिका लागि सभामा पेश भएपछि बृहत् योजनामाथि छलफल गरी अन्तिम स्वीकृति प्रदान गर्ने ।

**ख) योजना तर्जुमा निर्देशक समिति :** योजना निर्माण प्रक्रियाको नेतृत्व र आवश्यक नीतिगत निर्णय, सोच, लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने ।

**ग) नगर कार्यपालिका** : योजनाको मस्यौदामाथि नागरिकस्तरमा छलफलको वातावरण बनाउने तथा नागरिक सुझाव समेत लिएर नगर बृहत् योजनाको मस्यौदा तयार गर्ने र आवश्यक परिमार्जन गर्ने र मस्यौदामाथि दफावार छलफल गरी नागरिक सुझाव समेत अध्ययन गरी त्यसका आधारमा बृहत् योजनाको अन्तिम मस्यौदा स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

**घ) विषयगत समिति र शाखा :** योजना निर्माणमा आफ्नो क्षेत्रसँग सम्बन्धित सूचना संकलन, एकीकरण र विश्लेषण गरी योजना निर्माणको प्राविधिक कार्यको नेतृत्व र कार्यपालिकासँग समन्वय गर्ने ।

**ङ) नागरिक सल्लाहकार परिषद् :** विषयगत समिति, नगर कार्यपालिका तथा वडास्तरीय नागरिक कार्यदलसँग निरन्तर सम्पर्क र समन्वयमा रही नागरिकका तर्फबाट योजनाको मस्यौदामा पृष्ठपोषण दिने ।

**च) वडा समिति :** वडास्तरीय केन्द्रित समुह छलफल र नागरिक कार्यदलमा हुने छलफलहरूको सहजीकरण गर्ने र बृहत् योजनामा विषयगत कार्यदलले दिने सुझाव तथा पृष्ठपोषण, नागरिक सल्लाहकार परिषद् तथा नगरपालिकामा पठाउने ।

**छ) वडास्तरीय विषयगत कार्यदल :** वडास्तरमा नागरिकका समस्या र समाधानका विकल्पबारे आमजनताको प्रतिनिधित्व गरी वडा वा नागरिक सल्लाहकार परिषद्मार्फत् नागरिक आवाजलाई नगरपालिकासम्म पुऱ्याउने, केन्द्रित समुह छलफलमा सहभागिता जनाउने तथा सहभागी जुटाउने ।

**ज) सहयोगी संस्था :** योजना तर्जुमा प्रक्रिया अन्तर्गत पूर्व तयारी, सूचना संकलन, विभिन्न तहका छलफल र मस्यौदा तयारीमा लगायतमा नगरपालिकालाई प्राविधिक एवं विशेषज्ञ सेवा उपलब्ध गराउने ।

माथि उल्लिखित प्रक्रिया तथा संस्थागत संरचनाले बृहत् योजना तयारीमा आवश्यक भूमिका निर्धारण गरेको भएता पनि योजना निर्माणको समग्र प्रक्रियालाई मूलतः तीन प्रमुख चरणमा विभाजन गरिएको थियो । जसलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।




## २.२. वस्तुस्थिति विश्लेषण

बृहत् योजना निर्माणलाई नगरपालिकाको वास्तविक समस्या समाधानमा केन्द्रित गर्न नगरको वस्तुस्थिति विश्लेषण प्रक्रियालाई सकेसम्म वैज्ञानिक र सहभागितामूलक बनाउने प्रयास गरिएको थियो । वस्तुस्थिति विश्लेषणका लागि अवलम्बन गरिएको प्रमुख तीनवटा विधि तल प्रस्तुत छ ।

- घरधुरी सर्वेक्षणमार्फत् नगर पाश्वचित्र तयारी तथा तथ्याङ्कको थप विश्लेषण
- केन्द्रित समुह छलफलबाट नगरवासीको धारणा संकलन
- नगरको विषयगत शाखाबाट नगरको क्षेत्रगत सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT) विश्लेषण

नगर बृहत् योजना तयारीको पूर्व तयारी स्वरुप नगरको जनसंख्या, विभिन्न विकास र सेवाको स्तर र पहुँचको अवस्था लगायत महत्वपूर्ण सूचना घरधुरी सर्वेक्षणमार्फत् संकलन गरिएको थियो । नगरपालिकाले निर्धारण गरेका तल उल्लिखित ५ ओटा विषयगत क्षेत्र र बृहत् योजनाको लक्ष्य प्राप्तिमा योगदान पुग्ने गरी अन्य क्षेत्र समेत समेटेर नागरिकको आवश्यकता पहिचान र योजना निर्माण सम्बन्धी समुदायस्तरीय छलफल गरिएको थियो ।

सर्वसाधारण नगरवासीले नगरपालिका (सरकार) बाट प्राप्त गर्नुपर्ने आधारभूत सेवा जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, विद्युत, सिंचाइ, कृषि तथा पशु प्राविधिक सेवा आदिले बृहत् योजनामा पर्याप्त स्थान पाउने सुनिश्चितताका लागि विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्रको समुह बनाइएको थियो ।

**तालिका २.२ : विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र**

| क्र.सं. | विषयगत क्षेत्र | प्रमुख क्षेत्र अन्तर्गतका उपक्षेत्र |
|---|---|---|
| १ | आर्थिक विकास | कृषि र पशुपालन, स्वरोजगार, उद्योग तथा बाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| २ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण |
| ३ | पूर्वाधार विकास | सडक तथा पुल, झोलुङ्गे पुल, सिंचाइ, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, सञ्चार, पार्क, खेल मैदान आदि, यातायातको वैकल्पिक माध्यम |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् पूर्व तयारी र प्रतिकार्य |
| ५ | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | मानव संशाधन विकास, संस्थागत क्षमता विकास, सेवाप्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, सूचनाको हकको प्रत्याभूति, लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन आदि । |

माथि उल्लिखित विषयगत क्षेत्रलाई तल उल्लिखित मुख्य विषयमा समाहित गरिएको थियो भने संस्थागत विकास र सुशासनलाई सबै क्षेत्रको अन्तरसम्बन्धित सवालका रुपमा समेटी समुदाय र नगरस्तरमा छलफल गरिएको थियो ।

क्षेत्र १ : भू-उपयोग
क्षेत्र २ : आर्थिक विकास
क्षेत्र ३ : यातायात
क्षेत्र ४ : सार्वजनिक निर्माण
क्षेत्र ५ : वातावरण
क्षेत्र ६ : शिक्षा
क्षेत्र ७ : स्वास्थ्य
क्षेत्र ८ : आपत्कालीन सेवा क्षेत्र
क्षेत्र ९ : प्राकृतिक स्रोत साधन
क्षेत्र १० : आवास विकास
क्षेत्र ११ : पार्क तथा मनोरञ्जन
क्षेत्र १२ : ऐतिहासिक/साँस्कृतिक सम्पदा संरक्षण

हरेक क्षेत्रका समस्या तथा समाधानका उपायका सम्बन्धमा नागरिकले आफ्नो राय स्वतन्त्र रुपमा राख्न सक्ने र खास व्यक्तिको धारणाले अन्यको भावना प्रस्तुतीलाई सीमित नगर्ने गरी वडास्तरमा भौगोलिक क्षेत्र, पेशा तथा व्यवसाय एवं महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकसहितको सहभागिता सुनिश्चित हुने गरी छलफल सञ्चालन गरिएको थियो । सहयोगी संस्था तथा नगरको सम्बन्धित शाखाका प्रतिनिधिको सहजीकरणमा केन्द्रित समुह छलफल गरी सबैको सुझाव छलफलकै समयमा टिपोट गर्ने व्यवस्था मिलाइएको थियो । नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष तथा कार्यपालिका र नगर सभा सदस्यबाट यो प्रक्रियाको अनुगमन र सुपरिवेक्षण गरिएको थियो । वडागत छलफलको अन्त्यमा सहभागीबाट नगरको दूरदृष्टि निर्धारणका लागि सुझाव लिइएको थियो । प्रक्रियामा दमकका १० वडाका ६ शय ६९ जना नगरवासीको प्रत्यक्ष सहभागिता थियो ।

केन्द्रित समुह छलफलबाट प्राप्त नागरिकको विचार तथा सुझाव एकीकृत गरी समस्या र समाधानका उपायको वडागत सँगालो तयार गरिएको थियो । उक्त सँगालो वडास्तरमा विकास योजना सम्बन्धी छलफलका लागि सन्दर्भका रुपमा उपयोग समेत गरिने छ । त्यसैगरी केन्द्रित समुह छलफल, नगर पार्श्वचित्र, अन्य नीतिगत दस्ताबेज योजना जस्ता आन्तरिक सूचना स्रोत र प्रदेश नं. १ को पहिलो आवधिक योजना, संघीय सरकारको १५औं योजनाको आधारपत्र, दीगो विकास लक्ष्य २०३० लगायत बाह्य स्रोतका सूचना समेत समावेश गरी सम्बन्धित क्षेत्रमा नगरको सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौति विश्लेषण गरिएको थियो ।

## २.३. मस्यौदा तयारी र पृष्ठपोषण

नगरको वस्तुस्थिति विश्लेषणपछि सबै क्षेत्रका समस्या समाधानका उपायका सन्दर्भमा नागरिकको सुझाव पुनरावलोकन गरी नगर प्रमुखको संयोजकत्वमा नगर कार्यपालिका तथा विषयगत शाखासहितको बैठकबाट नगरको दूरदृष्टि र दीर्घकालीन लक्ष्य निर्धारण गर्नुका साथै प्राविधिक समुहले तयार पारेको क्षेत्रगत लक्ष्य, उद्देश्य, नीति तथा प्राथमिकता सहितको बृहत् योजनाको क्षेत्रगत प्रारम्भिक मस्यौदामाथि सम्बन्धित विषयगत समिति तथा सम्बन्धित शाखाका प्रमुख तथा प्रतिनिधि बिचमा विस्तृत रुपमा छलफल गरी नगर पार्श्वचित्रको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो भने प्रारम्भिक मस्यौदा तयारी पछि मस्यौदालाई पूर्णता दिने र पृष्ठपोषण लिने प्रक्रिया निम्नानुसार निर्धारण गरिएको थियो ।

- नगर कार्यपालिकामा बृहत् योजनाको एकीकृत मस्यौदा माथि छलफल गरी आवश्यक परिमार्जनसहित नागरिकस्तरीय टिप्पणी तथा पृष्ठपोषणका लागि सार्वजनिकिकरण
- नागरिक सल्लाहकार परिषद्को नेतृत्वमा वडागत छलफल तथा नगरस्तरीय सार्वजनिक सुनुवाई
- नागरिक सल्लाहकार परिषद्बाट नागरिकस्तरमा संकलित सुझाव एकीकृत गरी विषयगत समितिमार्फत् नगर कार्यपालिकामा पेश

## २.४. मस्यौदा स्वीकृति र सार्वजनिकिकरण

नगर कार्यपालिकाबाट यस सार्वजनिक गरिएको मस्यौदामाथि जनस्तरमा भएका छलफल तथा विभिन्न सरोकारवालाबाट प्राप्त हुने टिप्पणी र सुझाव अध्ययन गरी बृहत् योजनालाई आवश्यकता अनुसार नगर कार्यपालिकाले आवश्यक परिमार्जनसहित अन्तिम रुप दिएको थियो । नगर सभा सञ्चालन भएको समयमा यो योजनालाई नगर सभाबाट स्वीकृतिका लागि समेत पेश गरिने छ । नगर सभाबाट स्वीकृत भएसँगै बृहत् योजना कार्यान्वयनमा जानेछ । बृहत् योजनाका आधारमा आमनागरिकले नगरपालिकालाई योजनाबद्ध विकास प्रक्रियालाई निरन्तर अघि बढाउन सुसूचित भूमिका निर्वाह गर्न सक्ने छन् ।

## २.५. बृहत् योजना कार्यान्वयन

बृहत् योजना समग्र विकास योजना तथा कार्यक्रमको मार्गदर्शक नीतिगत दस्ताबेजका रुपमा रहने छ । यसमा उल्लिखित नीति तथा कार्यक्रम यही योजनामा उल्लेख भएको प्राथमिकता अनुसार नै कार्यान्वयन हुनेछ । बृहत् योजना कार्यान्वयनको अवस्थाको समिक्षा तथा आवश्यकता अनुसार परिमार्जन पहिलोपटक कम्तीमा अल्पकालीन समय (पहिलो २ वर्ष) व्यतित भएपछि र त्यसपछि आवश्यकता अनुसार समय समयमा गरिने छ । योजना कार्यान्वयन, परिमार्जन वा संशोधनको प्रक्रियालाई पनि अधिकतम सहभागितामूलक बनाइने छ । यो योजनाले सुझाएका विभिन्न क्षेत्रगत नीति, कानुन, रणनीति तथा योजना निर्माण र कार्यान्वयनलाई पनि प्राथमिकताका साथ अघि बढाइने छ । यो प्रक्रियाको सहजिकरणका लागि नगर स्तरीय बृहत् योजना इकाई निर्माण गरिने छ । यो प्रक्रियालाई संस्थागत गर्न दीर्घकालमा नगरस्तरको योजना आयोगको परिकल्पना पनि गरिएको छ ।

योजनाको कार्यान्वन, समय समयमा नागरिक सुझावका आधारमा परिमार्जन तथा योजनाको तथ्यमा आधारित नागरिक ओकालत र निगरानीको माध्यमबाट योजनाको सान्दर्भिकता निरन्तर कायम भइराख्ने अपेक्षा गरिएको छ । स्थानीय कानुन बमोजिम निर्माण भएको यो योजनामा थपघट तथा परिमार्जनका लागि पनि कानुनमा निर्धारित सहभागितामूलक पद्दतिको अधिकतम उपयोग गरिने छ । बृहत् योजना अन्तर्गत तयार गरिने वार्षिक कार्ययोजना तथा पुँजी सुधार योजना लगायतको निर्णय गर्दा पनि अधिकतम नागरिक सहभागिताको पद्धति अवलम्बन गरिने छ ।

## २.६. बृहत् योजना परिमार्जन वा संशोधन

यो योजनालाई जिवन्तता दिन नियमित समिक्षा र परिमार्जन अपरिहार्य हुन्छ। बृहत् योजना नीतिगत र कानुनी दस्तावेज समेत भएकोले यसमा संशोधन र परिमार्जन गर्दा सहभागितामूलक पद्धती अवलम्बन गरिने छ। संशोधनको सहभागितामूलक पद्धति नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ। योजना संशोधन र परिमार्जनको अन्तिम निर्णय भने नगर सभाबाट हुनेछ। बृहत् योजनामा उल्लिखित लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम संशोधन वा परिमार्जन गर्दा यसमा प्रयोग गरिएका क्रम संख्या वा अक्षरका संकेतलाई आधार मानिने छ। त्यसका लागि तलको तालिकामामा प्रस्तुत गरिएको विधिलाई आधार मानिने छ।

**तालिका २.६ : बृहत् योजना परिमार्जन वा संशोधन आधार**

| संशोधन गर्नुपर्ने उद्देश्य, नीति वा कार्यक्रम | हालको व्यवस्था | गरिएको परिवर्तन |
|---|---|---|
| **उद्देश्य सम्बन्धी उदाहरण :** पूर्वाधार विकास अन्तर्गत सार्वजनिक निर्माण उपक्षेत्र (५.३.४) को नाम उद्देश्य नं. ३। | उद्देश्य ३ जस्ताको त्यस्तै | पूर्वाधार विकास अन्तर्गत यातायात उपक्षेत्र (५.३.४) को नाम उद्देश्य नं. ३ हटाइएको वा निम्नानुसार हुने गरी परिमार्जन गरिएको। |
| **नीति सम्बन्धी उदाहरण** : पूर्वाधार विकास अन्तर्गत सार्वजनिक निर्माण उपक्षेत्रको उद्देश्य नं. ३ को नीति ग। | नीति ग. जस्ताको त्यस्तै | उल्लिखित नीति हटाइएको वा निम्नानुसार [...] हुनेगरी परिमार्जन गरिएको। |
| **कार्यक्रम सम्बन्धी उदाहरण :** प्राथमिकता तालिका ५.३.४ को मुख्य कार्यक्रम (च) अन्तर्गत दीर्घकालीन कार्यक्रम नं. २। | दीर्घकालीन कार्यक्रम नं. २ जस्ताको त्यस्तै | उल्लिखित कार्यक्रम सम्पन्न भइसकेकोले हटाइएको वा निम्नानुसार पारिमार्जन गरिएको वा सम्बन्धित कार्यक्रम २.१. थप गरिएको। |

हरेक पटक अल्पकालीन अवधि वा २ देखि ३ वर्ष (नगरले पहिलो पल्ट २ वर्ष राखेको भए पनि यसको अवधि ३ वर्षमा नबढाई परिवर्तन गर्न सक्नेछ) सामाप्त हुनभन्दा केही अघि नै मध्यकाल र दीर्घकालका प्राथमिकतामा आधारित रहेर नगरस्तरमा छलफल तथा सुनुवाईको विधिबाट नयाँ अल्पकालीन कार्यक्रम तय गर्नुपर्ने र मध्यकाल र दीर्घकालका कार्यक्रममा परिमार्जन गर्नुपर्ने हुन्छ। पहिलो मस्यौदा तयार गर्न वडास्तरमा भएका छलफलका लागि प्रयोग गरिएको असंरचित प्रश्नावलीलाई आवश्यकता अनुसार योजना परिमार्जनको क्रममा पनि प्रयोग गर्न सकिने भए पनि योजनाको मध्यकालीन कार्यक्रमलाई आधार बनाएर गरिने छलफलले नयाँ अल्पकालीन कार्यक्रम तय गर्ने आधार प्रदान गर्छ।

# खण्ड ३
# नगर परिचय

## ३.१. पृष्ठभूमी

दमक नगरपालिका र आसपासको भू-बनोट, भू-उपयोग, बस्ती विकास र मानव गतिविधिको इतिहास हेर्दा, शुरुमा यस क्षेत्र घना वन र सिमसार/दलदलले ढाकिएको पाइन्छ। त्यसपछि नेपाल खण्डमा मानव सभ्यताको विकाससँगै १९ औं शताब्दीको शुरुवाततिर यस क्षेत्रमा धिमालहरूले बसोबास गरेका थिए। यसरी बसोबास स्थापना भएपश्चात् कुमाल, मेचे, सतार, राजबंशी, ताजपुरिया समुदायहरूले पनि क्रमशः बस्ती बसाएका थिए। आदिवासी जीवनशैली निर्बाह गर्ने भएकाले यी समुदायहरूको बस्ती पातलो, छरिएको र मुख्यतः प्राकृतिक स्रोत साधनमा आधारित थियो। समकालीन इतिहास केलाउँदा १९७० सालयता पूर्वी पहाडी जिल्लाहरू र भारतको आसामबाट बसाइसराई र कृषि/पशुपालनको शिलशिलामा मानिसहरू आउन थालेपछि वन फडानीको शुरुवात भयो। २००७ सालको औलो उन्मुलन कार्यक्रमपश्चात् भने थप बसाइसराई, बस्ती विकास, र खेतीपातीसहित आधुनिक बस्ती विकास हुन थाल्यो। यस क्रममा २०१२ सालदेखि उत्तरी क्षेत्र र २०२० सालदेखि दक्षिणी क्षेत्रमा बस्ती विकास भई निश्चित जनघनत्वसहितको दमक बनेको पाइन्छ। २०३९ सालमा १९ वडासहित स्थापित दमक नगर पञ्चायत २०४७ पछि दमक नगरपालिकामा रुपान्तरित भएको हो। मुलुकको संघीय संरचना अनुसार २०७३ फागुन २२ गते साबिकका दमक नगरपालिकाका १९ वडालाई १० वटा वडामा समायोजन गरी हालको दमक नगरपालिका गठन भयो। नगरको विकास केही रुपमा आधुनिक विकासको विधि र मापदण्डमा आधारित तथा कतिपय क्षेत्रको विकासको वर्तमान स्तर आवश्यकता सम्बोधनका क्रममा स्थानीयको अग्रसरतामा भएकोले शहरी विकासको सबै आधुनिक विशेषता दमक नगरपालिकामा छैन।

**नक्सा ३.१ : दमक नगरपालिकाको राजनीतिक विभाजन**



संघीय नेपालको नेपालको प्रदेश नं. १ मा पर्ने झापा जिल्लाको पश्चिमी भागमा पर्ने यस नगरपालिकाको उत्तरतर्फ इलाम जिल्लाको चुलाचुली गाउँपालिका, दक्षिणतर्फ गौरादह नगरपालिका, पश्चिमतर्फ मोरङ जिल्लाको मधुमल्ला गाउँपालिका र उर्लावारी नगरपालिका र पूर्वतर्फ चुलाचुली गाउँपालिका र कमल गाउँपालिका रहेका छन् । नगरपालिका १० वटा वडामा विभाजित छ । नगरपालिकाको कुल क्षेत्रफल ७५.८५ वर्ग कि.मि. रहेको छ ।

पूर्व पश्चिम राजमार्गमा पर्ने यस नगरपालिका पूर्वी पहाडी जिल्लाको आर्थिक केन्द्र तथा भारतको दार्जिलिङसँगको नजिकको सम्पर्क बिन्दु समेतको रुपमा रहेकोले यहाँको आर्थिक विकासको प्रशस्त सम्भावना छ । बजार उपलब्धता र विभिन्न क्षेत्रसँगको यातायात सम्पर्कका कारण औद्योगिक र व्यवसायिक गतिविधिका लागि दमकमा पर्याप्त अवसर रहेका छन् भने ताप्लेजुङ, पाँचथर र इलाम जाने पर्यटकका लागि दमकमा राख्न सक्ने पूर्वाधारमार्फत् पर्यटन हब बनाउन सकिने सम्भाव्यता पनि यस नगरमा रहेको छ । यी अवसरको हाल सीमित रुपमा राजमार्ग क्षेत्र र नगरको केन्द्र भागमा मात्र उपयोग भएकोले यो क्षेत्रको आर्थिक विकास र जनघनत्व पनि अन्य क्षेत्रको तुलनामा बढी रहेको छ ।

विगतमा योजनावद्ध शहरी विकास र बस्ती व्यवस्थापनको अभ्यास नहुँदा विकासका कार्यक्रम नगरको केन्द्रीय नियन्त्रण र नियमन नहुँदा नगरमा अव्यवस्थित शहरीकरणको समस्या यन्यत्र जस्तै यस नगरमा पनि रहेको छ । भौतिक पूर्वाधार विकासको स्तरमा नगरभर विविधता रहेको छ । नगर केन्द्रको तुलनामा सेवा प्रवाहका भौतिक पूर्वाधारको उपलब्धता बाह्य वडाहरूमा कम रहेको छ । दमक नगरपालिकाभर सामाजिक सचेतनाको स्तर भने सन्तोषजनक रहेको छ ।

आर्थिक विकासका अवसरको अधिकतम उपयोग गरी समृद्धिको सपनालाई साकार तुल्याउन ती अवसर सदुपयोगका रणनीति बनाउनु पर्ने आवश्यकता छ । यहाँको स्थानीय पहिचान संरक्षण गर्दै विगतमा पूर्वाधार निर्माण र सेवा व्यवस्थापनमा भएका कमी कमजोरी सुधार गरी नगरलाई सुव्यवस्थित बनाउन र निश्चित शहरी मापदण्ड बमोजिम पूर्वाधार र सेवा व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ । शिक्षा र स्वास्थ्य जस्ता सामाजिक क्षेत्रलाई गुणस्तरीय बनाउन थप कदम चाल्नुपर्ने आवश्यकता छ । नदी प्रणालीले घेरेको यस नगरलाई सुरक्षित र बसोबास योग्य नगर बनाउने तथा सफा स्वच्छ र हरित नगर बनाउने सोच पूरा गर्न सोही बमोजिम योजना बनाई लागु गर्नुपर्ने छ । यसका लागि मार्गदर्शन प्रदान गर्न बृहत् योजना तर्जुमा गरिएको हो ।

## ३.२. नगरको जनसाङ्ख्यिक अवस्था

दमक नगरपालिकाले २०७५ सालमा सम्पन्न गरेको घरपरिवार तथ्याङ्क सङ्कलनबाट प्राप्त तथ्याङ्क अनुसार १० वटा वडा रहेको र कुल ७५.८५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको दमक नगरपालिकामा २२,४४२ घर परिवार रहेका छन् । जसमा ४०,२९० पुरुष, ४६,६०० महिला गरी नगरको कुल जनसंख्या ८६,८९० रहेको छ । तथ्याङ्क अनुसार यहाँको लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसंख्या भने कम अर्थात् ८६.४६ प्रतिशत देखिन्छ । प्रति वर्ग किलोमिटर क्षेत्रफलमा औषत बसोबास गर्ने जनसंख्या (जनघनत्व) १,२२६ जना रहेको छ ।

घरधुरी संख्या र जनसंख्याको हिसाबले वडा नं. ५ सबैभन्दा ठूलो छ । सबैभन्दा कम जनसंख्या वडा नं. ६ भएता पनि यस वडाको जनघनत्व सबैभन्दा उच्च रहेको छ । त्यसैगरी सबैभन्दा कम घरधुरी वडा नं. १० मा रहेको छ । जनघनत्वको हिसाबले वडा नं. १, ५, ६, ७ र ८ सबैभन्दा बढी जनघनत्व भएका वडा

हुन् । अन्य वडाहरूको तुलनामा यी वडाहरूमा रहेका विभिन्न मानवीय सुविधाहरू जस्तैः शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा, व्यापार आदिको उपलब्धता र पहुँचले यो अवस्था भएको हो । जनसंख्या, घरधुरी र जनघनत्वको हिसाबले बजार क्षेत्र शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा, व्यापार आदिको कारण बढी सघन रहेको देखिन्छ ।

वडागत विवरण अनुसार सबैभन्दा धेरै वडा नं. ५ मा ३,५२२ घरधुरी र सबैभन्दा कम वडा नं. १० मा १,३११ घरधुरी रहेका छन् । वडागत जनसंख्याको महिला/पुरुषको अनुपात अर्थात् लैङ्गिक अनुपात विवरण असमान किसिमको देखिन्छ । प्रत्येक वडामा महिलाको जनसंख्या पुरुषको भन्दा बढी देखिन्छ । दमक नगरपालिकामा अक्सर बसोबास गर्ने १५-१९ वर्षका जनसंख्या हेर्दा सबैभन्दा उच्च ८,३३९ (९.६० प्रतिशत) देखिन्छ । कुल जनसंख्याको सबैभन्दा ठूलो हिस्सा ५० प्रतिशत भन्दा बढी ० वर्षदेखि ३४ वर्षसम्मको उमेर समूह रहेको छ ।

**तालिका १/३.२ : नगरको वडागत जनसाङ्ख्यिक स्थिति**

| वडा नं. | परिवार संख्या | अक्सर बसोबास गर्ने जनसंख्या | | | लैङ्गिक अनुपात | औषत परिवार आकार | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व प्रति वर्ग कि.मि. |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा जनसंख्या | | | | |
| १ | ३,०५५ | ५,१०८ | ६,२०४ | ११,३१२ | ८२.३३ | ३.७० | ३.३८ | ३,०७४ |
| २ | २,१४५ | ३,९६४ | ४,५४० | ८,५०४ | ८७.३१ | ३.९६ | ११.०९ | ७६७ |
| ३ | २,३२६ | ४,५२५ | ५,२३३ | ९,७५७ | ८६.४५ | ४.१९ | २०.६१ | ४७३ |
| ४ | २,२६५ | ४,१६४ | ४,८७४ | ९,०३८ | ८५.४३ | ३.९९ | ९.५४ | ९४७ |
| ५ | ३,३८१ | ५,६०१ | ६,६५४ | १२,२५५ | ८४.१७ | ३.६३ | २.०५ | ५,९७८ |
| ६ | १,४१६ | २,६०७ | २,७९१ | ५,३९८ | ९३.४१ | ३.८१ | ०.६२ | ८,७०६ |
| ७ | १,३५९ | २,५८८ | २,८८४ | ५,४७२ | ८९.७४ | ४.०६ | १.२३ | ४,४४९ |
| ८ | २,३०८ | ४,०८७ | ४,६९८ | ८,७८५ | ८६.९९ | ३.८१ | १.७२ | ५,१०८ |
| ९ | २,८८६ | ५,०४१ | ५,७७० | १०,८११ | ८७.३७ | ३.७५ | ९.७ | १,११५ |
| १० | १,३११ | २,६०६ | २,९५२ | ५,५५८ | ८८.२८ | ४.२४ | १०.६२ | ५२३ |
| **जम्मा** | **२२,४४२** | **४०,२९०** | **४६,६००** | **८६,८९०** | **८६.४६** | **३.८७** | **७०.८६*** | **१,२२६** |

*स्रोतः नगर पार्श्वचित्र, २०७५*

** नोटः नगरको वास्तविक क्षेत्रफल र नक्साको विश्लेषणबाट प्राप्त क्षेत्रफलमा केही फरक रहेको ।*

नगर पार्श्वचित्र अनुसार नगरपालिकामा रहेका कुल २२,४४२ परिवार मध्ये २ देखि ३ जना सदस्य संख्या भएको परिवार सबै भन्दा धेरै ९,२२३ अर्थात् ४१.१० प्रतिशत रहेको छ । दोस्रोमा ४ देखि ५ जना सदस्य संख्या भएको परिवार ८,९०३ अर्थात् ३९.६७ प्रतिशत र तेस्रोमा ६ देखि ७ जना सदस्य संख्या भएको परिवार २,५६८ अर्थात् ११.४४ प्रतिशत रहेका छन् । त्यस्तै १ जना मात्र सदस्य संख्या भएको परिवार ९९२ अर्थात् ४.४२ प्रतिशत रहेको छ भने ८ जनाभन्दा बढी सदस्य संख्या भएको परिवार ७५० अर्थात् ३.३४ प्रतिशत रहेको छ । ६ परिवारमा सदस्य संख्या छैन । समग्र तथ्याङ्कलाई हेर्दा परम्परागत संयुक्त परिवारमा रहने परिपाटी परिवर्तन भई सामान्यतया बाबु-आमा र तिनका अविवाहित छोराछोरीहरू रहेको २ वा ३ त्यस्तै ४ वा ५ जनाको परिवारको नै बाहुल्यता बढेको तथ्याङ्कले देखाउँछ ।

## तालिका २/३.२ : अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसंख्याको विवरण

| वडा नं. | परिवार संख्या | अक्सर बसोबास गर्ने जनसंख्या | | | अनुपस्थित जनसंख्या | | | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | ३,०५५ | ५,१०८ | ६,२०४ | ११,३१२ | १३५० | ३१५ | १,६६५ | ६,४५८ | ६५१९ | १२,९७७ |
| २ | २,१४५ | ३,९६४ | ४,५४० | ८,५०४ | ७२३ | १२५ | ८४८ | ४,६८७ | ४६६५ | ९,३५२ |
| ३ | २,३२६ | ४,५२५ | ५,२३३ | ९,७५७ | ९७० | १९८ | १,१६८ | ५,४९४ | ५४३१ | १०,९२५ |
| ४ | २,२६५ | ४,१६४ | ४,८७४ | ९,०३८ | १०३१ | २१० | १,२४१ | ५,१९५ | ५०८४ | १०,२७९ |
| ५ | ३,३८१ | ५,६०१ | ६,६५४ | १२,२५५ | १३५९ | ३९० | १,७४९ | ६,९६० | ७०४४ | १४,००४ |
| ६ | १,४१६ | २,६०७ | २,७९१ | ५,३९८ | ४०८ | १७४ | ५८२ | ३,०१५ | २९६५ | ५,९८० |
| ७ | १,३५९ | २,५८८ | २,८८४ | ५,४७२ | ४५४ | १५४ | ६०८ | ३,०४२ | ३०३८ | ६,०८० |
| ८ | २,३०८ | ४,०८७ | ४,६९८ | ८,७८५ | ९०६ | २६० | १,१६६ | ४,९९३ | ४९५८ | ९,९५१ |
| ९ | २,८८६ | ५,०४१ | ५,७७० | १०,८११ | १,०८३ | २०२ | १,२८५ | ६,१२४ | ५९७२ | १२,०९६ |
| १० | १,३११ | २,६०६ | २,९५२ | ५,५५८ | ५६४ | ८१ | ६४५ | ३,१७० | ३०३३ | ६,२०३ |
| **जम्मा** | **२२,४४२** | **४०,२९०** | **४६,६००** | **८,६८९०** | **८,८५८** | **२,१९०** | **१०,९५७** | **४९,१३८** | **४८७०९** | **९७,८४७** |

*स्रोत: नगर पार्श्वचित्र, २०७५*

माथि प्रस्तुत तथ्याङ्क अनुसार नगरमा स्थायी बसोबास गर्ने जनसंख्या मध्ये १० हजार ९ शय ५७ जना विभिन्न उद्देश्यले नगरपालिका बाहिर रहेको देखिन्छ । कोभिड १९ को महामारीका कारण सो मध्ये कतिपय नागरिक नगरमा फर्किएको वा फर्कने अनुमान छ ।

### उमेर समूह अनुसार जनसंख्याको विवरण




माथि प्रस्तुत गरिएको जनसंख्याको पिरामिड २०७५ मा गरिएको घरधुरी तथ्याङ्क सङ्कलनबाट प्राप्त जनसंख्याको तथ्याङ्कका आधारमा तयार गरिएको हो । जसमा नगरपालिकाको जनसंख्याको लैङ्गिक अनुपात र विभिन्न उमेर समूहको संरचनाको चित्रण गरिएको छ ।

नगरपालिकामा विभिन्न उमेर समूहको जनसंख्या मध्ये ५-९, १०-१४, १५-१९, २०-२४, २५-२९ र ३०-३४ का जनसंख्या सबैभन्दा धेरै रहेको छ । जहाँ कुल जनसंख्याको सबैभन्दा ठूलो हिस्सा अर्थात् ५० प्रतिशतभन्दा बढी ० वर्षदेखि ३४ वर्षसम्मको उमेर समूह रहेको छ । ०-२४ वर्षको उमेर समूहको जनसंख्या भनेको आत्मनिर्भर भई नसकेको जनसंख्या पनि हो । यो अहिलेको तुलनामा नगरपालिकाभित्र अर्को दुई, तीन दशकमा श्रमशक्ति धेरै संख्याले बढ्ने आधार पनि हो । जसले गर्दा नगरभित्र बढी भन्दा बढी रोजगारको आवश्यकता पर्छ भने कार्य गर्ने जनशक्तिको उपलब्धता पनि हुन्छ । लैङ्गिक अनुपातको हिसाबले पुरुष उमेर समूहमा ५-९, १०-१४ र १५-१९ र महिला उमेर समूहमा २०-२४, २५-२९ र ३०-३४ सबभन्दा धेरै रहेका छन् । उक्त उमेर समूहका पुरुषको महिलाको तुलनामा संख्या घट्दै गएको देखिन्छ । वैदेशिक वा अन्य अवसरका लागि बाहिर जाने गरेको कारण गणनाका क्रममा पुरुषहरूको न्यून उपस्थिति भएको नगरको अनुमान रहेको भए पनि यसको यथेष्ट प्रमाण भने छैन । वर्तमान अवस्थाले आगामी २० वर्षमा ज्येष्ठ नागरिकको संख्या पनि बढ्ने देखिन्छ ।

## ३.२.१. जनसंख्या प्रक्षेपण

बृहत् योजनाले भविष्यको अनुमानित जनसंख्याको आवश्यकता सम्बोधन गर्नुपर्ने हुन्छ । दमक नगरपालिकाको दूरदृष्टी, दीर्घकालीन लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तय गर्दा तलको तालिकामा उल्लेख गरिएको जनसंख्यालाई आधार बनाइएको छ । जनसंख्या प्रक्षेपण गर्न केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त नगरपालिकाको विगतका वि.सं. २०२८ सालदेखिको दश-दश वर्षको फरकमा रहेको जनसंख्या तथा नगरले गरेको पारिवारिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई लिइएको छ । नगरपालिकाको जनसंख्याको पूर्वानुमान गर्दा विभिन्न समयमा भएको राजनीतिक परिर्वतनसँगै स्थानीयको पुर्नसंरचनाहरूमा आधारित भएता पनि सम्पूर्ण दमकको हालको संरचनासँग मिल्ने गरी मिलाउन कोशिस गरिएको छ ।

दमक नगरपालिका, दमक गाउँपञ्चायत हुँदै वि.सं. २०३९ सालमा तत्कालीन नगर पञ्चायतको रुपमा स्थापना भएको थियो । त्यसपछि संघीय संरचना अनुसार २०७३ सालमा साविकका १९ वटा वडाहरू पुनः संरचना अनुसार १० वटा वडाहरूमा कायम गरी हालको दमक नगरपालिकाको स्थापना भएको थियो ।

संघीय संरचना अनुसार साबिकको वडा नं. १ लाई हाल वडा नं. १, वडा नं. २ देखि ४ लाई वडा नं. २, वडा नं. ५ देखि ७ लाई वडा नं. ३, वडा नं. ८, ९ र १६ लाई वडा नं. ४, वडा नं. १० लाई वडा नं. ५, वडा नं. ११ लाई वडा नं. ६, वडा नं. १२ लाई वडा नं. ७, वडा नं. १३ लाई वडा नं. ८, वडा नं. १४ र १५ लाई वडा नं. ९, वडा नं. १७ देखि १९ लाई वडा नं. १० मा पुनःसंरचना गरी जम्मा १० वटा वडाहरूमा विभाजन गरिएको छ । त्यसकारण, विगत २०२८ सालदेखिको हालको दमकको जनसंख्या निकाल्दा वि.सं. २०२८ र २०३८ सालको साबिकको दमक गाउँ पञ्चायत र वि.सं. २०४८ देखि २०६८ सालको साबिकको दमक नगरपालिकाको जनसंख्यालाई लिन सकिन्छ ।

## ३.२.२. जनसंख्या प्रक्षेपण विधि

जनसंख्या प्रक्षेपणमा रेखीय वृद्धिदर (Linear Growth Rate), ज्यामितीय वृद्धिदर (Geometric Growth Rate), घातङ्कीय वृद्धिदर (Exponential Growth Rate) तथा समुहगत आंशिक पद्धति (Cohort Component Method) आदि उपयोग गर्न सकिने भएता पनि समुहगत आंशिक पद्धति (Cohort Component Method) निकै उपयुक्त हुन्छ । यस पद्धतिले प्रजनन्दर, मृत्युदर, तथा प्रवासन दरलाई मध्यनजर गर्दछ । तर, सानो क्षेत्रफल तथा समुहगत विभाजित जनसाङ्खिकीय तथ्यांङ्कको अभावमा यी परिमाण अनुमान गर्न असम्भव हुन्छ ।

दमक नगरपालिकाको सन्दर्भमा, २०२८ देखि २०४८ सालसम्मको जनगणनालाई विश्लेषण गर्दा नगरको जनसाङ्खिक वृद्धिदर बढ्दो प्रवृत्तिमा देखिन्छ । तर, २०४८-५८ मा भने यहाँको जनसंख्या घटेर -१.६६ को नकारात्मक वृद्धिदर रहेको थियो । यसका मुख्य कारण सशस्त्र द्वन्द तथा अन्य कारणहरूमा वैदेशिक रोजगारी तथा शैक्षिक अवसरका लागि हुने आन्तरिक तथा बाह्य प्रवाशन रहेको छ । २०५८-६८ मा चाहिँ दमक नगरपालिकाको जनसंख्या ७.६३% ले वृद्धि भएको पाइन्छ । नगरपालिका आफैले २०७५ मा गरेको परिवारिक सर्वेक्षणको आधारमा यहाँको जम्मा जनसंख्या ८६,८९० रहेको थियो । अर्थात् २०६८ देखि २०७५ सालसम्म यस नगरको जनसंख्या २.०८ प्रतिशतले वृद्धि भएको छ । साथै, २०७३ सालमा भएको नयाँ राज्य संरचना तथा संघीय शासन प्रणालीको स्थापनाले नगरमा पूर्वाधारको विकास, रोजगारको अवसर तथा स्थानीय नागरिकका लागि सेवा प्रवाहमा सुधार हुने अपेक्षाका कारण दमक नगरपालिकाको जनसंख्या आगामी वर्षहरूमा अझ बढ्ने अनुमान गरिएको छ ।

तसर्थ, २०६८-७५ सालको वृद्धिदर २.०८% रहेकोले सोही वृद्धिदरलाई नगरको जनसंख्या वृद्धिदर मानेर २०७८ देखि २०९८ सम्मको समयलाई पाँच वर्षको अन्तरालमा विभाजित गरी घातङ्कीय वृद्धिदर पद्धतिको प्रयोगद्वारा उक्त समयको जनसंख्या प्रक्षेपण गरिएको हो । घातङ्कीय वृद्धिदर पद्धतिले दुईवटा समय अवधिको जनसंख्यामा हुने परिवर्तनलाई आधार बनाएर भावी जनसंख्याको अनुमान गर्दछ । यसका लागि नगरपालिकको नगर पार्श्वचित्रमा निर्धारित २०७५ को जनसंख्यालाई आधार वर्षको जनसंख्या मानिएको छ ।

घातङ्कीय वृद्धिदर (Exponential Growth Rate) $Pt = P_0 e^{rt}$

जहाँ, Pt = 't' समय पछि हुने जम्मा जनसंख्या; $P_o$ = प्रारम्भिक जनसंख्या; e = २.७१८२८;

r= वृद्धिदर(%); र t= समय अवधि हो ।

नगरपालिकाको आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण निम्नानुसार रहेको छ ।

**तालिका ३.२.२ : आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण**

| जनगणना जनसाङ्खिक विवरण | | जनसंख्या वृद्धिदर | | पूर्वानुमानित जनसाङ्खिक विवरण (वृद्धिदर = २.०८%) | |
|---|---|---|---|---|---|
| **साल** | **जनसंख्या** | **साल** | **दर (%)** | **साल** | **जनसंख्या** |
| २०२८ | १३९९३ | २०२८-३८ | ५.११ | २०७८ | ९२४९३ |
| २०३८ | २३३१९ | २०३८-४८ | ५.७२ | २०८३ | १०२६४५ |
| २०४८ | ४१३२१ | २०४८-५८ | -१.६६ | २०८८ | ११३९११ |
| २०५८ | ३५००९ | २०५८-६८ | ७.६३ | २०९३ | १२६४१३ |
| २०६८ | ७५१०२ | २०६८-७५ | २.०८ | २०९८ | १४०२८८ |
| २०७५ | ८६८९० | | | | |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग (वि.सं. २०२८-२०६८), नगर पार्श्वचित्र (वि.सं. २०७५)*

२०७५ सालको जनसाङ्खिक विवरण दमक नगरपालिकाको नगर प्रोफाइल निर्माण गरिने क्रममा हरेक घरधुरीमा पुगेर गरिएको सर्वेक्षणमा आधारित रहेको छ । उक्त जनगणना अनुसार दमक नगरपालिकाको जम्मा जनसंख्या ८६,८९० रहेको थियो । २०७८ देखि २०९८ सम्मको समयलाई पाँच वर्षको अन्तरालमा विभाजित गरी, २.०८% वृद्धिदरको प्रयोग गर्दा, २०७५ सालको जनसंख्यामा करिब पाँच हजारले वृद्धि भई २०७८ को जनसंख्या ९२,४९३ हुन आउने देखिन्छ । यसैगरी, सोही पद्धति र वृद्धिदरको प्रयोग गर्दा २०८३ को १,०२,६४५; २०८८ को १,१३,९११; २०९३ को १,२६,४१३ र २०९८ को जनसंख्या १,४०,२८८ रहने अनुमान गरिएको छ ।




दमक नगरपालिकाको पहिलो बृहत् योजनाले नगरपालिकाको वर्तमान तथा भावी जनसंख्याको आवश्यकता सम्बोधनका लागि पूर्वाधार र सेवा व्यवस्थापन, सम्भाव्य बस्ती विकास, जनसंख्याको मिश्रण अनुसार उपयुक्त रोजगारीका अवसर सिर्जना जस्ता पक्षलाई वैज्ञानिक बनाउनमा जनसंख्या प्रक्षेपणको अधिकतम उपयोगको प्रयास गरिएको छ । २०७८ मा हुने राष्ट्रिय जनगणना, आवश्यकता अनुसार नगरले गर्ने स्थानीय सर्वेक्षण वा नगरको स्थानीय तथ्याङ्क व्यवस्थापन प्रणालीमा आधारित रहेर विभिन्न स्थानीय तथ्याङ्कमा आउने परिवर्तनका आधारमा जनसंख्याको प्रवृत्ति विश्लेषण गरी आवश्यकता अनुसार जनसंख्या प्रक्षेपण र त्यसका कारण बृहत् योजनाका खास खास प्राथमिकतामा गर्नुपर्ने परिवर्तनलाई पनि समयक्रममा समायोजन गर्दै लगिने छ ।

# खण्ड ४
# नगरको समष्टिगत लक्ष्य

## ४.१. नगरको मुख्य प्राथमिकता

दमक नगरपालिकाले बृहत् योजना तयारीका क्रममा भएका वडास्तरीय विषय केन्द्रित छलफलमार्फत् नगरको विकासका प्राथमिकता निर्धारणमा नागरिक सुझाव संकलनका गर्न सहभागितामूलक पद्धति अपनाइएको थियो । खुला मतदानको विधिबाट पहिचान गरिएको प्राथमिकता तथा नगरको मुख्य प्राथमिकताको क्षेत्र सम्बन्धमा विभिन्न तहमा प्रस्तुत धारणाहरू समेत राखेर विभिन्न राजनीतिक दल तथा बाह्य सरोकारवाला समेतको सहभागितामा भएको नगरको योजना तर्जुमा निर्देशक समितिको विस्तारित बैठकमा छलफल गरिएको थियो । मत सर्वेक्षणमा दमक नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई मूख्य प्राथमिकता दिनुपर्ने देखिएको थियो भने शिक्षा, यातायात र आर्थिक विकासलाई क्रमशः अन्य महत्वपूर्ण प्राथमिकतामा राखिनुपर्ने देखिएको थियो । सोही क्रममा नगरको दूरदृष्टि निर्धारणका लागि सुझाव दिने क्रममा १० वडाका सबैभन्दा बढी नागरिकले नगरलाई आर्थिक विकास र समुन्नतीमा केन्द्रित हुन सुझाव दिएका थिए । यसरी नगरवासीको धारणा र नगरपालिकाको समग्र हितका लागि कार्यपालिका तथा विषयगत शाखा र अन्य सरोकारवाला समेतको सहभागितामा प्राप्त सुझाव समेतका आधारमा नगरले मूलतः औद्योगिक र पर्यटकीय क्षेत्रलाई आर्थिक विकासको मुख्य आधार बनाउने र स्वास्थ्य, शिक्षा, स्वच्छता र सरसफाई जस्ता सामाजिक क्षेत्रलाई दोस्रो महत्वपूर्ण प्राथमिकताका रुपमा अघि बढाउने निश्चय गरेको छ । यसका वाबजुद अन्य क्षेत्रले पनि उचित प्राथमिकता पाउने छन् ।

## ४.२. नगरको दूरदृष्टि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं. १ मा रहेको दमक नगरपालिका शहरोन्मुख नगरपालिका हो । १० वटा वडामा विभाजित यस नगरका वडा नं. १, ५, ६, ७ र ८ व्यवसायिक गतिविधिमा आधारित शहरी क्षेत्रका रुपमा रहेका छन् । दमकमा ४,४११ वटा विभिन्न व्यवसाय सञ्चालनमा रहेको नगर पार्श्वचित्र २०७५ मा उल्लेख छ । नगरका ७८ प्रतिशत भन्दा बढी परिवार गैरकृषि क्षेत्रमा आवद्ध रहेको आधारमा समेत यस दमकलाई व्यवसायिक नगरको रुपमा लिन सकिन्छ । निर्माणाधिन चीन नेपाल मैत्री औद्योगिक पार्कको विकास र सञ्चालन, चिया उद्योगको विकास र विस्तार, सीमित जमिनमा हुने कृषिमा व्यवसायीकरण, हालका औद्योगिक तथा व्यवसायिक इकाईहरूको स्तर सुधार तथा रवी चिसापानी सडक निर्माण सम्पन्न भएसँगै औद्योगिक र व्यवसायिक क्षेत्रमा हाँसिल हुने रणनीतिक लाभ तथा भारतका महत्वपूर्ण व्यापारिक शहरसँग नेपालका शहर जोड्ने व्यापारिक नाकाले सिर्जना गरेका रणनीतिक लाभ लिनसक्ने गरी पूर्वाधार विकासका माध्यमबाट औद्योगिक उत्पादन, वस्तु तथा सेवा व्यापारमा वृद्धिका साथै रोजगारी सिर्जना हुने र नगरलाई समृद्ध नगर बनाउन योगदान गर्न सक्ने गरी उद्योग र वाणिज्य क्षेत्रको विकास सम्भव रहेको नगरको निष्कर्ष छ । यस आधारमा यस दमकलाई औद्योगिक नगर बनाउने दूरदृष्टि तय गरिएको छ ।

ताप्लेजुङको प्रसिद्ध पाथिभरा मन्दिर, पूर्वी पहाडका प्राकृतिक पर्यटकीय स्थलहरू तथा भारतको सिलुगडी, सिक्किम र दार्जलिङ जाने पर्यटकको प्रवेश बिन्दुको रुपमा विकास हुँदै गरेको यस नगर औद्योगिक, धार्मिक र पर्यापर्यटन हबको रुपमा विकास हुन सक्ने अवस्थामा छ । निर्माणाधिन रवी चिसापानी सडकको पूर्ण सञ्चालन तथा पर्यटकको उचित सत्कारका लागि निजी क्षेत्रमार्फत् होटेललगायत पर्यटन पूर्वाधारको विकास तथा ग्रामीण क्षेत्रमा स्थानीय जनजातिको संस्कृति र पहिचानसहितको होमस्टेले पर्यटन हवको पहिचान कायम गर्नमा योगदान पुग्ने नगरको विकास र समृद्धिको आधार तय हुनेमा दमक विश्वस्त छ । धिमाल, कुमाल, मेचे, सतार, राजबंशी, ताजपुरिया जस्ता आदिवासीको कला र संस्कृति झल्काउने संग्रहालय तथा भुटानी शरणार्थी सम्बन्धित जानकारीमूलक अध्ययन केन्द्रको विकास एवं नगरमा रहेको सिमसार क्षेत्रको संरक्षण, सौन्दर्यीकरण र व्यवस्थापन तथा निर्माणाधिन विश्वकै अग्लो बुद्ध मुर्ती सहित बिराट बुद्ध पार्क, औद्योगिक पार्क, भ्यू टावर आदिले नगर आफैंमा पनि क्रमशः आकर्षक पर्यटन गन्तव्यको रुपमा विकास हुने अवस्थामा छ । यस आधारमा नगरलाई पर्यटकीय नगरको रुपमा विकास गर्ने लक्ष्य रहेको छ ।

विगतदेखि हरित नगरको पहिचान निर्माण गर्न हरित तथा सिमसार क्षेत्र संरक्षण, पार्क तथा खुला स्थानहरूको विकास तथा बोटबिरुवा र उद्यानमार्फत् हरियाली प्रवर्द्धनलाई नगरले प्राथमिकतामा राख्दै आएको छ । रतुवा र मावा नदीको तटबन्ध निर्माणमा हरित विधि अपनाई हरियाली प्रवर्द्धनको माध्यमको रुपमा विकास गरी हरित करिडोर विकासको सम्भाव्यता पनि नगरले पहिल्याएको छ । सडक किनार, बस्ती क्षेत्र तथा भू-उपयोग योजनामार्फत् निर्धारित वन तथा हरित क्षेत्रको संरक्षणबाट हरित नगरको पहिचान निर्माणमा थप बल पुग्ने विश्वास छ । यस अतिरिक्त चिया, तरकारी तथा नगदेबाली उत्पादन, बाँझो जग्गाको उत्पादनमूलक प्रयोग तथा कौशी खेती प्रवर्द्धनबाट समेत हरित नगर निर्माणमा योगदान पुग्नेछ । साथै विश्वव्यापी जलवायु परिवर्तनको असर सामना गर्न तथा स्वच्छ हावापानी प्रवर्द्धनमार्फत् स्वस्थ नगर निर्माणमा योगदान गर्न समेत हरित क्षेत्र प्रवर्द्धन तथा जैविक खेती प्रणाली आवश्यक छ । प्लाष्टिकको न्यून उपयोग र व्यवस्थापन, दिसाजन्य फोहोर तथा ठोस फोहोरको वैज्ञानिक व्यवस्थापनमार्फत् पूर्ण सरसफाईयुक्त, सफा र सुन्दर नगर बनाउनु पनि नगरको महत्वपूर्ण प्राथमिकता हो । त्यसैले नगरलाई हरित र स्वच्छ नगर बनाउने दूरदृष्टि लिइएको छ ।

लगानी सुरक्षाको प्रत्याभूतिबाट मात्र उत्पादनशील क्षेत्रमा लगानी आकर्षित हुन्छ । उत्पादनशील क्षेत्रमा हुने लगानीको सुरक्षा, सबै क्षेत्रमा श्रम गर्ने श्रमिकको व्यवसायिक सुरक्षा, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहीन तथा असुविधामा रहेका वर्ग र समुदाय लगायत आमनगरवासीको भौतिक र सामाजिक सुरक्षा नगरको दायित्व हो । मावा र रतुवा खोलाको किनारमा रहेको यस नगरपालिका बाढी र डुबानको उच्च जोखिममा रहेकोले बस्तीलाई सुरक्षित बनाउने तथा समुदायलाई विपद् उत्थानशील बनाउने चुनौतीको सामना गर्दै विकास र समृद्धिको मार्गमा अघि बढ्नु आवश्यक छ । पर्यटन र उद्योगलाई आर्थिक विकासको प्रमुख क्षेत्रको रुपमा पहिचान गरेको यस नगरले उद्योगी, व्यवसायी तथा पर्यटकलाई सुरक्षित नगरको प्रत्याभूति दिलाउने कुरालाई पनि उत्तिकै प्राथमिकतामा राखेको छ । परिवार, समुदाय र सिंगो नगरमा नागरिक बिचको परस्पर सम्मान र शान्तिपूर्ण सुसम्बन्ध सुनिश्चित गर्नु पनि नगरको लक्ष्य हो । यी लक्ष्य हाँसिल गरी सुरक्षित नगरको पहिचान स्थापित गर्ने दूरदृष्टि नगरले लिएको छ ।

समुदायमा स्वास्थ्य सम्बन्धी सचेतना र सबै रोगको पहिचान र उपचार नगरमा हुने गरी स्वास्थ्य क्षेत्रको पूर्वाधार र सेवाको उपलब्धता, गुणस्तरीय र पहुँचयोग्य आधारभूत, माध्यमिक र प्राविधिक शिक्षा, स्थानीय स्तरमा आम विद्यार्थीले चाहेको विषयमा उच्च शिक्षा अध्ययन गर्न सक्ने वातावरण, आवश्यकता अनुसार आय र सीपमूलक तालिम तथा अनौपचारिक शिक्षाको अवसर, उच्च आय तथा आयको समतामूलक वितरण, पहुँच योग्य भौतिक पूर्वाधार एवं अन्तर आवद्धता, कर्मशीलता र उद्यमशिलतामार्फत् आत्मनिर्भर समुदाय, सुशासन र सामाजिक जवाफदेहितामा आधारित सुमधुर नगर नागरिक सम्बन्ध तथा सबै नगरवासीले मर्यादित जीवन जिउन पाउने अवसरको सुनिश्चितताबाट मात्र सुख र समृद्धि निर्माण हुनेमा दमक स्पष्ट छ । यी आधारमा सुखी र समृद्ध दमक निर्माण नगरको दूरदृष्टि हो ।

यसरी समग्रतामा दमक नगरपालिकाले निम्नानुसार आफ्नो दूरदृष्टि निर्धारण गरेको छ ।

**औद्योगिक, पर्यटकीय र हरित नगर**
**स्वच्छ, सुरक्षित, र समृद्ध दमक**

## ४.३. नगरको दीर्घकालीन लक्ष्य

नगरले आफ्नो दूरदृष्टि वा सोच हाँसिल गर्नका लागि निम्न अनुसारको दीर्घकालीन लक्ष्य तय गरेको छ ।

**तालिका ४.३ : नगरको दीर्घकालीन लक्ष्य**

| | |
|---|---|
| औद्योगिक नगर | • व्यवसायिक गतिविधिको विकास र विस्तार<br>• स्थानीय उत्पादनमा आधारित उद्योगको विकास<br>• राष्ट्रिय सडकसँगको आवद्धता तथा नेपाल र भारतका व्यापारिक शहरको प्रवेश बिन्दुले दिने व्यवसायिक लाभको उच्चतम उपयोग ।<br>• औद्योगिक पार्क लगायत सम्बन्धित पूर्वाधार विकास र विस्तार<br>• नयाँ उद्योग स्थापना र सञ्चालनमार्फत् आय र रोजगारी प्रवर्द्धन |
| पर्यटकीय नगर | • सुव्यवस्थित यातायात सञ्जालमार्फत् सूदुर पूर्वको पर्यटन हव<br>• प्राकृतिक सम्पदा र मानव सिर्जित आकर्षक गन्तव्यसहितको पर्यटकीय केन्द्र<br>• उद्योग र वाणिज्य क्षेत्रको विकासमा आधारित औद्योगिक र व्यवसायिक पर्यटन<br>• हरित तथा खुला क्षेत्र, सार्वजनिक स्थलसहितको आन्तरिक पर्यटन गन्तव्य |
| हरित र स्वच्छ नगर | • सरसफाईका पूर्वाधार सहित स्वच्छ, सफा र सुन्दर नगर<br>• हरित पार्क, उद्यान, खुला क्षेत्र, सडक र नदी किनारसहितको हरित नगर<br>• सीमित जग्गाको उत्पादनशील उपयोगमार्फत् विस्तारित हरित क्षेत्र<br>• वैज्ञानिक भू-उपयोगमार्फत् निर्धारित र व्यवस्थित बस्ती तथा हरित क्षेत्र |
| सुरक्षित दमक | • जोखिम बस्ती निर्धारण र व्यवस्थापन तथा नदी नियन्त्रण तथा करिडोर व्यवस्थापनमार्फत् विपद् जोखिम न्यूनिकरण<br>• शान्ति सुरक्षाको प्रत्याभूतियुक्त सुरक्षित दमक<br>• सबै नगरवासीको भौतिक, व्यवसायिक र सामाजिक सुरक्षा |
| समृद्ध दमक | • स्वस्थ, शिक्षित र कर्मशील नागरिक<br>• उद्यमशीलता, स्वरोजगारी र आत्मनिर्भरता<br>• आर्थिक विकास र समुन्नतीसहित समतामूलक समाज<br>• सबै नगरवासीमा समान अवसर र न्यायसहित मर्यादित जीवन यापनको सुनिश्चितता<br>• भरपर्दो आन्तरिक तथा बाह्य नगर-नागरिक अन्तरसम्बन्ध<br>• सार्वजनिक सेवाका पूर्वाधारको उपलब्धता, गुणस्तरीयता र पहुँच<br>• सुशासन र सामाजिक जवाफदेहिता |

## ४.४. प्रमुख अपेक्षित उपलब्धी

**तालिका ४.४ : नगरको अपेक्षित उपलब्धी**

| क्र.सं. | उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल | मध्यकाल | दीर्घकाल |
|---|---|---|---|---|---|
| १. | अति विपन्न परिवार संख्या (प्रतिशत) | २.६७ | २.१७ | १.५ | ०.५ |
| | गरिबीको रेखामुनी रहेको जनसंख्या* (प्रतिशत) | १२.४ | १२ | ८ | ५ |
| २. | आंशिक वा पूर्ण बेरोजगार जनसंख्या (प्रतिशत) | ३६.३८ | ३० | १४ | ५ |
| ३. | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | | १६०० | २५८० | ५५७० |
| | वार्षिक औषत आर्थिक वृद्धिदर (प्रतिशत) | | ७ | १० | ८ |
| ५. | ३० मिनेटको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवारको प्रतिशत | | | ७५ | ९० |
| ६. | १५ वर्षमाथिको जनसंख्याको साक्षरता दर | ९५ | | | ९९ |
| ७. | १६ देखि ४० वर्षको युवाहरूको साक्षरता दर | ९५ | | | ९९.५ |
| ८. | माध्यमिक तहको खुद भर्नादर | | | | ७० |
| ९. | आधारभूत तहमा विद्यालय छाड्ने दर | | | | |
| १०. | मातृ मृत्यूदर | <१ | <१ | <१ | <१ |
| ११. | बाल मृत्यूदर | | | | |
| १२. | औषत आयु | | ७२ | ७४ | ७८ |
| १३. | स्थानान्तरण वा जोखिम न्यूनिकरण आवस्यक रहेको जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) | २८५५ | १००० | ० | ० |
| १४. | कालोपत्रे सडकमा आवद्ध घरधुरी प्रतिशत) | २५.७४ | ३० | ५० | ८० |
| १५. | दीगो भरपर्दो र सुरक्षित यातायातका पूर्वाधारको पहुँचमा रहेको परिवार (प्रतिशत) | | ३५ | ६० | ९० |
| १६. | समयवद्ध स्थानीय यातायात सेवाको पहुँचमा रहेका परिवार (प्रतिशत) | | ५० | ६० | ९० |
| १७. | घरधुरी धारासहित नगर मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या (प्रतिशत) | ५६.४३ | ६५ | ९० | १०० |
| १९. | खाना पकाउनको लागि काठ दाउराको प्रयोग गर्ने परिवारको संख्या (प्रतिशत) | १४.१२ | १० | ५ | ० |
| २०. | व्यवस्थित सेप्टिक ट्यांकसहितको शौचालय भएको परिवार (प्रतिशत) | ६१.६४ | ७० | ९० | १०० |
| २१. | विद्युतीय भुक्तानी पद्धतिमा आवद्ध करदाता (प्रतिशत) | | | ५० | १०० |
| २२. | इ नक्सा स्वीकृति सेवा आवद्ध सेवाग्राही (प्रतिशत) | | | १०० | १०० |

* आधार वषको तथ्यांक प्रदेश १ को पहिलो आवधिक योजनामा आधारित छ ।

# खण्ड ५
# क्षेत्रगत योजना

यो खण्डमा नगरपालिकाले विगतदेखि विकास निर्माण र सेवा प्रवाहका गतिवधिलाई व्यवस्थित गर्न निर्धारण गरेको विषयगत क्षेत्र तथा ती क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूको नीति तथा प्राथमिकता प्रस्तुत गरिएको छ । कृषि, पशुपालन, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र राजश्व तथा आर्थिक पूर्वाधारलाई आर्थिक विकास अन्तर्गत समेटिएको छ। सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण तथा लैंगिक समानता र सामाजिक समावेशीकरणको विषय समेटिएको छ । भू-उपयोग तथा बस्ती व्यवस्थापन, पार्क तथा मनोरञ्जन, यातायात र खानेपानी, सरसफाई, सिँचाइ, सामुदायिक भवन, विद्युत र सञ्चार जस्ता सार्वजनिक निर्माण र सम्बन्धित सेवालाई पूर्वाधार विकास अन्तर्गत समेटिएको छ । खानेपानी तथा सरसफाई सामाजिक विकास अन्तर्गत पर्ने भए पनि पूर्वाधारका कार्यक्रमको प्राथमिकता तय गर्नमा सहजता ल्याउन यो क्षेत्रलाई पनि पूर्वाधार विकासको खण्डमा नै समेटिएको हो । त्यसैगरी वन, वातावरण र विपद् व्यवस्थापन अन्तर्गत प्राकृतिक स्रोत, वातावरण र विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी विषय समेटिएको छ । यो खण्डको अन्तमा नगरको सुशासन नीति समेटिएको छ । सबै क्षेत्रको पृष्ठभूमिसहित लक्ष्य, उद्देश्य र नीति तथा प्राथमिकतालाई क्रमशः प्रस्तुत गरिएको छ ।

## ५.१. आर्थिक विकास

सुदूर पूर्वी नेपालको समथर तराई भू-भाग रहेको झापा जिल्ला तथा यस जिल्लाको पश्चिमी क्षेत्रमा अवस्थित दमक नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, साना व्यापार व्यवसाय तथ उद्योग, थोक, खुद्रा बजार, होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। मूलतः औद्योगिक र व्यवसायिक गतिविधिमा नगरका अधिकांश परिवार संलग्न भएको भए पनि उपयुक्त हावापानी, माटोको बनोट तथा कृषिको लागि उपयुक्त ऊर्वर माटो भएका वडाहरूमा नगरका २० प्रतिशत भन्दा बढी परिवार कृषि पेशामा संलग्न छन् ।

नगरपालिकाका सबै वडाहरूमा रणनीतिक तथा ग्रामीण सडक सञ्जालका कारण नगरपालिकाका सबै वडाहरूमा पहुँच वृद्धि हुँदै गएको छ । पूर्व पश्चिम राजमार्गमा जोडिएको यस नगरको मुख्य शहरी क्षेत्रमा पूर्वाधारयुक्त सडक सञ्जाल रहेकोले औद्योगिक तथा व्यवसायिक गतिविधिका लागि सहज वातावरण छ । यद्यपि कतिपय सडकहरू कच्ची र कम गुणस्तरका छन् । त्यसैगरी नगरपालिकामा रहेका नदी तथा पोखरीहरू सहितको जलक्षेत्र, वनजंगल तथा जैविक विविधताले नगरपालिकाको विकासमा थप सम्भावना बोकेका छन् । कृषि मिल, क्रसर उद्योग, कुखुरापालन, पशुपालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन् ।

दमक नगरवासी क्रमशः साना उद्योगहरूको विकासतर्फ लागिरहेका छन् । यस नगरपालिकाका मुख्य आर्थिक आधारहरू कृषि तथा पशुपालन, उद्योग, व्यापार व्यवसाय, पर्यटन, सहकारी, नोकरी र वैदेशिक रोजगार समेत रहेका छन्। नगर क्षेत्रमा ठूला पूर्वाधारहरू निर्माण हुँदै गएको र आगामी वर्षहरूमा बढ्दो पूर्वाधारको मागलाई समेत ध्यानमा राखी स्थानीय आर्थिक विकासका पक्षहरूमा पर्यटन, उद्योग व्यापार व्यवसाय, कृषि तथा पशुपालन, रोजगारी, सहकारी, पूर्वाधार विकास तथा आन्तरिक राजश्व वृद्धि समेतलाई बमोजिम आर्थिक विकासका नीति तथा कार्यक्रम तय गरिएको गरिएको छ । दमक नगरपालिकाको स्थानीय आर्थिक विकास र रोजगारी प्रवर्द्धन गरी स्थानीय अर्थतन्त्रको सबलीकरण गर्नु आर्थिक विकासको लक्ष्य रहेको छ ।

## ५.१.१. सीप तथा रोजगारी

### १. परिचय

सीप र रोजगारी प्रवर्द्धन आर्थिक विकास अन्तर्गतको बेग्लै उपक्षेत्र होइन । आर्थिक विकासका अन्य पक्षलाई गति प्रदान गर्न सीपयोग्य जनशक्तिको उपलब्धता अपरिहार्य हुन्छ भने सीपयुक्त जनशक्ति नै स्थानीय रोजगारी वा स्वरोजगारी प्रवर्द्धनको पूर्वशर्त पनि हो । कृषि, पर्यटन, उद्योग र वाणिज्य, सहकारी जस्ता क्षेत्रको विकाससँगै स्थानीय रोजगारी समेत अभिवृद्धि हुन्छ । त्यसैले यो विषय आर्थिक विकास अन्तर्गतका सबै क्षेत्रको अन्तरसम्बन्धित विषय हो । तथापि गरिबी र बेरोजगारीको अन्त्य रोजगारीको अवस्थामा निर्भर रहने र रोजगारीका लागि सीप विकास पनि महत्वपूर्ण हुने भएकोले यो विषयलाई आर्थिक विकासको विशिष्ट पक्षका रुपमा यहाँ समेटिएको छ ।

### २. वर्तमान अवस्था

नगर पार्श्वचित्र, २०७५ बमोजिम दमक नगरपालिका क्षेत्रमा सामान्यतया काम गर्ने उमेरका कुल ७२,०५५ जनसंख्या मध्ये काम गर्न चाहना राख्ने जनसंख्याको ३६.३८ प्रतिशत आंशिक वा पूर्ण बेरोजगार रहेका रहेका छन् । तलको नक्सामा वडागत रुपमा बेरोजगारीको वडागत अवस्था देखाइएको छ । जस अनुसार नगरका वडा नं. १, ५, ६ र ७ मा बढी मात्रामा बेरोजगार जनसंख्याको बसोबास रहेको छ ।

**नक्सा ५.१.१ : नगरमा बेरोजगारीको अवस्था**




पार्श्वचित्रमा तथ्याङ्क बमोजिम सबैभन्दा धेरै घर परिवार अर्थात् ६,४२० ले आफ्नो आम्दानी आन्तरिक (देशभित्रको) वा बाह्य विप्रेषण र दोस्रोमा ५,१८६ परिवारले व्यापार व्यवसायबाट आम्दानी गर्ने गरेको देखिन्छ। त्यसपश्चात् तेस्रो, चौथो र पाँचौमा क्रमशः दैनिक ज्याला, विभिन्न सेवा र घर जग्गाबाट प्राप्त आम्दानी पर्दछन्। नगर क्षेत्रमा कुल २२,४४२ घरधुरीहरू मध्ये आफ्नै नियमित वार्षिक आम्दानीले वर्षभर खान पुग्ने जनसंख्या १९,५४१ अर्थात् ८७.०७ प्रतिशत देखिन्छ। त्यसैगरी ९ देखि ११ महिनासम्म धान्न पुग्ने घरधुरी संख्या ४१४ अर्थात् १.८४ प्रतिशत, ७ देखि ९ महिनासम्म धान्न पुग्ने घरधुरीका संख्या १,३५६ अर्थात् ६.०४ प्रतिशत, ४ देखि ६ महिनासम्म धान्न पुग्ने घरधुरीको संख्या ८३८ अर्थात् ३.७३ प्रतिशत र ० देखि ३ महिना मात्र धान्न पुग्नेको संख्या २९० अर्थात् १.२९ प्रतिशत रहेको छ। सबैभन्दा महत्वपूर्ण पक्ष भनेको आम्दानीको मुख्य श्रोत परम्परागत कृषि र दैनिक ज्यालादारी हुनुले यहाँ ठूलो संख्याको अदृष्य बेरोजगारी रहेको र अन्य उत्पादनशील क्षेत्रमा नगरबासीको संलग्नता नगन्य देखिन्छ।

नगर क्षेत्रभित्र वार्षिक रुपमा विप्रेषणबाट रु २ अर्ब २८ करोड रकम भित्रिने गरेको छ (वार्षिक औसत आम्दानी प्रति परिवार करिब रु ३ लाख ५६ हजार) । व्यापार व्यवसायबाट वार्षिक आम्दानी रु १ अर्ब ७७ करोड अर्थात प्रति परिवार औसत आम्दानी रु ३ लाख ४१ हजार रहेको छ । उद्योगमा संलग्न परिवारको वार्षिक औषत आम्दानी रु ५ लाख ६५ हजार रहेको छ भने पशुधन उत्पादन गर्ने परिवारको सो व्यवसायबाट वार्षिक आम्दानी रु ५० हजार तथा पशुपन्छी किनबेचमा संलग्न परिवारको वार्षिक औसत आम्दानी रु. २८ हजार छ । कृषिमा संलग्न भई रोजगार घरपरिवार संख्या १,३१९ रहेको छ, जसको आम्दानी तुलनात्मक रुपमा न्यून अर्थात वार्षिक औसत आम्दानी प्रति परिवार रु ४३ हजार मात्र देखिन्छ । यद्यपि यसमा आफुले उपभोग गरेको खाद्यान्नको लागत समावेश छैन । दैनिक ज्यालाबाट गुजारा गर्ने परिवार संख्या ४,३९६ को प्रति परिवार वार्षिक औसत आम्दानी रु २ लाख ४ हजार रहेको छ । नगरपालिकाले यस्ता वर्गका लागि न्यूनतम ज्यालादर निर्धारण गर्नुपर्ने देखिन्छ । हालको बेरोजगारीको संख्या घटाई वार्षिक रुपमा कृषि, पशुपालन, व्यापार, व्यवसाय उद्योगबाट आम्दानीको वृद्धि गर्नु आवश्यक छ । साथै विप्रेषणबाट प्राप्त आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न नगरपालिकासँग स्पष्ट नीति आवश्यक देखिन्छ । उद्योग व्यवसाय बाहेक अन्य पेशा व्यवसायबाट न्यून आम्दानी रहेकोले अन्य क्षेत्रमा व्यवसायीकरण र दैनिक ज्यालादारीमा आधारित परिवारलाई बढी लाभ प्राप्त हुने क्षेत्रमा संलग्न गराउने गरी सीप र रोजगारी प्रवर्द्धनका कार्यक्रम नगरले अघि बढाउनुपर्ने आवश्यकता छ ।

## ३. मुख्य अवसर र चुनौती

उल्लेख्य संख्यामा उद्योग र व्यवसायमा संलग्न परिवारको संख्या उल्लेख्य रहेको सन्दर्भमा बजार विस्तार स्तरोन्नतीमार्फत् सीपयुक्त जनशक्तिलाई यो क्षेत्रमा लगाउने अवसर रहेको छ । कृषि तथा पशुपालनमा संलग्न परिवारलाई आफ्नो पेशालाई व्यवसायीकरण गर्न उत्प्रेरणात्मक र सहयोगात्मक भूमिका निर्वाह नगरका तर्फबाट हुन सके स्थानीय विकासमा समुदायको योगदान बढाउने र सोमार्फत् स्थानीय आर्थिक विकास र स्वरोजगारी हाँसिल हुन सक्ने अवस्था छ । सीप विकास र स्वरोजगारीका विभिन्न पक्षमा केन्द्रित रहेर सीप विकास केन्द्र स्थापना र संघ र प्रदेशस्तरका र अन्य बाह्य स्रोत केन्द्रसँग समन्वय गरी नगरको प्राथमिकताका क्षेत्रमा स्थानीय बेरोजगार जनशक्ति उत्पादनको अवसर छ । विकासका भौतिक पूर्वाधार निर्माणका लागि योग्य जनशक्ति स्थानीयस्तरमा नै उत्पादन गर्न सकेमा यो क्षेत्रमा ठूलो संख्यामा श्रम शक्तिको आयात प्रतिस्थापन गर्न सकिने अवसर छ । नगरको महत्वपूर्ण प्राथमिकतामा रहेको पर्यटन क्षेत्र विकाससँग सम्बन्धित सेवाका लागि आवश्यक सीप विकास गर्न सके नगरबासीलाई धेरै संख्यामा आकर्षक रोजगारीका अवसर स्थानीय स्तरमा नै उपलब्ध हुने अवस्था छ ।

औद्योगिकीकरण र कृषिमा व्यवसायीकरणको सम्भावनाका बिचमा सन्तुलन कायाम गर्ने, स्थानीय तहमा विप्रेषणका रुपमा भित्रिने स्रोतलाई उत्पादनमूलक क्षेत्रमा लगाई स्वरोजगारी बढाउने तथा सीप विकासमा हुने लगानीलाई दीगो प्रतिफल दिने पेशामा उपयोग गराउने चुनौती नगरलाई छ । औद्योगिक र व्यवसायिक क्षेत्रमा संलग्न हुन चाहने बेरोजगार जनशक्तिका लागि सीप मात्र नभई आवश्यक स्रोत र प्राविधिक सहयोगको उपलब्धता सुनिश्चित गर्ने र उनीहरूको उत्पादनले उपयुक्त र बजार पाउने कुराको सुनिश्चितता गर्ने चुनौती पनि नगरलाई छ ।

## ४. लक्ष्य

दमकलाई पूर्ण रोजगारयुक्त नगर बनाउने ।

## ५. उद्देश्य

सीपयुक्त जनशक्ति र रोजगारीका अवसर वृद्धि गर्दै स्थानीय बासीलाई नगरभित्रै रोजगारीका अवसर उपलब्ध गराउने ।

# ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.१.१ : सीप तथा रोजगारीका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. रोजगारी सृजना र स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउने गरी दक्ष जनशक्ति उत्पादन र स्थानीय पुँजी परिचालन गर्ने । | १. नगरका बेरोजगारहरूको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन अद्यावधिक गर्दै स्वरोजगार तथा सीपमूलक कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । आर्थिक तथा सामाजिक क्षेत्रका हिसाबले पछाडी पारिएका वर्गहरूलाई प्राथमिकता दिई रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. दमकका महिला, उद्यममा पहिला भन्ने नारालाई साकार पार्न साना तथा लघु उद्यम र सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. गरिब तथा एकल महिलाहरूको स्वरोजगार हुने कार्यक्रमका लागि नगरपालिकाको पहलमा सहुलियत ऋण सुविधा उपलब्ध गराइनेछ ।<br>४. कृषि, पशुपालन, उद्योग तथा अरु व्यवसाय सञ्चालनार्थ चाहिने जनशक्ति तयारीको लागि पूर्व व्यवसायिक र प्राविधिक शिक्षालाई आधारभूत र माध्यमिक शिक्षामा समावेश गराइनेछ । माध्यमिक तहका विद्यालयहरूमा एक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा भइसकेका कारखाना तथा व्यवसायहरूमा माग बमोजिम जनशक्तिको आवश्यकता पूरा गर्न दक्ष र अर्धदक्ष जनशक्ति उत्पादन गर्ने प्राविधिक शिक्षालयको व्यवस्था गरिनेछ । प्राविधिक शिक्षाको लागि सेवारत गैरसरकारी र सामुदायिक संस्थाहरूसँग सहकार्य गरी सीपमुलक तथा प्राविधिक शिक्षा दिइनेछ ।<br>६. स्थानीय आर्थिक विकासको लागि चाहिने जनशक्तिको प्रकार र सीपको आवश्यकता परिवर्तन भइरहन सक्ने हुनाले सीप र सिकाईलाई समयानुकुल बनाउँदै लगिनेछ ।<br>७. बेरोजगार अवस्थामा रहेका युवाहरूलाई समुह पेशामा उत्प्रेरित बनाउन अभिमुखीकरण कार्यक्रम आयोजना गरी युवा सशक्तिकरणमा जोड दिई कार्यक्रम आयोजना गरिनेछ ।<br>८. कृषि लगायत उत्पादन क्षेत्रमा एकीकृत उत्पादन प्रणालीलाई प्रोत्साहन गरिनेछ । आफ्नै ठाउँमा सम्भव छ भन्ने नाराका साथ रोजगारीका कार्यक्रमहरू सञ्चालन गरिनेछ र एक घर एक रोजगारको सुनिश्चिता गरिनेछ ।<br>९. आर्थिक रुपमा पिछडिएका बस्ती तथा परिवारको पहिचान गरी शिक्षा, स्वास्थ्य, आयआर्जनमा टेवा पुऱ्याउन विशेष प्राथमिकता कार्यक्रमका लागि पारित गरिएको विपन्न पहिचान कार्यविधिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नमुना बस्ती निर्माण कार्यक्रम तथा विपन्न पहिचान र व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।<br>१०.दमक नगरपालिकालाई उद्यमशील नगरपालिकाको रुपमा विकास गरी नगरबासीहरूलाई उद्यम व्यवसाय, आवश्यकतानुसारको सीपको व्यवस्था र बजारको सुनिश्चिता गरिनेछ ।<br>११. वैदेशिक रोजगारीलाई न्यूनिकरण गर्न कृषि, पशुपालन र उद्योग व्यवसायहरूको व्यवसायीकरणमा विशेष प्राथमिकतासहितको कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१२. स्वरोजगार तथा आत्मनिर्भर हुने गरी मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि वैदेशिक रोजगारबाट फर्किएका बेरोजगार युवाहरूलाई प्राथमिकता दिइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | १३. विप्रेषणबाट प्राप्त हुने रकमलाई उत्पादनशील तथा रोजगारीमूलक कार्यक्रममा लगानी गर्न प्रोत्साहित गरिनेछ । यसका लागि सहुलियत ऋणको समेत व्यवस्था गरिनेछ ।<br>१४. स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरूको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन गरी रोजगारीका अवसरहरू सृजना गरिनेछ ।<br>१५. सीप विकास र रोजगार प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्दा बेरोजगार जनसंख्या बढी भएको क्षेत्र महिला, सीमान्तकृत व्यक्ति, उत्कृष्ठ शिक्षित युवाहरूलाई राखिने छ । |

## तालिका २/५.१.१ : आवधिक प्राथमिकता : सीप तथा रोजगारी

**क.** ठूलो संख्यामा रहेको बेरोजगारी तथा स्वेच्छिक बेरोजगारी, दक्ष, अर्धदक्ष र वैदेशिक रोजगारीमा जाने युवा जनशक्तिलाई नगरभित्रै रोजगारीका अवसर उपलब्धताको सुनिश्चित गर्न स्पष्ट नीति र कानुनको आवश्यकता देखिन्छ । साथै नगरपालिकाले गर्ने सार्वजनिक निर्माणका कार्य र अन्य सेवाका क्षेत्रहरूमा आवश्यक जनशक्तिको न्यूनतम ज्याला वा पारिश्रमिक निर्धारण तथा स्वरोजगारी र उद्योग व्यापार व्यवसाय तथा सेवा क्षेत्रमा सीपमूलक जनशक्तिको विकास गर्न आवश्यक नीति तथा कानुनको निर्माणलाई देहाय बमोजिम प्राथमिकिकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि रोजगार व्यवस्थाका लागि स्थानीय कानुन निर्माण गर्ने (सीप विकास, तालिम, उद्यमशीलता, अध्ययन, अनुदान वा सहुलियत ऋण व्यवस्था सहित) । | १. विप्रेषणबाट प्राप्त रकम र सहकारीको पुँजीलाई उत्पादनशील तथा रोजगार कार्यक्रममा सदुपयोग सम्बन्धमा नीति (नगरपालिकाबाट हुन सक्ने अनुदान तथा सहुलियत ऋणको व्यवस्था सहित ।) | १. सीप तथा रोजगारी सम्बन्धी नीति, कानुन तथा मापदण्ड कार्यान्वयनको आवधिक समिक्षा र कार्यान्वयन । |
| २. नगरस्तरीय दैनिक ज्यालादर तथा श्रमिकको भौतिक र सामाजिक सुरक्षा मापदण्ड निर्धारण वा अद्यावधिक गर्ने । | २. नगरको सीप विकास तथा स्वरोजगारीका कार्यक्रम सम्बन्धी स्थानीय मापदण्ड बनाउने । | २. सीप तथा प्राविधिको क्षेत्रमा आउने नवीनता सम्बोधन गर्न सीप विकासका सान्दर्भिक रणनीति निर्माण गर्ने । |

**ख.** नगरपालिकामा विभिन्न सीप तथा क्षमता भएका नागरिकहरू बेरोजगार तथा अर्ध-बेरोजगारीको अवस्थामा रहेका छन् । बेरोजगारहरूको संख्या, वर्गीकरण तथा सो को प्राथमिकता बमोजिम सार्वजनिक निर्माण तथा सहरी सेवाका कार्यहरूमा क्रमशः त्यस्ता जनशक्तिको व्यवस्थापन र उपयोग गर्नुपर्ने देखिन्छ । नगरपालिकाले नागरिकको माग बमोजिमका क्षेत्र, बजारको सम्भावना, शैक्षिक बेरोजगार तथा विदेशबाट फर्केका व्यक्तिहरूको चाहना र क्षमताका आधारमा विभिन्न किसिमका रोजगारीमूलक कार्यक्रम सञ्चालन गरिरहेको छ । यसलाई थप आवश्यकतामा आधारित र उपलब्धीमुलक बनाउन सीप तथा रोजगारी वृद्धिमा केन्द्रित तपसिलका कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सीप र शैक्षिक योग्यताका आधारमा बेरोजगारहरूको वडागत अभिलेख अद्यावधिक गर्ने । | १. बेरोजगार लगायत श्रम शक्तिको विवरणसहितको अभिलेख तयारी तथा अद्यावधिक गर्ने । | १. निरन्तर |
| २. नगरलाई आवश्यक पर्ने पर्यटन, उद्योग व्यवसाय, कृषि, पशुपालन लगायत शहरी पूर्वाधार र शहरी सेवा आदिका लागि श्रमिकहरू आवश्यकता अध्ययन (सर्वेक्षण) गर्ने । | २. श्रमिकको माग र आपूर्ति विश्लेषणलाई आवधिक रुपमा निरन्तरता दिई त्यसका आधारमा माग र आपूर्ति बिच सन्तुलनका लागि लक्षित कार्यक्रम तय गरी लागु गर्ने । | २. निरन्तर |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ३. नगर क्षेत्रको माग बमोजिम सीपमुलक तालिम उपलब्ध गराउन नगरस्तरीय प्राविधिक शिक्षालय वा सीप विकास केन्द्र गठन गर्ने ।<br><br>३.१. संघ र प्रदेशको सहयोगमा नगरको माग बमोजिम पूर्व व्यवसायिक र प्राविधिक शिक्षा सम्वन्धी पाठ्यक्रम तयार गरी लागु गर्ने । | ३. स्थानीय सीप विकास केन्द्रको सेवा विस्तार र विविधिकरण गर्ने । |
| ४. अध्ययनका आधारमा श्रम गर्न सक्ने उमेरका जनशक्तिको आवश्यकता र चाहना बमोजिम छोटो, मध्यम र लामो आवधिको सीप विकास कार्यक्रमको सूची निर्माण गरी कार्यान्वयन शुरु गर्ने । | ४. निर्धारित प्राथमिकताका आधारमा करिव २,००० जना बरोजगार युवा तथा महिलाहरूलाई नगरको माग बमोजिम दक्ष जनशक्तिमार्फत् सीपमुलक तालिम सञ्चालन गर्ने (उद्योग व्यवसाय सञ्चालन सम्बन्धी, विभिन्न खाद्य वस्तु प्रशोधन सम्बन्धी, च्याऊ खेती, करेसाबारी, गम्छा, पेटानी, ढाका बुनाई, तान बुनाई, झोला निर्माण गर्ने, जुत्ता चप्पल, सेनेटरी प्याड निर्माण गर्ने आदि सम्बन्धी)<br><br>४.१. वडाको आर्थिक प्राथमिकता र सेवाको आवश्यकता अनुसार एउटा वडाका कम्तीमा ३ जनालाई कृषि, भेटनरी, स्वास्थ्य सेवा, इलेक्ट्रिसियन, इञ्जिनियरिङ, आदि विषयमा अध्ययनका लागि सहयोग गरी जनशक्ति उत्पादन गर्ने (अध्ययनपश्चात करार सम्झौता मार्फत नगर क्षेत्रको सेवामा आवद्ध गराउने गरी)<br><br>४.२. ५०० युवा तथा महिलाहरूलाई दक्ष जनशक्तिमार्फत् सार्वजनिक निर्माणका कार्यहरू लगायत सेवामुलक कार्यहरू जस्तै: सवारी साधन मर्मत, प्लम्बिङ, वाइरिङ, मोबाइल मर्मत, सिलाई कटाई, ब्युटिसियन वा हेयर कटिङ्ग आदि) तालिम उपलब्ध गराउने । | ४. मध्यकालमा सञ्चालन भएका सीप विकास कार्यक्रमको प्रभावकारिता विश्लेषण गरी सो का आधारमा वार्षिक औषत १ हजारका दरले १० हजार बेरोजगार युवा तथा महिलालाई उद्यमशीलमा आधारित सीपमुलक तालिमको उपलब्ध गराउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ४.३. प्रत्येक वडाका २० जनालाई गृहिणी महिलाहरूको लागि व्यवसाय सञ्चालन सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गर्ने । | |
| | ४.४ निजी क्षेत्रको समन्वयमा निजी क्षेत्रको माग बमोजिम १०० शिक्षित युवा वर्गलाई होटल व्यवस्थापन, ट्राभल एजेन्सी, बैंकिङ, इन्सुरेन्स आदि विषयमा तालिम उपलब्ध गराउने) । | |
| ५. संघ तथा प्रदेश सरकारको समन्वयमा वैदेशिक रोजगारमा जान इच्छुकहरूका लागि माग बमोजिम क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | ५. संघ तथा प्रदेश सरकारको समन्वयमा वैदेशिक रोजगारमा जान इच्छुकहरूका लागि माग बमोजिम क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | ५. युवा लक्षित स्थानीय स्वारोजगार प्रवर्द्धन कार्यक्रमलाई आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |
| ६. कोभिड १९ को महामारी वा अन्य कारणले वैदेशिक वा बाह्य रोजगारी छोडेर वा गुमाएर फर्किएका जनशक्तिलाई लक्षित गरी सीप विकास र स्वरोजगारीका कार्यक्रम तय गर्ने तथा तत्कालीन पुनरलार्भका लागि अल्पकालीन रोजगारीका आवसर उपलब्ध गराउने । | ६. मुलतः विदेशबाट फर्केकाहरूलाई लक्षित गरी ५०० युवा बेरोजगारहरूलाई उनीहरूको क्षमता बमोजिम थप सीपमुलक तालिम सञ्चालन गर्ने र उद्यमशील व्यवसाय सञ्चालनका लागि सहुलियत ऋण उपलब्ध गराउने । | |

## ५.१.२. पर्यटन

### १. परिचय

दमक नगरपालिकाको प्राकृतिक सुन्दरता, रतुवा र मावा नदीहरू र फाल्गुनानन्द धाम लगायतका धार्मिक स्थलहरूको रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि आकर्षणको केन्द्र रहेको छ। यहाँ रहेको धिमाल जाती लगायत अन्य जातजातिको साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता प्रमुख क्षेत्रका रुपमा रहेका छन् । नक्सा १/५.१.२ मा देखाइए अनुसार नगरपालिका क्षेत्रमा अवस्थित दुर्गा पंचायण मन्दिर, श्री शिव मन्दिर, देविथान ग्रामथान, गजकाली सामुदायिक मन्दिर, सिद्धेश्वर शिवालय जस्ता धार्मिक तथा पर्यटक भित्रिने ऐतिहासिक धार्मिक र पर्यटकीय स्थलहरूको थप प्रचार प्रसार तथा पर्यटकमैत्री वातावरणको प्रर्वद्धन गर्न सके दमकको आर्थिक विकास र रोजगारी श्रृजनामा महत्वपूर्ण योगदान हुन सक्ने देखिन्छ साथै अन्य सम्भावित स्थलहरूलाई थप विकास गरी पर्यटक संख्या वृद्धि गर्न सके आर्थिक उपार्जन र प्रचार प्रसारमा वृद्धि हुने सम्भावना देखिन्छ । हाल बन्दै गरेको भ्यू टावर, नेपालकै ठूलो बुद्धको मुर्तीका कारण आगामी वर्षहरूमा दमक आफैमा धार्मिक, साँस्कृतिक तथा व्यापारिक पर्यटकीय नगरका रुपमा विकसित भई आर्थिक विकासका रुपमा अघि बढ्ने सम्भावना रहेको छ ।

पर्यटनले आन्तरिक आर्थिक कारोबारलाई वृद्धि गरी अर्थतन्त्रलाई चलायमान राख्दछ । यसबाट रोजगारीको श्रृजना हुने, सामाजिक तथा साँस्कृतिक अन्तरक्रिया बढ्ने र सम्पदाहरूको जगेर्ना गर्न प्रोत्साहन मिल्दछ । दमक नगरपालिकामा पर्यटनको सम्भावना राम्रो रहेको भएता पनि यसलाई थप विकसित गर्न थप कार्यक्रम तथा योजना निर्माण गर्नुपर्ने देखिन्छ ।

**नक्सा ५.१.२ : दमक नगरपालिकामा रहेको पर्यटकीय क्षेत्र**



## २. वर्तमान अवस्था

पर्यटन गुरुयोजना तथा सान्दर्भिक स्थानीयत नीति, कानुन र योजना निर्माणको कार्य पनि बाँकी रहेको छ । नगर पार्श्वचित्र २०७५ बमोजिम हाल नगर क्षेत्रभित्र ११२ वटा भन्दा बढी होटल तथा लजहरू रहेका छन् । अधिकांश होटलहरू बजार क्षेत्रमा रहेका छन् भने ग्रामीण क्षेत्रमा होमस्टेहरू सञ्चालनमा आएको छैन । केही सीमित होटलहरू बाहेक अधिकांश होटलहरू सामान्य किसिमका रहेका छन् । विगतमा भुटानी शरणार्थी क्याम्प रहेको समयमा बाह्य पर्यटकको चहलपहल रहेता पनि हाल भुटानी शरणार्थीहरू पुर्नवास भई विभिन्न देशमा गएकाले तत्पश्चात् यहाँको बजारको चहलपहलमा केही कमी आएको छ । वार्षिक रुपमा के कति आन्तरिक तथा बाह्य पर्यटकहरूले नगर क्षेत्रको भ्रमण गरे र निजहरूको बसाई के कति दिन रहेको थियो सो को यकिन तथ्याङ्क नगरपालिकासँग छैन । पूर्व पश्चिम राजमार्गमा अवस्थित दमक नगरपालिका व्यापारिक केन्द्रका रुपमा विकसित हुँदै गएको र यहाँ धिमाल तथा विभिन्न जातजातिको बसोबास समेत भएकाले यहाँका साँस्कृतिक तथा धार्मिक स्थलहरूमा पर्यटन पूर्वाधारका विकाससँगै प्रचार प्रसार गर्न आवश्यक देखिएको छ ।

## ३. मूख्य अवसर र चुनौती

पूर्व पश्चिम राजमार्गमार्फत् नगरको विभिन्न स्थानीय तह र भारतको दार्जिलिङ लगायत बाह्य क्षेत्रसँगको अन्तर आवद्धताले विभिन्न प्रयोजनमा स्वदेशी र विदेशी पर्यटकको आगमन यस नगरमा भइरहेकोमा बजार र व्यवसायिक गतिविधि विस्तारसँगै औद्योगिक पर्यटनलाई थप विस्तार र व्यवस्थापनको अवसर रहेको छ । पाथीभरा मन्दिर लगायत पुर्वी क्षेत्रका विभिन्न पर्यटकीय स्थलको प्रवेश बिन्दुका रुपमा रहेको यस नगरलाई पर्यटन पूर्वाधार र सेवामार्फत् पर्यटन हबका रुपमा विकास गर्ने अवसर रहेको छ । औद्योगिक क्षेत्र विकास, विशाल बुद्ध मुर्ती लगायतका पूर्वाधार निर्माणमा प्राप्त भएको बाह्य सहयोगलाई पर्यटन विकासको अवसरका रुपमा लिन सकिन्छ । स्थानीय जातजातीको कला र संस्कृति प्रवर्द्धन तथा साँस्कृतिक विशेषतासहितको होम स्टेहरूको विकासमा समुदाय र निजी क्षेत्रको सहभागितामार्फत् पर्यटन क्षेत्रमा थप टेवा दिन सकिने अवसर पनि रहेको छ ।

पर्यटन क्षेत्रका लागि सहयोगी भौतिक पूर्वाधार विकासका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने, स्थानीय होटल तथा पर्यटन सेवासँग सम्बन्धित अन्य व्यवसायको गुणस्तर प्रवर्द्धन, नगर भएर अन्य क्षेत्रमा जाने पर्यटकलाई केही दिन नगरमा नै रोक्ने किसिमका पर्यटन प्याकेज निर्माण र कार्यान्वयन जस्ता विषय निजी क्षेत्रको आकर्षक व्यवसायिक छनोट बनाउने जस्ता चुनौती नगरलाई छ । त्यस अतिरिक्त पर्यटन बजार विस्तारमा अन्य स्थानीय तहसँगको साझेदारी र पर्यटकलाई नगरमा केन्द्रित गराउन प्रतिस्पर्धामा आफुलाई अब्बल बनाउने चुनौती छ । संविधानले पर्यटन सम्बन्धी अधिकार स्थानीय तहको एकल अधिकारका रुपमा नसमेटेको सन्दर्भमा पर्यटन शुल्क सम्बन्धी अधिकार र अन्य अभ्यासका आधारमा पर्यटन क्षेत्रमा नगरको भूमिकाका सम्बन्धमा नीतिगत स्पष्टता ल्याउँदै स्थानीय नीति तथा कानुनमार्फत् पर्यटन क्षेत्र र सेवा सञ्चालनको चुनौती पनि रहेको छ ।

## ४. लक्ष्य

दमकलाई पुर्वी नेपालको पर्यटन हव र पर्यटन ट्रान्जिट बिन्दु बनाउने ।

## ५. उद्देश्य

स्थानीय आर्थिक विकास, गरिबी निवारण र रोजगारी प्रवर्द्धनमा पर्यटन क्षेत्रको योगदान बढाउने ।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.१.२ : पर्यटनका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. साँस्कृतिक, औद्योगिक र व्यवसायिक पर्यटनका लागि उपयोगी पूर्वाधार तयार गर्ने । | १. नमूना पर्यटकीय वडा, सामुदायिक पर्यटन विकास, पर्यटकीय सम्भाव्यता अध्ययन गरी नगरको पर्यटकीय गुरुयोजना तर्जुमा कार्यलाई प्राथमिकता दिइनेछ । २. समुदायमा स्थापित धिमाल (दमकको प्रथम नागरिक) तथा आदिवासी जनजातिको परम्परागत ज्ञान (Traditional Knowledge) मा आधारित सम्पदाहरूको संरक्षण गरी पर्यटन विकास एवं प्रवर्द्धनमा आवद्ध गराइनेछ ।<br>३. भुटानी शरणार्थी शिविरलाई भुटानीहरूको साँस्कृतिक पहिचानसहितको भुटानी शिविर संग्रहालय निर्माण गरी आकर्षक पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ । शिविरमा बसी तेस्रो मुलुकमा पुर्नवास हुन गएका र हाल बसोबास गरेका भुटानी शरणार्थीसहित नेपाल सरकार, प्रदेश सरकार र अन्य दातृ निकायहरूको समन्वय र साझेदारीमा संग्रहालयको निर्माण गरिनेछ ।<br>४. दमक नगर क्षेत्रभित्र रहेका जग्गाहरू (जस्तैः ग्रामथान, महाराजथान आदि) जग्गाहरूलाई Land Pooling गरी मनोरञ्जन तथा साँस्कृतिक केन्द्र (Recreation and Culture Center) को रुपमा विकास गरिनेछ ।<br>५. आन्तरिक तथा बाह्य पर्यटक आकर्षणका लागि दमकमा विज्ञान पार्क (Science Park) निर्माण गरिनेछ । उक्त पार्कमा अध्ययन अनुसन्धान, तालिम केन्द्र, सफ्टवेयर कम्पनी, होटल रेष्टुराँहरू लगायत निर्माण गरिनेछ ।<br>६. दमकदेखि रविसम्मको सडकलाई आर्थिक मार्ग (Economic Corridor) को रुपमा विकास गरिनेछ । यसका लागि प्रदेश सरकार र सम्बन्धित क्षेत्रका स्थानीय तहहरू, निजी क्षेत्र र नागरिकहरूको सहभागिता रहने गरी साझेदारी विकास मञ्च गठन तथा पर्यटनसँग सम्बन्धित आर्थिक क्रियाकलापका योजनाहरू अगाडी बढाइनेछ र उत्तर दक्षिण तथा पूर्व पश्चिम राजमार्गको रुपमा दमकलाई ट्रान्जिट सिटीको रुपमा विकास गरिनेछ ।<br>७. दमकका होटलहरूलाई पर्यटनमैत्री बनाउन होटलहरूको वर्गीकरण, न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण, अनुगमन, प्रमाणीकरण र नियमनको व्यवस्थापन साथै आतिथ्यता सम्बन्धी तालिम सञ्चालन गरिनेछ । यसका लागि होटल व्यवसायी संघ तथा उद्योग वाणिज्य संघसँग सहकार्य गरिनेछ ।<br>८. बाह्य पर्यटक भित्र्याउन भारतका सिक्किम, दार्जिलिङ्ग, सिलगुढी, कलकत्ता लगायत निजी क्षेत्र र छिमेकी स्थानीय तहहरूसँग सम्झौता र सहकार्यसहित पर्याप्त प्रचार प्रसार एवं प्रबर्द्धनात्मक कार्यहरू कार्यान्वयन गरिनेछ ।<br>९. पर्यटकहरूको सुविधा तथा सुरक्षाका लागि बजार क्षेत्रमा सुरक्षित खानेपानी, आधुनिक होटलहरूको निर्माण, यातायातको व्यवस्था, सडक बत्ती, सिसि क्यामेरा र पर्यटक प्रहरीको व्यवस्था गरिनेछ ।<br>१०. दमकलाई को-अपरेटिभ टुरिज्मको रुपमा विकास गरी आन्तरिक पर्यटन प्रबर्द्धन गरिनेछ ।<br>११. दमकको पर्यटकीय स्थलहरूको बजारीकरण एवं नयाँ स्थानहरूको पहिचान गरी त्यसतर्फ पर्यटक आकर्षण गर्न पर्यटकीय क्षेत्रको नक्साङ्कन तथा आधुनिक सूचना प्रविधिको उपयोग गरी प्रचार प्रसार गरिनेछ ।<br>१२. दमकको पर्यटन सम्बन्धी तथ्याङ्क संकलन तथा सूचना सम्प्रेषण व्यवस्थालाई सुदृढ तुल्याइनेछ । पर्यटकहरूको अभिलेख तथा सूचना कम्प्युटराइज्डमार्फत् एकीकृत गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | १३. पर्यटन उद्योगलाई नगरको आर्थिक विकासको मेरुदण्डको रूपमा विकास गर्ने तथा पर्यटन क्षेत्रसँग सम्बद्ध व्यवसायीहरू बिच समन्वय र सामन्जस्यता कायम राख्न नगर प्रमुखको अध्यक्षतामा दमक पर्यटन प्रबर्द्धन तथा विकास समिति गठन गरिनेछ ।<br>१४. पर्यटनसँग सम्बन्धित विभिन्न सीप विकास कार्यक्रम सञ्चालनका लागि निजी क्षेत्रसँग आवश्यक समन्वय र साझेदारी गरिनेछ । |
| २. पर्या पर्यटन र ग्रामीण पर्यटनको विस्तार र पर्यटन क्षेत्रको विविधिकरण गर्ने । | १. ग्रामीण तथा धिमाल र अन्य जातजाति बसोबास गरेका क्षेत्रहरूमा होमस्टे सञ्चालनका लागि नगरपालिकाबाट अनुदान वा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>२. दमक क्षेत्रमा रहेका नदी, ताल, सिमसारहरूको सम्भाव्यता अध्ययन गरी ग्रिन बेल्ट, कोरिडोर, जंगल सफारी, बोटिङ आदिको सुविधासहित पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।<br>३. ग्रामीणस्तरीय पर्यटनलाई पर्यटन व्यवसायको उप-क्षेत्रको रुपमा अघि बढाइनेछ । नगरको विकास प्रक्रियामा समेट्न नसकिएका महिला, आदिवासी, जनजाति लगायतका विपन्न समुह समेतमा पर्यटन व्यवसायबाट प्राप्त लाभको बाँडफाँड गर्न सहजता हुने गरी सहकारी तथा सामुदायिक होमस्टे जस्ता उपयुक्त संरचनाको निर्माण र विकास गरिनेछ ।<br>४. पर्यटकीय स्थलसँग जोडिने सामुदायिक वनहरूमा पार्क निर्माण गरिनेछ । |

### तालिका २/५.१.२ : आवधिक प्राथमिकता : पर्यटन

**क.** पर्यटकीय सम्भावना बोकेको यस नगरको पर्यटन सेवालाई कानुनी र नीतिगत रुपमा व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । नगरपालिकाभित्र रहेका होटलहरूको वर्गीकरणसहित सो को सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्पष्ट मापदण्ड निर्धारण हुन सकेको छैन भने पर्यटनको समग्र प्रयासलाई व्यवस्थित गर्न पर्यटन सम्बन्धी नीति तथा गुरुयोजना निर्माण गर्नुपर्ने आवश्यकता समेत रहेको छ । यस पृष्ठभूमिका पर्यटन क्षेत्रका प्रमुख नीतिगत र कानुनी प्रबन्ध सम्बन्धी प्राथमिकता निम्नानुसार रहेका छन् ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. होमस्टे सञ्चालन सम्बन्धी कार्यविधि तयार गर्ने (लक्षित वर्गको क्षमता विकास र सहुलियत प्याकेजसहित)<br>१.१. स्थानीय होटेल तथा रेष्टुरेण्डको मापदण्ड निर्धारण तथा वर्गीकरण निर्देशिका बनाउने । | १. पर्यटनका पूर्वाधार र सबै सेवा व्यवस्थापन विषय समेटर सान्दर्भिक स्थानीय पर्यटन प्रवर्द्धन कानुन बनाउने । | १. पर्यटन सम्बन्धी स्थानीय कानुन कार्यान्वयनको आवधिक समिक्षा र परिमार्जन तथा थप रणनीति निर्माण गर्ने । |
| २. दमक नगरपालिकाको दीर्घकालीन पर्यटन नीति बनाउने ।<br>३. कोभिड १९ का कारण होटल लगायत पर्यटन व्यवसायमा परेको नकारात्मक प्रभावका आधारमा अल्पकालीन पुनर्लाभ नीति बनाउने । | २. पर्यटन नीतिमा आधारित रहेर पर्यटन प्रवर्द्धनको गुरुयोजना तयार गर्ने । | २. पर्यटन गुरुयोजना कार्यान्वनको आवधिक रुपमा समिक्षा गर्ने । |

**ख.** साँस्कृतिक विविधता रहेको दमक नगरपालिका देशका महत्वपूर्ण पर्यटकीय स्थल जाने प्रमुख मार्गमा रहेको छ। यो नगर पूर्व पश्चिम राजमार्गको ट्रान्जिट प्वाइन्टको रुपमा रहेको छ । कतिपय प्राकृतिक तथा मानव निर्मित पर्यटकीय स्थलहरू पनि नगरमा रहेका छन् भने केही निर्माणाधिन अवस्थामा रहेका छन् । पर्यटन प्रबर्द्धन तथा रोजगारी सृजनाका लागि आवश्यक पूर्वाधारको निर्माण सँगसँगै पर्यटकसँग सम्बन्धित सेवाका क्षेत्रहरूलाई विस्तार गरी प्रभावकारी कार्यान्वयन र प्रचार प्रसार गर्न सकेमा पर्यटकको वृद्धि हुने सम्भावना पर्याप्त रहेको छ। यसर्थ पर्यटन सेवा विस्तारका लागि नगरपालिकाद्वारा आगामी वर्षहरूमा तपसिलका कार्यक्रमहरूलाई निम्न आवधिक प्राथमिकताका आधारमा अघि बढाइनेछ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा पर्यटक सुचना केन्द्र स्थापना गर्ने । | | |
| २. दमकको पर्यटन क्षेत्र र पर्यटकहरूको सूचना सम्बन्धी विवरण तयारीका लागि Software/Apps निर्माण गर्ने । | २. पर्यटन क्षेत्र तथा सेवाको प्रवर्द्धनात्मक कार्यलाई उपयुक्त प्रविधिमार्फत् थप प्रभावकारी बनाउने । | |
| २.१. नगरभित्र तथा नगरको आसपास रहेका धार्मिक, साँस्कृतिक तथा प्राकृतिक स्थलहरू डिजिटल नक्सांकन गरी प्रचार प्रसार गर्ने । | | |
| २.२. दमकको पर्यटकीय स्थलहरूको पर्यटन प्रबर्द्धन र जानकारीका लागि होर्डिङ्ग बोर्ड राख्ने सम्भाव्य स्थलको अध्ययन गर्ने र राख्न शुरु गर्ने । | | |
| ३. होटेल तथा रेष्टुरेन्टको मापदण्ड तथा सेवाको स्तरको आधारमा वर्गीकरण र सेवाको आधार मुल्य तोक्ने । | ३. होटल लगायतका पर्यटक सेवा मापदण्ड तथा आधार मुल्य कार्यान्वयनको अनुगमन तथा उपयुक्त साझेदारीका आधारमा तारे होटल स्थापनाका लागि सहजीकरण गर्ने । | ३. सुविधा सम्पन्न कम्तीमा ३ वटा तारे होटल निर्माण गर्ने (सार्वजनिक निजी साझेदारी अवधारणा समेतका आधारमा) । |
| ४. Science Park निर्माणलाई परियोजनाका रुपमा अघि बढाउने गरी विस्तृत परियोजना प्रतिवेदन परिमार्जन गर्ने | ४. Science Park को पहिलो चरणको (अनुसन्धान केन्द्र, तालिम केन्द्र सभा हल) निर्माण सम्पन्न गर्ने । | ४. विज्ञान पार्क (Science Park) मा प्राविधिक शिक्षालय, सफ्टवेयर निर्माण केन्द्र, अत्याधुनिक सभाहल, तालिम केन्द्र, अध्ययन अनुसन्धान केन्द्र लगायत व्यवसायिक भवन पूर्ण रुपमा निर्माण गरी सञ्चालन गर्ने। |
| ५. विभिन्न स्रोतबाट रकम जुट्न सक्ने रकम र सम्भावित लागत अनुमानसहितको भुटानी शरणार्थी शिविर रहेको स्थानमा संग्रहालय निर्माणका लागि DPR तयार गर्ने । | ५. भुटानी शरणार्थी सम्बन्धी अध्ययनका लागि संग्रहालय निर्माण गरी सञ्चालनमा ल्याउने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ६. रतुवा, मावा खोला करिडोर क्षेत्रमा ग्रीनबेल्ट सम्बन्धी DPR तयार गर्ने । साथै इन्द्रेणी ताल, पशुपति सिमसार, सिपेनी सिमसार, बेतनी खोलामा पानीको संरक्षण र बोटिङका लागि DPR तयार गर्ने । | ६. रतुवा, मावा खोला कोरिडोरमा ग्रीनबेल्ट निर्माण गर्ने । इन्देणी ताल, पशुपति सिमसार, सिपेनी सिमसार, बेतनी सिमसारमा ड्याम बनाएर बोटिङ सञ्चालन गर्ने (निजी क्षेत्रको सहभागिता समेत) । | ६. रतुवा, मावा, दिपिनी, बेतिनी, खरखरे खोला र इन्द्रावती तालमा ग्रीनबेल्ट तयार गर्ने र उक्त खोलामा बाँध बाधी बोटिङ समेत सञ्चालन गर्ने । |
| ७. दमक रवि सडकका आसपासमा रहेका स्थानीय सरकार, प्रदेश सरकार, नागरिक समाज र निजी क्षेत्रको सहभागितामा साझेदारी मञ्च गठन गर्ने ।<br><br>७.१. दमक रवि सडकलाई आर्थिक मार्ग (Economic Corridor) घोषणा गरी सम्भावित आर्थिक क्रियाकलाप र आवश्यक पर्यटन पूर्वाधार निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने र सो का लागि बजेट छुट्याउने । | ७. दमक रवि सडकमा आवश्यक पर्यटन पूर्वाधारका लागि दमक नगरपालिकाको तर्फबाट बजेट छुट्याउने । | ७. दमक रविसम्मको सडक मार्गमा प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तह, निजी क्षेत्र र नागरिकको साझेदारीमा विभिन्न होटल, रेष्टुँरा, मनोरञ्जन स्थल, पार्क, Highway Refreshment Center, पेट्रोल पम्प, Eco Friendly Bus आदिको व्यवस्था गर्ने । |
| ८. दमकमा Agro Tourism को सम्भाव्यता अध्ययन गर्ने । | ८. मावा खोलामा Agro Tourism को सम्भाव्यताका आधारमा योजना निर्माण तथा कार्यान्वयन गर्ने ।<br><br>९. सम्भावित Land Pooling हुने क्षेत्र जस्तैः ग्रामथान, महाराजथानमा Recreation and Culturing Center निर्माणको लागि DPR तयार गर्ने र निर्माण सम्पन्न गर्ने ।<br><br>१०. धिमाल जातिको साँस्कृतिक झल्किने गरी सँग्राहलय स्थापना गर्ने । | |
| | ११. धिमाल तथा अन्य जनजातिहरूको समुदायमा आधारित ५ वटा होमस्टे स्थापना गर्न समुदायसँग सहकार्य गर्ने ।<br><br>१२. नगरमा आउने पर्यटकहरूको लागि पर्याप्त पार्किङको व्यवस्थाका साथै शहरी क्षेत्र र पर्यटकीय स्थल आसपास, सीसी क्यामेरा र सडक बत्तीको व्यवस्था गर्ने । | ११. धिमाल तथा अन्य जनजातिहरूको समुदायमा आधारित थप ५ वटा होमस्टे स्थापना गर्न समुदायसँग सहकार्य गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | १३. मुख्य पर्यटकीय क्षेत्रहरूमा सार्वजनिक शौचालयहरूको व्यवस्थापन तथा सञ्चालन गर्ने । | |
| | १४. शहिद वन बाटिका, हिमालय सामुदायिक वन, हम्से दुम्से वन, रमा सामुदायिक वन आदिमा पार्क तथा बोटानिकल गार्डेन निर्माण गर्ने । | १४. हम्से दुम्से सामुदायिक वनमा जंगल सफारी सञ्चालनमा ल्याउने । |
| | १५. भारतीय पर्यटकका लागि भ्रमणको प्याकेज व्यवस्था गरी भ्रमण गराउनको लागि दार्जिलिङ, सिक्किम लगायत अन्य छिमेकी स्थानीय तह तथा स्थानीय व्यवसायीहरूमार्फत् Online पर्यटन व्यवसाय सञ्चालन का लागि सहजीकरण गर्ने । | |
| | १६. आन्तरिक पर्यटन प्रबर्द्धनका लागि कोअपरेटिभ कोलनी स्थापना गर्ने र सबै सहकारीलाई एकै स्थानबाट सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने (हालको मेची सहकारी सञ्चालन भएको स्थानमा) । | |
| | | १७. पर्यटन प्रबर्द्धन गुरुयोजना बमोजिम प्राकृतिक तथा साँस्कृतिक अन्य क्षेत्रगत पर्यटन विकासका कार्यक्रम अघि बढाउने । |

## ५.१.३. उद्योग र वाणिज्य

## १. परिचय

दमक नगरपालिकामा रहेका प्रमुख व्यापारिक केन्द्रको रूपमा दमक बजार रहनका साथै यहाँ बुधबार ठूलो हाटबजार लाग्ने गर्दछ । नगर पार्श्वचित्र २०७५ अनुसार दमक नगरपालिका क्षेत्रभित्र कुल ४,४११ विभिन्न प्रकृतिका उद्योग तथा व्यवसायहरू सञ्चालनमा रहेका छन् । पछिल्लो समयमा दर्ता भएका व्यवसायीहरू १,२२० समेत गरी हाल ५,६३१ व्यवसायीहरू रहेका छन् (दमक नगरपालिका, राजस्व अभिवृद्धि कार्य योजना, २०७५) । लगानीको हिसाबले हेर्दा रु १ लाखसम्म लगानी गरी व्यापार सञ्चालन गरेका व्यवसायीहरू ३८ प्रतिशत रहेका छन् भने रु १ लाखदेखि ५ लाखसम्म लगानी गर्ने व्यवसायीहरू ६० प्रतिशत रहेका छन् । धेरैजसो उद्योग व्यवसाय साना तथा मझौला किसिमका छन् । ठूला उद्योगको रुपमा केही मात्रामा चिया उद्योगहरू रहेका छन् भने कृषि तथा वन पैदावरमा आधारित साना उद्योगहरू पनि सञ्चालनमा रहेका छन् । यी उद्योग व्यवसायबाट ४६२ जनाले रोजगार पाएको देखिन्छ । उद्योग तथा व्यवसायिक फर्म तथा कम्पनीहरू मध्ये वस्तुको बिक्री गर्ने ३,११० अर्थात् ७०.५१ प्रतिशत, सेवाको बिक्री गर्ने १,००२ अर्थात् २२.७२ प्रतिशत, वस्तुको उत्पादन गर्ने १६५ अर्थात् ३.७४ प्रतिशत र अन्यमा १३१ अर्थात् २.९७ प्रतिशत रहेका छन् । तथ्याङ्क अनुसार दमकमा विशेषगरी थोक तथा खुद्रा व्यापार हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य

मिलबाट उत्पादित चामल, पिठो, तेल लगायत बिस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रिक र इलेक्ट्रोनिक्स सामानहरूका तेस्रो मुलुकहरूबाट उत्पादन भई आयात गरिएका घरेलु उपयोगका सामानहरूको समेत थोक र खुद्रा बिक्री हुने गरेको छ।

## २. वर्तमान अवस्था

नगरपालिकामा उत्पादित सामानको उपलब्धता नहुँदा आयातमा आधारित व्यापारबाट मात्र आर्थिक सम्वृद्धि सम्भव हुँदैन । नगरपालिकाको अर्थतन्त्रलाई सबल बनाउन नगरपालिकाभित्र नै उत्पादन हुने खालका वस्तुहरूको उत्पादन तथा त्यस्ता वस्तुहरूको निर्यातलाई विशेष जोड दिनुपर्दछ । त्यस्ता वस्तुहरूको उत्पादन स्थानीय श्रोत र साधनमा आधारित हुनुपर्दछ । नगर पार्श्वचित्रमा प्रस्तुत तथ्याङ्क अनुसार यस प्रकारका वस्तु उत्पादन गर्ने उद्योगहरूको संख्या सबैभन्दा कम हुनुले नगरपालिकाको अर्थतन्त्र सबल हुने सकेको छैन । उद्योग र वाणिज्य क्षेत्रलाई नगरको आर्थिक विकासको माध्यमका रुपमा अघि बढाउन औद्योगिक क्षेत्र निर्धारण तथा अन्य पूर्वाधारका कार्य भएका भए पनि यो क्षेत्रले अपेक्षित प्राथमिकता पाउन सकेको छैन । उद्योगमा लगानी बढाउन नसक्दा यो क्षेत्रले आय र रोजगारीमा अपेक्षित भूमिका निर्वाह गर्न सकेको छैन । यद्यपि सेवा व्यवसायले धैरै नगरबासीको जीवन निर्वाहमा योगदान गरेको छ ।

## ३. मुख्य अवसर र चुनौती

पुर्व पश्चिम राजमार्गले उपलब्ध गराएको बाह्य बजारसँगको पहुँच, भारतीय सीमा क्षेत्रसँगको आवद्धता तथा छिमेकी स्थानीय तह र जिल्लाको यस नगरपालिकासँगको सहज आवद्धताले नगरमा हुने उत्पादन र सेवा ब्यवसायको बजार विस्तार हुँदै जानसक्ने अवस्था छ । औद्योगिक क्षेत्रको पूर्वाधार विकासका लागि संघीय सरकारबाट उपलब्ध सहयोग पनि यो क्षेत्रको महत्वपूर्ण अवसर हो ।

स्थानीय सरकारलाई रहेका सीमित अधिकार, सीमित पूर्वाधार विकास तथा बाह्य स्थानीय तहसँग रहने प्रतिस्पर्धाका बिच उद्योग र वाणिज्य क्षेत्रको विकास र मूल्य अभिवृद्धि हुने उत्पादनमा आन्तरिक र बाह्य लगानी बढाउने चुनौती नगरलाई छ । औद्योगिक क्षेत्रको पूवार्धार विकासमा पर्याप्त लगानी जुटाई समयमा नै कार्य पूरा गर्ने र पूर्वाधारलाई औद्योगिक उत्पादनमा पूर्ण उपयोगमा ल्याउने चुनौती पनि रहेको छ। साना तथा मझौला उद्योगलाई स्थानीय उत्पादन वृद्धिमा योगदान गर्न सक्ने स्तरमा पुऱ्याउने र उपयुक्त साझेदारीमार्फत् आवश्यक पूर्वाधार तयार गरी ठूला उद्योग स्थापना र सञ्चालन गर्ने चुनौती पनि विद्यमान छ ।

## ४. लक्ष्य

उद्योग र वाणिज्य क्षेत्रलाई समृद्धिको मूख्य आधार बनाउने ।

## ५. उद्देश्य

उद्योग र वाणिज्य क्षेत्रलाई उत्पादनशील क्षेत्रका रुपमा विकास गर्ने ।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.१.३ : उद्योग र वाणिज्यका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. दमकलाई क्षेत्रीय औद्योगिक र व्यवासायिक केन्द्र बनाउने गरी पूर्वाधार तयारीका साथै स्थानीय कच्चा पदार्थ र औद्योगिक उत्पादन प्रवर्द्धन गर्ने । | १. संघीय र प्रदेश सरकारको सहयोगमा औद्योगिक पार्कको स्थापनाका लागि जग्गाको उपलब्धता, कर छुटको व्यवस्थासहित सहजीकरण र समन्वय गरिनेछ । यस्ता उद्योगले पाउने सम्पूर्ण सुविधाका सम्बन्धमा सरल एवं पारदर्शी समय सीमा अनुरूप तोकिएको समयभित्र सेवा पाउने व्यवस्था सुनिश्चित गर्न “एकल बिन्दु सेवा केन्द्र” स्थापना गरी प्रभावकारी बनाइनेछ ।<br>२. सृजनशिल युवा तथा महिला प्रतिभाहरूलाई कृषि पशुपालन, पर्यटन, कुटिर उद्योग, घरेलु उद्योगमा आधारित उद्योग स्थापनाका लागि आकर्षित गर्न उद्यमशीलता विकास तथा उद्योग व्यापार व्यवसाय व्यवस्थापन सम्बन्धी तालिम, वित्तीय संस्थासँग सहकार्य गर्दै सहुलियत ऋण र ब्याजमा छुट उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।<br>३. नगर क्षेत्रमा स्थापित हुने वा स्थापित भैसकेका उद्योग व्यवसायसँग समन्वय गरी हालको माग बमोजिम आवश्यक सीपहरूको सूची तयार गरी नगर क्षेत्रका युवा प्रतिभाहरूलाई प्राथमिकताका आधारमा सीप विकास तालिमको व्यवस्थासहित रोजगारीको अवसर सृजना गरिनेछ ।<br>४. नगर क्षेत्रभित्र व्यापार व्यवसायको विविधिकरण गरी सबै प्रकारका वस्तु उपलब्ध हुने वातावरण सृजना गरिनेछ । यसका लागि सपिङ कम्प्लेक्स तथा डिपार्टमेण्टल स्टोर खोल्नका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरी बजारको व्यवस्थापन गरिनेछ ।<br>५. स्थानीय उद्योग व्यापार व्यवसायका कारोबारहरू तथा सेवा प्रवाहहरू विद्युतीय व्यापार (E-Commerce) मा आधारित भई सबै व्यवसायीहरूलाई व्यवसाय कारोबारका आधारमा करका दर तोकी कर संकलन गरिनेछ । |
| २. परम्परागत सामग्री उत्पादनमा आधुनिक सीप तथा प्रविधिको उपयोग गरी स्थानीय उत्पादनको संरक्षण र प्रबर्द्धन गर्ने । | १. नगरका सबै वडाहरूमा कुटिर उद्योग, कृषि प्रशोधन उद्योग, साना उद्योग अर्थात् सामान्य उद्योगहरू (जुत्ता, चप्पल, फर्निचर, चाउचाउ आदि) सञ्चालन र स्थापना गरिनेछ । यस्ता उद्योग सञ्चालन र स्थापनाका लागि स्थानको व्यवस्था र सहुलियत ऋणका लागि सहजीकरण गरिनेछ ।<br>२. दमक नगर क्षेत्रभित्रका उद्यमीहरूको व्यवसायिक र व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिइनेछ । त्यस्ता उद्यमीहरूबाट उत्पादित गम्छा, पेटाजनी साडी, ढाका कपडा लगायत स्थानीय कच्चा पदार्थको प्रयोग गरी उत्पादन गरिएका वस्तुहरूमा उत्पादनका आधारमा अनुदान दिइनेछ ।<br>३. गम्छा, पेटानी साडी, ढाका कपडा उत्पादन गर्ने उद्योगहरूलाई थप प्रोहत्साहन गरी विस्तार गरिनेछ । स्थानीय तहमा उत्पादन हुने कपडा तथा झोलालाई विद्यालय तथा सार्वजनिक निकायमा अनिवार्य रुपमा उपभोग गर्ने नीति लागु गरी प्रबर्द्धन गरिनेछ ।<br>४. धिमाल जातिको तानाहरूलाई आधुनिक तथा व्यवसायिक बनाउन नयाँ सीप तथा प्रविधिमार्फत् उद्यमशील बनाइनेछ ।<br>५. दमकमा उत्पादन हुने उपभोग्य वस्तुहरूलाई गुणस्तर चिन्ह प्रदान गरी प्रमाणपत्र वितरण गरिनेछ । यस्ता किसिमका उत्पादन र बिक्री गर्ने कपडा व्यवसायीहरूलाई स्थानीय करका दरमा सहुलियतको व्यवस्था मिलाइनेछ ।<br>६. गम्छा, पेटानी, ढाका कपडा लगायत अन्य स्थानीय वस्तुको उत्पादन तथा बजार प्रवर्द्धनका लागि उपयुक्त सूचना प्रविधि (Information Technology) को प्रयोगको लागि विशेष व्यवस्था गरिनेछ । |

### तालिका २/५.१.३ : आवधिक प्राथमिकता : उद्योग र वाणिज्य

**क.** यस नगरपालिकाभित्र सञ्चालित व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापन र नियमन गरी नागरिकहरूको आर्थिक समृद्धि तथा थप रोजगारी सिर्जनाका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम उद्योग र वाणिज्य क्षेत्रलाई व्यवस्थित रुपमा अघि बढाउन तल उल्लेख गरिए बमोजिमका स्थानीय नीतिगत प्रबन्धलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. घरेलु तथा स्थानीय कच्चा पदार्थको प्रयोगमा आधारित उद्योगहरू (ढाका, पेटानी साडी, झोला आदि) लाई प्रवर्द्धन गर्न स्थानीय औद्योगिक नीति निर्माण गर्ने खालको नीति निर्माण गर्ने । | १. घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन सम्बन्धी ऐन तथा कार्यविधि निर्माण गर्ने ।<br><br>२. बजार क्षेत्र विस्तार तथा हाटबजारहरूको व्यवस्थापन गर्ने नीति निर्माण गर्ने । | १. उद्योग वाणिज्य सम्बन्धी नीति तथा कानुन कार्यान्वयको आवधिक समिक्षा तथा परिमार्जन गर्ने । |

**ख.** दमक नगरपालिका क्षेत्रभित्र साना उद्योग, व्यापार व्यवसायहरू सञ्चालनमा रहेका छन् । तर कसैको यथार्थ विवरण नगरपालिकासँग छैन । तिनीहरूको अभिलेखीकरणको कार्य थप व्यवस्थित गर्नुपर्ने देखिन्छ । बजार ग्रामीण तहका वडाहरूसम्म विस्तार भइरहेको छ । नगरपालिकामा नगर उद्योग वाणिज्य संघ, व्यापार संघ लगायतका विभिन्न व्यापारिक संघ संस्थाहरू रहेका छन् । लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधिको संयोजन गराउन निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, औद्योगिकरणमा नवीन प्रविधि र उपकरणहरूको प्रयोग गर्न नसकिनु तथा नगरले यो क्षेत्रको प्रवर्द्धनमा समन्वयकारी भूमिका निर्वाह गर्ने कामलाई पर्याप्त प्राथमिकता दिन नसक्दा औद्योगिक क्षेत्रको अपेक्षित विकास र विस्तार हुन नसकिरहेको अवस्था रहेको छ । यस नगरपालिकाको व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापन तथा नागरिकहरूको आर्थिक समृद्धि तथा रोजगारीको पर्याप्त व्यवस्था गर्नको लागि तपसिल अनुसारका आवधिक कार्यक्रमहरू अघि बढाइने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. औद्योगिक पार्कका लागि जग्गा व्यवस्थापन गरी पूर्वाधार निर्माण गर्ने । | १. औद्योगिक पार्कका लागि जग्गा व्यवस्थापनसहित पूर्वाधार निर्माण गर्ने र उद्योगहरू सञ्चालनमा ल्याउने । | १. औद्योगिक पार्कमा पूर्णरुपमा उद्योगहरू खोली सञ्चालन गर्ने । |
| २. मुख्य बजार क्षेत्रका प्रत्येक वडामा सपिङ कम्प्लेक्स तथा डिपार्टमेण्टल स्टोर निर्माणका लागि अध्ययन तथा पूर्व सम्भाव्यता विश्लेषणका आधारमा DPR निर्माण गर्ने । | २. आवश्यक साझेदारीका आधारमा शहरी क्षेत्रका सबै वडामा डिपार्टमेन्टल स्टोर स्थापनाको कार्य अघि बढाउने । | २. निजी क्षेत्रसँगको उपयुक्त साझेदारीम सबै वडाहरूमा सपिङ कम्प्लेक्स तथा डिपार्टमेण्ट स्टोर स्थापना गर्ने । |
| ३. विभिन्न लघु उद्योग, साना उद्योग तथा कुटिर उद्योग सञ्चालनका लागि सम्भावित क्षेत्रको अध्ययन गर्ने । | ३. सार्वजनिक, निजी र समुदायको साझेदारीमा झोला, गम्छा, पेटाजनी ढाका उद्योगको स्थापना तथा आधुनिकिकरण र व्यवसायीकरण तथा मागका आधारमा जुत्ता चप्पल, फर्निचर, नुडल आदि उद्योग स्थापनाका लागि सहजीकरण गर्ने । | |
| ३.१. कार्टुन तथा अण्डाको क्रेट बनाउने लघु उद्योग स्थापनाको लागि सहजीकरण गर्ने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३.२. कृषि र पशुजन्य उत्पादनमा आधारित उद्योगको स्तरोन्नती र गुणस्तर एवं बजार विस्तारका लागि निजी क्षेत्रलाई सहजीकरण गर्ने । | ३.२. विभिन्न कृषि सामग्रीहरूको प्रशोधनका उद्योगहरू सञ्चालन गर्ने | |
| | ३.३.हरेक वडामा हाटबजारहरूको व्यवस्थापन, विस्तार र पूर्वाधार सुधार गर्ने । | |
| ४. अत्याधुनिक बसपार्कसहित बसपार्क केन्द्रित व्यवसायिक केन्द्रका लागि DPR तयार गर्ने र निर्माण कार्य गर्ने । | ४. व्यापारिक केन्द्रसहितको आधुनिक बसपार्क निर्माण कार्य सम्पन्न गर्ने । | |
| ५. नगर क्षेत्रमा आर्थिक गतिविधिको अध्ययन गर्ने (नगर क्षेत्रमा वस्तुको माग, आपूर्ति, स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण लगायत कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय आदि) | | |
| | ६. बजारमा पर्याप्त वस्तु उपलब्धता र भण्डारका लागि शित भण्डारण तथा अत्याधुनिक गोदामहरू स्थापना गर्ने । | |
| | ७. फोहोर प्रशोधन वा कम्पोष्ट मल वा जैविक मल तथा रासायनिक मल उत्पादन गर्ने उद्योगको स्थापनाका लागि अध्ययन गराउने । | ७. जैविक मल तथा रासायनिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने । |
| | ८. ग्यास प्लाण्ट स्थापना सम्बन्धी अध्ययन गर्ने/गराउने । | ८. ग्याँस प्लान्टको स्थापना गर्ने । |
| | ९. मुख्य बजारका सबै वडाहरूमा अर्गानिक तरकारी पसलहरू स्थापनाका लागि सहजीकरण गर्ने । | |
| | १०. धिमाल जातिको तानहरूलाई आधुनिक तथा व्यावसायिकीकरण बनाउन प्रविधिको अध्ययन गर्ने । | |
| | | ११. संघ र प्रदेश सरकार तथा निजी क्षेत्रको सहयोगमा उद्योग व्यवसायीहरूको विद्युतीय कारोवार प्रणाली बमोजिम कारोबार र कर संकलनका लागि सफ्टवेयरको विकास गर्ने । |

## ५.१.४. कृषि तथा पशुपालन

## १. परिचय

मुलुकको अर्थतन्त्रमा कृषि क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । पछिल्लो आर्थिक सर्वेक्षण अनुसार देशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत हाराहारीमा रहेको छ भने देशका आधा भन्दा बढी जनसंख्या कृषि पेशामा संलग्न छन् । शहरोन्मुख दमक नगरपालिका नगरबासीको कृषि पेशामा संलग्नता र कृषि उत्पादनका आधारमा कृषिमा आधारित नभएता पनि व्यवसायिक उत्पादन र आधुनिक शहरी खेतीको प्रवर्द्धनबाट कृषिमा परनिर्भरता कम गर्न र स्थानीय उत्पादनमा कृषि क्षेत्रको उत्पादन बढाउन सकिने भएकोले यो क्षेत्रलाई सुव्यवस्थित रुपमा अघि बढाउनु पर्ने आवश्यकता छ । त्यसैलाई दृष्टिगत गरी नगरले यो क्षेत्रको दीर्घकालीन योजना तय गर्नेछ ।

## २. वर्तमान अवस्था

७८ प्रतिशत भन्दा धेरै घर परिवार गैह्रकृषि क्षेत्रसँग सम्बन्धित पेशा व्यवसायमा संलग्न भएको दमक नगर स्वभाविक रुपमा औद्योगिक नगरको रुपमा अघि बढिरहेको छ । नगरका २० प्रतिशत परिवार कृषिमा आवद्ध छन् त्यसमा पनि पूर्णरुपमा कृषिमा नै निर्भर संख्या भने लगभग ६ प्रतिशत मात्र हो । यसमा पनि कृषिबाट हुने न्यून आम्दानी मुख्य सरोकारको विषय बनेको छ । हाल कृषि क्षेत्रबाट हुने आम्दानी दैनिक ज्यालादारीको भन्दा पनि कम छ । त्यसकारण, कृषि आकर्षणको क्षेत्र बन्न सकेको छैन, उल्टै यसलाई कम सम्मानको पेशाका रुपमा हेर्ने जबरजस्त मानसिकता छ । नगरका १० मध्ये ६ वडाका मानिसहरूले कृषिमा लगानी अनुरुपको प्रतिफल नभएको भन्नुले यही संकेत गर्दछ (FGD को आधारमा) । यस्तो स्थितिमा, नगरबासीहरू कृषि क्षेत्रबाट पूर्णरुपमा नै पलायन हुने सम्भावना देखिन्छ । तर, "औद्योगिक, पर्यटकीय हरित नगरः स्वच्छ, सुरक्षित, सुखी र समृद्ध दमक" सोच लिएर अघि बढेको दमक नगरको सुखी र समृद्ध दमक औद्योगिक विकासका माध्यमबाट मात्र हाँसिल गर्न सम्भव देखिन्न किनकी, बढ्दो शहरीकरण होस अथवा औद्योगिकरण, यो समस्या रहित हुँदैन । यसले सिर्जना गर्ने बेरोजगारी, शहरी गरीब परिवार (Urban Poor), खाद्य असुरक्षा, कुपोषण, वातावरणीय असन्तुलन आदि पनि उत्तिकै महत्वपूर्ण सवालका रुपमा रहन्छन् ।

नक्सा ५.१.४ : दमक नगरपालिकाको कृषि उत्पादन क्षेत्र




*माथि उल्लेखित सवालहरूलाई प्रभावकारी सम्बोधन गर्ने मात्र नभई नगरको सुखी र समृद्ध बन्ने सोच अनुरुपको उपलब्धी हाँसिल गर्न कृषि क्षेत्रले अहम् भुमिका खेल्न सक्छ । यसका लागि, विद्यमान परम्परागत खेती प्रणालीमा व्यापक सुधार आवश्यक छ जुन कुरा नवीनतम प्रविधिहरूको प्रयोग, यान्त्रिकरण र व्यावसायिकताबाट मात्र सम्भव छ । अहिले नै पनि नगरभित्रका पाँच वटा वडाहरूमा (राजमार्ग उत्तरका २, ३ र ४ र दक्षिणतर्फका ९ र १०) पकेट क्षेत्र घोषणा गरेर तरकारी, फलफूल र खाद्यान्न बालीहरूको उत्पादन कार्यहरू भैरहेको छ । नगरका यी पाँच वडाहरूले उपलब्ध जमिनको ८७ प्रतिशत क्षेत्रफल ओगट्छ ।*

## ३. मुख्य अवसर र चुनौती

संघीय भू-उपयोग ऐनको कार्यान्वयन र भू-उपयोग योजनालाई कृषि पकेट क्षेत्र निर्धारण र कार्यान्वयनको अभ्यास अनुकुल बनाई कृषि क्षेत्र संरक्षण र कृषि उत्पादन अभिवृद्धिको अवसर रहेको छ। संघीय सरकारको व्यवसायिक खेती प्रवर्द्धनको नीति, उपलब्ध जनशक्ति र सहज रुपमा उपलब्ध हुन थालेका कृषि उपकरण र प्रविधिको नवीनतालाई उपयोग गर्दै व्यवासायिक खेती र शहरी खेती प्रवर्द्धन गर्ने र कृषि उत्पादनमा आत्म निर्भरता बढाउने अवसर नगरलाई छ।

जमिनको खण्डीकरण भई गैह्रकृषि प्रयोजनमा जाने क्रम बढ्दै गएको, शहरी जीवनशैलीमा आकर्षण बढिरहेको, आधुनिक खेती प्रणालीले महत्व पाइनसकेको, औद्योगिक विकासका लागि कतिपय कृषि क्षेत्रको वैकल्पिक उपयोग गर्नुपर्ने अवस्था रहेको कारण उपयुक्त भू-उपयोग योजना बनाई कृषि उत्पादन र उत्पादकत्व बढाउने र कृषि उत्पादनमा स्वनिर्भरता बढाउने चुनौती भने रहेको छ।

## ४. लक्ष्य

आधुनिक कृषिमा स्वनिर्भरता बढाउने।

## ५. उद्देश्य

**आधुनिक कृषिमा अग्रणी नगरको रुपमा स्थापित हुने।**

नवीनतम प्रविधिहरूको प्रयोग, व्यापक यान्त्रिकरण र व्यावसायिकताको विकासले नै नगरलाई आधुनिक कृषिमा अग्रणी बनाउनेछ। Urban Farming, हाल भैरहेको कृषि तथा पशुपालनमा उन्नत प्रविधि र यान्त्रिकरणको प्रयोगद्वारा क्रमिक रुपमा व्यावसायिकरण र बगर खेतीलाई प्रवर्द्धन गर्न सकेमा यसले एक साथ बेरोजगारी, Urban Poor, खाद्य सुरक्षा तथा वातावरणीय असन्तुलन लगायतका तमाम समस्याहरू समाधान गर्नमा सहयोग पुग्नेछ।

यसका अतिरिक्त, दमक नगरले यसको भौगोलिक अवस्थिति र निकटका ठूला बजारहरूलाई अवसरको रुपमा लिँदै छिमेकी गाउँपालिका तथा नगरपालिकाहरूसँग समन्वय र सहकार्य गरी व्यावसायिक उत्पादन र कृषिजन्य उद्योगहरूको विकासमा पनि अग्रणी भुमिका निर्वाह गर्न सकिनेछ। "उत्पादनदेखि उद्योग, दमक नगरमा सहयोग" लाई मूल नारा बनाई नीतिगत अनुकूलता, प्रक्रियामा सरलीकरण एवं सहजीकरण र प्रोत्साहनसहितको सहयोगको सुनिश्चितता गरे, यो सम्भव छ। योजना अवधिमा, हालको ७० प्रतिशत कृषि तथा पशुपालन कार्यलाई पूर्णरुपमा उन्नत प्रविधियुक्त र यान्त्रिकृत गरिनेछ, ५० प्रतिशत Urban Poor बगर खेतीमा आवद्ध हुनेछन् र १००० भन्दा बढी युवा तथा बेरोजगारहरूले Urban Farming अन्तर्गतका विभिन्न पद्धतीहरू अवलम्बन गरी खेती गरिरहेका हुनेछन्। यसका साथै, अन्य गाउँ तथा नगरपालिकाहरू सँगको समन्वय र सहकार्यमा व्यावसायिक कृषि कार्य गर्दै दर्जनौं साना, मझौला तथा ठूला उद्योगहरू नगरभित्र सञ्चालित भई सयौंलाई रोजगारीको अवसरहरू सिर्जना हुनेछन्।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.१.४ : कृषि तथा पशुपालनका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. कृषि उत्पादन बढाउन आधुनिक उत्पादन अभ्यास र प्रविधिको उच्चतम उपयोग गर्ने। | १. Urban Farming Systems (जस्तैः एरोपोनिक्स, हाइड्रोपोनिक्स, एक्वापोनिक्स आदि) लाई प्रवर्द्धन गर्दै नगरको कृषिलाई आधुनिकिकरण गरी अधिकतम रोजगारी सिर्जना गरिनेछ।<br>२. खेर गइरहेको खोला/नदी किनार, बगरलाई मौसमी खेती (बगर खेती) को लागि प्रयोग गर्दै विपन्न परिवारहरूको आर्थिक स्थितिमा सुधार गरिनेछ।<br>३. उन्नत प्रविधि र यान्त्रिकिकरणको प्रयोग तथा व्यावसायिकताको विकास गर्दै कृषि तथा पशुपालनलाई व्यावसायीकरण गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. Innovation and Entrepreneurship सेन्टरको स्थापना गरी सोमार्फत् कृषि क्षेत्रमा उन्नत प्रविधिहरू तथा यन्त्रहरूको खोजी, पुष्ट्याई तथा प्रवर्द्धन, व्यवसाय स्थापना, सञ्चालन र व्यवस्थापनको लागि तालिम, परामर्श एवं बजार, वित्त तथा बिमामा सहज पहुँच आदिको सुनिश्चितता गरिनेछ । यो सेन्टरलाई Center of Excellence को रुपमा विकास गरी सिँगो प्रदेशलाई नै सेवा प्रदान गर्न सक्षम बनाइनेछ ।<br>५. व्यावसायिक कृषि उत्पादन तथा पशुपालनको लागि अन्य नगरहरूसँग समन्वय र सहकार्य गरिनेछ ।<br>६. जैविक विधिमा आधारित तरकारी उत्पादन बढाई तराकारी आयात प्रतिश्थापन गर्न कौसी खेती तथा शहरी क्षेत्र बाहिरका उपयुक्त क्षेत्रमा जैविक तरकारी खेती प्रोत्साहन गरिने छ ।<br>७. कृषि उत्पादनका लागि आवश्यक पर्ने प्राविधिक सेवा उत्पादन क्षेत्रमा समयवद्ध रुपमा उपलब्ध हुने व्यवस्था मिलाईने छ । |

## तालिका २/५.१.४ : आवधिक प्राथमिकता : कृषि तथा पशुपालन क्षेत्र विकास

**क.** औद्योगिक नगरीको रुपमा अगाडी बढ्दै गरेको दमक नगरले शहरीकरणका कारण सिर्जना हुन सक्ने वातावरणीय असन्तुलन, खाद्य असुरक्षा, बेरोजगारी जस्ता समस्याहरूलाई समाधान गर्दै नगरको आर्थिक समुन्नतीको लागि शहरमैत्री खेती लगायत नवीन प्रविधिहरूको प्रयोग गर्दै नगर क्षेत्रको कृषि तथा पशुपालनका लागि उपयुक्त स्थानीय कानुनहरू पर्याप्त छैनन् । उक्त प्रयोजनका लागि निम्न नीति तथा कानुन निर्माण र कार्यान्वयनलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. पर्ती तथा सार्वजनिक जग्गाहरू र खोला तथा नदी छेउ बगर क्षेत्र उत्पादनमुलक कार्यमा प्रयोग गर्ने सम्बन्धी नीति निर्माण गर्ने ।<br>२. कृषियोग्य जमिन खण्डीकरण नियन्त्रण तथा कृषि क्षेत्रको व्यवसायीकरण सम्बन्धी नीति तथा कानुन बनाउने (अनुदान तथा सहुलियत समेत)<br>३. Innovation & Entrepreneurship (I&E) स्थापना तथा सञ्चालनको लागि कार्यविधिहरू तयार गर्ने ।<br>४. सहज रुपमा जग्गा लिजमा लिने/दिने कानुनको निर्माण गर्ने । | १. नीति तथा कानुन कार्यान्वयनको समिक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्ने । | १. नीतिहरू कार्यान्वयनको समिक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्ने । |

**ख.** कृषि उत्पादकत्व वृद्धि गर्न अपरिहार्य स्रोत-साधन र सामग्रीहरूको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरू जस्तैः सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, चिस्यान केन्द्र, संकलन केन्द्र तथा बिजुली आदिको अपर्याप्तता मूल समस्याका रुपमा देखिएका छन । कृषिजन्य उत्पादनमा आशातित उपलब्धी हाँसिल गर्न अत्यावश्यक उन्नत नश्ल तथा बीउको प्रतिस्थापन दर पनि अत्यन्तै कम छ । यसको अलावा बजार क्षेत्रमा जमिनको तीव्र खण्डीकरण तथा बाटोले नछोएका जग्गाहरूमा रुख विरुवा रोपण गरी उत्पादनलाई हानी पुर्‍याइरहेको अवस्था रहनु तथा कृषि उत्पादनमा वन्यजन्तुको प्रभाव एवं यसको उत्पादनमा असर प्रमुख समस्याको रुपमा रहेको छ । औद्योगिक नगरीको रुपमा अगाडी बढ्दै गरेको दमक नगरले उपयुक्त प्रविधिका माध्यमबाट आधुनिक कृषि तथा पशुपालनको विकास गरी बढ्दो बेरोजगारी, खाद्य सुरक्षा तथा नगरको वातावरणीय सन्तुलन कायम राख्नको लागि निम्न कार्यहरू गर्नेछ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| **शहरमैत्री खेती प्रविधि (Urban Farming):** | | |
| १. नगरको आवश्यकता, सम्भावना आदि अध्ययन गरी उपयुक्त शहरमैत्री खेती प्रविधिहरूको छनौट गर्ने । | १. शहरमैत्री खेती प्रविधिहरूको खोजी, परीक्षण र पुष्ट्याई गरी उपयुक्त माध्यमद्वारा निरन्तर प्रवर्द्धन गर्ने । | १. निरन्तर |
| २. शहरमैत्री खेती प्रविधिहरूको परिक्षण र पुष्ट्याई गरी उपयुक्त माध्यमद्वारा प्रवर्द्धन गर्ने । | २. शहरमैत्री खेती प्रविधिहरूको प्रयोगको लागि आवश्यक पर्ने क्षमता विकास तालिम, सहुलियतपूर्ण वित्त, बिमा लगायत प्रोत्साहन प्याकेजको व्यवस्था गरी सोही अनुरुप निरन्तर रुपमा उपलब्ध गराउने । | २. निरन्तर |
| ३. शहरमैत्री खेती प्रविधिहरूको प्रयोगको लागि आवश्यक पर्ने क्षमता विकास तालिम, सहुलियतपूर्ण वित्तको व्यवस्था गर्ने । | | |
| ४. बिमा लगायत प्रोत्साहन प्याकेजको व्यवस्था गरी सोही अनुरुप सेवा उपलब्ध गराउने । | | |
| ५. प्रविधि प्रवर्द्धक र स्थानीय एग्रोभेटहरू बिच व्यावसायिक सम्बन्ध स्थापना गराई प्रविधिहरू र त्यससँग सम्बन्धित प्राविधिक सेवाहरू तथा अन्य पशुपालन तथा कृषि सामग्रीहरूको उपलब्धता सुनिश्चित गर्ने । | | |
| **बगर खेती प्रवर्द्धनः** | | |
| १. बगर खेतीको प्रवर्द्धनको लागि उपयुक्त स्थानहरूको खोजी गर्ने र सम्भाव्य बालीहरू छनौट गरी उत्पादन योजना तयार गर्ने । | १. आवश्यकता अनुसार तालिम, अनुदान अथवा सहुलियतपूर्ण वित्त, बिमा लगायत प्रोत्साहन प्याकेजको व्यवस्था गरी सोही अनुरुप उपलब्ध गराइ बगर खेती शुरु गर्ने । | १. निरन्तर |
| २. नगरमा बसोबास गर्ने विपन्न परिवारलाई प्राथमिकतामा राख्दै बगर खेतीका लागि अन्य इच्छुक व्यक्ति तथा परिवारहरू पहिचान गर्ने । | | |
| ३. बगर खेती गर्नको लागि आवश्यक अध्ययन गराउने तथा क्षमता विकास तालिम, अनुदान एवं सहुलियतपूर्ण वित्त, बिमा लगायत प्रोत्साहन प्याकेजको व्यवस्था गरी सोही अनुरुप सेवा उपलब्ध गराउने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| **उन्नत प्रविधि र यान्त्रिकिकरणको प्रयोग तथा व्यावसायिकताको विकास गर्दै कृषि तथा पशुपालनलाई व्यावसायीकरण गर्ने :** | | |
| १. व्यावसायिक उत्पादन कार्यलाई प्रभावकारी रुपमा अघि बढाउन युवा तथा वैदेशिक रोजगारमा जानेहरूलाई प्राथमिकतामा राख्दै क्षमता विकास, सहुलियतपूर्ण वित्त, बिमा, प्रविधि, बजार सम्बन्धी आवश्यकताहरू अध्ययन गरी तदनुरुपको योजनाहरू बनाई कार्यान्वयनमा जाने । | १. दोस्रो योजना अवधिको लक्ष्य अनुसार कृषकहरूलाई तालिम लगायत सहुलियतपूर्ण वित्त, बिमा, प्रविधि, बजारमा पहुँचको लागि सहजीकरण गर्ने । | १. तेस्रो योजना अवधिको लक्ष्य अनुसार कृषकहरूलाई तलिम लगायत सहुलियतपूर्ण वित्त, बिमा, प्रविधि, बजारमा पहुँचको लागि सहजीकरण गर्ने । |
| २. कृषि तथा पशुपालन कार्यलाई व्यावसायिकरण गर्न आवश्यक एवं उपयुक्त प्रविधिहरूको अध्ययन गरी स्थानीय निजी उद्यमी व्यवसायीहरू (एग्रोभेट) मार्फत उपलब्धता सुनिश्चित गर्ने । | २. स्थानीय निजी उद्यमी व्यवसायीहरू (एग्रोभेट) मार्फत प्रविधि, यान्त्रिकरणका साधनहरूको उपलब्धता सुनिश्चित गर्ने । | २. निरन्तर |
| ३. सिँचाइको आवश्यकता अध्ययन गरी उपयुक्त प्रविधिहरूको छनौट गर्ने । आवश्यकतानुसार नवीन प्रविधिहरू जस्तैः भुङ्गरु, सौर्य सिँचाइ, ट्युवबेलको व्यवस्था गर्ने । | ३. उपयुक्त प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा पुऱ्याउने । | |
| ४. स्वच्छ र स्वस्थ उत्पादन सुनिश्चित गर्न गुणस्तर मापन र आवश्यक प्रमाणिकरणको लागि सम्भावना अध्ययन गर्ने । | ४. नगरमा वस्तु तथा उत्पादित फसलहरूको गुणस्तर मापन र प्रमाणिकरण कार्य शुरु गर्ने । | ४. गुणस्तर मापन र प्रमाणिकरण कार्यलाई अत्याधुनिक गर्दै उक्त कार्यलाई निरन्तरता दिने । |
| ५. कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरुपको प्रभावकारी उपायहरूको खोजी गर्ने । | ५. कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरुपको प्रभावकारी उपायहरू कार्यान्वयनमा जाने । | ५. जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउने उपायहरूको कार्यान्वयनलाई निरन्तरता दिने । |
| ६. जैविक खेतीतर्फ कृषकहरूलाई प्रोत्साहन गरिनेछ । आवश्यक सीप, पुँजी तथा बजारीकरणमा सहयोगको साथै उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने । | ६. आवश्यक सीप, पुँजी तथा बजारीकरणमा सहयोगको साथै उत्पादनमा आधारित अनुदानको माध्यमबाट कृषकहरूलाई जैविक खेतीतर्फ निरन्तर प्रोत्साहन गरिनेछ । | ६. निरन्तर |
| ७. पशु नश्ल सुधारको लागि इच्छुक किसानहरूको पहिचान गरी सुधार कार्य शुरु गर्ने । | ७. पशु नश्ल सुधार निरन्तर कार्यान्वयनमा जाने । | ७. निरन्तर |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| **व्यावसायिक कृषि उत्पादन तथा पशुपालनको लागि अन्य नगरहरूसँग समन्वय र सहकार्य गर्ने :** | | |
| १. व्यावसायिक कृषि तथा पशुपालनको लागि इच्छुक छिमेकी नगर वा गाउँपालिका पहिचान गरी सम्भावित बाली तथा जातको छनौट गरी साझेदारीको विधि तथा संयुक्त उप-आयोजना निर्माण गर्ने । | १. अन्य नगर वा गाउँपालिकासँगको सहकार्य अनुरुप कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>२. सम्भावित नगरहरू पहिचान गरी व्यावसायिक उत्पादनको लागि सहजीकरण गर्ने । | १. अन्य नगर वा गाउँपालिकासँगको सहकार्य अनुरुप कार्यक्रम सञ्चालनलाई निरन्तर दिने । |
| **Innovation & Entrepreneurship (I&E) सेन्टरमार्फत प्रविधि र प्राविधिक सेवा प्रवाह गर्ने :** | | |
| १. Innovation & Entrepreneurship (I&E) सेन्टरको स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने । | १. Innovation & Entrepreneurship (I&E) सेन्टरको स्थापना गरी सेवा प्रवाह गर्ने । | १. Innovation & Entrepreneurship (I&E) सेन्टरलाई अझ विकसित गर्दै सेवा प्रवाहलाई निरन्तरता दिने । |
| **ग.** उद्योग वाणिज्य क्षेत्रको विकासका लागि सम्बन्धित पक्षको क्षमता विकासका कार्यक्रम अपरिहार्य हुने भएकोले कृषि समुह, उद्योग व्यवसायी आदिको क्षमता विकासका कार्यक्रमलाई पनि नगरको नियमित कार्यक्रममा समेटी कार्यान्वयन गर्न निम्नानुसार प्राथमिकिकरण गरिएको छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. अल्पकालीन कार्यक्रम कार्यान्वयन प्रभावकारी बनाउन तथा आवधिक कार्यक्रमको तयारी गर्ने गरी क्षमता विकासका कार्यक्रम तय गरी किसान, किसान समुह तथा सहकारीहरू, निजी उद्यमी व्यवसायी लगायत सरोकारवाला निकायहलाई आवश्यक तालिम, अभिमुखीकरण तथा परामर्श दिने । | १. अल्पकालमा तय गरिएका क्षमता विकासका कार्यक्रम मध्ये मध्यकालीन योजना कार्यकालको लक्ष्य अनुरुप कार्यान्वयन गर्ने र आवश्यकता अनुसार नयाँ कार्यक्रम तय गर्ने । | १. कृषि क्षेत्र त्यसका मुल्य श्रृंखलामा जोडिने क्षेत्र लक्षित क्षमता विकासका कार्यक्रमलाई आवश्यक परिमार्जनसहित वार्षिक रुपमा कार्यान्वयन गर्ने । |

## ५.१.५. सहकारी

### १. परिचय

सहकारी क्षेत्र आर्थिक विकासको विशिष्ठ क्षेत्र नभए पनि आर्थिक विकासका सबै पक्षलाई गति दिन सरकार र समुदायको महत्वपूर्ण साझेदार हो । साना पुँजीलाई एकीकृत गर्ने र उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने, स्वरोजगारीका अवसरहरूको प्रवर्द्धन गर्ने जस्ता विधिबाट स्थानीय विकास र रोजगारी प्रवर्द्धनमा सहकारीहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । त्यसबाहेक स्थानीय सेवा व्यवस्थापनमा समेत सहकारी क्षेत्र स्थानीय सरकारको सहजकर्ता बन्न सक्छन् । सहकारी सम्बन्धी अधिकार संविधानतः स्थानीय सरकारमा रहेको सन्दर्भमा सहकारीलाई आर्थिक विकासको सहजकर्ताको रुपमा अघि बढाउनु अपरिहार्य हुन्छ ।

## २. वर्तमान अवस्था

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । स्थानीय स्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा नै लगानी गरी रोजगारीको विकास तथा पुँजीको व्यवस्थापन गर्ने कार्यमा स्थानीय सहकारीको भूमिका महत्वपूर्ण रहेको छ । नगरमा पुँजी वृद्धि तथा उद्योग व्यापार लगायतका क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ ९६ वटा सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । सहकारीहरूमा यथेष्ट मात्रामा पुँजी रहेता पनि उत्पादन क्षेत्रमा लगानी नभएको आमनागरिकहरूको गुनासो रहेको छ । नगरपालिकाले नागरिकहरूसँग रहेको पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानीको वातावरण निर्माणका लागि लगानी नीति र सम्बन्धित सहकारीको संस्थागत विकास हुने गरी कार्यक्रहरू सञ्चालन गर्नु आवश्यक छ ।

## ३. मुख्य अवसर र चुनौती

नेपालको संविधानको अनुसूची ८ मा सहकारी संस्था सम्बन्धी अधिकार स्थानीय सरकारको एकल अधिकारका रुपमा रहेकोले यही अधिकारका आधारमा स्थानीय कानुन र संस्थागत प्रबन्ध गरी सहकारी क्षेत्रलाई ब्यवस्थित गर्ने अवसर नगरलाई छ । समान उद्देश्य भएका सहकारीहरूलाई गाभ्न उत्प्रेरित गरी निश्चित कार्यक्षेत्र र ब्यवसाय योजनाका आधारमा स्थानीय आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान बढाउने अवसर छ ।

सहकारीहरू एउटै भेगमा बढी केन्द्रित भएको, एउटै उद्देश्य भएका सहकारीहरूका बिच प्रतिस्पर्धा भइरहेको र उत्पादनमुलक क्षेत्रमा सहकारीको लगानी सीमित रहेको अवस्थामा सदस्य तथा बचतकर्ताको पुँजीको सुरक्षा गरी आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान बढाउने अवसर नगरलाई छ ।

## ४. लक्ष्य

सहकारी क्षेत्रलाई स्थानीय आर्थिक विकास र समृद्धिको भरपर्दो सहजकर्ता बनाउने ।

## ५. उद्देश्य

स्थानीय पुँजीलाई एकीकृत गरी उत्पादनमुलक क्षेत्रमा लगानी गर्नमा सहकारी क्षेत्रको योगदान बढाउने ।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.१.५ : सहकारीका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. स्थानीय आर्थिक विकासको सहजकर्ताका रुपमा सहकारी क्षेत्रको विकास र सुदृढिकरण गर्ने । | १. सहकारी संस्थामा तरल अवस्थामा रहेको पुँजीलाई उत्पादनमुलक एवं रोजगारी सृजना हुनसक्ने क्षेत्रमा लगानीको वातावरण निर्माण गरिनेछ ।<br>२. सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम, साधन सीप र पुँजीको अधिकतम परिचालन गरी आर्थिक तथा सामाजिक रुपान्तरणका कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. स्थानीय सहकारीहरूलाई विविधसम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकीकृत तथ्याङ्कीय प्रणालीको विकास तथा प्रयोग गरिनेछ ।<br>४. स्थानीय सहकारी संस्थाका पदाधिकारी एवं कर्मचारीहरूलाई लक्षित गरी सहकारी शिक्षाको माध्यमबाट सहकारी व्यवसाय प्रबर्द्धन सम्बन्धी पर्याप्त अनुशिक्षणहरू सञ्चालन गरिनेछ । सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको नियमित व्यवस्था मिलाउन सम्बन्धित सहकारी संस्थाहरूलाई नै जिम्मेवार बनाइनेछ । नगरभित्र रहेका सहकारीहरूको विषयगत संघहरूको निर्माणका लागि आवश्यक सहजीकरण गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. उत्पादनमा आधारित सहकारी संस्थाहरूको प्रवर्द्धन गरिने छ। उद्यम सहकारी र कृषि सहकारी स्थापनामा जोड दिइनेछ।<br>६. संख्यात्मक रुपमा सहकारीहरूको वृद्धिलाई रोकिनेछ साथै सहकारी मर्जिङ कार्यलाई प्रोत्साहित गरिने छ।<br>७. सहकारीहरूको व्यवस्थापकीय सुधारका लागि सूचना प्रविधिको प्रयोग र अनिवार्य रुपमा व्यवसायिक योजना (Business Plan) तथा सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) प्रयोग गर्न अनिवार्य गरिनेछ। |

**तालिका २/५.१.५ : आवधिक प्राथमिकता : सहकारी**

**क.** नगरभित्रका सबै सहकारीले व्यवसायिक योजना बनाई नगरपालिकामा पेश गर्नुपर्ने र सोही बमोजिम नगरपालिकाले नियमन गर्ने व्यवस्थालाई कानुनद्वारा नै स्पष्ट गर्न आवश्यकतानुसार कानुनी प्रबन्ध गर्नुपर्ने हुन्छ। तसर्थ सहकारी संस्थाहरूको नियमन तथा नियन्त्रणका लागि तपसिलका नीति तथा कानुनको निर्माण तथा कार्यान्वयन हुनेछ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सहकारी ऐन बमोजिम नियमावली निर्माण गर्ने। | १. सहकारीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नका लागि अध्ययन गरी ऐनमा आवश्यक संशोधन गर्ने। | १. सहकारी ऐन तथा नियमावली आवश्यकतानुसार परिमार्जन गर्ने। |
| २. सहकारीहरूका लागि व्यवसायिक योजनाको खाका (Model) तयार गर्ने। | २. सहकारीहरूको व्यवसायिक योजना तथा कार्यान्वयनको वार्षिक समिक्षा तथा योजनाको खाकामा आवश्यक सुधार। | २. व्यवसायिक योजना ढाँचामा आवश्यक परिमार्जन र सहकारी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रमा लगानी गर्ने सम्बन्धी आवश्यक रणनीति निर्माण। |

**ख.** नगर क्षेत्रमा सबै नगरबासीको सहकारीमा पहुँच पुगेको छ। तथापि सहकारीहरू स्थापना हुने, सञ्चालन नहुने अर्थात् सम्बन्धित निकायबाट नियमन अभावका कारण सर्वसाधारणको ठुलो रकम जोखिममा पर्ने सम्भावना बढ्दै गएकाले सहकारीप्रतिको विश्वास आमनागरिकहरूमा कम हुँदै गएको छ। दीगो विकासको लक्ष्य बमोजिम नगर क्षेत्रभित्रका न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण नागरिकहरूलाई सहकारीमा पहुँच अभिवृद्धि गर्न आवश्यक छ। साथै उनीहरूको पुँजी तथा उत्पादनलाई एकीकृत गरी आर्थिक तथा सामाजिक विकासमा परिचालन गर्न, समुदायमा आधारित लोकतान्त्रिक स्वायत्त र स्वशासित संगठनका रूपमा विकास गर्न नगरपालिकाबाट प्रभावकारी नियमनका लागि सहकारीका क्षेत्रमा थप सुधार गर्नुपर्ने देखिन्छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. समान उद्देश्य भएका सहकारी गाभ्ने प्रक्रिया शुरु गर्ने। | १. सहकारीको अध्ययनका आधारमा पुँजीलाई एकीकृत गरी लगानी अभिवृद्धिका लागि सहकारीको मर्ज गर्ने।<br>१.१. पाँच वटा वडाहरूमा विषयगत सहकारी संस्था स्थापना गर्ने र प्रत्येक वडामा १ बस्तीमा उद्यम सहकारी/कृषि सहकारी स्थापना गर्ने। | १. सहकारी एक आपसमा गाभ्ने प्रत्येक वडामा कम्तीमा १ वटा विषयगत सहकारी संस्था स्थापना गर्ने।<br>१.१. प्रत्येक वडाका सबै बस्तीमा उद्यम सहकारी/कृषि सहकारी स्थापना गर्ने। |
| २. सहकारी शिक्षाका लागि नगरस्तरको सहकारी Apps निर्माण गरी नगरभर प्रयोगमा ल्याउने। | २. सहकारी शिक्षालाई निरन्तरता दिनुका साथै सबै सहकारीहरूको Business Plan निर्माणको सुनिश्चितता गर्ने। | २. निरन्तर |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २.१. सबै वडाका सहकारी सञ्चालक र कर्मचारीहरूका लागि सहकारी शिक्षा सञ्चालन गर्ने । | | |
| ३. नगर क्षेत्रमा रहेका सबै सहकारीको अध्ययन गरी विस्तृत प्रतिवेदन तयार गर्ने (पुँजी, बचत, क्षेत्रगत लगानी, सञ्चालन व्यवस्थापन, प्रविधिको प्रयोग आदि) | ३. सहकारी संस्थाहरूको विवरण एकीकृत अद्यावधिक तथा Online System बाट नियमनका लागि Software निर्माण गर्ने । | ३. सहकारीहरूको प्रतिवेदन प्रणाली, स्वनियमन र नगरको नियमनलाई थप व्यवस्थित गर्ने । |
| | ४. सम्भाव्यताका आधारमा स्थानीय सेवा (यातायात, फोहोरमैला व्यवस्थापन) शित भण्डार सञ्चालन, कृषि उपज बजारीकरण) आदिमा सहकारीको भूमिका बढाउन सेवा करार गर्ने । | ४. सहकारीले लिएको जिम्मेवारीका आधारमा सार्वजनिक सेवामा साझेदारीको अभ्यासमा आवश्यक परिमार्जन गर्ने । |

# ५.१.६. आर्थिक पूर्वाधार तथा राजस्व परिचालन

## १. परिचय

स्थानीय अर्थिक विकासका सबै उपक्षेत्रलाई प्रभावकारी रुपमा अघि बढाउन कृषि, पर्यटन, उद्योग र बाणिज्य तथा सहकारी जस्ता क्षेत्रका लागि उपयुक्त भौतिक पूर्वाधार तयार गर्नु आवश्यक हुन्छ । यस्ता पूर्वाधारले एकातिर आर्थिक गतिविधिका लागि उपयुक्त वातावरण निर्माण गर्दछन् भने ती मध्ये कतिपयले स्थानीय राजश्वमा प्रत्येक्ष योगदान समेत गर्दछन् । आर्थिक विकासका स्तम्भहरू (पर्यटन, उद्योग व्यवसाय, कृषि, पशुपालन, सहकारी, रोजगारी आदि) का निर्धारित नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, नगरको समग्र विकासका लागि आन्तरिक स्रोत अभिवृद्धि गर्न तथा आवश्यक पूर्वाधार निर्माण गरी रोजगारीका एवं राजस्व अभिवृद्धिलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ । आर्थिक विकासमा योगदान गर्ने पूर्वाधार निर्माण नगरपालिकाको प्राथमिकता रहनु आवश्यक छ । यससँगै नगरभित्र हुने सबै आर्थिक गतिविधिलाई स्थानीय राजश्वको दायरामा ल्याउन सकेमा एकातिर व्यवसायिक गतिविधि बढाउन नगरले थप योगदान गर्नसक्छ भने आर्थिक रुपमा कमजोर पक्षको जीवनस्तर उकास्नमा पनि नगरले योगदान गर्न सक्छ ।

## २. वर्तमान अवस्था

दमक नगरपालिकाले आफ्नै स्रोत परचालन र संघ तथा प्रदेश सरकार लगायतसँगको समन्वयमा महत्वपूर्ण आर्थिक सम्भाव्य पूर्वाधारमा लगानी बढाउँदै आएको छ । व्यवसायिक भवन लगायतका पूर्वाधारको व्यवसायिक उपयोगका आधारमा आन्तरित राजश्वमा समेत सकारात्मक योगदान पुगेको छ । राजश्वको दायरा विस्तारलाई पनि निरन्तरता दिइँदै आएकोले आन्तरिक राजश्व पनि क्रमशः बढिरहेको छ । आर्थिक वर्ष २०७४/७५ मा नगरले ८ करोड ५२ लाख आन्तरिक राजश्व संकलन गरेकोमा पछिल्ला वर्षहरूमा आन्तरिक आय विस्तार भइरहेको छ । तथापि, स्थानीय विकास प्रयासलाई अघि बढाउन आर्थिक स्रोतको बाह्य निर्भरतामा उल्लेख्य कमी आउन सकेको छैन । त्यसैले राजश्व सम्भाव्य पूर्वाधार तथा राजश्व सुधारलाई गति दिनुपर्ने आवश्यकता छ भने आर्थिक विकास र राजश्वको आधार विस्तारलाई समानान्तर रुपमा अघि बढाउनुपर्ने आवस्था छ ।

## ३. मुख्य अवसर र चुनौती

नगरमा रहेका व्यवसायिक प्रयोजनमा उपयोग गर्न सकिने जग्गालाई खुला क्षेत्रको आवश्यकता र हरित नगरको पहिचानमा असर नपार्ने गरी व्यवसायिक प्रयोजनमा लगाउन सकिने गरी उपयुक्त पूर्वाधार तयार गर्न सकिने र त्यसका लागि निजी सार्वजनिक साझेदारी अघि बढाउने अवसर नगरलाई छ। यातायात र सार्वजनिक निर्माणका अन्य क्षेत्रमा आर्थिक विकासका आयामहरू समेत विश्लेषण गरी लगानी बढाउँदा त्यसबाट आर्थिक विकास र राजश्व अभिवृद्धिमा टेवा पुग्ने भएकोले त्यसका लागि समुदायस्तरमा समेत साझेदारीको अवसर छ। बजार र व्यवसायिक क्षेत्र विस्तारसँगै घरभाडा र व्यवसाय करमा स्वभाविक वृद्धि हुने भएकोले स्थानीय अधिकार अन्तर्गत ती क्षेत्रलाई अधिकतम करको दायरामा ल्याउने लगायतको विधिबाट आन्तरिक राजश्व विस्तार सम्भव छ।

उल्लिखित अवसरको सदुपयोगका लागि पूर्वाधारमा लगानी तथा निजी क्षेत्रसँगको साझेदारीका लागि पनि आवश्यक स्रोत जुटाउने चुनौती एकातिर नगरलाई छ भने अर्कातिर निजी क्षेत्रलाई विश्वासमा लिएर सार्वजनिक निजी साझेदारी अघि बढाउने चुनौती पनि नगरलाई छ। सार्वजनिक जग्गाको स्थानीय आर्थिक हितमा उपयोगका लागि रहेका कानुनी जटिलता फुकाउने चुनौती पनि रहेको छ। करको दायरा विस्तारका लागि समुदायको सहयोग अपरिहार्य हुने हुनाले त्यसका लागि नगर नागरिक सम्बन्ध विस्तार र परस्पर सहयोग र सहकार्यको वातावरण निर्माणको चुनौती पनि नगरलाई छ।

## ४. लक्ष्य

स्थानीय विकासमा लगानीको आन्तरिक क्षमता विस्तार गर्ने।

## ५. उद्देश्य

कर र राजश्वका दरलाई यथावत राखी दायरा विस्तार तथा आर्थिक र राजश्व सम्भाव्य पूर्वाधारमार्फत् आन्तरिक राजश्व अभिवृद्धि गर्ने।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.१.६ : आर्थिक पूर्वाधार तथा राजस्व परिचालनका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. आन्तरिक राजश्व र आर्थिक विकासमा योगदान पुग्ने गरी आर्थिक सम्भाव्य पूर्वाधारको विकास गर्ने। | १. नगर विकासका लागि स्थानीय बुद्धिजिवी, समाजसेवी, विषयविज्ञ, निजी क्षेत्र, दमकबाट देश भित्र र बाहिर बसोबास गरिरहेका दमकेलीहरूसँग सहकार्य र आर्थिक विकासका नीति तथा योजना निर्माणमा सहजीकरण गर्न नगरस्तरीय संयन्त्र गठन गरिनेछ। उक्त कार्यमा आवश्यक सहयोग, सम्पर्क, समन्वय र सहजीकरण गर्न निजी क्षेत्रको सहभागितासहित एक विज्ञ टोलीको समेत गठन गरिनेछ।<br>२. नगरपालिकाको सीमित स्रोत साधनको अत्यधिक उपयोग गर्ने गरी ठूला आयोजना तथा कार्यक्रमहरू निर्माण तथा सञ्चालन गर्दा सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप अघि बढाइनेछ।<br>३. सार्वजनिक जग्गा तथा भौतिक संरचना रहेका जग्गाहरूलाई उपयोग गरी उत्पादनशील र आयमुलक कार्यमा लगानी गर्न उद्योग बाणिज्य संघ लगायत निजी क्षेत्रसँग समन्वय एवं सहकार्य गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. स्थानीय आर्थिक विकास प्रबर्द्धन, रोजगारी अभिवृद्धि र आन्तरिक स्रोत अभिवृद्धि हुने खालका आर्थिक पूर्वाधारमा जोड दिइनेछ। यस्ता पूर्वाधारहरूको निर्माण कुल बजेटको (शसर्त अनुदान बाहेक हुन आउने रकम) निश्चित प्रतिशत रकमसहित ऋण वा सार्वजनिक निजी साझेदारी अनुरुप सञ्चालन गरिनेछ।<br>५. रोजगारी अभिवृद्धि र आन्तरिक स्रोत अभिवृद्धि हुने आर्थिक सम्भाव्यता भएका आयोजनाहरूको Project Bank तयार गरिनेछ।<br>६. नगर पूर्वाधार विकास तथा सेवाहरूमा निजी क्षेत्रलाई आकर्षण गर्न सम्भाव्य परिपूर्ति कोष (Viability Gap Fund) को प्रावधानसहित सार्वजनिक निजी साझेदारी कानुनको व्यवस्था गरिनेछ। कोषको रकमलाई आवश्यकतानुसार वृद्धि गरिँदै लगिनेछ।<br>७. नगरपालिकाको आन्तरिक स्रोत अभिवृद्धिका लागि पूर्वाधार विकासमा जोड दिइनेछ। पूर्वाधारलाई सेवा शुल्कमा आवद्ध गरिनेछ।<br>८. GIS को माध्यमबाट Tax Mapping Data Base System स्थापना गरी राजश्व अभिवृद्धि गरिनेछ। Online मार्फत् कर तिर्ने प्रणालीको विकास गरिनेछ।<br>९. आर्थिक विकासको समग्र पक्षमा आन्तरिक समन्वय र सहजीकरणका लागि नगरपालिकामा स्थानीय आर्थिक विकास शाखालाई प्रभावकारी र जिम्मेवार बनाइनेछ। |

**तालिका २/५.१.६ : आवधिक प्राथमिकता : आर्थिक पूर्वाधार र राजश्व परिचालन**

**क.** नगरपालिकाको सीमित स्रोतबाट मात्र आर्थिक तथा सामाजिक पूर्वाधार लगायत विकास निर्माणका कार्यहरू गर्न प्रायः असम्भव देखिन्छ। यसका लागि वैकल्पिक स्रोतको आवश्यकता पर्दछ। वैकल्पिक स्रोतका लागि ऋण, सार्वजनिक निजी साझेदारी लगायत भू-उपयोग तथा अन्य नवीनतम उपायमार्फत् स्रोतको व्यवस्थापन गर्न सकिन्छ। हाल नगरपालिकाले ऋणमार्फत् केही आयोजनाहरूको निर्माण कार्यहरू अगाडी बढाएको छ, तथापि आन्तरिक स्रोत न्यून भएका कारण बैंक तथा वित्तीय संस्थाबाट ठूला आयोजनाका लागि थप ऋण लिन सक्ने अवस्था छैन। सार्वजनिक निजी साझेदारीमार्फत् सीमित कार्यहरू हुँदै आएका छन्। निजी क्षेत्रलाई पूर्वाधार विकासमा आकर्षण गर्न, उनीहरूको लगानीलाई सुनिश्चित गर्न, जोखिम न्यूनिकरण वा कम सम्भाव्य भएका क्षेत्रमा निजी क्षेत्रको रकमलाई समेत आकर्षण गर्न स्पष्ट सार्वजनिक निजी साझेदारी ऐनको आवश्यकता देखिन्छ तर नगरपालिकासँग स्पष्ट ऐन तथा नियमावली छैन। यसका अलावा निजी क्षेत्रले सञ्चालन व्यवस्थापन गर्ने परियोजना वा नगरपालिकाले अन्य कुनै पूर्वाधारका क्षेत्रमा लागत उठ्ने सम्भावना र सञ्चालन तथा मर्मत खर्चलाई ध्यानमा राखी सेवा शुल्क लगाउन र संकलनका लागि सेवा शुल्क निर्धारण सम्बन्धी कार्यविधिको समेत आवश्यकता छ।

सार्वजनिक जग्गा तथा सम्पत्तिको उपयोग, स्रोत परिचालन तथा पूर्वाधारको विकास गरी आर्थिक वृद्धि गर्न सकिन्छ। यसका लागि नगरपालिकासँग स्पष्ट नीति हुन आवश्यक छ। छिमेकी गाउँपालिका वा नगरपालिकाहरूको संयुक्त प्रयासबाट समेत ठूला रकम जुटाई केही ठूला साझेदारी आयोजनाहरू निर्माण गर्न सकिने भएकाले उक्त साझेदारीमार्फत् गरिने योजनाहरूको कार्यान्वयनका लागि आर्थिक, मानवीय, भौतिक स्रोत साधनको समुचित परिचालन तथा व्यवस्थापनका कानुनीगत संरचनासहित कार्यविधि आवश्यक देखिन्छ। माथि उल्लेख भएका सम्पूर्ण स्थानीय आर्थिक विकासका पक्षहरू पर्यटन, कृषि तथा पशुपालन, उद्योग तथा व्यापार, सहकारी लगायत पूर्वाधार विकासलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि देहाय बमोजिमका आवधिक कार्यहरू तय गरी कार्यान्वयन गरिन्छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सार्वजनिक निजी साझेदारी ऐन तथा नियमावली निर्माण गर्ने।<br>२. स्थानीय आर्थिक विकास तथा पूर्वाधार लगानी र सेवा शुल्क निर्धारण सम्बन्धी कार्यविधि तयार गर्ने। | १. सार्वजनिक निजी साझेदारी नीति निर्माण गर्ने। | १. सार्वजनिक निजी साझेदारी नीति र ऐन समयानुकुल परिमार्जन तथा संशोधन गर्ने। |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. शहरी पूर्वाधार मर्मत सम्भार कोष सम्बन्धी नीति तथा कार्यविधि निर्माण गर्ने । | ४. छिमेकी पालिकाहरूसँगको सामुहिक रुपमा आयोजना निर्माण र कार्यान्वयनका सम्बन्धित स्थानीय तहसँग मिलेर संयन्त्रको गठन र सञ्चालन कार्यविधि तयार गर्ने । | ५. दमक नगर नीति तथा योजना आयोग सम्बन्धी ऐन तर्जुमा गर्ने । |

**ख.** नगरस्तरीय ठूला पूर्वाधारका योजनाहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न माथि उल्लेख भए बमोजिम नगरपालिकाले नीति तथा कानुनको तर्जुमा, जग्गाको व्यवस्थापन, आर्थिक लाभ तथा रोजगारी उपलब्ध गराउने खालका सम्भाव्य पूर्वाधारका क्षेत्रहरूको पहिचान र कार्यान्वयनमा नगरपालिकालाई सहयोग गर्न विज्ञ टोलीको आवश्यकता पर्दछ । यस्ता खालका ठूला आयोजनाहरू बहुवर्षीय हुने र सो को प्रभावकारी र नतिजान्मुख कार्यान्वयनका लागि पुँजीगत लगानी योजना Capital Investment Plan तथा मध्यकालीन खर्चको संरचना (Mid Term Expenditure Framework-MTEF) जस्ता वित्तीय औजारको प्रयोग गर्नुपर्ने हुन्छ । हालको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले समेत मध्यकालीन खर्च संरचनालाई स्थानीय तहमा अनिवार्य रूपमा लागु गर्नुपर्ने कानुनी व्यवस्था गरेकाले सो को कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

हाल आन्तरिक आयबाट पुँजीगत खर्चमा भन्दा चालु क्षेत्रमा बढी खर्च भइरहेकोले आन्तरिक आयको अभिवृद्धि सँगसँगै पुँजीगत क्षेत्रमा लगानी बढाउन आवश्यक देखिन्छ । नगरमा पुँजीगत क्षेत्रमा लगानीको अभिवृद्धि सँगसँगै आर्थिक वृद्धि हुन गई आन्तरिक स्रोत समेत बढ्दै जान्छ। हाल नगरपालिकाले सबै करदातालाई करको दायरामा ल्याउन नसकेको सन्दर्भमा सूचना प्रविधिको प्रयोगमार्फत् तथ्याङ्कको अद्यावधिकसहित राजश्व संकलन कार्य गर्न सकिन्छ। राजश्व प्रशासनको सुदृढीकरण र सूचना प्रविधिको उपयोगमार्फत् आन्तरिक स्रोत अभिवृद्धि गर्नु आवश्यक देखिन्छ। यस आधारमा आवधिक प्राथमिकता देहाय बमोजिम हुने गरी कार्यान्वयन गरिन्छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. दमकको आर्थिक बिकासमा सहजीकरण गर्न नगरस्तरको संयन्त्र गठन गर्ने र दमकको समग्र आर्थिक विकासका नीति तथा कार्यक्रममा आधारित रहेर लगानीका सम्भावित क्षेत्रको पहिचान गर्ने । | १. छिमेकी पालिकाहरू पारस्परिक हित बमोजिम गर्न सकिने कार्यक्रमहरूको सूची तयार गर्ने । | १. छिमेकी पालिकाहरूलाई पारस्परिक हित बमोजिमका आयोजनाहरूको कार्यान्वयन गर्ने । |
| २. दमक क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरूको लगत तयार गरी संरक्षण गर्ने र सार्वजनिक जग्गाको प्रयोग सम्बन्धी, गुरुयोजना निर्माण गर्ने । | २. स्थानीय पर्यावरण र खुला क्षेत्रको आवश्यकतामा परिपूर्तिमा प्रतिकुल असर नपर्ने गरी आर्थिक सम्भाव्य पूर्वाधार निर्माण तथा आर्थिक विकासमा केन्द्रित गतिविधिका लागि सार्वजनिक जग्गाको उपयोग अघि बढाउने । | |
| ३. आर्थिक विकासमा केन्द्रित पूर्वाधार विकासका सम्भाव्य आयोजनाहरूको Project Bank तयार गर्ने । | ३. सार्वजनिक निजी साझेदारी बमोजिम परियोजना कार्यान्वयनका लागि मनशाय सूची तयार गर्ने । | ३. मनसाय सूची अनुसार सम्भाव्य आयोजना छनोट गरी कार्यान्वयन अघि बढाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. Capital Investment Plan-CIP प्रारम्भिक प्रारुप तयार गर्ने र मध्यकालीन खर्च संरचना (MTEF) सँग आवद्ध गर्ने । | ४. Capital Investment Plan- CIP कार्यान्वयन गर्ने (थप परिमार्जन सहित) | ४. निरन्तर |
| ५. GIS Tax Mapping Database स्थापना र करदाताको लगत अद्यावधिक गर्ने । | ५. रावश्व नक्सांकन डाटाबेसमा आधारित रहेर कर तथा राजश्व विलिङ पद्धति कार्यान्वयन गर्ने । | |
| ६. परिवर्तित स्थानीय आर्थिक ऐन (कर तथा राजश्वको किसिम र दर रेट) अनुसार राजश्व संकलन सहज हुने गरी हालको Software मा सुधार गर्ने । | ६. हालको राजस्व अभिवृद्धि कार्य योजना (Revenue Improvement Action Plan-RIAP) को समिक्षा गरी प्रचलित कानुन बमोजिम कर तथा गैरकर र सम्भावित आर्थिक पूर्वाधारबाट उठ्न सेवा शुल्क बमोजिम राजश्व अभिवृद्धि कार्ययोजना अद्यावधिक गरी कार्यान्वयन गर्ने । | ६. राजश्व अभिवृद्धि योजना अन्तर्गतको वार्षिक कार्ययोजना अद्यावधिक गरी निर्धारित समय तालिका अनुसार कार्यान्वयन गर्ने । |
| | ७. सम्भाव्य परिपूर्ति कोष (Viability Gap Funding) का लागि अध्ययन गरी आवश्यक बजेट छुट्याउने । | ७. सम्भाव्य परिपूर्ति कोषको उपयोगलाई थप व्यवस्थित र कोषलाई थप समृद्ध बनाउने । |
| | ८. मर्मत सम्भार कोषमा आवश्यक बजेट छुट्याउने र खर्च गर्ने । | ८. मर्मत सम्भार कोषको उपयोग शत प्रतिशत मर्मत सम्भारका कार्यक्रममा लाग्ने गरी उपयोगको अभ्यासमा आवश्यक सुधार गर्ने । |
| | ९. आयोजना निर्माण सम्पन्न भएका आयोजनाहरूबाट सेवा शुल्क निर्धारण गरी संकलन गर्ने | ९. निरन्तर |

## ५.१.७. स्थानीय आर्थिक विकास अन्तर्गत संगठनात्मक क्षमता विकास

## १. परिचय

स्थानीय आर्थिक विकासका सबै पक्षलाई संस्थागत रुपमा अघि बढाउन उपयुक्त संगठन संरचना र क्षमता आवश्यक पर्छ । आर्थिक विकास अन्तर्गत कृषि र पशुपालन मात्र नभई उद्योग, बाणिज्य, पर्यटन, सहकारी तथा अन्य सम्बन्धित पूर्वाधारका कार्यक्रम निर्माण र कार्यान्वयनका लागि आर्थिक क्षेत्रको अध्ययन, अनुसन्धानको क्षमता तथा अन्य क्षेत्रसँगको अन्तरआबद्धता कायम गर्नमा नगरको नेतृत्वलाई आवश्यक पृष्ठपोषण गर्न सक्ने गरी संस्थागत क्षेमता निर्माण विकास आवश्यक हुन्छ ।

## २. स्थानीय अवस्था

आर्थिक विकास नगरको उच्च प्राथमिकतामा रहेको भए पनि यस क्षेत्र अन्तरगतका सबै उपक्षेत्र हेर्ने इकाई तथा जनशक्ति व्यवस्थापन नभएको तथा यस क्षेत्रमा स्वयंसेवी र विज्ञ सहयोग प्राप्तिको अभ्यासलाई समेत व्यवस्थित गर्न सकिएको छैन । नगरमा आर्थिक विकासका सबै पक्षलाई समन्वय गरी अघि बढाउने

क्षमतासहितको आर्थिक विकास शाखा नहुँदा कतिपय उपक्षेत्रहरूले पर्याप्त प्राथमिकता पाउन नसकेको अनुभव गरिएको छ । स्थानीय श्रम बजार, आय, रोजगारी लगायतका आर्थिक सूचनाहरू पर्याप्त रुपमा उपलब्ध हुने अवस्था समेत रहेको छैन । नगरमा कृषि क्षेत्रमा भन्दा उद्योग र वाणिज्य क्षेत्रमा आकर्षण बढिरहेको अवस्थामा यी क्षेत्रलाई व्यवस्थित गर्नका लागि आन्तरिक क्षमता अपर्याप्त रहेकोले क्षमता विकास आवश्यक रहेको छ ।

## ३. मुख्य अवसर र चुनौती

संघीय सरकारबाट कृषि, पशुपालन, सहकारी, लेखा तथा राजश्व लगायतमा कर्मचारी व्यवस्थापन वा त्यसका लागि स्रोत व्यवस्थापन भएकोले कमी विश्लेषणका आधारमा थप जनशक्ति व्यवस्थापन वा उपलब्ध जनशक्तिको भूमिका थप परिभाषित गरी तत्काल स्थानीय आर्थिक विकासका लागि न्यूनतम संस्थागत क्षमता निर्माण गर्ने अवसर रहेको छ। प्रदेश र संघीय सरकार तथा विभिन्न संघ संस्थासँगको साझेदारीमा स्थानीय आर्थिक विकास सम्बन्धी तथ्याङ्क व्यवस्थापन, राजश्व नक्सांकन तथा जनशक्तिको क्षमता विकासका कार्य अघि बढाउने अवसर पनि नगरलाई छ। तथापि नगरको विशिष्ट आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापनका लागि बाह्य सहयोग प्राप्त हुन नसक्ने भएकोले आन्तरिक स्रोत व्यवस्थापन गरी नगरको स्थानीय विकास प्राथमिकता अनुकुल विशेष क्षमतायुक्त जनशक्ति तथा विशेषज्ञ सेवा व्यवस्थापन गर्ने चुनौती नगरलाई छ।

## ४. लक्ष्य

स्थानीय आर्थिक विकासमा नगरको भूमिका प्रभावकारी बनाउने ।

## ५. उद्देश्य

स्थानीय आर्थिक विकासलाई अघि बढाउन सक्ने संस्थागत क्षमता निर्माण गर्ने ।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.१.७ : स्थानीय आर्थिक विकास अन्तर्गत संगठनात्मक क्षमता विकासका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. आर्थिक विकासका गतिविधिहरूलाई एकीकृत र व्यवस्थित बनाउने गरी संस्थागत क्षमता विकास गर्ने । | १. कृषि तथा पशु सेवा, पर्यटन, उद्योग, राजश्व तथा सहकारी हेर्ने आवश्यक जनशक्तिसहितको आर्थिक विकास शाखा स्थापना गरिने छ ।<br>२. आर्थिक विकास शाखालाई व्यवसायिक योजना निर्माणका लागि सम्बन्धित व्यक्ति तथा फर्मलाई सहयोग उपलब्ध गराउनुका साथै आर्थिक र व्यवसायिक क्षेत्रका सरोकारवालासँग समन्वय गर्ने सचिवालयको भूमिका निर्वाह गर्न सक्ने स्तरमा पुऱ्याइने छ ।<br>३. नगरमा रहेको श्रमको माग र आपूर्ति विश्लेषण गरी माग र आपूर्तिका बिचमा सामञ्जस्यता कायम गर्नका लागि आर्थिक विकास शाखाबाट आवश्यक भूमिका निर्वाह गरिने छ ।<br>४. आर्थिक निति निर्माण, कार्यान्वयन, समिक्षा र परिमार्जन गर्ने जस्ता नीतिगत कार्यलाई व्यवस्थित गर्ने तथा बजेट तथा राजश्व समितिका लागि प्राविधिक सहयोग गर्ने भूमिका पनि निर्वाह गर्न सक्ने गरी यस शाखाका जनशक्तिलाई सार्वजनिक वित्त व्यवस्थापन लगायतको सीप विकास तथा तालिमहरू उपलब्ध गराइने छ ।<br>५. नगरको बजेट तथा योजना नीति र प्रक्रियामा सहयोग पुऱ्याउन विज्ञ टोलीसहित स्थानीय नगर योजना आयोगको गठन गरिनेछ । साथै स्थानीय राजश्व परामर्श समिति तथा आर्थिक विकास समितिको सचिवालयलाई व्यवस्थित र क्रियाशील गराइने छ । |

## तालिका २/५.१.७ : आवधिक प्राथमिकता : संस्थागत विकास

**क.** नगरपालिकामा आर्थिक विकास शाखाको गठन गरी यसका सबै उपक्षेत्रलाई सम्बन्धित शाखा अन्तर्गत ल्याएर आर्थिक विकासका कार्यक्रमका बिचमा सामञ्जस्यता र प्रभावकारिता ल्याउनुपर्ने आवश्यकता छ। तोकिएको छैन। नगर कार्यपालिका अन्तर्गतको आर्थिक विकास समितिलाई पनि क्रियाशील बनाउन आवश्यक छ। आर्थिक विकाससँग सम्बन्धित नीति तर्जुमा तथा पूर्वाधार विकासका लागि आर्थिक विकास समितिका पदाधिकारी र आर्थिक विकास शाखाका कर्मचारीहरूलाई थप जिम्मेवार बनाउन आवश्यक छ। त्यसैले नगरमा कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, रोजगार, सहकारी तथा आर्थिक पूर्वाधार आदि क्षेत्रका नीति तथा प्राथमिकता बमोजिम कार्यक्रमहरूको कार्यान्वयनका लागि आर्थिक विकास शाखालाई नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने शाखाका रूपमा रूपान्तरण गर्नुका साथै यस क्षेत्रका लागि उपयुक्त संस्थागत क्षमता निर्माण गर्न देहाय बमोजिमका प्राथमिकता तय गरिएको छ।

| अल्पकाल (पहिलो २ वर्ष) | मध्यकाल (३ देखि ७ वर्ष) | मध्यकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| १. सँगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा आर्थिक विकास अन्तर्गतका शाखा निर्माण, विस्तार कामको जिम्मेवारी (ToR) तोक्ने। | १. आर्थिक विकास शाखालाई श्रम सर्वेक्षण, औद्योगिक गणना, पर्यटन सूचना व्यवस्थापन आदि गर्न सक्ने गरी आवश्यक क्षमता विकास तथा सीप उपलब्ध गराउने। | १. आर्थिक विकास शाखामा आवश्यकता अनुसार इकाई तथा जनशक्ति थप गर्ने, दमक नगर नीति तथा योजना आयोग गठन गर्ने र आर्थिक विकास शाखासँगको सम्बन्ध परिभाषित गर्ने। |
| | १.१. आर्थिक विकास शाखाका सम्बन्धित इकाईका कर्मचारीलाई स्वरोजगारी र उद्यमशीलता सम्बन्धी परामर्श सेवा र वित्तिय सहजीकरण सम्बन्धी तालिम उपलब्ध गराउने। | १.१. नयाँ कर्मचारीलाई स्थानीय आवश्यकता अनुसारको आर्थिक क्षेत्रको क्षमता विकास कार्यक्रममा सहभागी गराउने। |
| | १.२. आर्थिक विकास शाखामा समग्र नगरको आर्थिक क्रियाकलापको अद्यावधिक गर्ने प्रणालीको विकास गर्ने र कर्मचारीहरूलाई नगरको वार्षिक कुल ग्राहस्थ उत्पादनको विश्लेषण गर्ने सम्बन्धी तालिम प्रदान गर्ने। | १.२. क्षमता विकासका क्षेत्रगत (कषि, पर्यटन, उद्योग वाणिज्य, राजश्व आदि) कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने। |
| २. नगरस्तरीय पर्यटन समितिको गठन गर्ने। | | |
| ३. नगरपालिकामा पर्यटन डेस्क र नगरमा पर्यटन सुचना केन्द्रको स्थापना गर्ने। | ३. नगरपालिकामा पर्यटन सुचना केन्द्रको स्थापना गर्ने र पर्यटन प्रचार प्रसार तथा Online मार्फत अभिलेखीकरण अद्यावधिकका लागि Software तयार गर्ने। | |
| | ३.१.पर्यटन प्रहरीको व्यवस्था गर्ने। | |

| अल्पकाल (पहिलो २ वर्ष) | मध्यकाल (३ देखि ७ वर्ष) | मध्यकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| ४. कार्य विश्लेषणका आधारमा शहरी कृषि प्रणालीलाई व्यवस्थित गर्न आवश्यक कृषि विशेषज्ञ तथा अन्य जनशक्तीको व्यवस्थापन गर्ने । | ४. व्यावसायिक उत्पादनको लागि प्राविधिक जनशक्तिको व्यवस्थापनका लागि एक वडा एक कृषि प्राविधिकको व्यवस्था गर्ने ।<br><br>४.१. शीत भण्डार सञ्चालनका लागि आर्थिक विकास अन्तर्गत कृषि शाखाबाट समन्वय हुने व्यवस्था मिलाउने । | |
| ५. स्थानीय तरकारी तथा फलफुल लगायतका उत्पादनको वैज्ञानिक मूल्य निर्धारणका लागि उत्पादक कृषक, स्थानीय व्यवसायी र नगर प्रतिनिधि सम्मिलित एक बजार मूल्य निर्धारण समिति गठन गर्ने । | | |
| ६. सम्बन्धित कर्मचारी तथा उत्पादक लक्षित उत्पादन (कृषि र औद्योगिक) र बजारीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने । | ६. निरन्तर | |
| ७. विषयगत सहकारी (कृषि, उद्यम, बहुउद्देश्यीय) कृषि सहकारीहरूको क्षमता विकास र सेवा विस्तारमा लागि आवश्यक सहयोग गर्न सम्बन्धित शाखाका कर्मचारीहरूलाई सहजीकरण तालिम कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । | ७. निरन्तर | |
| ८. ठूला पूर्वाधार, निजी क्षेत्रको लगानी तथा नीतिगत रूपमा सहयोगका लागि विज्ञ टोली गठन गर्ने । | ८. विज्ञ टोलीलाई स्वयंसेवी वा अन्य विधिबाट आवश्यकता अनुसार आर्थिक विकासका विभिन्न पक्षमा विज्ञ सहयोग लिने अभ्यासलाई व्यवस्थित गर्ने । | |
| ९. जनप्रतिनिधि, आर्थिक विकास शाखा तथा पूर्वाधारसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई परियोजना विकास, PPP Financing तथा परियोजनाको आर्थिक तथा वित्तीय विश्लेषण सम्बन्धी तालिम उपलब्ध गराउने । | ९. जनप्रतिनिधि लक्षित आर्थिक विकास सम्बन्धी अनुशिक्षणलाई निरन्तरता दिने । | ९. कर्मचारी र जनप्रतिनिधिलाई आर्थिक विकासका समग्र पक्षको अनुशिक्षण वार्षिक रूपमा सञ्चालन गर्ने । |

| अल्पकाल (पहिलो २ वर्ष) | मध्यकाल (३ देखि ७ वर्ष) | मध्यकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| १०. आर्थिक विकास सम्बन्धी जिम्मेवारी लिएका नगर कार्यपालिका अन्तर्गतका विषयगत समितिलाई बजेट, राजश्व, योजना प्राथमिकिकरण, आर्थिक विकासका आधारभूत पक्ष आदिको अनुशिक्षण दिने ।<br><br>१०.१. जनप्रतिनिधि, आर्थिक विकास शाखा, आर्थिक प्रशासन, पूर्वाधार आदिसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई Capital Improvement Program तथा मध्यकालीन खर्च संरचना (Mid Term Expenditure Framework-MTEF) सम्बन्धि तालिम दिने ।<br><br>११. स्थानीय आर्थिक विकास सहजीकरण र प्रबर्द्धनका लागि आर्थिक विकास समितिका पदाधिकारीहरूको जिम्मेवारी थप परिभाषित गर्ने । | | |

**तालिका ३/५.१.७ : आर्थिक विकास क्षेत्रको अपेक्षित उपलब्धी (आ.व. २०९६/९७ को अन्त्यसम्ममा)**

**(क) कृषि**

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| कृषि तथा पशुपालन क्षेत्रमा रोजगारी (संख्या) | १३४६ | १८०० | ४८०० | १०००० |
| कृषि क्षेत्रबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष) | ४३४१७ | ८०००० | १५०००० | ३००००० |
| पशुपालन क्षेत्रबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष) | २७५७८ | ४०००० | १००००० | २००००० |
| व्यावसायिक कृषिबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष) | ४३४१७ | १५०००० | ५००००० | १०००००० |
| व्यावसायिक पशुपालनबाट हुने आम्दानीमा वृद्धि (रु. प्रति वर्ष) | २७५७८ | १२५००० | ३५०००० | ७००००० |

**(ख) पर्यटन**

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०८७/८८ | २०९६/९७ |
|---|---|---|---|---|---|
| आन्तरिक पर्यटक आवगमन संख्या | | १००,००० | २५०,००० | ३५०,००० | ५००,००० |
| बाह्य पर्यटक आवगमन संख्या | | २५,००० | ७५,००० | १००,००० | १५०,००० |
| पर्यटकहरूको बसाई (औसत दिनमा) | | १ | १.५ | २ | ३ |

**नोटः** आधार वर्षका लागि हाल नगरपालिकामा पर्यटकहरूको संख्या र बसाई अवधिको सम्बन्धमा कुनै तथ्याङ्क उपलब्ध हुन सकेन । हालको निर्माणाधिन भ्यु टावर तथा ठूलो बुद्धको मुर्ति निर्माण आदिका कारण आन्तरिक तथा बाह्य पर्यटकहरूको संख्यामा वृद्धि भई आर्थिक वर्ष २०९५/९६ को अन्त्यमा क्रमशः ५ लाख तथा १ लाख ५० हजार पुग्ने र औसत बसाई ३ दिन हुने प्रक्षेपण गरिएको ।

### (ग) उद्योग र बाणिज्य

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०८७/८८ | २०९६/९७ |
|---|---|---|---|---|---|
| उद्योग व्यवसायीहरूको संख्या | ५,६३१ | ७,५०० | १२,००० | १७,६८० | ३१,३०० |

**नोटः** नगरपालिकाको राजस्व अभिवृद्धि कार्ययोजना, २०७५ बमोजिम २८ प्रतिशत उद्योग व्यवसायीहरूको संख्या वृद्धि भई आधार वर्षमा ५,६३१ उद्योग व्यवसायीहरू दर्ता भएको देखिन्छ। आगामी वर्ष औसतमा १० प्रतिशतका दरले उद्योग व्यवसायीहरूको संख्या वृद्धि हुने गरी प्रक्षेपण गरिएको।

### (घ) रोजगारी

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०८७/८८ | २०९६/९७ |
|---|---|---|---|---|---|
| बेरोजगार प्रतिशत | ३६.३८२ | | १५.९ | १० | ५ |
| प्रति व्यक्ति आय (औसत अमेरिकी डलरमा) | | १,६२० | २,०२९ | २,५०० | ३,२०० |

**नोटः** बेरोजगारी प्रतिशतलाई दीगो विकास लक्ष्यको सूचक नं. SDG 8.5 अनुसार आ.व. २०८३/८४ मा १५.९ प्रतिशत र सन् २०३० को लक्ष्य बमोजिम १० प्रतिशतमा झार्ने गरी सोही बमोजिम कायम गरिएको छ। प्रदेश नं. १ को प्रथम आवधिक योजना बमोजिम योजना अवधिको अन्त्यमा (आ.व. २०८०/८१) प्रति व्यक्ति आय औसत अमेरिकी डलरमा १,६२० कायम गरिएकोले सो अगावै २०७८।७९ मा प्रति व्यक्ति आय औसत अमेरिकी डलरमा १,६२० हुने गरी प्रक्षेपण गरिएको र तत्पश्चात क्रम्न लक्ष्य बमोजिम हासिल हुने गरी प्रक्षेपण गरिएको छ।

### (ङ) सहकारी

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०८७/८८ | २०९६/९७ |
|---|---|---|---|---|---|
| सहकारीमा पहुँच भएका परिवारको प्रतिशत (घरबाट ३० मीनेट पैदल यात्रामा) | ४२.३३ | | ७१.३ | ८० | ९० |

### (च) आर्थिक पूर्वाधार तथा राजस्व परिचालन

| उपलब्धी सुचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०८७/८८ | २०९६/९७ |
|---|---|---|---|---|---|
| कुल बजेटमा आन्तरिक स्रोतको अंश (प्रतिशतमा) | १३ | १५ | १९ | २२ | २५ |
| कुल बजेटमा पुँजीगत खर्चको अंश (प्रतिशतमा) | ४४४ | ४६ | ५० | ६० | ६५ |

## ५.२. सामाजिक विकास

यो खण्डमा दमक नगरपालिकाको सामाजिक विकास अन्तर्गत शिक्षा र स्वास्थ्य क्षेत्रको नीति तथा आवधिक प्राथमिकता समावेश गरिएको छ । यस बाहेक सम्पदा संरक्षण तथा सामाजिक समावेशीकरणको विषय पनि यस खण्डमा रहेको छ । नगरपालिकाले सामाजिक विकास अन्तर्गत समेट्दै आएको खानेपानी तथा सरसफाई क्षेत्रको नीति तथा कार्यक्रम भने पूर्वाधार विकास अन्तर्गत सार्वजनिक निर्माणमा समेटिएको छ ।

## ५.२.१. शैक्षिक विकास

## १. परिचय

शिक्षा विकासको आधार हो । साथै मर्यादित एवम् परिस्कृत जीवन सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दीगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिँदै आएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक तथा सीपमुलक तथा रोजगारमुलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउने नीति अवलम्बन गरेको छ ।

नेपालको शिक्षा क्षेत्रमा विगतमा भएका लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धीहरू प्राप्त भएका छन् । पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर ८४.७ प्रतिशत पुगेको छ । प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ६६.९ पुगेको छ । प्राथमिक तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा १ देखि ८), र माध्यमिक तह (कक्षा ९ देखि १२) को खुद भर्नादर क्रमशः ९६.९, प्रतिशत ९२.७ प्रतिशत र ४६.४ प्रतिशत पुगेको छ । कक्षा ५ र ८ सम्मको टिकाउदर क्रमशः ८९.६ र ७७.९ प्रतिशत रहेको छ । आधारभूत तथा माध्यमिक तहमा ७२ लाख १४ हजार ५२५ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेका छन् । प्रारम्भिक बाल विकास तथा शिक्षामा ९ लाख ७४ हजार बालबालिका अध्ययनरत छन् । लैंङ्गिक समता सुचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः ०.९८ र १.०१ रहेको छ । विद्यालय दोहोऱ्याउने दर आधारभूत तह (कक्षा १–५) मा ३.८ प्रतिशत र आधारभूत तह (कक्षा ६–८) मा ४.४ प्रतिशत तथा माध्यमिक तह (कक्षा ९–१२) मा ३.७ प्रतिशतमा झरेको छ । मुलुकभर सार्वजनिक र निजी लगानीका गरी ३५,०५५ वटा विद्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन् । शिक्षामा पहुँच बढाउन वैकल्पिक तथा खुला शिक्षाका अवसरहरू उपलब्ध छन् । अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नेपालको विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीहरूलाई सेवा प्रवाह गरिरहेको स्थिति छ ।

वि.सं. २०६८ सालको जनगणनामा १५ वर्षमाथिको जनसंख्याको साक्षरतादर ५८ प्रतिशत रहेको थियो । भने आ.व. २०७४/०७५ मा १५ देखि २४ वर्षको उमेर समुहको साक्षरतादर ८८.६ प्रतिशत पुगेको छ । (स्रोत राष्ट्रिय शिक्षा नीति २०७६)

## २. वर्तमान अवस्था

दमक नगरपालिकामा २१ ओटा सामुदायिक विद्यालय र ६३ वटा संस्थागत विद्यालय गरी जम्मा ८४ ओटा विद्यालय रहेका छन् जसलाई नक्सा नं. १/५.२.१मा जनाइएको छ । २१ ओटा सामुदायिक विद्यालय मध्ये ९ ओटा माध्यमिक विद्यालय र १२ ओटा आधारभूत विद्यालय रहेका छन् जसलाई नक्सा नं. २/५.२.१ मा

देखाइएको छ भने संस्थागततर्फ २८ ओटा माध्यमिक र ३५ ओटा आधारभूत विद्यालय रहेका छन् । नगरपालिकामा ४ ओटा क्याम्पस रहेका छन् जसमा एउटा सामुदायिक र तीन वटा संस्थागत क्याम्पस रहेका छन् । एउटा गैर नाफामुलक क्याम्पस रहेको छ । तीन ओटा सामुदायिक अध्ययन केन्द्र रहेको छ । एक ओटा बहु प्राविधिक विद्यालय रहेको छ ।

**नक्सा १/५.२.१ नगरमा सञ्चालनमा रहेका सामुदायिक र संस्थागत विद्यालयहरू**




माथिको नक्सामा हरियो रंगको संकेतमा सामुदायिक विद्यालय र रातो रंगको संकेतमा संस्थागत विद्यालय संकेत गरिएको छ ।

### नक्सा २/५.२.१ सामुदायिक आधारभूत र माध्यमिक विद्यालयहरू




| | Secondary School |
|---|---|
| 1 | Padini |
| 2 | Prithivi |
| 3 | Krishna |
| 4 | Singadevi |
| 5 | Pasupati Sanskrit |
| 6 | Saraswati |
| 7 | Himalaya |
| 8 | Virkuti |
| 9 | Dhukurpani |

| S.N | Name |
|---|---|
| 1 | Tarabari |
| 2 | Janjyoti |
| 3 | Bidyodaya |
| 4 | Dipini |
| 5 | Janata |
| 6 | Jana Chetana |
| 7 | Chulachuli |
| 8 | Shree Mahalaxmi |
| 9 | Sagarmatha |
| 10 | Janta |
| 11 | Saraswati |
| 12 | Pashupati |

माथिको नक्सामा रातो रंगको संकेतले माध्यमिक विद्यालय र निलो रंगको संकेतले आधारभूत विद्यालय जनाउँछ ।

दमक नगरभित्रका २१ ओटा सामुदायिक विद्यालयमा प्रति कक्षाकोठा ४० जना विद्यार्थीको आधारमा एउटा माध्यमिक विद्यालयमा बाहेक क्षमता भन्दा कम बालबालिका अध्ययन गरिरहेका छन् जसलाई नक्सा नं. ३/५.२.१ र ४/५.२.१ मा संकेत गरिएको छ। नगरपालिकाभित्र रहेका ९ ओटा माध्यमिक १२ ओटा आधारभूत विद्यालय मध्ये ३ ओटा मा.वि र ११ ओटा आ.वि.मा विज्ञान प्रयोगशाला स्थापना हुन बाँकी रहेको छ। ७ ओटा आधारभूत विद्यालयमा कम्प्यूटर ल्याब स्थापना हुन बाँकी रहेको छ। १ ओटा माध्यमिक विद्यालय र ७ ओटा आधारभूत विद्यालयमा पुस्तकालय सुविधा पुगेको छैन। ४ ओटा मा.वि.र ९ ओटा आ.वि.मा प्राथमिक उपचार कक्ष व्यवस्था हुन बाँकी रहेको छ। एउटा मा.वि. र ३ ओटा आधार भूत विद्यालयमा घेराबारको निर्माण भएको छैन। ३ ओटा आ.वि.मा बालक र बालिकाको लागि छुट्टाछुट्टै शौचालयको निर्माण हुन बाँकी रहेको छ भने १ ओटा आ.वि. र एउटा मा.वि.मा जिर्ण अवस्थामा रहेको छ। सबै सामुदायिक विद्यालयमा खानेपानीको सेवा पुगेता पनि ७ ओटा विद्यालयमा ट्यूबवेलको पानी प्रयोगमा आएको छ। जसलाई नक्सा नं. ४/५.२.१ र नक्सा नं. ५/५.२.१ मा जनाइएको छ।

**नक्सा ३/५.२.१ : सामुदायिक माध्यमिक विद्यालयको कक्षाकोठाको क्षमता**



नक्सामा जनाइएको रातो बिन्दुले कक्षाकोठाको क्षमता भन्दा कम विद्यार्थी भएको विद्यालयको स्थान जनाउँछ। प्रति कक्षाकोठा ४० जना भन्दा कम विद्यार्थी भएको विद्यालयलाई Under utilized classroom भनिएको छ भने निलो रंगको संकेतले कक्षाकोठाको क्षमता भन्दा बढी विद्यार्थी भएको विद्यालय जनाउँछ।

**नक्सा ४/५.२.१ : सामुदायिक आधारभूत विद्यालयको कक्षाकोठाको क्षमता**




*नक्सामा जनाइएको रातो बिन्दुले कक्षाकोठाको क्षमताभन्दा कम विद्यार्थी भएको विद्यालयको स्थान जनाउँछ । प्रति कक्षाकोठा ४० जना भन्दा कम विद्यार्थी भएको विद्यालयलाई Under utilized classroom भनिएको छ ।*

**नक्सा ५/५.२.१ : विद्यालय बाहिर रहेका ५ देखि १२ वर्ष उमेर समुहका बालबालिकाको घर परिवारको विवरण**




*माथिको नक्सामा कलेजी रंगको बिन्दुले ५ देखि १२ वर्ष उमेर समुहका विद्यालय नगएका घर परिवारको संकेत गर्दछ भने हरियो रंगले सामुदायिक विद्यालयको संकेत गरेको छ ।*

शैक्षिक सत्र २०७५/०७६ को अन्त्यसम्ममा ५ वर्ष माथिको जनसंख्याको साक्षरतादर ८५ प्रतिशत रहेको छ भने ५ देखि माथि ६० वर्ष उमेर समुहसम्मको साक्षरतादर ९१ प्रतिशत रहेको छ। १६ देखि ४० को साक्षरता दर ९५ प्रतिशत पुगेको छ। पूर्व प्राथमिक शिक्षाको कुल भर्नादर ९७ प्रतिशत पुगेको छ। प्राथमिक तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा १ देखि ८), र माध्यमिक तह (कक्षा ९ देखि १२) को खुद भर्नादर क्रमशः ८७ प्रतिशत ७६ प्रतिशत र ८०.१८ प्रतिशत पुगेको छ। कक्षा ५ र ८ सम्मको टिकाउदर क्रमशः ९५ र ९३.५ प्रतिशत रहेको छ। आधारभूत तथा माध्यमिक तहमा ५४७१ र ३६०९ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेका छन्। प्रारम्भिक बाल विकास तथा शिक्षामा १४७६ बालबालिका अध्ययनरत छन्। लैंङ्गिक समता सुचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः १.०९ र १.२० रहेको छ। बिचैमा विद्यालय छाड्ने १ देखि ५ मा ५.२ प्रतिशत, ६ देखि ८ मा ६.५ प्रतिशत र ९ देखि १२ मा ६.९ प्रतिशत रहेको छ। आधारभूत तहको औषत सिकाइ उपलब्धी दर ६० प्रतिशत र माध्यमिक तहको सिकाइ उपलब्धी दर ५५ प्रतिशत रहेको छ। विद्यार्थी शिक्षक अनुपात आधारभूत तहको २७.०८ रहेको छ भने माध्यमिक तहमा ९०.२२ रहेको छ।

दमक नगरपालिकाले सामुदायिक विद्यालयमा बालबालिकाको पहुँच वृद्धि र टिकाउका लागि बाल विकाससम्म दिवा खाजा कार्यक्रम व्यवस्थापन गरेको छ। अंग्रेजी भाषाको सुधार गर्नका लागि आंशिक रुपमा अंग्रेजी माध्यमबाट पठनपाठन सुरुवात गरेको छ। नगरभित्रका सबै विद्यालयहरूमा शिक्षकहरूको एकरुपता ल्याउन एकै किसिमको विद्यालय पोषाकको व्यवस्था गरेको छ। विद्यालयमा पहुँच, र गुणस्तर सुधारका लागि प्रयास भएता पनि सामुदायिक विद्यालयको न्यून गुणस्तर, शिक्षकको कार्य जिम्मेवारीप्रतिको शिथिलता, कक्षागत, तहगत र विषयगत रुपमा अपर्याप्त शिक्षक, परम्परागत शिक्षण विधि, अपर्याप्त र अनुपयुक्त पूर्वाधार, शिक्षामा दीर्घकालीन योजनाको अभाव, शिक्षकको सीप र क्षमता कक्षाकोठामा पुऱ्याउने, पाठ्यक्रमका आधारमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने, शिक्षकको नियमित उपस्थिति, कक्षा समयसम्म शिक्षकलाई कक्षाकोठामा टिकाउने, पठनपाठनका सम्बन्धमा अभिभावक सचेतना बढाउने, विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन र शिक्षकहरूलाई क्षमता विकास गरी पारदर्शी र जवाफदेही बनाई विद्यालय सुशासनको प्रत्याभूति दिने कार्यमा अझै समस्या रहेको छ। यी सबै समस्याको परिणामस्वरुप सामुदायिक विद्यालयको शिक्षाको गुणस्तरप्रतिको विश्वसनियता कायम हुन सकेको छैन। विद्यमान समस्याको सम्बोधनका लागि योजनाबद्ध प्रयासको आवश्यकता रहेको छ।

## ३. मुख्य अवसर तथा चुनौती

शिक्षालाई मौलिक हकको रुपमा अधिकार र जिम्मेवारीसहित स्थानीय सरकारलाई एकल अधिकारको रुपमा संबैधानिक व्यवस्था भएकोले विद्यालय शिक्षामा सहभागिता र पहुँच वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, दमक नगरपालिकाभित्र केही सामुदायिक र संस्थागत नमुना विद्यालयहरू हुनु, शिक्षित र उच्च प्रोफाइल भएका व्यक्तिहरू हुनु, प्रशस्त खुल्ला जमिन हुनु, चिया बगान र निर्माणाधिन औद्योगिक पार्कले अभिभावकलाई रोजगारीको अवसर वृद्धि गर्नु, विद्यालय छाड्ने दर विगत वर्षको तुलनामा कम हुँदै जानु, प्राविधिक विद्यालय संख्या वृद्धि हुँदै जानु, कृषि प्राविधिक विद्यालयको सम्भावना उपयुक्त वातावरण भएको, नगरलाई शैक्षिक हबको रुपमा विकास गर्नका लागि भौगोलिक रुपमा उपयुक्त हुनु यस दमक नगरको शिक्षाको मुख्य अवसरको रुपमा रहेको छ।

विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चिततासहित सामुदायिक विद्यालयप्रतिको अभिभावकको आकर्षण अभिवृद्धि गर्नु, अभिभावक सचेतना अभिवृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाई वातावरण विकास गर्नु, शिक्षण सिकाई विधि र पद्धतिलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भर्ना गरी टिकाउदरमा वृद्धि गर्नु, कक्षा छाड्नेदर शुन्यमा झारी अपेक्षित उपलब्धी दर हाँसिल गर्नु,

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासको लागि भौतिक पूर्वाधार र प्राविधिक जनशक्तिको उपलब्धता र स्रोतको व्यवस्थापन, शिक्षकको ज्ञान र सीप कक्षाकोठामा पुऱ्याई सिकाई उपलब्धी दरमा वृद्धि गर्नु प्रमुख चुनौतिको रुपमा रहेको छ ।

## ४. लक्ष्य

दमकलाई गुणस्तरीय, प्रतिस्पर्धी र पहुँचयोग्य शिक्षासहितको शैक्षिक नगर बनाउने ।

## ५. उद्देश्यहरू

५.१. प्रारम्भिक बाल शिक्षामा भर्ना गर्ने उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल कक्षामा भर्ना गर्ने वातावरण तयार गरी बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी बाल विकास/विद्यालयलाई भयरहित र अपाङ्गतामैत्री बनाउनु ।

५.२. विद्यालय तहमा अध्ययन गर्ने उमेरका सबै बालबालिकाहरूको विद्यालयमा सहज पहुँच र उनीहरूलाई प्रदान गरिने शिक्षामा गुणस्तर कायम गर्नु ।

५.२. शिक्षाको विकास र सुशासनको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

५.४. विद्यालयको क्षमता मापन गरी सेवा क्षेत्र सुनिश्चित गर्नु ।

५.५. प्राविधिक शिक्षाको विकासका लागि आवश्यक भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु ।

५.६ अनौपचारिक शिक्षको प्रवर्द्धन गरी पूर्ण साक्षर नगर निर्माण गर्नु ।

## ६. रणनीति तथा कार्यनीति

**तालिका १/५.२.१ : शैक्षिक विकासका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य नं. ५.१ अनुसार** | |
| १. बाल विकास र सामुदायिक विद्यालय प्रतिको अभिभावकको आकर्षण वृद्धि गर्न भयरहित र प्रभावकारी शिक्षण सिकाई वातावरणका लागि बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधार व्यवस्था र आधुनिक शिक्षण पद्धति कार्यान्वयन गर्ने । | १. सामुदायिक विद्यालयक/बाल विकास केन्द्रको भौतिक पूर्वाधार समय र आवश्यकता अनुसार विस्तार गरी नगरभित्रका सबै विद्यालयको भौतिक पूर्वाधार बालमैत्री र अपाङ्गतामैत्री बनाइनेछ भने संस्थागत विद्यालयको भौतिक संरचना बालमैत्री र अपाङ्गतामैत्री बनाउन आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२. विद्यालयमा स्वच्छ र सफा खानेपानी, शौचालय, घेराबार लगायत आवश्यक सेवाको सुनिश्चितता गरिनेछ ।<br>३. विद्यालयको तह अनुसार खेलकुद सामग्रीको मापदण्ड निर्धारण गरी सोही अनुसारको खेलकुद सामग्रीको व्यवस्था गरिनेछ ।<br>४. बौद्धिक खेललाई पनि विद्यालयस्तरीय खेलकुदको अंग बनाइने छ ।<br>५. विद्यालयमा बालमैत्री र दण्डरहित शिक्षण सिकाई वातावरण तयार गरिनेछ ।<br>६. विद्यालय क्षेत्रमा शिक्षण सिकाई र विद्यालय शान्तिमा असर पर्ने क्रियाकलाप सञ्चालनका लागि निरुत्साहित गरिनेछ । विद्यालय शान्तिक्षेत्र कायम गर्नमा सबैको सहयोग जुटाउन नगरले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ७. बाल विकास केन्द्रको बसाई व्यवस्थापन बालमैत्री बनाई सबै बाल विकास केन्द्रलाई मन्टेश्वरी विधिबाट शिक्षण सिकाई वातावरण सृजना गरिनेछ ।<br>८. संस्कृत र नैतिक शिक्षाको व्यवहारिक प्रयोजनका लागि विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गरिनेछ ।<br>९. विद्यालयका कक्षाकोठाहरूमा विद्यार्थीको उमेर र भौतिक अवस्था अनुसार उपर्युक्त र सुविधाजनक बसाई व्यवस्थापन सुनिश्चित गर्ने नीति निर्माण गरी कार्यान्वयन गरिने वातावरण तयार गरिनेछ । |
| **उद्देश्य नं. ५.२ अनुसार** | |
| २. विद्यालय शिक्षामा समावेशी र समतामूलक पहुँच विस्तारका कार्यक्रम कार्यान्वयन गर्ने । | १. आधारभूत र माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित र गुणस्तर सुधार गर्न आवश्यक कानुन निर्माण वा समय सापेक्ष परिमार्जन गरी कार्यान्वयन गरिनेछ ।<br>२. शिक्षकको ज्ञान र सीप कक्षाकोठामा पुऱ्याई बालबालिकाको सिकाई उपलब्धी दर उच्च बनाउन क्षमता विकास, प्रोत्साहन, अनुगमन, मुल्यांकन र सुपरिवेक्षणको विधिलाई एकीकृत रुपमा कार्यान्वयन गरिनेछ ।<br>३. निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको नीति व्यवहारिक कार्यान्वयनमा लगिने वातावरण निर्माण गरिनेछ ।<br>४. निरन्तर मुल्यांकन प्रणालीलाई अझ व्यवहारिक बनाई कार्यान्वयन गरिनेछ ।<br>५.अपनत्वको सृजना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाई प्रकृयामा सुधार, पेशागत नैतिकताको प्रबर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्धारा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।<br>६. राष्ट्रिय शिक्षा नीति २०७६ मा व्यवस्था भएअनुसार आधारभूत तहको कक्षा एकदेखि तीनसम्म एकीकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धतिलाई व्यवहारिक कार्यान्वयनमा लगिने छ ।<br>७. सामुदायिक विद्यालयका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सीप हाँसिल गरी पठन पाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>८. निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको व्यवहारिक कार्यान्वयनमा रहेका समस्या विश्लेषण गरी कमी पूर्तिका लक्षित कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।<br>९.व्यवहारिक र जीवनपयोगी शिक्षाको कार्यान्वयनमा विशेष जोड दिइनेछ ।<br>१०. सामुदायिक विद्यालयमा इ-पुस्तकालय, कम्प्युटर र इ-हाजिरीको व्यवस्था क्रमशः गरिनेछ ।<br>११. अपाङ्गता भएका बालबालिकाको पहुँच वृद्धिमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ साथै लैंगिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको विद्यालय शिक्षामा पहुँच वृद्धिलाई विशेष जोड दिइने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १२.विद्यालय सुशासन प्रणालीलाई व्यवहारिक कार्यान्वयनमा लगिनेछ ।<br>१३. अन्तर विद्यालय अनुभव आदानप्रदान तथा सिकाई पद्धतिमा सामन्जस्यता ल्याउन समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।<br>१४. सबै बाल विकास केन्द्रहरू बहुभाषिक र मातृभाषामा आधारित हुनेछन् । स्थानीय संस्कृति र पहिचानका यी पहिलो पाठशाला हुनेछन् तर प्रत्यक्ष सिकाइको बौद्धिक भार यिनीहरूमा पर्न दिइने छैन ।<br>१५. नजिकको आधारभूत तह (खासगरी १-३ कक्षा)को कक्षा दोहोऱ्याउने र छाड्ने समस्याको समाधानका रुपमा बाल विकास केन्द्रलाई प्रवर्द्धन गरिने छ ।<br>१६. विद्यालय शिक्षाको पहुँच वृद्धि र गुणस्तर सुधारमा युवा परिचालन गरिनेछ ।<br>१७. प्रविधिको विकाससँगै विद्यार्थीहरूको सिक्ने तरिका बदलिँदै गएको अवस्थामा सिकाई गुणस्तर अभिवृद्धि गर्न तथा शिक्षण सिकाईमा विद्यार्थीहरूलाई आकर्षित गरी विद्यालय छाड्नेदर कम गर्दै सिकाई उपलब्धी वृद्धि गर्न कक्षा शिक्षणलाई Interactive बनाउँदै लैजाने तथा digital classroom को अवधारणालाई सहयोग गर्ने नीति निर्माण र कार्यान्वयन गरिनेछ ।<br>१८. बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आधार तयार गरिनेछ । |
| **उद्देश्य नं. ५.३ अनुसार** | |
| ३. शिक्षा सेवा तथा व्यवस्थापनको आन्तरिक क्षमता विकास गर्ने । | १. शिक्षकहरूलाई मागमा आधारित तालिम तथा क्षमता विकासका अन्य अवसर उपलब्ध गराइनेछ ।<br>२. नगर शिक्षा समिति र वडा शिक्षा समितिको क्षमता विकास गरिनेछ ।<br>३. नगरमा निर्माण भएका विभिन्न शिक्षा संरचनालाई जनशक्ति र प्राविधिक रुपमा सबल बनाइनेछ ।<br>४. नगरमा निर्माण भएका शिक्षा संरचनाको कार्य प्रणालीको पारदर्शिता र सुशासन सुनिश्चितताका लागि आवश्यक क्षमता विकास गरिनेछ ।<br>५.विद्यालय सुचना प्रणाली प्रभावकारी बनाउन नगरपालिका स्तरमा सुचना व्यवस्थापन सम्बन्धी एप्स निर्माण र कार्यान्वयन गरिनेछ ।<br>६. शिक्षकलाई पुरस्कार र सजायको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।<br>७. विद्यालयको सिकाई उपलब्धी, निर्णयहरूको पारदर्शिता, आर्थिक सुशासन, निर्णय प्रक्रियामा सहभागिता जस्ता मापदण्डका आधारमा विद्यालय सुशासनको अवधारणाको व्यवहारिक कार्यान्वयन गरिनेछ ।<br>८. नगरमा शिक्षा क्षेत्रमा विशेषज्ञ ज्ञान भएका युवाहरूको think tank निर्माण गरी नगरको विद्यालय शिक्षाको विकासमा युवाहरूको क्षमताको उचित उपयोग गर्ने रणनीति निर्माण गरिनेछ । |
| **उद्देश्य नं. ५.४ अनुसार** | |
| ४. विद्यालयको क्षमता र सेवा क्षेत्र निर्धारण र कार्यान्वयन गर्ने । | १. बाल विकास/विद्यालयको क्षमता मापनका आधारमा समयबद्ध रुपमा क्षमता विश्लेषण, मापन र निर्धारण गरिनेछ । |

<table>
<tr><th>रणनीति</th><th>कार्यनीति</th></tr>
<tr><td></td><td>२. विद्यालयको भौतिक पूर्वाधार तथा प्राविधिक क्षमता एवं पहुँच योग्यता समेतको आधारमा सेवा क्षेत्र निर्धारण गरी क्रमशः सेवा क्षेत्र कायम गरिनेछ ।<br>३. सेवा क्षेत्र कायम भएसँगै निश्चित सेवा क्षेत्रभित्रका विद्यार्थीहरूका लागि प्रदान गरिने थप सेवाको प्याकेज बनाई कार्यान्वयन गरिनेछ ।<br>४. विद्यालय मर्जिङको प्रक्रियालाई निरन्तरता दिइनेछ । यातायात लगायतको पूर्वाधार विकास र विद्यालयको सेवाक्षेत्र र विद्यालय गाभ्ने प्रक्रियाका बिचमा सामञ्जस्यता कायम गरिनेछ ।<br>५. बाल विकास केन्द्रहरू विद्यालय एवं समुदायमा नक्साङ्कनका आधारमा वितरण र स्थानान्तरण गरिने छ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य नं. ५.५ अनुसार</td></tr>
<tr><td>५. प्राविधिक शिक्षा विकासको लागि आवश्यक वातावरण तयार गर्ने ।</td><td>१.सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक धारमा सञ्चालनका लागि प्रोत्साहन र सहजीकरण गरिनेछ ।<br>२. बहु प्राविधिक विद्यालय सञ्चालन गर्नका लागि सामुदायिक निजी साझेदारी नीति अवलम्बन गरिनेछ ।<br>३.सम्भाव्यताका आधारमा नगरमा मेडिकल कलेज, इन्जिनियरिङ कलेज, कृषि क्याम्पस खोल्नका लागि आवश्यक पहल र सहजीकरण गरिनेछ ।<br>४. सामुदायिक विद्यालयले शिक्षामा सामाजिक व्यवसायको आधारभूत सिकाई हुने गरी पूर्व व्यवसायिक शिक्षा समावेश गरिनेछ । शिक्षाका लागि सामाजिक व्यवसाय गर्नका लागि आवश्यक वातावरण तयार गरिनेछ ।<br>५.वर्तमान एक विद्यालय एक उत्पादनको अवधारणालाई सीपसँग जोडी एउटा विद्यालयलाई एक वा बढीमा दुई विषयको प्राविधिक शिक्षा प्रदान गर्न प्रोत्साहन गरिने छ ।<br>६.प्राविधिक प्रशिक्षकहरूको रोष्टर बनाई नगर पालिकाभित्र अत्यावश्यक तर उपलब्ध नभएका क्षेत्रमा प्रतिस्पर्धा गरी सेवाका शर्त तोकी छात्रवृत्तिमा पढाउन सक्नेछ ।<br>७. तल्ला तहका प्राविधिक पक्षहरू अभ्यासात्मक बनाई विज्ञान र प्रविधिको आधारभूत ज्ञान र रुचि निर्माण गरिने छ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य नं. ५.६ अनुसार</td></tr>
<tr><td>६. पूर्ण साक्षर नगर निर्माणका लागि अनौपचारिक शिक्षाको प्रवर्द्धन गर्ने ।</td><td>१. साक्षरतालाई मागमा आधारित गरिने छ ।<br>२. अनौपचारिक शिक्षाका सबै काम सामुदायिक सिकाइ केन्द्रमार्फत् गर्ने अवलम्बन गरिने नीति कार्यान्वयन गरिनेछ ।<br>३. सामुदायिक सिकाइ केन्द्रलाई प्रौढ चाखका विभिन्न क्रियाकलापहरूः कुराकानी, सिनेमा, पुनर्मिलन जस्ता कार्यक्रम आयोजन गर्न प्रोत्साहित गरिने छ । प्रौढका स्वास्थ्यमा राख्नुपर्ने सावधानीका विषयमा कुराकानी प्राथमिकतामा राख्न स्वास्थ्य चौकीहरूसँग समन्वय गरिने छ ।<br>४. विविध कारणले विद्यालय बाहिर रहेका बालबालिका अनौपचारिक कक्षा सञ्चालन गरी पुनः विद्यालय भर्ना गरी विद्यालय जान प्रोत्साहन गरिनेछ ।</td></tr>
</table>

## तालिका २/५.२.१ : आवधिक प्राथमिकता : शैक्षिक विकास

**क.** नगर पार्श्वचित्र २०७५ अनुसार दमक नगरपालिकामा आधारभूत तहमा अध्ययन गर्ने उमेरका २ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् । जसलाई नक्सा नं. ५/५.२.१ मा जनाइएको छ । सामुदायिक विद्यालयको गुणस्तर संस्थागत विद्यालयको तुलनामा कमजोर रहेको छ । नगरमा सामुदायिक विद्यालयमा बालबालिका आकर्षित गर्ने ठोस नीति, नियम र कार्यविधि निर्माण हुन सकेको छैन । त्यसैले सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित र गुणस्तर सुधार, अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्नका लागि आवश्यक शिक्षा ऐन, नियमावली, निर्देशिका र कार्यविधि निर्माण गरी आवश्यक कानुनी प्रकृया पूरा गर्नका लागि निम्न अनुसारका प्राथमिकता निर्धा/ण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. आधारभूत तथा माध्यमिक शिक्षा ऐन निर्माण गर्ने ।<br>२. अनिवार्य शिक्षा कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण गर्ने ।<br>३. संबैधानिक अधिकार बमोजिम आधारभूत तहसम्म मातृभाषाको कक्षा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि निर्माण गर्ने ।<br>४. अपाङ्गता भएका र विपन्न बालबालिकाको शिक्षामा पहुँच र त्यस्ता बालबालिकाको संरक्षण सम्बन्धी नीति निर्माण गर्ने ।<br>५. सबै बालबालिकाहरूको शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिको लागि आवश्यकता अनुसार निर्देशिका, कार्यविधि तथा मापदण्ड निर्धारण गर्ने ।<br>६. हरेक विद्यालयको आफ्नो सेवा क्षेत्र तोक्ने सम्बन्धी कार्यविधि निर्माण गर्ने र सो अनुरुप व्यवस्थित गर्ने ।<br>७. प्राविधिक जनशक्ति वृद्धि गर्न निजी क्षेत्रसँग साझेदारी गर्ने नीति निर्माण र कार्यान्वयन गर्ने । | १. शिक्षा ऐन तथा नियमावली अद्यावधिक गर्ने ।<br>२. निर्माण गरेका कार्यविधिको आवश्यकता अनुसार परिमार्जन गरी कार्यान्वयन गर्ने ।<br>३. मातृभाषाको कक्षा सञ्चालन गर्न चाहने विद्यालयको लागि कानुनी रुपमा प्रोत्साहन गर्ने ।<br>४. अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहुँच सम्बन्धी कार्यविधिको आवश्यकता अनुसार परिमार्जन गर्ने ।<br>५. सबै बालबालिकाहरूको शिक्षामा पहुँच र गुणस्तर सुधारका लागि निर्माण भएका कार्यविधिको आवश्यक कार्यान्वयनमा जोड दिने ।<br>६. सामुदायिक विद्यालयको सेवा क्षेत्र तोक्न निर्माण भएको कार्यविधिको आवश्यकता अनुसार अद्यावधिक गर्दै कार्यान्वयनमा जोड दिने ।<br>७. प्राविधिक शिक्षाको विकास र प्रबर्द्धन गरी दक्ष जनशक्ति उत्पादनका लागि निजी सामुदायिक लगानी सम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्ने । | १. शिक्षाको विकासका लागि निर्माण गरिएको नीति नियमको आवश्यक परिमार्जन गर्ने । |

**ख.** दमक नगरपालिकामा विद्यालय शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक संरचना निर्माण हुन बाँकी रहेकोले निर्माण हुन बाँकी संरचनाको निर्माण गरी उक्त संरचनाको क्षमता विकास गर्नुका साथै शिक्षामा भएका प्रगतीको समिक्षा, प्रभावकारी अनुगमन, शिक्षाको विकासका लागि आवश्यक योजना निर्माण र कार्यान्वयन जस्ता पक्षलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि तपसिल अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वडा शिक्षा समिति गठन र क्षमता विकास गर्ने । | १. नगर र वडा शिक्षा समितिको नियमित क्षमता अभिवृद्धि गर्ने । | १. गठन भएका समितिहरूको स्वपरिचालनका लागि आवश्यक वातावरण निर्माण गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. वडा शिक्षा समितिमार्फत् विद्यालयको प्रगतिको नियमित समिक्षा गर्न थालनी गर्ने । | २. वडा शिक्षा परिषद् मार्फत् विद्यालयको प्रगति समिक्षा गर्ने परिपाटी वार्षिक योजनामा अभिलेख गर्ने । | |
| ३. वडा शिक्षा योजना निर्माण गर्ने । | ३. वडा शिक्षा योजनाको नियमित समिक्षा र अद्यावधिक गर्ने । | |
| ४. विद्यालयको भौतिक, शैक्षणिक र व्यवस्थापन तथा शिक्षक/ कर्मचारीको जवाफदेहितालाई केन्द्रित गरेर नगर शिक्षा योजना निर्माण गर्ने । | ४. नगर शिक्षा योजनाको नियमित समिक्षा र अद्यावधिक गर्ने । | ४. शिक्षाको योजनाबद्ध विकासका लागि योजना शाखामा पर्याप्त जनशक्तिको व्यवस्थापन गर्ने प्रभावकारी योजना निर्माण गर्ने । |
| ५. सबै विद्यालयको विद्यालय सुधार योजना निर्माण गर्ने साथै विद्यालयको अभिलेख तयार गर्ने । | ५. विद्यालय सुधार योजना र विद्यालय अभिलेखको अद्यावधिक गर्ने । | |
| ६. नगर तथा वडाहरूमा शिक्षा अनुगमन समिति गठन गर्ने । | ६. प्रत्येक वडामा वडा शिक्षा समितिको माध्यमबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | |

**ग.** नगरपालिकाभित्रका बाल विकास केन्द्रमा भर्ना हुने उमेरका बालबालिका सबै बाल विकास केन्द्रमा भर्ना भएका छैनन् । बाल विकास केन्द्रको सिकाई वातावरण बालमैत्री बनाई सबै बाल विकास उमेरका बालबालिकाहरूलाई बाल विकासमा भर्ना गरी बाल विकासको खुद भर्नादर शत प्रतिशतमा पुऱ्याउन बाल विकासको शैक्षिक एवं भौतिक वातावरण प्रभावकारी बनाउनका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. बाल विकास केन्द्र नभएका विद्यालयमा वा समुदायमा आवश्यक भएका स्थानमा बाल विकास केन्द्र स्थापना गर्ने । | १. स्थापना भएका बाल विकास केन्द्रको भौतिक व्यवस्थापन गर्ने । | १. बाल विकास केन्द्र सञ्चालन भएका भवन वा कक्षाकोठा अपांगमैत्री बनाउने । |
| २. अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरी बाल विकास केन्द्रमा भर्ना हुने उमेरका सबै बालबालिकाहरूलाई बाल विकासमा ल्याउने । | २. बाल विकास केन्द्रका अभिभावकलाई बालबालिका बाल विकासमा नियमित पठाउन थप प्रोत्साहनका कार्यक्रम निर्माण गर्ने । | २. बाल विकास केन्द्र सबै अभिभावकको आकर्षणको केन्द्रको रुपमा विकास गरी शत प्रतिशत बालबालिका बाल विकास बाट कक्षा १ मा भर्ना हुने वातावरण तयार गर्ने । |
| ३. बाल विकास केन्द्रको बसाई व्यवस्थापन र सिकाई वातावरण बालमैत्री र भयरहित बनाउने । | ३. बाल विकास केन्द्रको सिकाई वातावरण निरन्तर बालमैत्री र भयरहित बनाउन थप प्रोत्साहनल गर्ने । | ३. बाल विकास केन्दलाई बाल विकास उमेरका बालबालिकाहरूको लागि पूर्ण बालमैत्री वातावरण तयार गर्ने । |
| ४. बाल विकास केन्द्रका सबै सहजकर्ताहरूलाई मन्टेश्वरी शिक्षण विधि सम्बन्धी तालिम प्रदान गर्ने । | ४. तालिम प्राप्त सहजकर्ताहरूलाई उनिहरूको सीप र क्षमता कक्षाकोठामा लैजाने वातावरण तयार गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ५. बाल विकास केन्द्रका सहजकर्ताहरूलाई उचित पारिश्रमिकको व्यवस्था गर्ने । | ५. बाल विकास शिक्षा सहज र सर्वसुलभ बनाउन नगरबाट विनियोजन हुने रकममा बाल विकासका लागि विशेष प्राथमिकता दिने । | |
| **घ.** दमक नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा खानेपानी, शौचालय, घेराबार, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, प्राथमिक उपचार कक्ष, खेलकुद सामग्री, शैक्षिक सामग्री लगायत धेरैजसो विद्यालयहरूमा अपाङ्गमैत्री विद्यालय भवन र शौचालयको व्यवस्था हुन सकेको छैन जसलाई नक्सा नं. ६ र ७ मा सुचित गरिएको छ । | | |

**नक्सा ६/५.२.१ : माध्यमिक विद्यालयमा भौतिक र शैक्षिक सुविधामा कमी सम्बन्धी विवरण**




माथि नक्सामा देखाइएको संकेतले क्रमश: विज्ञान र कम्प्युटर प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार कक्ष, घेराबार, बालक र बालिकाको लागि छुट्टै शौचालय र खानेपानी सुविधा नभएको जनाउँछ ।

**नक्सा ७/५.२.१: आधारभूत विद्यालयमा भौतिक र शैक्षिक सुविधामा कमी सम्बन्धी विवरण**




| S.N | Name |
|---|---|
| 1 | Tarabari |
| 2 | Janjyoti |
| 3 | Bidyodaya |
| 4 | Dipini |
| 5 | Janata |
| 6 | Jana Chetana |
| 7 | Chulachuli |
| 8 | Shree Mahalaxmi |
| 9 | Sagarmatha |
| 10 | Janta |
| 11 | Saraswati |
| 12 | Pashupati |

नक्सामा देखाइएको S, C, L, F, B, T, D संकेतले क्रमश: विज्ञान र कम्प्युटर प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार कक्ष, घेराबार, बालक र बालिकाको लागि छुट्टै शौचालय र खानेपानी सुविधा नभएको जनाउँछ ।

नक्सा नं. ६ र ७ मा देखाइएका अनुसार बालबालिकाको विद्यालयमा पहुँच, बालमैत्री र भयरहित सिकाई वातावरण तयार गर्नका विभिन्न चुनौति रहेका छन् । तसर्थ, विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तर सुधार, भौतिक निर्माण र सेवा सुविधा प्रभावकारी बनाउने साथै आवश्यकता अनुसार प्राविधिक विद्यालय स्थापना र सञ्चालनका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विद्यालयको क्षमता, विद्यार्थी संख्या र पूर्वाधारको अवस्थाका आधारमा पूर्वाधार निर्माण वा सुधारको सूची निर्माण र प्राथमिकता तय अत्यावश्यक सामुदायिक विद्यालयको भौतिक पूर्वाधार (नयाँ भवन निर्माण, कक्षाकोठा मर्मत) निर्माण र सुधारको कार्य अघि बढाउने । | १. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकताका आधारमा निरन्तरता दिने । | १. विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री र बालमैत्री संरचनाको लागि विशेष आधार तयार गरी पूर्ण कार्यान्वयन गर्ने । |
| २. घेराबार निर्माण नभएका ४ ओटा सामुदायिक विद्यालयमा घेराबार निर्माण गर्ने । | २. घेराबार निर्माण भएका तर जीर्ण रहेका १० ओटा सामुदायिक विद्यालयमा घेराबार मर्मत सम्पन्न गर्ने । | २. घेराबार निर्माण भएका तर जीर्ण रहेका ११ ओटा सामुदायिक विद्यालयमा घेराबार मर्मत सम्पन्न गर्ने र सबै सामुदायिक विद्यालयलाई भौतिक र मनोवैज्ञानिक रुपमा सुरक्षित बनाउने । |
| ३. खानेपानी सेवा नपुगेका कम्तीमा ४ ओटा सामुदायिक विद्यालयमा खानेपानी सेवा विस्तार गर्ने । | ३. खानेपानी सेवा नपुगेका सबै सामुदायिक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने । | |
| ४. छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय नभएका ३ ओटा सामुदायिक विद्यालयहरूमा छुट्टाछुट्टै शौचालयको निर्माण गर्ने, २ ओटामा मर्मत गर्ने । | ४. छात्रा र छात्रहरूका लागि सबै सामुदायिक विद्यालयमा छुट्टाछुट्टै शौचालयको निर्माण सम्पन्न गरी प्रभावकारी सञ्चालन गर्ने । | |
| ५. विज्ञान प्रयोगशाला नभएका २ वटा माध्यमिक र २ वटा आधार भूत सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणका गर्ने । | ५. विज्ञान प्रयोगशाला नभएका १ ओटा माध्यमिक र ३ ओटा आधारभूत सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणका गर्ने । | ५. विज्ञान प्रयोगशाला हुन बाँकी २ ओटा आधारभूत सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणका गर्ने । |
| ६. पुस्तकालय नभएका विद्यालयहरूमा पुस्तकालय सञ्चालनका लागि आवश्यक तयारी गरी कम्तीमा ५ ओटा सामुदायिक विद्यालयमा पुस्तकालय स्थापना गर्ने । | ६. पुस्तकालय स्थापना हुन बाँकी समुदायिक विद्यालयमा पुस्तकालयको स्थापना र सञ्चालन गर्ने साथै सबै सामुदायिक विद्यालयमा इ पुस्तकालय सञ्चालन गर्ने । | ६. तहगत पुस्तकालय सञ्चालन गर्ने । |
| ७. कम्प्युटर प्रयोगशाला नभएका ३ ओटा सामुदायिक विद्यालयमा कम्प्युटर प्रयोगशाला निर्माण र सञ्चालन गर्ने । | ७. कम्प्युटर प्रयोगशाला नभएका ४ ओटा सामुदायिक विद्यालयमा कम्प्युटर प्रयोगशाला निर्माण र सञ्चालन गर्ने । | ७. कम्प्युटर प्रयोगशालाको प्रभावकारी सञ्चालनका कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ८. पूर्वाधार, विद्यार्थी संख्या लगायतका मापदण्डका आधारमा मर्ज गर्न सकिने सम्भावना भएका विद्यालयहरूलाई मर्ज गर्नका लागि आवश्यक अध्ययन पूरा गरी मर्ज गर्न थालनी गर्ने । | ८. मर्ज गर्न आवश्यकता देखिएका सबै सामुदायिक विद्यालय मर्ज गर्ने र मर्ज भएर खाली भएका विद्यालय भवनलाई अन्य सामुदायिक प्रयोगमा ल्याउने । | |
| ९. अपाङ्गता भएका बालबालिकाहरूको लागि नगरपालिकास्तरमा आवासीय विद्यालय निर्माणका लागि आधार तयार गर्ने । | ९. अपाङ्गता भएका बालिकाहरूको लागि १ वटा आवासीय विद्यालय निर्माण र सञ्चालन गर्ने । | ९. अपाङ्गता भएका भएका बालबालिकाहरूको लागि आवासीय विद्यालय निरन्तरताका लागि कोषको व्यवस्था गर्ने । |
| १०. स्थानीय सामग्री प्रयोग गरेर शैक्षिक सामग्रीको निर्माण र प्रयोग गराउने । | १०. शैक्षिक सामग्री निर्माण र प्रयोगका लागि सबै विद्यालयलाई अनिवार्य गराउने । | १०. शैक्षिक सामग्रीको निर्माण र प्रयोगका आधारमा विद्यालयलाई पुरस्कृत गर्ने । |
| ११. प्राथमिक उपचार कक्ष निर्माण गर्न बाँकी ४ वटा मा.वि.मा प्राथमिक उपचार कक्ष निर्माण र सञ्चालन । | ११. प्राथमिक उपचार कक्ष निर्माण हुन बाँकी सबै आधारभूत विद्यालयमा प्राथमिक उपचार कक्षको निर्माण सञ्चालन गर्ने । | ११.सबै सामुदायिक विद्यालयमा प्राथमिक उपचार कक्षलाई प्रभावकारी व्यवस्थापन गर्ने । |
| १२. सबै सामुदायिक विद्यालयमा कम्तीमा ५ कक्षासम्म अंग्रेजी माध्यमबाट पठनपानठन अनिवार्य सुरुवात गर्नका लागि वातावरण तयार गर्ने । | १२. सामुदायिक विद्यालयको कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट पठनपाठन अनिवार्य गर्ने । | १२. आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठनपाठन अनिवार्य गर्ने । |
| १३. सबै सामुदायिक विद्यालयलाई निरन्तर मुल्यांकन प्रणाली कार्यान्वयनका लागि तालिम प्रदान गर्ने । | १३. निरन्तर मुल्यांकन प्रणाली सबै सामुदायिक विद्यालयमा अनिवार्य र व्यवहारिक बनाउने । | १३. निरन्तर मुल्यांकन प्रणालीप्रति अभिभावक र सरोकारवालाको विश्वास जित्ने वातावरण तयार गर्ने । |
| १४. पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलापको लागि शिक्षकलाई अभिप्रेरित हुने तालिम प्रदान गर्ने । | १४. सबै सामुदायिक विद्यालयमा पाठ्यक्रमका आधारित शिक्षण सिकाई क्रियाकलाप अनिवार्य गर्ने । | १४. पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलापको आधारमा विद्यालयलाई थप प्रोत्साहन गर्ने । |
| १५. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्य सम्पादन मुल्यांकन प्रकृयालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्य सम्पादन सम्झौता गर्ने । | १५. शिक्षकहरूलाई कार्य प्रगतिका आधारमा थप प्रोत्साहन र नसिहतको व्यवस्था गर्ने । | १५. शिक्षकहरूलाई कार्य सम्पादनका आधारमा ग्रेड वृद्धि गर्ने । |
| १६. सामुदायिक विद्यालयको औसत सिकाई उपलब्धी वृद्धिका आधारहरू तयार गर्ने । | १६. विद्यालयहरूलाई औसत सिकाई उपलब्धीका आधारमा पुरस्कृत गर्ने । | १६.सामुदायिक विद्यालयको औसत सिकाई उपलब्धी दर तहगत र कक्षागत रुपमा कम्तीमा विषयगत बि प्लस श्रेणीमा पुऱ्याउने आधार तयार गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १७. सामुदायिक विद्यालयमा विद्यालय बसको व्यस्थाका लागि पूर्व तयारी गर्ने । | १७. विद्यालय बस सञ्चालनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने । | १६. सबै सामुदायिक विद्यालयमा विद्यालय बसको व्यवस्था गर्ने । |
| १८. सामुदायिक विद्यालयको आधार भूत तहसम्म दिवा खाजाको व्यवस्था प्रभावकारी गर्नका लागि वातावरण तयार गर्ने । | १८. सामुदायिक विद्यालयको कक्षा ८ सम्म दिवा खाजाको व्यवस्था गर्ने । | १८. सामुदायिक विद्यालयको आधारभूत तहसम्म दिवा खाजा सञ्चालन तथा थप प्रोत्साहन गर्ने । |
| १९. माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्सको व्यवस्थाको लागि वातावरण तयार गर्ने । | १९. माध्यमिक तहमा एक विद्यालय एक नर्सको व्यवस्था कार्यान्वयन गर्ने । | |
| २०. इ-हाजिरीको व्यवस्था हुन बाँकी ८ ओटा सामुदायिक विद्यालयमा इ–हाजिरीको व्यवस्था गर्ने । | २०. इ-हाजिरिको व्यवस्था हुन बाँकी ४ ओटा सामुदायिक विद्यालयमा इ–हाजिरीको व्यवस्था गर्ने । | |
| २१. माध्यमिक तहमा प्राविधिक धार सञ्चालनका लागि आवश्यक आधार तयार गरी २ वटामा प्राविधिक धार थप गर्ने । | २१. कम्तीमा २ वटा माध्यमिक विद्यालयमा प्राविधिक धार थप गर्ने । | २१. सामुदायिक माध्यमिक विद्यालयको कम्तीमा ९० प्रतिशत प्राविधिक धार सञ्चालन गर्ने व्यवस्था गर्ने । |
| २२. विद्यालयका शिक्षकहरूलाई क्षमता विकास तालिम प्रदान गर्ने । | २२. विषयगत शिक्षकहरूलाई क्षमता विकास तालिम प्रदान गर्दै प्रविधिमैत्री बनाउने । | २२. विद्यालयका सबै शिक्षकहरूलाई प्रविधिमैत्री तालिम प्रदान गर्ने । |
| २३. बहु प्राविधिक विद्यालय सञ्चालन गर्ने ।(विद्यालयको DPR तयार गर्ने) | २३. नगरपालिका भित्र सञ्चालित बहु प्राविधिक विद्यालयको भौतिक पूर्वाधार सञ्चालन गर्ने । | |
| २४. संस्कृत र नैतिक शिक्षाको व्यवहारिक कार्यान्वयनका लागि आधार तयार गर्ने । | २४.संस्कृत र नैतिक शिक्षा सम्बन्धी पाठ्यक्रम निर्माण गरी कायान्वयन गर्ने | |
| २५. अनौपचारिक शिक्षालाई सामुदायिक सिकाई केन्द्रमार्फत् अगाडि बढाउनका लागि आवश्यक आधार तयार गर्ने । | २५. अनौपचारिक शिक्षालाई सामुदायिक सिकाई केन्द्रमार्फत् सञ्चालन गर्ने । | |
| २६. विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई वैकल्पिक कक्षाको माध्यमबाट औपचारिक शिक्षाका लागि प्रोत्साहन गर्ने आधार तयार गर्ने । | २६. नगरभित्रका विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिकाहरूको लागि वैकल्पिक कक्षा सञ्चालन गर्ने । | |
| २७. बालमैत्री स्थानीय शासनको कार्यान्वयनका लागि आधार तयार गर्ने । | २७. बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयन गर्ने । | २७. बालमैत्री स्थानीय शासनलाई दिगो र व्यवस्थित बनाउने । |

ङ. विद्यालय प्रशासन तथा व्यवस्थापनको अभिभावकप्रति जवाफदेहिता प्रभावकारी हुन सकेको छैन । विद्यालय प्रशासन र व्यवस्थापनलाई क्षमता विकास गरी अभिभावकप्रति जवाफदेही बढाउन सकेमा सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास बढाउन सकिनेछ जसले गर्दा सामुदायिक विद्यालयमा बालबालिकाको नियमितता, गुणस्तर अभिवृद्धि जस्ता पक्षमा सहयोग पुग्ने भएकोले विद्यालय प्रशासन र व्यवस्थापनको क्षमता विकास गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नका लागि निम्न अनुसारका प्राथमिकता तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको प्रभावकारी व्यवस्थापनको लागि तालिम प्रदान गर्ने । | १. विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन र विद्यालय सुधार योजना निर्माण र अद्यावधिक सम्बन्धी क्षमता विकास तालिम प्रदान गर्ने । | १. नगरपालिकामा शिक्षाको विकासका लागि बटम अप योजना तर्जुमा प्रकृयाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने । |
| २. पारदर्शिता र जवाफदेहिता अभिवृद्धि साथै सुचनाको स्वतः प्रकाशन सम्बन्धी विद्यालयका शिक्षक र व्यवस्थापन समितिलाई क्षमता विकास तालिम दिने । | २. पारदर्शिता र जवाफदेहिता प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, उत्कृष्ठ विद्यालयहरूलाई पुरस्कृत गर्ने । | २. विद्यालय शासनलाई पारदर्शिता र जवाफदेहिताको सुनिश्चित गर्ने । |
| ३. शैक्षिक सुचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनका लागि प्राविधिकको क्षमता विकास गर्ने । | ३. सबै सामुदायिक विद्यालयमा आवश्यक उपकरणसहित प्रभावकारी शैक्षिक सुचना व्यवस्थापन प्रणाली स्थापना र प्रभावकारी कार्यान्वयन गर्ने । | |
| ४. अनलाइनमा आधारित एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । | ४. अनलाइनमा आधारित एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणालीको व्यवहारिक र नतिजामुखी बनाउने । | |

**तालिका ३/५.२.१ : शिक्षा विकासको आवधिक अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य (आ.व. २०९६/९७)**

| क्र.सं. | उपलब्धी सुचक | एकाई | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|---|
| १. | १५ वर्ष माथिको जनसंख्याको साक्षरतादर | प्रतिशत | ८१ | ८३ | ८८ | ९९ |
| २. | १५ देखि ३९ वर्षको युवाहरूको साक्षरतादर | प्रतिशत | ९४ | ९५ | ९८ | ९९.५ |
| ३. | प्रारम्भिक बाल विकासको खुद भर्नादर | प्रतिशत | ९७ | ९८ | ९९ | १०० |
| ४. | प्राथमिक तह (१ देखि ५) खुद भर्नादर | प्रतिशत | ८७ | ९२ | ९८ | ९९ |
| ५. | आधारभूत (१ देखि ८) तहको खुद भर्नादर | प्रतिशत | ७६.८० | ८० | ८८ | ९५ |
| ६. | माध्यमिक तहको खुद भर्नादर | प्रतिशत | ८०.१८ | ८५ | ९० | ९५ |
| ७. | आधारभूत तहको औसत सिकाई उपलब्धी दर | प्रतिशत | ६० | ६२ | ७० | ८० |
| ८. | माध्यमिक तहको सिकाई उपलब्धी दर | प्रतिशत | ५५ | ६० | ७५ | ८० |
| ९. | विद्यालय छाड्ने दर (कक्षा १ देखि ५) | प्रतिशत | ५.२० | ३ | १.५ | ०.५ |
| १०. | विद्यालय छाड्ने दर (कक्षा ६ देखि ८) | प्रतिशत | ६.५ | ५ | ३.५ | १.५ |

| क्र. सं. | उपलब्धी सुचक | एकाई | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|---|
| ११. | विद्यालय छाड्ने दर (कक्षा ९ देखि १२) | प्रतिशत | ६.९० | ५ | ३ | २ |
| १२. | सामुदायिक विद्यालयमा पुस्तकालयको स्थापना र सञ्चालन शत प्रतिशत विद्यालयमा पुऱ्याउने | संख्या | १३ | १८ | २१ | २१ |
| १३ | सामुदायिक विद्यालयमा (पिउन योग्य) स्वच्छ सफा पानीको व्यवस्था शत प्रतिशत विद्यालयमा पुर्‍याउने | संख्या | १३ | १७ | २१ | २१ |
| १४ | विद्यालयमा सुरक्षित घेराबारको व्यवस्था निर्माण/मर्मत शत प्रतिशत विद्यालयमा पुऱ्याउने। | संख्या | १७ | २१ | १० मर्मत | ७ मर्मत |
| १५ | शत प्रतिशत विद्यालयमा छात्रछात्राको लागि छुट्टाछुट्टै शौचालय निर्माण गर्ने। | संख्या | १८ | २१ (३ निर्माण २ मर्मत) | २१ | २१ |
| १६ | शत प्रतिशत विद्यालयमा कम्प्युटर प्रयोगशाला स्थापना र सञ्चालन गर्ने। | संख्या | १४ | १७ | २१ | २१ |
| १७ | शत प्रतिशत माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सञ्चालन गर्ने। | संख्या | ६ | ८ | ९ | ९ |
| १८ | कम्तीमा ७० प्रतिशत आधारभूत विद्यालयमा विज्ञान प्रयोगशाला सञ्चालन गर्ने। | संख्या | १ | ३ | ६ | ८ |
| १९ | विद्यालय शिक्षामा महिला शिक्षिका | प्रतिशत | ५० | ५५ | ७० | ७५ |
| २० | सामुदायिक विद्यालयको माध्यमिक तह सञ्चालन भएका विद्यालयहरूमा प्राविधिक धार सञ्चालन। | संख्या | २ | २ | ४ | |
| २१ | आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठन पाठन सञ्चालन गर्नका लागि शिक्षकलाई तालिम | पटक | ० | १ | २ | २ |
| २२ | निरन्तर मुल्याङ्कन प्रणाली सम्बन्धी शिक्षकलाई तालिम/पुनर्ताजकीय | पटक | ० | १पटक (२३४ शिक्षक) | २ पटक (२३४ शिक्षक) | २ पटक (२३४ शिक्षक) |
| २३ | पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलाप सम्बन्धी शिक्षक तालिम | पटक | ० | २ | ३ | २ |
| २४ | शैक्षिक सामग्री सहयोग | पटक | ० | २ | ७ | ११ |
| २५ | खेलकुद सामग्री सहयोग (नगरमा भएका २३ वटै विद्यालयलाई ) | पटक | ० | १ | ३ | ५ |
| २६ | विद्यालय बस सञ्चालनमा सहयोग (पहिलो २ वर्ष तयारी मध्यकालीनमा मा.वि. सबैमा र दीर्घकालीनमा ७ आ.वि.मा) | संख्या | ० | ० | ९ | ७ |
| २७ | सामुदायिक विद्यालयको आधारभूत तहसम्म दिवा खाजाको व्यवस्था गर्ने | संख्या | ० - ५ २१ (सबै) | ० - ५ सबै ६ - ८ (२) | ० - ५ सबै ६ - ८ (५) | ० - ५ सबै ६ - ८ (७) |
| २८ | शत प्रतिशत विद्यालयमा इ-हाजिरीको व्यवस्था गर्ने | संख्या | ९ | १७ | २१ | २१ |
| २९ | कम्तीमा ९० प्रतिशत माध्यमिक तहमा प्राविधिक धार सञ्चालन गर्ने | संख्या | २ | ४ | ६ | ८ |
| ३० | बहुप्राविधिक विद्यालय सञ्चालन | संख्या | १ | २ | ३ | ३ |

| क्र.सं. | उपलब्धी सुचक | एकाई | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|---|
| ३१ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीका लागि आवश्यक प्रविधि र उपकरण सहयोग | संख्या | ६ | १३ | २१ | २१ |
| ३२ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी शिक्षकलाई तालिम | पटक | १ | १ | २ | ४ |
| ३३ | शिक्षा ऐन, नियम र कार्यविधि निर्माण सम्बन्धी जनप्रतिनिधिलाई अभिमुखिकरण, निर्माण र नियमित अद्यावधिक (प्रत्येक पटक निर्वाचित) | संख्या | ० | १ | १ | १ |
| ३४ | नगर शिक्षा समिति गठन र समितिका पदाधिकारीहरूलाई क्षमता विकास तालिम/पुनर्ताजकीय तालिम | पटक | ० | १ | २ | ७ |
| ३५ | वडा शिक्षा समिति गठन, पुनर्गठन र क्षमता विकास तालिम (१० वटा वडा प्रत्येक वडामा ७ जना, पदावधि २ वर्ष) | पटक | ० | १ पटक १० ओटै वडामा | ३ पटक १० ओटै वडामा | ६ पटक १० ओटै वडामा |
| ३६ | नगर शिक्षा योजना निर्माण र अद्यावधिक | पटक | ० | १ | १ | ३ |
| ३७ | वडा शिक्षा योजना निर्माण र अद्यावधिक (१० वटै वडामा एकपटक निर्माण गर्ने र २ वर्षको अवधिमा अद्यावधिक गर्ने) | पटक | ० | १ | २ | ६ |
| ३८ | विद्यालय सुधार योजना निर्माण र अद्यावधिक | पटक | १ | १ पटक २१ वटा विद्यालय | १ पटक २१ विद्यालय | २ पटक २१ विद्यालय |
| ३९ | शत प्रतिशत बाल विकास केन्द्रमा बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्ने | संख्या | १५ | २५ | ३८ | ३८ |
| ४० | बाल विकास केन्द्रका सहजकर्ताहरूलाई मण्टेश्वरी विधिबाट शिक्षण सिकाई क्रियाकलाप सम्बन्धी तालिम/पुनर्ताजकीय तालिम | पटक | १ | १ | १ | १ |
| ४१ | बाल विकास केन्द्रका अभिभावकहरूलाई अभिभावक सचेतना कार्यक्रम (प्रत्येक वर्ष १ पटक ३८ वटा बाल विकासलाई) | पटक | १ | २ | ७ | ११ |
| ४२ | विद्यालय भवन /कक्षाकोठा मर्मत | संख्या | ० | ७ | १४ | २१ |
| ४३ | अपाङ्गता भएका बाल बालिकाहरूको लागि आवासीय विद्यालय भवन निर्माण | संख्या | ० | ० | १ | १ |
| ४४ | शत प्रतिशत सामुदायिक विद्यालयमा प्राथमिक उपचार कक्ष निर्माण गर्ने | संख्या | ८ | १२ | २१ | २१ |

## ५.२.२. स्वास्थ्य

## १. परिचय

दश वडामा विभाजित दमक नगरपालिकाका वडाहरूमा रहेका सरकारी अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र र ती अन्तर्गत रहेका प्रसुती केन्द्र र विभिन्न निजी स्वास्थ्य संस्थामार्फत् स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । साथै, महिला स्वास्थ्य स्वयंसेविकाहरूले आ–आफ्नो समुदायमा निरोधात्मक र प्रवर्द्धनात्मक कार्य गर्नुका साथै उपचारात्मक सेवा प्राप्तिको सहजीकरणमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएका छन् ।

नगरपालिकामा नेपाल सरकारको मापदण्ड अनुसार हरेक वडामा स्वास्थ्य चौकी नरहेता पनि सरकारी, सामुदायिक र निजी स्वास्थ्य संस्था तथा आधारभूत स्वास्थ्य केन्द्रबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। नगरभरि ३ वटा आफ्नै भवनसहित शहरी स्वास्थ्य केन्द्र र ६ वटा आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्। स्वास्थ्य शिविर र अन्य विस्तारित स्वास्थ्य सेवामार्फत् समुदायस्तरमा स्वास्थ्य सेवा प्रवाहको अभ्यास पनि नगरले गर्दै आएको छ। तथापि स्वास्थ्य संस्थामा आवश्यक भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण, जनशक्तिको अपर्याप्तता महशुस गरिएको छ।

## २. वर्तमान अवस्था

दमक नगरपालिकामा सरकारी स्तरका १५ शैयाको दमक अस्पतालसहित नगरका वडाहरूमा ८ वटा स्वास्थ्य संस्थाहरू र ९ वटा भन्दा बढी निजी स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सेवा प्रवाह हुँदै आएको छ। नगर जनसंख्याको अनुपातमा सरकारीस्तरका स्वास्थ्य संस्था अपुग छन्। निजी स्वास्थ्य संस्थाहरू बढी बजार केन्द्रित र विशेषगरी वडा नं. ५ र ६ मा धेरै रहेका छन्। यसरी सञ्चालनमा रहेका बजार केन्द्रित धेरैजसो औषधी पसल र केही निजी स्वास्थ्य संस्थाहरू मापदण्ड अनुरुप सञ्चालनमा रहेका नरहेको भने नगरको हिसाबले अनुगमन हुन सकेको छैन। संघीय सरकारको नीति अनुसार नगरपालिकाका हरेक वडाहरूमा स्वास्थ्य चौकी स्थापना हुनुपर्ने भए पनि सबै वडाहरूमा स्थापना हुन सकेको छैन। नगरका १० वटा सरकारी स्वास्थ्य संस्थाहरू मध्ये ४ वटा स्वास्थ्य संस्थाहरूको मात्र पक्की भवन छ। पक्की भवन भएका स्वास्थ्य संस्थाहरूको पनि केहीमा मात्र न्यूनतम राष्ट्रिय मापदण्ड अनुसारको भौतिक पूर्वाधारहरू छन् भने बाँकी आफ्नै भवन नभएका स्वास्थ्य संस्थाहरू वडा भवन र सामुदायिक भवनहरूमा अस्थायी रुपमा सञ्चालन भइरहेका छन्। नगरभरि ३ वटा आफ्नै भवनसहित शहरी स्वास्थ्य केन्द्र र ६ वटा आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्। आधारभूत स्वास्थ्य केन्द्रका आफ्नै भवन भने छैनन्। शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रहरूमा आवश्यक भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण, जनशक्ति प्रर्याप्त छैनन्। दमक अस्पतालमा पोष्टमार्टम, ओपीडी, प्रसुती, फार्मेसी, सेवा, स्वास्थ्य बिमा फार्मेसी लगायतका अन्य स्वास्थ्य सेवाहरू थप विस्तार गरिए पनि विशिष्ट स्वास्थ्य सेवा र कतिपय गम्भीर प्रकृतिका रोगको उपचारका लागि भने निजी स्वास्थ्य संस्थामा तथा नगर बाहिर विराटनगर, धरान, सिलगुडी लगायतका ठाउँहरूमा जानुपर्ने अवस्था रहेको छ।

नगरका गाउँ बस्ती रहेका वडाहरूमा विशेषगरी शरणार्थी बस्ती, सुकुम्बासी बस्ती र चिया बगान मजदुर बस्तीहरूका नागरिकहरूमा स्वास्थ्य सम्बन्धी जनचेतना तुलनात्मक रुपमा कम रहेको छ। नगरमा देखिएका प्रमुख सर्ने, नसर्ने रोगहरू तथा दीर्घ रोगहरू, यौन तथा प्रजनन शिक्षा, पोषण सम्बन्धी र अन्य स्वास्थ्य सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरू आदि सम्बन्धी विभिन्न शिविर तथा जनचेतनाका कार्यक्रमहरू कम मात्रामा हुने गरेको छ। यस नगरपालिकामा रक्तचाप, मधुमेह, बाथ/हाडजोर्नी दुख्ने, दम, थाइराइड र मुटु रोग सम्बन्धी रोगीहरू बढी मात्रामा रहेको छ। नगरपालिकामा हाल नगर रेडक्रसको स्थानीय इकाईको समन्वयमा एउटा रक्त सञ्चार केन्द्र सञ्चालनमा रहेको छ। नगर तथा सरकारी अस्पताल अर्न्तगत रक्त सञ्चार केन्द्र छैन। नगरभर एउटै रक्त सञ्चार केन्द्र रहेको छ, जुन अप्रयाप्त छ। नगरपालिकाको केन्द्रका नगरबासीहरूको पहुँच सहज देखिएता पनि वडाहरूको गाउँको बस्तीहरूमा गुणस्तरीय प्रसुती सेवाको अझै पहुँच पुग्न सकेको छैन। नगरभरि तीन वटा मात्र सरकारीस्तरको बर्थिङ सेन्टर रहेको छ जुन प्रयाप्त छैन। नगरमा हाल १० वटै वडाहरूमा रहेका खोप क्लिनिकमार्फत् सेवा दिँदै आए पनि स्वास्थ्य संस्था बाहिरका खोप स्थलहरूलाई व्यवथित बनाउन सकिएको छैन।

नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम दमक नगरपलिकामा लागु भइसकेको भए पनि स्वास्थ्य बिमा कार्यक्रमको सेवा लिन यस नगरपालिकामा झण्झटिलो, स्वास्थ्य बिमा अर्न्तगतका औषधीहरूको अभाव, सेवा लिन धरै समय लाग्ने गरेको छ। नगरको स्वास्थ्य क्षेत्रको सेवामा यो पनि एउटा प्रमुख समस्याको रुपमा रहेको छ। नगरमा हाल ७२ भन्दा बढी औषधीहरू आफ्ना स्वास्थ्य संस्थाहरूबाट वितरण गर्दै आएको भए पनि स्वास्थ्य संस्थाहरूमा निःशुल्क औषधीहरूको अभाव हुने गरेको समेत अनुभव छ।

जनशक्तिको अपर्याप्तता पनि स्वास्थ्य क्षेत्रको समस्याका रुपमा रहेको छ । सरकारी अस्पतालमा रहेका कतिपय उपकरण चलाउन सक्ने दक्ष जनशक्तिको स्थायी व्यवस्थापन गर्न बाँकी रहेको छ । नगरपालिकामा दरबन्दी अनुसारका स्वास्थ्य शाखामा आवश्यक कर्मचारी र स्वास्थ्य संस्थाहरूमा दक्ष र पर्याप्त स्वास्थ्यकर्मी, विशेषज्ञ चिकित्सक, स्वास्थ्य उपकरण चलाउन सक्ने दक्ष जनशक्तिहरूको कमी रहेको छ । विशेषज्ञ चिकित्सक र वडाका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रहरूमा स्वास्थ्यकर्मीहरू पर्याप्त छैनन् । केही आधारभूत स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरू एनमीको भरमा सञ्चालन गरिरहनु परेको छ । अस्पतालहरूमा बिरामीको चाप अनुसार विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरू नभएकोले स्वास्थ्य परीक्षण प्रक्रियालाई अपेक्षित छिटो गराउन सकिएको छैन ।

नगरमा १५ शैयाको दमक अस्पतालबाट उपचार उपलब्ध हुन नसकेका कतिपय रोगको उपचारका लागि निजी अस्पताल र कतिपय गम्भीर प्रकृतिका रोगको उपचारका लागि भने नगर बाहिर नै जानुपर्ने अवस्था रहेको छ ।

**नक्सा १/५.२.२ : नगरमा रहेका स्वांस्थ्य संस्था ।**



नगरपालिकाका स्वास्थ्य संस्था तथा तिनको पूर्वाधारको अवस्था यस प्रकार छ ।

**तालिका १/५.२.२ : नगरपालिकाका स्वास्थ्य संस्था तथा तिनको पूर्वाधार**

| वडा नं. | स्वास्थ्य संस्थाको नाम | भवन | कैफियत |
|---|---|---|---|
| १ | दमक अस्पताल<br>र स्वास्थ्य चौकी समाहित भएको | १५ शैयाको आफ्नै भवन | |
| २ | आधारभूत स्वास्थ्य केन्द्र | भवन निर्माण सुरु | भवन निर्माणका लागि बजेट विनियोजन भइसकेको । |
| ३ | आधारभूत स्वास्थ्य केन्द्र/शहरी स्वास्थ्य केन्द्र (भवन) | शहरी स्वास्थ्य केन्द्रको आफ्नै भवन रहेको/ आधारभूत स्वास्थ्य केन्द्रको निमार्णाधिन । | आधारभूत स्वास्थ्य केन्द्रका भवन निर्माणका लागि बजेट विनियोजन भइसकेको (नेपाल सरकारबाट) र जग्गा व्यवस्थापन भएको । |
| ४ | आधारभूत स्वास्थ्य केन्द्र | भवन निर्माणाधिन | बजेट विनियोजन भइसकेको (साझेदरीको रकम विनियोजन हुन बाँकी) । |
| ५ | स्वास्थ्य सेवा नै शुरु नभएको | स्वास्थ्य संस्था नै नभएको | स्थापनाको प्रक्रियामा रहेको । |
| ६ | आधारभूत स्वास्थ्य केन्द्र | भवन छैन | जग्गा प्राप्तीको प्रयास भइरहेको । |
| ७ | स्वास्थ्य सेवा नै शुरु नभएको | स्वास्थ्य संस्था नै नभएको | |
| ८ | आधारभूत स्वास्थ्य केन्द्र | भवन निर्माणाधिन | जग्गा प्राप्तीको प्रयास भइरहेको |
| ९ | शहरी स्वास्थ्य केन्द्र | भवन छ | |
| १० | शहरी स्वास्थ्य केन्द्र | भवन छ | |

नगरको सहकार्यमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत स्वास्थ्य क्षेत्रमा कार्यरत रहेका छन् । संविधानले दिएको अधिकार र जिम्मेवारीलाई व्यवस्थित गर्न "स्वास्थ्य तथा सरसफाई सेवा ऐन-२०७५" निर्माण भएको छ भने स्वास्थ्य नीति, नियमावली, निर्देशिकाहरू तथा कार्यविधि निर्माण हुने क्रममा रहेका छन् । नगरले स्वास्थ्य सेवा सुधार तथा सबै नगरबासी माझ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्दै आएको छ ।

सरकारी अस्पतालमा पोष्टमार्टम्, ओपीडी, प्रसुती, फार्मेसी सेवा, स्वास्थ्य बिमा लगायत सञ्चालन गरिएको छ । तथापि नगर अस्पतालमा रहेका कतिपय उपकरण चलाउन सक्ने दक्ष जनशक्तिको स्थायी व्यवस्थापन गर्न बाँकी रहेको छ । अस्पतालहरूमा बिरामीको चाप अनुसार विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरू नभएकोले स्वास्थ्य परीक्षण प्रक्रियालाई अपेक्षित छिटो गराउन सकिएको छैन । नगरले दमक अस्पतालमा प्रसुतीका लागि आउने बिरामीका लागि निःशुल्क सेवासहित एम्बुलेन्स सञ्चालन गरेको छ । नगरपालिकामा श्वास प्रश्वास, छाला रोग, ग्यास्ट्राइटिक्स तथा मौसमी स्वास्थ्य समस्या बढी मात्रामा देखिने गरेको छ । रक्तचाप, मधुमेह, बाथ/हाडजोर्नी दुख्ने, दम र मुटु रोग आदि बढी देखिएका छन् । २० वर्षभन्दा कम उमेरमा आमा बन्नु मातृ तथा शिशु दुबैको स्वास्थ्यका दृष्टिकोणबाट जोखिमपूर्ण हुने भएता पनि १५-१९ वर्षको बिचमा सन्तान जन्माउने दर पूर्ण रुपमा रोकिएको छैन ।

## ३. मुख्य अवसर र चुनौती

दीगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा नेपाल सरकारले मातृ मृत्युदर सन् २०१५ मा प्रति १ लाख २३८ रहेकोमा २०३० सम्म ६९ मा झार्ने, तालिम प्राप्त स्वास्थ्यकर्मीसँग प्रसुती गराउनेको अनुपात ५८ प्रतिशत रहेकोमा ९० प्रतिशत पुऱ्याउने, ५ वर्ष मुनीको बाल मृत्युदर प्रति १ हजारमा ३९ जनाबाट घटाई

२२ र नवजात शिशु मृत्युदर २३ बाट १० मा ल्याउने तथा कम उमेरमा बच्चा जन्माउने दर प्रति हजारमा ८८ बाट ३० मा झार्ने लक्ष्य राखेको छ । पोषण सुरक्षा कार्यक्रममार्फत् सन् २०३० सम्म कुपोषण दर ३६ बाट ३ प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ । त्यसैगरी ३० मिनेटभित्र स्वास्थ्य संस्थाको पहुँच प्राप्त भएका परिवारको अनुपात ६८ बाट बढाएर ९० प्रतिशत पुऱ्याउने लक्ष्य पनि सरकारले राखेको छ भने सरुवा रोग तथा पानीजन्य रोगलाई नगण्यस्तरमा झार्ने लगायत स्वास्थ्य क्षेत्रका समग्र सूचकमा सुधार ल्याउने लक्ष्य पनि लिएको छ । त्यसैले यी राष्ट्रिय लक्ष्य प्राप्तिमा नगरले संघीय सरकार र प्रदेश सरकार तथा अन्य निकायबाट सहयोग प्राप्त गर्नसक्ने अवसर छ ।

संघ तथा प्रदेश सरकारसँगको समन्वयमा वडास्तरमा थप सुविधायुक्त आधारभूत स्वास्थ्य केन्द्र तथा नगरमा अस्पताल स्थापना, भएका स्वास्थ्य संस्थाको स्तरोन्नती तथा निजीस्तरबाट सञ्चालन भएका स्वास्थ्य संस्थासँगको सहकार्यबाट नगरबासीलाई स्थानीय स्वास्थ्य संस्थाहरूबाटै आधुनिक, सर्वसुलभ र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने अवसर नगरलाई छ । संविधानले दिएको स्थानीय अधिकार अनुरुप नगर अनुकुल स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड तयार गरी त्यसै अनुरुप स्वास्थ्य सम्बन्धी कानुन, नीति, नियम, निर्देशिकाहरू तयार गरी आवश्यक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन, सेवा बिस्तार, सेवाको पहुँचमा अझ प्रभावकारी बनाउने अवसर रहेको छ ।

दमक नगरपालिकाका केही वडामा नेपाल सरकारको नीति अनुसार स्वास्थ्य चौकी स्थापना भइनसकेको अवस्थामा स्वास्थ्य चौकी स्थापना गर्ने, भएका स्वास्थ्य संस्थाहरूमा भौतिक पूर्वाधारको न्यूनतम राष्ट्रिय मापदण्ड अनुकुल स्तरोन्नती गर्ने, विशिष्टीकृत स्वास्थ्य सेवासहित स्थानीय स्वास्थ्य संस्थाको स्तरोन्नती वा नयाँ स्वास्थ्य संस्था स्थापना र सञ्चालन गर्ने, नगरको सामुदायिक र निजी क्षेत्रका स्वास्थ्य संस्थासँगको समन्वय बढाउने तथा स्वास्थ्य क्षेत्रको अनुगमन र सुपरिवेक्षण गर्ने तथा सीमित स्रोत साधनका बिच सबै नगरबासीसम्म विशिष्टीकृत स्वास्थ्य सेवाको पहँच सुनिश्चित गर्ने चुनौती रहेको छ ।

## ४. लक्ष्य

भरपर्दो, विशिष्टिकृत र पहुँचयोग्य स्वास्थ्य सेवासहितको स्वस्थ दमक बनाउने ।

## ५. उद्देश्य

स्वास्थ्य सेवा विस्तार र सुदृढीकरण गरी विशिष्टीकृत स्वास्थ्य सेवा स्थानीयस्तरमा नै उपलब्ध गराई नगरबासीलाई निःशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।

## ६. रणनीति तथा कार्यानीतिहरू

**तालिका २/५.२.२ : स्वास्थ्यका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. सबै नगरबासीलाई आधाभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने गरी स्वास्थ्य सेवाका पूर्वाधार सुधार र सेवा विस्तार गर्ने । | १. राष्ट्रिय मापदण्ड अनुरुप आधारभूत स्वास्थ्य सेवाहरू नगर र वडास्तरमा रहेका स्वास्थ्य संस्थाबाट पूर्ण रुपमा निःशुल्क गरिने छ । त्यसका लागि नेपाल सरकारले उपलब्ध गराउने स्रोत र साधनमा अपर्याप्तता रहेमा नगरका तर्फबाट पूर्ति गरिने छ ।<br>२. स्वास्थ्य सेवामा गरीब, सीमान्तकृत, दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरूको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम तथा गृह सेवा जस्ता लक्षित कार्यक्रम आवश्यक परिमार्जन सहित निरन्तरता दिइने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. स्वास्थ्य संस्थाका भौतिक पूर्वाधारहरूलाई अपाङ्गता भएका व्यक्ति, बाल तथा ज्येष्ठ नागरिकमैत्री बनाइने छ। शारीरिक रुपमा विशेष सुविधा आवश्यक रहेका व्यक्तिका लागि सेवा सहजताका लागि वर्तमान अभ्यासमा आवश्यक सुधार गरिने छ।<br>४. स्वास्थ्य संस्थाको थप पूर्वाधार व्यवस्थापन, सेवा सञ्चालन वा विस्तार गर्दा बढी परिवार र जनसंख्यालाई पायक पर्ने स्थान छनौट गरिने छ।<br>५. परिवार स्वास्थ्य बिमा सेवालाई थप व्यवस्थित गरी अति विपन्न परिवार, अपाङ्गता भएका व्यक्ति र असहाय ज्येष्ठ नागरिकको स्वास्थ्य बिमा वडास्तरबाटै निःशुल्क रुपमा गर्न आवश्यक प्रबन्ध गरिने छ।<br>६. नगर अस्पतालमा बालरोग, स्त्री तथा प्रजनन स्वास्थ्य तथा नसर्ने रोग लगायत अन्य विशेषज्ञ सेवा प्रदान गर्न र सेवा सुधार गर्न दक्ष जनशक्ति तथा न्यूनतम स्वास्थ्य उपकरणको व्यवस्थापन गरिने छ। यसका लागि विभिन्न निकायसँग समन्वय र साझेदारी गरिने छ।<br>७. अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने पूर्वाधार र सेवाको गुणस्तर निर्धारण र मापन प्रणाली निर्माण कार्यान्वयन गरिने छ। यसका लागि आवश्यकता अनुसार संघ र प्रदेशस्तरका सम्बन्धित निकायसँग समन्वय गरिने छ।<br>८. समुदायस्तरीय प्रेषण प्रणाली (महिला स्वयंसेविका, आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र) सवलीकरण गरी स्वास्थ्य सेवा लिन समयमा नै स्वास्थ्य संस्था जाने अभ्यास बढाइने छ। जटिल प्रकृतिको र नसर्ने रोग रोकथाम र निदानका लागि यो सेवाको अधिकतम उपयोग गरिने छ।<br>९. विपद्को समयमा प्राथमिक उपचार लगायत आपत्कालीन उपचार सेवा प्रभावकारी बनाउन नगरस्तरीय ट्रमा सेवा सुदृढीकरण गरिने छ। दमक अस्पतालामा ट्रमा सेवा इकाई स्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय गरिने छ।<br>१०. आयुर्बेद, होमियोप्याथिक, प्राकृतिक तथा चिकित्सा सेवासहितको एकीकृत स्वास्थ्य सेवाको विकास तथा विस्तार गर्न समन्वय र सहजीकरण गरिने छ। व्यायाम र योगाभ्यासलाई स्वास्थ्य क्षेत्रको अभिन्न अंगको रुपमा विकास गर्न पूर्वाधार तयारी तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनमा विभिन्न पक्षसँग समन्वय र साझेदारी गरिने छ। हरित नगरको सोचलाई स्वास्थ्य समस्या न्यूनिकरणको कार्यक्रमको रुपमा समेत अघि बढाइने छ।<br>११. मानसिक स्वास्थ्य सेवालाई आधारभूत जनस्वास्थ्य सेवाको रुपमा सञ्चालन र व्यवस्थापन गरिने छ। मानसिक उपचार सेवाको वर्तमान अभ्यासलाई परिमार्जन र संस्थागत गरिने छ। त्यसका लागि संघ, प्रदेश र जिल्लास्तरका सम्बन्धित निकाय तथा सहयोगी निकायसँग समन्वय गरिनेछ।<br>१२. वडास्तरमा खोप केन्द्रको पूर्वाधार र सेवा व्यवस्थापन गरी पूर्ण खोप सुनिश्चिततालाई निरन्तता दिइने छ। साथै, पोषण सेवालाई खोप सेवासँगै आवद्ध गरिने छ।<br>१३. STI तथा HIV AIDS संक्रमितहरूको शीघ्र पहिचान र निःशुल्क उपचारका लागि ART केन्द्र स्थापना र सञ्चालन गरिने छ। |
| २. विशिष्टीकृत स्वास्थ्य सेवाका लागि नयाँ स्वास्थ्य संस्था स्थापना, उपलब्ध स्वास्थ्य संस्थाका पूर्वाधार विकास र सेवाको गुणस्तर सुधार लगायत स्वास्थ्य क्षेत्र सुधारका सबै पक्षलाई एकीकृत रुपमा अघि बढाउने। | १. दमक अस्पतालमा विशिष्टीकृत स्वास्थ्य सेवासहित स्तरोन्नतीको लागि सम्बन्धित निकायसँग समन्वय गरिने छ। साथै अस्पताललाई आधारभूत र विशिष्टीकृत सेवा प्रवाह गर्न आवश्यक पूर्वाधार, स्वास्थ्य उपकरण, प्रविधि र जनशक्तियुक्त बनाइने छ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनुका साथै विभिन्न साझेदारीका विकल्प खोजी गरी नगरमा क्यान्सर अस्पताल र बाल अस्पताल स्थापना गरिने छ ।<br>३. सबै नगरवासीको स्वास्थ्य बिमा अनिवार्य गराई स्वास्थ्य बिमा गर्दा नगर र व्यक्ति दुबै तर्फबाट निश्चित रकमको लगानी गर्ने व्यवस्था गरी स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा लिने सेवाग्राहीको चापलाई मध्यनजर गर्दै छिटो र झञ्झटरहित स्वास्थ्य सेवा प्रवाहका लागि वर्तमान अभ्यासमा आवश्यक सुधार गरिने छ । सबै किसिमका स्वास्थ्य सेवा प्राप्तिको समय र लागत घटाउनका लागि सेवा प्रवाह प्रक्रियामा आवश्यक परिमार्जन गरिने छ ।<br>४. सबै स्वास्थ्य संस्थामा खानेपानी, सरसफाई, विश्राम वा प्रतिक्षा स्थल, सेवा प्राप्त गर्न लाग्ने समय, बिरामीलाई हुने व्यवहार आदिको न्यूनतम स्तर कायम गरिने छ । निजी स्वास्थ्य संस्थाबाट समेत निर्धारित स्तर कायम गर्न समन्वयकारी र नियमनकारी भूमिका निर्वाह गरिने छ ।<br>५. नगर अन्तर्गत रहेका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र तथा शहरी स्वास्थ्य केन्द्र जस्ता स्वास्थ्य संस्थालाई उपयुक्त भवनसहित पूर्वाधारयुक्त बनाइने छ । सामुदायिक अस्पतालबाट उपलब्ध हुने कतिपय सेवाहरूलाई स्वास्थ्य चौकीसम्म विस्तार गर्दै क्रमशः स्तरोन्नती गरिने छ । स्वास्थ्य संस्था केन्द्रित रही नगरको आवश्यकता अनुसार अपुग पूर्तिमा योगदान गर्न चाहने संघ संस्थाहरूलाई सेवा प्रदानको लागि प्रोत्साहित गरिने छ ।<br>६. नगरको सबै वडाका स्वास्थ्य संस्थासम्म सडक र यातायातको पहुँच सुधार गरी आपत्कालीन स्वास्थ्य सेवा तुरुन्त उपलब्ध हुने गरी 'ख' वर्गको एम्बुलेन्स सेवा नगरस्तरमा सञ्चालन गरिने छ । अवस्था अनुसार सेवा निःशुल्क उपलब्ध गराउनका लागि वैकल्पिक वित्तीय व्यवस्थापन गरिने छ ।<br>७. नगरका सबै स्वास्थ्य संस्थाहरूको पूर्वाधार र प्राविधिक क्षमता सुधार गरी आपत्कालीन र नियमित प्रसुती सेवालाई थप व्यवस्थित गराइनुका साथै यस सेवालाई क्लस्टरस्तरमा विस्तार गरिने छ ।<br>८. स्वास्थ्य समस्या न्यूनिकरणका लागि खानपान तथा आहार अभ्यास सुधारका प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गरिने छ ।<br>९. नगरका सबै किसिमका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरलाई सुधार गर्न नेपाल सरकारको स्वास्थ्य पूर्वाधार विकास मापदण्ड एवम् न्युनतम सेवा मापदण्डमा प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।<br>१०. नगरमा नयाँ स्वास्थ्य संस्थाको भवन निर्माण गर्दा तथा पूराना स्वास्थ्य संस्थाको भवनको स्तर उन्नती तथा पुनर्निर्माण गर्दा नेपाल सरकारको शहरी विकास मन्त्रालय अर्न्तगतको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको मापदण्ड तथा स्तर (Planning Norms & Standard) बमोजिम गरिने छ । |
| ३. स्वास्थ्य सेवालाई थप जवाफदेही र संवेदनशील (Sensitive) क्षेत्रको रुपमा विकास गर्ने । | १. नगर र वडास्तरमा स्वास्थ्य अनुगमन संयन्त्र निर्माण र क्रियाशील गराई सबै स्वास्थ्य संस्थाको प्रभावकारी अनुगमनका साथै निजी तथा सामुदायिक क्षेत्रबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा स्वास्थ्य सेवामा संलग्न संघ संस्थाको सेवाको नियमन गरिने छ । स्थानीय जनस्वास्थ्य, स्वास्थ्य बोर्ड र स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन समिति लगायत स्वास्थ्य सम्बन्धी संयन्त्रको भूमिका थप प्रभावकारी बनाइने छ ।<br>२. नगर अस्पताल र स्थानीय स्वास्थ्य संस्थाको सेवाको पारदर्शिता र विश्वसनीयता अभिवृद्धिका लागि आन्तरिक क्षमता तथा संरचनागत सुधार गरिनुका साथै आवश्यक प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गरिने छ ।<br>३. शिशु मृत्यूदर, बाल मृत्युदर लगायत सबै किसिमका रोक्न सकिने मृत्युदर, कुपोषण दर, खोप अभ्यास, प्रोटोकल अनुसार गर्भ जाँच, दक्ष स्वास्थ्यकर्मीबाट प्रसुती सेवा लिने संख्या आदिमा सुधार गर्ने दीगो विकास लक्ष्य र राष्ट्रिय लक्ष्य हाँसिल गर्ने दिशामा भएका प्रगतिको वार्षिक समिक्षाको विधि तय गरी कार्यान्वयन गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. औषधी, उपकरण र प्रविधिजन्य स्वास्थ्य सामग्रीको मूल्य, गुणस्तर निर्धारण, खाद्य पदार्थ सुरक्षा र बजार मुल्य नियन्त्रणका लागि निश्चित मापदण्ड बनाई नगरबाट नियमन गरिने छ ।<br>५. महामारीको पूर्व तयारी र प्रतिकार्यका लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी द्रुत प्रतिकार्य टोली (RRT) गठन र क्रियाशील गराइने छ ।<br>६. किशोरकिशोरी, परिवार नियोजन लगायत यौन तथा प्रजनन सम्बन्धी स्वास्थ्य सेवा र स्वास्थ्य सूचना तथा शिक्षा सबैको पहुँचमा हुने गरी नगर र वडास्तरबाट प्रतिकारात्मक, प्रवर्द्धनात्मक र सेवामुलक गतिविधि सञ्चालन गरिने छ ।<br>७. स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका बढाउनुका साथै बाह्य संघ संस्थासँग समन्वयात्मक रुपमा सचेतनामुलक गतिविधि सञ्चालन गरिने छ ।<br>८. क्षयरोग, कुष्ठरोग, पानीजन्य रोग, किटजन्य, पशुपंक्षीबाट सर्ने रोग आदि रोकथामका उपाय प्रवर्द्धन गरी सरुवारोगको समस्याको दीगो समाधान गरिने छ । |
| ४. स्वास्थ्य सेवा प्रवाहको क्षमता विकास गर्ने । | १. संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा नगरको स्वास्थ्य शाखा तथा अन्तर्गतका स्वास्थ्य संस्थाको उपयुक्त संरचना निर्धारण गरिने छ ।<br>२. नगरपालिकाको स्वास्थ्य शाखा तथा नगरभित्रका सबै स्वास्थ्य संस्थामा आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ । त्यसका लागि आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था तथा उपलब्ध जनशक्तिको क्षमता विकास गरिने छ ।<br>३. नगरको स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाहरू तथा स्वास्थ्य क्षेत्रमा काम गर्ने कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकाको कार्यका बिच प्रभावकारी समन्वय सुनिश्चित गरिनुका साथै उत्कृष्ठ स्वास्थ्यकर्मी तथा स्वयंसेविकालाई पुरस्कार र क्षमता विकासका अवसर उपलब्ध गराइने छ ।<br>४. स्वास्थ्य सेवा प्रवाह र स्वास्थ्य क्षेत्रमा हाँसिल भएको उपलब्धी मापन र विश्लेषण गर्न सक्ने गरी स्वास्थ्य सम्बन्धित सबै महत्वपूर्ण सूचना स्वास्थ्य शाखामा व्यवस्थित गरिने छ । त्यसका लागि आवश्यक जनशक्ति व्यवस्थापन गरिने छ ।<br>५. स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीका लागि उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिनुका साथै भौतिक तथा निर्धारित अवधिसम्मको पेशागत सुरक्षा सुनिश्चित गरिने छ ।<br>६. नगरका स्वास्थ्यकर्मी तथा स्वास्थ्य जनशक्तिको क्षमता विकासको अंगका रुपमा अध्ययन तथा अनुभव आदानप्रदान भ्रमणका कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ ।<br>७. आचारसंहितामार्फत् चिकित्सक/स्वास्थ्यकर्मी र बिरामी बिचको सुमधुर सम्बन्ध कायम गर्दै सद्भावपूर्ण व्यवहार सुनिश्चित गर्न प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ । |
| ५. स्वास्थ्य सेवालाई सूचना प्रविधिमैत्री बनाउने । | १. स्वास्थ्य संस्था तथा सेवालाई थप पारदर्शी र व्यवसथित गर्न डिजिटल सूचनापाटी, डिजिटल टिकेट काउन्टर, डिजिटल हाजिरी तथा डिजिटल टोकन प्रणालीको व्यवस्था गरिने छ ।<br>२. नगरबासीका लागि विभिन्न सामाजिक सञ्जाल, नगरको वेभसाइट र स्वास्थ्य सूचना सम्बन्धी एप्समार्फत् नगर तथा बाह्य संघ संस्थामार्फत् उपलब्ध हुने स्वास्थ्य सेवाको जानकारी र सचेतनामुलक सन्देश प्रवाह गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. सबै स्वास्थ्य चौकी तथा अस्पतालमा बिरामीहरूको डिजिटल प्रोफाइल राखिने छ । नगरको स्वास्थ्य शाखामा स्वास्थ्य सूचना संकलन तथा डिजिटल स्वास्थ्य तथ्याङ्क व्यवस्थित गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ । स्वास्थ्य सूचना प्रणालीको प्रयोगका क्रममा पर्याप्त सूचना संकलन तथा संकलित सबै सूचनालाई नगरको तथ्याङ्कका रुपमा व्यवस्थित र अद्यावधिक गरिने छ ।<br>४. निश्चित मापदण्ड बनाई नगरमा अनलाइनमार्फत् निःशुल्क र सशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको व्यवस्था गरिने छ ।<br>५. दमक अस्पतालमा टेलिमेडिकेशन पद्धति विकास गरिने छ । |

## तालिका ३/५.२.२ : आवधिक प्राथमिकता : स्वास्थ्य

**क**. नेपालको संविधान २०७२ को धारा ३५ ले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रूपमै प्रत्याभूत गरेको छ । दमक नगरपालिकामा स्थानीय अधिकार अनुरुप स्वास्थ्य तथा सरसफाई ऐन निर्माण भइसकेको भए पनि उक्त ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि थप आवश्यक केही नियमावली, निर्देशिका कार्यविधिहरू निर्माण हुन बाँकी रहेको छ। नेपाल सरकारको न्यूनतम मापदण्ड अनुरुप आधारभूत स्वास्थ्य सेवाहरू नगरका स्वास्थ्य संस्थाहरूबाट पूर्ण रुपमा निःशुल्क र सबै नगरवासीहरूको पहुँचमा सुनिश्चित गर्न स्वास्थ्य तथा सरसफाई ऐन प्रभावकारी रुपमा कार्यान्वयन उल्लिखित थप कानुनी औजार विकास गर्नुपर्ने आवश्यकता छ ।

संघीय सरकारले निर्माण गरेका जनस्वास्थ्य ऐन २०७५, राष्ट्रिय स्वास्थ्य नीति २०७६, स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा, स्वास्थ्य पूर्वाधार विकास मापदण्ड र शहरी विकास मन्त्रालय अर्न्तगतको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको स्वास्थ्य पूर्वाधार मापदण्ड तथा स्तरलाई आधार मानी नगर अनुकुल नगरको आफ्नै स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड निर्माण गर्न आवश्यक छ ।

दीगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा नेपाल सरकारले निर्धारण गरेको समग्र स्वास्थ्य सूचक र नेपाल सरकारको पन्ध्रौं योजनाको आधार पत्रको अपेक्षित उपलब्धीमा उल्लेख भएका लक्ष्य हाँसिल गर्न नगरको स्वास्थ्य क्षेत्रलाई थप प्रभावकारी र उपलब्धीमूलक बनाई स्वास्थ्य सेवाका कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड तत्काल निर्माण गरी लागु गर्ने र कार्यान्वयनको अवस्थाको आवधिक समिक्षा, आवश्यक परिमार्जन तथा संशोधन गर्दै सम्बन्धित आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको स्वास्थ्य तथा सरसफाई ऐन कार्यान्वयनका लागि नियमावली, निर्देशिका र निम्नानुसारका कार्यविधिहरू निर्माण गर्ने ।<br>● निःशुल्क स्वास्थ्य बिमा सम्बन्धी कार्यविधि<br>● स्वास्थ्य बिमाका लागि स्थानीय प्रेषण प्रणाली सम्बन्धी कार्यविधि<br>● एम्बुलेन्स सेवा सञ्चालन र निशुल्क सेवा सम्बन्धी कार्यविधि<br>● घरदैलो स्वास्थ्य जाँच सेवा तथा स्वास्थ्य शिविर सञ्चालन सम्बन्धी कार्यविधि<br>● अन्य सान्दर्भिक कार्यविधिहरू | १. स्वास्थ्य ऐन तथा नीति कार्यान्वयनको आवधिक समिक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. स्वास्थ्य सम्बन्धी नीति तथा कानुनको पुनरावलोकन, परिमार्जन र संशोधन । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड तयार गर्ने । | २. स्वास्थ्य सेवा तथा पूर्वाधारको मापदण्ड कार्यान्वनयको समिक्षा तथा आवश्यक परिमार्जन गर्ने । | २. स्वास्थ्य सेवा तथा पूर्वाधारको मापदण्ड कार्यान्वनयको समिक्षा तथा आवश्यक परिमार्जन गर्ने । |
| | ३. स्वास्थ्य क्षेत्रको उपलब्धीको आवधिक समिक्षा गरी मध्यकालीन लक्ष्य प्राप्तिमा भएका प्रगतिको लेखाजोखा गर्ने । | ३. स्वास्थ्य क्षेत्रका अपेक्षित उपलब्धी प्राप्तिमा भएको प्रगतिको आवधिक समिक्षा गरी आवश्यकता अनुसार थप नीतिगत र कानुनी प्रबन्ध गर्ने । |
| | ४. विशिष्ठ स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन एवं अनलाइन स्वास्थ्य परामर्श सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने । | ४.विशिष्ठ स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन एवं अनलाइन स्वास्थ्य परामर्श सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि कार्यन्यनको आवधिक समिक्षा गरी आवश्यक परिमार्जन । |
| | ५. “ख” वर्गको एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने । | ५. “ख” वर्गको एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि आवश्यक परिमार्जन । |

**ख**. नगरको स्वास्थ्य सेवा सुधार तथा सबै नगरबासी माझ स्वास्थ्य सेवाको पहुँच पु¥याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथामिकताका साथ समावेश गर्दै आएको छ। नगरको स्वास्थ्य क्षेत्रको दीर्घकालीन लक्ष्य हाँसिल गर्नका साथै बृहत् योजनाका आवधिक कार्यक्रमहरूलाई समेत सहयोग हुने गरी नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रमका अतिरिक्त नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति २०७६ र पन्ध्रौं योजना आधार पत्रलाई समेत आधार मानी नगरको छुट्टै दीर्घकालीन स्वास्थ्य नीति निर्माण गरी कार्यान्वयन गर्न आवश्यक छ। तिनको आवधिक प्राथमिकता तल प्रस्तुत छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको दीर्घकालीन स्वास्थ्य नीति निर्माण गर्ने । | १. स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समिक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समिक्षा गरी समय अनुकुल आवश्यक परिमार्जन गर्ने। |

**ग**. दमक नगरपालिकामा हाल नगर रेडक्रसको स्थानीय इकाईको समन्वयमा एउटा रक्त सञ्चार केन्द्र सञ्चालनमा रहेको छ। नगर तथा सरकारी अस्पताल अर्न्तगत रक्त सञ्चार केन्द्र छैन। नगरभर एउटै रक्त सञ्चार केन्द्र रहेको छ, जुन अप्रयाप्त छ। गर्भवती महिला, विभिन्न दुर्घटनामा परेका बिरामीहरू रगतको अभावको कारण अकालमा मृत्यु हुने सम्भावना अन्त्यका लागि नगरमा रहेको रक्त सञ्चार सेवा र रक्त सञ्चार केन्द्रलाई थप प्रभावकारी र व्यवस्थित बनाउन निम्नानुसारको आवधिक कार्यक्रम प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सम्बन्धित संघ संस्थासँगका समन्वयमा नगरमा थप रक्त सञ्चार केन्द्र (Blood Bank) स्थापना गर्ने । | १. सम्बन्धित संघ संस्थासँगको समन्वयमा रक्त सञ्चार केन्द्र (Blood Bank) स्थापना र स्तरोन्नती गर्ने । | १. रक्त सञ्चार केन्द्र (Blood Bank) लाई थप व्यवस्थित र आवश्यकता अनुसार नगरका वडाहरूमा विस्तार गर्ने । |

**घ**. नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको स्वास्थ्य पूर्वाधार मापदण्ड तथा स्तर अनुसार दमक जस्तो नगरपालिकामा (४०,०००-१००,००० जनसख्या भएको नगर) २०,००० जनसंख्या बराबर ०.२५ हेक्टर क्षेत्रफलमा निर्माण भएको ५ देखि १५ शैयाको एक प्राथमिक स्वास्थ्य स्याहार केन्द्र र ५०,००० जनसंख्या बराबर १.३ हेक्टर क्षेत्रफलमा निर्माण भएको २५ देखि ५० शैयाको एक अस्पताल हुनुपर्ने मापदण्ड रहेको छ। हाल दमक नगरपालिकाको जनसंख्याका नगर पार्श्वचित्र, २०७५ अनुसार ८६,८९० रहेको छ भने अबको बीस वर्षमा करिब १,४०,२८८ पुग्ने अनुमान रहेको छ।

नगरको स्वास्थ्य सेवाको जि.आइ.एस. नक्सा अनुसार सरकारी स्तरको स्वास्थ्य संस्थाबाट २ कि.मि. भन्दा टाढा रहेको घरधुरी सबभन्दा धेरै वडा नं. ३ त्यसपछि क्रमशः ४, १०, ६, ५ र २ रहेका छन्। त्यसकारण, अल्पकालीन र दीर्घकालीनमा नयाँ निर्माण हुने स्वास्थ्य संस्थाहरू यी बस्तीहरूलाई समेट्ने गरी पायक पर्ने स्थानमा निर्माण गर्न आवश्यक छ जहाँ अन्य वडाका भन्दा धेरै संख्याका नगरवासीहरू स्वास्थ्य सेवाका दुरीबाट टाढा रहेका छन्। जसलाई तलको नक्सामा देखाइएको छ।

**नक्सा २/५.२.२ : स्वास्थ्य संस्थाको सेवा क्षेत्र**



| | | |
|---|---|---|
| नेपाल सरकारको नीति अनुसार नगरको प्रत्येक वडाहरूमा स्वास्थ्य चौकी हुनु पर्ने नीति भए पनि दमक नगरपालिकाको सन्दर्भमा १० वडा मध्ये वडा नं. ५ मा अझै पनि सरकारी स्तरबाट स्वास्थ्य चौकी स्थापना हुन सकेको छैन ।<br>दमक नगरपालिकामा सरकारीस्तरका १५ शैयाको दमक अस्पतालसहित नगरका वडाहरूमा ८ वटा स्वास्थ्य संस्थाहरू र ९ वटा भन्दा बढी निजी स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सेवा प्रवाह हुँदै आएको छ। निजी स्वास्थ्य संस्थाहरू बढी बजार केन्द्रित र विशेषगरी वडा नं. ५ र ६ मा धेरै रहेका छन् । नगर जनसंख्याको अनुपातमा सरकारीस्तरका स्वास्थ्य संस्था अपुग छन् ।<br>नगरका १० वटा सरकारी स्वास्थ्य संस्थाहरू मध्ये ४ वटा स्वास्थ्य संस्थाहरूको मात्र पक्की भवन छ। पक्की भवन भएका स्वास्थ्य संस्थाहरूको पनि केहीमा मात्र न्यूनतम राष्ट्रिय मापदण्ड अनुसारको भौतिक पूर्वाधारहरू छन् भने बाँकी आफ्नै भवन नभएका स्वास्थ्य संस्थाहरू वडा भवन र सामुदायिक भवनहरूमा अस्थायी रुपमा सञ्चालन भइरहेका छन् । यसकारण कम्तीमा पनि नगरका सबै स्वास्थ्य संस्थाहरूको स्तरोन्नती गर्दै न्यूनतम राष्ट्रिय मापदण्डमा पूर्वाधारहरू तयार गर्न तथा नगरको माग अनुसार नयाँ अस्पताल निर्माण गर्दै स्वास्थ्य सेवामा सुधार तथा गुणस्तर प्रवर्द्धन गर्न निम्नानुसारको प्राथमिकताका आवधिक कार्यक्रमहरू तय गरिएको छ। | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरूको डिजिटल इन्भेन्टरी तयार गरी भवन निर्माण र सुधारको आवश्यकता सम्बन्धी विवरण तयार गर्ने । | १. सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरूको डिजिटल इन्भेन्टरीको अद्यावधिक गर्ने । | १. सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरूको डिजिटल इन्भेन्टरीको अद्यावधिक गर्ने । |
| २. मर्मत सम्भारमार्फत् उपयुक्त मापदण्डमा पुऱ्याउन सकिने नगर अर्न्तगतका स्वास्थ्य संस्था भवनको मर्मत सम्भारको कार्य पूरा गर्ने । | २. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक स्वस्थ्य संस्थाहरूको मर्मत सम्भारमार्फत् उपयुक्त मापदण्डमा पुऱ्याउन सकिने भवनको मर्मत सम्भारको कार्य पूरा गर्ने । | २. नगर अन्तर्गतका स्वास्थ्य संस्थाको पूर्वाधार र सेवालाई दमक मापदण्डमा पुऱ्याई सबै नगरवासीलाई संविधान प्रदत्त निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक सुनिश्चित गर्ने । |
| ३. दमक नगरपालिका क्षेत्रभित्र बाल अस्पताल र क्यान्सर अस्पताल निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने । | ३. सम्भाव्यताका आधारमा संघ र प्रदेश सरकारसँगको समन्वयमा बाल अस्पताल र क्यान्सर अस्पतालको स्थापना र सञ्चालनका लागि प्रशासनिक र पूर्वाधारका कार्य सम्पन्न गर्ने । | ३. संघ र प्रदेश सरकारसँगको समन्वयमा पूर्वाधार तयार भएका बाल अस्पताल र क्यान्सर अस्पताल सञ्चालन गरिसक्ने । |
| ४. वडा नं. ५ मा स्वास्थ्य संस्था स्थापनाको प्रक्रिया पूरा गर्ने । वडा नं. १० मा मावा खोला भन्दा पारीका बासिन्दालाई लक्षित गरी गाउँघर स्वास्थ्य क्लिनिक स्थापना गर्ने र आधार भूत स्वास्थ्य केन्द्र स्थापनाको सम्भाव्यता अध्ययन गर्ने । | ४. सम्भाव्यताका आधारमा मावाखोला पारीका बासिन्दा लक्षित आधारभूत स्वास्थ्य केन्द्र स्थापना गर्ने । | |
| ५. नगर अन्तर्गतका सबै स्वास्थ्य संस्थाको भवन निर्माण अघि बढाउने । | ५. नगर अन्तर्गतका सबै स्वास्थ्य संस्थाको भवन निर्माण गरिसक्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ६. दमक अस्पताललाई विशिष्टीकृत स्वास्थ्य सेवासहित अस्पतालमा स्तरोन्नती गर्न सबै प्रक्रिया पूरा गर्ने ।<br><br>७. आवश्यकता अनुसार कोभिड १९ प्रतिकार्यका लागि अस्थायी कोभिड १९ उपचार केन्द्र तथा स्वास्थ्य संस्थाहरूमा आइसोलेसन सेन्टर बनाउने । नगरभित्र पिसीआर विधिबाट स्वाब परीक्षणको व्यवस्थाका लागि समन्वय गर्ने । | ६. संघ र प्रदेश सरकारको समन्वयमा दमक अस्पताललाई विशिष्टीकृत स्वास्थ्य सेवासहित कम्तीमा ५० शैयाको अस्पतालमा स्तरोन्नती गर्ने । | ६. सम्भाव्यताको आधारमा संघ, प्रदेश र अन्तरपालिका समन्वयमा दमक अस्पताललाई विशिष्टीकृत स्वास्थ्य सेवाका प्रवाह गर्ने ३०० शैयाको पूर्वाधारयुक्त अस्पतालमा स्तरोन्नती गर्ने । |

**ङ**. नेपालमा मातृ मृत्युदर २५८ (२०१५) प्रतिलाख बाट सन् २०३० सम्म ७० मा घटाउने र तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसुती गराउनेको अनुपात ५५.६ (२०१५) बाट सन् २०३० मा ९० मा बढाउने लक्ष्य लिइएको छ ।

नगरको सुरक्षित मातृत्व सेवालाई थप सुधार गर्न प्रोटोकलअनुसार पहिलो पटक गर्भवती जाँच सेवा लिनेको संख्या, प्रोटोकलअनुसार ४ पटक गर्भवती जाँच सेवा लिनेको संख्या, दक्ष प्रसुतिकर्मीबाट (चिकित्सक, नर्स, तालिम प्राप्त अ.न.मि.) प्रसुति गराउनेको संख्या, प्रोटोकलअनुसार ३ पटक सुत्केरी जाँच गरेको संख्यामा सुधार गर्न जरुरी छ ।

घरमै सुत्केरी गराउने कार्य शुन्य पार्ने कार्यक्रमलाई प्रभावकारी बनाउन दमक नगरभित्रका गर्भवती तथा सुत्केरी, अशक्त असहायहरूका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने तथा गर्भवती तथा सुत्केरी महिलाहरूका लागि निःशुल्क रुपमा आइरन, क्यालसियम तथा फोलिक एसिड वितरण गर्ने जस्ता कार्यक्रमहरू नगरले आफ्ना वार्षिक कार्यक्रममा समावेश गरेको छ ।

नगरपालिकाको केन्द्रका नगरबासीहरूको पहुँच सहज देखिएता पनि वडाहरूको गाउँको बस्तीहरूमा गुणस्तरीय प्रसुती सेवाको अझै पहुँच पुग्न सकेको छैन । नगरभरि तीन वटा मात्र सरकारी स्तरको बर्थिङ सेन्टर रहेको छ जुन प्रयाप्त छैन । नगरपालिकाको केन्द्रका नगरवासीहरूको पहुँच सहज देखिएता पनि विकट वडाहरूमा गुणस्तरीय प्रसुती सेवाको अझै पहुँच पुग्न सकेको छैन । मातृ मृत्युदर तथा नव शिशु मृत्युलाई घटाउन निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रसुती सेवाको पहुँच पुग्न नसकेको वडा तथा बस्तीहरूका स्वास्थ्य संस्थाहरूमा प्रसुती केन्द्र स्थापनाका लागि प्रक्रिया शुरु गर्ने । | १. नगरस्तरमा आपत्कालीन प्रसुती सेवा (Emergency Obstetric Care) स्थापना र सम्बन्धित विशेषज्ञको निगरानीमा सेवा सञ्चालन गर्ने ।<br><br>२. अपुग विश्लेषणका आधारमा नगरका सबै वडामा स्वास्थ्य संस्था स्थापना गरी क्लस्टरस्तरमा सामान्य प्रसुती सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने । | १. नगरका सबै वडामा क्लस्टरस्तरमा प्रसुती केन्द्र र नगर स्तरमा आपत्कालीन प्रसुती सेवा (Emergency Obstetric Care) स्थापना र सम्बन्धित विशेषज्ञको निगरानीमा सेवा सञ्चालन गर्ने ।<br><br>२. क्लस्टरस्तरका प्रसुती सेवा केन्द्रको न्युनतम मापदण्ड कायम गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. घरमै सुत्केरी गराउने कार्य शुन्य पार्ने कार्यक्रमलाई प्रभावकारी बनाउन दमक नगरभित्रका गर्भवती तथा सुत्केरी, अशक्त असहायहरूका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने । | ३. नगरभित्रका गर्भवती तथा सुत्केरी, असक्त असहायहरूका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रमको निरन्तरता दिने । | ३. नगरभित्रका गर्भवती तथा सुत्केरी, असक्त असहायहरूका लागी निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रमको निरन्तरता दिने । |
| ४. गर्भवती तथा सुत्केरी महिलाहरूका लागि निःशुल्क रुपमा आइरन, क्यालसियम तथा फोलिक एसिड वितरणलाई निरन्तरता दिने । | ४. गर्भवती तथा सुत्केरी महिलाहरूका लागि निःशुल्क रुपमा आइरन, क्याल्सियम तथा फोलिक एसिड वितरणलाई निरन्तरता दिने । | ४. विपन्न वर्गका गर्भवती महिलाका लागि क्याल्सियम, प्रोटिन, भिटामिन आदि निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्ने । |

**च.** दमक नगरपालिका नेपालको एक पुरानो र विकसित नगर हो । सरकारीस्तरको १५ शैयाको दमक अस्पताल, स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य चौकी रहेको छ जहाँ साधारण स्वास्थ्य सेवा मात्र सम्भव छ अन्य आधुनिक र ठुला रोगहरूको उपचारको लागि नगर बाहिर जस्तो विराटनगर, धरान, सिलगुडी धाउन पर्ने बाध्यता रहेको छ । प्रदेश सरकारको सहयोग र समन्वयनमा नगरमा रहेको सरकारी अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूमा आधुनिक र विशिष्ठ स्वास्थ्य सेवाहरू सञ्चालन गर्दै अन्य स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरूलाई थप स्तरोन्नती गर्दै सकेसम्म नगरका बिरामीहरूलाई नगरका सरकारी स्वास्थ्य संस्थाहरूबाट सर्बसुलभ तथा आधुनिक स्वास्थ्य सेवा दिन निम्न अनुसारको आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विभिन्न निकायसँगको समन्वयमा नगरको सरकारी अस्पतालमा विशिष्ट विशेषज्ञ सेवा सञ्चालनका लागि पर्याप्त जनशक्ति र उपकरणको व्यवस्था गर्ने । | | |
| २. अनलाइन स्वास्थ्य परामर्श सेवा तथा टेलिमेडिसिन सेवाको शुरुवात गर्न प्रक्रिया पूरा गर्ने । | २. अनलाइन स्वास्थ्य परामर्श सेवा तथा टेलिमेडिसिन सेवा प्रारम्भ गर्ने । | २. अनलाइन स्वास्थ्य परामर्श सेवा तथा टेलिमेडिसिन सेवा थप व्यवस्थित र बिस्तार गर्ने । |
| | ३. स्वास्थ्य तथ्याङ्क तथा स्वास्थ्य प्रोफाइलको अध्ययन र विश्लेषणका आधारमा वार्षिक रुपमा प्रमुख स्वास्थ्य समस्या परिचान गरी तिनको न्यूनिकरणमा लक्षित केन्द्रित स्वास्थ्य शिविर लगायत विशिष्टीकृत अस्थायी स्वास्थ्य सेवा सञ्चालन गर्ने । | |
| ४. दमक अस्पताललाई विशिष्टीकृत स्वास्थ्य सेवाका लागि आवश्यक प्रक्रिया पूरा गर्ने । | ४. दमक अस्पताललाई विशिष्टीकृत स्वास्थ्य सेवाका शुरु गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ५. नगर सरकारी स्वास्थ्य अस्पतालमा सडक दुर्घटना तथा प्राकृतिक प्रकोपका कारण हुने गम्भीर प्रकृतिका चोटपटक तथा आपत्कालीन स्वास्थ्य सेवाका लागि स्थानीय ट्रमा सेवा शुरु गर्न आवश्यक प्रक्रिया परा गरी पूर्वाधार तयार गर्ने । | ५. सम्भाव्यताको आधारमा केन्द्र र प्रदेशको समन्वयन र सहयोगमा स्थानीय ट्रमा सेवा केन्द्र स्थापना गर्ने । | |
| | ६. आफन्त सम्पर्कमा नआइपुग्दा सम्मका लागि दुर्घटनामा परी घाइते भएका बिरामीको प्रारम्भिक उपचार स्थानीय अस्पतालमा निःशुल्क गराउन आवश्यक व्यवस्था मिलाउने । | |
| ७. संघ संस्थासँगको समन्वयमा नगरमा लागुऔषध दुर्व्यसनी सुधार केन्द्र स्थापना र सञ्चालन लागि प्रक्रिया पूरा गर्ने । | ७. संघ संस्थासँगको समन्वयमा नगरमा लागुऔषध दुर्व्यसनी सुधार केन्द्र स्थापना र सञ्चालन गर्ने । | |
| ८. दमक नगरपालिका क्षेत्रमा अधिक जनताको चाप हुने सरकारी, गैरसरकारी कार्यालय, दमक अस्पताल दमक नगर कार्यपालिका परिसरमा स्तनपान कक्ष स्थापना गर्ने । | ८. दमक नगरपालिका क्षेत्रमा अधिक जनताको चाप हुने सरकारी, गैरसरकारी कार्यालय, दमक अस्पताल दमक नगर कार्यपालिका परिसरमा स्तनपान कक्ष स्थापना तथा विस्तार गर्ने । | |

**छ**. संघीय सरकारले विभिन्न ८ वटा गम्भीर किसिमका रोगहरू क्यान्सर, मुटुरोग, मृगौला, अल्जाइमर्ज, पारकिनीजम, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमियाको लागि नेपालभित्रै उपचार गरेमा १ लाख देखि ८ लाखसम्म आर्थिक सहयोग गर्ने व्यवस्था रहेको छ ।

नगरभित्रका अति विपन्न, दलित आदिवासी जनजाति, अन्य जातिका विपन्न मुटु र मृगौलाका बिरामीहरूका लागि विपन्न सहायता कोष बनाई आवश्यक सहयोग गर्ने नीति लिएको छ ।

नगरमा रहेका गरिब तथा विपन्न वर्गका नागरिकहरूसम्म स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन आर्थिक सहयोगमा वृद्धि गर्दै संघीय सरकारले दिँदै आएका आर्थिक सहयोगलाई समेत नगरका गरीब तथा विपन्न वर्गका नागरिकहरूसम्म सेवा विस्तार गर्न नगरपालिकाको तर्फबाट समन्वयनकारी भूमिका निभाउँदै निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय कानुन अनुसार विपन्न र बढी सम्वेदनशील रोगका बिरामीका लागि स्वास्थ्य सहायता कोष स्थापना गर्ने । | १. नगरको स्वास्थ्य सहायता कोषको आकार वृद्धि गरी अति विपन्न वर्गका बिरामीलाई ठूलो खर्च लाग्ने तथा गम्भीर प्रकृतिका रोगहरूको उपचारमा स्वास्थ्य बिमाको रकमले नथेग्ने खर्च नगरबाट व्यहोर्न सक्ने अवस्थामा पुऱ्याउने । | १. उपयुक्त मापदण्ड र प्रक्रियाका आधारमा आर्थिक हैसियत कमजोर भएका नागरिकहरूको क्यान्सर, मुटुरोग, पक्षघात, दुबै मृगौलाले काम नगर्ने जस्ता गम्भीर प्रकृतिका बिरामीको उपचार नगरभित्र वा बाहिरका अस्पतालमा पूर्ण रुपमा निःशुल्क हुने व्यवस्था मिलाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नेपाल सरकारको कार्यक्रम अनुसार निःशुल्क औषधी वितरणलाई निरन्तरता दिने । बिरामीको स्वास्थ्य जाँच प्रतिवेदनका आधारमा नसर्ने रोगको निश्चित औषधी स्थानीय स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था गर्ने । कोभिड १९ को कारणले आवतजावत सहज नभएसम्मका लागि गम्भीर प्रकृतिका र नियमित औषधी सेवन गर्नुपर्ने बिरामीका लागि सहज तरिकाले औषधी प्राप्त गर्न सकिने व्यवस्था मिलाउने । | | २. निश्चित मापदण्डका आधारमा निजी तथा सामुदायिकस्तरमा सञ्चालित स्वास्थ्य संघ सस्थाबाट समेत विपन्न परिवार लगायतका विशेष वर्गका लागि निःशुल्क स्वास्थ्य सेवा उपलब्ध भएको सुनिश्चितताका लागि समन्वयात्मक र नियमनकारी भूमिका निर्वाह गर्ने । |

**ज**. शिशु र बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी. एकपटक, डि.पि.टी. हेप.बी.हिब तीन पटक, पोलियो तीन पटक, पि.सी.भी. तीन पटक, दादुरा रुबेला दुई पटक तोकिएको मात्रामा दिनै पर्दछ । विभिन्न किसिमका ११ वटा प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १५ महिनाभित्र सबै खोप पूरा लगाइसक्नु पर्ने कुरालाई नगरले उच्च प्राथमिकतामा राखेको छ ।

नगरमा हाल १० वटै वडाहरूमा रहेका खोप क्लिनिकमार्फत् सेवा दिँदै आए पनि स्वास्थ्य संस्था बाहिरका खोप स्थलहरूलाई व्यवथित बनाउन सकिएको छैन । यसकारण खोप सेवाको गुणस्तरिताका केही सीमितता रहेका छन् । प्रत्येक वडा र बस्तीलाई समेट्ने हिसाबले क्लस्टरस्तरमा व्यवस्थित खोप केन्द्र स्थापना गर्न आवश्यक छ । दमक नगरपालिका पूर्ण खोपयुक्त नगर हो । पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता र सुधारका लागि निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्वास्थ्य संस्था बाहिरका खोप स्थल निर्धारित र व्यवस्थित गर्ने । तत्कालको लागि वाड न. ३ स्थित उत्तरी क्षेत्रमा खोप केन्द्र निर्माण गर्ने । | १. नगरको सबै वडाहरूमा व्यवस्थित तथा निश्चित ठाउँमा खोप केन्द्र स्थापना गर्ने । | १. आवश्यकता अनुसार थप खोप केन्द्र स्थापना गर्ने । |
| २. पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिने । | २. पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई प्रभावकारी रुपमा निरन्तरता दिने । | २. पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई प्रभावकारी रुपमा निरन्तरता दिने । |
| ३. कोभिड १९ का कारण खोप सेवा प्रभावित हुन नदिने गरी खोपकेन्द्रमा सुरक्षा मापदण्ड लागु गरी खोप सेवा नियमित सञ्चालन गर्ने । | | |

**झ.** बालबालिकाको पोषणको अवस्थालाई सम्बन्धित क्षेत्रको सामाजिक र आर्थिक विकासको सूचकको रूपमा हेर्न सकिन्छ । बाल अधिकार सम्बन्धी महासन्धी १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचक्र्याई, दुर्व्यवहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ ।

दमक नगरपालिकाले नगरमा रहेका बालबालिकाको पोषणलाई ध्यानमा राख्दै बालबालिकामा देखिने कुपोषणजस्ता समस्यालाई कम गर्न निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. पाँच वर्ष मुनिका बालबालिकाको पोषण व्यवस्थापनका लागि विशेष कार्यक्रमको शुरुवात गर्ने । | १. कुपोषित बालबालिकाको तथ्याङ्क अद्यावधिक गरी लक्षित पोषण कार्यक्रम कार्यान्वयन गर्ने । शसर्त अनुदानका कार्यक्रम बाहेक नगरस्तरको विशिष्ठ पोषण कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । | १. सामुदायिक स्वास्थ्य तथा पोषण कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने ।<br><br>२. नगरमा सबै किसिमका कुपोषण हरूको पूर्ण रुपमा अन्त्य गर्ने । |

**ग.** नगरका गाउँ बस्ती रहेका वडाहरूका नागरिकहरूमा स्वास्थ्य सम्बन्धी जनचेतना तुलनात्मक रुपमा कम रहेको छ। नगरमा देखिएका प्रमुख सर्ने, नसर्ने रोगहरू तथा दीर्घ रोगहरू, यौन तथा प्रजनन शिक्षा, पोषण सम्बन्धी, संघ, प्रदेश, नगर र अन्य संघ संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाहरू र अन्य स्वास्थ्य सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरू आदि सम्बन्धी विभिन्न शिविर तथा जनचेतनाका कार्यक्रमहरू कम मात्रामा हुने गरेको छ। यस नगरपालिकामा रक्तचाप, मधुमेह, बाथ/हाडजोर्नी दुख्ने, दम, थाइराइड र मुटु रोग सम्बन्धी रोगीहरू बढी मात्रामा रहेको छ। यस्ता रोगहरूको न्यूनिकरण गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ। नगरमा कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा नगरका स्वास्थ्य संस्थासँग साझेदारी र सहकार्यमा यस्ता जनचेतनामूलक कार्यक्रम तथा लक्षित कार्यक्रम गर्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. किटजन्य वा अन्य सर्ने र नसर्ने रोगको रोकथाम र उपचार, मातृ शिशु स्वास्थ्य, पोषण, पानीजन्य रोग तथा सरसफाई, मनोसामाजिक समस्या, महिलाहरूको पाठेघरको समस्या, स्तन क्यान्सर लगायत सामुदायिक स्वास्थ्य सम्बन्धी सचेतनामुलक गतिविधि सञ्चालन गर्ने । | १. सामुदायिक स्वास्थ्यका प्रवर्द्धनात्मक र सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिने । | १. सामुदायिक स्वास्थ्य सम्बन्धी सचेतनामुलक गतिविधि सञ्चालनलाई निरन्तरता दिने । |
| २. विभिन्न संघ संस्था तथा स्थानीय स्वास्थ्य संस्थाहरूसँगको साझेदारीमा नगर केन्द्र बाहिरका वडा तथा सुकुम्बासी बस्ती तथा मजदुर बाहुल्य क्षेत्र लक्षित स्वास्थ्य शिविर सञ्चालन गर्ने । | २. सुकुम्बासी बस्ती तथा मजदुर बाहुल्य क्षेत्र लक्षित स्वास्थ्य शिविर तथा जनचेतनामूलक कार्यक्रमहरूको निरन्तरता दिने । | |
| ३. नगरको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघ संस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी सम्बन्धमा महिला स्वयंसेविकामार्फत् वा अन्य विधिबाट प्रचार प्रसार गर्ने । | ३. नगरका स्वास्थ्य सेवा सुबिधाबारे र जनचेतना तथा सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि सूचना प्रविधिका बहु माध्यम (मोबाइल एप्स लगायत) उपयोग गर्ने । | |
| ४. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने । | ४. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने। | ४. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने। |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ५. नसर्ने रोगको रोकथाम तथा उपचारमा केन्द्रित प्रवर्द्धनात्मक तथा सेवामुलक थप कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | ५. रक्तचाप, मधुमेह, बाथ/हाडजोर्नी दुख्ने, दम र मुटु रोग सम्बन्धी रोगहरू न्यूनिकरण गर्ने कार्यमा प्रगतिको आवधिक समिक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |
| ६. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायत तथा २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने, बच्चा जन्माउने अभ्यास अन्त्य गर्ने गरी सचेतना लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्ने । | ६. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षाका सचेतना लगायतका लक्षित कार्यक्रम निरन्तरता दिने । | ६. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायत लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्दै प्रगतिको आवधिक समिक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |

**ट.** नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अर्न्तगत ५ जना सदस्य भएको परिवारको लागि रु. ३५०० बिमा किस्तामा १ वर्षको अवधिभर रु १ लाखसम्मको स्वास्थ्य सेवा लिन सकिने छ भने ५ सदस्यीय भन्दा बढी भएका परिवारमा थप प्रति सदस्य ७ शय किस्ताबाट थप रु. २० हजारसम्मको स्वास्थ्य सेवा लिन सकिने छ साथै ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक र बिमा किस्ता तिर्न नसक्ने परिवारको लागि भने नेपाल सरकारले नै निःशुल्क गरिदिने व्यवस्था रहेको छ ।

नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम दमक गरपलिकामा लागु भइसकेको छ । दमक नगरपालिकाले ७० वर्ष भन्दा माथिका नागरिक, अपाङ्गगता भएका नागरिक र विपन्न नागरिकलाई निःशुल्क स्वास्थ्य बिमा गराउने कार्यक्रमलाई नगरको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै आएको छ । तर स्वास्थ्य बिमा कार्यक्रमको सेवा लिन यस नगरपालिकामा झन्झटिलो, स्वास्थ्य बिमा अर्न्तगतका औषधीहरूको अभाव, सेवा लिन धेरै समय लाग्ने गरेको छ । नगरको स्वास्थ्य क्षेत्रको सेवामा यो पनि एउटा प्रमुख समस्याको रुपमा रहेको छ । अति विपन्न, गरीब, ज्येष्ठ नागरिक, अपाङ्गलगायत सबै नगरवासीसम्म स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न नेपाल सरकारको बिमा कार्यक्रमलाई नगरको हिसाबले थप प्रभावकारी बनाउन निम्न प्राथमिकताका आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्वास्थ्य बिमा कार्यक्रममा सहभागिता विस्तारका प्रवर्द्धनात्मक र सहयोगात्मक कार्यक्रम सञ्चालन गर्ने । | १. स्वास्थ्य बिमा कार्यक्रममा सहभागिता विस्तारका प्रवर्द्धनात्मक र सहयोगात्मक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिने । | १. स्वास्थ्य बिमा कार्यक्रममा सहभागिता विस्तारका प्रवर्द्धनात्मक र सहयोगात्मक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिने । |
| २. स्वास्थ्य बिमामार्फत् उपलब्ध हुने स्वास्थ्य सेवा प्राप्ति सहज बनाउन टोकन प्रणाली लागु गर्नुका साथै उपचार र प्रेषण प्रक्रियालाई सरल बनाउने । | २. राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रममा सामञ्जस्यता हुने गरी नगर स्वास्थ्य बिमा कार्यक्रम लागु गर्ने । | |
| ३. कोभिड १९ (कोरोना) बिमाका लागि नगरवासीलाई उत्प्रेरित गर्ने । | ३. स्वास्थ्य बिमा सेवालाई थप विस्तार र व्यवस्थित बनाउने । निश्चित मापदण्डका आधारमा निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममा समेटिने परिवारको सूची तयार गरी वार्षिक रुपमा ती परिवारको बिमा समयवद्ध रुपमा गराउने । | |

**ठ**. नगरपालिकामा रहेका सरकारी अस्पताल लगायतका केही स्वास्थ्य संस्थाहरूमा नगरबासीहरूले स्वास्थ्य सेवा लिन लामो समय पालो कुर्नुपर्ने विशेषगरी टिकट काट्न र सेवा लिन धेरै समय खर्च गर्नु परेको छ। साथै, स्वास्थ्य संस्थाहरूमा प्रविधिहरूको कम प्रयोगमा आउने गरेको छ। जस्तो स्वास्थ्य सम्बन्धी तथ्याङ्क राख्ने कुराहरूमा तथा सेवा दिने कुराहरू आदिमा त्यसकारण स्वास्थ्य सेवालाई तथा छिटो, छरितो र प्रभावकारी बनाउन तथा डिजिटल तथ्याङ्कहरूलाई थप व्यवस्थित गर्दै निम्न आवधिक कार्यक्रमहरू तय गरिएको छ।

| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
|---|---|---|
| १. हाल नगरमा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप अनुसार टिकट काउन्टरहरू थप गर्ने, डिजिटल टोकन सिस्टम र हेल्प डेस्कको व्यवस्था गर्ने। | १. नगरमा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप अनुसार टिकट काउन्टरहरू थप गर्ने, डिजिटल टोकन सिस्टम र हेल्प डेस्कको व्यवस्था गरी सक्ने। | |
| २. स्वास्थ्य शाखाले प्रयोग गर्ने र स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई थप व्यवस्थित र नगरका लागि विशिष्टीकृत बनाउने। स्वास्थ्य क्षेत्रको अनुगमन र नियमनको कार्यलाई तथ्याङ्कमा आधारित बनाउने। | २. नगरको GIS मा आधारित स्वास्थ्य सेवाका तथ्याङ्क अद्यावधिक भएको सुनिश्चित गर्ने। | |
| ३. नगरका स्वास्थ्य संस्थाहरूमा आउने बिरामीहरूको डिजिटल प्रोफाइल राख्न शुरु गर्ने। | ३. नगरका सबै स्वास्थ्य संस्थामा उपचार गर्ने नगरवासीको स्वास्थ्य प्रोफाइल व्यवस्थित गर्ने।<br><br>४. सबै वडाका स्वास्थ्य संस्थाहरूबाट नगरको स्वास्थ्य शाखामा गरिने प्रतिवेदन प्रणालीलाई डिजिटाइज र अनलाइन गर्ने। | ३. स्वास्थ्य सम्बन्धी सूचनालाई समयवद्ध (Real Time) मा अद्यावधिक हुने व्यवस्था मिलाउने। |

**ढ**. दमक नगरपालिकाले हाल ७२ भन्दा बढी औषधीहरू आफ्ना स्वास्थ्य संस्थाहरूबाट वितरण गर्दै आएको छ। तर स्वास्थ्य संस्थाहरूमा निःशुल्क औषधीहरूको अभाव हुने गरेको छ। संघीय सरकार र नगरबाट वितरण हुने निःशुल्क औषधीहरूको सहज वितरण गर्न र नगरको पहलमा यस्ता सेवाहरू थप तथा औषधी आदिको उपलब्धतामा सहज गर्न निम्न प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
|---|---|---|
| १. नगरमा रहेका स्वास्थ्य संस्थाहरू न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी, परिवार नियोजनका साधन, खोप, भिटामिन, आइरन चक्की आदिको उपलब्धता र उपयुक्त मौज्दात कायम राख्ने। | १. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दातलाई थप व्यवस्थित बनाउने। | १. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दातलाई थप व्यवस्थित बनाउने। |

| | | |
|---|---|---|
| **ण**. नगरपालिकाद्धारा सञ्चालित २ वटा एम्बुलेन्स सञ्चालनमा रहेको छ । जुन नगरभरिका लागि अपर्याप्त छ । सुबिधा सम्पन 'ख' वर्गको एम्बुलेन्स सेवा सुचारु गर्दै आपत्कालीन तथा ट्रमा प्रणाली सदृढीकरण गर्न निम्न प्राथकिमताका आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. प्रदेश सरकारसँगको समन्वयमा नगरमा "ख" वर्गको एम्बुलेन्स सेवा सञ्चालनका लागि प्रशासनिक प्रक्रिया पूरा गर्ने । | १. नगरको विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी, ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्ड बनाई कम्तीमा पनि "ख" वर्गको एम्बुलेन्स सञ्चालन गर्ने । | १. नगर अस्पताल र नगर केन्द्रका अन्य स्वास्थ्य संस्था केन्द्रित रहेर सबै नगरवासीमा "ख" वर्गको एम्बुलेन्स सेवाको पहुँच सुनिश्चित गर्ने । आवश्यकता अनुसार नगरमा "ग" वर्गको एम्बुलेन्सको व्यवस्था गर्ने । |
| **त**. नगरको स्वास्थ्य सेवाको क्षेत्रमा एक प्रमख समस्या मध्ये दक्ष जनशक्तिको अपर्याप्ता पनि एक हो । दमक नगरपालिकामा दरबन्दी अनुसारका स्वास्थ्य शाखामा आवश्यक कर्मचारी र स्वास्थ्य संस्थाहरूमा दक्ष र पर्याप्त स्वास्थ्यकर्मी, विशेषज्ञ चिकित्सक, स्वास्थ्य उपकरण चलाउन सक्ने दक्ष जनशक्तिहरूको कमी रहेको छ ।<br>दमक अस्पतालमा अन्यत्रको तुलनामा स्वास्थ्य सेवाको उपलब्धता केही राम्रो भएता पनि नगरमा विशेषज्ञ चिकित्सक र वडाका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रहरूमा स्वास्थ्यकर्मीहरू पर्याप्त छैनन् । अझै पनि वडाका केही आधारभूत स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरू एनमीको भरमा सञ्चालन भइरहेको छ ।<br>केन्द्र, प्रदेशबाट आउने कर्मचारी बाहेक नगरको आफ्नै लगानीमा पनि आवश्यक जनशक्तिको व्यवस्थापन गर्न जरुरी छ । यसैगरी नगरमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक क्षेत्रका) नेपाल सरकारबाट नियमित रुपमा उपलब्ध हुने बाहेकको स्वास्थ्यकर्मीको क्षमता विकासका छोटो र मध्यम अवधिका तालिम कार्यक्रम नगरको तर्फबाट न्यून मात्रामा मात्र सञ्चालन गर्न सकिएको छ । नगरका स्वास्थ्य संस्थाहरूमा दक्ष जनशक्तियुक्त बनाई स्वास्थ्य क्षेत्रलाई थप सुधार र प्रभावकारी बनाउन निम्न आवधिक प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत गरिएको छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. संगठन र व्यवस्थापन सर्वेक्षण मार्फत, तत्काल, मध्यकाल र दीर्घकालका लागि चाहिने स्वास्थ्य क्षेत्रको जनशक्तिको संख्या र स्तर प्रक्षेपण गर्ने ।<br>२. संघ र प्रदेश सरकारसँगको समन्वयमा नगरको स्वास्थ्य शाखालाई आवश्यक जनशक्ति युक्त बनाउने ।<br>३. नगर अस्पताल र सबै स्वास्थ्य संस्थामा अल्पकालका लागि आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापन गरिसक्ने । | १. संगठन र व्यवस्थापन सर्वेक्षणको नतिजा अनुसार मध्यकालका लागि निर्धारित नगरको संगठन ढाँचा बमोजिम स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थालाई जनशक्ति र उपकरणयुक्त बनाउने । | १. स्वास्थ्य शाखालाई सबै स्तरका स्वास्थ्य सेवाको अनुगमन र सुपरिवेक्षण गर्न सक्ने गरी आवश्यक जनशक्ति, उपकरण र सूचना प्रविधियुक्त बनाउने । |
| ४.सम्भाव्यताका आधारमा स्वास्थ्य केन्द्रहरूमा महिनाको एक पटक चिकित्सकबाट स्वास्थ्य परीक्षणका लागि आवश्यक प्रबन्ध मिलाउने । | ४. वडास्तरका स्वास्थ्य चौकी वा आधारभूत स्वास्थ्य केन्द्रमा महिनाको एक पटक चिकित्सकबाट स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिने । | ४. आवश्यकता र सम्भाब्यताको आधारमा प्रत्येक वडाका स्वास्थ्य संस्थालाई पूर्वाधार र सेवामा स्तरोन्नती गर्दै कम्तीमा एक जना चिकित्सकको आवश्यक प्रबन्ध मिलाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ५. स्वास्थ्य संस्था व्यवस्थापन समिति, स्वस्थ्यकर्मी, स्वास्थ्य स्वयसेविकाहरूका लागि क्षमता अनुशिक्षण तथा तालिम सञ्चालन गर्ने । | ५. निर्धारित क्षमता विकासका छोटो र मध्यम अवधिका कार्यक्रम कार्यान्वयन गर्ने । | ५.स्वास्थ्य क्षेत्रको क्षमता विकासका कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने । |
| ६. नेपाल सरकारबाट नियमित रुपमा उपलब्ध हुने बाहेकको स्वास्थ्यकर्मीको क्षमता विकासका छोटो र मध्यम अवधिका तालिम कार्यक्रम तय गर्ने । | ६. स्वास्थ्य सूचनामा आधारित अनुगमन, मूल्याङ्कन, समिक्षा, नीति निर्माण तथा निर्णय प्रक्रिया व्यवस्थित गर्ने गरी स्वास्थ्य शाखाको क्षमता विकास गर्ने । | |
| ७. स्वास्थ्य क्षेत्रका सबै स्वास्थ्य कर्मी तथा कर्मचारीहरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड तय गर्ने । | ७. स्वास्थ्य क्षेत्रका सबै स्वास्थ्य कर्मी तथा कर्मचारीहरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड तय गरी कार्यान्वियन गर्ने । | ७. नगरका स्वास्थ्यकर्मी र कर्मचारीहरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड कार्यान्वयनको आवधिक समिक्षा गरी समयानुकुल परिमार्जन गर्दै जाने । |
| ८. नगर कार्यपालिका अन्तर्गतको सामाजिक विकास समितिमा स्वास्थ्य फोकल पर्शन तोक्ने । | ८.नगर र वडास्तरका स्वास्थ्य व्यवस्थापन तथा स्वास्थ्य अनुगमन समितिलाई तालिम र पुर्नताजगीको व्यवस्था गर्ने। यसमा स्वास्थ्य फोकल पर्शन तथा सामाजिक विकास समितिको पनि प्रतिनिधित्व गराउने । | . |
| | ९. नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणाली तय गरी वार्षिक रुपमा कार्यान्वन गर्ने। | ९. नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणालीलाई निरन्तरता दिने । |

**थ.** नगरको स्वास्थ्य शाखामा पर्याप्त भए पनि वडाहरूमा रहेका अस्पताल, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रमा प्रशासन कार्य गर्नको निम्ति, बिरामीहरूको डिजिटल प्रोफाइल राख्न तथा अन्य तथ्याङ्कको डिजिटल अभिलेख राख्नको लागि आवश्यक कम्प्युटर लगायतका उपकरणको अपर्याप्तता छ। उपलब्ध भएका सामग्रीहरूको प्रयोग पनि सीमित मात्रामा मात्र भएको छ । नगरका स्वास्थ्य संस्थाहरूमा प्रयाप्त र व्यवस्थित तथ्याङ्क डिजिटल अभिलेख नहुँदा नगरको वास्तविक स्वास्थ्य सूचाङ्कहरू निकाल्न सकिने अवस्था छैन । त्यसकारण नगरका तथ्याङ्कको डिजिटल अभिलेखलाई अझ व्यवस्थित गर्न तथा विभिन्न रिपोर्टिङ र दस्ताबेजहरूमा प्रयोग गर्नका लागि निम्न कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगर र वडास्तरका सबै स्वास्थ्य शाखा र सम्बन्धित स्वास्थ्य संस्थाहरूमा सम्बन्धित तथ्याङ्कको डिजिटल अभिलेख राख्न आवश्यक कम्प्युटर, प्रिन्टरको व्यवस्थाको शुरुवात गर्ने । स्वास्थ्य कर्मचारीहरूका लागि विद्युतीय हाजिरको व्यवस्था । | १. नगर र वडास्तरका सबै स्वास्थ्य शाखा र सम्बन्धत स्वास्थ्य संस्थाहरूमा डिजिटल अभिलेख राख्न आवश्यक कम्प्युटर, प्रिन्टरको व्यवस्था गरिसक्ने । | १. स्वास्थ्य संस्थाका गतिविधिको अनुगमन तथा मुल्यांनलाई तथ्याङ्क विश्लेषणमा आधारित बनाउने । सूचना प्रविधिमा आधारित अनुगमन प्रणालीलाई संस्थागत गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. सबै महिला स्वास्थ्य स्वयंसेविकाका लागि उपयुक्त प्रतिवेदन प्रणालीसहितको आधारभूत उपकरण उपलब्ध गराउने । | | |

**द.** नगर अन्तर्गतका स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाका व्यवस्थापन समिति, जनप्रतिनिधि, सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी र अन्य सरोकालावालाहरू बिच स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्य तथा उपलब्धीहरूबारे, लक्ष्य प्राप्तिमा भएका प्रगति समिक्षाका आधारमा कमी देखिएमा कमी पूर्तिको रणनीति समेत बनाउने गरी आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्वास्थ्य शाखाले मातहतका स्वास्थ्य संस्थासँगको मासिक बैठक गर्ने र स्वास्थ्य समिति तथा सम्बन्धित स्वास्थ्य संयन्त्र बिचमा नियमित समन्वयात्मक बैठक गर्ने । | १. नगर अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समिक्षाको अभ्यासलाई थप व्यवस्थित गरी निरन्तरता दिने । | १. स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समिति सहितको समन्वय बैठकलाई नियमित गर्ने । |
| २. नगरस्तरको स्वास्थ्य संयन्त्र र स्वास्थ्य अनुगमन समितिका लागि आवश्यक अनुगमन फाराम तयार गरी त्रैमासिक प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाउने । | २. नगर, नगर अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समिक्षा गर्ने । | २. नगर, नगर अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समिक्षालाई निरन्तरता दिने । |
| ३. महामारी नियन्त्रण तथा प्रतिकार्यका लागि नगरस्तरीय द्रुत प्रतिकार्य टोली निर्माण गरी आवश्यक तालिम उपलब्ध गराउने र उपकरण तथा जनशक्तिको पूर्व व्यवस्था गर्ने । | ३. द्रुत प्रतिकार्य टोलीलाई पुर्न ताजगी प्रदान गर्ने र किटजन्य लगायत स्वास्थ्य महामारी नियन्त्रणका लागि पूर्व तयार राख्ने । | ३. निरन्तर |
| | ४. स्वास्थ्य शाखा र सम्बन्धित संयन्त्र एवं समिति बिचमा नियमित समिक्षा बैठक बस्ने । सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी वार्षिक समिक्षा बैठक सञ्चालन गर्ने । | ४. स्वास्थ्य क्षेत्रको उपलब्धी लेखाजोखा गरी सो का आधारमा मध्यकालका स्वास्थ्य कार्यक्रम छनोट र परिमार्जनसहित निरन्तरता दिने । |
| | ५. स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समिति सहितको समन्वय बैठकलाई नियमित गर्ने । | ५. स्वास्थ्य क्षेत्रमा समग्र बजेट विनियोजनाको कम्तीमा ७ प्रतिशत लगानी सुनिश्चित गर्ने । |

**ध.** सुरक्षित खानेपानी, सरसफाईका पर्याप्त पूर्वाधार र तिनको उचित व्यवस्थापनसहित स्वास्थ्य संस्थालाई स्वच्छ, सफा र समुदायका लागि समेत अनुकरणीय बनाउनु सामुदायिक स्वास्थ्य र स्वास्थ्य सेवाको दृष्टिकोणले अपरिहार्य हुन्छ । त्यसैलाई दृष्टिगत गरी खानेपानी र सरसफाई सम्बन्धी प्राथमिकता निम्नानुसार तयार गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सबै स्वास्थ्य संस्थामा खानेपानी र सरसफाईका पूर्वाधार र सेवालाई नगर मापदण्डमा पुऱ्याउने र विश्राम वा प्रतिक्षा स्थल आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य शुरु गर्ने ।<br><br>२. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरहरूलाई व्यवस्था गर्ने । | १. सबै स्वास्थ्य संस्थामा खानेपानी र सरसफाईका पूर्वाधार र सेवालाई नगर मापदण्डमा पुऱ्याउने र विश्राम वा प्रतिक्षा स्थल आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य गरिसक्ने ।<br><br>२. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायाम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरहरूलाई दीर्घकालीन व्यवस्था गर्ने । | १. स्वास्थ्य संस्थाको खानेपानी र सरसफाईको नगर मापदण्ड कायम राख्न नियमित कार्यक्रम तय गरी सम्बन्धित संस्थाबाट कार्यान्वयनको व्यवस्था मिलाउने । |

**न**. प्रचलित प्राकृतिक चिकित्सा, वैकल्पिक तथा अन्य चिकित्सा पद्धति तथा सेवालाई निश्चित मापदण्डको आधारमा सूचिकृत तथा व्यवस्थित गर्दै आयुर्वेद, योग र प्राकृतिक चिकित्सा सेवासहितको आयुर्वेद, योग र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्न निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सामुदायिक संघ संस्थासँगको समन्वय र साझेदारीमा वडास्तरसम्म एकीकृत स्वास्थ्य चिकित्सा प्रणाली (आयुर्वेदिक होमियोप्याथिक, युनानी, प्राकृतिक समेत) कार्यान्वयन गर्ने । आवश्यकता अनुसार नगर र वडास्तरमा पूर्वाधार तयारी र सेवा सञ्चालन प्रारम्भ गर्ने । | १. सामुदायिक संघ संस्थासँगको समन्वय र साझेदारीमा वडास्तरसम्म एकीकृत स्वास्थ्य चिकित्सा प्रणाली (आयुर्वेदिक होमियोप्याथिक, युनानी, प्राकृतिक समेत) कार्यान्वयन गर्ने । आवश्यकता अनुसार नगर र वडास्तरमा पूर्वाधार तयारी र सेवा सञ्चालन प्रारम्भ र विस्तार गर्ने । | १. एकीकृत चिकित्सा प्रणालीलाई थप समन्वयात्मक रुपमा कार्यान्वयन र विस्तार गर्ने । |

**प.** नगरको २०७५ को घरधुरी सर्वेक्षण अनुसार २ कि.मी बफर क्षेत्र भन्दा बाहिर रहेको दिर्घरोगी र अपाङ्गहरूको २, ३, ४, ५ र १० वडाहरूमा संख्या अधिक रहेको छ । दिर्घरोगीहरू स्वास्थ्य चौकी धाइरहन पर्ने बिरामी हुन् भने अपाङ्गहरू आफैमा शारीरिक र मानसिक हिसाबमा अशक्त भएकाले यस्ता बिरामीहरूका लागि छोटो दूरीमा स्वास्थ्य संस्था हुन जरुरी छ । दमक नगरपलिकाले ७० वर्ष भन्दा माथिका नागरिक, अपाङगता भएका नागरिक र विपन्न नागरिकलाई निशुल्क स्वास्थ्य बीमा गराउने, नगरपालिका क्षेत्र भित्र रहेका आर्थिक रुपले ज्यादै बिपन्न असहाय, अनाथ अपाङगता भएकाहरूलाई स्वास्थ्य उपचारमा सहयोग पुगोस् भन्ने उद्देश्यले कोष स्थापना गर्ने र अशक्त र वृद्धवृद्धाहरूको लागि घरघरमा स्वास्थ्य परीक्षण तथा उपचार सेवा विस्तार गरिने नीति लिएको छ । यसकारण, दीर्घरोगी र अपाङ्गहरू माझ छिटो छरितो रुपमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न निम्न प्राथमिकताका आवाधिक कार्यक्रमहरू प्रस्तुत छ ।

## नक्सा ३/५.२.२. दीर्घरोगी बढी भएको क्षेत्र र स्वास्थ्य संस्था




| Ward | HHs with Disability Outside 2km Buffer |
|---|---|
| 1 | 5 |
| 2 | 27 |
| 3 | 42 |
| 4 | 13 |
| 5 | 10 |
| 6 | 6 |
| 7 | 9 |
| 8 | 0 |
| 9 | 1 |
| 10 | 42 |

**नक्सा ४/५.२.२. अपाङ्गता बढी भएको क्षेत्र र स्वास्थ्य संस्था**




| Ward | HHs with Chronic Outside 2km Buffer |
|---|---|
| 1 | 44 |
| 2 | 119 |
| 3 | 232 |
| 4 | 242 |
| 5 | 124 |
| 6 | 73 |
| 7 | 67 |
| 8 | 7 |
| 9 | 10 |
| 10 | 113 |

२०७५ को तथ्याङ्क अनुसार नगरका रहेका स्वास्थ्य संस्था र नगरमा भएका दीर्घरोगी र अपाङ्गता भएकाहरूको घरधुरी बिचको दुरी र त्यस्ता घरधुरी संख्या माथिको नक्सामा देखाइएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरका स्वास्थ्य संस्थाबाट टाढाको दूरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, घुम्ती शिविरहरू, निःशुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रमको शुरुवात गर्ने । | १. दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, घुम्ती शिविरहरू, निःशुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रमलाई निरन्तरता दिने । | १. दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, घुम्ती शिविरहरू, निःशुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रम कार्यान्वयनका आवधिक समिक्षा गर्दै निरन्तरता दिने ।<br><br>२. नगरका सबै स्वास्थ्य संस्थाका पूर्वाधारलाई, महिला, बालबालिका, आपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकमैत्री सुनिश्चित गर्ने । |

**फ**. दमक नगरपालिकामा ९ वटा भन्दा बढी निजी स्वास्थ्य संस्थाहरू रहेका छन् । नगरमा रहेका विभिन्न निजी स्वास्थ्य संस्थाहरूलाई कम नाफामुलक र बढी सेवामुलक र नगरबासी प्रति थप उत्तरदायी बनाउन नगरमा रहेका विपन्न, बालबालिका, महिला, जेष्ठ नागरिक, अपाङ्गहरूलाई नगरको सिफारिस र समन्वयमा निश्चित कोटाका आधारमा निःशुल्क उपचार सेवा प्रवाह हुने व्यवस्था मिलाउन तथा नगरमा रहेका सामुदायिक र सरकारी लगायत सबै किसिमका स्वास्थ्य संस्थाहरूलाई राष्ट्रिय मापदण्ड अनुसारको प्राविधिक, पूर्वाधार र जनशक्तियुक्त बनाई नगरबासीहरूलाई गुणस्तरीय र विश्वसनीय स्वास्थ्य सेवाको अनुभूति गराउनका लागि निम्न कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा रहेका ठूला निजी हस्पिटलहरूले नगरमा रहेका विपन्न नगरवासीहरूका लागि नगरको सिफारिसमा निश्चित कोटा छुट्याइ निःशुल्क स्वस्थ्य सेवाको शुरुवात गर्ने । | १. नगरका विपन्न वर्गका लागि निश्चित कोटाको व्यस्थापन गरी नगरले निजी स्वास्थ्य संस्थाहरूसँग आवश्यक समन्वय गर्दै जाने । | |
| २. सामुदायिक, सरकारी तथा निजी स्वास्थ्य संस्थाको सेवा अनुगमन तथा नियमन गर्ने । | २. निरन्तरता | २. स्वास्थ्य संस्थाको अनुगमन र नियमनको अभ्यासलाई थप व्यवस्थित बनाउने । |

## तालिका ४/५.२.२ : स्वास्थ्य क्षेत्रको अपेक्षित उपलब्धी

| सूचकाङ्कहरू | एकाई | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|
| **क. बाल स्वास्थ्य** | | | | | |
| **खोप सेवा** | | | | | |
| पूर्ण खोप लगाएका बालबालिका (१२ देखि २३ महिना) | % | ४४.९ | १०० | १०० | १०० |
| TD2 र 2+ खोप लगाएका गर्भवती महिलाहरू | % | ३८.७ | ७५ | ९० | १०० |
| **पोषण** | | | | | |
| ० देखि ११ महिनासम्मका बालबालिकाहरूको वृद्धि अनुगमन गरेको प्रतिशत | % | ० | २५ | ७५ | १०० |
| ० देखि २३ महिनासम्मका बालबालिकाहरूको वृद्धि अनुगमन गरेको प्रतिशत | % | ० | २५ | ७५ | १०० |

| सूचकाङ्कहरू | एकाई | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|
| कुपोषित बालबालिकाहरूको प्रतिशत (<२ वर्ष) | % | ० | ० | ० | ० |
| औसत वृद्धि अनुगमन गरेको संख्या (२ वर्ष मुनिका बालबालिका) | पटक | ० | २५ | ७५ | १०० |
| **ख. पारिवारिक स्वास्थ्य** | | | | | |
| **सुरक्षित मातृत्व** | | | | | |
| प्रोटोकल अनुसार (चौथो, छैठौं, आठौं र नवौं महिनामा) प्रसूति पूर्व जाँच गराउने महिला | % | २४२.४ | १०० | १०० | १०० |
| गर्भावस्थामा १८० दिनको लागि आइरन र फोलिक एसिड खाने महिला | % | ३.६ | २५ | ८५ | ९८ |
| संस्थागत सुत्केरी गराउने महिलाहरू | % | ५९२ | १०० | १०० | १०० |
| स्वास्थ्य संस्थामा भएको कुल सुत्केरी मध्ये दक्ष प्रसुतिकर्मीबाट प्रसूति सेवा लिनेको हिस्सा | % | ५९१.८ | १०० | १०० | १०० |
| प्रोटोकलअनुसार ३ पटक सुत्केरी जाँच गराउने महिलाहरूको प्रतिशत | % | २६४.७ | १०० | १०० | १०० |
| शिशु मृत्यु संख्या (वार्षिक) | जना | १ | ० | ० | ० |
| सुत्केरी मृत्यु संख्या (वार्षिक) | जना | ० | ० | ० | ० |
| **परिवार नियोजन** | | | | | |
| परिवार नियोजनका साधन प्रयोग गर्ने दर (CPR) (आधुनिक विधि) | % | - | ४५ | ६० | ८५ |
| **महिला स्वास्थ्य स्यमंसेविका (FCHV)** | | | | | |
| आमा समूहको बैठक बस्ने दर | % | ० | २५ | १०० | १०० |
| **ग. मलेरिया र कालज्वर** | | | | | |
| मलेरिया मुक्त अवस्था ( स्थानिय केस) | छैन | ० | ० | ० | |
| **घ. क्षयरोग** | | | | | |
| नयाँ विरामी पत्ता लागेको दर (सबै PBC) | % | - | ८५ | ९० | ९५ |
| उपचार सफलता दर (सबै PBC) | % | ७०.६ | ९० | ९० | ९५ |
| खकार परिवर्तन दर (सबै PBC) | % | ८७.३ | ९० | ९० | ९५ |
| **ङ. कुष्ठरोग** | | | | | |
| नयाँ रोगी पहिचान दर (NCDR) प्रति १००,००० जनसंख्यामा | जना | १८.६ | १९ | २० | २० |
| **च. एच.आइ.भी./एड्स** | | | | | |
| प्रसूतिपूर्वको जाँच दौरान एचआइभीको परीक्षण गराउने महिला | % | ० | २५ | ८५ | ९८ |
| **च. औशत आयु** | | | | | |
| औशत आयु (नेपालको औषत आयु र पन्ध्रौ योजना आधार पत्रको आधारमा) | वर्ष | | ७२ | ७४ | ७८ |

**तालिका ५/५.२.२ : स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य**

| क्र.सं. | उपलब्धी सूचक | | एकाई | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षण अस्पताल निर्माण | | संख्या | ० | ० | ० | १ |
| २ | नगर अस्पताल भवन निर्माण | | संख्या | १ | विशिष्टीकृत स्वास्थ्य सेवासहित मध्यकालमा कम्तीमा ५० शैया र दीर्घकालमा ३०० शैया अस्पतालमा स्तरोन्नती गर्ने | | |
| ३ | बाल अस्पताल भवन निर्माण | | संख्या | ० | ० | ० | १ |
| ४ | क्यान्सर अस्पताल भवन निर्माण | | संख्या | ० | ० | ० | १ |
| ५ | प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण | | संख्या | ० | ० | ० | ० |
| ६ | स्वास्थ्य चौकी भवन निर्माण | | संख्या | ० | ० | ० | ० |
| ७ | शहरी स्वास्थ्य केन्द्र भवन/आधारभूत स्वास्थ्य केन्द्र निर्माण | | संख्या | ३ | | ७ | ० |
| ८ | गाउँघर क्लिनिक स्थापना | | पटक | ० | ० | ० | ० |
| ९ | प्रसुती गृह निर्माण | | संख्या | ० | ० | ० | ० |
| १० | बर्थिङ सेन्टर स्थापना | | संख्या | ३ | ० | २ | ० |
| ११ | आपत्कालीन प्रसुती सेवा केन्द्र स्थापना (Emergency Obstetric Care) | | संख्या | ० | २ | ३ | ० |
| १२ | आयुर्वेद औषधालय केन्द्र निर्माण | | संख्या | ० | ० | १ | १ |
| १३ | प्राकृतिक चिकित्सा केन्द्र स्थापना | | संख्या | ० | ० | १ | ० |
| १४ | ट्रमा सेन्टर स्थापना | | संख्या | ० | ० | १ | ० |
| १५ | किड्नी डाइलसेस् केन्द्र स्थापना | | संख्या | ० | ० | ० | ० |
| १६ | खोप केन्द्र स्थापना | | संख्या | १८ | आवश्यकता अनुसार | | |
| १७ | रक्त सञ्चार केन्द्र स्थापना | | संख्या | १ | २ | ३ | ० |
| १८ | लागुऔषध दुरर्व्यसनी सुधार केन्द्र स्थापना | | संख्या | ० | ० | १ | ० |
| १९ | स्तनपान कक्ष स्थापना | | संख्या | ० | १ | आवश्यकता अनुसार विस्तार गर्ने | |
| २० | अनलाइन स्वास्थ्य परामर्श सेवा तथा टेलिमेडिसिन सेवा सुरु गर्ने | | संख्या | ० | ० | १ | ० |
| २१ | एम्बुलेन्स | सामान्य | संख्या | २ | ० | २ | ० |
| | | ‘ख’ वर्ग | संख्या | ० | ० | १ | २ |
| २२ | योगा सेन्टर तथा सामुदायिक व्यायाम सेन्टर स्थापना | | संख्या | ० | २ | ४ | ४ |
| २३ | स्वास्थ्य बिमामा आवद्ध परिवार | | % | | | | |
| २४ | नेपाल सरकारको मापदण्ड अनुसार निःशुल्क औषधी उपलब्ध हुने स्वास्थ्य संस्था | | संख्या | १ | ३ | ५ | १० |
| २५ | वार्षिक समिक्षा बैठक (स्वास्थ्य शाखा) | | पटक | ० | २ | ७ | १३ |
| २६ | स्वास्थ्य संस्थाका व्यवस्थापन समितिको बैठक | | पटक | | २४ | ६० | १८० |

## ५.२.३. सम्पदा संरक्षण

## १. परिचय

दमक नगरपालिका र आसपासको क्षेत्रमा १९७० सालदेखि बसोबास शुरू भए पनि त्यसअघि नै धिमाल कुमाल, मेचे, सतार, राजवंशी, ताजपुरिया आदि जातिको बस्ती रहेको थियो । दमकको नामाङ्कनको विषयमा केही भनाई तथा तथ्यहरू रहेका छन् । पहिले जिमिन्दारी पटुवारी प्रथा रहेको बेला आठमौजा अन्तर्गत दमक धनपूरा इकाईमा पर्दथ्यो । दमनलाल मेचे नाम गरेका व्यक्तिले घना जंगल फडानीको नेतृत्व गरेकोले दमन अपभ्रंश हुँदै दमक भएको एकथरीको भनाई छ । यस ठाउँमा दल दल रहेको हुँदा धिमाल तथा कुमाल भाषामा दमक भनिएको अर्को मत छ भने माटोको ढिस्को उठेको ठाउँ भएकोले "ढिमक" भन्दाभन्दै अपभ्रंश भई दमक हुन गएको मत अझ प्रबल भेटिन्छ । त्यस्तै जनश्रुति तथा स्थलगत अध्ययन गर्दा पहिला हालको दमक बजारस्थित दलदल सिमसार थियो । धिमाल भाषामा "दालदाली दोमोमोका" (टाढाबाट हेर्दा-रमणीय सिमसार) बाट पछि दमक भएको कुरा छ । नेपाली शब्दकोषले दमक शब्दको अर्थ प्रकाशयुक्त वस्तुको चम्चमावट, चमक, हिँड्दा आउने पदचपको ध्वनी, पैतालाको चाल वा दम्को भनी अर्थ्याइएको छ ।

अहिले दमक नगरपालिकाको प्रथम नागरिक भनि परिचित धिमाल समुदायको लिखित इतिहासमा उल्लेख भए अनुसार १००० ई.पू. वर्षभन्दा धेरै पहिला, आर्यहरूको आगमनभन्दा पनि पहिले भारतीय उपमहाद्वीपको उत्तर पूर्व हिमालय क्षेत्रमा आएर बसोबास गरेका किराँतीहरूको एक शाखाभित्र पर्दछन् (रेग्मी, ई.१९९१ दिवस, २०३९ वि.सं.) । जनश्रुति वंशावली अनुसार किँरातइङवाका दश भाइ छोराहरूमध्ये कान्छा थाङदावाका जेठा छोरा धिकोम्पाका सन्तानहरू धिमाल भएका हुन् (दिवस, २०३५, २०३९ वि.सं.) ।

धिमालहरू किराँती दाजुभाइहरूबाट छुट्टिएर भोगटेनी राजारानी धिमाल डाँडास्थित बसोबास गर्न थाले । त्यसैताका कमलझोडा, कीर्तिमान फरानी, लेटाङ, वाराङ्गी, जाँते खेरुवा जस्ता ठाउँहरू आदिका साथै नामाकरण गरी बसोबास गर्न थाले । वि.सं. १८९० भन्दा अगावै धिमालहरूको बसोबास यिनै स्थानहरूमा पाइन्थ्यो । त्यसपछि वा १९ औं शताब्दीको शुरुवातबाट मात्र धिमालहरू तराईको चारकोसे झाडी, घनाजंगल तराई औलो लाग्ने कालापानी क्षेत्रतिर बसाइसराइँ गरी यत्रतत्र छरिएर बस्न थालेको इतिहास पाइन्छन् (धिमाल, ई.२०१२) । त्यसपछि धिमालहरू दोहोलु साखुवारा, रिंगुवा, बालाइ, सुनझोरा, बेलबारी, भिन्डाहा पोर्ताघारी, धिमालधुरा, बुढीझार, लक्ष्मीझार, तिलाइझार, नागाराडुब्बा, रा सोम्ब्री, रा धाम्पाल, भुँडे सिमल, दमक, उर्लाबारी, नकलबन्दा, बिर्ता लगायतका क्षेत्र तथा ठाउँहरूमा बसोबास गरेका पाइन्छन् । औलो रोग प्राणघातक रोगका कारण न त पहाड, न त दक्षिण भारतबाट मानिसहरू यस कालापानी वा औलोग्रस्त क्षेत्रमा बसोबास गर्न सकेका थिए । त्यसताका यस क्षेत्रको निरन्तर स्थायी बसोबास गर्नेमा धिमाल आदिवासी नै पर्दथे ।

यसरी ऐतिहासिक बसोबास, साँस्कृतिक विविधता र परापूर्वकालदेखि विभिन्न समुदायको मिश्रण थलो रहेकोले दमक नगरपालिकामा सम्पदाको महत्व विशेष छ । त्यसकारण सम्पदा संरक्षणको महत्व पनि उत्तिकै रहन्छ । परिभाषामा व्यक्त गर्दा पुर्खाहरूबाट परम्परागत रुपमा प्राप्त गरी वर्तमान र भावी सन्ततिहरूमा हस्तान्तरण हुने परम्परा एवं मानव सभ्यता र संस्कृति झल्काउने जीवन्त अभिव्यक्ति सम्पदा हो । यस्ता अभिव्यक्तिहरू मूर्त र अमूर्त रुपमा व्यक्त हुन्छन् । संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन अनुसार मूर्त सम्पदा स्मारक, वास्तुकला, मुर्ती, उपकरण, औजार आदि हुन् भने, अमूर्त सम्पदामा मौखिक परम्परा, प्रस्तुति कला, सामाजिक अभ्यास, रितिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू समावेश हुन्छन् । सामान्यतया हरेक किसिमको सम्पदालाई प्राचीन, ऐतिहासिक, धार्मिक र साँस्कृतिक भनि वर्गीकरण गर्न सकिन्छ ।

नक्सा ५.२.३. नगरपालिकाको भू-उपयोग वर्गीकरण नक्सामा चित्रित प्रमुख सम्पदा स्थान




*यस नक्साले वडाहरूमा अवस्थित धार्मिक तथा साँस्कृतिक स्थानहरू इंगित गर्दछ । यस प्रकारको तथ्याङ्क सहितको नक्साङ्कनले सम्पदा संरक्षण एवं व्यवस्थापन प्रभावकारी बनाउन मद्दत पुर्‍याउँदछ । साथै नगरमा रहेका धार्मिक तथा साँस्कृतिक स्थानहरूको यस नक्साले भौगोलिक अवस्थिति मात्र जनाए पनि, विद्युतिय (digital) माध्यमद्वारा प्रयोजनमा ल्याउँदा प्रत्येक स्थानको विस्तृत जानकारी लिन मिल्ने गरी भण्डारण गरिएको हुन्छ ।*

विश्वव्यापीकरण, आधुनिकीकरण, जनसंख्या वृद्धि, बढ्दो शहरीकरण र अव्यवस्थित विकास निर्माणको कारण सम्पदा तथा साँस्कृतिक विविधताको संरक्षण कार्य स्थानीय सरकार र नागरिकको लागि प्रमुख चुनौतीको रुपमा रही आएको छ। विभिन्न कारणले शहर तथा बजार क्षेत्रको जनसंख्यामा उच्च वृद्धि देखिन्छ भने, ग्रामीण क्षेत्रको जनसंख्यामा गिरावट देखिन्छ। यी सब प्रवृत्तिले गर्दा मूर्त सम्पदाहरूमा क्षति, हानी नोक्सानी, चोरी, अतिक्रमण, तथा जीर्ण हुने समस्या रहेको छ। त्यस्तै शताब्दीऔं पूराना अमूर्त सम्पदा जस्तै; परम्परा, संस्कृति, भाषा, कला तथा जीवनशैलीहरू अपरिवर्तनीय रुपले हराउँदै गएको छ। तसर्थ विद्यमान सन्दर्भमा विकास र सम्पदा संरक्षण बिच सन्तुलन ल्याई दीगो विकास हाँसिल गर्नु प्रमुख चुनौतीको रुपमा प्रस्तुत छ।

कुनै पनि सम्पदा ऐतिहासिक, सामाजिक, सौन्दर्य, वैज्ञानिक, वा आर्थिक हिसाबले महत्वपूर्ण हुन्छ। ऐतिहासिक सम्पदाहरूले विगतको सभ्यता, संघर्ष, मान्यता तथा दर्शन झल्काएको पाइन्छ। सामाजिक सम्पदाहरू, मुख्यत अमूर्त सम्पदाले सामुदायिक सद्भाव एवं भाइचारा कायम गर्न टेवा पुर्याई रहेको हुन्छ। सौन्दर्यताको पाटोबाट पनि सम्पदाले बस्ती, शहर, वा क्षेत्रको भौतिक विशेषता, पहिचान तथा विशिष्टता जनाउँदछ। त्यस्तै वैज्ञानिक हिसाबले पनि पूरातात्विक र प्राचीन स्मारक, वस्तु, उपकरण, औजार, प्रविधि, विद्या आदिको खोज र अध्ययनले केही सम्पदा र सँस्कृति महत्वपूर्ण हुन्छन्। आर्थिक हिसाबले मुलतः पर्यटक भित्र्याउन र रोजगारी सिर्जना एवं राजश्व अभिवृद्धिको लागि सम्पदा अत्यन्त महत्वपूर्ण छ।

## २. वर्तमान अवस्था

विभिन्न सम्पदाहरू रहेको यस नगरपालिकामा स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरुप सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी स्थानीय कानुन निर्देशिका, कार्यविधिहरूको अपर्याप्तता रहेको छ। सम्पदा सम्बन्धी विवरण भएको भए पनि तथ्याङ्को प्रयोगबाट वैज्ञानिक संरक्षण र व्यवस्थापन कार्य भएको छैन। नगरको आदिबासी, जनजाति र लोपोन्मुख समुदायको भाषा, लिपि, प्रस्तुति तथा शिल्पकला लोप हुँदै गएको अवस्था छ। अव्यवस्थित शहरीकरण, जनसंख्या वृद्धि, र आधुनिकीकरणले गर्दा नगरमा अवस्थित सम्पदा स्थान/क्षेत्र जोखिममा परेको पनि छ। सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यसम्पादनको निम्ति नगरपालिकामा बेग्लै इकाई गठन गरी सम्पदा संरक्षणको कार्यलाई ब्यवस्थित गर्न सकिएको छैन भने सरोकारवालासँगको सहकार्य तथा समुदायसँगको भूमिकालाई ब्यवस्थित गर्न सकिएको छैन।

## ३. मुख्य अवसर र चुनौती

स्थानीय सरकारले पाएको संबैधानिक अधिकार र प्रचलित ऐन कानुन अनुरुप सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी ऐन, नीति, नियम, निर्देशिका, कार्यविधि निर्माणलाई स्थानीय परिवेश र सवालहरूसँग सुहाउँदो बनाइ कार्यान्वयन गर्ने सुनौलो अवसर नगरपालिकालाई प्राप्त भएको छ। सम्बन्धित कानुन निर्माणको प्रक्रिया एवम् अध्ययन अनुसन्धान गर्न बहुपक्षीय समन्वयसहित मार्गनिर्देशनको लागि योजना तर्जुमा गर्ने जस्ता क्रियाकलाप अगाडि बढाउन भने चुनौती रहेको छ।

घना वन र सिमसार/दलदलले ढाकिएको भू-भागमा १९औं शताब्दीको शुरुवाततिर यस क्षेत्रमा धिमालहरूले बस्ती स्थापना गरेको र यसरी बसोबास स्थापना भएपश्चात् कुमाल, मेचे, सतार, राजबंशी, ताजपुरिया समुदायहरूले पनि क्रमशः बस्ती बसाएको यो भेगमा साम्प्रदायिक सम्पदाको प्रशस्तताले गर्दा उल्लेखीय अवसर रहेको छ। तर तीव्र शहरीकरण, जनसंख्या वृद्धि, आधुनिकीकरणको साथै बसाईसराईले गर्दा यस्ता साम्प्रदायिक सम्पदाहरू जोगाउन चुनौतीपूर्ण छ।

त्यस्तै आधुनिक प्रविधि तथा तथ्याङ्कलाई व्यापक प्रयोगमा ल्याउने अभ्यास भित्राउँदै, थप दक्ष जनशक्ति, तथा प्राविधिक शाखा, संयन्त्रमार्फत् वैज्ञानिक सम्पदा संरक्षण र व्यवस्थापन हाँसिल गर्ने अवसर नगरले पाएको छ । तर यस कार्यले निम्त्याउने आर्थिक भार भने प्रमुख चुनौतीको रुपमा रहेको छ ।

नेपालको संविधान, अनुसूची ८, (भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास) र स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ बमोजिम संस्कृति र सम्पदा जोगाउने कार्यमा नगरको भूमिका बारे नीतिगत स्पष्टता हुनुलाई पनि अवसरका रुपमा लिइएको छ । तथापि, यो क्षेत्रलाई नगरको स्थानीय परिवेश अनुसार व्यवस्थित गर्ने चुनौती रहेको छ ।

## ४. लक्ष्य

स्थानीय सम्पदा संरक्षण र सम्वर्द्धन गरी नगरबासीको सामाजिक र आर्थिक हित प्रवर्द्धन गर्ने ।

## ५. उद्देश्य

कानुन तथा तथ्याङ्कको प्रयोग र सचेत नागरिक तथा जनशक्तिमार्फत् सम्पदा संरक्षण र व्यवस्थापनमा प्रभावकारिता ल्याउनु ।

## रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.२.३ : सम्पदा संरक्षणका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. सम्पदा व्यवस्थापन एवं संरक्षणको लागि संयन्त्र गठन तथा परिचालन गर्ने । | १. सबै वडा र नगरपालिकाबाट प्रतिनिधित्व हुने गरी तथा प्राविधिक जनशक्ति/क्षेत्रगत जानकार नागरिक सहितको स्थानीय सम्पदा समिति गठन गरिने छ । साथै आवश्यकता देखिएमा वडास्तरीय/वडा विशेष सम्पदा समिति पनि गठन गरिने छ ।<br>२. प्राविधिक जनशक्ति र विशेषज्ञसहितको सम्पदा संरक्षण र व्यवस्थापन इकाई गठन गरिने छ ।<br>३. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, समन्वय, अनुगमन, नियमन, पहिचान आदिमा समिति र इकाईको विशेष भूमिका सुनिश्चित गरिने छ । साथै पूरातत्व विभागको प्राचीन स्मारक संरक्षण नियमावली अनुरुप सम्पदाको पहिचान र सूचिकृत गर्न आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरिने छ ।<br>४. गठन भएपश्चात् समिति र इकाईद्वारा सबै किसिमको भौतिक/साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङ्क संकलन थालनी गराइने छ । |
| २. नगरपालिकाको सम्पदा सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने । | १. सम्पदा संरक्षण एवं व्यवस्थापनका निम्ति आवश्यक उपकरण/प्रविधि व्यवस्था गरिने छ ।<br>२. लोपोन्मुख भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृति संरक्षण गर्न अभिलेखीकरण तथा knowledge management गरिने छ ।<br>३. प्रभावकारी सम्पदा संरक्षण र व्यवस्थापनको लागि सम्पूर्ण साँस्कृतिक, धार्मिक, ऐतिहासिक, पूरातात्विक सम्पदाको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी नगरपालिकाको सम्पदा स्रोत नक्सासहितको heritage register निर्माण गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ३. सम्पदा व्यवस्थापनलाई स्थानीय आर्थिक विकाससँग आवद्ध गर्ने । | १. सम्पदा क्षेत्र वा स्थानभित्र परेको भनि स्थापित भएका जग्गा/घर/संरचनालाई नगरपालिकाद्वारा कानुन बमोजिम व्यवस्था गरिने छ ।<br>२. नगरपालिकाको पर्यटकीय र स्थानिय आर्थिक विकासमा टेवा पुर्‍याउन सक्ने सम्पूर्ण सम्पदा क्षेत्र/स्थान र संस्कृति झल्काउने समुदायको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान पुर्‍याइने छ ।<br>३. अन्य विभाग र क्षेत्र (जस्तैः स्थानीय आर्थिक विकास/राजश्व, यातायात, भू-उपयोग आदि) सँग समन्वय गरी सम्पदा संरक्षण एवं व्यवस्थापन गुरुयोजना निर्माण गरिने छ ।<br>४. गुरुयोजनालाई भू-उपयोग योजना, वर्गीकरण (zoning) आदिसँग तालमेल हुने गरी निर्माण गरिने छ ।<br>५. भुटानी शरणार्थीहरूको इतिहास र संघर्ष झल्काउने दमकस्थित भुटानी शिविर रहेका स्थानलाई भुटानीहरूको साँस्कृतिक पहिचानसहितको संग्रहालय/अध्ययन केन्द्र निर्माण गरी आकर्षक ज्ञान/पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने छ । |
| ४. स्थानीय संस्कृति र सम्पदा क्षेत्रलाई लोप/जीर्ण हुनबाट र निजी तथा सार्वजनिक गतिविधिबाट हानी/नोक्सानी हुनबाट संरक्षण गर्ने । | दमक नगरपालिकाद्वारा प्रथम नागरिकको रुपमा घोषित धिमाल समुदायको सम्पदा, भाषा, संस्कृति, कला, साहित्य, इतिहासको खोज/अनुसन्धान तथा क्रमशः संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिने छ ।<br>२. धिमाल समुदायको पूराना ग्राम थानहरूको पहिचान गरी संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र प्रवर्द्धन गरिने छ ।<br>३. सम्पदा/संस्कृतिलाई असर गर्ने सबै किसिमको गतिविधिको रोकथाम, नियन्त्रण, र नियमन गरिने छ ।<br>४. विकास निर्माण परियोजना सञ्चालन गर्दा सम्पदा क्षेत्रलाई जोगाएर अगाडी बढ्ने नीति अवलम्बन गरिने छ ।<br>५. सम्पदा संरक्षणका लागि नगरभित्र संरक्षण क्षेत्रहरू कायम गरिने छ ।<br>६. सम्पदा संरक्षणका लागि विभिन्न किसिमको प्रोत्साहन तथा सहयोगको व्यवस्था गरिने छ । |
| ५. सम्पदा संरक्षण र व्यवस्थापनका लागि जनचेतना, जनसहभागिता तथा साझेदारी बढाउने । | १. सूचना प्रवाहका विभिन्न माध्यमको प्रयोग र कार्यक्रम तथा पाठ् यक्रममार्फत् नागरिकलाई र विशेषगरी नयाँ पुस्तालाई सम्पदा र सो को संरक्षण बारे सचेत गराइने छ ।<br>२. पाठ्यक्रम विकास गर्दा नगरपालिकाको स्थानीय सम्पदा, संस्कृति, कला र भाषालाई पनि समेटिने छ ।<br>३. संरक्षणमा नागरिक र विशेष गरी नयाँ पुस्ताको प्रत्यक्ष संलग्नता सुनिश्चित गराइने छ ।<br>४. नगरपालिकाको प्रमुख सम्पदा रेखदेख गर्दै आएका परम्परागत मन्दिर/थान व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति, प्रतिष्ठान आदिसँग समन्वय र साझेदारीमार्फत् अगाडी बढ्ने नीति अवलम्बन गरिने छ ।<br>५. सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समुह आदिसँग समन्वय र साझेदारीमार्फत् अगाडी बढ्ने नीति अवलम्बन गरिने छ । |

## तालिका २/५.२.३ : आवधिक प्राथमिकता : सम्पदा संरक्षण

**क.** संबैधानिक व्यवस्थामा स्थानीय सरकार अधिकार क्षेत्रमा "भाषा, संस्कृति, ललितकलाको संरक्षण" समेत उल्लेखित भएकोले समस्त सम्पदा संरक्षणको जिम्मेवारी नगरपालिकाको रहेको छ। उक्त संवैधानिक जिम्मेवारी अनुसार नगरको मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र व्यवस्थापन कार्यलाई नियमन तथा सहजीकरण गर्न बहुपक्षीय समन्वयसहित नियम कानुन निर्माण र मार्गनिर्देशनको लागि योजना तर्जुमा गर्ने जस्ता क्रियाकलाप अगाडी बढाइने छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकारलाई प्राप्त अधिकार र प्रचलित ऐन कानुन अनुरुप सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटी प्रदेश र संघसँग समन्वय गर्ने।<br><br>२. नगरपालिका र संघ/प्रदेश सरकारको दोहोरो स्वामित्व वा लगानी रहेको सम्पदा संरक्षण/व्यवस्थापनमा स्पष्टता ल्याउने। | १. नेपालको संबिधान, अनुसूची ८, भाषा, संस्कृति र ललितकलाको संरक्षण, विकास र स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ बमोजिम नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने।<br><br>१.१. आवश्यक ऐन, योजना, मापदण्ड सम्पदा संरक्षण र व्यवस्थापन ऐन, नियमावली, कार्यविधि, सम्पदा संरक्षण र व्यवस्थापन गुरुयोजना। | १. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी प्रभावकारी ऐनसहितको संरक्षण र व्यवस्थापनमा सबल नगरपालिका बन्ने। |

**ख.** सम्पदा संरक्षण एवं व्यवस्थापनको निम्ति तथ्याङ्कको प्रयोग प्रमुख हुन्छ। नगरमा यस्ता तथ्याङ्कहरू विभिन्न समयमा र संघसंस्थाको सहयोगमा संकलित छन्। त्यसर्थ यस्ता तथ्याङ्कको प्रयोगबाट वैज्ञानिक व्यवस्थापन हाँसिल गर्न, नगरले विभिन्न चरणमा तथ्याङ्क सम्बन्धी कार्यहरू गर्नेछ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संकलित नगरव्यापी सार्वजनिक स्थलको तथ्याङ्क र सूची (City Wide Inventory and Assessment of Public Spaces) मा सम्पदा स्थानहरू पनि समेटिएकोले, सो सूची र नगरमा उपलब्ध सम्पदा सम्बन्धी अन्य तथ्याङ्कलाई अद्यावधिक गरेर एकरुपता दिने।<br><br>२. नगरमा अवस्थित सम्पूर्ण धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पूरातात्विक, पर्यटकीय महत्वका सम्पदा क्षेत्र र स्थलहरूको तथ्याङ्क र सूचीको आधारमा थप तथ्य संकलन, अध्ययन-अनुसन्धान थालनी। | १. सम्पदा क्षेत्र र स्थान सम्बन्धी विभिन्न तथ्याङ्क/सूची र अन्य क्षेत्रको तथ्याङ्क/सूची (Land Use Inventory, Public Space Inventory, Transportation Inventory आदि) समेतलाई प्रयोगमा ल्याई सम्पदा क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र संरक्षण कार्य गर्ने।<br><br>२. संकलित तथ्याङ्क, अध्ययन-अनुसन्धान आधारमा सम्पदा गुरुयोजना र heritage register निर्माण कार्य सम्पन्न गर्ने। | १. मध्यकालका सम्पदा संरक्षण सम्बन्धी मध्यकालीन प्राथमिकताका कार्यक्रमलाई निरन्तता दिने। |

**ग.** विशेषगरी नगरको आदिबासी, जनजाति र लोपोन्मुख समुदायको भाषा, लिपि, प्रस्तुति तथा शिल्पकला लोप हुँदै गएको सन्दर्भमा सो को संरक्षण जरुरी छ । अमूर्त सम्पदा, जस्तैः मौखिक परम्परा, भाषा, लिपि, साहित्य, प्रस्तुति कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू जोगाउन चुनौतीपूर्ण हुन्छ । त्यसर्थ यस्तो किसिमको ज्ञान तथा कलालाई जगेर्ना गर्न नगरले अभिलेखीकरण तथा व्यवस्थित तरिकाले सम्बर्द्धन, अद्यावधिक तथा वितरण गर्ने कार्यक्रम अघि सारिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. धिमाल, कुमाल र माझी समुदायको भाषा, संस्कृति, कला, र सम्पदा लोप हुँदै गएको नागरिक प्रतिक्रिया भएकोले लोपोन्मुख र जनजाति भाषा, लिपि र विभिन्न कला र संस्कृतिको पहिचान र त्यस पश्चात सो को संरक्षण गर्न अभिलेखीकरण र knowledge management को थालनी । | १. भाषा तथा लिपिको अभिलेखीकरण र knowledge management लाई निरन्तरता तथा अद्यावधिक । | १. भाषा तथा लिपिको अभिलेखीकरण र knowledge management लाई निरन्तरता तथा अद्यावधिक गरी स्थानीय पहिचान निर्माण गर्ने । |

**घ.** सेवा प्रवाह अन्तर्गत सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी विभिन्न कार्य पहिचान गरिएको छ । नगरमा अवस्थित सम्पदा स्थान/क्षेत्रको संरक्षण र व्यवस्थापनमा सुधार तथा प्रवर्द्धन, नयाँ सम्पदा स्थान/क्षेत्रको पहिचान, जारी रहेका योजना/परियोजना समापन लगायत कार्यक्रमहरू विभिन्न चरणमा तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. धिमाल, कुमाल र माझी समुदायको संस्कृति झल्काउने कार्यक्रम, समारोह आदिलाई निरन्तरता दिने र बढाउँदै जाने । साथै यस्ता समुदायहरूको मौलिकता झल्काउने संग्रहालय निर्माणको निम्ति सम्भाव्यता अध्ययन र निर्माण स्थल छनौट सम्पन्न गर्ने । | १. संग्रहालय निर्माणको थालनी गरी समापन गर्ने । | १. संग्रहालय प्रयोगमा ल्याई उचित व्यवस्थापन र प्रचार प्रसारलाई निरन्तरता दिने । |
| २. नगरपालिकाले गर्दै आएको साँस्कृतिक सहयोग र सहकार्यलाई निरन्तरता दिने र यस्तो कार्य बढाउँदै जाने । | २. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरले गर्ने सहयोग र सहकार्यलाई निरन्तरता दिने । स्थानीय कला र संस्कृति संरक्षणलाई अन्य क्षेत्रको कार्यक्रममा समेत समावेश गर्ने । | |
| ३. वडा नागरिकहरूको अनुरोधलाई मध्यनजरमा राख्दै ओझेलमा परेका महत्वपूर्ण स्थानीय सम्पदा (धिमाल समुदायका ग्राम थानहरू, वडा नं. २ स्थित गजकाली मन्दिर, वडा नं. ६ स्थित पशुपति मन्दिर, वडा नं. १० स्थित शिंहदेवी देवस्थल र अन्य सबै) र संस्कृतिको संरक्षण, व्यवस्थापन, र प्रचार प्रसारको लागि विशेष कार्यक्रम तर्जुमा गर्ने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३.१. वडा नं. ३ को अतिक्रमित राम मन्दिर क्षेत्र (करिब २ बिघा) अधिग्रहण प्रक्रिया पूरा गरी अधिग्रहण थालनी गर्ने ।<br><br>३.२. प्रस्तावित, निर्माणाधीन र विशेष गरी २०७६/७७ को नीति तथा कार्यक्रममा उल्लेखित सम्पूर्ण सम्पदा एवं संग्रहालय, मठ मन्दिर, गुम्बा, महाराजथान, माङ्गहिम, मदरसा, ग्रामथान, चर्च आदि सम्बन्धी सबै कार्यक्रम सम्पन्न गरी प्रयोगमा ल्याउने ।<br><br>३.३. पर्यटकीय हिसाबले महत्वपूर्ण सम्पदा क्षेत्र र स्थलहरूको प्रचार प्रसार, पूर्वाधार निर्माण, र सूचना केन्द्रहरू स्थापना गर्ने । | | |

**ङ.** सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य सम्पादनको निम्ति नगरपालिकामा सक्षम जनशक्ति, शाखा, संयन्त्र, तथा आन्तरिक तथा बाह्य सरोकारवालाको आवश्यकता पर्ने हुनाले साथै विभिन्न स्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि, सहकार्य र समन्वय पनि महत्वपूर्ण हुनाले यस सम्बन्धी कार्यक्रमहरू पनि तर्जुमा भएको छ । त्यस्तै यस क्षेत्रमा सचेतना र जागरूकताको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुनाले र यस्ता क्षेत्र र स्थानको सुरक्षामा पनि ध्यान दिनुपर्ने हुनाले यस विषयलाई पनि मध्यनजर गर्दै कार्यक्रम राखिएको छ । विशेषगरी युवा पुस्तामा संस्कृति सम्बन्धी मूल्य मान्यता घट्दै गएको भन्ने बुझिएकोले, युवा पुस्तालाई समेत सचेतना अभिवृद्धिमा कार्यक्रम तय गरिएको हो ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गत सम्पदा संरक्षण इकाई स्थापना गर्ने । | १. आवश्यकता अनुसार सम्पदा संरक्षण इकाईलाई सामाजिक विकास शाखा अन्तर्गत विस्तार गर्ने । | |
| २. सम्पदा संरक्षण इकाईको विभिन्न तालिम, सेमिनार, सिकाई कोर्सको माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | २. सम्पदा संरक्षणसँग सम्बन्धित क्षमता विकास कार्यक्रममा आवश्यक परिमार्जन गरी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| ३. सम्पदा व्यवस्थापन एवं संरक्षणको लागि नगरस्तरीय र वडास्तरीय समिति गठन तथा परिचालन गर्ने । | ३. समिति र सो को कार्यसम्पादन निरन्तरता दिने । | ३. समिति र सो को कार्यसम्पादन निरन्तरता दिने । |

**ङ.१.** स्थानीय सम्पदा संरक्षण र प्रवर्द्धन नगरपालिकाको एक्लो प्रयासले सम्भव नहुने भएकोले क्षमता विकास र समन्वयका माध्यमबाट सहकार्य विकास गर्न निम्नानुसारको प्राथमिकता तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई सम्पदा संरक्षण क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने नागरिक, बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धिका कार्यक्रम तय गरी लागु गर्ने ।<br><br>२. सम्पदा संरक्षण र व्यवस्थापनको लागि मन्दिर/थान व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति लगायत सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समुह आदिसँग साझेदारी विकास गर्ने ।<br><br>३. समुदाय स्वयं तथा नगर प्रहरी र अन्य सुरक्षा संयन्त्र (प्रहरी, सेना आदि) को सहयोगमा सम्पदा क्षेत्र संरक्षण गर्ने । साथै विशेष गरी नयाँ पुस्तालाई संलग्न गराउने किसिमको सचेतना कार्यक्रमहरू आयोजना गर्ने। | १. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन ।<br><br>२. सम्पदा संरक्षणका नगरको आन्तरिक संयन्त्र र सम्बन्धित सरोकारवालासँगको सहकार्यलाई संस्थागत र व्यवस्थित गर्ने । | १. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन ।<br><br>२. सम्पदा संरक्षणमा सहकार्य र साझेदारीलाई उपलब्धीमुलक बनाउन सम्बन्धित सरोकारवाला सहितको नगरस्तरीय संयन्त्रको भूमिका परिभाषित गरी थप व्यवस्थित बनाउने । |

### तालिका ३/५.२.३ : सम्पदा संरक्षणको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य

| क्र.सं. | उपलब्धी सूचक | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|
| १. | कला केन्द्र/संग्रहालय (संख्या) | १ | २ | ३ | ५ |
| २. | व्यवस्थित शव दाह स्थल/स्थान (संख्या) | ० | १ | ३ | ६ |
| ३. | लोपोन्मुख/आदिबासी भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृतिको आधारमा समुदाय पहिचान कार्य (संख्या) | २ | १ | ४ | ७ |
| ४. | लोपोन्मुख/आदिबासी भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृति संरक्षण गर्न अभिलेखीकरण तथा knowledge management कार्यमा समग्र प्रगति (प्रतिशत) | १० | २५ | ५० | १०० |
| ५. | सम्भावित सम्पदा महत्वका (सबै किसिमको) स्थान, क्षेत्रको पहिचान, अध्ययन, अनुसन्धान, उत्खनन् कार्य (संख्या) | १ | २ | ५ | १० |
| ६. | सम्पदा क्षेत्र वा स्थानभित्र परेको भनी स्थापित भएका जग्गा/घर/संरचनालाई कानुन बमोजिम व्यवस्थापनमा प्रगति (प्रतिशत) | २५ | २५ | ५० | १०० |
| ७. | नगरपालिकाले गर्दै आएको साँस्कृतिक सहयोग र साझेदारी (संख्या) | ५ | १० | १० | २० |

| क्र.सं. | उपलब्धी सूचक | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|
| ८. | सम्पदा संरक्षण र व्यवस्थापनको लागि मन्दिर/थान व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति लगायत सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग गरिएको साझेदारी (संख्या) | ७ | १० | १५ | २५ |
| ९. | सम्पदा संरक्षण र व्यवस्थापनको लागि सचेतना कार्यक्रमहरूबाट लाभान्वित जनसंख्या (प्रतिशत) | १० | २० | ५० | १०० |

## ५.२.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### १. परिचय

लैंगिक समानता र सामाजिक समावेशीकरणले निर्णय प्रक्रिया र लाभमा सबै लिङ्ग, वर्ग, क्षेत्र, भाषा र सम्प्रदायको अर्थपूर्ण र सामान सहभागिता र हिस्सेदारी रहेको अवस्थालाई जनाउँछ । नेपालको सन्दर्भमा लैंगिक समानता अन्तर्गत मुलतः महिला तथा लैङ्गिक अल्पसंख्यकको सम्मान, सुरक्षा, अवसर र न्यायको विषय पर्छन् । समाजिक समावेशीकरण भन्नाले विविध कारणले बहिस्करणमा परेका वर्ग क्षेत्र, लिङ्ग र सम्प्रदायका नागरिकको राज्य सञ्चालन प्रक्रियामा मुल प्रवाहीकरण गर्ने विषय पर्छन् । विभिन्न जातजातिको समिश्रण रहेको दमक नगरपालिका जनसांखिक अवस्थाका आधारमा एक समावेशी नगरपालिका हो । दमकमा बसोबास गर्ने सबै जातजाति लगायत महिला, अपाङ्गता भएका व्यक्ति लगायत सबैको बराबर सम्मान र समान अवसरको सुनिश्तिताका लागि नगरले विभिन्न प्रयास गरिरहेको छ । नागरिकका बिच उत्पत्ति धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुरामा भेदभाव नगरिने कुरा नेपालको संविधानले मौलिक हकका रुपमा समावेश गरेको सन्दर्भमा निर्वाचित स्थानीय सरकार गठनसँगै संबिधान प्रदत्त समानताको हक सुनिश्चिततालाई स्थानीय सरकारको प्रमुख दायित्व हुनेमा दमक दृढ छ ।

### २. वर्तमान अवस्था

दमक नगरपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रम अन्तर सम्बन्धित विषयका रुपमा समावेश गरी कार्यान्वयन गर्दै आएता पनि स्थानीय रुपमा कानुनी र नीतिगत प्रबन्ध गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सेवालाई सम्बोधन गर्ने सवालमा कमी महशुस गरिएको छ ।

लैंगिक समानता र सामाजिक समावेशीकरणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक ऐन, नियम र कार्यविधि नहुनु, नगरपालिकामा गठन हुने विभिन्न उपभोक्ता समितिहरूमा सबै पक्षको प्रतिनिधित्व (जस्तैः अपाङ्ग भएका व्यक्ति, दलित, अल्यसंख्यक आदि) अपर्याप्त रहेको, त्यस्ता समितिमा प्रतिनिधित्व गर्ने सम्बन्धित लक्षित वर्गका सदस्यलाई पर्याप्त रुपमा जागरुक बनाउन नसकिएको, लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यान्वयनमा समुदाय तहको क्रियाशीलतामा कमी, अपाङ्गगता भएका व्यक्ति र जेष्ठ नागरिकहरू र दीर्घरोगीहरूको संरक्षणका भएका प्रयासहरू अपर्याप्त हुनु र नगरमा स्थापना भएको महिला तथा बालबालिका शाखामा पर्याप्त जनशक्ति व्यवस्थापन, आवश्यक उपकरण व्यवस्थित सुचना व्यवस्थापन प्रणाली नहुनुलाई यो क्षेत्रका प्रमुख समस्याका रुपमा पहिचान गरिएको छ ।

दमक नगरपालिकाको नगर प्रोफाइल २०७५ का अनुसार ५ वर्ष माथिका महिला र पुरुषको साक्षरता दर क्रमशः ८१.२४ प्रतिशत र ८९.७६ प्रतिशत रहेको छ । सम्पत्तिमा र खासगरी घर जग्गामा स्वामित्व महिलाको हिस्सा ३७ प्रतिशत रहेको छ । यस आधारमा समेत लैङ्गिक समानताको स्तर सुधारको आवश्यकता छ ।

महिला तथा पुरुषको सामाजिक विकासको स्तरमा रहेको अन्तर तथा समस्या समाधानका लागि नगरले विभिन्न प्रयास गरेको छ । स्वास्थ्य बिमा लगायत निश्चित सेवामा महिला, दलित, अल्पसंख्यक आदिको पहुँच सुनिश्चित गर्नका लागि विभिन्न स्थानीय नीति तथा कानुन तय गरी कर्यान्वयन समेत गरिएको छ । तथापि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको समग्र सवालको सम्बोधनका लागि थप नीतिगत र संस्थागत प्रयास आवश्यक देखिएको छ ।

## ३. मुख्य अवसर र चुनौती

नगरभित्रका आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैंगिक समानता कायम गर्नु, नगरपालिकाको सबै संरचनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैङ्गिक समानता र सामाजिक सवावेशीकरण उत्तरदायी शासन पद्धति संस्थागत गर्नु, पारिवारिक र सामाजिक मुल्य, मान्यता र लैङ्गिक भूमिकामा परिर्वतन ल्याउनु, सामाजिक रुपमा बहिस्करणमा परेका वर्ग वा समुदायको सवालको यथोचित सम्बोधन गर्नु, महिलामाथि हुने सबै प्रकारका हिंसा र शोषण अन्त्य गर्नु, सम्पत्तिमाथि महिलाको पहुँच स्थापित गर्नु, गरीब र सिमान्तकृत वर्ग र समुदाय, अपाङ्गता भएका व्यक्ति र ग्रामीण महिलासहित समग्र महिलाको जीवन स्तरमा सुधार ल्याउनु यस क्षेत्रको प्रमुख चुनौतिको रुपमा रहेको छ ।

नेपालको संविधानले समानताको हक सुनिश्चित गर्नु, स्थानीय तहको एकल अधिकारको रुपमा अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असक्तहरूको व्यवस्थापन सुनिश्चित गर्नु, नेपालको संविधानले समानताको हक सुनिश्चित गर्नु, लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका आधारहरू तयार हुनु, उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिताको अभ्यास समुदायस्तरसम्म हुनु लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धिका प्रमुख अवसर हुन् ।

## ४. लक्ष्य

सामाजिक न्यायमा आधारित समावेशी र समतामुलक नगर निर्माण गर्ने ।

## ५. उद्देश्य

**५.१** लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाललाई नीतिगत सुनिश्चित गर्नु

**५.२** नगरका विकास निर्माण र सेवा प्रवाहका क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाललाई व्यवहारिक कार्यान्वयन गर्नु ।

**५.३** सामाजिक समावेशीकरण प्रवर्द्धनमा नगरको आन्तरिक संयन्त्रको सुदृढीकरण गर्नु ।

**५.४** सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा अभिवृद्धि गर्नु ।

**तालिका १/५.२.४ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका रणनीति र कार्यनीति**

| उद्देश्य ५.१ अनुसारको रणनीति | कार्यनीति |
|---|---|
| १. नीतिगत र कानुनी रुपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन गर्ने । | १. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सन्दर्भमा नेपालको कानुनमा भएको व्यवस्थालाई व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, तथा कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>२. नीति तथा कानुनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तय गरी नगरमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरण गरिने छ ।<br>३. बालअधिकारलाई सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिने छ ।<br>४. संविधानको धारा १० मा व्यवस्था भएअनुसार अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ । |

| उद्देश्य ५.१ अनुसारको रणनीति | कार्यनीति |
|---|---|
| | ५. महिला सशक्तिकरण सम्बन्धी नीतिगत व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ । |
| **उद्देश्य ५.२ अनुसार रणनीति** | **कार्यनीति** |
| २. नगरको विकास निर्माण र सेवा प्रवाहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई व्यवहारिक कार्यान्वयन गर्ने । | १. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिलगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै महशुस हुने गरी नगरको सेवालाई पहुँचयोग्य बनाइने छ ।<br>२. नगरको राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ ।<br>३. नगरमा निर्माण हुने हरेक सार्वजनिक संरचना अपाङ्गतामैत्री, बालमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइनेछ ।<br>४. दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको सुरक्षा र सुरक्षित बसोबासका लागि आवश्यक प्रबन्ध गरिनेछ ।<br>५. आर्थिक, सामाजिक र राजनीतिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।<br>६. आर्थिक, सामाजिक र राजनितिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।<br>७. नगरमा रहेका संघ संस्था तथा समितिहरूमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँच योग्यता र सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिनेछ । |
| **उद्देश्य ५.३ अनुसारको रणनीति** | **कार्यनीति** |
| ३. सामाजिक समावेशीकण प्रवर्द्धनको भूमिकामा रहेको नगर संयन्त्रलाई क्षमतायुक्त बनाउने । | १. नगरमा रहेका महिला तथा बालबालिका शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।<br>२. महिला तथा बालबालिका शाखालाई प्रविधिमैत्री बनाइनेछ ।<br>३. महिला तथा बालबालिका शाखाका कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ ।<br>४. तालिम, अनुशिक्षण लगायतका विधिमार्फत महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदिको अधिकार, पहुँच तथा नगरको भूमिका सम्बन्धमा सबै नगर अन्तर्गतका इकाई तथा कर्मचारी बिचमा स्पष्टता ल्याइने छ ।<br>५. नगरभित्र, नगरमा रहेका संघ संस्था तथा समितिमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँच योग्यता, सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिनेछ । |
| **उद्देश्य ५.३ अनुसारको रणनीति** | **कार्यनीति** |
| ४. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरबाट प्रवाह गरिने सेवाको प्रभावकारीता विस्तारलाई प्राथमिकता दिने । | १. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता वितरण थप प्रभावकारी बनाइनेछ ।<br>२. सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरूको प्रभावकारी तथ्याङ्क व्यवस्थापन गरिनेछ । |

| उद्देश्य ५.३ अनुसारको रणनीति | कार्यनीति |
|---|---|
| | ३. सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>४. ज्येष्ठ नागरिक, दीर्घरोगी तथा अपाङ्गता भएका व्यक्तिको सम्मान र सुरक्षाका लागि पारिवारिक संरक्षणमा जोड दिइने छ । |

### तालिका २/५.२.४: आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**क.** दमक नगरपालिकाले सेवा प्रवाह र विकास निर्माणलाई ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिने तथा योजना तथा विकास निर्माणको अभ्यासमा सहभागिता प्रवर्द्धनका अभ्यास गरिरहेको छ। तथापि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति तथा बेग्लै कानुन नभएको तथा सबै क्षेत्रका नीति तथा कानुनमा यो पक्ष विश्लेषण गर्नुपर्ने आवश्यकता देखिएकोले नीतिगत र कानुनी व्यवस्था निर्माणको आवधिक कार्यसूची यहाँ प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. लैङ्गिक समानता र सामाजिक समावेशीकारणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू निर्माण गर्ने । | १. लैङ्गिक समानता र सामाजिक समावेशीकारणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू अद्यावधिक गर्ने । | १. लैङ्गिक समानता र सामाजिक समावेशीकारणका नीति नियम र कार्यविधिहरूलाई थप व्यवहारिक र समय सापेक्ष बनाउने । |
| २. नगरको पूर्वाधार व्यवस्थापन तथा सेवा प्रवाहसँग सम्बन्धित नीति तथा कानुनमा सामाजिक समेवेशीकरणको पक्ष विश्लेषण गरी आवश्यक परिमार्जनको शुरुवात गर्ने। | २. नगरका सबै नीति तथा कार्यक्रमलाई समाजिक समावेशीकरणको नीति अनुकुल भएको सुनिश्चिता गर्ने । | २. क्षेत्रगत नीतिहरूमा रहेका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षको पुनरावलोकन र आवश्यक परिमार्जन गर्ने । |

**ख.** नगरपालिकाले विभिन्न कार्यक्रम कार्यान्वयनका लागि गठन हुने उपभोक्ता समितिमा महिला लगायत सबै पक्षको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ भने संरचनाहरूलाई अपाङ्गता भएका, बालबालिका र महिलामैत्री बनाउँदै लगिएको भए पनि सहभागिता र संरक्षण र पहुँचका थप कार्य गर्नुपर्ने आवश्यकता महशुस गरी निम्न प्राथमिकता तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ४० प्रतिशत पुऱ्याउने साथै दलित, जनजाति र पछाडि परेका समुदायको सहभागिता सुनिश्चित गर्ने । | १. विभिन्न समितिमा महिला, दलित जनजातिको वा लोपोन्मुख जातिको सहभागिता सुनिश्चितताको व्यवहारिक कार्यान्वयनमा जोड दिने । | |
| २. नगरमा निर्माण भएका र निर्माण हुने सार्वजनिक पूर्वाधार अपाङ्गतामैत्री बनाउन थालनी गर्ने ।<br>३. महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । | २. नगरभित्र निर्माण भएका सबै पूर्वाधार अपाङ्गतामैत्री बनाउने । | २. नगरपालिकाबाट सञ्चालन हुने सबै पूर्वाधार र सेवा सम्बन्धि कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल समेट्ने अभ्यासलाई संस्थागत गरिसक्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | २.१ महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न गरिने प्रवर्द्धनात्मक कार्यक्रमलाई थप प्रभावकारी बनाउने । | |
| ३. दुर्व्यबहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माणका लागि अध्ययन र पूर्व तयारी गर्ने । | ३. दुर्व्यवहारमा/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माण गर्ने । | ३. दुर्व्यवहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृहलाई थप व्यवस्थित र प्रभावकारी बनाउने । |
| ४. नगरलाई बालमैत्री नगरको अवस्थामा पुऱ्याउने गरी सार्वजनिक पूर्वाधार सुधारको थालनी गर्ने । | ४. नगरलाई बाालमैत्री नगरको अवस्थामा पुग्नेगरी सार्वजनिक पूर्वाधार सुधार गरिसक्ने । | ४. नगरलाई बालमैत्री पूर्वाधार युक्त नगरको रुपमा स्थापित गर्ने । |
| ४.१. बालमैत्री नगर सुनिश्चितताका नीतिगत र संरचनागत मापदण्ड निर्धारण गर्ने । | ४.१. बालमैत्री नगर सुनिश्चितताका नीतिगत र संरचनागत मापदण्ड कार्यान्वयन र वार्षिक उपलब्धी मापन गर्ने । | ४.१. निरन्तर |
| ५. लैङ्गिक हिंसा न्यूनिकरणका लागि नगरपालिकामा लैंगिक हिंसा न्यूनिकरण कोष स्थापना गर्ने । | ५. लैङ्गिक हिंसा न्यूनिकरण कोषका माध्यमबाट लैङ्गिक हिंसा न्यूनिकरणका लागि विविध कार्यक्रम सञ्चालन गर्ने । | |
| | ६. नगरपालिकाबाट प्रवाह हुने सेवामा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जनसहित कार्यान्वयन गर्ने। | |
| ७. नगरपालिकाबाट प्रवाह हुने सेवामा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जनका लागि आधारहरू तयार गर्ने। | | |

**ग.** नगरका महिला तथा बालबालिका शाखा रहेकोमा यसलाई थप क्षमतायुक्त बनाउन तथा सबै संयन्त्रको कार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई समेट्ने गरी संगठन संरचना र क्षमता विकासका प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने । | १. महिला तथा बालबालिका शाखालाई आधुनिक प्रविधियुक्त बनाउने । | १. महिला तथा बालबालिका शाखालाई जनशक्ति, पूर्वाधार र प्रविधियुक्त बनाउने । |
| २. महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने । | २. महिला तथा बालबालिका शाखामा कार्यरत कमचारीको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रविधिमैत्री बनाउन थालनी गर्ने । | ३. सबै प्रकारका सामाजिक सुरक्षा सेवा वितरणलाई सूचना प्रविधिमा आधारित बनाउने । | |
| ४. महिला तथा बालबालिका शाखालाई अपाङ्गतामैत्री र बालमैत्री बनाउन थालनी गर्ने । | ४. महिला तथा बालबालिका शाखालाई पूर्ण अपाङ्गतामैत्री र बालमैत्री बनाउने । | |
| ५. एकल महिला स्वरोजगार कार्यक्रमका लागि आधार तयार गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने । | ५. एकल महिला स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | |
| ६. एकल तथा असहाय महिला सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने । | ६. एकल तथा असहाय महिला सुरक्षा कोषलाई थप प्रभावकारी बनाउने । | |
| ७. महिला उद्यममा पहिला भन्ने नारालाई साकार पार्न महिला लक्षित साना तथा लघु उद्यम प्रवर्द्धन कार्यक्रम तय गरी आर्थिक विकासको अंगका रुपमा लागु गर्ने । | | |

## तालिका ३/५.२.४ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य

| क्र.सं. | उपलब्धी सूचक | एकाई | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|---|
| १ | लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी ऐन, नियम र कार्यविधि निर्माण सम्बन्धी जनप्रतिनिधिलाई अभिमुखिकरण, निर्माण र नियमित अद्यावधिक (प्रत्येक पटक निर्वाचित) | संख्या | १५ | ५५ | ५५ | ११० |
| २ | नगरमा निर्माण हुने र निर्माण भएका सबै सरकारी संरचना अपाङ्गमैत्री बनाउने (र्‍याम्प तथा अन्य उपयोगी संरचना) | संख्या | ३ | १० | ३० | १०० |
| ३ | महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने | प्रतिशत | | २ | ४ | १३ |
| ४ | दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माण गर्ने | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | लैगिक हिंसा न्यूनिकरणका लागि नगरपालिकामा लैंगिक हिंसा न्यूनिकरण कोष स्थापना गर्ने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने | पटक | | १ | १ | १ |
| ७ | महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई क्षमता विकास तालिम | पटक | | १ | २ | ६ |

| क्र.सं. | उपलब्धी सूचक | एकाई | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|---|
| ८ | सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रविधि मैत्री बनाउन आवश्यक उपकरण सहयोग | पटक | | १ | १ | १ |
| ९ | महिला तथा बालबालिका शाखाको भौतिक संरचना अपाङ्गतामैत्री र बालमैत्री बनाउने | संख्या | ० | ० | १ | ० |
| १० | एकल तथा असहाय महिला सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने | पटक | | १ | | |
| ११ | महिला उद्यममा पहिला भन्ने नारालाई साकार पार्न साना तथा लघु उद्यमलाई प्रोत्साहन | | | | | |

# ५.३. पूर्वाधार विकास

यो खण्डमा दमक नगरपालिकाको भू-उपयोग र शहरी विकास, पार्क तथा मनोरञ्जनका पूर्वाधार, यातायात, खानेपानी, सार्वजनिक सरसफाई, सार्वजनिक भवन तथा पुस्तकालय, सिँचाइ, विद्युत र सञ्चार सम्बन्धी पूर्वाधार र सेवाको नीति तथा आवधिक प्राथमिकता समेटिएको छ। यी सेवाका पूर्वाधार तयारी वा स्तरोन्नतीको विधि र मापदण्ड निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयनमार्फत् सुव्यवस्थित पूर्वाधारयुक्त दमक निर्माणमा केन्द्रित नीति र प्राथमिकता यो क्षेत्रमा समेटिएको छ।

## ५.३.१. भू-उपयोग तथा आवास व्यवस्थापन

### १. परिचय

व्यवस्थित भू-उपयोगका लागि शहरी नियोजनबाट आवासीय क्षेत्र, औद्योगिक र व्यवसायिक क्षेत्र, कृषि क्षेत्र, सम्पदा क्षेत्र, पार्क तथा खुला स्थान र बन क्षेत्र जस्ता क्षेत्र छुट्याएर व्यवस्थित रुपमा अन्य विकासका काम हुन्छ र विकासको लागत प्रभावकारिता र दीगोपन हाँसिल हुनसक्छ। दमक नगरपालिका र आसपासको क्षेत्रको भू-उपयोग, बस्ती विकास र मानव गतिविधिको इतिहास हेर्दा, शुरुमा यस क्षेत्र घना बन र सिमसार/दलदलले ढाकिएको भू-भाग थियो भन्ने विभिन्न प्रकाशनमा उल्लेखित भएको पाइन्छ। त्यसपछि नेपालखण्डमा मानव सभ्यताको विकाससँगै १९औं शताब्दीको शुरुवाततिर यस क्षेत्रमा धिमालहरूले बस्ती स्थापना गरेका थिए। यसरी बसोबास स्थापना भएपश्चात् कुमाल, मेचे, सतार, राजबंशी, ताजपुरिया समुदायहरूले पनि क्रमशः बस्ती बसाएका थिए। यद्यपि आदिबासी जीवनशैली निर्वाह गर्ने भएकाले यी समुदायहरूको बस्ती पातलो, छरिएको र मुख्यतः प्राकृतिक स्रोत साधनमा आधारित थियो। समकालीन इतिहास केलाउँदा १९७० साल यता पूर्वी पहाडी जिल्लाहरू र भारतको आसामबाट बसाइँसराई र कृषि/पशुपालनको शिलशिलामा मानिसहरू आउन थालेपछि वन फडानीको शुरुवात भयो। २००७ सालको औलो उन्मुलन कार्यक्रमपश्चात् भने थप बसाइँसराई, बस्ती विकास, र खेतीपातीले गति लियो। यसै शिलशिलामा २०१२ सालदेखि उत्तरी क्षेत्र र २०२० सालदेखि दक्षिणी क्षेत्रमा बस्ती एवं मानव गतिविधि विस्तार हुन थालेको पाइन्छ। यसरी विकास भएको यो नगरपालिका मिश्रित भू-उपयोगमा आधारित छ।

कुनै पनि खाली भू-भागमा बस्ती एवं अन्य प्रयोग स्थापना र विस्तार गर्दा योजनाबद्ध रुपमा विकास गर्नुपर्ने हुन्छ। दमक नगरपालिकाको प्रारम्भिक विकासको ढाँचा हेर्दा सडक र बस्तीलाई केही हदसम्म ग्रिड शैलीमा (gridiron plan) बसाइएको छ। यो शैलीमा विकासलाई अगाडी बढाउँदा प्रत्येक घर/कित्तामा बाटोको सुनिश्चितता, जमिनको वैज्ञानिक र व्यवस्थित विभाजन, मार्ग पहिचानमा (बाटो पत्ता लगाउन) सहजता, र शहर तथा ट्राफिक व्यस्थापनमा सहजता लगायत विविध फाइदा रहन्छ।

### २. वर्तमान अवस्था

निरन्तर विकास निर्माणको नियमन र अनुगमन नहुँदा नगरमा अव्यवस्थित शहरीकरण र बेथितिको दबाब विद्यमान छ। त्यस्तै मुख्य रुपमा आवासीय र सेवा-व्यवसायिक र त्यसपछि औद्योगिक र व्यवसायिक कृषिमा दमक नगरपालिका उन्मुख रहेको छ। जसले गर्दा नगरको मूल बस्ती तथा व्यवसायिक वडाहरू १, ५, ६, ७ र ८ मा बढ्दो जनसंख्या, शहरीकरण र बजारीकरणलाई व्यवस्थित गराउने चुनौती छ भने बाँकी वडाहरूमा खालि जमिनको उचित प्रयोग, योजनाबद्ध भौतिक/सामाजिक सेवा प्रवाह, कृषि एवं उद्योगको व्यवस्थापन र अन्य वडाबाट बिस्तार भइरहेको शहरीकरण (urban sprawl) नियन्त्रण गरी आफ्नै पहिचान कायम राख्ने प्रमुख चुनौती छ। यी सबै चुनौतीहरू विश्लेषण गरी रहँदा नगरमा रहेका रतुवा, मावा, बेतनी र दिपिनी नदी तथा स-साना होलिद्वारा बस्ती एवं खेतीमा पार्ने प्रभाव, वन क्षेत्र स्थित बस्ती एवं खेतीमा जंगली जनावर आतंक, क्रसर र अन्य उद्योग तथा अव्यवस्थित पशुपालनले बस्ती एवं खेतीमा निम्त्याएका समस्या र अन्य विभिन्न वातावरणीय मुद्दालाई पनि प्रत्येक वडाको विकास निर्माणको योजनामा

समावेश गर्न अनिवार्य हुन्छ। तर हाल भूमिको अवैज्ञानिक तथा परस्पर बिरोधी प्रयोग (land use conflict), अव्यवस्थित र असुरक्षित बसोबास/भू-प्रयोग विद्यमान छ। यसलाई मिलाउन एकातिर भौतिक र सामजिक जटिलता छन् भने अर्कातिर जग्गाको कित्ता सम्बन्धी समस्या पनि सामना गर्नुपर्ने अवस्था छ।

नगरपालिकासँग जोडिएका छिमेकी नगरपालिका/गाउँपालिका बिच केही सीमानाका अष्पष्टता रहेका छन्। ऐलानी, सार्वजनिक, सरकारी र जोखिमयुक्त जग्गामा सुकुम्बासीहरूको बसोबास रहेको छ। शहरी सेवा ब्यवस्थित गर्न आवश्यक पर्ने आधुनिक विधिमा आधारित घर नम्बर प्रणाली कायम गर्न सकिएको छैन।

माथि उल्लेखित शहरी र बस्ती विकास तथा वातावरणीय सवालहरू समेट्न एवं भूमिको प्रभावकारी प्रयोग सुनिश्चित गर्न भू-उपयोग नीति तथा योजनाहरू अति आवश्यक रहन्छ। कुनै पनि योजना निर्माण र विकासलाई मूर्त रूप दिन, यसमा सहजीकरण गर्ने नीति नियम आवश्यक रहने हुनाले यसलाई प्राथमिकतामा राख्नुपर्छ।

**नक्सा १/५.३.१ : दमक नगरपालिकाको संकलित जी.पी.एस. तथ्याङ्कको आधारमा भवनहरूको प्रयोग**




| Ward | Residential | Commercial | Mixed |
|---|---|---|---|
| 1 | 1882 | 69 | 199 |
| 2 | 1458 | 12 | 38 |
| 3 | 1791 | 101 | 113 |
| 4 | 1867 | 61 | 80 |
| 5 | 1924 | 110 | 169 |
| 6 | 508 | 329 | 176 |
| 7 | 868 | 84 | 78 |
| 8 | 1313 | 114 | 127 |
| 9 | 1898 | 50 | 135 |
| 10 | 1218 | 16 | 29 |

*नक्साले वडा नं. १, ५, ६, ७, ८ मा सघन बस्ती तथा व्यवसायिक प्रयोग इंगित गर्दछ। बाँकी वडामा छरिएको, पातलो बस्ती, र केही व्यवसायिक र मिश्रित प्रयोग देखिन्छ। त्यस्तै नक्साभित्रको विवरणमा प्रत्येक वडामा आवासीय, व्यवसायिक र मिश्रित प्रयोगको आधारमा भवन संख्या पनि उल्लेखित छ।*

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको (२०७२) अनुसार सीमित भूमि र भूमिस्रोतको संरक्षण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन सम्बन्धी कार्यलाई मार्गनिर्देशन गर्न तर्जुमा गरिएको नीतिगत दस्ताबेज भू-उपयोग नीति हो । भूमि तथा भूमिस्रोतको संरक्षण, उपयोग र व्यवस्थापनका लागि आवश्यक पर्ने कानुनी एवं संस्थागत व्यवस्था यसै नीतिको आधारमा गरिन्छ । यस नीतिले भूमि तथा भूमिको उपयोगबाट प्राप्त हुने लाभलाई न्यायोचित ढंगबाट वितरण गर्न सक्ने अवस्था सिर्जना गर्दछ । भू-उपयोग नीति, नियम, योजनाको साथै सो को प्रभावकारी कार्यान्वयन र अभ्यास स्थानीय सरकारको लागि महत्वपूर्ण हुन्छ । नगरपालिकाहरूको शहरी/ग्रामीण योजना निर्माण, चाहे औद्योगिक, व्यापारिक वा आवासीय क्षेत्रका लागि होस् यसमा कतै न कतै भू-उपयोग योजनाको आवश्यकता पर्दछ । भू-उपयोग योजनालाई स्थानीय सरकारको नीति निर्माणले पनि प्रभावित पार्दछ । उदाहरणको लागि स्थानीय सरकारले कुनै पनि निर्माण संस्थालाई आवासीय वा व्यापारिक प्रयोजनको लागि ठूला अपार्टमेन्टहरू निर्माणको अनुमति दिन लागेको, विद्यालयको कक्षा कोठा वा नयाँ भवन निर्माणको तयारी, बाटो निर्माण वा अस्पताल निर्माण जस्ता कार्यहरू सञ्चालन गर्न भू-उपयोग योजना छ भने सो निर्माण गर्दा बढी प्रभावकारी हुने निर्णय गरी निर्माण प्रकृयामा लैजान सकिन्छ । भू-उपयोग नीति, नियम, योजनाले स्थानीय सरकारलाई जमिनको प्रकृति अनुसारको क्षेत्र छुट्याउन तथा विकास निर्माणका कार्यहरू विस्तार गर्न सहज बनाउँछ । नेपालको संविधान २०७२ ले स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी काम कारवाहीमा अधिकार सुनिश्चित गरेको छ । भू-उपयोग ऐन २०७६ ले पनि स्थानीय सरकारलाई विभिन्न भू-उपयोग संरचनासहित, भू-उपयोग क्षेत्र नक्सा तयारी, परिमार्जन, र कर्यान्वयन एवं भू-उपयोग योजना तर्जुमा गर्न निर्देशित गरेको पाइन्छ । विस्तृत रूपमा हेर्दा भू-उपयोग नीति, नियम, योजना बनाउने कार्य संघीय र प्रदेश सरकारको कार्यसूचीभित्र परेका छन् र थप स्थानीय नीति, नियम, भू-उपयोग योजना बनाउने कार्य स्थानीय सरकारको कार्य हो भनी शहरी विकास मन्त्रालयले प्रकाशन गरेको भू-उपयोग नीतिमा उल्लेख छ ।

भवन निर्माण स्वीकृति प्रक्रिया तथा अभ्यासमा नगरले आवश्यक सुधार गर्दै आएको भए पनि कागजी प्रक्रियामा आधारित नक्सा पास प्रक्रियालाई विद्युतीय माध्यमद्वारा अगाडी बढाउन बाँकी रहेको छ । सडक, विद्युत, खानेपानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी जस्ता नगर अन्तर्गतका विभिन्न इकाई तथा बाह्य सेवा प्रदायक निकायसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणाली एकीकृत गर्ने integrated building permit system तिर उन्मुख हुनु आवश्यक छ । यी कार्यको लागि तथ्याङ्क व्यवस्थापन र प्रयोगको महत्वपूर्ण भूमिका हुन्छ ।

मिश्रित भू-उपयोग तथा अव्यवस्थित विकासक्रमलाई अन्त्य गर्दै शहरी नियोजनको मापदण्ड अनुसार नगर विकासलाई अघि बढाउने चुनौती छ । दमक नगरपालिकाले भू-उपयोग अभ्यासमा सुधार गरी नगर विकास र शहरी व्यवस्थापनलाई वैज्ञानिक भू-उपयोगमा आधारित तथा आवास व्यवस्थापनलाई आधारभूत शहरी मापदण्ड अनुकुल बनाउनु पर्ने आवश्यकता छ ।

## ३. मुख्य अवसर र चुनौती

दमक नगरपालिकाको प्रारम्भिक विकासको ढाँचा हेर्दा सडक र बस्तीलाई केही हदसम्म ग्रिड शैलीमा (gridiron plan) बसाइएको छ । वैज्ञानिक शैली भएकोले यो शैलीमा विकासलाई अगाडी बढाउँदा विविध फाइदा रहन्छ र यसलाई निरन्तरता दिने अवसर नगरलाई छ । शहरी मापदण्ड र योजनाबद्ध विकासमा नकारात्मक प्रभाव हुने गरी भएको विकास निर्माणका कार्यको समयमा नियमन र ब्यवस्थापन नहुँदा नगरमा अव्यवस्थित शहरीकरण र बेथितिको दबाव नियन्त्रण गर्नु भने चुनौतीपूर्ण रहन्छ ।

नगरपालिकामा भू-उपयोग, शहरी विकास, बस्ती विकास र भवन निर्माण सम्बन्धी गतिविधि नियमन गर्ने कानुनी औजार तथा योजनाहरू पनि न्यून छन् । समतल भू-भाग भएकोले, भौगोलिक अवसर र चुनौतीलाई समेत ध्यानमा राख्दै भवन निर्माण सम्बन्धी कानुन तथा मापदण्ड पनि थप स्थानीयकरण हुन बाँकी छ । यस परिवेशमा नगरले राष्ट्रिय भू-उपयोग ऐन २०७६ मा आधारित रहेर स्थानीय प्राथमिकताको आधारमा सान्दर्भिक स्थानीय कानुन निर्माण गरी यो क्षेत्रलाई व्यवस्थित गर्ने अवसर रहेको छ ।

नगरको मूल बस्ती तथा व्यवसायिक वडाहरू नं. १, ५, ६, ७ र ८ मा बढ्दो जनसंख्या, शहरीकारण र बजारीकरणलाई व्यवस्थित गराउने र बाँकी वडाहरूमा खालि जमिनको उचित प्रयोग, योजनाबद्ध भौतिक/सामाजिक सेवा प्रवाह, कृषि एवं उद्योगको व्यवस्थापन र अन्य वडाबाट बिस्तार भइरहेको शहरीकरण (urban sprawl) नियन्त्रण गरी आफ्नै पहिचान कायम राख्नु प्रमुख चुनौती छ । यी चुनौती सामाना गर्न निर्माण गरिने कार्ययोजनामा नगरमा रहेका रतुवा, मावा, बेतनी र दिपिनी नदी तथा स-साना होलिद्वारा बस्ती एवं खेतीमा पार्ने प्रभाव, वन क्षेत्रस्थित बस्ती एवं खेतीमा जंगली जनावर आतंक, क्रसर र अन्य उद्योग तथा अव्यवस्थित पशुपालनले बस्ती एवं खेतीमा निम्त्याएका समस्या र अन्य विभिन्न वातावरणीय मुद्दालाई पनि प्रत्येक वडाको विकास निर्माणको योजनामा समावेश गर्ने अवसर छ ।

नगरमा तथ्याङ्क र नक्साको संकलन/निर्माण गर्ने अभ्यास विभिन्न चरणमा नगरपालिका तथा संघ संस्थाबाट भएको छ, तर निरन्तर रुपमा व्यवस्थित र एकीकृत भण्डारण, प्रयोग तथा अद्यावधिक गर्ने चुनौती रहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्तम अभ्यासहरूलाई नियाल्दा यस क्षेत्रमा व्यापक तथ्याङ्क तथा नक्साहरूको प्रयोगद्वारा भूमिको वस्तुस्थिति, खाद्य तथा आवासको आवश्यकता, भूमिको माग, परियोजना कार्यान्वयन र अन्य निर्णय तथा नीति निर्माण प्रक्रियामा आवश्यक पर्ने अध्ययन, मुल्यांकन आदि हुने गरेकोले बाह्य अभ्यासलाई स्थानीयकरण गर्ने अवसर नगरलाई छ । सूचना प्रविधिको क्षेत्रमा भएको विकाससँगै परम्परागत रुपमा हुने नक्सा स्वीकृती प्रक्रियालाई विद्युतीय माध्यमद्वारा अगाडी बढाउने र सबै अन्तर सम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग क्रमशः तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणालीलाई एकीकृत गर्ने अवसर पनि रहेको छ ।

भूमिको अवैज्ञानिक तथा परस्पर बिरोधी (Land use conflict) प्रयोग, लालपुर्जा/नक्सामा उल्लेखित जग्गाको नापी विवरण र जमिनको वास्तविक साँध/सीमानामा प्रायः समानता नभएको, अव्यवस्थित र असुरक्षित बसोबास र समस्यायुक्त भू-प्रयोगमा सुधार ल्याउने चुनौती छ । त्यस्तै भवनहरूमा एकरुपता नहुनु (Uniform urban character), भूमि वर्गीकरण (Zoning) अनुसार भूमिको प्रयोग नहुनु, भूमि र निर्माणमा हुने गैरकानुनी गतिविधि, अवैज्ञानिक रुपमा भू-खण्डीकरण (Plotting) हुनु पनि नगरमा देखा परेका भू-उपयोग तथा शहरी विकास सम्बन्धी मुख्य चुनौतीहरू हुन् । तसर्थ नगरमा देखा परेका सबै किसिमको नकारात्मक/अनपेक्षित भू-उपयोग अभ्यासको न्यूनिकरण र निरुत्साहन गर्न यसै योजनामार्फत् विभिन्न कार्यक्रम तर्जुमा गरी लागु गर्ने अवसर पनि नगरलाई छ ।

## ४. लक्ष्य

वैज्ञानिक भू-उपयोगमा आधारित सुव्यवस्थित शहरी पूर्वाधारयुक्त हरित र सुरक्षित दमक निर्माण गर्ने ।

## ५. उद्देश्य

भू-उपयोग अभ्यास आत्मसात गरी नगर विकास र शहरी व्यवस्थापनलाई वैज्ञानिक भू-उपयोगमा आधारित तथा आवास व्यवस्थापनलाई शहरी मापदण्ड अनुकुल बनाउने ।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.३.१ : भू-उपयोग तथा आवास व्यवस्थापनका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. नगरपालिकाको सबै अन्तर वडा तहका सीमाहरू भौगोलिक सूचना प्रणाली GIS आधारमा अद्यावधिक/परिमार्जन गर्ने । | १. निर्वाचन आयोग र नापी कार्यालयसँग समन्वय गरी हरेक वडाको राजनीतिक र भौगोलिक सीमा यकिन गरी नगरपालिका सीमामा एकरुपता ल्याइने छ ।<br>२. प्रत्येक वडाभित्र पर्ने हरेक घरधुरी तथा सेवा प्रवाह सही वडाभित्र पर्ने गरी सीमा तथ्याङ्क कायम गरिने छ ।<br>३. नगरपालिकासँग जोडिएका छिमेकी नगरपालिका/गाउँपालिका बिच समन्वय गरी नगरपालिकाको सीमा सही रुपमा कायम गरिने छ । |
| २. नगरपालिकाभित्र पर्ने हरेक जमिन कित्ता (Land Parcel) तथ्याङ्क निरन्तर रुपमा संकलन तथा अद्यावधिक/परिमार्जन गर्ने । | १. नापी कार्यालयसँग समन्वय गरी हरेक जमिन कित्ताको आधुनिक प्रविधिको आधारमा (उदाहरणको लागि *GIS/DGPS/GNSS*) सर्वेक्षण तथ्याङ्क अद्यावधिक गरिने छ ।<br>२. नापी तथा मालपोत कार्यालयसँग समन्वय गरी लालपुर्जा तथा नापी नक्साको क्षेत्रफलमा एकरुपता ल्याइने छ ।<br>३. नगरपालिको ऐलानी, सार्वजनिक, सरकारी, र निजी तथा जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी तथा अन्य परिवारको तथा यसरी प्रयोग भइरहेको जमिनको तथ्याङ्क संकलन गरिने छ ।<br>४. ऐलानी, सार्वजनिक, सरकारी र निजी तथा जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरूको वास्तविकता यकिन गरिने छ ।<br>५. नगरपालिकाभित्रका जमिन कित्ताको तथ्याङ्कलाई कानुन बमोजिम छनौट गरी सर्वसाधारणले विद्युतीय (डिजिटल) माध्यमबाट हेर्ने र प्राप्त गर्न सक्ने प्रबन्ध गरिने छ । |
| ३. नगरपालिकाभित्र रहेका हरेक पूर्वाधार/भवनको तथ्याङ्क संकलन सम्पन्न गरी निरन्तर अद्यावधिक गर्ने । | १. नगरपालिकाबाट भवन अनुमति प्राप्त भवनहरूको थप तथ्याङ्क जस्तै संरचनागत प्राविधिक (engineering requirement), विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदिलाई अद्यावधिक गरिने छ । भवन अनुमति नभएको संरचनाहरूको हकमा स्वीकृति लिन प्रोत्साहन गरी माथि उल्लेखित तथ्याङ्क संकलन गरिने छ ।<br>२. नगरपालिको भवन अनुमति प्रणालीलाई (building permit system) वैज्ञानिक तथा डिजिटल माध्यममा ल्याई सर्वसाधारणले सहज रुपमा आवेदन प्रक्रिया, आवेदनमाथि भएको प्रगती (process tracking) आदिको जानकारी लिन मिल्ने व्यवस्था गरिने छ ।<br>३. आधुनिक विधिमा घर नम्बर प्रणाली थालनी गरी प्रयोगमा ल्याइने छ ।<br>४. सम्पूर्ण भवन अनुमतिको तथ्याङ्कलाई छनौट गरी सर्वसाधारण/संघसंस्थालाई समेत उपलब्ध हुने खाले डिजिटल प्रविधि तयार गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ४. नगरमा रहेको भू-उपयोग असमाञ्जस्यता हटाउनु । | १. भू-उपयोग ऐन २०७६ अनुरुप नगरपालिकालाई विभिन्न क्षेत्रमा वर्गीकरण (zoning) गरिने छ । साथै वर्गीकरण अनुसारको प्रयोग पनि सुनिश्चित गरिने छ ।<br>२. हरेक क्षेत्रको लागि तोकिएको भू-उपयोग बमोजिम नगरपालिकाले आफ्नो बृहत् उद्देश्य प्राप्तिका लागि त्यस्ता क्षेत्रका लागि परिपुरक नीति नियमको व्यवस्था मिलाइने छ ।<br>३. भू-उपयोग क्षेत्र तोक्दा सम्बन्धित समुदायको पहिचान जनाउने तथा सडक/यातायात पहुँचको हिसाबले उपयुक्त किसिमको हुनेछ ।<br>४. भू-उपयोग अभ्यासमा नगरका नदी तथा होलीहरूको बेल्ट र ROW लाई बाधा नपर्ने गरी विकास निर्माण कार्य गरिने छ । नदी नजिकका तथा वतावरणीय हिसाबले जोखिममा रहेका सम्पूर्ण बस्तीलाई उचित स्थानमा पुनर्स्थापना गरिने छ ।<br>५. बस्ती क्षेत्र तथा मानव स्वास्थ्यलाई असर गर्ने पशुपंछी पालन, उद्योग व्यवसाय, र अन्य सबै प्रयोजनलाई अन्यत्र स्थानान्तरण गरिने छ ।<br>६. संघीय तथा प्रादेशिक सरकारका परियोजनाहरूबाट नगरले प्राप्त गर्न चाहेको भू-उपयोग सम्बन्धी अपेक्षित उपलब्धीहरू (desirable outcomes) तर्जुमा गरी त्यस्ता उपलब्धीहरू हाँसिल गर्ने बारे सम्बन्धित सरकारसँग समन्वय अगाडी बढाइने छ ।<br>७. विभिन्न भू-उपयोग क्षेत्र अन्तर्गत आवासीय क्षेत्र तोक्दा सकेसम्म मिश्रित किसिमको (mixed use) प्रयोग सिर्जना हुने गरी योजना बनाउने ताकी यातायातका कारण दैनिक प्रयोजनको लागि चाहिने उपभोक्ता वस्तु तथा कारोबारलाई कम दुरीमा सम्पन्न गर्न सक्ने बनाइने छ ।<br>८. एकल किसिमको भू-उपयोग क्षेत्र जस्तैः आवासीय, व्यापारिक, औद्योगिक क्षेत्र तोक्न परेको खण्डमा सो क्षेत्रहरूमा आवश्यकता अनुसार खुद्रा व्यापारिक स्थानहरूको (retail centre) प्रावधान पनि ल्याइनेछ ।<br>९. समुदायले परम्परागत रुपमा प्रयोजनमा ल्याइरहेको मध्यम तथा ठुला वर्गका बजार क्षेत्रलाई व्यवस्थापन तथा नयाँ ईलाकामा बजार क्षेत्र बिस्तार गरिने छ ।<br>१०. आवासीय क्षेत्रहरू तोक्दा र आवासहरूको निर्माण गर्दा/गराउँदा सबै किसिमका आवासहरू [single family detached dwelling, townhouse, अपाङ्गमैत्री आवास (special needs housing)], अपार्टमेन्टहरू, किफायती आवास (affordable housing) आदि सबैको प्रावधान राखेर योजना बनाइने छ ।<br>११. नयाँ क्षेत्र/प्रयोग तोक्दा सर्वसाधारणको सहज पहुँच हुने गरी तोकिने छ (बसपार्क, बसस्टप इत्यादि) ।<br>१२. नगरपालिकाले विभिन्न भू-उपयोग क्षेत्र छुट्टाउने क्रममा चलि आएका प्रयोजन/संरचनालाई यथावत रहन दिने व्यवस्था (grandfather clause) राखेता पनि भविष्यमा सो प्रयोजन/संरचनालाई निर्धारित प्रयोजनमै ल्याउने प्रावधान बनाउने छ ।<br>१३. नगरपालिकाले भू-उपयोग योजना बनाउँदा अन्तर नगर/गाउँपालिका, प्रादेशिक सरकार तथा संघीय सरकारको अन्य योजना तथा आवश्यकतालाई मध्यनजर राखेर बनाउने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | १४. नगरपालिकाको भू-उपयोग योजनामा आवश्यकता अनुसार संरक्षित क्षेत्रहरू भनी प्राकृतिक स्रोतहरू, खुल्ला क्षेत्र, सिमसार क्षेत्र, खानी, खनिज क्षेत्र, साँस्कृतिक सम्पदा क्षेत्र आदि भनी छुट्टाइने छ । सो कार्यको लागि नगरपालिकाले यस्ता सबै क्षेत्रहरूको पूर्व अध्ययन गरी निर्धारण गर्नेछ र संरक्षण र प्रयोगका लागि नीति, नियम निर्माण तथा कार्यान्वयन गर्नेछ ।<br>१५. नगरमा छरिएका सबै बस्तीहरूलाई एकीकृत (urban consolidation) गरिने छ । |
| ५. पूराना पूर्वाधारको उपयुक्त व्यवस्थापन र प्रभावकारी पुनर्स्थापना गर्ने । | १. आवश्यकता अनुसार पुनर्विकास क्षेत्र/स्थान पहिचान, पुनर्विकास योजना तर्जुमा, र पुनर्विकास बजेट सुनिश्चित गरिने छ ।<br>२. कृषियोग्य, वन क्षेत्र, संरक्षित क्षेत्र बाहेक अरु बसोबास गर्न मिल्ने क्षेत्रमा खाली, बाँझो/प्रयोग बिहीन, पूरानो बस्ती तथा अन्य पूराना भवन भएका जमिनहरूमा मात्र पुनर्विकास गर्न पाइने छ ।<br>३. भवनहरूमा एकरुपता ल्याउन विशेष शैली निर्धारण गरी भवनहरूमा समान अघिल्लो मोहडालाई (facade) नीति, प्रोत्साहन र सहुलियतको व्यवस्था गरिने छ ।<br>४. Land pooling गर्दा स्थानीय मापदण्ड अनुरुप उपयुक्त निश्चित प्रतिशत जग्गा/कित्ता pooling को योजनामा हुनु पर्नेछ । Pooling को योजनामा नआएका जग्गाधनीको हकमा pooling मा आएका जग्गाधनी सरह व्यवस्था गरिने छ । |
| ६. ऐलानी, सार्वजनिक र सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई सुरक्षित पुनर्स्थापना तथा उक्त जमिनहरूको उचित व्यवस्थापन गर्ने । | १. संकलित भूमि सम्बन्धी तथ्याङ्कको अधारमा, संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी, सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा ऐलानी, सार्वजनिक, र सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई उचित स्थान निर्धारण गरी पुनर्स्थापना गरिने छ ।<br>२. संकलित तथ्याङ्कको आधारमा, संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी, सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा यसरी प्रयोग भई आएका सबै जमिनको उचित व्यवस्थापन तथा पुनर्विकास गरिने छ । |
| ७. भू-उपयोगको आधार माथिल्लो तहका सरकारको नीति नियम बमोजिम नगरपालिकाको आवश्यकता अनुरुप भू-उपयोग योजना तयार गर्ने । | १. नगरपालिकाको भू-उपयोग योजना संघीय सरकार तथा प्रादेशिक सरकारको नीति नियम बमोजिम राष्ट्रिय भू-उपयोग ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा निर्धारित व्यवस्था अनुसार तयार गरिने छ ।<br>२. योजना बनाउँदा तथा संशोधन गर्दा मान्यता प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर, दीगो विकास लक्ष्य (SDG), ISO, NS quality standards, अन्तर्राष्ट्रिय उत्तम अभ्यासहरू आदि समावेश गरिने छ । |
| ८. नगरपालिकाले भू-उपयोग योजनालाई निरन्तर अद्यावधिक गर्ने । | १. स्थानीय भू-उपयोग योजना परिवर्तन गर्न अति आवश्यक महशुस भएमा संशोधन गरिने छ, जसमा हेरफेर भएका खण्डहरूलाई मात्र परिमार्जन गरेर बाँकीलाई यथावत राखिने छ ।<br>२. भू-उपयोग योजना संशोधन गर्दा अपनाउने प्रक्रियामा अधिकतम नागरिक सहभागिता सुनिश्चित हुने पद्धति अपनाइने छ । |

## तालिका २/५.३.१ : आवधिक प्राथमिकता : भू-उपयोग र आवास व्यवस्थापन

**क.** दमक नगरपालिकाले निकट भविष्यदेखि दीर्घकालको लागि भू-उपयोग अभ्यासमा सुधार गरी नगर विकास र शहरी व्यवस्थापनलाई वैज्ञानिक भू-उपयोगमा आधारित तथा आवास व्यवस्थापनलाई शहरी मापदण्ड अनुकुल बनाउने लक्ष्य लिएको हुनाले यो कार्यलाई मूर्त रुप दिन सर्वप्रथम विभिन्न कानुनी व्यवस्था एवं औजारको आवश्यक हुन्छ । हालको सन्दर्भमा यस नगरपालिकामा भू-उपयोग, शहरी विकास, बस्ती विकास र भवन निर्माण सम्बन्धी गतिविधि नियमन गर्ने कानुनी औजारहरू समयावस्था अनुसार थप गर्नुपर्ने हुन्छ । नगरपालिकाको भूगोल र सम्भावित प्रकोपहरू ध्यानमा राख्दै भवन निर्माण सम्बन्धी कानुन तथा मापदण्ड पनि स्थानीयकरण गर्न आवश्यक छ । त्यस्तै संघीयस्तरमा भू-उपयोग ऐन २०७६ लागु भइसकेको अवस्था छ । यस परिवेशमा नगरले प्राथमिकताको आधारमा सान्दर्भिक ऐन कानुन निर्माणको लागि संघ तथा प्रदेशसँग समन्वय, मौजुदा ऐन, कानुन, मापदण्डलाई स्थानीय परिवेश सुहाउँदो गरी परिमार्जन/संशोधन तथा आवश्यक ऐन कानुन निर्माण गर्ने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरुप स्थानीय भू-उपयोग नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटी संघ र प्रदेशसँग समन्वय गर्ने । | १. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ३ बमोजिम, संघीय तथा प्रदेश कानुनको अधिनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने । | १. प्रदेशस्तरीय भूमि तथा वातावरण अदालत (Land/Planning and Environment Court) जस्तो विशेष संरचनासहितको कानुनी रुपमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण मामिलामा सक्षम नगरपालिका बन्ने । |
| २. स्थानीय शहरी (तथा ग्रामीण) योजना/व्यवस्थापनको लागि कार्यविधि तयार गर्ने । | २. आवश्यक स्थानीय कानुनहरू<br>● स्थानीय भू-उपयोग नीति, नियम, निर्देशिका<br>● भू-उपयोग योजना तर्जुमा सम्बन्धी कार्यविधि<br>● ल्याण्ड पुलिङ सम्बन्धी ऐन/कार्यनिति<br>● अव्यवस्थित, असुरक्षित, र गैरकानुनी बस्ती व्यवस्थापन ऐन | |
| २.१. भवन निर्माण/घर नक्सा सम्बन्धी मापदण्ड र ऐनलाई समय सापेक्ष राख्ने । | | |
| २.२. अव्यवस्थित, असुरक्षित, र गैरकानुनी बस्ती व्यवस्थापनको लागि अल्पकालीन कार्यविधि तयार गर्ने । | | |
| २.३. घर जग्गा निर्माण व्यवसायी, भवन निर्माणकर्मी, Engineering consultancy आदि का licensing को लागि आवश्यक कार्यविधि तयार गर्ने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ७ बमोजिम नक्सा पास तथा भवन निर्माण सम्बन्धी सम्पूर्ण कार्यको लागि भवन निर्माण संहिता कार्यान्वयन कार्यविधि तथा नक्सा पास नीति ७४/७५ को जरिवाना सम्बन्धी व्यवस्था र यस्ता अन्य सबै व्यवस्थाहरू समेटी छुट्टै र थप प्रभावकारी कार्यान्वयन कार्यविधि (Enforcement Guidline) बमोजिम बनाउने । | | |

**ख.** सामान्यता भू-उपयोग तथा शहरी नियोजन र बस्ती विकासको नीति नियम निर्माण र अभ्यासमा ल्याउँदा एकल विषयवस्तुको रुपमा लिइने गरेको पाइन्छ । तर यस क्षेत्रको प्रभावकारी अभ्यास र सोचे बमोजिम प्रतिफल हाँसिल गर्न आगामी दिनहरूमा नगरपालिकाले यस क्षेत्रसँग अन्य विभिन्न क्षेत्र तथा सवाललाई जोडेर वा समेटेर अगाडी बढ्नु पर्ने हुन्छ । त्यसैले समान्य अर्थमा भू-उपयोग भनेको उपलब्ध जमिनको प्रयोग भन्ने बुझिएता पनि भू-उपयोगको अर्थ र प्रयोगको दायरा व्यापक रहेको छ । भू-उपयोगमा योजनावद्ध विकास तथा शासकीय अभ्यासलाई प्रभाव पार्ने आर्थिक, राजनीतिक, सामाजिक, कानुनी तथा प्रशासनिक विषय तथा सवाल समेत समेटिन्छ । भू-उपयोगको बारे सोच्दा विभिन्न क्षेत्रको आवश्यकता र भू-उपयोग अभ्यासका बिचमा सामञ्जस्याता कायाम गर्नु अत्यावश्यक हुन्छ । प्रभावकारी भू-उपयोग अभ्यास कार्यान्वयनका लागि नगरपालिकाले विभिन्न पक्षसँग सहकार्य र साझेदारी गर्नुपर्ने हुन्छ भने त्यसका लागि स्पष्ट र अन्तर सम्बन्धित कानुनी आधार, आवश्यकता अनुसार परम्परागत अभ्यास र आधुनिक प्रविधिको उपयुक्त प्रयोग तथा राजनीतिक इच्छाशक्ति र प्रतिवद्धता आवश्यक पर्छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई कम्तीमा आधारभूत क्षेत्रहरूको नीति नियम निर्माणसँग जोडेर लैजाने, जस्तैः शिक्षा, स्वास्थ्य, कृषि, वातावरण/सरसफाई, यातायात । | १. अन्य सबै क्षेत्र र उपक्षेत्रको (वातावरण, सामाजिक, भौतिक र आर्थिक) ऐन, कानुन, नीति निर्माणको क्रममा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई मध्यनजरमा राखेर अघि बढ्ने । | |
| २. नगरपालिका भित्रको सबै तहमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक, र आर्थिक क्षेत्र संग जोडेर लैजाने र सो को अन्तरसम्बन्ध बारे प्रष्ट हुने । | २. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक, र आर्थिक क्षेत्रसँग जोडेर र अन्तरसम्बन्धित रुपमा काम अगाडी बढाउने । | २. सबै क्षेत्रको अन्तरसम्बन्ध बोध सहित प्रभावकारी काम, अनुगमन, मुल्यांकन आदि । |

**ग.** कुनैपनि क्षेत्रको नीति नियम कानुन जतिकै महत्व बोकेको नीतिगत दस्ताबेज सो क्षेत्रको योजना वा गुरुयोजना हुन्छ । नीति नियम कानुनले सम्बन्धित क्षेत्रको कार्य गर्न मार्ग प्रशस्त तथा नियमन गर्छ भने योजना वा गुरुयोजनाले सो क्षेत्रको कार्यसम्पादन गर्न मार्गनिर्देशन गर्दछ । विभिन्न राष्ट्रिय नीति तथा भू-उपयोग ऐन २०७६ बमोजिम तथा नगरको आन्तरिक आवश्यकताको आधारमा पनि भूमिको तथा भूमिमा हुने सम्पूर्ण गतिविधिको व्यवस्थित र वैज्ञानिक उपयोग सुनिश्चितताको लागि भू-उपयोग योजना निर्माण गर्न नगरपालिका तत्पर छ । त्यसकारण आवश्यक समन्वय तथा अध्ययन पूरा गरी नगरलाई सुहाउँदो योजना तर्जुमा गरिने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि संघीय र प्रदेश सरकारसँग समन्वय शुरुवात गर्ने । | १. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि नगरपालिकाले भूमिको वस्तुस्थिति, जनसंख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागि भूमिको मागमा हुने वृद्धि लगायतका विषयमा अध्ययन गर्ने । आवश्यकता अनुसार ग्रामीण र शहरी क्षेत्रको बेग्लाबेग्लै योजना तर्जुमा गरेर कार्यान्वयन गर्ने । | १. संकलित सबै तथ्याङ्कको नियमित अद्यावधिक गर्ने । तर्जुमा भएका योजनाहरूको अल्पकालीन र मध्यकालीन समिक्षा/पुनरावलोकन गर्दै अद्यावधिक गर्ने र पुन कार्यान्वयन गर्ने । साथै यस विधिलाई दीगोरुपमा निरन्तरता दिने । |

**घ.** भू-उपयोग, शहरी विकास, बस्ती विकास र भवन निर्माण क्षेत्रमा तथ्याङ्कको प्रयोग प्रमुख हुन्छ । विशेषगरी भूमिसँग सम्बन्धित विभिन्न भौगोलिक तथ्याङ्क तथा त्यस्तो तथ्याङ्कहरूलाई अझ प्रस्ट रुपमा चित्रण गर्ने नक्साहरूको प्रयोग बृहत् हुन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्तम अभ्यासहरूलाई नियाल्दा यस क्षेत्रमा व्यापक तथ्याङ्क तथा नक्साहरूको प्रयोगद्वारा भूमिको वस्तुस्थिति, खाद्य तथा आवासको आवश्यकता, भूमिको माग, परियोजना कार्यान्वयन र अन्य निर्णय तथा नीति निर्माण प्रक्रियामा आवश्यक पर्ने अध्ययन, मुल्यांकन आदि हुने गर्दछ । यस सन्दर्भमा नगरमा तथ्याङ्क र नक्साको संकलन/निर्माण गर्ने अभ्यास विभिन्न चरणमा नगरपालिका तथा सहयोगी संघ संस्थाबाट भएको छ, निरन्तर रुपमा व्यवस्थित र एकीकृत भण्डारण, प्रयोग तथा अद्यावधिक कार्य भने हुन बाँकी छ । तथ्याङ्क, नक्सा, तथा भू-सूचना प्रणाली र विद्युतीय प्रविधिको प्रयोगद्वारा विभिन्न कार्यलाई सहजीकरण र योजाना तर्जुमा गर्नुपर्छ भन्ने सोचसहित नगरले निम्न बमोजिम कार्यक्रम तय गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जारी रहेका सबै भू-उपयोग सुची Land Use Inventory संकलन कार्यलाई निरन्तरता दिने र थप प्रभावकारी बनाउने । साथै उपलब्ध सूची र नयाँ सूचीलाई अद्यावधिक गरेर एकरुपता दिने । विशेषगरी नगरबासीको माग अनुरुप कृषि जमिनको (माटोको प्रकार र उब्जनी सम्भाव्यता अनुसार) पनि वर्गीकरण गर्ने ।<br><br>२. उपलब्ध सम्पूर्ण सिमाना, कित्ता तथा भवन नक्सा, घर नम्बर नक्सा, सडक सञ्जाल नक्सा, विद्युतीय नक्सांकन, पानी वितरण नक्सांकन लगायत अन्य भूगोल र सेवा सम्बन्धी सबै नक्साहरूको केन्द्रिकृत र व्यवस्थित भण्डारण थालनी गर्ने र थप digitization गर्दै लैजाने । | १. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम स्थानीय भू-उपयोग वर्गीकरण (zoning), स्थानीय भू-उपयोग नक्सा तयारी, मन्त्रालयबाट तयार गरिएको नक्सा प्राप्ति र परिमार्जन, प्राकृतिक जोखिम क्षेत्रको पहिचान र नक्सांकन लगायत सम्पूर्ण कार्य सम्पन्न गर्ने । | १. उच्च गुणस्तरको भू वर्गीकरण नक्सासहितको प्रभावकारी भू-उपयोग, शहरी विकास तथा भवन निर्माण अभ्यासलाई संस्थागत गर्ने । |

ङ. नगरपालिकाको बढ्दो जनसंख्या, शहरीकरण र बजारीकरणलाई व्यवस्थित गराउनु चुनौतीको रुपमा प्रस्तुत छ भने वडाहरूमा खाली जमिनको उचित प्रयोग, योजनाबद्ध भौतिक/सामाजिक सेवा प्रवाह, कृषि एवं उद्योगको व्यवस्थापन, र फैलिरहेको शहरीकरण (urban sprawl) नियन्त्रण गरी आफ्नै पहिचान कायम राख्ने चुनौती छ । यी सब चुनौतीहरू विश्लेषण गरी रहँदा नगरमा रहेका रतुवा, मावा, बेतनी, र दिपिनी नदी तथा स-साना

होलीद्वारा बस्ती एवं खेतीमा पार्ने प्रभाव, वन क्षेत्रस्थित बस्ती एवं खेतीमा जंगली जनावर आतंक, क्रसर र अन्य उद्योग तथा अव्यवस्थित पशुपालनले बस्ती एवं खेतीमा निम्त्याएका समस्या र अन्य विभिन्न वातावरणीय मुद्दालाई पनि प्रत्येक वडाको विकास निर्माणको योजनामा समावेश गर्न अनिवार्य हुन्छ । त्यस्तै हाल भूमिको अवैज्ञानिक तथा परस्पर बिरोधी प्रयोग (land use conflict), अव्यवस्थित र असुरक्षित बसोबास/भू प्रयोग पनी विद्यमान छ । यी सब सवालहरू समाधान गर्न एकातिर भौतिक र सामजिक जटिलता छन् भने अर्कातिर जग्गाको कित्ता सम्बन्धी समस्या पनि हल गरेर अगाडि बढ्नुपर्ने अवस्था छ ।

त्यस्तै जनसंख्या पूर्वानुमानको आँकड़ा हेर्दा हालको ८६,८७४ जनसंख्या, २.०८ प्रतिशत वृद्धिदरले २०९८ साल सम्म १,४०,२८८ पुग्ने छ । घरधुरी तथ्याङ्क सङ्कलन, २०७५ को औसत परिवार संख्या ३.८७ ले नगरपालिकाको त्यस बेलाको परिवार संख्या ३६,२५० हुनेछ । यो हालको परिवार संख्या २२,४४२ मा करिब १३,८०८ परिवार थप हो । यो हिसाबमा प्रति परिवार एक आवासको प्रक्षेपण गर्दा नगरपालिकामा त्यसबेलासम्म क्रमिक रुपमा १३,८०८ आवासको आवश्यकता पर्ने देखिन्छ । यसकारण पूर्वानुमानको आधारमा आवासको उच्च माग रहेकोले, माग पूर्ति गर्न नगरले विभिन्न किसिमको आवास व्यवस्थापन गर्ने गरी अगाडी बढ्ने छ ।

यसकारण सञ्चालनमा रहेको राष्ट्रिय भू-उपयोग परियोजना (National Land Use Project) बाट प्राप्त हुने नक्सा, प्रतिबेदन, तथ्याङ्कसहित विभिन्न किसिमका भू-तथ्याङ्क, आर्थिक-सामाजिक-सांस्कृतिक तथ्याङ्क आदि संकलन गरी र प्रयोगमा ल्याई विभिन्न अवधिमा तल उल्लेख गरिएका कार्यहरू सम्पन्न गरिने छ ।

**नक्सा २/५.३.१. नगरपालिकामा जंगली जनावर र मानव बिच द्वन्द्वको कारण जोखिम बस्ती सम्बन्धी विवरण**




*नक्सामा नगरको विभिन्न नदीको ५०, १००, र २०० मिटर आसपास बस्ती, साथै वन्यजन्तु प्रभावित क्षेत्रको २ कि.मि.भित्र पर्ने बस्तीको चित्रण गरिएको छ । त्यस्तै विवरणमा नदी आसपासको बस्ती संख्या र वन्यजन्तु प्रभावित बस्ती संख्या पनि उल्लेखित छ । नक्साको अधारमा बस्ती स्थानान्तरण र सुरक्षाका उपाय अपनाउने कार्य अगाडी बढाउन मद्दत पुग्दछ ।*

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी उच्च गुणस्तरको सबैखाले नक्सा (कित्ता नक्सासहित (parcel level data) तयारी र प्रयोगमा ल्याउने । साथै राष्ट्रिय भू-उपयोग परियोजनाको National Land Use Project शीघ्र समापनका लागि मन्त्रालय र केन्द्र नापीसँग निरन्तर समन्वय गर्ने । त्यस्तै यी सबको आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (desirable outcome) को पहिचान गर्ने र भू-उपयोग योजनामा समावेश गर्ने । साथै वडा नागरिकबाट आएको प्रमुख land use conflict समस्याहरूलाई प्रभावकारी भू-उपयोग नीति एवं अभ्यासद्वारा सम्बोधन गरी न्यूनिकरण र समाधानको थालनी गर्ने । | १. भू-सूचना प्रणाली र विभिन्न नक्सा, नीति नियम कानुन, भू-वर्गीकरण, भू-उपयोग योजना आदिको सहायता र आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (desirable outcome) हाँसिल गर्न नगरमा देखा परेका सबै किसिमको नकारात्मक/अनपेक्षित भू-उपयोग अभ्यासको न्यूनिकरण र निरुत्साहित गर्ने । | १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (desirable outcome) पूर्ण रुपमा हाँसिल गर्ने । |
| | १.१. राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) नक्सा र तथ्याङ्कसहित अन्य सबै भू-नक्सा, तथ्याङ्क, योजना, सूचनालाई केन्द्रिकृत गर्दै सेवा प्रवाह, योजना तर्जुमा र नीति, नियम, निर्णय प्रक्रियामा प्रयोग गर्ने । | |
| २. हालको जनसंख्यालाई आधार मानी, भावी जनसंख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याट निर्धारण गर्ने । त्यस्तै व्यवस्थित बस्ती विकासका लागि सम्भाव्यताको आधार नगरभरि जग्गा विकास, land pooling परियोजना अगाडी बढाउने । | २. भविष्यमा आवश्यक पर्ने आवासहरू उपयुक्त, व्यवस्थित तथा सुरक्षित ठाउँमा निर्धारण गर्ने, साथै नगरले आफै पनि land pooling तथा किफायती बसोबास (affordable housing) परियोजना, निजी क्षेत्रको कोलोनी र high-rise अपार्टमेन्टहरू, एकल आवासीय गृह (detached dwelling) आदि विविधतासहितको आवासीय घर तथा फ्ल्याटको माग पूर्ति हुने गरी व्यवस्थापन गर्ने । साथै यसो गर्दा निश्चित संख्यामा अपाङ्गमैत्री आवासहरूको पनि व्यवस्था गर्ने । | २. निरन्तर रुपमा पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याट निर्धारण तथा उपलब्ध गर्ने । |

**च.** वडा तथा नगरस्तरीय परामर्शद्वारा नगरमा लालपुर्जा/नक्सामा उल्लेखित जग्गाको नापी विवरण र जमिनको वास्तविक साँध/सिमानामा प्राय समानता नभएको भन्ने समस्यालाई मध्यनजर गर्दै र भावी भू-उपयोग योजनाको एक प्रमुख आधार र कर प्रयोजनमा समेत अति महत्वपूर्ण भएकोले हरेक कित्ताको सही र वास्तविक तथ्याङ्क तथा विवरण कायम गर्न नगरले विभिन्न अवधिमा निम्न बमोजिम कार्ययोजना तय गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रदेश सरकारसँग समन्वय गरेर समस्या रहेको सम्पूर्ण कित्ता नक्सालाई सच्याउन थालनी गर्ने । यसका लागि आवश्यकता अनुसार पुनरनापी (field work) र (desk work) दुवै विधि अवलम्बन गर्ने । | १. कित्ता नक्सालाई सच्याउने कार्यलाई समापन गर्ने र निरन्तर अद्यावधिक गर्ने प्रणाली स्थापना गरेर भण्डारण गर्ने । यस प्रणालीलाई सेवा प्रवाहमा पनि प्रयोग गर्ने जस्तैः नयाँ नक्सा वितरण, जग्गा नामसारी, कित्ताकाट तथा सिमा हेरफेर, कर तथा सम्पत्ति विवरण प्रयोजन आदि । | १. सच्चाइएको सम्पूर्ण कित्ता नक्सालाई भू-उपयोग नक्सा, भू-उपयोग योजना, केन्द्रिकृत नक्सा प्रणाली, भवन निर्माण स्वीकृति प्रणाली र अन्य भू-सूचना तथा सेवा प्रणालीसँग एकीकृत गरेर सेवा प्रवाह गर्ने । |

**छ.** नगरपालिकामा नक्सा पास प्रक्रिया परम्परागत रुपमा हुँदै आएको र प्रक्रियालाई थप आधुनिकीकरण र प्रविधिमुलक बनाउने क्रम जारी रहेको छ । हालसम्म कागजी रुपमा हुने नक्सा पास प्रक्रियालाई विद्युतीय (digital) माध्यमद्वारा अगाडी बढाउने र सबै अन्तरसम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग क्रमशः तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणालीलाई एकीकृत गर्ने (Integrated Building Permit System) नीतिसहित नगर अगाडी बढ्ने छ । विशेषगरी सेवाग्राहीको सहजता र सुलभतालाई ध्यानमा राख्दै र अन्तरसम्बन्धित निकायहरूको तालमेलको कमीले गर्दा शहरी र प्राकृतिक वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनिकरण गर्न यो कार्यलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. इलेक्ट्रोनिक भवन निर्माण स्वीकृति प्रणालीलाई (Electronic Building Permit System) सञ्चालनमा ल्याउने । | १. भवन निर्माण स्वीकृति कार्य र प्रणालीलाई थप आधुनिकीकरण र प्रभावकारी बनाउन अन्य सबै अन्तरसम्बन्धित विभाग र निकायसँग समन्वय गर्ने र एकीकृत स्वीकृति प्रणालीको (integrated building permit system) थालनी गर्ने । | १. सबै अन्तरसम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणाली एकीकृत गर्ने । |

**ज.** नगरको बसोबास र बस्तीको समग्र सुरक्षाको अवस्था हेर्दा भुकम्पीय जोखिम, विभिन्न भेगमा बाढी, कट्टान, डुबान, हात्ती आतंक, आगलागी लगायत समस्या विद्यमान छ । कानुनी आधारमा पनि सम्पूर्ण जोखिममा रहेका बस्ती तथा गैरकानुनी र अव्यवस्थित बस्तीको सुरक्षित, व्यवस्थित एवं दीगो व्यवस्थापन गर्नु स्थानीय सरकारको दायित्व हो र वर्तमान परिस्थितिमा समुदायस्तरमा पनि स्थानीय सरकारप्रति नै अपेक्षा रहेको हुँदा आवधिक रुपमा निम्न बमोजिम कार्य विभाजन गरिएको छ । साथै यसो गर्दा नगरले कमजोर तथा सिमान्तकृत वर्गको विशेष ध्यान राख्ने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ७ बमोजिम भू- जोखिम संबेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नपर्ने हुनाले यस कार्य यथाशीघ्र सम्पन्न गर्ने । | १. भू-जोखिम संबेदनशील जग्गामा विकास निर्माण, बसोबास निरुत्साहित गर्ने र स्थानान्तरण गर्ने नीति बनाई कार्यान्वयन गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. जोखिम बस्ती, असुरक्षित बस्ती, अव्यवस्थित बस्ती, ऐलानी, सार्वजनिक, सरकारी जग्गाका सुकुम्बासी बस्ती, अतिक्रमित जग्गा र अन्य गैरकानुनी बस्तीको पहिचान, व्यवस्थापन/नियन्त्रण, एवम् स्थानान्तरणको निम्ति आवश्यक अध्ययन, तथ्याङ्क संकलन, नीति कानुन निर्माण, कार्यक्रम र समन्वयलाई अगाडी बढाउने । | २. महिला तथा बालबालिका, अपाङ्गता भएका, आदिबासी, कमजोर आर्थिक अवस्थामा रहेका दलित, जनजाति, लोपोन्मुख, विपन्न र सिमान्तीकृत नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने । | २. दीगो विकास लक्ष्यको लक्ष्य ११ (SDG Goal 11) र राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजना अनुरुप समावेशी, सुरक्षित, सबल र दीगो शहर र समुदाय (Inclusive, Safe, Resilient, and Sustainable Cities and Communities) हाँसिल गर्ने । |

**झ.** विभिन्न वडा तथा नगरस्तरीय परामर्शको आधारमा वडा तथा टोलमा अवस्थित र भविष्यमा बन्ने भवन तथा व्यक्तिगत घरहरूको शैलीमा एकरुपता (uniform urban character) ल्याउने नीति तथा सो को कार्यान्वयनमा सकारात्मकता र उत्सुकता देखिएको छ । तसर्थ मौलिकता झल्किने, कम्तीमा समान रंगरोगन वा अघिल्लो मोहडालाई, र केही हदसम्म भवनको उचाईलाई एकनाश गराउनाले टोल तथा बस्तीको स्वरुपमा समानता देखिने र यसको प्रमुख उद्देश्य सामाजिक विभेद न्यूनिकरण र बस्तीको भौतिक सुन्दरता र पहिचान कायम गर्नु नै हो । एकरूप भवनहरूले सामाजिक विभेदमा न्यूनिकरण हुने कारण भनेको घरको आधारमा सामाजिक अस्तित्व वा वर्ग नछुट्टिनु वा नदेखिनु हो । यसकारण नगरले विशेष नीति तथा कार्यक्रमहरू अगाडी बढाउने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विशेषगरी आवासीय तथा आवश्यक अन्य भवनहरूमा एकरुपता ल्याउन अध्ययन, परामर्श तथा नीतिगत तयारी सम्पन्न गर्ने । | १. भवनहरूमा एकरुपता ल्याउन वस्तुशैली निर्धारण र नीतिगत निर्णय गरी कार्यान्यनमा ल्याउने । | १. एकरूप तथा समान भवनहरू भएका टोल, वडा, र नगरपालिकाको रुपमा स्थापित हुने । |

**ञ.** भू-उपयोग, शहरी विकास, बस्ती विकास, तथा भवन निर्माण प्राविधिक विषय भएकोले कार्य सम्पादनको लागि पनि प्राविधिक जनशक्तिको आवश्यकता पर्दछ । हालको अवस्थामा नगरपालिकामा पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा भएता पनि सीमित इन्जिनियर तथा अमिनहरूद्वारा कार्यसम्पादन भइरहेको छ । यस कारणले विभिन्न कालखण्डमा नगरले हालको शाखालाई पूर्णता दिँदै थप दक्ष प्राविधिक जनशक्ति नियुक्ति गर्ने, कर्मचारीहरूको विभिन्न विधिद्वारा क्षमता अभिवृद्धि गर्ने र शाखालाई निरन्तर विस्तार गर्दै थप प्रभावकारी बनाउने योजना राखेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा र त्यसका उपशाखाहरूलाई एक वर्षभित्र पूर्णता दिने । | १. विशेषगरी भवन तथा बस्ती/शहरी विकास शाखालाई अझै आधुनिक र प्रभावकारी बनाउन urban planner, architect, geologist, GIS technician, transportation planner/ engineer, वातावरणविद् आदि थप प्राविधिक जनशक्तिसहित को महाशाखा बनाएर कामको थालनी गर्ने । साथै यस क्षेत्रमा लाग्ने सबै किसिमका आधुनिक प्रविधि र उपकरणहरू प्रयोगमा ल्याउने । | १. भवन तथा बस्ती/शहरी विकास महाशाखालाई वातावरण, विपद व्यवस्थापन, यातायात/सडक, पार्क/खुला क्षेत्र, सम्पदा संरक्षण र अन्य पूर्वाधार शाखा समेत भएको छुट्टै र विशेष अधिकारसहितको विभागको रुपमा विकसित गरेर लैजाने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न तालिम, सेमिनार, सिकाई कोर्सको, माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने तथा आवश्यकता अनुसार नयाँ दक्ष प्राविधिक कर्मचारी नियुक्ति गर्ने । | २. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी professional exchange program, exposure visit, field visit द्धारा क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | २. विविध पद्धतिको कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |

**ट**. हालै लागु भएको ऐनले व्यवस्था गरे बमोजिम भू-उपयोग संयन्त्रहरू गठन गरी क्रियाशील बनाउने र सम्बन्धित शाखा तथा कर्मचारीहरूसँगको निकट समन्वयमा काम गर्ने गरी प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग ऐन २०७६, परिच्छेद ४ बमोजिम भू-उपयोग संरचनाहरू (स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समिति) स्थापना गरी काम अघि बढाउने । | १. स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई माथि उल्लेखित महाशाखासँगको बलियो तालमेल भएको संयन्त्रको रुपमा विकास गर्ने । | १. स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई माथि उल्लेखित विभागसँगको बलियो तालमेल भएको संयन्त्रको रुपमा विकास गर्दै लैजाने । |

**ठ.** भू-उपयोग, सो को अभ्यास र सम्बन्धित विषयवस्तुहरू नगरपालिकाको लागि तुलनात्मक रुपमा नयाँ हो । प्राविधिक विषय भएकोले कम्तीमा यसको नीतिगत तथा व्यवहारिक पाटो जनप्रतिनिधि तथा इच्छुक सबै नगर कार्यपालिका कार्यालय अधिकारीहरूले बुझ्न जरुरी छ भने बाह्य सरोकारवाला संघसंस्था तथा व्यक्तिलाई पनि यस विषय थप अभिमुखीकरण तथा सचेतना वृद्धि गराउन जरुरी छ । यसकारण नगरले विभिन्न सचेतना अभिवृद्धि कार्यक्रम तय गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जनप्रतिनिधिलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धि विभिन्न सचेतना अभिवृद्धि कार्य गर्ने । | १. सचेतना अभिवृद्धिलाई निरन्तरता दिने । | १. सचेतना अभिवृद्धिलाई निरन्तरता दिने । |
| २. नगरपालिकाको अन्तरिक क्षमता विकासमा मात्र नभई भू-उपयोग, शहरी विकास तथा भवन निर्माणसँग प्रत्यक्ष सरोकार राख्ने बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धि र licensing गर्ने । जस्तैः घर जग्गा निर्माण व्यवसायी, भवन निर्माणकर्मी, engineering consultancy आदि । | २. प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन । | २. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन । |

**तालिका ३/५.३.१ : भू-उपयोग र आवास व्यवस्थापनको अपेक्षित उपलब्धी र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | उपलब्धी सूचक | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|
| १. | पहिचानमा आएका अन्तर वडा र पालिका बिच सिमा समस्या समाधान कार्य (संख्या) | | १ | सबै समाधान गरी सक्ने | |
| २. | पहिचानमा आएका नक्सा/लालपुर्जा विवरण र जग्गाको वास्तविक क्षेत्रफल, साँध-सिमाना बिचका असमानता (प्रतिशत) | १० | ३० | ५० | ८० |

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|
| ३. | स्थानान्तरण आवस्यक रहेको ऐलानी, सार्वजनिक, सरकारी, र निजि जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) | ४५ | १०० | २०० | ५०० |
| ४. | स्थानान्तरण वा जोखिम न्यूनिकरण आवश्यक रहेको जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) *(नोटः तथ्याङ्कको विश्लेषण र स्रोत, नक्सा नं. २/५.३.१. को आधारमा रहेको)* | २८५५ | ८०० | १५०० | ० |
| ५. | गैरकानुनी र जोखिमयुक्त तवरले प्रयोग भई आएका जमिनको उचित व्यवस्थापन कार्य (प्रतिशत) | | २० | ५० | १०० |
| ६. | भवन अनुमति प्राप्त भवन र संरचनाहरूको थप तथ्याङ्क संकलन कार्य (जस्तैः संरचनागत प्राविधिक (engineering requirement), विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदि) (प्रतिशत) | ५० | ५० | ७५ | १०० |
| ७. | इलेक्ट्रोनिक भवन निर्माण स्वीकृति प्रणालीलाई (Electronic Building Permit System) र त्यसपश्चात् एकीकृत स्वीकृति प्रणालीको (Integrated Building Permit System) कार्यान्वयनमा प्रगति (प्रतिशत) | १० | १०० | निरन्तरता | निरन्तरता |
| ८. | भवन अनुमति नभएको भवन र संरचनाहरूलाई स्वीकृति प्रणालीको दायराभित्र ल्याउने कार्य (कच्ची घर समेत) (प्रतिशत) | ६० | ८० | ९० | ९५ |
| ९. | घर नम्बर प्रणालीमा आउन बाँकी भवन र संरचनाहरू (प्रतिशत) | १०० | १० | ५ | ० |
| १०. | बस्ती क्षेत्र तथा मानव स्वास्थ्यलाई असर गर्ने (व्यवसायिक लक्ष्य मात्र)<br>१. पशुपंछी पालन<br>२. उद्योग, व्यवसायय<br>३. भू-वर्गाकरण विपरित सबै प्रयोजनलाई अन्यत्र स्थानान्तरण कार्य (प्रतिशत) | | १५ | ५० | ८० |
| ११. | छरिएका सबै बस्तीहरूलाई एकीकृत गर्ने कार्य (प्रतिशत) | | २० | ४० | ८० |

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|
| ११. | भावी जनसंख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फल्याटको उपलब्धता-प्रति परिवार एक आवासको प्रक्षेपणले (संख्या) | | ८०० | २००० | ४२७५ |
| १३. | आवासीय तथा आवश्यक अन्य भवनहरूमा एकरुपता ल्याउने कार्य (प्रतिशत) | | २५ | ५० | १०० |
| १४. | भू-उपयोगको क्षेत्र वर्गीकरण | वर्गीकरण नभएको | वर्गीकरणको लागि राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) नक्सा, प्रतिवेदन र तथ्याङ्क प्राप्ती | वर्गीकरणको सुरुवात र बर्गिकरण समाप्ति | वर्गीकरण अनुरुप अभ्यास र निरन्तर मुल्यांकन र अद्यावधिक |
| १५. | भू-उपयोग योजना तयारी | योजना नभएको | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. अल्पकालीन. १ समापन | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. मध्यकालीन. . १ समापन | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. दीर्घकालीन . १ समापन |
| १६. | भू-उपयोग सूचना प्रणाली (नक्सा तथा डाटाबेस) स्थापित भै सरोकारवालाको सहज पहुँचु हुने | नभएको | शुरुवात गर्ने | समापन गर्ने र प्रयोगमा ल्याउने | निरन्तर अद्यावधिक र सुधार |
| १७. | भू-उपयोग व्यवस्थापनको लागि विभाग एवं जनशक्ति | अपर्याप्त अवस्थामा | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. अल्पकालीन. १ बमोजिम | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. मध्यकालीन. १ बमोजिम | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. दीर्घकालीन. १ बमोजिम |
| १८. | भू-उपयोग संरचनाहरू (स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समिति) निर्माण | नभएको | पूरा गरी परिचालित अवस्थामा आउने | | |
| १९. | भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न अन्तरिक तथा बाह्य क्षमता अभिवृद्धि कार्यक्रमहरूबाट लाभान्वित कर्मचारी तथा जनप्रतिनिधि (वार्षिक, संख्या) | | | | २०० |

## ५.३.२. पार्क तथा मनोरञ्जन

### १. परिचय

पार्क तथा मनोरञ्जन अर्थात् सार्वजनिक प्रयोजनको लागि बनेका फुर्सदको समयमा उपयोगी, व्यायाम र मनोरञ्जनात्मक गतिविधि तथा मनोविनोदमा सहजीकरण गर्ने स्रोत, साधन र स्थलहरू हुन् । आम नागरिकको दैनिक जीवनको गुणस्तरीयताका लागि यस्ता स्रोतहरू अपरिहार्य हुन्छन् । यस्ता स्रोतहरू सार्वजनिक स्थल, खुला क्षेत्र र सुबिधाहरू जस्तैः पार्क, शहरी प्लाजा वा स्क्वायर (city plaza and square), हरित क्षेत्र, उद्यान, बगैचा, पैदल मार्ग (tracks and trails), तथा निर्मित संरचनाहरू जस्तैः खेलकुद मैदान, मनोरञ्जनात्मक स्थल, ज्ञान/कलात्मक स्थल, सभा, सम्मेलन, मेला, सांगीतिक कार्यक्रम स्थल आदि हुन् । पार्क तथा मनोरञ्जन स्थल तथा सेवा/सुबिधाहरूले आर्थिक, सामाजिक, स्वास्थ्य तथा वातावरणीय महत्व बोकेको पाइन्छ ।

आर्थिक दृष्टिकोणले यस्ता सेवा सुबिधा सम्पन्न क्षेत्रको स्थानीय राजश्व र जमिनको मूल्यमा वृद्धि हुन्छ । साथै सो क्षेत्रले थप बसाइँसराई एवं ब्यापार व्यवसायलाई पनि आकर्षित गर्दछ । सामाजिक हिसाबले पार्क तथा मनोरञ्जन सामुदायिक जीवनस्तर गुणस्तर र पहिचानको मूर्त प्रतिबिम्ब हो । प्रायः समुदायको बसोबास योग्यता (livable community) मापनको प्रमुख सूचकको रुपमा पनि पार्क तथा मनोरञ्जन सेवा सुबिधाको उपलब्धतालाई लिइन्छ । त्यस्तै सामुदायिक मेलमिलाप, अन्तर्क्रिया, विविध सिकाई र आपत्कालीन आश्रयको लागि पनि यस्ता स्थानहरू महत्वपूर्ण हुन्छन् । नागरिक स्वास्थ्यको कोणबाट शारीरिक रूपमा सक्रिय हुने अवसर प्रधान गर्ने हुनाले, बालबालिका, युवा, जेष्ठ नागरिक लगायतको हितमा पार्क तथा मनोरञ्जन सेवाले विशेष टेवा पुऱ्याउँदछ । पार्क, हरित क्षेत्र, उद्यान तथा बगैंचाको वातावरणीय सन्तुलन र सुधारमा पनि ठुलो भूमिका रहन्छ जसले गर्दा मानव स्वास्थ्यमा समेत सकारात्मक प्रभाव देखिन्छ । यी स्थानहरूबाट पानीको गुणस्तर सुधार, भूमिगत पानीको संरक्षण, बाढी/कट्टान न्यूनिकरण, स्वच्छ हावामा वृद्धि, विभिन्न प्रदुषण नियन्त्रण, वन्यजन्तु र वनस्पति संरक्षण लगायत धैरै प्राकृतिक एवं वातावरणीय लाभ लिन सकिन्छ । सही स्थानमा पार्क, हरित क्षेत्र र पैदल मार्ग, उद्यान तथा बगैचा विकास गर्नाले आवासीय र सडक वा औद्योगिक क्षेत्र बिच बफरको (buffer) रुपमा पनि काम गर्दछ ।

### २. स्थानीय अवस्था

नगरलाई हतित क्षेत्र युक्त नगर बनाउनका लागि विभिन्न प्रयास नगरले गर्दै आएको छ । शहरको कतिपय भागमा स-साना पार्क निर्माणका साथै हरित क्षेत्र विस्तारका कार्य पनि भइरहेको छ भने विभिन्न किसिमका खेल मैदानको विकास पनि भइरहेको छ । तथापि पार्क तथा मनोरञ्जन क्षेत्रलाई बेग्लै पूर्वाधार र सेवा क्षेत्रको रुपमा योजनाबद्ध विकास प्रक्रियामार्फत् अघि बढाउन सकिएको छैन । पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, समन्वय, नियमन, पहिचानका कार्यमा पर्याप्त स्रोत र जनशक्ति परिचालन गर्न सकिएको छैन । पार्क तथा मनोरञ्जन सम्बन्धी उपलब्ध सूची र नयाँ सूची अद्यावधिक गरी वैज्ञानिक रुपमा प्रयोगमा ल्याउन सकिएको छैन ।

### ३. मुख्य अवसर र चुनौती

समतल भू-भाग, खाली जमिन, नदी, सिमसार, तथा वन क्षेत्र जस्ता स्रोतले भरिपूर्ण यस नगरलाई पार्क, खेलकुद मैदान र मनोरञ्जनात्मक गतिविधियुक्त रमणीय गन्तव्यको रुपमा विकास गर्ने प्रचुर अवसर छ । यस कार्यका लागि आर्थिक र मानवीय स्रोत व्यवस्थापन गर्ने, नगरमा अवस्थित पार्क तथा मनोरञ्जन जस्ता सेवा सुबिधाको गुणस्तर वृद्धि तथा प्रवर्द्धन गर्ने र जारी रहेका योजना/परियोजना समापन र नयाँ सेवा सुबिधा निर्माण तथा विस्तार गर्ने चुनौती छ ।

संघीय कानुनले दिएको अधिकार अनुसार नगरलाई सुहाउँदो नीति, नियम, मापदण्ड तथा योजना तयार गरी नागरिकको स्वास्थ्य, वातावरण संरक्षण, सामाजिक, शहरी सुन्दरता, तथा राजश्व अभिवृद्धिको दृष्टिकोणबाट समेत महत्वपूर्ण यस क्षेत्रको उचित व्यवस्थापन गर्ने अवसर नगरलाई छ। सान्दर्भिक ऐन कानुन तथा योजनाहरू निर्माण गरी छरिएर रहेका र व्यवस्थापनको र पूर्वाधारको आवश्यकतामा रहेका पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान निर्माण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने चुनौती रहेको छ।

## ४. लक्ष्य

पर्याप्त र व्यवस्थित पार्क, खुला स्थान तथा मनोरञ्जन सुविधामार्फत् नगरबासीको सर्वाङ्गीण हित प्रवर्द्धन गर्ने।

## ५. उद्देश्य

स्वास्थ्य, वातावरणीय, सामाजिक, शहरी सुन्दरता, र राजश्व अभिवृद्धि जस्ता बहुपक्षीय हित प्रवर्दनको लागि उपयुक्त कानुन, योजना र जनशक्ति व्यवस्थापन गरी पार्क तथा मनोरञ्जन क्षेत्रलाई व्यवस्थित र विस्तारित बनाउने।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.३.२ : पार्क तथा मनोरञ्जन का रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. पार्क तथा मनोरञ्जन स्थल निर्माण एवं व्यवस्थापन र संरक्षणको लागि संयन्त्र गठन तथा परिचालन गर्ने। | १. सबै वडा र नगरपालिकाबाट प्रतिनिधित्व हुने गरी तथा प्राविधिक जनशक्ति/क्षेत्रगत जानकार नागरिकसहितको स्थानीय पार्क तथा मनोरञ्जन समिति गठन गरिने छ। साथै यसै समिति अन्तर्गत आवश्यकता अनुसार पार्क विशेष व्यवस्थापन समिति पनि गठन गरिने छ।<br>२. प्राविधिक जनशक्ति र विशेषज्ञसहितको पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन इकाई गठन गरिने छ।<br>३. पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, समन्वय, नियमन, पहिचान आदिमा समिति र इकाईको विशेष भूमिका सुनिश्चित गरिने छ।<br>४. गठन भएपश्चात् समिति र इकाईद्वारा सबै किसिमको पार्क तथा मनोरञ्जन स्थान/क्षेत्र अध्ययन तथा तथ्याङ्क संकलन थालनी गराइने छ। |
| २. हालको तथा भविष्यको जनसंख्या पूर्वानुमानलाई आधार मानी पार्क, खेल क्षेत्र, शहरी खुल्ला क्षेत्रहरू स्थापना गर्ने। | १. नगरपालिकाभित्र रहेका सबै खाले पार्क तथा खुल्ला क्षेत्रको निम्न बमोजिम वर्गीकरण गरिने छ।<br>क. शहरी प्लाजा, पाटी, चौतारा, चोक, तथा अन्य सार्वजनिक स्थल (जस्तैः नमुना मार्ग)<br>ख. टोलस्तरीय पार्कहरू (केही मनोरञ्जन/व्यायामका उपकरणसहित) प्रत्येक ८०० जनसंख्यालाई एक<br>ग. वडा सामुदायिक पार्कहरू (विभिन्न मनोरञ्जन सुविधाहरूका साथ) प्रत्येक १०,००० जनसंख्यालाई एक<br>घ. नगरपालिका पार्कहरू (समारोहका मैदान) प्रत्येक २०,००० जनसंख्यालाई एक, प्रत्येक शहरलाई एक |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ङ. प्राकृतिक संरक्षण पार्क- सिमसार क्षेत्र, सामुदायिक वनस्थित पार्क वा वातावरण ऐन, कानुन, निर्देशिकामा तोकिए बमोजिम ।<br>च. विशेष पार्क - नगरमा निर्माणाधीन विज्ञान पार्क, पर्यटन पार्क, जेष्ठ चौतारी लगायत विशेष प्रयोजन पार्कहरू<br>२. पार्क तथा खुल्ला क्षेत्रको संरक्षण तथा व्यवस्थापनका योजनाहरू बनाइने छ र भविष्यमा आवश्यकता अनुसार यस्ता क्षेत्रहरू थप गरिने छ ।<br>३. पार्क तथा खुला क्षेत्र प्रयोजनका लागि सार्वजनिक तथा खाली जमिनहरू प्रयोगमा ल्याइने छ ।<br>४. पार्क तथा खुल्ला जमिनको अभावलाई सुल्झाउन घर, जग्गा, निर्माण व्यवसायी तथा निजी क्षेत्रसँग साझेदारी गरी व्यवस्थापन गरिने छ ।<br>५. पार्क तथा खुला क्षेत्र व्यवस्थापन गर्दा न्यूनतम मापदण्डहरू पालनामा ल्याइने छ ।<br>६. हरेक पार्कको संरक्षण साथै गुणस्तरीय मनोरञ्जन अवसरहरू र प्राकृतिक र साँस्कृतिक पक्षको सन्तुलन गरिने छ ।<br>७. पार्कको लागि चाहिने जमिनको व्यवस्थापन हाल तथा भावी जनसंख्या तथा विद्यमान मापदण्ड अनुसार गरिने छ ।<br>८. नयाँ बन्ने हाउजिङ्ग कोलोनी तथा आवासीय क्षेत्रहरूमा नगरपालिका/शहरी विकास मापदण्ड अनुसार पार्क तथा खुल्ला क्षेत्र अनिवार्य गरिने छ ।<br>९. हालको र भविष्यमा निर्माण हुने पार्क तथा मनोरञ्जन स्थलहरूलाई महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग मैत्री बनाइने छ ।<br>१०. पार्क, खेलमैदान तथा खुल्ला क्षेत्र अतिक्रमण हुनबाट जोगाइने छ । |
| ३. नगरपालिकामा रहेका पार्क, मनोरञ्जन तथा खेल मैदानको संरक्षण र व्यवस्थापन गर्ने । | १. पार्कभित्र रहेका सेवा/सुबिधा, उपकरण/संरचनालाई उचित संरक्षण र व्यवस्थापन गरिने छ र आवश्यकता अनुसार थप गरिने छ ।<br>२. खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै नगरपालिकामा अवस्थित खेल मैदानहरूको उचित संरक्षण, स्तरोन्नति र व्यवस्थापन गरिने छ र आवश्यकता अनुसार थप गरिने छ ।<br>३. पार्क तथा मनोरञ्जन सेवाको पहुँच बढाउन नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक विद्यालयका खेल मैदानलाई अझ व्यवस्थित र सुबिधायुक्त बनाई विद्यालय र विद्यालय समयलाई प्रतिकुल असर नपर्ने गरी सर्वसाधारणलाई खुला गरिने छ ।<br>४. मनोरञ्जनका सेवा/सुबिधा/संरचना स्थापना गर्दा वरिपरिका आवासीय तथा अन्य क्षेत्रलाई असर नपर्ने गरी स्थापना तथा व्यवस्थापन गरिने छ । |

## तालिका २/५.३.२ : आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन

**क.** नागरिकको स्वास्थ्य, वातावरण संरक्षण, राजश्व अभिवृद्धि जस्ता दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण यस क्षेत्रको उचित व्यवस्थापनको लागि नगरले विभिन्न कानुन, मापदण्ड, तथा योजना बनाएर अगाडी बढ्ने योजना राखेको छ । नगरमा पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान सम्बन्धी ऐन कानुन तथा योजनाहरूको कमी महशुस गरिएकोले र विभिन्न कानुनी व्यवस्था र वडा तथा नगरस्तरीय परामर्शद्वारा नगरपालिकाले आगामी दिनहरूमा कानुनी औजारहरूलाई प्रयोगमा ल्याएर यस क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने भएकोले स्थापित भएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरुप स्थानीय पार्क तथा मनोरञ्जन ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटिने गरी बनाउने । | १. स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ, को उपदफा ४. क बमोजिम पार्क तथा मनोरञ्जन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने ।<br><br>१.१. पार्क, मनोरञ्जन स्थल, खेलकुद मैदान संरक्षण र व्यवस्थापन सम्बन्धी आवश्यक नियम, कानुन, कार्यविधि, मापदण्ड र योजना बनाउने । | १. पार्क तथा मनोरञ्जन सम्बन्धी प्रभावकारी ऐनसहितको पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापनमा सबल नगरपालिका बन्ने । |

**ख.** नगरमा विभिन्न कालखण्डमा पार्क तथा मनोरञ्जन स्थल सम्बन्धी तथ्याङ्क संकलन गरिएको छ । हालै पनि UNHABITAT सँगको साझेदारीमा नगरपालिकाको नगरव्यापी सार्वजानिक स्थलको सूची निर्माण तथा मूल्याङ्कन (City Wide Inventory and Assessment of Public Spaces) भएको छ। यस क्रममा करिब १६७ विद्यमान तथा सम्भावित सार्वजनिक स्थलहरू पहिचान भई, भौगोलिक निर्देशाङ्क सहितको तथ्याङ्क र सूचीको प्रतिवेदन नगरमा उपलब्ध छ। अन्य क्षेत्रझैं यस क्षेत्रको व्यवस्थापनको निम्ति पनि तथ्याङ्कको प्रयोग अपरिहार्य भएकोले यस तथ्याङ्कको प्रयोगबाट आधुनिक र वैज्ञानिक व्यवस्थापन हाँसिल गर्न, नगरले तथ्याङ्क सम्बन्धी कार्यहरू तय गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संकलित नगरव्यापी सार्वजनिक स्थलको तथ्याङ्क र सूचीलाई प्रयोगमा ल्याई, यस क्षेत्रको साथै अन्तरसम्बन्धित क्षेत्र (भू-उपयोग, यातायात, सार्वजनिक निर्माण आदि) को योजना निर्माण, व्यवस्थापन र सुरक्षामा पनि प्रयोग गर्ने । साथै उपलब्ध सूची र नयाँ सूचीलाई अद्यावधिक गरेर एकरुपता दिने । | १. नगरब्यापी सार्वजनिक स्थलको तथ्याङ्क र सूचीलाई पार्क, खेल मैदान तथा मनोरञ्जन क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र संरक्षणमा निरन्तर प्रयोग गर्दै सो सूची/तथ्याङ्कलाई नियमित अद्यावधिक गर्ने ।<br><br>१.१. शहरी र ग्रामीण पार्कका वर्गीकरण साथै यस्ता पार्कहरूको पूर्वाधार आवश्यकता infrastructure need assessment गर्ने र आर्थिक स्रोत उपलब्धताको आधारमा पूर्वाधार निर्माण/व्यवस्थापन कार्य गर्ने । | १. नगरव्यापी सार्वजनिक स्थलको तथ्याङ्क र सूचीको नियमित अद्यावधिक, साथै तथ्याङ्कको प्रयोगद्वारा सेवा प्रवाह र माग आपूर्ति, अन्तर पहिचान आदिमा निरन्तरता । |

**ग.** नगरमा अवस्थित पार्क, मनोरञ्जन स्थल र खेलकुद सेवा सुबिधाको गुणस्तर वृद्धि तथा प्रवर्द्धन, नयाँ अवसर पहिचान, जारी रहेका योजना/परियोजना समापन, र नयाँ सेवा सुबिधा निर्माण तथा विस्तार लगायत कार्यक्रमहरू विभिन्न चरणमा तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. पर्यटकीय खेलहरू साथै औद्योगिक पर्यटन, सभा सम्मेलन पर्यटन, तथा अन्य व्यावसायिक पर्यटनका अध्ययन र सो को लागि पूर्वाधार विकासको शुरुवात । | १. पहिचानमा आएका सम्पूर्ण पर्यटकीय खेल साथै औद्योगिक पर्यटन, सभा सम्मेलन पर्यटन, तथा अन्य व्यवसायिक पर्यटनका क्षेत्र र पार्कहरूको निरन्तर प्रचार प्रसार र व्यवस्थापन गर्ने । साथै नयाँ बन्ने वा पहिचान भएका र निर्माण हुने यस्ता क्षेत्रको लागि बजेट तर्जुमा गर्ने । | १. विभिन्न पर्यटकीय खेल र hiking, camping, cycling, meetings, conference, exhibition जस्ता गतिविधि उपलब्ध भएको नगरपालिकाको रुपमा प्रस्तुत हुने । |
| १.१. पर्यटकीय हिसाबले महत्वपूर्ण पार्क, मनोरञ्जन स्थल, सिमसार क्षेत्र आदिको प्रचार प्रसार, पूर्वाधार निर्माण र सूचना केन्द्रहरू स्थापना गर्ने । | | |
| २. नागरिकको सुझाव अनुरुप रतुवा खोला किनार १, बेतानी सिमसार २, अलेक मन्दिर क्षेत्र ४, दिपिनी खोला किनार ५, सडक विभाग परिसर ६, पशुहाट, क्वारेन्टाइन केन्द्र परिसर ७, राते होली क्षेत्र ७, रतुवा किनार ७, स्कुलको क्षेत्र ८, इन्द्रेणी ताल क्षेत्र १०, सिंहदेवी देवस्थल १० लगायत अन्य क्षेत्रमा पार्क, पैदल मार्ग, तथा मनोरञ्जन स्थल निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने । | २. वडा नागरिकको सुझाव अनुरुप नगरस्तरीय कभर्ड हल र वडाहरूको विशिष्ठ आवश्यकता अनुसार फुटबल वा भलिबल वा ब्याडमिण्टन (वा बहु.उपयोगी) खेल मैदानको व्यवस्था गर्ने । | |
| | २.१. हरेक वडा अन्तर्गत कम्तीमा एक सेवा/सुबिधाका उपकरण/संरचनायुक्त वडा सामुदायिक पार्कको व्यवस्थापन गर्ने । | |
| ३. प्रस्तावित, निर्माणाधीन र स्तरोन्नति हुने पार्क, खेल मैदान, कभर्ड हल, भ्यु टावर र विशेषगरी २०७६/७७ को नीति तथा कार्यक्रममा उल्लेखित सम्पूर्ण पार्क तथा मनोरञ्जन सम्बन्धी कार्यक्रम सम्पन्न गरेर सञ्चालनमा ल्याउने । | ३. अल्पकालमा हुने अध्ययनका आधारमा उपयुक्त क्षेत्रमा सम्भाव्यता अध्ययन अनुसार पार्क तथा मनोरञ्जन स्थल निर्माण कार्य थालनी र सम्पन्न गर्ने । | |
| ४. नगरमा रहेको सम्पूर्ण पार्क, खेलमैदान, मनोरञ्जन स्थलको गुणस्तर वृद्धि, तारबार, संरचना निर्माण, उपकरण जडान आदिको थालनी र सोसम्म पुग्न बाटो व्यवस्थापन गर्ने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ५. नगरस्तरीय बृहत् पार्क र रंगशाला निर्माणको निम्ति सम्भाव्यता अध्ययन थालनी गर्ने । | ५. नगरस्तरीय बृहत् पार्क र रंगशाला निर्माण थालनी गर्ने । | ५. नगरस्तरीय बृहत् पार्क र रंगशाला निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने । |
| **घ.** उल्लेखित सम्पूर्ण कार्य सम्पादनको निम्ति नगरपालिकामा सक्षम जनशक्ति, शाखा, संयन्त्र, तथा सरोकारवालाहरूको आवश्यकता पर्ने हुनाले साथै विभिन्न स्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि र सहकार्य पनि महत्वपूर्ण हुनाले यस सम्बन्धी कार्यक्रमहरू पनि तर्जुमा भएको छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत पार्क तथा मनोरञ्जन इकाई स्थापना गर्ने । | १. पार्क तथा मनोरञ्जन इकाई मा प्राविधिक जनशक्ति र आधुनिक प्रविधि र उपकरणहरूको व्यवस्थापन र उपयोगको सुनिश्चितता गर्ने । | १. पार्क तथा मनोरञ्जन इकाईलाई थप सवलीकरण गर्ने । |
| २. पार्क तथा मनोरञ्जन इकाईको विभिन्न तालिम, सेमिनार, सिकाई कोर्सको माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| ३. नगरपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई पार्क तथा मनोरञ्जन क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने नागरिक, स्थानीय युवा क्लब, खेलकुद क्लब, बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना, र सहकार्य वृद्धिमा पनि ध्यान दिने । नगर प्रहरी, अन्य सुरक्षा संयन्त्र र स्थानीय (प्रहरी, वन विभाग, आदि) को सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू संरक्षण गर्ने । | ३. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन । | ३. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन । |

**तालिका ३/५.३.२ : पार्क तथा मनोरञ्जनको परिमाणात्मक लक्ष्य/अपेक्षित उपलब्धी**

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|
| १. | वडा सामुदायिक पार्कहरू (विभिन्न मनोरञ्जन सुविधाहरूका साथ) | | प्रत्येक ५०००० जनसंख्यालाई १ | प्रत्येक २५००० जनसंख्यालाई १ | प्रत्येक १०००० जनसंख्यालाई १ |
| २. | नगरपालिका पार्कहरू (समारोहका मैदान, बृहत् पार्क ) | प्रत्येक २०००० जनसंख्यालाई १ | | | प्रत्येक २०००० जनसंख्यालाई १ |
| ३. | वडास्तरीय खेलमैदान (विशिष्ठ आवश्यकता अनुसार फुटबल, क्रिकेट, भलिबल, ब्याडमिन्टन वा बहु उपयोगी) | ४ वटा | | | प्रत्येक ३ वडालाई १ वा प्रत्येक ५०००० जनसंख्यालाई १ |

| क.स. | उपलब्धी सूचक | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|---|
| ४. | Meetings, Conference, Exhibition hall | ४ वटा | २ वटा | ४ वटा | १० वटा |
| ५. | शहरी प्लाजा वा स्क्वेर (city plaza and square) पाटी, चोक, शहरी पैदल क्षेत्र/मार्ग तथा अन्य शहरी सार्वजनिक स्थल (संख्या) | १ (नमुना मार्गलाई लिइएको) | २ | ५ | १० |
| ६. | व्यवस्थित हरित क्षेत्र, उद्यान, बगैचा, हरित पैदल मार्ग (green tracks and trails) तथा अन्य हरित सार्वजनिक स्थल वा विशेष पार्क (संख्या) | २ | २ | ६ | १० |
| ७. | पर्यटकीय खेल र hiking, camping, cycling, river/ water recreation जस्ता गतिविधिसहित मनोरञ्जनका बहुविधाको प्रवर्द्धन (संख्या) | ३ | ५ | ७ | १० |
| ८. | नगरस्तरीय बृहत् पार्क र रंगशाला | ०/० वटा | | | १/१ वटा |
| ९. | पार्कहरूको समग्र पूर्वाधार आवश्यकता infrastructure need का पर्याप्तता (प्रतिशत) | | | ४० | ६० |
| १० | खेल मैदानहरूको समग्र पूर्वाधार आवश्यकता infrastructure need का पर्याप्तता (प्रतिशत) | | | ४० | ६० |
| ११ | पार्क, मनोरञ्जन, खेलमैदान तथा खुला क्षेत्र प्रयोजनका लागि नगरमा जमिनको उपलब्धता (क्षेत्र वा संख्या ) | ७९ स्थान पहिचान भएको | | | |

## ५.३.३. यातायात

## १. परिचय

पूर्वाधारको पनि पूर्वाधार मानिने यातायातका पूर्वाधारले कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशील बनाउन महत्वपूर्ण भूमिका रहेको हुन्छ। विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीलता प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । सडक सञ्जाल तथा यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । उद्योग, व्यवसाय र पर्यटन क्षेत्रको विकासमार्फत् समृद्धि हाँसिल गर्ने दूरदृष्टिसहित अघि बढेको दमक नगरपालिकाको समग्र विकास र समृद्धिमा यातायातका पूर्वाधार र सेवाको भूमिका अझ व्यापक रहन्छ।

नेपालको संविधानले पनि स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका शहरी विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ । विस्तृत रुपमा हेर्दा संघीय सरकार तथा प्रादेशिक सरकारको जिल्ला अर्न्तराज्यीय तथा अन्तर स्थानीय क्षेत्राधिकारको सडकहरू परेता पनि कृषि सडक, स्थानीय सडकहरू तथा नगरपालिकास्तरका सडकहरू स्थानीय तहले नै योजना बनाई अगाडि बढाउन सक्ने प्रावधान रहेको छ ।

## २. स्थानीय अवस्था

पूर्व पश्चिम राजमार्गसँग जोडिएको नगरपालिका भएकोले तुलनात्मक रुपमा यस नगरको सडक सञ्जालको अवस्था राम्रो रहेको छ । २५ प्रतिशत भन्दा बढी घर कालोपत्रे सडकमा जोडिएका तथा ८५ प्रतिशत भन्दा बढी घर १४ फिट भन्दा बढी चौडाई रहेको सडकसँग जाडिएका छन् । नगरको मुख्य शहरी क्षेत्रका सडकको निश्चित चौडाईसहितको आधारभूत पूर्वाधारयुक्त रहेका छन् । नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको छ । नगरपालिकाको सडकमार्ग राम्रो भएका रुटहरूमा टेम्पो, इरिक्सा, जिप लगायत विभिन्न प्रकारका सवारी साधन सञ्चालनमा रहेका छन् । यहाँ राजमार्ग, सहायक राजमार्ग, पक्की तथा कालोपत्रे, ग्राभेल र कच्ची सबै प्रकारका सडकहरू रहेका छन् । नगरपालिकाको धेरै क्षेत्र सुगम रहेको कारण सडक तथा यातायातको सुविधा तुलनात्मक रुपमा राम्रो रहेको छ । नगरको सडक सञ्जाल नक्सा ५.३.३ मा देखाइएको छ ।

सडक सञ्जाल राम्रो रहेता पनि अझै ७ प्रतिशत घर र केही टोल सडक सञ्जालको प्रत्यक्ष सम्पर्कबाट बाहिर रहेका छन। अधिकांश सडक ग्रावेल वा कच्ची अवस्थामा रहेको तथा स्थानीय बस सेवा सञ्चालन नभएकोले कतिपय नगरवासीले यातायातको समस्या महशुस गरेका छन् । सडकमा सडकपेटी, लेन, नाला, कल्भर्ट आदि व्यवस्थापनका अधिकांश कार्य बाँकी रहेको छ । नालाको पानीको प्रभावकारी व्यवस्थापन हुन नसक्दा वर्षाको समयमा यातायात सञ्चालनमा यसबाट पनि नकारात्मक प्रभाव पर्ने गरेको छ।

नक्सा ५.३.३ : नगरको मुख्य सडक सञ्जाल र बसपार्क



## ३. मुख्य अवसर र चुनौती

नेपाल सरकारले अनुकुलन गरेको सडक सुरक्षामा सुधार गर्दै सबैलाई सुरक्षित, धान्न सकिने, सहज र दीगो यातायात व्यवस्थामा पहुँच उपलब्ध गराउने लक्ष्य राखेको छ । यही दीगो विकासको राष्ट्रिय लक्ष्यका आधारमा यो क्षेत्रको विकास प्रयास अघि बढाउने अवसर नगरलाई छ । यस अन्तर्गत सन् २०३० सम्म ५० प्रतिशत जनसंख्यामा सुरक्षित सडक तथा भरपर्दो यातायातको पहुँच सुनिश्चित गर्न दमक नगरपालिका सक्षम हुने देखिएकोले यसलाई केही वर्ष अघि नै पूरा गरी नगरले ती लक्ष्य प्राप्त गर्ने गरी अघि बढ्ने अवसर छ ।

संविधानले स्थानीय सरकारलाई दिएको अधिकार प्रयोग गरी धेरै नगरवासीको साझा हितका सडक निर्माण र स्तरोन्नती, सवारी सञ्चालन अनुमति वा नगर बस सञ्चालनको माध्यमबाट नगरले नगरवासीको यातायात र ढुवानीको पहुँचमा सुधार गर्न सक्ने अवसर नगरलाई छ । नगरसँग रहेको यातायात गुरुयोजनालाई आधार बनाएर यातायातको पूर्वाधार निर्माणको प्राथमिकता निर्धारणमा आम सहमति कायम गरी अघि बढ्ने अवसर छ । नगरमा झण्डै ९३ प्रतिशत घर सडकले छोएको तथा एक चौथाई सडक कालोपत्रे समेत भइसकेकोले स्तर सुधार गर्न बाँकी सडकका केन्द्रित भएर सडक र यातायातका अन्य पूर्वाधार विकासलाई अग्रगति दिन सकिने अवसर नगरलाई छ । नगरभित्र तथा नगर बाहिर चल्ने यातायात सम्बन्धी समिति वा व्यवसायीसँगको आवश्यक समन्वयमा आन्तरिक यातायात सेवामा भएको कमी पूरा गर्न सकिने । जोडिएका स्थानीय तहसँगको समन्वयमा पनि अन्तर नगर यातायात सेवा प्रवाह गर्न सकिने अवस्था छ ।

साझा अधिकारमा रहेका दुविधालाई संघीय वा प्रदेश कानुनले प्रष्ट नपारिसकेको सन्दर्भमा संविधान र संघीय कानुन अनुकुलको सडक र सार्वजनिक यातायात सम्बन्धी स्थानीय ऐन, नियमावली तथा निर्देशिका बनाई सो को कार्यान्वयन गर्ने चुनौती यस नगरलाई छ । नगरले सडक मापदण्ड निर्धारण गरेको भए पनि कतिपय स्थानमा सडक मापदण्ड बनाउनु अघि नै बनेका घर लगायत संरचना तथा ऐलानी जग्गाको उपयोगमा रहेका अस्पष्टताले मापदण्ड कार्यान्वयन गरी सबैतिर न्यूनतम चौडा र सेटब्याकसहितको नगर सडक निर्माण चुनौतीपूर्ण देखिन्छ । यातायात गुरुयोजना अन्तर्गतका कार्यक्रम नगरका तर्फबाट कार्यान्वयन गर्नका लागि चाहिने आर्थिक तथा प्राविधिक स्रोत जुटाउने र त्यसलाई निरन्तरता दिने चुनौती पनि छ । ७५ प्रतिशत घरलाई जोड्ने कच्ची वा ग्रावेल सडकलाई पक्की सडकमा रुपान्तरण गर्नु र सडकले नछोएका घरलाई सडक छेउ वा सडकलाई घरछेउ लगेर कम्तीमा आपत्कालीन सेवा घरदैलोमा पुग्ने वातावरण बनाउनु चुनौतीपूर्ण छ । नगरको सडक सञ्जाललाई लेन निर्धारण, सवारी चिन्ह तथा संकेतको व्यवस्थापन आदि काम खासै नभएको अवस्थामा आवश्यक पूर्वाधारसहित सडक र सवारी सुरक्षाका पर्याप्त प्रबन्ध गरी शहरी यातायात व्यवस्थापनलाई चुस्त बनाउने चुनौती पनि रहेको छ । स्थानीय बजार तथा सेवा प्रदायकको कार्यालय आसपास पार्किङको समस्या रहेको अवस्था बढ्दो शहरीकरणसँगै थपिने सवारी साधन समेतका लागि पर्याप्त पार्किङ स्थलको व्यवस्थापन गर्ने चुनौती छ ।

## ४. लक्ष्य

सबै नगरबासीलाई, दीगो, भरपर्दो र सुरक्षित यातायातका पूर्वाधार र सेवाको पहुँच सुनिश्चित गर्ने ।

## ५. उद्देश्य

यातायातका पूर्वाधार र सेवाको सुधार र विस्तार गरी नगरका सबै क्षेत्रमा उपयुक्त पूर्वाधारसहितको स्थानीय यातायात सेवा उपलब्ध गराउने ।

# ६. रणनीति र कार्यनीतिहरू

**तालिका १/५.३.३ : यातायातका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. यातायात सेवामा सबैको सहज पहुँच हुने गरी पूर्वाधार र सेवा व्यवस्थित गर्ने । | १. सडक सञ्जाल निर्माण र विस्तार गर्दा अधिकतम नगरवासीलाई नगरभित्र र बाहिरको आवतजावतमा सहजीकरण गर्ने गरी आर्थिक, सामाजिक तथा वातावरणीय पक्षहरूमा पर्याप्त ध्यान दिई सबै (अपाङ्गता भएका व्यक्ति समेत) को पहुँच सुनिश्चित गर्ने कुरामा जोड दिइने छ ।<br>२. नगरपालिकाको सामाजिक, आर्थिक विकास तथा हरेक जरुरी सेवा प्रवाहको लागि चाहिने सडक तथा यातायातको सुविधा सुनिश्चित गर्ने गरी यो क्षेत्रको कार्यक्रम सञ्चानल गरिने छ । विशेषगरी उद्योग व्यवसाय, पर्यटन तथा कृषि क्षेत्रको आवश्यकता सम्बोधनलाई प्राथमिकतामा राखिने छ ।<br>३. सडकको डिजाइन तथा निर्माण संघीय सरकारको सडक विभागद्वारा तोकिएको न्यूनतम मापदण्डभित्र रही गरिने छ । नगरपालिकाभित्रका इञ्जिनियरिङ मापदण्ड बिना खुलेका सडकको पनि निश्चित डिजाइन गरी निर्धारित स्तरमा पुऱ्याइने छ । सडक विस्तारका लागि डिजाइन र निर्माण गर्दा इञ्जिनियरिङ्ग मापदण्ड पूरा गरेर मात्र विस्तार गरिनेछ ।<br>४. नगरका सडक पूर्वाधार निर्माण गर्दा सबै सडक प्रयोगकर्तालाई मध्यनजर गरी बनाइने छ । यातायात क्षेत्रको व्यवस्थापन र पूर्वाधार विकास गर्दा साइकल मार्ग र पैदल मार्गलाई पनि प्राथमिकता दिइने छ ।<br>५. नगरका सबै वडामा पार्किङ स्थलहरूको पहिचान र व्यवस्थापन गरिने छ । पार्किङ स्थल व्यवस्थापन गर्दा सार्वजनिक पार्किङ स्थल र निजी पार्किङ स्थलको वर्गीकरणसहित गरिने छ । व्यावसियक भवन निर्माण गर्दा अन्डर ग्राउण्ड पार्किङसहितको भवन निर्माणलाई प्रोत्साहन गरिने छ । साथै, बजार, सेवा केन्द्रहरू, औद्योगिक, व्यवसायिक र पर्यटकीय क्षेत्र लक्षित पार्किङको व्यवस्थापनलाई प्राथमिकता दिइने छ ।<br>६. दमक बसपार्कको व्यवस्थापनमा थप सुधार गरिने छ । वर्तमन दमक बसवार्क बाहेक वैकल्पिक बसपार्क निर्माण तथा सञ्चालनको कार्य अघि बढाइने छ ।<br>७. नगरपालिकाले सबै बजार, जनसंख्या तथा यातायात सेवाको मागको अध्ययन गरी न्यूनतम हरेक वडासम्म पुग्ने गरी नगर बस सेवा सञ्चालनमा ल्याउने छ । नगर बस सञ्चालनमा ल्याउँदा निजी सार्वजनिक साझेदारीको विकल्प खुला राखिने छ ।<br>८. नगर क्षेत्रभित्रका मार्गको वर्गीकरण गरी विभिन्न सवारी साधनहरूका लागि सम्बन्धित मार्ग प्रयोग गर्न दिने तथा नदिने व्यवस्था गरिने छ । सामान्यतयाः बाहिरी सडक र नगर चक्रपथमा ठूला सवारी तथा भित्री बाटोहरूमा साना सवारी चल्ने गरी रुट निर्धारण गरिने छ ।<br>९. सार्वजनिक यातायात सञ्चालन हुने रुटहरूमा बस बिसौनी क्षेत्र निर्धारण र व्यवस्थापन गरिने छ । जथाभावी सवारी साधन रोक्ने अभ्यासलाई नियन्त्रित गरिने छ । |
| २. यातायात क्षेत्रका कार्यक्रम सञ्चालन गर्दा नकारात्मक भौतिक र वातावरणीय प्रभाव न्यूनिकरणको सवाल सम्बोधन गर्ने । | १. बस्ती र बासिन्दाहरूलाई न्यून नकारात्मक प्रभाव हुने गरी यातायातका योजनाहरू तथा यातायात सेवा र सुविधाहरूको डिजाइन गरिने छ ।<br>२. यातायातका पूर्वाधारको कार्यक्रम तय गर्दा संरक्षण गर्न तोकिएको सिमसार क्षेत्र, पानीका स्रोतहरू, वनजंगल क्षेत्रहरू, प्राकृतिक स्रोतहरू, साँस्कृतिक तथा धार्मिक क्षेत्रहरू अथवा भविष्यमा पानी र पर्यावरणको दृष्टिकोणले महत्वपूर्ण स्रोतमा कम क्षति हुने गरी डिजाइन एवं कार्यान्वयन गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| | ३. यातायातका लागि प्रयोजनमा आउने गाडी तथा उपकरणहरूले न्यून सवारी साधन प्रदुषण हुने गरी राष्ट्रिय प्रदुषण मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था गरिने छ। ध्वनी प्रदुषण कम गर्ने उपाय अपनाइनुका साथै ट्राफिक प्रहरीसँग समन्वयमा यातायात र ट्राफिक व्यवस्थापन तथा शहरी सुदृढीकरण सम्बन्धी मौजुदा स्थानीय कानुनमा आवश्यक परिमार्जनसहित पूर्ण कार्यान्वयन गरिने छ।<br>४. समग्र नगरपालिकाको ट्राफिक व्यवस्थापनको लागि ठूलो सेवा सुविधा दिने कार्यालय निर्माण गर्नु पर्दा ट्राफिक प्रभाव मूल्यांकन Traffic Impact Assessment (TIA) गर्नुपर्ने प्रावधान बनाइने छ। विभिन्न बाटोहरूलाई एकतर्फी गरी ट्राफिक व्यवस्थापनलाई चुस्त दुरुस्त गरिनेछ।<br>५. सडकबाट बगेको वर्षात्को पानीलाई प्रभावकारी आधुनिक विधिहरूबाट व्यवस्थित गरिने छ। नगर नाला गुरुयोजना तयार गरी सोमार्फत् सबै सडकमा उपयुक्त मापदण्डसहितको नालाको उपलब्धता सुनिश्चित गरिने छ। सडकका अन्य पूर्वाधार तय गर्नु अघि व्यवस्थित नालामा निर्माणमा जोड दिइने छ।<br>६. नगरको आवश्यकता, उपयोगिता तथा व्यवस्थापन योग्यता अध्ययन गरी वायु प्रदुषण कम गर्ने सवारी साधन अर्थात् विद्युतीय सवारी साधान उपयोगलाई प्रोत्साहन गरिने छ।<br>७. हरित नगरको पहिचान कायम रहने गरी मावाखोला र रतुवा खोला केन्द्रित गरी हरियालीसहितको करिडोर विकास गरिने छ। |
| ३. सडक निर्माण गर्दा भू-उपयोग योजनासँग सामञ्जस्यता कायम गर्ने। | १. यातायात क्षेत्रका कार्यक्रम बनाउँदा भू-उपयोग योजनामा तालमेल मिल्ने गरी बनाइने छ। विशेषगरी आवास क्षेत्रमा सार्वजनिक यातायातको पहुँच सुनिश्चितता गर्ने कुरालाई मुख्य प्राथमिकता दिइने छ भने औद्योगिक र व्यवसायिक क्षेत्र, पर्यटन क्षेत्र, कृषि क्षेत्र तथा स्थानीय सम्पदा क्षेत्र लक्षित आयोजनालाई आवत जावतका अतिरिक्त व्यवसायिक क्रियाकलाप प्रवर्द्धनमा जोड दिइने छ।<br>२. वर्तमान र प्रस्तावित औद्योगिक क्षेत्रको सडक पूर्वाधार डिजाइन गर्दा ठूला मालवाहक सवारीको भारवाहन क्षमता धान्ने गरी बनाइने छ।<br>३. आवास क्षेत्र, सम्पदा क्षेत्र र पर्यटन क्षेत्रमा सञ्चालन हुने यातायातका साधन र सेवाको बेग्लै मापदण्ड बनाई कार्यान्वयन गरिने छ।<br>४. नयाँ संरचना र बस्ती विकास गर्दा बसपार्क, पार्किङ क्षेत्रहरू, सवारी साधन मर्मत सम्भार केन्द्र तथा पेट्रोल पम्प आदिलाई बस्ती क्षेत्रवाट निश्चित दुरीमा रहने व्यवस्था गरिने छ। विकास भइसकेका क्षेत्रमा पनि सकेसम्म तालमेल मिलाउने अधिकतम् पर्यत्न गरिने छ।<br>५. महेन्द्र राजमार्गको दायाँबायाँ बस्ती विस्तारसँगै सो खण्डमा मुख्य लेन र सर्भिस लेन बनाएर नगरभित्रका सवारी र मुख्य राजमार्गका सवारी छुट्टिने व्यवस्था गरिने छ। |
| ४. यातायातका पूर्वाधार निर्माण गर्दा लागत प्रभावकारी विधि अवलम्बन गर्ने। | १. नगरपालिकाका सडकलाई आन्तरिक र बाह्य यातायातको सुविधालाई दृष्टिगत गरी कार्यात्मक वर्गीकरण प्रणाली (Functional Classification System) का आधारमा नगर यातायात गुरुयोजना (MTMP) लाई आवश्यक परिमार्जन गरी वर्तमान वडा विभाजन अनुकुल बनाइने छ। साथै यातायात पूर्वाधार निर्माण र विस्तारलाई गुरुयोजना अनुरुप गर्ने नीतिलाई निरन्तरता दिइने छ। साथै नगर यातायात गुरुयोजनाको प्रमुख अंगको रुपमा बजार सवारी व्यवस्थापन गुरुयोजना पनि तयार गरिने छ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. वार्षिक बजेट तथा पुँजी सुधार कार्यक्रम तथा सडक गुरुयोजनामा उल्लेखित बढी लाभका सडक पूर्वाधार आयोजनामा प्राथमिकताका साथ बजेट विनियोजन गरिने छ।<br>३. सञ्चालन तथा मर्मत सम्भार खर्चसहित प्रत्येक्ष तथा अप्रत्येक्ष लागतको लेखाजोखा गरेर मात्र यातायातका कार्यक्रमको निर्णय लिइनेछ।<br>४. नगर मापदण्ड अनुसार सडकको नापी र लगतकट्टा प्रक्रियालाई प्राथमिकताका साथ अघि बढाइने छ।<br>५. सडकमा रकम विनियोजन गर्दा निश्चित कार्य पूरा हुने गरी विनियोजन गरिने छ। पर्याप्त स्रोत नभएको अवस्थामा प्राथमिकता प्राप्त सडकको निश्चित खण्ड पूरा गर्नमा जोड दिइने छ। सडक निर्माणमा लागि निर्माण व्यवसायी छनोट गर्दा बढी भन्दा बढी प्रतिस्पर्धात्मक बनाइने छ।<br>६. सडक पूर्वाधारमा हुने लगानीलाई पूर्वाधार निर्माण, स्तरोन्नती र मर्मत सम्भार जस्ता क्षेत्रमा वर्गीकरण गरी सोही अनुसार रकम विनियोजन गरिने छ। |
| ५. नगरका सडक र यातायातलाई सुरक्षित बनाउन संरचनागत र गैरसंरचनागत विधिहरू अवलम्बन गर्ने। | १. सडक सुरक्षाको दृष्टिकोणबाट दुर्घटनाको सम्भाव्यतालाई मध्यनजर गर्दै "Road Safety Audit" गर्नुका साथै सडक सुरक्षा सम्बन्धी विभिन्न उपायहरू अपनाइने छ।<br>२. सक्दो पैदल यात्रुलाई प्रोत्साहन तथा सुरक्षाको लागि बस्ती नजिकका हरेक सडकमा फुटपाथको सुविधा दिइने छ। सडक तथा अन्य सुविधाको निर्माणको समयमा पैदल यात्रुलाई सहज तथा सुरक्षा हुने गरी निर्माणको व्यवस्था गरिने छ।<br>३. नगरभित्र सवारी साधानको गति नियन्त्रण गर्न गतिको अधिकतम सीमा तोकिनेछ। यातायातका साधनको सघनताका आधारमा सडकहरूमा सवारी साधनको गति मापक उपकरणको व्यवस्था गरिने छ।<br>४. सडकलाई सुरक्षित र सहज बनाउनका लागि सडक निर्माण र मुख्य बजार तथा बस्ती क्षेत्रमा सडक बत्ती तथा सिसी क्यामेरा जडानको कार्यलाई सँगसँगै लगिने छ।<br>५. यातायात क्षेत्रलाई सुरक्षित र व्यवस्थित बनाउन स्थानीय यातायात र ट्राफिक व्यवस्थापन तथा शहरी सुदृढीकरण समितिको भूमिकालाई प्रभावकारी बनाइने छ।<br>६. सडक सुरक्षाको लागि ट्राफिक प्रहरी, समुदाय, विद्यालय तथा सवारी सम्बन्धी सारोकारवाला लक्षित विभिन्न जनचेतनामुलक कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ।<br>७. सडक संकेत, जेब्राक्रस लगायत सडक सुरक्षाका लागि निर्माण गरिएका पूर्वाधार, अपनाइएका विधिहरूलाई थप व्यवस्थित बनाउँदै लगिने छ। सवारी साधन सञ्चालन हुने सबै सडक आसपास सडक सुरक्षाका संकेत राखिनुका साथै ट्राफिक लाइटको माध्यमबाट चोकको सवारी व्यस्थापन गरिने छ। सडक क्षेत्रमा असर पार्ने सामग्री राख्ने वा अवरोध सिर्जना गर्ने अभ्यासलाई सम्बन्धित निकायसँगको समन्वयमा नियमन र नियन्त्रण गरिने छ।<br>८. सडक र यातायात क्षेत्रको नियमनलाई प्रभावकारी बनाउन ट्राफिक प्रहरी कार्यालयलाई थप जनशक्ति र प्रविधियुक्त बनाउन सम्बन्धित पक्षसँग आवश्यक समन्वय गरिने छ।<br>९. साइकल यात्रु संख्यामा हुने वृद्धि अनुरुप उनीहरूको सुरक्षाका लागि साइकल लेन निर्माणमा जोड दिइने छ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **६.** यातायात सेवा प्रवाहमा नगरको क्षमता अभिवृद्धि गर्ने । | १. पूर्वाधार महाशाखा अन्तर्गत नगरभित्र यातायातको पूर्वाधार तथा यातायात सेवाको व्यवस्थान, समन्वय र निगरानीका लागि निश्चित जनशक्ति तथा उपकरणसहितको यातायात शाखाको निर्माण गरिने छ। शाखालाई दीर्घकालमा निश्चित उपशाखासहित शहरी विकास महाशाखाको अंग बनाइने छ।<br>२. यायायात क्षेत्रको भू-सूचना संकलन, विश्लेषण र अद्यावधिक गर्न सक्ने गरी नगरको जनशक्तिको क्षमता विकास गरिने छ। यातायात क्षेत्र व्यवस्थापनका लागि गठित समिति तथा संयन्त्रको क्षमता विकासलाई प्राथमिकतामा राखिने छ।<br>३. नगरका प्राविधिक जनशक्तिलाई आवश्यक पर्ने उपकरणको उपलब्धता गराइनुका साथै कार्य सम्पादनमा आधारित पुरस्कार र क्षमता विकास पद्धति विकास गरिने छ।<br>४. सडकको गुणस्तर परीक्षणका लागि अन्तरपालिका समन्वयमा नगरमा प्रयोगशाला स्थापना गरिनेछ।<br>५. नगरमा रहेका यातायात क्षेत्रमा उपयोगमा आउने साधनहरूको उपयोग बढाइनुका साथै आवश्यकता अनुसार थप गरिने छ। |

**तालिका २/५.३.३ : आवधिक प्राथमिकता : यातायात**

**क**. नेपालको संविधान २०७२ ले स्थानीय सडक, कृषि सडक र ग्रामीण सडक सम्बन्धी अधिकार स्थानीय तहलाई दिएकोले त्यस्ता सडकको मापदण्ड निर्धारण, निर्माण वा सुधार नगरपालिकाको क्षेत्राधिकारभित्र छ। बस तथा सवारी अनुमतिको अधिकार साझा अधिकारका रुपमा स्थानीय सरकारसँग समेत हुनाले संघीय कानुनमा निर्धारण गरे अनुसार नगरले यो अधिकारको पनि उपयोग गर्न सक्छ। नगरभित्रका स्थानीय सडकको मापदण्ड निर्धारण गर्ने अधिकार नगरसँग रहेको छ। आफ्नो अधिकार अनुसार दमक नगरपालिकाको भवन तथा योजना मापदण्ड २०७४ ले सडकको न्यूनतम चौडाई तथा भवन निर्माण गर्दा सडकको मध्येभागबाट छोड्नुपर्ने न्यूनतम जग्गा (सेटब्याक) सम्बन्धी व्यवस्था गरेको छ। साथै प्लटिङ सम्बन्धी कार्यनीति समेत प्लटिङ गरिने जग्गासम्म जाने तथा त्यसभित्रका कित्ताका लागि बाटोको न्यूनतम मापदण्ड तोकिएको छ। नगरका बजार क्षेत्रमा सवारी पार्किङलाई व्यवस्थित गर्ने सम्बन्धमा नगरको यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढीकरण कार्यविधि २०७६ पनि रहेको छ। स्थानीय सवारी व्यवस्थापन तथा अनुमति सम्बन्धी कतिपय स्थानीय अधिकारलाई कानुनमार्फत् व्यवस्थित गरी यातायात क्षेत्र व्यवस्थापनमा नगरले खेल्नसक्ने अपेक्षित भूमिका निर्वाह गर्नका लागि कानुनी प्रबन्ध गर्नमा नगरले सम्बन्धित निकायबाट सहयोग र समन्वयको अपेक्षा गरेको छ।

संविधानको अनुसूची ८ (१६) मा रहेको नगरको सडक सम्बन्धी एकल अधिकार तथा अनुसूची ९(१५) मा रहेको सवारी अनुमति सम्बन्धी साझा अधिकार मध्ये स्थानीय सडक, कृषि सडक तथा ग्रामीण सडकमा सञ्चालन हुने यातायात सेवा र स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (ख) ले दिएको अधिकार तथा ११ (ट) मा रहेको व्यवस्था अनुसार यातायात सुरक्षाको व्यवस्थापन र नियमन र स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य तथा ऐनको दफा ११ फ (ट) मा उल्लिखित सवारी साधन अनुमति अन्तर्गत यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन, वातावरणमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धनका साथै ऐनको दफा ११ फ (ट-ग) मा उल्लिखित स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमनको कार्य नगरले गर्नसक्ने तथा दफा २६ अनुसार निजी क्षेत्रसँगको साझेदारीमा यातायात सञ्चालन तथा व्यवस्थापन र टाँगा, अटो रिक्सा, इ-रिक्साको सवारी करको निर्धारण तथा सङ्कलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने अधिकार समेतका आधारमा स्थानीय यातायात कानुन बनाउनु पहिलो आवश्यकता हो।

स्थानीय सडकको पूर्वाधार व्यवस्थापन सम्बन्धी कानुन बनाउने तथा स्थानीय नगर यातायात गुरुयोजनालाई परिवर्तित सन्दर्भ अनुकुल अद्यावधिक गर्ने, यातायात नीति बनाउने जस्ता कार्य नगरको प्राथमिकताका नीतिगत कार्य हुन्। संघीय तथा प्रदेशको अधिकार अन्तर्गत रहेका नगर क्षेत्रका सडकको व्यवस्थापनमा संविधानतः नगरको भूमिका सीमित हुने भए पनि ती सडकको सुरक्षा, सुन्दरता तथा सवारी व्यवस्थापन

सन्दर्भमा गरिने कार्यका लागि समेत नीतिगत र कानुनी प्रष्टता ल्याउन नगरले समन्वयात्मक प्रयास गर्नुपर्ने आवश्यकता छ। नगरले संघीय र प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका नगर क्षेत्रको सडकमा सञ्चालन हुने यातायात सेवा सम्बन्धी अधिकार र दायित्वमा समेत प्रष्टता ल्याउनु जरुरी छ। सबैका लागि दीगो, भरपर्दो र सुरक्षित यातायात सेवाको पहुँच सुनिश्चित गर्ने दीगो विकासको नगर अनुकुलित लक्ष्य प्राप्तिमा केन्द्रित गर्न थप रणनीति निर्माण र स्थानीय यातायात कानुनको समयवद्ध समीक्षा र परिमार्जन नगरको मध्यकालीन र दीर्घकालीन प्राथमिकता हो ।

| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
|---|---|---|
| १. संघ र प्रदेश सरकारसँगको समन्वयमा नगरभित्रका राष्ट्रिय राजमार्ग र प्रदेशस्तरका सडकमा सवारी सञ्चालन र अनुमति लगायत यातायात सेवा व्यवस्थापन तथा संविधान अनुसार नगरको एकल अधिकारभित्र नरहेका सडकको व्यवस्थापन तथा उपयोग सम्बन्धी नगरको भूमिकामा स्पष्टता ल्याउने । | | |
| २. स्थानीय यातायात सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नगर कानुन बनाउने (स्थानीय सवारी साधनको अनुमति, भाडादर, सेवा, पहुँच, यात्रु बिमा, यात्री सुरक्षा, रुट निर्धारण आदि, ट्राफिक व्यवस्थापन, विभिन्न पक्षसँगको साझेदारी आदि) र नगरको सवारी पार्किङ निर्देशिकालाई यही कानुनको अंग बनाउने । | २. स्थानीय यातायात सेवा व्यवस्थापन सम्बन्धी कानुन कार्यान्वयनको समिक्षा गरी आवश्यक परिमार्जन र संशोधन गर्ने । यसक्रममा सडक तथा सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकको सुरक्षित पहुँच सुनिश्चित गर्न कानुनी प्रबन्ध गर्ने नवीकरणीय ऊर्जामा आधारित यातायात सेवा तथा साइकल यात्रीको सुरक्षा, साइकल ट्र्याक निर्माण तथा प्रयोगसहित सम्बन्धित पूर्वाधार विकास र सुरक्षा सम्बन्धी नियम र मापदण्ड पनि निर्माण गर्ने । | २ यातायातको क्षेत्रमा आउने नवप्रवर्द्धन अनुकुलन गर्ने गरी सडक तथा सार्वजनिक यातायात सम्बन्धी कानुन, निर्माण वा परिमार्जन गर्ने र नवीकरणीय ऊर्जामा आधारित स्थानीय यातायात सेवाको प्रवर्द्धन र साइकल प्रयोगलाई सुरक्षित बनाउन तय गरिएका नियम र मापदण्ड पूर्ण कार्यान्वयन आवधिक समिक्षा र आवश्यक थप कानुनी व्यवस्था गर्ने । |
| २.२. भवन तथा योजना मापदण्ड तथा प्लटिङ सम्बन्धी कार्यविधि समेतको आधारमा स्थानीय सडक, कृषि सडक र ग्रामीण सडकको नाम सहित वर्गीकरण, मापदण्डको कार्यान्वयन र सडक उपयोग तथा व्यवस्थापन सम्बन्धी ऐन तथा सम्बन्धित नियम र निर्देशिका निर्माण गर्ने । | २.२. स्थानीय सडक उपयोग तथा व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था कार्यान्वयनको समिक्षा गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. नगरको यातायात गुरुयोजनालाई वर्तमान राजनीतिक विभाजन अनुसार अद्यावधिक गर्ने । | ३. नगरको यातायात गुरुयोजना कार्यान्वयनको आवधिक समिक्षा तथा समयानुकुल अद्यावधिक गर्ने र दमक नगरपालिकाको दीर्घकालीन यातायात नीति निर्माण गर्ने ।<br><br>४. सार्वजनिक निजी साझेदारीमा यातायात सेवा सञ्चालनार्थ सम्भाव्य परिपूर्ति कोष (Viability Gap Funding) को प्रावधान निर्माण गरी कार्यान्वयन गर्ने ।<br><br>५. ठूला पूर्वाधार, औद्योगिक तथा व्यवसायिक नगर वा ग्राम स्थापना अघि सवारी प्रभाव आँकलनका (Traffic Impact Assessment) स्थानीय कार्यविधि बनाउने ।<br><br>६. वर्षात्को समयमा सडकका बाढीको प्रभाव विश्लेषण गरी नगरस्तरीय नाला सम्बन्धी गुरुयोजना (Drainage Master Plan) बनाउने । | ३. यातायात नीति तथा गुरुयोजना कार्यान्वनयमा रहेका कमी विश्लेषण गरी आवश्यक रणनीति र कार्ययोजना बनाउने । |

**ख.** यस नगरपालिकाले धेरैजसो सडकको नामाकरण भएको छ भने र यातायात गुरुयोजना निर्माणको क्रममा सडकको नाम र शुरु तथा अन्य बिन्दु लगायत सूचना तथा तथ्याङ्क संकलन गरिएकोमा त्यसलाई नगरले व्यवस्थित गर्ने गरी उपयोगमा ल्याउन र अद्यावधिक गर्न भने हालसम्म सकेको छैन । त्यसैले सडक तथा यातायात क्षेत्रको तथ्याङ्क आवश्यकता अनुसार संकलन, व्यवस्थापन तथा अद्यावधिक गर्न नगरको तत्कालीन र निरन्तरको प्राथमिकता हो । सडकको तथ्याङ्क अद्यावधिक सँगै घर नम्बरिङ अन्तर्गत वा बेग्लै नगरका सबै बाटो तथा गल्लीहरूको नामाकरणको कार्य पनि सम्पन्न गरिने छ। जसअनुसार सडक तथा यातायात सम्बन्धी सूचना व्यवस्थापनका कार्यको प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा भू-सूचना प्रणालीमा आधारित सडक सूचना (सबै सडकको नाम, शुरु र अन्तिम बिन्दु, वर्गीकरण जम्मा लम्बाई, चौडा, पूर्वाधारको अवस्था आदि) विवरण तयार गरी नियमित अद्यावधिक हुने व्यवस्था गर्ने । त्यसका लागि आवश्यकता अनुसार यातायात गुरुयोजना निर्माणमा सहयोग गरेको संस्थासँग समन्वय गर्ने । | १. यातायात इन्भेटन्री (तथ्याङ्क) अद्यावधिक गर्ने र यसका यातायातका साधनको दैनिक उपयोग, यातायात सेवा, सडक दुर्घटना आदि सूचना समेत समावेश गरी यातायात सम्बन्धी निर्णयमा सहयोगी प्रणाली (ट्रान्स्पोर्टेशन डिसिजन सपोर्ट सिस्टम) को रुपमा विकास गर्ने नगर क्षेत्रभित्र हुने सडक दुर्घटनाको तथ्याङ्कलाई डिजिटाइज गरी नियमित अद्यावधिक र विश्लेषण पद्धति निर्माण गर्ने। | १. यातायात क्षेत्रका सूचना नगरमा व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिने र यातायातको सेवालाई पनि क्रमशः सूचना प्रविधिमा आधारित बनाउँदै जाने (टिकेटिङ, भाडा भुक्तानी आदि) । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरका सबै बाटो तथा गल्लीको नामाकरण (Street Naming) को कार्य सम्पन्न गरी घर नम्बर राख्नमा समेत यसको उपयोग गर्न सकिने अवस्थामा पुऱ्याउने । | | |

**ग.** नगरका अधिकांश टोललाई सडक सञ्जालले समेटको छ भने २५ प्रतिशत भन्दा बढी घर कालोपत्रे सडकमा जोडिएका छन् । पूर्व पश्चिम राजमार्ग नगरपालिका भएर जाने हुनाले नगरपालिका बाहिरको सम्पर्क र सञ्जाल सहज भएको छ । ८५ प्रतिशत भन्दा बढी सडकको चौडाई १४ फिट भन्दा बढिरहेको छ । करिब ७ प्रतिशत घर सडक सञ्जाल भन्दा बाहिर रहेकोले सबैका लागि आपत्कालीन सेवा सहज रुपमा प्रवाह गर्नमा चुनौती रहेका छन् । कम्तीमा सबै घरमा सबै समयमा आपत्कालीन सेवा दिन समस्या नहुने गरी व्यवस्थित सडक सञ्जालमा प्रत्येक्ष रुपमा आवद्ध गर्नु नगरको तत्कालीन प्राथमिकता हो ।

यातायातका पूर्वाधारको वर्तमान अवस्थामा सुधार गरी दीगो भरपर्दो र सुरक्षित सडकको पहुँचमा आम नगरवासीलाई ल्याउनका लागि योजनावद्ध रुपमा सडकको नक्सा तयारी र सिमा निर्धारण गरी चौडाई पूरा गर्ने, अन्य पूर्वाधार विकासमार्फत् अन्ततः नगरभरिका सडकलाई कालोपत्रे वा बाटो पक्की बनाउने गरी कार्य अघि बढाउनु पर्ने अवस्था छ ।

सडक निर्माण र स्तरोन्नतीको कार्यलाई प्राथमिकतामा आधारित बनाई सीमित स्रोतको उपयोगबाट अधिकतम प्रतिफल हाँसिल गर्न सकिने हुनाले यसका लागि बढी जनसंख्या र भूगोललाई लाभ हुने तथा दमकको आर्थिक र सामाजिक विकासमा ती सडकले गर्ने योगदानका आधारमा सडक निर्माण र स्तरोन्नतीको प्राथमिकीकरण गरिने छ । यसक्रममा सडक गुरुयोजनालाई मुख्य आधार बनाइने छ । सडक गुरुयोजना तथा नगरको बृहत्तर हितका आधारमा तय गरिएको नगरको (नगरस्तरबाट कार्यान्वयन हुने) उच्च प्राथमिकतामा रहने सडकको सूची तालिका ५.३.३ देखाइएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकाका सम्पूर्ण सडकको मापदण्ड निर्धारण गर्ने । हाल निर्धारित मापदण्ड अनुसार लगत कट्टाको कार्य अघि बढाउने र सबै सडकको निर्धारित मापदण्ड अनुसारको चौडाई पूरा गरी सडकको सिमांकन गर्ने । | १. नगरका सडकको लगत कट्टा प्रक्रियालाई निरन्तरता दिने । त्यसका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने । | |
| २. नगर केन्द्रबाट सबै वडा केन्द्रसम्मको बाटो कालोपत्रे गरिसक्ने र वडा केन्द्रबाट सबै माध्यमिक विद्यालय (सामुदायिक) र स्वास्थ्य संस्थासम्मको बाटोको कालोपत्रे बाहेकको पूर्वाधार तयार गर्ने । | २. नगरका वडा केन्द्र तथा सबै माध्यमिक विद्यालय तथा स्वास्थ्य संस्थासम्मको सडकलाई आवश्यक पूर्वाधारसहित पक्की बनाइसक्ने । सबै विद्यालय, मुख्य पार्क तथा मनोरञ्जन स्थल र नगरस्तरीय पर्यटन केन्द्रमा पक्की सडक सञ्जाल पुऱ्याउने । | २. लगत कट्टाको कार्य पूरा गरी नगरको सडक सञ्जालको एकीकृत नक्सा तयार गर्ने । |
| २.१ नगरस्तरका वा अन्तर वडा सम्पर्कका सबै सडकको कालोपत्रे पूर्वका मुख्य पूर्वाधार (उचाई, चौडाई तथा स्थायी वा अस्थायी नाला) पूरा गर्ने । सबै सडकमा कम्तीमा अस्थायी नाला व्यवस्थापन गरिसक्ने । | २.१. नगरस्तरका वा अन्तर वडा सम्पर्क (१ हजार बढी घरधुरी जोड्ने) सबै सडक पक्की वा कालोपत्रेको काम सम्पन्न गर्ने । | ३. अल्पकाल तथा मध्यकालमा शुरु भएका सबै सडकको पूर्वाधार विकासको कार्य सम्पन्न गरी निश्चित संयन्त्रमार्फत् मर्मत सम्भार वा स्तर कायाम गर्ने कार्य गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. नगरका सबै टोल तथा बस्तीलाई सडक सञ्जालमा जोडिसक्ने । | ३. सबै घरलाई सडक सञ्जालमा ल्याई आपत्कालीन यातायातको घरसम्मको पहुँच सुनिश्चित गर्ने । | ३.१ सबै घरलाई सुरक्षित र न्यूनतम पूर्वाधारयुक्त सडकको पहुँचमा ल्याउने । |
| | ४. भू-उपयोग योजनाका आधारमा निर्धारित आवासीय, औद्योगिक, तथा कृषि उत्पादन बढी हुने सम्भाव्य क्षेत्र (३, १० र ४) क्षेत्रका लागि आवश्यकता अनुसार सडक पूर्वाधारको कार्य शुरु गर्ने । | ४. भू-उपयोग योजना, बस्ती विकास योजना, वाणिज्य तथा औद्योगिक र पर्यटन तथा कृषि नीति आदिमा केन्द्रित रहेर नयाँ सडक विस्तार वा स्तरोन्नती गर्ने । |

**घ**. यस नगरमा आन्तरिक सडक सञ्जालको पूर्वाधार विकासका लागि आवश्यक कतिपय महत्वपूर्ण पुल तथा कल्भर्ट निर्माण भएको भए पनि वडा र समुदायस्तरमा धेरै संख्यामा पुल तथा कल्भर्ट निर्माण गर्नुपर्ने आवश्यकता छ भने कतिपय संरचनाको उचाई, चौडाई आदिमा सुधार वा नयाँ संरचनाबाट विस्थापित पनि गर्नुपर्ने छ । वरिपरिबाट नदी प्रणालीले घेरिएको यस नगरपालिका बाढी र डुबानको जोखिममा समेत रहेकोले खोलाखोल्सीको पानी तथा वर्षे पानीको भरपर्दो निकासको व्यवस्था गर्नुपर्ने आवश्यकता छ । तसर्थ सबै समयमा पानी वा भल व्यवस्थापनका कारणले सडक र यातायात सेवामा पर्ने नकारात्मक प्रभावको दीगो समाधान खोज्न आवश्यकता अनुसार पुल तथा कल्भर्ट र अन्य वैकल्पिक पूर्वाधार (ह्युमपाइपसहितको पक्की निकास आदि) हरूको सूची बनाई तल उल्लिखित प्राथमिकताका आधारमा तिनको निर्माण र पूर्वाधार विकास गरिने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सबै सडकमा आवश्यक देखिएका कल्भर्ट, कज वे तथा पुलको सूची बनाई वडा र नगरस्तरीय सडकमा सम्बन्धित कल्भर्ट आवश्यकताको प्राथमिकीकरण गर्ने । | १. नगरभित्र कम्तीमा वडा र नगरस्तरका चक्रपथ, पूर्व पश्चिम राजमार्ग तथा नगरको मुख्य सडकमा आवद्ध भएका प्रमुख स्थानीय सडक तथा नगरस्तरीय सडकहरूमा पुल र कल्भर्ट निर्माण गरिसक्ने । हाल निर्माण भएका पुल तथा कल्भर्टको उचाई लगायतका कारण उत्पन्न समस्या समाधानका लागि वैकल्पिक संचरना तयार गर्ने । | १. अल्पकाल र मध्यकालमा पहिचान गरिएका कजवे कल्भर्ट र पुल तथा पानी निकासका अन्य पूर्वाधार निर्माणको कार्य सम्पन्न गर्ने र मर्मत सम्भारका कार्यक्रमलाई नियमित कार्यक्रमको रुपमा संस्थागत गर्ने । |
| २. सार्वजनिक निर्माण र यातायात क्षेत्रको साझा प्राथमिकताका रुपमा वर्षे पानी व्यवस्थापन प्रणाली निर्माणको पूर्व तयारीका कार्य गर्ने । | २. सडकमा वर्षे पानीले असर पार्न नदिन वर्षेपानी व्यवस्थापन सम्बन्धी आवश्यक संरचना निर्माण गरी सञ्चालन गर्ने । | |

| | | |
|---|---|---|
| **ङ.** नगरपालिकाले सीमित स्रोत तथा धेरै किसिमका प्राथमिकताका बिच सन्तुलन कायम गर्नुपर्ने भएकोले यातायात पूर्वाधारका ठूला लगानीका कार्यक्रम कार्यान्वयनमा बाह्य सहयोगलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । त्यसका लागि संघ, प्रदेश विभिन्न सहयोगी निकाय तथा छिमेकी स्थानीय तह लगायत विभिन्न निकायसँग सहकार्य र साझेदारी गर्नुपर्ने हुन्छ । नगर चक्रपथको कार्य सम्पन्न गनेरी नगर बस सञ्चालन हुने अवस्थामा पुऱ्याउने, पर्यटकीय सम्भावना भएका आदि स्थानमा जाने सडकलाई पूर्वाधारयुक्त बनाउने जस्ता कार्यमा गरिने लगानीमा रणनीतिक लाभ रहेको भए पनि त्यसका लागि बाह्य स्रोतको आवश्यकता छ । त्यसैले नगरको बृहत्तर हितका त्यस्ता पूर्वाधारमा लागानी जुटाउन नगरले नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्नेछ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. संघ तथा प्रदेश सरकारसँगको समन्वयमा चक्रपथको कालोपत्रे बाहेकको सबै आवश्यक पूर्वाधार पूरा गरी नगर यातायात सञ्चालन योग्य बनाउने ।<br><br>२. हाल निर्माण र स्तरोन्नतीका क्रममा रहेका सडकको विस्तार वा नयाँ मार्ग थप गरी रतुवा खोला र मावा खोला करिडोर सडक निर्माणको सम्भाव्यता विश्लेषण गरी कार्य अघि बढाउने । | १. संघ, प्रदेश सरकार तथा निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम तथा बाह्य निकायसँगको समन्वयमा नगर चक्रपथको सम्पुर्ण पूर्वाधार निर्माणको कार्य सम्पन्न गर्ने ।<br><br>२. सम्भाव्यता विश्लेषणका आधारमा छनोट गरिएका नदी करिडोरको बाटोको सम्पूर्ण पूर्वाधार तयार गर्ने । | १. सम्बन्धित निकायसँगको समन्वय र सहकार्यमा सबै संघ र प्रदेशस्तरका नगरमा रहेका सडकको समयवद्ध मर्मत सम्भार र सञ्चालनको सुनिश्चितता गर्ने ।<br><br>२. आवश्यकता अनुसार क, ख र ग वर्गसम्मका सबै सडकमा उपयुक्त स्थायी नाला व्यवस्थापन गरिसक्ने । |
| **च.** यस नगरपालिकामा नगर बाहिरबाट आउने साना तथा ठूला सार्वजनिक यातायातका साधनले स्थानीय यातायातमा समेत योगदान गरिरहेका छन् । नगरबाट ५० किलोमिटर आसपासमा रहेका भद्रपुर तथा विराटनगर विमानस्थलसँगको सडक सञ्जाल सामान्यतयाः राम्रो रहेको छ । अटो रिक्सा तथा इ-रिक्साले समेत स्थानीय यातायातमा सुविधा दिइरहेका छन् । यसका बावजुद नगर बस वा स्थानीय बसहरू नहुँदा कतिपय वडामा सार्वजनिक यातायातको असुविधा रहेको छ ।<br><br>नगरपालिकामा एउटा बसपार्क (दमक बसपार्क) रहेको र बसपार्कबाट विभिन्न स्थानका लागि बस छुट्ने गरेकोले नगरमा यातायातका लागि सहजतमा भएको छ तर व्यवस्थित पार्किङ स्थल नहुँदा सडक किनारमा गाडीहरू राख्ने गरेकोले सवारी आवातजावतमा समेत समस्या हुने गरेको छ। बजार क्षेत्रमा पार्किङको समस्या भएको सर्वसाधारण नगरवासीको अनुभव रहेको छ । बस सञ्चालन हुने क्षेत्रमा व्यवस्थित बस बिसौनीको उपयुक्त व्यवस्थापन हुन बाँकी छ ।<br><br>व्यापारिक केन्द्रको रुपमा विकास भइरहेको बजार भएकोले ढुवानीका साधनको पहुँच सहज रहेको छ । मालबाहक साधनको प्रवेश तथा लोड अनलोडको समय निर्धारण हुने व्यवस्था नगरको कार्यविधिमा रहेको छ। यद्यपि, भित्री बाटोहरू साँघुरा हुनाले मालबाहक साधनका कारण सवारी ब्यवस्थापनमा बेलाबखत समस्या आउने गरेको छ ।<br><br>त्यसैले हाल सञ्चालनमा नगरमा स्थानीय यातायात सेवा सञ्चालन र हालका सेवा व्यवस्थापन सुधार गरी सेवा विस्तार गर्दै लाने र नगर चक्रपथ लगायत मुख्य सडकका पूर्वाधार विकासलाई तिव्रता दिई दीगो र भरपर्दो यातायात सेवाको सुनिश्चितता गर्ने गरी यो क्षेत्रको प्राथमिकता निर्धारण गरिएको छ। त्यसका साथै बस बिसौनी, बसपार्क व्यवस्थापन सुधार तथा सवारी साधनको पार्किङको क्षेत्र निर्धारण र ब्यवस्थापन पनि नगरको प्राथमिकतामा रहेको छ। यी प्राथमिकतालाई आवधिक रुपमा तल प्रस्तुत गरिएको छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरस्तरमा सञ्चालन हुने सबै सार्वजनिक यातायात सेवा (इ रिक्सा, अटो लगायत स्थानीय यातायात) को अधिकतमा भाडादर निर्धारण गर्ने । | १. स्थानीय यातायातको सेवा तथा भाडादरको समयवद्ध मुल्यांकन तथा पुनरावलोकन गर्ने । | १. यातायात सेवा तथा भाडा प्रणालीलाई सूचना प्रविधिमैत्री बनाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. सबै वडा केन्द्र, स्वास्थ्य चौकी तथा बजार केन्द्रहरूमा पार्किङ स्थलहरू निर्धारण गरी सडक किनारमा गरिने पार्किङ निषेध गर्ने प्रक्रिया शुरु गर्ने । यसरी निर्धारण गर्दा पार्किङ गर्न मिल्ने ठाउँलाई सशुल्क बनाइने अवस्थामा शुल्क निर्धारण गर्ने । | २. यात्रु र यातायातको चाप अनुसार नगर केन्द्र तथा बाहिरका उपयुक्त स्थानमा अटो तथा नगर बसका लागि बस बिसौनी तथा बसपार्क निर्धारण र आधारभूत पूर्वाधार निर्माण गर्ने । पार्किङ स्थलहरूलाई थप व्यवस्थित र विस्तार गर्ने । | २. बसपार्क तथा पार्किङ स्थलहरूलाई थप व्यवस्थित र सुरक्षित बनाउन आवश्यक पूर्वाधार तथा सेवा सञ्चालन र व्यवस्थापन गर्ने । |
| ३. ठूला तथा मझौला मालबाहक सवारी साधन प्रवेश गर्ने मार्ग र समय निर्धारण गर्ने । | ३. औद्योगिक क्षेत्रमा ढुवानीका साधन सञ्चालन हुने गरी आवश्यक व्यवस्थापन तथा ढुवानी सेवाको अधिकतम दर रेट निर्धारण गर्ने । | |
| ४. नगरमा निजी क्षेत्रसँगको साझेदारी वा अन्य उपयुक्त विकल्पमार्फत् नगर बस सञ्चालन गर्ने । विद्युतीय गाडी प्रयोग गर्न पहल गर्ने । | ४. चक्रपथ तथा स्थानीय सडकहरूमा नगर बस लगायत सबै समय (रात्री अबेर समेत) मा साना तथा ठूला स्थानीय सवारी साधन सञ्चालनको सुनिश्चितता गर्ने । | ४. सम्भाव्यताका आधारमा छिमेकी स्थानीय तहसँगको साझदारी तथा समन्वयमा अन्तरपालिका यातायात सेवा । |
| ५. स्थानीय बस सञ्चालन हुने रुटमा बस बिसौनी निर्धारण र पूर्वाधार व्यवस्थापनको कार्य शुरु गर्ने । | ५. सार्वजनिक यातायात सञ्चालन हुने नगर र वडास्तरका सबै सडकमा बस बिसौनीको न्यूनतम पूर्वाधार तयार गर्ने साथै बढी यात्रुको जमघट हुने क्षेत्रमा यात्रु प्रतिक्षालय निर्माण गर्ने । | ५. बढी सवारी साधन आवतजावत गर्ने मुख्य सडकका उपयुक्त स्थानमा पर्यटक/यात्रु विश्राम केन्द्र तथा शहरी सूचना केन्द्र बनाउने । त्यस्ता स्थानमा चार्जिङ स्टेशन र टेलिफोन बुथ स्थापना गर्ने । |
| | ६.. स्थानीय यातायातमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विशेष हेरचाहको आवश्यकता भएका नागरिकका लागि सिट आरक्षण तथा छुटको प्रबन्ध गर्ने । | ६. नगरको यातायात क्षेत्रलाई, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकमैत्री सुनिश्चितता गर्ने । |

**ज.** औद्योगिक र पर्यटकीय नगरको रुपमा स्थापित हुने सोचसहित अघि बढिरहेको यस नगरपालिकामा यातायातका साधनको सघना बढ्दै जाने निश्चित छ । आ.व. २०९५/९६ सम्ममा नगरको जनसंख्या ६० प्रतिशत वृद्धि हुनसक्ने प्रक्षेपण गरिएको तथा अपेक्षा अनुसार आर्थिक विकास भएमा यहाँको जनसंख्या अझ बढ्नसक्ने र निजी सवारी साधन प्रयोगकर्ताको संख्या पनि बढ्न देखिन्छ । सवारी साधनको संख्या र विविधता पनि बढिरहेको र अझ बढ्न सक्ने अवस्था छ । नगरभित्रका सडकमा रहेका संरचनागत कमीबाट पनि यो जोखिम रहेको छ । सडकपेटी सडक बत्ती आदिको कार्य केही रुपमा भएको भए पनि धेरै बाँकी छ । त्यसैले सडक सुरक्षा अभिवृद्धि र दुर्घटना न्यूनिकरणका लागि निम्न कार्य प्राथमिकताका साथ अघि बढाइने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. ट्राफिक प्रहरीसँगको समन्वयमा सबै सडक प्रयोगकर्ता लक्षित सडक र सवारी सुरक्षा सम्बन्धी सचेतनामुलक गतिविधि सञ्चालन गर्ने र यसलाई वार्षिक रुपमा निरन्तरता दिने । विद्यालय तथा समुदायस्तरमा यस्ता कार्यक्रम सञ्चालन गर्ने । | १. सडक तथा सवारी सुरक्षा सम्बन्धी सचेतनामुलक गतिविधिका विधिमा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । | १. सडक तथा सवारी सुरक्षा सम्बन्धी सचेतनामुलक गतिविधिका विधिमा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |
| २. सबै प्रकृतिका सडक आसपास सडकको क्षेत्राधिकारभित्र खेती गर्न, अन्नबाली सुकाउन वा व्यक्तिगत सामग्री थुपार्न रोक लगाउने । अस्थायी सडकमाथिको स्थायी वा अस्थायी अतिक्रमण पूर्ण रुपमा रोक्ने । | | |
| ३. कालोपत्रे भएका नगर क्षेत्रभित्रका विद्यालय, अस्पताल आदि नजिक सुरक्षित जेब्राक्रसको व्यवस्था गर्ने । | ३. सबै पक्की सडकमा लेन छुट्याउनुका साथै सवारी संकेत, चिन्ह, जेब्राक्रस आदि सडक फर्निसिङका कार्य पूरा गर्ने । | ३. पक्की सडकमा सवारी संकेत, चिन्ह, जेब्राक्रस तथा सडक फर्निसिङ आदिको व्यवस्था गर्ने । |
| ४. नगर केन्द्र तथा सडक क्षेत्रका सघन बस्ती इलाका लक्षित गरी सडकपेटी वा फुटपाथ निर्माण गर्ने । | ४. नगरस्तरीय सडक अन्तर्गत पक्की सडक निर्माण पूरा भएका सघन बस्ती तथा बजार क्षेत्रमा सडकपेटी तयार गर्ने । | ४. सघन बस्ती र बजार क्षेत्रमा रेलिङ सहितको सडक पेटी निर्माणको कार्य सम्पन्न गर्ने । |
| ५. ट्राफिक प्रहरीसँगको समन्वयमा आवश्यकता र सडक सुरक्षालाई मध्यनजर गरी सडकहरूलाई एकतर्फी गर्ने तथा अधिकतम गतिको सीमा तोक्ने । | ५. ट्राफिक प्रहरीसँगको समन्वयमा आवश्यकता अनुसार सडक एकतर्फी गर्ने र अवस्था अनुसार कुनै सडकलाई खास सवारी साधान निषेधित क्षेत्र घोषणा गर्ने । | ५. सम्बन्धित निकायसँगको समन्वयमा नगरपालिकाभित्रका राजमार्गमा तिब्र गति र कम गतिका सवारीको वर्गीकरण गरी लेन निर्धारण गर्ने । |
| ६. सार्वजनिक यातायात सञ्चालन हुने सबै सडकको सडक सुरक्षा विश्लेषण (Road Safety Audit) गर्ने । | ६. सार्वजनिक यातायात सञ्चालन हुने सबै सडकको सडक सुरक्षा विश्लेषण (Road Safety Audit) गर्ने । | ६. सडक सुरक्षा अडिटबाट प्राप्त सुझाव अनुसार सडक सुरक्षाको संरचनागत कार्ययोजना बनाई कार्यान्वयन गर्ने । |
| ७. नगरको कम्तीमा एउटा प्रमुख चोकमा सवारी संकेत तथा बत्तीसहितको नमूना परियोजना कार्यान्वयन गर्ने । | ७. नगरका प्रमुख चोकहरूमा ट्राफिक लाइट जडान गरी सञ्चालन गर्ने । | ७. नगरका प्रमुख चोकहरूमा ट्राफिक लाइट जडान गर्ने कार्यलाई निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ८. मुख्य बजार क्षेत्र तथा सघन बस्ती क्षेत्रमा नगर समुदाय वा सार्वजनिक निजी साझेदारीको माध्यमबाट सडक बत्ती व्यवस्थापन गर्ने । | ८. प्राथमिकता निर्धारण गरी उच्च प्राथमिकताका नगर केन्द्र र सघन बस्ती तथा बजार क्षेत्रका सडकमा सडकबत्ती तथा सिसी टिभी व्यवस्थापन गर्ने ।<br><br>९. सडकका बिच बिचमा रहेका शालिक तथा स्तम्भहरू तथा सडक क्षेत्रमा पार्क र यातायातको सहजताको बिचमा देखिएका असामञ्जस्यताको सुधारका संरचनागत कार्य गर्ने । | ८. उपयुक्त साझेदारीमार्फत् सबै बजार र बस्ती क्षेत्रमा सडकबत्ती तथा CCTV स्थापना गरिसक्ने । |

**झ.** दमक नगरपालिका साइकल सञ्चालनका दृष्टिकोणले उपयुक्त भौगोलिक अवस्था भएको नगर हो । तथापि हाल साइकलको उपयोग पूर्वाधारको अभावले सीमित रुपमा मात्र हुने गरेको छ । दीर्घकालमा सफा नगर निर्माणमा समेत सहयोग पुग्ने गरी साइकल प्रयोगकर्ताका लागि उपयुक्त पूर्वाधार र सुविधा व्यवस्थापन गर्ने गरी निम्न प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.नगरको साइकल ट्र्याक नेटवर्कको गुरुयोजना तयार गर्ने र सोही अनुरुप सम्भाव्यता अध्ययन गर्ने ।<br><br>२. साइकल उपयोग प्रवर्द्धन गर्न केही स्थानमा साइकल पार्किङको स्थान छनोट र न्यूनतम पूर्वाधार तयारी गर्ने । | १. साइकल उपयोग तथा सम्भाव्यता अध्ययनका आधारमा कम्तीमा एउटा साइकल ट्र्याक निर्माण गर्ने ।<br><br>२. साइकल उपयोग प्रवर्द्धन गर्न साइकल पार्किङको स्थान थप गर्दै जाने । | १. साइकल यात्रीहरूको सुरक्षाको दृष्टिकोण तथा निजी सवारीको विकल्पको रुपमा साइकल लेन विस्तार गर्दै साइकल उपयोग प्रवर्द्धन गर्न साइकल पार्किङको स्थान थप गर्दै जाने । |

**ञ.** नगरलाई हरित स्वच्छ र सफा नगर बनाउने र पूर्वका पर्यटकीय क्षेत्रमा जाने पर्यटकको ट्रान्जिटसहितको पर्यटकीय हब बनाउने सोच राखेको यस नगरले हरित सडकका साथै सडकको सुन्दरता र सरसफाईलाई नगरको सुन्दरता र सरसफाईको आधारका रुपमा लिएको छ । त्यसैले सडक दायाँबायाँ वृक्षारोपण, सडक साजसज्जा, सडक सरसफाई लगायत सबै किसिमका सडकको सुन्दरताका सम्बन्धी दमक मापदण्ड बनाई कार्यान्वयन गरिने छ । सडक सुन्दरताका समग्र कार्यको प्राथमिकीकरण रहनेछ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सडक सरसफाईलाई सार्वजनिक सरसफाईको अभिन्न अंगका रुपमा समेटी नगर, वडा र समुदायस्तरबाट सरसफाईका कार्यलाई नियमित (कम्तीमा मासिक) गर्ने ।<br><br>२. सडक आसपास रहेका रुखको उचित व्यवस्थापन तथा सडक पूर्वाधारको कार्य सम्पन्न भएका सडक क्षेत्रमा घर परिवार तथा समुदायसँगको साझेदारी वृक्षारोपण गर्ने । | १. सडक सरसफाईका कार्यक्रमलाई संस्थागत गरी निरन्तरता दिने ।<br><br>२. सडक सुन्दरताका लागि वृक्षारोपण लगायतका कार्य गर्ने । बुद्ध मुर्ति क्षेत्र तथा औद्योगिक क्षेत्र र भ्यूटावर जाने बाटोमा यात्रु तथा पर्यटकलाई प्रभावित गर्ने किसिमले सडक सुन्दरताका कार्य गर्ने । | १. सडक सरसफाईका कार्यक्रमलाई संस्थागत गरी निरन्तरता दिने ।<br><br>२. सबै बजार र बस्ती क्षेत्रका सडकको सफाई र सुन्दरतालाई दमक नगर मापदण्डमा पुर्‍याउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ३. बढी यात्रुको जमघट हुने बस बिसौनी क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्ने । | ३. बस बिसौनी क्षेत्रमा आवश्यकता अनुसार सार्वजनिक शौचालय र घुम्ती शौचालय व्यवस्थापन गर्ने । |

**ट.** स्थानीय विकास परियोजना सञ्चालन निर्देशिका २०७४ ले विकास कार्यक्रमलाई प्रतिस्पर्धात्मक र गुणस्तरीय बनाउने प्रयास गरिएको छ । यसलाई आधार बनाई सडक लगायतका पूर्वाधारका कार्यलाई सहभागितामुलक पद्धतिबाट अघि बढाई दीगोपन र गुणस्तर सुनिश्चितताका लागि निम्न कार्य गरिने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय विकास परियोजना सञ्चालन निर्देशिका २०७४ मा आवश्यक परिमार्जन गरी उपभोक्ता समितिबाट हुने काम समेतको, गुणस्तरीयता, समयवद्धता, जवाफदेहिता, अनुगमन, निगरानी आदिको विषय समेत समेट्ने । | १. सडक पूर्वाधार क्षेत्रमा नागरिक सहितको गुणस्तर मापन तथा अनुगमन र निगरानीको अभ्यासलाई संस्थागत गर्ने । आवश्यकता अनुसार तेस्रो पक्ष अनुगमन र मुल्यांकन पद्धति शुरु गर्ने । | १. जारी अभ्यासमा आवश्यक परिमार्जन गरी सडक लगायत यातायातका पूर्वाधार कार्यक्रम कार्यान्वयन, अनुगमन, निगरानी र मुल्यांकन प्रक्रियामा सम्बन्धित समुदायको सहभागिता सुनिश्चित गर्ने । |

**ठ.** नगरमा योजना तथा प्राविधिक शाखा र शहरी विकास शाखा अन्तर्गत ४ जना इञ्जिनियर र ६ सहायक सब इञ्जिनियर तथा ३ अमिनसहितको प्राविधिक कर्मचारीको उपलब्धता रहेको छ । नगरका सडक पूर्वाधार निर्माण र मर्मत सम्भारमा सहयागी केही उपकरण पनि रहेका छन् ।

नगरको बेग्लै यातायात शाखा वा इकाई नभएको तथा विभिन्न क्षेत्र (यातायात, पूर्वाधार) को विशेषज्ञता वा स्पष्ट फरक जिम्मेवारीसहितको प्राविधिक जनशक्ति नगरमा उपलब्ध नरहेकोले यातायातको भूमिका विस्तारमा सीमितता रहेका छन् ।

स्थानीय यातायात सेवाको नियमन, सडक डिजाइन, सुरक्षा तथा यातायात सेवा लगायतका कानुनी प्रावधान तयारीमा सहयोग र यो क्षेत्रमा नगरको भूमिका अभिवृद्धि, सडक र यातायात क्षेत्रको नियमित अध्ययन, तथ्याङ्क संकलन र व्यवस्थापन एवं विकास र सेवाको सुपरिवेक्षणसहितको कार्यलाई प्रभावकारी बनाउन यातायात इकाई निर्माण नगरको तत्कालीन प्राथमिकता हो भने यातायात क्षेत्रको समग्र संस्थागत विकासका कार्यलाई तल प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. पूर्वाधार वा शहरी विकास शाखा अन्तर्गत अधिकृतस्तरको कर्मचारी (सिभिल इञ्जिनियर वा यातायात इञ्जिनियर) सहितको बेग्लै यातायात इकाई निर्माण गर्ने । | १. यातायात इकाईलाई प्राविधिक र प्रशासनिक कर्मचारीसहितको यातायात शाखाको रुप दिने । | १. शहरी विकास विभाग वा महाशाखा अन्तर्गत यातायात शाखा रहने व्यवस्था गर्ने र शाखा अन्तर्गत यातायात सेवा र पूर्वाधारका कार्य हेर्न बेग्लाबेग्लै दुई इकाई निर्माण गर्ने । |
| २. यातायात इकाईमार्फत् यातायातका पूर्वाधार र सेवाको डिजिटल इन्भेन्टरी तयारी र स्वतः अद्यावधिक हुने व्यवस्था गर्ने । | २. यातायात शाखामा सूचना व्यवस्थापनको जिम्मेवारी निर्धारण गरी थप व्यवस्थित गर्ने । | २. यातायात शाखा अन्तर्गत पूर्वाधार इकाईबाट सडक पूर्वाधार निर्माण तथा व्यवस्थापनका विषयको नगरबाटै अनुगमन गर्न सक्ने गरी सूचना प्रविधियुक्त बनाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. यातायात इकाईको अग्रसरतामा यातायातका पूर्वाधार र सेवाको गुणस्तर निर्धारण, अनुगमन, मुल्यांकन विधि (पद्धति, फर्महरू, प्रतिवेदन ढाँचा) निर्माण वा परिमार्जन गर्ने । | ३. यातायात पूर्वाधार र सेवाको गुणस्तरीयता, समयवद्धता र जवाफदेहिताका विस्तृत कार्यसम्पादन सूचक बनाई यातायात शाखा तथा सम्बन्धित प्राविधिक कर्मचारीको उत्प्रेरणा प्रणालीमा आवद्ध गर्ने । | |
| ३.१. हाल उपलब्ध उपकरण तथा जनशक्तिको उपलब्धता विश्लेषण गरी अवरुद्ध सडक तत्काल सुचारु गर्न तथा नगर आफैंले गर्ने निर्माण तथा सुधारका कार्यको लागि आवश्यक उपकरण र जनशक्ति व्यवस्थापन गर्ने । | ३.१. सडकको गुणस्तर परीक्षणका लागि नमूना जाँच गर्ने उपकरण सहितको प्रयोगशाला नगरस्तरमा व्यवस्था गर्ने । | ३.१. सडकको गुणस्तर परीक्षणका लागि नमूना जाँच गर्ने उपकरणसहितको प्रयोगशाला नगरस्तरमा व्यवस्था गर्ने । |
| ४. यातायातको पूर्वाधार र सेवा व्यवस्थापन सम्बन्धमा छोटो र मध्यम अवधिको क्षमता विकास कार्यक्रम तय गर्ने । | ४. यातायात शाखाको क्षमता विकासका कार्यक्रमलाई नियमित कार्यक्रमका रुपमा कार्यान्वयन गर्ने । बाह्य क्षमता विकासका उपलब्ध अवसर स्थानीय कर्मचारीलाई पनि उपलब्ध गराउने पद्धति विकास गर्ने । | ४. आवश्यक क्षमता विकास कार्यक्रममार्फत् यातायात शाखालई मध्यमस्तरका आयोजनाको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार गर्न सक्ने अवस्थामा पुऱ्याउने । |
| ५. सडकको नियमित मर्मत सम्भारका लागि नगर र वडास्तरीय संयन्त्र तयार गर्ने । त्यसका लागि संघ र प्रदेशस्तरका स्थानीय इकाईहरूसँग समन्वय गर्ने । | ५. नगरस्तरको यातायात सम्बन्धी संयन्त्रलाई न्यूनतम स्रोतसाधन युक्त बनाउने । | |
| | ६. यातायात शाखा तथा पूर्वाधार विकास समिति यातायात, ट्राफिक व्यवस्थापन एवं शहरी सुदृढी करण समिति एवं नगरस्तरीय अनुगमन समितिका बिचमा समयवद्ध बैठक तथा सम्पर्कको विधि तय गरी कार्यान्वयन गर्ने । | |
| | ७. निर्माण कार्यको सुपरिवेक्षण तथा अनुगमनमा खट्ने प्राविधिकको भौतिक र सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी सुरक्षा सामग्री तथा विधिहरू तयार गरी उपयोग र कार्यान्वयन गर्ने । करारमा काम गर्ने प्राविधिकको पनि दुर्घटना विमाको व्यवस्था गर्ने । | |

नगरपालिकाको नगर यातायात गुरुयोजना विद्यमान रहेकोले गुरुयोजना अनुसारको प्राथमिकतालाई मुख्य आधार बनाई सडक निर्माण, स्तरोन्तती तथा मर्मत सम्भारको मुख्य प्राथमिकता तय गरिएको छ। बृहत् योजना तयार गर्दा नगरस्तरीय प्राथमिकतामा रहेको निम्न लिखित सडकहरूलाई पनि कम्तीमा मध्यकालीन अवधिसम्म २ लेनको अवस्थामा रहने गरी आवश्यक सुधार गर्ने तथा नाला, कल्भर्ट समेत हुने गरेर कालोपत्रे गर्न आवश्यक रकम पनि तलको तालिकामा प्रस्तुत गरिएको छ । साथै, यी सडकहरूलाई दीर्घकालीन अवधिसम्म सडकपेटी, रेलिङ, सौर्यबत्ती, ट्राफिक संकेत लगायत सम्पूर्ण आवश्यक पूर्वाधार निर्माण सकिने विश्वास गरिएको छ ।

नगरको यातायात सेवा र पूर्वाधारको हालको अवस्था विश्लेषण र आन्तरिक छलफलबाट यस क्षेत्रको अपेक्षित उपलब्धी निम्नानुसार तय गरिएको छ ।

**तालिका ३/५.३.३ : यातायात क्षेत्रको परिमाणात्मक लक्ष्य/अपेक्षित उपलब्धी**

| उपलब्धी सूचक | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|
| दीगो भरपर्दो र सुरक्षित यातायातका पूर्वाधारको पहुँचमा रहेको परिवार (प्रतिशत) | | ३५ | ६० | ९० |
| समयवद्ध स्थानीय यातायात वा नगर बसको पहुँचमा रहेका घरधुरी (प्रतिशत) | | ५० | ६० | ९० |
| सडक सञ्जालमा जोडिएका घरधुरी (प्रतिशत) | ९२.१३ | ९५ | १०० | १०० |
| कालोपत्रे सडकमा आवद्ध घरधुरी (प्रतिशत) | २५.७४ | ३० | ५० | ८० |
| ग्रावेल सडकमा आवद्ध घरधुरी (प्रतिशत) | ४६.९० | ५० | ३५ | १५ |
| धुले सडकमा आवद्ध घरधुरी (प्रतिशत) | २८ | २० | १५ | ५ |
| कालोपत्रेको सडकको लम्बाईमा थप (किमी) | - | ३० | १०० | २०० |
| धुले सडक स्तरोन्नति वा नयाँ थप हुने ग्रावेल सडकको लम्बाई (किमी) | - | ४० | १०० | २०० |
| यातायात सम्बन्धी आवश्यक नीति तथा कानुन निर्माण (संख्या) | - | ५ | १० | १० |
| पूर्वाधारयुक्त नगर चक्रपथ संख्या | १ | १ | १ | १ |
| साइकल ट्र्याक लम्बाई (किमि) | - | २ | ५ | २५ |
| साइकल स्ट्याण्ड (एक ठाउँमा २० साइकल अट्ने गरी) | | २ | १० | २० |
| ट्राफिक लाइटसहितको चोक व्यवस्थापन (जम्मा) | २ | ४ | ६ | ९ |
| बसपार्क बाहेक निर्धारित पार्किङ स्थल (जम्मा) | - | ३ | १० | २५ |
| सघन बस्ती क्षेत्रमा जम्मा पक्की सडक पेटी तयार गर्ने (किमि) | - | ५ | ३० | १०० |
| स्थानीय बस सञ्चालन हुने रुटमा यात्रु प्रतिक्षालयसहितको बस बिसौनी (जम्मा) | - | ५ | ५० | ७५ |
| नगर बसपार्क (लामो तथा छोटो दुरीका लागि) | १ | २ | ३ | ५ |
| सडक पेटीमा रेलिङको व्यवस्था | ५ | १० | २० | ६० |

उल्लिखित सबै कार्यक्रमका लागि नगर आफैंले बजेट व्यवस्थापन गर्न नसक्ने भएकोले सरोकारवाला निकायसँग सहकार्य गर्नु आवश्यक छ। महेन्द्र राजमार्ग (H01) भएर जाने भएकोले राजमार्गको वरिपरी सर्भिस लेन निर्माण, ट्राफिक संकेत, जेब्राक्रस, मार्किङ, सडकपेटी, रेलिङ, साइकल ट्र्याक, सोलार

बत्ती, सिसी टिभी, पार्किङ स्थल, बस बिसौनी र ट्राफिक लाइट जडान गर्ने कार्यको लागि सडक विभागसँग प्रमुख रुपमा समन्वय गरी सहयोगका लागि अनुरोध गरिने छ। नगर चक्रपथ निर्माण, ट्राफिक लाइट जडान, नगर बसपार्क निर्माण, नगर बस खरिद, पार्किङको लागि आवश्यक बजेट व्यवस्थापनका लागि संघ तथा प्रदेश सरकारसँग अनुरोध गरिने छ। संघ तथा प्रदेश सरकारको स्वामित्वमा रहने सडकका अन्य पूर्वाधार विकासका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय गरिने छ।

## ५.३.४. सार्वजनिक निर्माण

## १. परिचय

नगरपालिकाको सार्वजनिक निर्माणका सेवा अर्न्तगत स्थानीय सरकारले आफैं वा बाह्य सहयोगमा विभिन्न सेवा प्रवाहका लागि निर्माण गरिने भौतिक पूर्वाधारहरू पर्दछन्। यो खण्डमा सार्वजनिक निर्माण अन्तर्गत खानेपानी र सरसफाईका पूर्वाधार, सिँचाइका पूर्वाधार, सार्वजनिक भवनहरू, विद्युत र सञ्चार जस्ता पूर्वाधारका नीति तथा कार्यक्रम समेटिएका छन्। क्षेत्रगत वर्गीकरणमा सामाजिक विकास अन्तर्गत पर्ने सेवा प्रवाहका भौतिक पूर्वाधारलाई पनि यो खण्डमा समेट्ने प्रयास गरिएको छ।

दमक नगरपालिका योजनावद्ध सहरी विकासको विधिबाट निर्माण भएको नगर नभएता पनि विकासलाई योजनावद्ध रुपमा अघि बढाउने सन्दर्भमा नगरको आफ्नै अनुभव रहेको छ। नगरमा शहरी पूर्वाधारसहितको क्षेत्र र शहरोन्मुख ग्रामीण क्षेत्र रहेकोले सार्वजनिक सेवाका पूर्वाधारको स्तरमा विभिदता रहेको छ। यस्तो विविधताका बिच सबै वडामा समान मापदण्डको सार्वजनिक सेवा प्रवाह गर्नसक्ने गरी पूर्वाधार विकास गर्न निर्माण कार्यका बिचमा प्राथमिकता निर्धारण गरी अघि बढ्नु पर्ने आवश्यकता रहेको छ।

यस नगरपालिकाको सार्वजनिक सेवाका पूर्वाधार विकासको विधिलाई व्यवस्थित र योजनावद्ध बनाउन सार्वजनिक निर्माण नीति तर्जुमा गरिएको छ। यो क्षेत्रको नीति तय गर्दा खानेपानी वितरण, सरसफाई, सिँचाइ, सार्वजनिक/सामुदायिक भवन, विद्युत र सञ्चारका पूर्वाधार निर्माण, सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउने तथा शिक्षा, स्वास्थ्य, आर्थिक विकास, पार्क तथा मनोरञ्जन जस्ता सेवाका पूर्वाधार निर्माणलाई निर्देशित र व्यवस्थित गर्ने उद्देश्य राखिएको छ। सार्वजनिक निर्माणका मुलभूत पक्ष, सार्वजनिक निर्माणका कार्यको प्राथमिकीकरण, सार्वजनिक निर्माणको स्थान छनोट र भूमि व्यवस्थापन, सार्वजनिक निर्माणबाट उपलब्ध हुने सेवाको परिमाण र गुणस्तर तथा सार्वजनिक निर्माणका ठूला र बहुवर्षीय कार्यक्रमको व्यवस्थापनको विषय समेटिएको छ।

यहाँ उल्लेख गरिएका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति हरेक विशिष्ट सार्वजनिक निर्माणका कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित समुदायको लागि लाभ गर्ने, ज्यादा आर्थिक भार नपर्ने, तथा समुदायको स्वास्थ्य, सुरक्षा, सम्मान तथा भू-उपयोगको उपयुक्तता समेतलाई ध्यान दिई तयार गरिएका छन्।

## २. वर्तमान अवस्था

दमक नगरपालिकामा शहरी पूर्वाधारसहितको क्षेत्र र शहरोन्मुख ग्रामीण क्षेत्र रहेकोले सार्वजनिक सेवाका पूर्वाधारको स्तरमा विविधता रहेको छ। बजार केन्द्रित विशेषगरी वडा नं. ५ र ६ वडाका तुलनामा अन्य ग्रामीण वडाहरूमा समान मापदण्डको सार्वजनिक सेवा प्रवाह गर्नसक्ने गरी पूर्वाधार विकास भएको छैनन्। सार्वजनिक सेवाका पूर्वाधार निर्माणका कार्यले पछिल्लो समय गति पाइरहेको भए पनि तिनको पर्याप्तता, पहुँच योग्यता र गुणस्तर वृद्धिका धेरै काम बाँकी छन्।

विगतमा निर्माण भएका केही पूर्वाधारहरू न्यूनतम राष्ट्रिय मापदण्ड अनुसार निर्माण भएको भए पनि तिनको स्थान, समेट्ने क्षेत्र, सोको वातावरणीय पक्ष तथा प्राविधिक पक्षमा कमी कमजोरी रहेका छन्। सार्वजनिक

निर्माणका सेवा अर्न्तगत पूर्वाधार निर्माण र विकासको अनुगमन र सुपरिवेक्षणको लागि पर्याप्त जनशक्ति व्यवस्थापन हुन सकेको छैन । विभिन्न पूर्वाधारको विशिष्ठतासहितको प्राविधिक इकाईहरू नगरमा नरहेको जस्ता संगठनात्मक क्षमता सम्बन्धी कमजोरी पनि छन् ।

## ३. मुख्य अवसर र चुनौती

नेपालको संविधानले नगरपालिका लगायत स्थानीय तहलाई खानेपानी, सिँचाइ, साना जलविद्युत, वैकल्पिक ऊर्जा जस्ता विषयको व्यवस्थापनलाई एकल अधिकारका रुपमा समेटेकोले सोही अनुसार नगर अनुकुल आवश्यक कानुन, नीति, नियम, निर्देशिकाको निर्माण गरी नीति तथा कार्यक्रमले तय गरेका प्राथमिकता तथा संवैधानिक व्यवस्था अनुरुप खानेपानी, सिँचाइ, फोहोर व्यवस्थापन, सामुदायिक र सार्वजनिक भवन निर्माण जस्ता मध्यम स्तर र लागतका कार्यक्रमलाई व्यवस्थित शहरी विकासको पद्धति अनुसार अघि बढाउने अवसर रहेको छ । नेपाल सरकारले निर्धारण गरेको दरबन्दी पूर्ति भएसँगै उपलब्ध जनशक्तिलाई विशिष्टीकृत जिम्मेवारी दिएर सार्वजनिक निर्माणका कार्यलाई प्राविधिक रुपमा थप व्यवस्थित गर्ने अवसर पनि रहेको छ ।

पूर्वाधारका सम्बन्धमा साझा अधिकारका विषयमा स्पष्टता ल्याउन र नगरको अधिकार अनुसारका सार्वजनिक निर्माणका सेवा अर्न्तगत भौतिक पूर्वाधार सम्बन्धी नीति तथा कानुन बन्न बाँकी रहेकोमा कानुन निर्माण गर्ने र यो क्षेत्रको योजनावद्ध विकास अघि बढाउन नगरपालिकाको संयन्त्र तथा बाह्य सहयोगलाई एकीकृत गर्ने चुनौती रहेको छ । स्रोतको सीमितताका कारण नीति तथा कार्यक्रम र वार्षिक बजेटमा प्रवाहसँग सम्बन्धित सबै क्षेत्रलाई समेटेर पूर्वाधार विकाससँग उत्पादन, रोजगारी तथा आर्थिक विकासका अन्य पक्षसँग तादम्यता मिलाउने चुनौती पनि रहेको छ । अव्यवस्थित र एकीकृत नगर विकास योजना विना निर्माण भएका पूर्वाधारलाई उपयुक्त भू-उपयोग योजना अनुकुल बनाउने चुनौती पनि नगरलाई छ ।

## ४. सार्वजनिक निर्माको समग्र लक्ष्य

सार्वजनिक सेवाका पूर्वाधारलाई सुव्यवस्थित, दीगो र भरपर्दो बनाउनु ।

## ५. उद्देश्य

सार्वजनिक सेवाको माग र नगरको क्षमताका बिच सामञ्जस्यता कायम मितव्ययी, कार्यकुशल, समयवद्ध रुपमा उन्नत भू-उपयोग योजना अनुकुल हुने गरी सार्वजनिक सेवाका पूर्वाधार तयार गर्ने ।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.३.४ : सार्वजनिक निर्माणका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १ . सार्वजनिक सेवाका पूर्वाधारको पहुँच योग्यता बढाउने । | १. सार्वजनिक संरचना निर्माणको निर्णय लिँदा बढी जनसंख्या समेट्ने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।<br>२. आम हितका संरचना बनाउँदा बढी समुदाय तथा घरधुरीलाई पायक पर्ने स्थानमा बनाइने छ भने त्यस्ता पूर्वाधारलाई अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा बाल बालिकामैत्री बनाइने छ ।<br>३. सार्वजनिक निर्माणका पूर्वाधार तयार गर्दा यहाँका स्थायी बासिन्दाका अतिरिक्त रोजगारी तथा औद्योगिक, व्यवसायिक र पर्यटकीय गतिविधिका शिलशिलामा नगरमा बसोबास गर्ने औसत जनसंख्या तथा अस्थायी बसोबास गर्ने नागरिकको सेवा र पहुँचलाई समेत ख्याल गरिने छ । साथै वर्तमान जनसंख्या र प्रक्षेपित जनसंख्याको समेत विश्लेषण गरिनेछ । साथै बसोबासको अवस्था र सघनतामा आउने परिवर्तनलाई पनि आत्मसाथ गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| | ४. संरचनाको प्रकृति अनुसार संरचना वा सेवामा पहुँच र सेवाको स्तरमा लक्षित उपभोक्ता बिचमा समानता हुने गरी निर्माण गरिने छ ।<br>५. सार्वजनिक निर्माणका पूर्वाधार सम्बन्धी कार्य सम्बन्धित सेवाको अभाव वा अपर्याप्तता परिपूर्तिमा केन्द्रित रही गरिने छ । |
| २. सार्वजनिक निर्माणको प्रक्रियामा मितव्ययिता, कार्यकुशलता र प्रभावकारिता हाँसिल गर्न उपयुक्त विधि निर्धारण र कार्यान्वयन गर्ने । | १. आम नागरिकको आवश्यकता सम्बोधन गर्न तथा प्राथमिकता प्राप्त कार्यक्रममा लगानी केन्द्रित गराउनका लागि सार्वजनिक सेवाका नगरस्तरीय पूर्वाधार निर्माण गर्दा पुँजी सुधार कार्यक्रम (Capital Improvement Program (CIP) मार्फत् गरिने छ ।<br>२. पुँजी सुधार कार्यक्रम वा बृहत् योजनामा समावेश नभएका कार्यक्रम विशेष कारणले नगरस्तरीय कार्यक्रममा समेट्नु परेमा त्यस पूर्व सहभागितामुलक पद्धतिमार्फत् परियोजना छनोट र मुल्यांकन गर्न अस्थायी संयन्त्र गठन गरिने छ । संयन्त्रको सिफारिसलाई कार्यपालिकाले मुल्यांकन गरी पुँजी सुधार कार्यक्रममा समावेश गरेर मात्र त्यस्तो परियोजना कार्यान्वयनमा लगिने छ ।<br>३. सार्वजनिक निर्माणका कार्यक्रममा दोहोरोपनालाई निरुत्साहित र नियन्त्रित गरिने छ । सोही प्रकृतिको कार्य पुनः गर्नुपर्दा अपुग पूरा गर्नमा केन्द्रित हुने गरी मात्र कार्यक्रम सञ्चालन गरिने छ । अन्तर क्षेत्र तथा समुदाय, माथिल्लो सरकारीस्तर वा अन्य निकायबाट हुने विकासका कार्यक्रमको समन्वय तथा त्यसबाट उत्पन्न हुने नकारात्मक प्रभाव नियन्त्रण निश्चित प्राविधिक मापदण्डको सुनिश्चितताका लागि नगरस्तरीय विकास कार्यक्रम समन्वय समिति वा संयन्त्र निर्माण गरिने छ ।<br>४. सार्वजनिक भौतिक संरचना निर्माण गर्दा न्यूनतम परिमाणमा सेवा प्रवाहका लागि पूर्वाधारको क्षमता र उपयोगिताको बिचमा सन्तुलन कायम गरिने छ ।<br>५. नयाँ निर्माण हुने पूर्वाधारबाट सेवाको न्यूनतम गुणस्तर सुनिश्चित गरिने छ । निर्माण गरी सञ्चालनमा आइसकेका सार्वजनिक सेवाका पूर्वाधारलाई अपुग विश्लेषणका आधारमा न्यूनतम मापदण्डमा पुऱ्याइनेछ । |
| ३. सार्वजनिक सेवाको माग र नगरको क्षमताका बिच सामञ्जस्यता कायम हुने गरी पूर्वाधार विकास गर्ने । | १. सार्वजनिक निर्माणका संरचनाहरू निर्माण वा सुधारमा लगानी गर्दा नगरमा उपलब्ध स्रोतबाट अधिकतम जनसंख्यालाई लाभ पुग्ने गरी परियोजना निर्धारण, स्वीकृति र कार्यान्वनय गरिने छ । संरचनाको आकार र क्षमता निर्धारण गर्दा जनसंख्यालाई मुख्य आधार बनाइने छ भने विशेष कारणले सेवाको पहुँच बाहिर रहेका सीमित जनसंख्याको आवश्यकता सम्बोधनका लागि बेग्लै मापदण्ड बनाइने छ ।<br>२. पुँजी सुधार कार्यक्रमलाई लागनीको प्राथमिकताको आधार बनाइने छ । जसमा नगरस्तरका परियोजनाको विवरणमा सार्वजनिक निर्माणका योजना कार्यान्वयनका लागि चाहिने जग्गा, उपकरण तथा अन्य सेवाहरूको आवश्यकता र उपलब्धताको विषय पनि समेटिने छ ।<br>३. उत्तम विकल्पको नयाँ कार्यक्रम बृहत् योजना वा पुँजी सुधार कार्यक्रममा समेट्नु अघि सार्वजनिक निर्माणहरूका सुविधाहरूको पर्याप्तताको मुल्याकंन गरिने छ । पर्याप्तता नहुने देखिएमा परिमार्जन गरेर मात्र समावेश गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. भावी जनसंख्या तथा शहर र बस्ती विस्तारलाई मध्यनजर गर्दै सार्वजनिक निर्माणहरूका सुविधाहरूको लागि जग्गाको पूर्व व्यवस्था गरिने छ। महत्वपूर्ण सार्वजनिक सेवा पूर्वाधार विकासका लागि आवश्यक सार्वजनिक साधन सुनिश्चित गर्ने क्रममा नगरको स्वामित्वमा नरहेको सार्वजनिक साधन प्राप्तिमा सम्बन्धित व्यक्ति तथा निकायसँग समन्वय गरिनेछ।<br>५. सञ्चालनमा रहेका वा विगतमा सञ्चालनमा रहेका सार्वजनिक सेवाका पूर्वाधार कुनै कारण बन्द भएमा त्यस्ता पूर्वाधारले चर्चेको क्षेत्र वा अन्य संरचना सार्वजनिक सेवाका अन्य पूर्वाधार निर्माण र सञ्चालनका लागि मात्र उपयोग गरिने छ। |
| ४. सार्वजनिक सेवाका पूर्वाधारलाई व्यवस्थित भू-उपयोगमा आधारित बनाउने। | १. सार्वजनिक सेवाका पूर्वाधारको स्थान भू-उपयोगको योजना अनुसार हुने गरी निर्धारण गरिने छ।<br>२. लागत प्रभावकारिता हाँसिल गर्न एक भन्दा बढी समुदायलाई लाभ हुने पूर्वाधार निर्माण गर्दा सम्बन्धित सबै समुदायको भू-उपयोगमा नकारात्मक प्रभाव हुन नदिन पर्याप्त सावधानीका उपाय अपनाइने छ।<br>३. सार्वजनिक पूर्वाधारको डिजाइन गर्दा स्थानीय विशेषतामा र सामुदायिक विशिष्ठतामा ध्यान दिइने छ।<br>४. सार्वजनिक सेवाका सबै पूर्वाधार निर्माण गर्दा नगरले तोकेको संहिता तथा मापदण्डको पूर्ण पालना गरिने छ। यदि स्थान विशेषका लागि कुनै संरचनाको स्थान, आकार, उचाई, ओगट्ने अधिकतम वा न्यूनतम क्षेत्र आदि राष्ट्रिय, प्रादेशिक वा स्थानीय कानुनमा तोकिएको भए ती सबै व्यवस्थाको पूर्ण पालना गरिने छ।<br>५. नगरपालिकाको सार्वजनिक निर्माणको समिक्षा विधि तय गरी नगरको भू-उपयोग योजना तथा नीतिसँग तालमेल हुने गरी साइट छनोट गरिने छ। सार्वजनिक निर्माणका कार्यबाट नगरको विशिष्ठ पहिचान र ऐतिहाँसिकतामा असर पार्न दिइने छैन।<br>६. सार्वजनिक निर्माणको साइट छनोट र निर्माण कार्य सञ्चालन गर्दा सिमसार क्षेत्र, वन क्षेत्र तथा विभिन्न किसिमका संरक्षित क्षेत्र वा संरक्षण गर्नुपर्ने क्षेत्रमा पर्नसक्ने नकारात्मक प्रभावको पूर्व विश्लेषण गरिने छ। यदि नकारात्मक असर वा क्षति पुग्ने देखिएमा निर्माणको विकल्प खोजिने छ। |
| ५. सार्वजनिक सेवाका पूर्वाधारको स्थान छनोटलाई निश्चित मापदण्डमा आधारित बनाउने। | १. पूर्वाधार निर्माणको विकल्प छनोट गर्दा पूर्वाधारको प्रकृति अनुसार पूर्वाधार रहेको क्षेत्रसम्म उपयुक्त यातायातका साधनबाट सहज आवतजावत गर्न सकिने सडकको पहुँच भएको पूर्व निश्चितता गरिने छ।<br>२. सामुदायिक पार्क, विद्यालय, स्वास्थ्य चौकी तथा सामुदायिक पुस्तकालय आदिका पूर्वाधार बनाउँदा सडकका अतिरिक्त पैदलमार्गको व्यवस्था पनि निश्चित गरिने छ।<br>३. सार्वजनिक निर्माणका साइट छनोट गर्दा वर्तमान समस्या समाधान तथा भविष्यको चापलाई सम्बोधन गर्नुका साथै वर्तमान र भविष्यको पहुँच समेत ख्याल गरिने छ। छनोट गरिएका साइटको स्वामित्व कायम गर्ने प्रक्रिया थाल्नु अघि पर्याप्तता विश्लेषण गरिने छ।<br>४. ठूला सार्वजनिक निर्माणका लागि तोकिएको ठाउँको माटो र अन्य जोखिम लगायतमा इन्जिनियरिङ्ग सुझाव लिएर मात्र यसको निर्माण लागत विश्लेषण गरिने छ।<br>५. सेवाको प्रकृति अनुसार पूर्वाधारको मुख्य संरचनासम्म विद्युत, सञ्चार, खानेपानी लगायतको उपलब्धता पूर्व निश्चित गरिने छ। मुख्य पूर्वाधार बाहेक अन्य सहयोगी पूर्वाधार तयार गर्दा सार्वजनिक जग्गाको आदर्श उपयोगमा ध्यान दिइने छ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ६. सार्वजनिक सेवाका पूर्वाधार निर्माण र व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गर्ने । | १. दीर्घकालमा शहरी विकास पूर्वाधार विभाग वा महाशाखा अर्न्तगत रहने गरी सार्वजनिक सेवा प्रवाह व्यवस्थित गराउन आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि नगरका तर्फबाट समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने सार्वजनिक निर्माण शाखा र सो अन्तर्गत आवश्यकता अनुसार विशिष्ठ इकाई गठन गरिनेछ ।<br>२. सार्वजनिक निर्माणसँग सम्बन्धित शाखाका लागि चाहिने न्यूनतम प्राविधिक र व्यवस्थापकीय क्षमता निर्धारण गरी सो स्तरमा पुग्ने गरी नगर आफैं वा अन्य पक्षको सहयोग र साझेदारीमा क्षमता विकासका उद्देश्यमुलक कार्यक्रम चरणवद्ध रुपमा सञ्चालन गरिने छ ।<br>३. सार्वजनिक निर्माण शाखा तथा इकाई सूचना प्रविधि शाखा लगायत नगरका अन्य शाखा तथा इकाईसँगको समन्वयन र परस्पर सहयोग हुने गरी विभिन्न शाखा, इकाई तथा कर्मचारीहरूको सेवाका शर्तहरू पुनरपरिभाषित गरिने छ ।<br>४. पूर्वाधार निर्माण लगायत नगर वा बाह्य निकायबाट हुने विकास कार्यक्रमको समन्वय, सहजीकरण र समस्या समाधानका लागि नगरस्तरमा एक विशेष संयन्त्र निर्माण गरी क्रियाशील गराइने छ । सार्वजनिक निर्माण शाखाले सो संयन्त्रको सचिवालयको भूमिका निर्वाह गर्नेछ । |

# सार्वजनिक निर्माणका विशिष्ठ क्षेत्रहरू

नगरपालिकाको सार्वजनिक निर्माणसँग सम्बन्धित सेवा अन्तर्गतका खानेपानी, सार्वजनिक सरसफाई (शौचालय, ढल, फोहोर संकलन र व्यवस्थापन तथा नाला व्यवस्थापन), सिँचाइ, विद्युत, सार्वजनिक भवन तथा पुस्तकालय र सञ्चार क्षेत्रलाई विशिष्ठ क्षेत्रका रुपमा यो भागमा समेटिएको छ ।

नगरबासीको दैनिक जनजीवन, व्यक्तिगत र संस्थागत रुपमा सञ्चालन हुने आर्थिक तथा सामाजिक गतिविधि सञ्चालनका नगरले तयार गर्ने पूर्वाधार र सम्बन्धित सेवाका अहम् भूमिका रहने भएकोले विकास र समृद्धिमा उल्लिखित क्षेत्रबाट महत्वपूर्ण प्रभाव रहन्छ । त्यसैले दमक नगरपालिकामा यी क्षेत्रको भौतिक पूर्वाधार निर्माण र सेवा सञ्चालनलाई निर्देशित र व्यवस्थित गर्न निम्नानुसार क्षेत्रगत उद्देश्य तथा नीति तय गरिएको छ ।

# क. खानेपानी

## १. परिचय

खानेपानी सेवा नगरबाट प्रवाह हुने सेवा मध्ये निकै महत्वपूर्ण र आधारभूत सेवा हो । खानेपानी सेवाको उपलब्धता, गुणस्तरीयता, पर्याप्तता र सबैको पहुँचका लागि नगरले आवश्यक पूर्वाधार विकास गर्नुका साथै सेवा व्यवस्थापन गर्नुपर्ने हुन्छ । खानेपानी सेवा सामाजिक सेवा अन्तर्गत पर्ने भएता पनि यस सम्बन्धी पूर्वाधार निर्माण वा विस्तारको कार्य सार्वजनिक निर्माणको अभिन्न भाग भएकोले खानेपानी सेवालाई यो खण्डमा समेटिएको छ ।

## २. वर्तमान अवस्था

दमक नगरपालिका शहरी र शहरोन्मुख क्षेत्रको समिश्रण भएको कारणले नगरबासीबाट पनि निश्चित मापदण्ड सहितको खानेपानी सेवाको माग पनि बढिरहेको छ । २०७५ सालको तथ्याङ्क अनुसार नगरका ५६.४३ प्रतिशत घरधुरीले पाइप लाइनमा आधारित खानेपानी उपयोग गरिरहेका छन् भने ४४.४३

प्रतिशत परिवारले ट्युबवेलको पानीलाई खानेपानीको स्रोतको रुपमा उपयोग गरिरहेका छन् । धारा, ट्युबवेल वा अन्य स्रोतबाट पानी भर्ने बिन्दु घर कम्पाउण्डभित्रै रहेको अवस्थाले नगरमा खानेपानीका लागि समय खर्च गर्नुपर्ने समस्या खासै रहेको छैन । दमक खानेपानी तथा सरसफाई आयोजनाबाट नगरका ७८५० घरधुरीले सुरक्षित पानी प्राप्त गरिरहेका छन् भने यो सेवा विस्तारको क्रममा रहेको छ । साथै अन्य खानेपानी आयोजना पनि विस्तारको क्रममा रहेको छ । घरधुरीस्तरमा व्यवस्थित खानेपानीको पहुँच पुगेको घरधुरी संख्याको आधारमा दीगो विकास लक्ष्यको २०२० सम्मको अपेक्षा (४५ प्रतिशत जनसंख्यामा सुरक्षित पानी पुऱ्याउने) पूरा भइसकेको छ । नगरपालिकाले खानेपानी सेवा विस्तारका लागि संघ र प्रदेश सरकारसँग समन्वयको नीति लिएकोमा दमक खानेपानी तथा सरसफाई आयोजनाले नसमेटेका वडा र कतिपय वडाको मुख्य बजार क्षेत्र बाहिरका बस्ती लक्षित खानेपानी आयोजना सञ्चालन र विस्तार हुन सकेमा नगरपालिकाले सन् २०२२ सम्ममा ६८ प्रतिशत र २०२५ सम्ममा ७६.५ प्रतिशत र २०३० सम्ममा ९० प्रतिशत जनसंख्यामा सुरक्षित खानेपानीको पहुँच पुऱ्याउने दीगो विकासको राष्ट्रिय लक्ष्य प्राप्ति गर्न सक्ने देखिन्छ ।

नगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत् सुरक्षित खानेपानीको सुनिश्चितता र विस्तारका लागि प्रदेश र केन्द्र सरकारसँग समन्वय गर्ने नीति लिएको भए पनि खानेपानी सम्बन्धी नीति तथा कानुनी औजार विकास गर्न बाँकी रहेको छ । नगरबासीलाई आधारभूत शहरी मापदण्ड अनुसारको परिमाण र गुणस्तरको खानेपानी सेवा उपलब्ध गराउन खानेपानी तथा सरसफाईका नीति तथा सम्बन्धित स्थानीय कानुन तथा मापदण्ड बनेको छैन ।

खानेपानीका संरचनाको वर्तमान अवस्था, उपलब्ध पानीको शुद्धता र पर्याप्तता आदिको यथार्थ अवस्था अद्यावधिक गर्ने, त्यसका आधारमा अपुग विश्लेषण गर्ने र कमी पूर्तिमा केन्द्रित रही सबैका लागि सुरक्षित र पर्याप्त खानेपानी घरधुरीस्तरमा नै उपलब्ध गराउने गरी खानेपानी व्यवस्थापन, भौतिक संरचना निर्माण र सेवा प्रवाहका कार्यको प्राथमिकीकरण हुन सकेको छैन । नगर कार्यपालिका अन्तर्गत खानेपानी, सिँचाइ लगायतको पूर्वाधार सम्बन्धमा नीतिगत कार्य गर्न पूर्वाधार विकास समिति रहेको छ भने खानेपानी तथा सरसफाईका कार्यमा समन्वय र सबैका कामका बिचमा सामञ्जस्यता ल्याउन नगर र वडामा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति रहेको छ । यसका बावजुद खानेपानी, सरसफाई, सिँचाइ यातायात लगायतका पूर्वाधार निर्माण र विकासको अनुगमन र सुपरिवेक्षणको जनशक्तिको अपर्याप्तता रहेको छ ।

## ३. मुख्य अवसर र चुनौती

नगरको स्थानीय अवस्था अनुकुल सुरक्षित खानेपानी सम्बन्धी नगर मापदण्ड र अन्य कानुन, नीति नियम निर्माण गरी सार्वजनिक खानेपानी आयोजनाबाट वितरण भइरहेको तथा व्यक्तिगत रुपमा भौगर्भिक स्रोतबाट वितरण भएको सबै पानीको न्यूनतम गुणस्तर कायम गरी सुरक्षित खानेपानीको पहुँचमा सुधार गर्ने अवसर छ । खानेपानीको राष्ट्रिय मापदण्ड र नगरको प्रक्षेपित जनसंख्या विश्लेषण गर्दा (आगामी २० वर्षमा झण्डै १ लाख ४० हजार हाराहारी पुग्ने अनुमान) घरधुरी तहमा २४ घण्टा पानी उपलब्ध हुनुपर्ने, प्रतिव्यक्ति प्रतिदिन १२० लिटर पानी आवश्यक हुने र अहिलेको जनसंख्याको आधारमा पनि कम्तीमा ८० लिटर प्रतिव्यक्ति प्रतिदिन पानी आवश्यक पर्ने, पानी शुद्धिकरणका लागि प्रशोधन प्रणाली रहेको आदि हुनुपर्ने देखिएकोले यसैलाई आधार बनाएर स्थानीय मापदण्ड निर्माण गरी कार्यान्वन गर्न सकिने अवसर छ ।

धेरै परिवारको प्राथमिक वा अपुग पानी पूर्तिको स्रोत घरेलु हाते पम्प वा ट्युबवेल रहेकोले सबै घरमा हुने पानीको उपयोगको अवस्था र अपुगको वैज्ञानिक तथ्याङ्क व्यवस्थापन गर्ने, हालको वितरण प्रणालीमा रहेका पाइप तथा अन्य पूर्वाधारमा सुधार गर्ने तथा विपन्नता तथा आयोजनाको सीमितताका कारणले सुरक्षित पानीको पहुँच बाहिर रहेका ४० प्रतिशत भन्दा बढी परिवारलाई न्यूनतम सुरक्षित खानेपानी सेवा उपलब्ध गराउने, भौगर्भिक स्रोतको पानीमा निर्भर हुनुपर्ने र जमिनमुनीको पानीलाई प्रशोधन गरी

सामुदायिक परियोजनाबाट वितरण गर्न खर्चालु हुने भएकोले सबै घरधुरीस्तरमा सुरक्षित खानेपानीको पहुँच दिलाउने चुनौती रहेको छ। सुरक्षित खानेपानीको आवश्यकता र पहुँचका बिचमा अपुग रहेको अवस्थामा परिवार तथा संस्थागतस्तर (विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक सेवा प्रदायकका कार्यालय सार्वजनिक स्थल आदि) मा सुरक्षित खानेपानी र सरसफाईको पहुँच निश्चित गर्नका लागि आवश्यक स्रोत व्यवस्थापन तथा भौतिक र नीतिगत पूर्वाधार तयार गर्ने चुनौती रहेको छ।

## ४. लक्ष्य

नगरबासीलाई सुलभ, पर्याप्त र सुरक्षित खानेपानीको पहुँच दिलाउने।

## ५. उद्देश्य

परिवार तथा संस्थागत तह र सार्वजनिक स्थलमा पर्याप्त र सुरक्षित खानेपानी उपलब्धता हुने गरी पूर्वाधार र सेवा विस्तार गर्नु।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका २/५.३.४ : खानेपानीका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ७. नगरभर सुरक्षित पानीको पहुँच विस्तार गर्ने। | १. भौगर्भिक पानीका स्रोतको व्यवस्थापन र पूर्वाधार विकास गरी दमक नगरपालिका भरका सबै वडा, बस्ती र परिवारका लागि समान पानी वितरण मापदण्ड कार्यान्वयन गरिने छ। यसका लागि आवश्यकता अनुसार संघ र प्रदेश र छिमेकी स्थानीय सरकारका अतिरिक्त सम्बन्धित उपभोक्ता समिति, निजी क्षेत्र तथा सामुदायिक संघसंस्थासँग सहकार्य गरिने छ।<br>२. जनसंख्या र बस्तीको सघनताका आधारमा क्लस्टर, वडा, बस्ती वा समुदायस्तरमा उपयुक्त स्थानमा पानी संकलन ट्यांकी तथा अन्य पूर्वाधार निर्माण गरी तोकिएको वितरण केन्द्र वा संयन्त्रमार्फत् सबै उपभोक्ताको घरसम्म सुरक्षित खानेपानी सेवा विस्तार गरिने छ।<br>३. खानेपानीका आयोजना निर्माण वा विस्तार गर्दा सुरक्षित पानीको पहुँच बाहिर रहेको बढी भन्दा बढी जनसंख्यालाई पहुँचमा ल्याउने कुरामा विशेष जोड दिइने छ।<br>४. खानेपानीका धारा वा संकलन केन्द्रलाई बालमैत्री र अपाङ्गतामैत्री बनाउने गरी उपयुक्त डिजाइन गरिनुका साथै समुदायलाई सचेतना र सहयोग गरिने छ।<br>५. नगर, क्लस्टर वा वडास्तरीय वितरण प्रणालीमा आवद्ध गर्न लागत प्रभावकारी नहुने अवस्थामा त्यस्ता परिवारका लागि सुरक्षित पानी आपूर्ति गर्न शुद्धिकरणको आधारभूत उपायसहितको पम्पिङ विधि अपनाइने छ।<br>६. आर्थिक विपन्नताका कारणले खानेपानीको लाइन जडान गर्न असमर्थ अति विपन्न परिवारका लागि निश्चित मापदण्डका आधारमा आंसिक वा पूर्ण रुपमा जडान शुल्क व्यहोर्ने व्यवस्था गरिने छ।<br>७. संघीय सरकारको शहरी विकास मन्त्रालयद्धारा स्थापित संहिता तथा मापदण्ड अनुसार न्यूनतम ८० लिटर प्रतिव्यक्ति प्रतिदिनको दरमा पानीको आपूर्ति हुने गरी स्रोत र संरचनाको व्यवस्थापन गरिनेछ।<br>८. खानेपानीका सबै उपभोक्ताले मिटर जडान गरी पानीको वितरणको आधारमा बिलिङ्ग र भुक्तानी हुने विधि पानीको धारा विस्तारसँगै पूर्ण रुपमा लागु गरिने छ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ८. खानेपानीका पूर्वाधार निर्माण वा सुधारलाई भू-उपयोग योजना अनुकुल बनाउने । | १. पानीको स्रोतबाट भण्डारण तथा वितरणमा चाहिने पूर्वाधार निर्माणका लागि चाहिने जमिन व्यवस्था गर्दा अन्य भू-उपयोगमा असर नगर्ने सार्वजनिक जग्गा, सामुदायिक योगदानका जग्गा वा खरिद गर्नुपर्ने जग्गा निर्माण प्रक्रिया शुरु हुनु अघि नै प्राप्ति वा अधिग्रहण गरिसकिने छ ।<br>२. नयाँ बस्ती विकास गर्नु अघि नै भू-उपयोग योजनाद्वारा निर्धारित क्षेत्रहरूमा पानीको बन्दोबस्त गर्न उपयुक्त क्षेत्र निर्धारण गरी जग्गा प्राप्ति गरिनेछ ।<br>३. पानीको संकलन तथा वितरणका लाइन बनाउँदा वातावरण संरक्षण वन, तथा पानीका भौगर्भिक वा सिमसार क्षेत्रहरूमा अवरोध नहुने गरी व्यवस्थापन गरिने छ ।<br>४. पानी संकलन तथा शुद्धिकरणको लागि उपभोक्ता संख्याका आधारमा संकलन केन्द्रका लागि चाहिने न्यूनतम जग्गाको मापदण्ड बनाइने छ ।<br>५. सम्भाव्य आगलागी नियन्त्रणका सबै पानी संकलन ट्यांकीमा कम्तीमा १ चौथाई पानी रहिरहने कुराको सुनिश्चिता गरिने छ भने व्यापारिक कम्प्लेक्स तथा उद्योग परिसरमा न्यूनतम पानी संकलन गर्नुपर्ने व्यवस्था गरिने छ ।<br>६. अपुग विश्लेषणका आधारमा खानेपानीका मझौला तथा ठूला आयोजना सञ्चालनका लागि संघ तथा प्रदेश सरकारका अतिरिक्त सम्बन्धित निकायसँग संस्थागत रुपमा समन्वय र सहकार्य गरिने छ ।<br>७. हरेक नगरस्तरीय खानेपानी आयोजनाका लागि पुँजी सुधार योजना अनुसार निर्माण सम्पन्न नभएसम्मका लागि वार्षिक रुपमा श्रोत उपलब्ध गराइने छ ।<br>८. स्थानीयस्तरमा बनेका पानी संकलन ट्यांकीमा आवश्यक परेको अवस्थामा थप र वैकल्पिक स्रोतको पानी प्रशोधन र थप गर्ने विकल्प खुला राखिने छ ।<br>९. पानीका स्रोतको संरक्षणका लागि पोखरी निर्माण लगायतका कार्यलाई आवश्यकता अनुसार वडागत कार्यक्रमका रुपमा समेटी कार्यान्वयन गरिने छ ।<br>१०. व्यक्तिगत घरमा आकासे पानीलाई जमिन मुनि पानी पठाउने पद्धति विकास गरी प्रवर्द्धनात्मक र सहयोगात्मक कार्यक्रम सञ्चालन गरिने छ । |

## ख. सार्वजनिक सरसफाई

### १. परिचय

सार्वजनिक सरसफाईको क्षेत्र व्यापक छ । शहरी विकासको दृष्टिकोणले मूलतः ठोस फोहोर र दिसाजन्य फोहोरको व्यवस्थापनको विषय सार्वजनिक सरसफाई अन्तर्गत पर्छ । सार्वजनिक सरसफाईका कतिपय सवाल वातावरणीय स्वच्छता र सरसफाईसँग पनि सम्बन्धित हुन्छन् भने खानेपानी र सरसफाईका विषय पनि अन्तरसम्बन्धित हुन्छन् । सार्वजनिक सरसफाईका कतिपय सेवा स्थानीय सरकारले व्यवस्थापन गर्नुपर्ने हुन्छ भने सामुदायको पनि यसका लागि उत्तिकै जिम्मेवारी रहन्छ । दमक नगरपालिकाको सन्दर्भमा ठोस फोहोर व्यवस्थापन, पारिवारिक, संस्थागत र सार्वजनिक शौचालय व्यवस्थापन र दिसाजन्य फोहोरको समग्र व्यवस्थापनको विषयलाई यस खण्डमा समावेश गरिएको छ ।

## २. वर्तमान अवस्था

खुला दिसामुक्त घोषण भई पूर्ण सरसफाईमा केन्द्रित दमक नगरपालिकामा शौचालय प्रयोग गर्ने जनसंख्याको आधारमा दीगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिका सन्दर्भमा २०३० सम्ममा प्राप्त हुने अपेक्षित उपलब्धी (९८ प्रतिशत) हाँसिल भइसकेको छ । तथापि नगरमा ३८.३६ प्रतिशत परिवारले साधारण चर्पी उपयोग गरिरहेको सन्दर्भमा सुदृढ सरसफाई संरचनाको उपयोग गर्ने जनसंख्या २०२२ सम्ममा ७० प्रतिशत र २०३० सम्ममा ९५ प्रतिशत पुऱ्याउनका लागि नगरले थप प्रयास गर्नु पर्नेछ । वडा नं. ९, १०, ४, २ र ३ मा तुलनात्मक रुपमा शौचालयको समस्या बढी देखिन्छ भने सबैजसो वडामा शौचालयको स्तर सुधारको आवश्यकता छ । कतिपय स्थानमा सार्वजनिक शौचालयको व्यवस्थापन पनि गर्नुपर्ने छ । दीगो विकास लक्ष्य अनुसार कम्तीमा ९० प्रतिशत परिवारको शौचालयलाई सार्वजनिक ढल वा दिसाजन्य लेदो प्रशोधनको व्यवस्थित प्रणालीमा आवद्ध गर्न नगरले ठोस कदम चाल्नुपर्ने अवस्था छ । शरणार्थी शिविर तथा अति विपन्न परिवारमा सुदृढ सरसफाईको पहुँच उपलब्ध गराउनमा समेत थप कार्य गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ ।

स्रोतमा नै फोहोर छुट्याउने, फोहोर कम गर्नका लागि संकलन बिन्दुहरू तय गरी ठोस फोहोर संकलन गरी निर्धारित स्थानमा थुपार्ने अभ्यास दमक नगरपालिकाले गरिरहेको भए पनि फोहोर प्रशोधन र दीगो व्यवस्थापन प्रणाली स्थापना र सञ्चालन गर्न बाँकी रहेको छ । नगरमा ढल निकास वा सार्वजनिक सेप्टिक ट्यांक निर्माण गरी शहरी मापदण्ड अनुसार दिसाजन्य फोहोर ब्यवस्थानपनको प्रबन्ध गर्न बाँकी रहेको छ । घरधुरी तथा सार्वजनिक शौचालयको दिसाजन्य लेदो संकलन र प्रशोधन प्रणाली स्थापना र सञ्चालन गर्न पनि बाँकी रहेको छ । निजी घर तथा अन्य स्थानबाट निस्कने पानी र वर्षेपानीको उपयुक्त व्यवस्थापन पद्धति तयार गर्न बाँकी रहेकोले नालाको पानी समेत कहिलेकाहीं नगरको सार्वजनिक सरसफाइको चुनौतीको रुपमा रहने गरेको छ ।

## ३. मुख्य अवसर र चुनौती

सार्वजनिक सरसफाई क्षेत्रसँग सम्बन्धित दीगो विकास लक्ष्य हाँसिल गर्ने गरी स्थानीय कार्ययोजना निर्माण गरी अघि बढ्ने अवसर नगरलाई छ । घरधुरीस्तरमा प्रायः सबैको शौचालय भएको तथा त्यसको स्तरोन्नतीका लागि सम्बन्धित परिवारले नै लागत व्यहोर्ने गरी पारिवारिक सरसफाईको स्तर निश्चित मापदण्डमा पुऱ्याउन समुदायसँगको सहकार्य र साझेदारी गर्ने अवसर नगरलाई छ । तथापि, आफ्नै शौचालय नभएका सुकुम्बासी तथा विपन्न परिवारलाई शौचालय निर्माण गर्न लगाउने र सबै घरको शौचालयलाई उपयुक्त मापदण्डमा पुऱ्याउने, सार्वजनिक ढल वा दिसाजन्य लेदो व्यवस्थापन प्रणाली विकास गर्ने र सार्वजनिक ढल प्रणालीमा आवद्ध गर्न नसकिने परिवार तथा संस्थागत भवनलाई सार्वजनिक वा निजी सेप्टिक ट्यांकसहित दिसाजन्य फोहोर ब्यवस्थापन प्रणालीमा आवद्ध गरी नगरलाई स्वच्छ र हरित नगरको दूरदृष्टितर्फ लैजाने चुनौती नगरलाई छ ।

ढल ब्यवस्थापनका लागि केन्द्र र प्रदेशबाट प्राप्त सहयोगको निरन्तरतामार्फत् शहरी क्षेत्रको ढल ब्यवस्थापन गर्ने तथा ठोस फोहोर ब्यवस्थापनमा समुदाय र निजी क्षेत्रसँग साझेदारी गर्ने अवसर रहेको छ । तर ढल ब्यवस्थापनको पूर्वाधार तयारीका लागि आवश्यक पर्ने ठूलो स्रोत जुटाउने वा सबै क्षेत्रको दिसाजन्य फोहोर निर्धारित सरसफाई केन्द्रमार्फत् ब्यवस्थापन गर्नका लागि आवश्यक जनशक्ति ब्यवस्थापन गरी दिसाजन्य फोहोरको दीगो ब्यवस्थापन गर्ने चुनौती नगरलाई छ । सार्वजनिक निजी साझेदारीका लागि नीतिगत तथा कानुनी प्रबन्ध नभएको तथा फोहोर प्रशोधनका लागि कुनै पूर्वाधार निर्माण पनि नभएको सन्दर्भमा सरसफाईका कार्यलाई ब्यवस्थित गर्न निजी क्षेत्रलाई यस्तो कार्यमा साझेदारीका लागि तयार गर्नु पनि चुनौतीपूर्ण छ । प्लाष्टिकजन्य सामग्री उपयोगमा पूर्ण नियन्त्रण असम्भव प्रायः भएकोले यस्तो फोहोरको दीगो ब्यवस्थापन गर्ने चुनौती पनि नगरलाई छ ।

## ४. लक्ष्य

दमकलाई पूर्ण सरसफाईयुक्त सुन्दर र सफा नगर बनाउने ।

## ५. उद्देश्य

घरधुरी तथा संस्थागत तवरबाट निस्कने सबै किसिमका फोहोरको दीगो व्यवस्थापन गर्नु ।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका ३/५.३.४ : सार्वजनिक सरसफाईका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ९. परिवार, संस्थागत र अन्य स्थानबाट निसक्ने दिसाजन्य फोहोरको सुरक्षित व्यवस्थापन गर्ने । | १. सबै घरधुरीस्तरका शौचालयलाई आधारभूत मापदण्डसहितको व्यवस्थित शौचालयको स्तरमा पुग्ने गरी आवश्यक सुधारका लागि सचेतना र सहजीकरण गरिने छ । सबै घरमा व्यवस्थित शौचालय निर्माण र उपयोगको सुनिश्चितताका लागि निश्चित मापदण्डका आधारमा अति विपन्न परिवारलाई न्यूनतम सहयोग उपलब्ध गराइने छ ।<br>२. दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणाली स्थापनाको कार्य अघि बढाइने छ । प्रशोधनबाट निस्कने पानीलाई खुला रुपमा बगाउन योग्य बनाई उचित व्यवस्थापन गरिने छ ।<br>३. घरधुरीस्तरको सेप्टिक ट्यांकको मापदण्डमा आवश्यक परिमार्जन गरी भवन स्वीकृति प्रक्रियाको अंगका रुपमा सेप्टिक ट्यांक अनिवार्य बनाउने गरी व्यवस्थित शौचालय निर्माणलाई घर निर्माणको अनुमति प्रक्रियामा अन्तरनिहीत गरी कार्यान्वयन गर्ने वर्तमान अभ्यासलाई निरन्तरता दिइने छ । सेप्टिक ट्यांकको निर्माण तथा दिसाजन्य फोहोर व्यवस्थापनका नकारात्मक अभ्यासको प्रभावकारी नियमन गरिने छ ।<br>४. नगरको व्यवस्थापकीय भूमिका रहने गरी दिसाजन्य फोहोर प्रशोधन प्रणालीसहितको ढल प्रणाली विकास गर्न संघ र प्रदेश सरकारमार्फत् बाह्य सहयोगको उपयोगमा जोड दिइने छ । नयाँ बस्ती विकास गर्दा पानी र फोहोर छुट्याउने प्रविधिसहितको सामुदायिक सेप्टिक ट्यांकी निर्माणको प्रस्तावमा नगरले शुल्क छुट वा न्यूनतम अनुदानको व्यवस्था गर्नेछ ।<br>५. घरधुरी, सार्वजनिक वा संस्थागत शौचालयका लागि सेप्टिक ट्यांक निर्माण गर्दा नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुसार नकारात्मक वातावरणीय प्रभाव र जमिन मुनिको पानी प्रदुषण नहुने र स्वास्थ्यमा धक्का नपर्ने गरी स्थान पहिचान गरिने छ ।<br>६. सेप्टीक ट्यांकका कारण पानी प्रदुषणको सम्भावनालाई दृष्टिगत गरी नगरपालिकाले एकीकृत खानेपानी वितरण प्रणालीमा आवद्ध गरेका घरधुरीलाई विशेष अवस्थामा बाहेक व्यक्तिगत वा सामुहिक रुपमा खानेपानीको प्रयोजनमा जमिनमुनीको पानी तान्न र उपयोग गर्न निरुत्साहित गर्ने गरी आवश्यक कानुनी प्रबन्ध गरिने छ ।<br>७. सबै किसिमका शौचालयको सेप्टिक ट्यांकमा हुनसक्ने चुहावटका कारण जमिनमुनीको पानी तथा स्वास्थ्यमा हानी हुन नदिन सेप्टिक ट्याङ्कको अवस्था जाँच गरी समयमा नै मर्मत सम्भार गर्न सम्बन्धित परिवार वा उपयोग गर्ने पक्षलाई जिम्मेवार बनाइने छ । |
| १०. ठोस फोहोरको उपयुक्त विधिबाट व्यवस्थापन गर्ने । | १. घरधुरी, व्यवसाय, अस्पताल तथा कारखाना तथा अन्यस्तरबाट निस्केका ठोस फोहोर पुनःचक्रण तथा व्यवस्थापन योजनासहितको विस्तृत फोहोरमैला व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. नगरले आन्तरिक श्रोत र सम्भाव्य साझेदारी वा सहयोगमा फोहोर प्रशोधन केन्द्र निर्माण र सञ्चालन गर्नेछ । फोहोर संकलन, व्यवस्थापन र प्रशोधन सेवा सञ्चालनका लागि निजी क्षेत्र, सहकारी वा संघसंस्थालाई आंशिक वा पूर्ण रुपमा सेवा करार गर्ने विकल्प खुला राखिने छ । <br> ३. फोहोर संकलन गर्दा प्रयोगकर्ता शुल्क संकलन, फोहोर संकलनको बारम्बारता, प्रशोधनका क्रममा उत्पादित जैविक मल वा ऊर्जाको मुल्य निर्धारण आदिमा नगरले समन्वयात्मक र नियमनकारी भूमिका निर्वाह गर्नेछ । <br> ४. फोहोरमैला व्यवस्थापन सम्बन्धी स्थानीय कानुन निर्माण गरी त्यसमा फोहोरको वर्गीकरणसहितको विवरण तथा संकलन र व्यवस्थापन प्रक्रियामा विभिन्न पक्षको भूमिका लगायतको विषयलाई व्यवस्थित गरिने छ । <br> ५. फोहोरमैला संकलन, विसर्जन, प्रशोधन तथा व्यवस्थापन हुने मुख्य केन्द्र निर्धारण बसोबास क्षेत्र तथा भू-उपयोग योजनाबाट निर्धारित अन्य विशिष्ठ क्षेत्रको वातावरण तथा भू-उपयोगको तालमेत बिग्रन नदिने गरी साइट छनोट गरिने छ । <br> ६. फोहोर उत्पादन काम गर्ने, पुनःप्रयोग तथा पुनःचक्रणका जनचेतना कार्यक्रमहरू समुदाय तथा विद्यालयहरूमा पुऱ्याइने छ । घरधुरीस्तरबाट फोहोर कम गर्ने, पुनरप्रयोग गर्ने तथा अन्तिम विकल्पका रुपमा मात्र पुर्नक्रण गरिने आवधारणालाई आधार बनाई उत्प्रेरणात्मक गतिविधि सञ्चालन गरिने छ । <br> ७. फोहोर व्यवस्थापन केन्द्रको अवधि ख्याल राखी, आवश्यकता अनुसार भविष्यको लागि वैकल्पिक साइटहरू छनोट गरी नगरको स्वामित्वमा ल्याइने छ । <br> ८. अस्पताल तथा स्वास्थ्य संस्था, उद्योग तथा कलकारखाना र विभिन्न व्यवसायिक इकाईबाट उत्पादन हुने फोहोर व्यवस्थापनका लागि उपयुक्त मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिने छ । |

## ग. सिँचाइ

## १. परिचय

सिँचाइ कृषि उत्पादनको पूर्व आवश्यकता हो । दमक नगरपालिकामा कृषिमा निर्भरता कम हुँदै गएको भए पनि निश्चित क्षेत्रमा हुने कृषि उत्पादनलाई व्यवसायिक बनाउन, कृषि उपजमा स्वनिर्भरता बढाउन सिँचाइलाई पनि प्राथमिकतामा राख्नुपर्ने हुन्छ । तसर्थ, सिँचाइलाई महत्वपूर्ण उपक्षेत्रका रुपमा यहाँ समेटिएको छ ।

## २. वर्तमाान अवस्था

दमक नगरपालिको कृषिमा आर्थिक निर्भरता तुलनात्मक रुपमा कम रहेको छ । २०७५ को तथ्याङ्क अनुसार नगरका २१.८९ प्रतिशत परिवारमात्र कृषिमा आवद्ध रहेका छन् भने नगरमा ३२४२ हेक्टर खेतीयोग्य जमिन रहेको छ । जसमध्ये २६१३ हेक्टर जमिन आंशिक वा पूर्ण रुपमा सिञ्चित छ भने ६२८ हेक्टर जमिनमा सिँचाइको सुविधा छैन ।

नगरले स्थानीय भू-उपयोग योजना अनुसार निर्माण हुने कृषि पकेट क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर सिँचाइ सम्बन्धी नीति तथा कानुन बनाई कार्यान्वयन गर्न थप समय लिनुपर्ने अवस्थामा अधिकांश कृषियोग्य भू-भागहरू खण्डीकृत हुँदै अव्यवस्थित रुपमा भवन बन्दै जाने अवस्था छ । त्यसैले भू-उपयोग योजना निर्माण गरी कृषि क्षेत्र निर्धारण र सोही अनुसार सिँचाइका पूर्वाधार विकास वा सुधारको कार्य अघि बढाउनु पर्ने आवश्यकता छ । हाल स्थानीयस्तरमा समुदायबाट विभिन्न सिँचाइका योजना सञ्चालन भइरहेका भए पनि उत्पादन सम्भाव्यताका आधारमा बढी उत्पादन हुने र भू-उपयोग योजनामार्फत् कृषि प्रयोजनमा लगाउने गरी क्षेत्र निर्धारण र कृषि क्षेत्र लक्षित गर्ने गरी सिँचाइ क्षेत्रका कार्यक्रम अघि बढाउन सकिएको छैन ।

## ३. मुख्य अवसर र चुनौती

संवैधानिक अधिकार अनुसार सिँचाइ क्षेत्रको सान्दर्भिक स्थानीय कानुन निर्माण गरी यो क्षेत्रलाई व्यवस्थित गर्ने अवसर नगरलाई छ । संघीय कानुन अनुसार भू-उपयोग योजना बनाउने क्रममा उत्पादन सभव्यताका आधारमा कृषि पकेट क्षेत्र छुट्याई आवश्यकताका आधारमा समुदायसँगको साझेदारीमा स्थानीय भू-उपयोग योजना अनुसार सिँचाइ सुविधामा सुधार गर्ने अवसर नगरलाई छ भने सिँचाइको वर्तमान कार्यक्रमले नसमेटेका क्षेत्र र लाभ लागत विश्लेषण मार्फत अपुग पूर्तिमा केन्द्रित रहेर सिँचाइ क्षेत्रमा संघीय र प्रदेश सरकारबाट सहयोग जुटाउने अवसर रहेको छ ।

कृषि क्षेत्रमा समुदायको घट्दो लगाव र बढ्दो अव्यवस्थित शहरीकरणको कारण सिँचाइ क्षेत्रको विकासमा प्राथमिकता दिँदा आउन सक्ने जोखिम हेरेर यो क्षेत्रको लगानीलाई लाभदायक बनाउने चुनौती रहेको छ ।

## ४. लक्ष्य

पर्याप्त सिँचाइ सुविधामार्फत् सबै खेतीयोग्य जमिनलाई उत्पादनशील बनाउने ।

## ५. उद्देश्य

उत्पादन सम्भाव्यताका आधारमा कृषि क्षेत्रमा पर्याप्त सिँचाइ सुविधा पुऱ्याउने ।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका ४/५.३.४ : सिँचाइका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ११. नगरका खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको कमी हुन नदिने । | १. दमक नगरपालिकामा रहेका सबै खेतीयोग्य जमिनमा कृषि उत्पादनको सम्भाव्यता विश्लेषणका आधारमा सिँचाइ प्रणाली विस्तार सुधार गरिने छ । मुलतः नगरका वडा नं. १०, ३ र ४, २ तथा अन्य वडाका खेतीयोग्य जमिन उत्पादनमा उपयोगको अवस्था विश्लेषण गरी सिँचाइ सुविधा विस्तार गरिने छ । सिँचाइ सुविधा विस्तारमा लागत सहभागिताका आधारमा सम्बन्धित समुदाय र कृषि समुहसँग सहकार्य गरिने छ ।<br>२. सिँचाइ सुविधाका लागि भूमिगत पानीको स्रोतको उपयोग गरी बोरिङमा आधारित सिँचाइ कार्यक्रम तथा नदी प्रणालीमा उपयुक्त ड्याम निर्माणलाई प्राथमिकता दिइने छ । यस्ता आयोजना निर्माणको लागि समुदायको श्रम तथा लागत सहभागिता पूर्व निश्चित गरिने छ । जरुवा पानीको संरक्षणलाई पनि प्राथमिकतामा राखिने छ ।<br>३. नगरको भू-उपयोग योजना अनुकुल कृषि पकेट क्षेत्रमा व्यवसायिक कृषि उत्पादनका लागि सिँचाइका पूर्वाधार तयारीका आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराइने छ ।<br>४. आकासे पानी व्यवस्थापन र दिसाजन्य फोहोर प्रशोधनबाट निस्कने पानी पनि अधिकतम रुपमा सिँचाइमा लगाइने छ ।<br>५. आन्तरिक वा बाह्य स्रोतबाट निर्माण वा स्तरोन्नती भएका सिँचाइका ठूला तथा मझौला आयोजनाको नियमित मर्मत सम्भार र सञ्चालनका लागि नगरस्तरबाट समन्वयकारी र सहयोगी भूमिका निर्वाह गरिने छ ।<br>६. व्यक्तिगत रुपमा वा निजी क्षेत्रबाट ठूलो स्केलमा व्यवसायिक उत्पादनका कार्यक्रम सञ्चालन हुने अवस्थामा त्यसका लागि सिँचाइका पूर्वाधार निर्माणमा नगर आफैं वा बाह्य स्रोतबाट सहयोग जुटाउन आवश्यक समन्वय गरिने छ ।<br>७. स्थानीयस्तरमा रहेका पैनी संरक्षण, स्तरोन्नती तथा व्यवस्थापनमा समुदायको मुख्य भूमिका रहने गरी वडा स्तरबाट समन्वयात्मक र सहयोगात्मक भूमिका निर्वाह गरिने छ । |

## घ. सार्वजनिक भवन तथा पुस्तकालय

## १. परिचय

साझा स्वामित्व र समुदायको साझा हितमा उपयोग हुने भवनलाई सार्वजनिक भवन भनिन्छ। दमक नगरपालिकाको सन्दर्भमा नगर तथा वडा कार्यालयका भवनहरू, स्थानीय आर्थिक विकासमा केन्द्रित रहेर नगरले निर्माण गर्ने भवन, विपद्को समयमा उपयोगमा ल्याउन सकिने सुरक्षित सामुदायिक भवन, सामुदायिक सहकारी, महिला, बालबालिका तथा जेष्ठ नागरिकको सामाजिक हित र सुरक्षाका लागि निर्माण गरिने भवनहरू सार्वजनिक भवनका प्रमुख उदाहरण हुन्। पुस्तकालय सभ्य समाजको पहिचान समेत भएको सन्दर्भमा यसलाई पनि महत्वपूर्ण सार्वजनिक सेवाको पूर्वाधारका रुपमा अघि बढाउने आवश्यकता छ।

## २. वर्तमान अवस्था

नगरपालिका अन्तर्गत नगर तथा वडाहरूको गरी विभिन्न १६ ओटा भवन रहेको नगर पार्श्वचित्र २०७५ मा उल्लेख छ। यस नगरका वडा नं. १, ५, ६, ८ र ९ को आफ्नै पक्की भवन छैन भने वडा नं. १० को कार्यालय स्वास्थ्य संस्थाको भवनमा रहेको छ। यसैगरी वडा नं. ३ को जग्गाको स्वामित्व वडा वा नगरसँग छैन। नगरपालिका र वडा कार्यालयका अतिरिक्त विभिन्न सरकारी कार्यालयका भवन पनि नगर क्षेत्रमा छन्। नगरमा १५०० जना क्षमताको सभाहल निर्माणाधिन रहेको छ। त्यसैगरी संघीय सरकारमार्फत् नगरमा व्यापारिक प्रयोजनमा उपयोग हुने पूर्वाधारसहितको भ्यू टावर निर्माणको प्रक्रिया अघि बढेको छ। नगरमा विद्यालय वा क्याम्पसका बाहेक व्यवस्थित सार्वजनिक पुस्तकालय सञ्चालनमा छैनन्। सूचना तथा प्रविधिको विकास र सामजिक सञ्जालको उपयोग बढेसँगै अध्ययन संस्कृति हराउँदै गएको सन्दर्भमा उपयुक्त पुस्तकालयको पूर्वाधार र सेवामार्फत् अध्ययन संस्कृति पुनरजाग्रित गर्दै त्यसका लागि पूर्वाधार र सेवा व्यवस्थापनका कार्यलाई प्राथमिकतामा राख्नुपर्ने अवस्था छ। नगर तथा वडास्तरमा विभिन्न आवश्यकताका सामुदायिक भवन निर्माण हुनुपर्ने जनचाहना रहेको भए पनि कमी पूर्तिमा सामुदायिक संघ संस्था तथा नगरबाट पर्याप्त कार्य हुन नसकेको महशुस गरिएको छ।

## ३. मुख्य अवसर र चुनौती

संघीय सरकारको सहयोगमा नगर क्षेत्रमा निर्माणाधिन सभाहल पूर्ण रुपमा सञ्चालनमा आएसँगै ठूला सभा, सम्मेलन, सार्वजनिक सुनुवाई जस्ता कार्यका लागि सार्वजनिक भवनको कमी पूर्तीमा योगदान पुग्ने हुनाले यसलाई अवसरका रुपमा लिइएको छ। नगर क्षेत्रको ब्यावसायिक केन्द्र आसपास रहेका खाली जग्गालाई नगरबासीको सामाजिक र व्यवसायिक हितमा योगदान गर्ने पूर्वाधार निर्माणमा उपयोग गर्ने अवसर पनि छ। समुदायका आर्थिक, सामाजिक र शैक्षिक हितमा योगदान गर्ने भवन तथा पुस्तकालय निर्माणमा समुदायसँग साझेदारीको अवसर पनि रहेको छ। कतिपय वडा र अन्य सार्वजनिक सेवाका लागि आफ्नै भवन नभएको अवस्थामा अल्पकालनमा समुदाय र संघ संस्थासँग रहेका भवनको समन्वयकारी उपयोग गर्ने, वडा कार्यलयका लागि आफ्नो भवन निर्माण तथा पूर्वाधार सुधारमा प्रदेश तथा संघीय सरकारको सहयोग जुटाउने अवसर पनि छ।

शहरी विकासको मापदण्ड तथा टोलबासीको आवश्यकता अनुसार पुस्तकालय, सामुदायिक भवन निर्माणका लागि आवश्यक स्रोत जुटाउने, लागत सहभागिताका लागि समुदायलाई अग्रसर गर्ने, कतिपय वडा कार्यालयको पूर्वाधार अपर्याप्त रहेको तथा कतिपयको आफ्नो भवन नै नभएकोमा सबैको न्यूनतमस्तरको भौतिक पूर्वाधार विकास गर्ने तथा डुबान क्षेत्रमा पर्याप्त सुरक्षित आश्रयस्थलको ब्यवस्थापन गर्ने तथा नगरको नीति अनुसार जेष्ठ नागरिक चौतारीका लागि स्रोत वा सामुदायिक सहभागिता बढाउने जस्ता चुनौती नगरलाई छ। न्यूनतम शहरी मापदण्ड अनुसार पुस्तकालयको पूर्वाधार र सेवा ब्यवस्थापनको चुनौती एकातिर छ भने त्यसलाई उपयोगमा ल्याएर अध्ययन संस्कृति पुनरजाग्रित गर्ने चुनौती पनि रहेको छ।

## ४. लक्ष्य

नगरको सेवा र नगरबासीको आर्थिक तथा सामाजिक हित प्रवर्द्धन गर्ने ।

## ५ उद्देश्य

नगरमा पर्याप्त, उपयोगी, पूर्वाधारयुक्त, सार्वजनिक भवनको उपलब्धता र पहुँच सुनिश्चित गर्ने ।

## ३. रणनीति तथा कार्यनीतिहरू

**तालिका ५/५.३.४ : सार्वजनिक भवन तथा पुस्तकालयका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १२. नगरपालिका र वडा कार्यालयहरूलाई पूर्वाधार युक्त बनाउने । | १. नगरपालिकाको वर्तमान संगठन संरचना तथा विषयगत समिति, महाशाखा, शाखा वा इकाईसहितको भावी संगठन संचरना समेतलाई दृष्टिगत गरी पर्याप्त मात्रामा कार्य कक्ष, बैठक कक्ष तथा सभाहल सहितको भौतिक पूर्वाधारको उपलब्धता सुनिश्चित गरिने छ । त्यसका लागि आवधिक रुपमा कमी विश्लेषण गरिनेछ ।<br>२. सबै वडाका लागि न्यूनतम प्राविधिक कर्मचारी समेत रहने गरी बैठक कक्षसहितको आफ्नै वडा कार्यालय भवन निर्माण गरी ती भवनलाई आधारभूत पूर्वाधारयुक्त बनाइने छ ।<br>३. नगरपालिकाले प्रवाह गर्ने खानेपानी, सरसफाई, स्वास्थ्य, शिक्षा जस्ता सेवा प्रवाहका लागि आवश्यक भवन निर्माण, मर्मत सम्भार वा स्तरोन्नतीको कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।<br>४. नगरपालिकाबाट सबै किसिमका भवन निर्माण गर्दा भवन संहिता तथा मापदण्ड एवं भू-उपयोग योजनाको पूर्ण कार्यान्वयन गरिने छ ।<br>५. भवन संहिताका अतिरिक्त नगरपालिकाको आधारभूत सेवा प्रवाहका लागि निर्माण हुने भवनको स्वरुप र पूर्वाधारको आधारभूत मापदण्ड निर्माण गरी कार्यान्वयन गरिने छ ।<br>६. नगर, सबै वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य चौकीहरूलाई आधारभूत कार्यालय उपकरणसहित सूचना प्रविधिमैत्री बनाइने छ । |
| १३. नगरबासीको आर्थिक र सामाजिक हितमा केन्द्रित पूर्वाधार विकास गर्ने । | १. आर्थिक गतिविधिमा योगदान गर्ने तथा आन्तरिक राजश्वको भरपर्दो स्रोतका रुपमा योगदान गर्न सक्ने गरी लागत प्रभावकारिता विश्लेषणका आधारमा आफ्नो स्वामित्वमा रहेको जग्गामा व्यापारिक प्रयोजनका भवन निर्माण गरी भाडामा लगाइने छ । त्यस्ता भवन निर्माणका लागि स्रोत जुटाउन लाभ लागत विश्लेषणसहित केन्द्र, प्रदेश वा अन्य निकायसँग समन्वय गरिने छ ।<br>२. नगरमा उपलब्ध प्रयोगविहीन वा मर्मत सम्भार गरी प्रयोगमा ल्याउन सकिने सरकारी तथा सामुदायिक भवनको वास्तविक अवस्था विश्लेषण गरी कम्तीमा एक वडा एक पुस्तकालय हुने गरी पुस्तकालय भवन निर्माण, मर्मत सम्भार र सञ्चालन गरिने छ । नगर केन्द्रमा पूर्वाधार युक्त पुस्तकालय भवन निर्माण गरिने छ । पुस्तकालय भवन निर्माण र सञ्चालनका लागि विभिन्न निकाय तथा सामुदायिक संघ संस्थासँगको साझेदारीलाई प्राथमिकता दिइने छ ।<br>३. जेष्ठ नागरिक हेरविचार केन्द्र, बाल मनोरञ्जन केन्द्र आदिका लागि उपयुक्त भवन निर्माण पनि नगरपालिकाको प्राथमिकतामा रहनेछ । यसका लागि विभिन्न संघ संस्था तथा निकायसँग समन्वय र साझेदारी गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. स्थानीय पहिचान र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन गर्ने तथा स्वरोजगारीका क्रियाकलाप सञ्चालन हुने भवन निर्माणका लागत प्रभावकारी प्रस्तावमा नगरबाट सहयोग गरिनुका साथै अन्य निकायबाट सहयोग प्राप्तिमा समन्वय गरिने छ । |

# ङ. विद्युत र ऊर्जा

## १. परिचय

विद्युत वा ऊर्जा दैनिक जीवनयापनका लागि मात्र नभई आर्थिक र सामजिक विकासलाई गति दिन अपरिहार्य विषय हो । साना जलविद्युत आयोजना सञ्चालन तथा र वैकल्पिक ऊर्जाको विषय संविधानतः नगरको अधिकारमा रहे पनि जलविद्युत सेवा प्रवाहमा नगरको मुख्य भूमिका रहँदैन । तथापि शहरी विकासका सन्दर्भमा विद्युतको सेवा व्यवस्थापनको कतिपय जिम्मवारी व्यवहारिक रुपमा नगरपालिकासँगै रहन्छ। विद्युत आपूर्ति र वितरणका सवालमा नगरबासीको चाहना सम्बोधनमा नगरपालिकाले समन्वयकारी र सहयोगी भूमिका निर्वाह गर्नुपर्ने भएकोले यी कार्य ब्यवस्थित गर्ने विषयलाई यो खण्डमा समावेश गरिएको छ ।

## २. वर्तमान अवस्था

वि.सं. २०७५ को तथ्याङ्कअनुसार दमक नगरपालिकामा ९८.५९ प्रतिशत परिवार जलविद्युत सेवाको पहुँचमा रहेका छन् । नगरका ९२.७ प्रतिशत परिवारले आफ्नै घरमा मिटर जडान गरी विद्युत सेवा प्राप्ति र महशुल भुक्तानी गरिरहेका छन् । विद्युतीय पोल तथा तारको व्यवस्थापनमा भने केही समस्या रहेका छन् । सडक तथा घर छेउमा रहेका पोल तथा होचा र पूराना पोल परिवर्तन तथा स्थानान्तरण गर्नुपर्ने आवश्यकता छ। कतिपय स्थानमा ३ फेज लाइन विस्तार गर्नुपर्ने अवस्था छ भने विद्युतका पोलमा टाँगिएका टेलिफोन, टेलिभिजन केबल आदिका कारण शहरी सौन्दर्य घट्नुका साथै जोखिम बढेको अवस्था छ । नगरका जलविद्युतलाई बत्ती बाल्ने बाहेक अन्य ऊर्जाको स्रोतका रुपमा सीमित रुपमा मात्र उपयोग गरिएको छ । खाना पकाउने इन्धनको मुख्य स्रोतका रुपमा एलपी ग्याँस उपयोग भएको छ भने करिब १५ प्रतिशतले काठ दाउरा पनि प्रयोग गर्ने गरेका छन् भने केहीले अन्य विकल्प पनि प्रयोग गर्ने गरेका छन् ।

## ३. मुख्य अवसर र चुनौती

विद्युत सम्बन्धी (पोल ब्यवस्थापन, लाइन विस्तार आदि) कामका लागि नगरको अग्रसरतामा सम्बन्धित निकायसँग समन्वय गरी नगरको समस्या समाधानमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर नगरलाई छ । वैकल्पिक ऊर्जा सम्बन्धी अधिकारका आधारमा आवश्यकता अनुसार यो विषयलाई अघि बढाउन अवसर पनि नगरलाई छ । संविधानतः विद्युत सेवा व्यवस्थापनमा नगरको भूमिका खासै नहुने हुँदा ग्रामीण क्षेत्रमा विद्युतको आपूर्ति ब्यवस्था सुधार र समस्याको तत्काल समाधान गर्नमा नागरिक चाहना अनुसार योगदान गर्नु नगरका लागि चुनौती रहेको छ । अधिकारको सीमितता र प्राविधिक क्षमताको अभावका कारण जोखिमयुक्त विद्युतका पोलहरूको स्थानान्तरण, तारहरूको उचित ब्यवस्थापन लगायतमा हुने गरेका ढिलाईको अन्त्य गर्न र समयवद्ध सेवा उपलब्धताको सुनिश्चितता गर्ने चुनौती नगरलाई छ ।

## ४. लक्ष्य

भरपर्दो र पहुँचयोग्य विद्युत सेवामार्फत् आम नगरबासीको जनजीवन र व्यवसायिक र औद्योगिक गतिविधिलाई सहज बनाउने ।

## ५. उद्देश्य

विद्युत सेवाको व्यवस्थापनमा नगरको भूमिका व्यवस्थित गर्ने ।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका ६/५.३.४ : विद्युत र ऊर्जाका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **१४.** जलविद्युत सेवालाई व्यवस्थित र पहुँचयोग्य बनाउन सहयोग, समन्वय र सहजीकरण गर्ने । | १. बिजुलीको सेवा नपुगेका घरधुरीहरूमा बिजुली पुऱ्याउन उपकरण तथा लाइन विस्तारका नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वयन र सहजीकरण गरिने छ । विद्युत सेवाको पहुँचमा नरहेका परिवारलाई पहुँचमा ल्याउन आवश्यकता अनुसार नगरबाट सहयोग गरिने छ ।<br>२. शरणार्थी तथा भूमिहीनहरूलाई समेत विद्युत सेवाबाट वञ्चित हुन नपर्ने वातावरण बनाउन विद्युत प्राधिकरणसँगको समन्वयमा लालपुर्जा बाहेकको वैकल्पिक अस्थायी सेवाग्राही परिचय पत्र बनाउन सहजीकरण गरिने छ ।<br>३. बिजुलीको मिटर जडान नगरी सेवा उपयोग गरिरहेका घरधुरीहरूलाई मिटर जडान गर्न लगाइने छ । मिटर जडानका लागि नगरका तर्फबाट आवश्यक सहजीकरण गरिने छ ।<br>४. बिजुलीको सेवामा समस्या भएका अथवा बढाउनु पर्ने अवस्थामा सो लाइनसँग जोडिएका उपकरणहरूको विस्तार गर्न चाहिने जमिनको बन्दोबस्त गर्न सहयोग गरिने छ ।<br>५. पूराना पोल विस्थापन, अनुपयुक्त स्थानमा रहेका पोलको स्थानान्तरण तथा विद्युतीय तार र अन्य सेवाका तारको व्यवस्थापनका लागि नगरका तर्फबाट समन्वय गरिने छ । यस सन्दर्भमा नगरको अधिकार क्षेत्रभित्रका विषयको नियमन गरिने छ ।<br>६. राष्ट्रिय रुपमा विद्युत आपूर्तिमा हुने वृद्धिलाई मध्यनजर गरी एलपी ग्याँस र दाउरा विस्थापन गर्दै खाना पकाउने ऊर्जाका रुपमा विद्युत प्रयोग गर्ने गरी उत्प्रेरणात्मक गतिविधि सञ्चालन गरिने छ । विद्युतीय ऊर्जामा आधारित भान्छाको सामग्री तथा उपकरणको लागत कम गर्न नगरका तर्फबाट आवश्यक सहजीकरण गरिने छ ।<br>७. विद्युतीय पोल तथा तारको व्यवस्थापन गर्दा दुरसञ्चार, इन्टरनेट जस्ता लाइन तथा सडक, नाला आदिको कामका बिच समन्वयमा देखिने समस्या हटाउन नेतृत्वदायी भूमिका निर्वाह गरिने छ ।<br>८. बिजुलीका तारहरू बिछ्याउँदा सडकको फैलावट तथा सार्वजनिक सेवाका लाइनहरूमा अवरोध हुन नदिन दीर्घकालमा शहरी क्षेत्रमा जमिन मुनीबाट लाइन विस्तार गर्न संघ, प्रदेश र विद्युत प्राधिकरणसँग समन्वय र सहकार्य गरिने छ ।<br>९. औद्योगिक क्षेत्र, व्यापारिक कम्प्लेक्स निर्माणपूर्व पर्याप्त विद्युत आपूर्ति एकिन गर्न सम्बन्धित पक्षका तर्फबाट नगरले समन्वय गर्ने छ ।<br>१०. थ्रीफेज लाइन विस्तारका लागि वडागत रुपमा ऊर्जाको माग विश्लेषण नगरपालिकाको तर्फबाट गरी सो का आधारमा नेपाल विद्युत प्राधिकरणमा सहयोगका लागि औपचारिक समन्वयन गरिने छ । सबै वडा केन्द्रसम्म ३ फेज लाइन विस्तार सुनिश्चित गरिने छ ।<br>११. जलविद्युत सेवालाई मुख्य प्राथमिकतामा राखिएता पनि आवश्यकता अनुसार वैकल्पिक ऊर्जाको उपयोग तथा प्रवर्द्धनका लागि सम्बन्धित पक्षसँग समन्वय र साझेदारी गरिने छ । |

## च. सञ्चार सेवा
## १. परिचय
सूचना र सञ्चार क्षेत्र नागरिक अधिकार रक्षा, विकास प्रक्रियामा जनसहभागिता प्रवर्द्धन, नगरको सेवा प्रवाहको प्रभावकारिता आदिका लागि महत्वपूर्ण पक्ष हो । दुरसञ्चार सेवा नगरको संवैधानिक अधिकारभित्र नरहेको भए पनि टेलिफोन, इन्टरनेट, टेलिभिजन जस्ता सेवा विस्तार प्रवर्द्धन आमनागरिकको सरोकारको विषय भएकोले यो क्षेत्रको विकामा नगरको भूमिका रहन्छ । स्थानीय एफ.एम. सञ्चालन सम्बन्धी अधिकार संविधानले स्थानीय सरकारलाई दिएको सन्दर्भमा यो भूमिका समेत नगरले निर्वाह गर्नुपर्ने हुन्छ । यसैलाई दृष्टिगत गरी सूचना प्रविधिको विकास र विस्तार एवं सूचना तथा सञ्चार क्षेत्रको व्यवस्थापनमा नगरको भूमिका व्यवस्थित गर्ने विषय यो खण्डमा समावेश छ ।

## २. वर्तमान अवस्था
नगर पार्श्वचित्र २०७५ अनुसार दमक नगरपालिकामा ९६ प्रतिशत परिवारसँग एक वा सो भन्दा बढी संख्यामा मोबाइल फोन उपलब्ध रहेको छ । ४४ प्रतिशत परिवारले मोबाइल डाटा बाहेकको इन्टरनेट सेवा उपभोग गरिरहेको अवस्था छ । नगरमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । ल्याण्डलाइन टेलिफोन सेवाको विस्तार भने पर्याप्त रुपमा भएको छैन । दमक नगरपालिकामा ५ ओटा एफएम रेडियो, १ टेलिभिजन, ५ ओटा पत्रपत्रिका र अनलाइन माध्यमबाट नगरबासीले सूचना पाइरहेका छन् । सूचना तथा सञ्चार सेवा सबै आवासीय तथा व्यवसायिक इकाईको सहज पहुँचमा पुऱ्याउन नगरले प्रवर्द्धनात्मक र सहयोगात्मक भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ३. मुख्य अवसर र चुनौती
नगर क्षेत्रमा भइरहेको इन्टरनेट सेवाको विस्तारलाई राजश्व, भवनको नक्सा स्वीकृति लगायत कतिपय सार्वजनिक सेवालाई सूचना प्रविधिमा आधारित बनाउने तथा इन्टरनेट सेवा प्रदायकसँगको सहकार्यमा समुदायमा इन्टरनेटको पहुँच र प्रयोग बढाउने अवसर नगरलाई छ । नगरको वेभसाइट तथा विभिन्न सामाजिक सञ्जालमार्फत् नगरका अधिकतम सूचनामा नगरबासीको पहुँच बढाउने तथा छपाई लगायतको लागत बचाएर सूचना प्रविधिको थप विकास गर्ने अवसर पनि नगरलाई छ । स्थानीय सञ्चार माध्यमलाई नगर र नागरिकको सम्बन्ध विस्तारमा उपयोग गर्ने अवसर पनि छ । तथापि इन्टरनेट सेवाको विस्तार र प्रयोगमा सबै नगरबासीलाई अभ्यस्त गराई सेवालाई सूचना प्रविधिमैत्री बनाउने र यसका लागि आवश्यक पर्ने आन्तरिक प्राविधिक क्षमता तयार गर्ने चुनौती पनि नगरलाई छ ।

## ४. लक्ष्य
सञ्चार सेवाको पहुँच र उपयोग बढाई नगरलाई सूचना प्रविधियुक्त नगर बनाउने ।

## ५. उद्देश्य
सूचना तथा सञ्चार सेवा विस्तार र व्यवस्थित गर्ने ।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका ७/५.३.४ : विद्युत र ऊर्जाका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १५. सूचना तथा सञ्चार सेवाको नागरिकको पहुँच विस्तारका लागि सहजीकरण गर्ने । | १. नगरपालिकाका हरेक घर तथा व्यवसायको लागि गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवा उपलब्ध गराउन सेवा प्रदायकका लागि अनुकुल वातावरण कायम गरिने छ ।<br>२. टेलिफोन, इन्टरनेट तथा टेलिभिजन नेटवर्कको गुणस्तर निर्धारण गरी नगरबाट गुणस्तर अनुगमन र नियमन गरिने छ । यसका लागि सम्बन्धित पक्षसँग आवश्यक समन्वय गरिने छ ।<br>३. सम्बन्धित सेवा प्रदायकसँगको समन्वयमा नगरका बजार केन्द्र, पार्क तथा मनोरञ्जन स्थलहरूमा सशुल्क वा निःशुल्क चार्जिङ स्टेशनहरू निर्माण तथा सञ्चालनको व्यवस्था गरिने छ ।<br>४. सबै वडा केन्द्र, पार्क तथा मनोरञ्जन स्थल, समुदाय तथा टोलहरूमा सशुल्क ताररहित इन्टरनेट सेवा उपलब्ध गराउनका लागि सेवा प्रदायकहरूलाई उत्प्रेरित गरिने छ ।<br>५. टेलिफोन तथा अन्य सञ्चारका टावर स्थापना गर्दा सम्बन्धित सेवा प्रदायकलाई समुदायबाट टाढा, सुरक्षित र शहरी सौन्दर्यमा नकारात्मक असर नगर्ने गरी स्थापना गर्न लगाइने छ ।<br>६. टेलिफोन तथा अन्य सञ्चारका लागि प्रयोगमा आउने टावरहरूको क्षमता बढाउने सम्भावनाको अधिकतम उपयोग गर्न सेवा प्रदायकलाई उत्प्रेरित गरी अनावश्यक टावरहरू घटाउन प्रयास गरिने छ ।<br>७. सञ्चारको ठूला उपकरणको स्थापना गर्दा निश्चित स्थान तथा उपयुक्त उचाईका भवनको छतमा मात्र राख्न पाइने व्यवस्था गरिने छ । सञ्चारका उपकरण ऐतिहासिक तथा साँस्कृतिक तत्वहरूलाई हानी नपुग्ने स्थानहरूमा मात्र राख्न पाइने व्यवस्था गरिने छ ।<br>८. सञ्चारको उपकरण स्थापना गर्दा हाल तथा भविष्यमा यातायात तथा अन्य सार्वजनिक सुविधाको विस्तारमा असर नपर्ने कुराको सुनिश्चिता गरिने छ । टेलिभिजन, इन्टरनेट आदिका लागि केवल तथा तार बिस्तार गर्दा निश्चित मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था गरिने छ ।<br>९. स्थानीय एफ.एम. रेडियोलाई दमक नगर केन्द्रित औद्योगिक, व्यवसायिक, पर्यटकीय गतिविधि तथा व्यवसायिक कृषि क्षेत्र प्रवर्द्धनका कार्यक्रम उत्पादन र प्रसारणका लागि प्रोत्साहित गरिने छ ।<br>१०. इन्टरनेट, दुरसञ्चार, एफ.एम. रेडियो तथा छापा तथा अनलाइन सञ्चार माध्यमलाई नगरपालिकाबाट हुने आर्थिक गतिविधि तथा सेवा प्रवाहका सन्दर्भमा आम सरोकारका जानकारी उपलब्ध गराउन अधिकतम उपयोग गरिने छ।<br>११. सूचना तथा प्रविधिमा आउने द्रुत परिवर्तनलाई आत्मसात गर्दै यो क्षेत्रको नीतिमा समयवद्ध परिमार्जन गर्दै लगिने छ ।<br>१२. नगरको सेवा प्रवाहलाई अनलाइनमा आधारित बनाउने गरी नगरपालिकालाई सूचना प्रविधिमैत्री बनाइनुका साथै अधिकांश सेवा घरबाट नै लिनसक्ने गरी इन्टरनेट सेवा विस्तार र आम क्षमता विकासका लागि विभिन्न पक्षसँग समन्वय र साझेदारी गरिने छ । |

**तालिका ८/५.३.४ : आवधिक प्राथमिकता : सार्वजनिक निर्माण**

**क**. नेपालको संविधानले नगरपालिका लगायत स्थानीय तहलाई खानेपानी सम्बन्धी अधिकारलाई एकल अधिकारको रुपमा समेटेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा सञ्चालन ऐनले नगरको काम कर्तब्य र अधिकार अन्तर्गत खानेपानी, सरसफाई, सिँचाइ लगायतको पूर्वाधार निर्माण र सेवा प्रवाहको नीति, नियम, मापदण्ड निर्माण, शुल्क निर्धारण र कार्यान्वयनको अधिकार र जिम्मेवारी समेटेको छ । दमक नगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत् सुरक्षित खानेपानीको सुनिश्चितता र विस्तारका लागि प्रदेश र केन्द्र सरकारसँग समन्वय गर्नेनीति लिएको भए पनि खानेपानी सम्बन्धी नीति तथा कानुनी औजार विकास गर्न बाँकी रहेको छ । नगरबासीलाई आधारभूत शहरी मापदण्ड अनुसारको परिमाण र गुणस्तरको खानेपानी

सेवा उपलब्ध गराउन खानेपानी तथासरसफाईका नीति तथा सम्बन्धित स्थानीय कानुन तथा मापदण्ड बनाई यो क्षेत्रका कार्यलाई थप व्यवस्थित बनाउनु नगरको नीतिगत प्राथमिकता हो ।

खानेपानीको राष्ट्रिय मापदण्ड र नगरको प्रक्षेपित जनसंख्या विश्लेषण गर्दा (आगामी २० वर्षमा झण्डै १ लाख ४० हजार हाराहारी पुग्ने अनुमान) घरधुरी तहमा २४ घण्टा पानी उपलब्ध हुनुपर्ने, प्रतिव्यक्ति प्रतिदिन १२० लिटर पानी आवश्यक हुने र अहिलेको जनसंख्याको आधारमा पनि कम्तीमा ८० लिटर प्रतिव्यक्ति प्रतिदिन पानी आवश्यक पर्ने, पानी शुद्धिकरणका लागि प्रशोधन प्रणाली रहेको आदि हुनुपर्नेमा स्थानीय अवस्थाका आधारमा नगरको खानेपानी आवश्यकता सम्बोधन गर्न नगरले उपयुक्त नीति तथा मापदण्ड बनाउनुपर्ने आवश्यकता छ ।

दीगो विकास लक्ष्य अनुरुप २०३० सम्ममा सबै नगरबासीलाई सुरक्षित पानीको उपलब्धता सुनिश्चित गर्ने तथा बृहत् योजना तर्जुमाका बखत निर्धारित पछिल्लो समय सीमा अर्थात् आर्थिक वर्ष २०९५/९६ को अन्त्यसम्ममा सबैलाई घर कम्पाउण्डभित्रै सुरक्षित खानेपानी उपलब्ध गराउने लक्ष्य पूरा गर्न सहयोग गर्ने गरी स्थानीय नीति, कानुन तथा मापदण्ड निर्माण र समयवद्ध कार्यान्वयनको समिक्षा यो क्षेत्रका आवधिक प्राथमिकता हुन् ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. राष्ट्रिय मापदण्डलाई आधार बनाई खानेपानी आपूर्ति तथा वितरणको न्यूनतम परिमाण र गुणस्तर सम्बन्धमा दमक मापदण्ड बनाउने । मापदण्डलाई खानेपानीका पूर्वाधार निर्माण र वितरण सम्बन्धी प्राविधिक कार्यसँग आवद्ध गर्ने कार्यविधि बनाउने । | १. खानेपानीको नगर मापदण्ड कार्यान्वयनको अवस्था विश्लेषण गरी कमी देखिएमा त्यसको परिपूर्तिका लागि आवश्यक थप मापदण्ड बनाउने । | |
| २. पाइपलाइनमा आधारित खानेपानी वितरणमा समेटिन बाँकी परिवार लक्षित गरी खानेपानीको प्रयोजनामा गरिने भौगर्भिक पानीको उपयोग तथा शुद्धिकरणको निर्देशिका जारी गर्ने। | २. खानेपानी तथा सरसफाईका मौजुदा कानुन कार्यान्वयनको समिक्षा समयानुकुल परिमार्जन गर्ने । | २. खानेपानी तथा सरसफाईका मौजुदा कानुनलाई समयानुकुल परिमार्जन गर्ने र आवश्यकता अनुसार थप कानुन बनाउने । |
| ३. सम्बन्धित संस्था तथा निकायसँगको समन्वयमा खानेपानी सेवा प्रवाह र उपयोगको नियम, मापदण्ड निर्माण गर्ने । | ३. सबै वडा तथा टोलमा वितरण हुने खानेपानीको सेवा प्रवाह, प्राप्ति आदिका मापदण्ड तथा शर्तका बिचमा सामञ्जस्यता ल्याउने । | |
| ४. बृहत् योजनाको आधारमा नगरको खानेपानी तथा सरसफाई गुरुयोजना र दीर्घकालीन नीति निर्माण गर्ने । | ४. खानेपानी तथा सरसफाई गुरुयोजना र दीर्घकालीन नीति कार्यान्वयनको समिक्षा तथा आवश्यक परिमार्जन गर्ने । | ४. खानेपानी तथा सरसफाई गुरुयोजना र नीति कार्यान्वयनको आवधिक समिक्षा गरी कमी पूर्तिका सान्दर्भिक रणनीति बनाउने । |

**ख.** २०७५ को तथ्याङ्क अनुसार नगरको मुख्य शहरी क्षेत्र लगायत १० वडाका ५६ प्रतिशत घरधुरीको पहुँचमा पाइप प्रणालीको धाराको पानी रहेको छ भने ट्युबवेल वा पाइपमार्फत् ९७ प्रतिशत परिवारले घर कम्पाउण्डभित्रै नै खानेपानीको व्यवस्थापन गर्न सकेको अवस्था छ तर अझै ४४ प्रतिशत परिवारले पाइपलाइन आधारित पानीको पहुँच पाएका छैनन् पाइपलाइनमा आधारित पानीको पहुँच नपुगेका परिवार माथिको नक्सामा देखाइएको छ । २०७५ को तथ्याङ्कका आधारमा तयार गरिएको नक्सा (१/५.३.४) ले सबैजसो वडामा पाइपलाइनमा आधारित खानेपानी व्यवस्थापनको कार्य पूरा नभएको देखाउँछ । यस आधारमा सबैलाई सुरक्षित पानी उपलब्ध गराउने दीगो विकासको नगर अनुकुलित लक्ष्य प्राप्तिका लागि नगरले सम्बन्धित पक्षसँगको साझेदारीका सबै घरमा पाइपलाइनमा आधारित धारा प्रणालीको खानेपानीको पहुँच सुनिश्चित गर्नुपर्ने हुन्छ ।

## नक्सा १/५.३.४ : पाइपको खानेपानीको पहुँचमा नरहेका परिवार




| Ward | HHs without Pipeline |
|---|---|
| 1 | 702 |
| 2 | 1430 |
| 3 | 1512 |
| 4 | 1927 |
| 5 | 633 |
| 6 | 54 |
| 7 | 127 |
| 8 | 55 |
| 9 | 1265 |
| 10 | 1292 |

नगरपालिकाको खानेपानीको मुख्य स्रोत भौगर्भिक पानी नै भएको तथा हाल प्रयोगमा रहेका पानीको शुद्धताको निश्चित स्तर कायम गर्नका लागि गरिनु पर्ने अस्थायी प्रबन्ध तथा दीर्घकालमा दमकले निर्धारण गर्ने मापदण्ड अनुसार २४ घण्टा घरधुरीस्तरको धारामा सुरक्षित पानीको प्रबन्धको सुनिश्चितामा नगरको दीर्घकालीन प्राथमिकता हो ।

यस पृष्ठभूमिमा खानेपानीका संरचनाको वर्तमान अवस्था, उपलब्ध पानीको शुद्धता र पर्याप्तता आदिको यथार्थ अवस्था अद्यावधिक गर्ने, त्यसका आधारमा अपुग विश्लेषण गर्ने र कमी पूर्तिमा केन्द्रित रही सबैका लागि सुरक्षित र पर्याप्त खानेपानी घरधुरीस्तरमा नै उपलब्ध गराउने गरी खानेपानी व्यवस्थापन, भौतिक संरचना निर्माण र सेवा प्रवाहका कार्यको प्राथमिकीकरण गरिएको छ । सो क्रममा पारिवारिक इकाई बाहेक संस्थागत र व्यवसायिक इकाई समेतमा पानीको पर्याप्तताका लागि कदम चालिने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. निजी र सामुदायिक रुपमा खानेपानी उपभोगको अवस्था तथा सञ्चालनमा रहेका र निर्माणाधिन खानेपानी योजना/आयोजनाको विवरण (संकलन ट्यांकी, वितरण प्रणाली र धारा, ट्युबवेल लगायत) सहित जिपिएसमा आधारित तथ्याङ्क तयार पार्ने । | १. खानेपानी सम्बन्धी तथ्याङ्क नियमित अद्यावधिक गर्ने । | १. खानेपानीको संरचना तथा सेवा सम्बन्धी तथ्याङ्क व्यवस्थापनमा सुधार गर्ने । |
| २. दमक खानेपानी तथा सरसफाई आयोजना र हाल सर्वेक्षण भई निर्माणको कार्यसूचीमा रहेका बृहत् वा मझौला खानेपानी आयोजनाले समट्ने बस्ती तथा टोलका घरधुरी संख्या समेतका आधारमा सुरक्षित पानीको पहुँच बाहिर रहने घरधुरी संख्या निर्धारण गर्ने । छुट हुने परिवारका लागि साना वा मझौला आयोजनाको सम्भाव्यता अध्ययन गर्ने । | २. निर्माणाधिन र निर्माणको प्रक्रिया शुरु भएका नयाँ खानेपानी आयोजनाका पूर्वाधार पूरा गरी ती योजनाले समेट्ने क्षेत्रभर न्यूनतम पानी आपूर्तिसहित एक घर एक धारा जडान गरिसक्ने । ती क्षेत्रमा ट्युबवेलको पानीलाई खानेपानी बाहेकको प्रयोजनमा सीमित गराउने । | २. खानेपानीको नगर मापदण्ड अनुसार (प्रतिव्यक्ति प्रतिदिन ८० देखि १०० लिटर) पानी आपूर्ति हुने गरी पानी संकलन ट्यांकी लगायतका संचरना थप गरी सबै घरका धारालाई २४ घण्टा पानी प्राप्त हुने अवस्थामा पुऱ्याउने । |
| ३. निश्चित मापदण्डका आधारमा घरधुरीस्तरमा खानेपानी धारा जडान गर्न नसक्ने विपन्न परिवार पहिचान र त्यस्ता परिवारलाई आवश्यक सहयोग उपलब्ध गराई दमक खानेपानी तथा सरसफाई आयोजनाको क्षेत्रभित्र घरधुरी धारा जडान सम्पन्न गर्ने। | ३. ठूला तथा मझौला खानेपानी आयोजनाको वितरण प्रणालीमा आवद्ध हुन बाँकी घरधुरी लक्षित आयोजना समेत पूरा गरी तिनलाई एकीकृत खानेपानी वितरणको केन्द्रिय व्यस्थापनमा आवद्ध गर्ने । | ३. सबै खानेपानी आयोजनालाई केन्द्रीय व्यवस्थापन अन्तर्गतको वितरण प्रणालीमा आवद्ध गरी नगरभरको खानेपानी व्यवस्थापन संयन्त्र र खानेपानी वितरणको विधिमा एकरुपता ल्याउने । |
| ४. घरधुरीस्तरमा पानी संकलन, पानी राख्ने र उपयोग गर्ने विधिलाई सुरक्षित बनाउने तथा खानेपानीको उपयोग र व्यवस्थापन सम्बन्धी सचेतनामुलक गतिविधि सञ्चालन गर्ने । | ४. केन्द्रिय वितरण प्रणालीबाट पानी वितरण हुने स्थान तथा अन्यका लागि फरक कार्यक्रमसहित पानीको शुद्धता सम्बन्धी सचेतनामुलक गतिविधि सञ्चालनलाई निरन्तरता दिने । | ४. पानी शुद्धिकरणका संरचना निर्माण तथा सञ्चालनको विधिलाई सम्बन्धित पानी वितरण संयन्त्रमार्फत् संस्थागत गरी निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ५. होटल, व्यवसाय, विभिन्न संस्थागत भवनका लागि खानेपानी व्यवस्थापनका लागि पानी शुद्धिकरण विधिसहितको भौगर्भिक पानी उपयोग सम्बन्धी अनुशिक्षण दिने । | ५. आवश्यक प्राविधिक सहयोग सहित उद्योग व्यवसाय र संस्थागत भवनमा पानी व्यवस्थापनका लागि आवश्यक नियमन र संस्थागत सहयोग गर्ने । | ५. आवश्यक समन्वय, सहयोग र नियमन गरी सर्वसाधारणले खानेपानी तथा सरसफाई प्रयोजनामा उपयोग गर्नुपर्ने होटल, रेस्टुरेन्ट, मनोरञ्जन स्थल, सेवा प्रदायकका भवन आदिमा निश्चित मापदण्डमा पानीको उपलब्धता सुनिश्चित गर्ने । |

**ग.** आधारभूत स्वास्थ्य तथा सरसफाईको अधिकार संविधानतः स्थानीय सरकारलाई रहेअनुसार दमक नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रम तथा नगरले विशेष निर्णयमार्फत् ठोस फोहोर व्यवस्थापन तथा सार्वजनिक सरसफाईको क्षेत्र नियमनको प्रयास गरेको छ । तथापि फोहोरमैला व्यवस्थापन सम्बन्धी स्थानीय कानुन बन्न बाँकी छ ।

सामुदायिक सरसफाई तथा ठोस फोहोर र दिसाजन्य फोहोर व्यवस्थापनलाई निश्चित नियम र मापदण्डमा आधारित बनाई स्वच्छ दमकको सोच पूरा गर्नका लागि विभिन्न पक्षको भूमिकामा स्पष्टता ल्याउनुका साथै बाह्य निकायसँगको सम्भाव्य साझेदारीको प्रारुप समेत बनाई यो क्षेत्रको दीर्घकालीन नीति, कानुन र मापदण्ड बनाउनु पर्ने हुनाले तिनको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. ठोस फोहोर व्यवस्थापन तथा पुनरचक्रणका केन्द्र निर्माणको प्रक्रिया र उपयोग तथा व्यवस्थापनमा नगरको भूमिका सम्बन्धमा नीतिगत स्पष्टता ल्याई फोहोरमैला व्यवस्थापन सम्बन्धी स्थानीय कानुन बनाउने । | १. स्थानीय सरसफाई कानुन कार्यान्वयनको समिक्षा गर्ने । | १. सरसफाई कानुन कार्यान्वयनको समिक्षा र आवश्यक परिमार्जन गर्ने तथा सरसफाई क्षेत्रको नवप्रवर्तनका आधारमा नयाँ सान्दर्भिक कानुन बनाउने । |
| २. सबै किसिमका शौचालयको सेप्टिक ट्यांकसहितको संरचनाको न्यूनतम मापदण्डमा आवश्यक सुधार, प्रचारप्रसार गर्ने । साथै मापदण्ड कार्यान्वयनको विधि बनाउने । | २. शौचालयको परिमार्जित गुणस्तर मापदण्डलाई घर नक्सा स्वीकृति प्रक्रियाको अंग बनाउने । | |
| ३. संघ र प्रदेश सरकारसँगको समन्वयमा दिसाजन्य फोहोर प्रशोधनको प्रबन्धसहितको ढल निकास वा व्यवस्थित सेप्टिक ट्यांकबाट निस्कने दिसाजन्य फोहोर व्यवस्थापन प्रणाली स्थापना र व्यवस्थापनको विकल्प वा मिश्रित विकल्पसहित सरसफाई नीतिको नीतिगत प्राथमिकता स्पष्ट पार्ने । | ३. दिसाजन्य फोहोर तथा ठोस फोहोर व्यवस्थापन सम्बन्धी सेवा सञ्चालनमा सार्वजनिक निजी साझेदारी सम्बन्धी कानुन निर्माण गर्ने वा निजी सार्वजनिक साझेदारी कानुनमा यो विषय समावेश गर्ने । | ३. सरसफाईका संरचनाको अवस्थामा आउने परिवर्तन तथा अनुरुप तिनको सञ्चालन, व्यवस्थापन र उपयोग सम्बन्धी नयाँ कानुन निर्माण गर्ने वा उपलब्ध कानुनमा परिमार्जन गर्ने । |
| | ४. स्वच्छ र हरित नगरको विस्तृत मापदण्ड बनाउने । | ४. पूर्ण सरसफाईयुक्त, स्वच्छ र हरित नगर बनाउने सन्दर्भमा भएका प्रगतिको वार्षिक समिक्षा पद्धति विकास र समिक्षा प्रारम्भ गर्ने । |

**घ.** नगरका ५७ प्रतिशत भन्दा बढी घरमा फ्लससहितको शौचालय रहेको र ९६ प्रतिशत परिवारको आफ्नै घरमा शौचालय रहेको २०७५ को तथ्याङ्कमा उल्लेख छ तर केही परिवारको शौचालय नभएको र करिब ४० प्रतिशत शौचालय सेप्टिक ट्यांक लगायतका उपयुक्त पूर्वाधार विनाका साधारण चर्पीको अवस्थामा छन् । जसलाई तलको नक्सामा देखाइएको छ ।

**नक्शा २/५.३.४. साधारण चर्पी प्रयोग गर्ने र आफ्नै चर्पी नभएका परिवार**




| Ward | HHs without Toilet | HHs with Ordinary Toilet |
|---|---|---|
| 1 | 20 | 837 |
| 2 | 94 | 836 |
| 3 | 85 | 1248 |
| 4 | 102 | 1258 |
| 5 | 22 | 263 |
| 6 | 8 | 97 |
| 7 | 27 | 526 |
| 8 | 20 | 502 |
| 9 | 169 | 832 |
| 10 | 142 | 865 |

| |
|---|
| नगरपालिका खुला दिसामुक्त भइसकेकोले सबै घरमा शौचालय हुनुपर्ने भए पनि सुकुम्बासी वा अन्य समस्याका कारण वडाका केही घरमा शौचालय नभएकोले बनाउनु पर्ने देखिन्छ । नक्सामा देखाइएका वडा नं. ९, १०, ४, २ र ३ मा तुलनात्मक रुपमा शौचालयको समस्या बढी देखिन्छ भने सबैजसो वडामा शौचालयको स्तर सुधारको आवश्यकता छ भने कतिपय स्थानमा सार्वजनिक शौचालयको व्यवस्थापन पनि गर्नु पर्नेछ ।<br>ठोस फोहोर संकलन गरी निर्धारित स्थानमा थुपार्ने गरिएको भए पनि व्यवस्थित फोहोर संकलन र व्यवस्थापन केन्द्र निर्माण भएको छैन । यद्यपि यसका लागि संघीय सरकारको सहयोगमा पूर्वाधार तयारीको प्रक्रिया अघि बढेको छ ।<br>सरसफाईको सचेतनाको स्तर सामान्य रहेको भए पनि स्वच्छ र हरित नगर बनाउनका लागि प्रवर्द्धनात्मक कार्यलाई पनि अघि बढाउनु पर्नेछ । शौचालय निर्माण बाँकी केही घरमा शौचालय निर्माण गर्न लगाउने र सबै घरको शौचालयलाई उपयुक्त मापदण्डमा पुऱ्याउने, ढल निकासको संरचना र सेवाको सम्भाव्यता अध्ययन गरी उपयुक्त र लागत प्रभावकारी देखिएमा यसका लागि कार्य अघि बढाउने सार्वजनिक ढल प्रणालीमा आवद्ध गर्न नसकिने परिवार तथा संस्थागत भवनलाई सार्वजनिक वा निजी सेप्टिक ट्यांकसहित दिसाजन्य फोहोर व्यवस्थापन प्रणालीमा आवद्ध गर्ने गरी दिसाजन्य फोहोर व्यवस्थापन प्रणाली स्थापना गर्नेगरी सरसफाई क्षेत्रको प्राथमिकतामा समेट्नुपर्ने आवश्यकता छ । यस पृष्ठभूमिमा सार्वजनिक सरसफाईका आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ । |

| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
|---|---|---|
| १. संघीय सरकारको सहयोगमा निर्माणको प्रक्रियामा रहेको ठोस फोहोर व्यवस्थापन केन्द्र निर्माण कार्यको समन्वय र सहजीकरण गर्ने । साथै, केन्द्र सञ्चालनका लागि आवश्यकता अनुसार सहायक पूर्वाधार र उपकरण तयारीको गृहकार्य पूरा गर्ने । | १. ठोस फोहोर संकलन र व्यवस्थापनका लागि स्थापना हुने सरसफाई केन्द्र सञ्चालन र सेवा व्यवस्थापन कार्य गर्ने । सेवा करार गरिने अवस्थामा सो को सम्झौता गरी कार्य सञ्चालन गर्ने । | १. फोहोर संकलन, व्यवस्थापन र प्रशोधनको अभ्यासमा आवश्यक सुधार र पूर्वाधार विस्तार गर्ने । |
| २. प्रस्तावित पार्क तथा मनोरञ्जन स्थल, बसपार्क तथा पार्किङ क्षेत्र र बढी जमघट हुने बस बिसौनी क्षेत्र, सेवा केन्द्र आसपास लगायत उपयुक्त स्थान छनोट गरी स्थायी सार्वजनिक शौचालय र घुम्ती सार्वजनिक शौचालय निर्माणको सूची तयार पार्ने । सञ्चालन र व्यवस्थापनको विधि निर्धारण भएका स्थानमा सार्वजनिक शौचालय निर्माणको कार्य प्रारम्भ गर्ने । | २. व्यवस्थापन विधि सुनिश्चिता भएका अल्पकालमा प्रस्तावित सार्वजनिक शौचालय निर्माणको कार्य पूरा गर्ने । नयाँ निर्माण हुने पूर्वाधार र बजार विस्तारका आधारमा सार्वजनिक शौचालय व्यस्थापनलाई सम्बन्धित पूर्वाधारको अंगको रुपमा निर्माण र व्यवस्थापन गर्न शुरु गर्ने । | २. कमी विश्लेषणका आधारमा सेवा व्यवस्थापनको पूर्व सुनिश्चिततासहित सार्वजनिक शौचालय निर्माणलाई निरन्तरता दिने । |
| ३. संघीय तथा प्रदेश सरकारको समन्वयमा दिसाजन्य फोहोर प्रशोधन प्रणाली स्थापना र ढल व्यवस्थापन प्रणाली स्थापनाको सम्भाव्यता अध्ययन गर्ने । | ३. सम्भाव्यता अध्ययनबाट उपयुक्त देखिएमा संघ, प्रदेश र दातृ निकायसँगको समन्वयमा ढल निकासको पूर्वाधार तयारीको कार्य शुरु गर्ने । दिसाजन्य लेदो व्यवस्थापनको कार्य अघि बढाउने । | ३. सम्भाव्यताका आधारमा नगरका मुख्य शहरी क्षेत्रलाई ढल व्यवस्थापन सेवामा आवद्ध गरी सार्वजनिक ढलको पूर्ण सञ्चालन गर्ने र दिसाजन्य फोहोर व्यवस्थापन प्रणालीको पूर्ण सञ्चालन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. शौचालय निर्माण हुन बाँकी रहेका घरको अवस्था पुनरावलोकन गरी शौचालय नभएका घरमा बनाउन सम्बन्धित वडाबाट कार्यक्रम अघि बढाउने । | ४. सब घरमा निश्चित मापदण्ड सहितको शौचालयको उपलब्धता सुनिश्चित गर्ने ।<br>५. वर्षेपानी व्यवस्थापन परियोजनालाई सरसफाई क्षेत्रको अभिन्न अंगका रुपमा अघि बढाउने । | ४.घरधुरी, संस्थागत र व्यवसायिक भवन तथा सार्वजनिक शौचालयको सेप्टिक ट्यांक प्रणालीलाई नगर मापदण्डमा पुऱ्याई सक्ने ।<br>६.नगरलाई पूर्ण सरसफाईयुक्त, स्वच्छ र हरित नगरको अवस्था हाँसिल गर्नमा भएको प्रगतिको आवधिक समिक्षा गर्ने । |

ङ. दमक नगरपालिकाले नगरको सम्वृद्धिको आधारका रुपमा पर्यटन र औद्योगिक क्षेत्रलाई अघि बढाउने सोच राखेको भए पनि शहरी खेतीलाई नगरको आत्म निरर्भरताको लागि आवश्यक क्षेत्रका रुपमा पहिचान गरेको छ। यस स्थानीय भू-उपयोग योजना अनुसार निर्माण हुने कृषि पकेट क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर सिँचाइ सम्बन्धी नीति तथा कानुन नगरले बनाउने छ । जसको प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय उत्पादनमा आत्म निर्भरताका लागि सिँचाइ क्षेत्रमा गरिने लगानीको मापदण्ड तय गर्ने । | १. भू-उपयोग नीति तथा कृषि पकेट क्षेत्र र तिनमा हुने उत्पादनको प्रकृतिका आधारमा कृषि नीतिको अंगका रुपमा सिँचाइ नीति निर्माण गर्ने । | १. सिँचाइ नीतिमा आवश्यक परिमार्जन र नीति कार्यान्वयनका आवश्यक रणनीति तय गर्ने । |

**च**. यस नगरमा सिँचाइको पानीको स्रोतको रुपमा मावा खोला, रतुवा खोला तथा विभिन्न स-साना नदीका साथै भौगर्भिक पानी उपलब्ध रहेको छ । नगरको पूर्ण रुपमा सिँचाइ सुविधा पुगेको र नपुगेको जमिनको क्षेत्रफल एकिन नभए पनि पूर्ण वा आंशिक रुपमा सिँचाइ सुविधा भएको जमिन कुल खेतीयोग्य जमिन ८० प्रतिशत हाराहारी रहेको नगर पार्श्वचित्र २०७५ मा उल्लेख छ । सिँचाइ सुविधा विस्तार गर्नुपर्ने जमिन भने करिब आधाजति रहेको अनुमान छ । स्थानीयस्तर र समुदायबाट विभिन्न सिँचाइका योजना सञ्चालन भइरहेका छन् । त्यसैले उत्पादन सम्भाव्यताका आधारमा बढी उत्पादन हुने र भू-उपयोग योजनामार्फत् कृषि प्रयोजनमा प्रयोगमा आउने भनी निर्धारित हुने कृषि क्षेत्र लक्षित गर्ने गरी सिँचाइ क्षेत्रका कार्यक्रमलाई निम्नानुसार प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. बेतेनी सिँचाइ आयोजना र विभिन्न नदी प्रणालीबाट भएको सिँचाइ सुविधा विश्लेषण गरी भू-उपयोग योजनाले कृषि पकेट क्षेत्रमा समेट्ने कृषि क्षेत्रमा सिँचाइको कमी पूर्तिका लागि भेल नियन्त्रण योजनासहितको संरचना व्यवस्थापन प्रक्रिया शुरु गर्ने । | १. कृषि पकेट क्षेत्र लक्षित सिँचाइ आयोजनाको आवश्यक पूर्वाधार व्यवस्थापनको कार्य पूरा गर्ने । वितरण प्रणालीका लागि लागत सहभागितामा आधारित कार्यक्रममा समुदायबाट लागत व्यहोर्ने सुनिश्चितता भएका संरचना निर्माणको कार्य पूरा गर्ने । | १. अल्पकाल र मध्यकालमा निर्माण भएका वा पूराना सिँचाइ आयोजनाको पानी वितरण प्रणालीलाई व्यवस्थित बनाउनुका साथै पूर्वाधार सुधार वा थप गर्नुपर्ने देखिएका क्षेत्रमा ती कार्य गर्ने । |

**छ.** दमक नगरपालिकाले भवन तथा योजना मापदण्ड २०७४ मार्फत् भवन निर्माण अनुमति दिनु अघि ती भवनको संरचनागत मजबुती र भुकम्पीय सुरक्षाका मापदण्ड पालनालाई अनिवार्य गरेको छ । शैक्षिक संघ संस्थाहरू, सरकारी, अर्ध सरकारी, गैर सरकारी संघ संस्थाहरू, नर्सिङ्ग होम, पोलिक्लिनिक, अस्पताल, तारे होटल, सिनेमा घर, नाचघर, सभागृह, सपिङ्ग कम्प्लेक्स, सुपर मार्केट, साना तथा घरेलु उद्योग, ठूला उद्योग, मोटर गाडी मर्मत कारखाना, नगरपालिकाले विशेष प्रकारको भनी तोकेका अन्य भवनहरूका लागि विशेष अवस्था अनुसार नगरले तोकेको मापदण्ड पालना गर्नुपर्ने व्यवस्था गरेको छ । संरचनागत मजबुतीका मापदण्ड (भवन संहिता) सबै किसिमका भवनमा समान रुपमा लागु हुने भएता पनि विशेष सेवाका लागि बन्ने संस्थागत तथा सामुदायिक भवन तथा पुस्तकालय आदिको उचाई, कोठाको क्षेत्रफल, तिनमा अपाङ्गता भएका व्यक्ति तथा बालबालिका

| लगायतको पहुँच, बाह्य वातावरणको सकारात्मक वा नकारात्मक प्रभाव तथा भूकम्प बाहेक आगलागी, चट्याङ्, बाढी पहिरो, कटान आदिको जोखिम न्यूनिकरणका मापदण्ड समेत समेटी हाल अभ्यासमा रहेको विशेष प्रकारको भवन सम्बन्धी मापदण्डलाई परिस्कृत गर्ने लगायतका प्राथमिकता तल प्रस्तुत छ । | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरपालिका र अन्तर्गतका कार्यालय, सामुदायिक भवन, जेष्ठ नागरिक स्याहार केन्द्र, बालबालिका हेरचाह केन्द्र तथा पुस्तकालय लगायतका विशिष्ठ पूर्वाधारको न्यूनतम मापदण्ड थप विस्तृत बनाउने । राष्ट्रिय मापदण्ड अनुकुल हुनेगरी विपद् (प्राकृतिक, स्वास्थ्यजन्य महामारी समेत) को समयका लागि निर्माण हुने न्यूनतम क्षमतासहितको सुरक्षित भवनको मापदण्ड बनाउने । | १. सार्वजनिक तथा सामुदायिक भवन निर्माण सम्बन्धमा निर्धारित मापदण्ड कार्यान्वयनको आवधिक समिक्षा गर्ने र आवश्यकता अनुसार पुरक कार्यविधि वा विनियम बनाई त्यसलाई भवन विनियमको अंग बनाउने । | १. सार्वजनिक भवन तथा पुस्तकालय लगायत विशेष भवनका विस्तृत मापदण्ड तथा तत् सम्बन्धी कानुनी प्रावधानका आवश्यक सुधार गर्ने । |

**ज.** यस नगरपालिकाको पूर्वाधारयुक्त आफ्नै भवन तयारी करिब करिब सम्पन्न भएको छ । वडाहरूले आफ्नै भवन, अन्य सार्वजनिक निकायका भवन वा भाडाको भवनबाट सेवा प्रवाह गरिरहेका छन् । समुदायस्तरमा पनि विभिन्न प्रयोजनमा भवन निर्माण र उपयोग भइरहेको छ । नयाँ सामुदायिक भवन तथा नगरस्तरको सभाहल निर्माणको कार्य पनि भइरहेको छ । नगरको राजश्व र स्थानीय आर्थिक विकासमा योगदान गर्ने भवन निर्माणका केही कार्य भएका छन् भने केही प्रक्रियामा छन् ।

केही वडा (१, ५, ६, ७, ८, ९) को आफ्नो व्यवस्थित पक्की भवन नभएकोले भाडामा वा अन्य कार्यालय भवनको कोठाबाट वडाको सेवा प्रवाह गर्नु परेको अवस्थामा सबै वडा कार्यालयको भवन निर्माण उच्च प्राथमिकतामा छ । शहरी विकासको मापदण्ड अनुसार हरेक बजार केन्द्रमा पुस्तकालयसहितको सामुदायिक भवन तथा अन्य वडामा पनि विभिन्न उद्देश्यमुलक भवन निर्माण गर्नुपर्ने आवश्यकता छ ।

सूचना तथा प्रविधिको विकास र सामजिक सञ्जालको उपयोग बढेसँगै अध्ययन संस्कृति हराउँदै गएको सन्दर्भमा उपयुक्त पुस्तकालयको पूर्वाधार र सेवामार्फत् अध्ययन संस्कृति पुनरजाग्रित गर्नु नगरको प्राथमिकता हो तर त्यसका लागि पूर्वाधार र सेवा व्यवस्थापनका कार्यले प्राथमिकता पाउन सकेका छैनन् । यस पृष्ठभूमिका सार्वजनिक भवनको पूर्वाधार र सेवा सम्बन्धी प्राथमिकता निम्नानुसार प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकाको कार्यालयको बाँकी रहेका भौतिक पूर्वाधार तयारीको सम्पूर्ण कार्य पूरा गर्ने । आफ्नो भवन नभएका वडा कार्यालयको आफ्नै भवन निर्माण शुरु गर्ने । | १. सबै वडा कार्यालयको आफ्नै कार्यालय भवन निर्माण गरी आधारभूत भौतिक पूर्वाधार व्यवस्थापन गरिसक्ने । | १. नगरपालिका, वडा कार्यालय तथा पुस्तकालय भवनहरूलाई पूर्वाधार र प्रविधियुक्त बनाउने । |
| २. दमक बजारमा निर्माणाधिन सभा भवनको निर्माणको कार्य सम्पन्न गरी नगरको सञ्चालन र व्यवस्थापनमा ल्याउन सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने । | २. आवश्यक समन्वयमा नगरमार्फत् नगर सभाहल सञ्चालन र व्यवस्थापनको उपयुक्त विधि कार्यान्वयन गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. नगरस्तरीय पुस्तकालय भवन र पूर्वाधार विकास तथा पुस्तकालय सञ्चालनका लागि स्थानीयस्तर र विभिन्न तहमा बैठक लगायत समन्वय सम्भाव्यता विश्लेषण गर्ने । | ३. सबै वडा केन्द्र वा धेरै वडाबासीको सहज पहुँच हुने क्षेत्रका आधारमा वडास्तरमा वाचनालय तथा नगर केन्द्रका नगरस्तरीय पूर्वाधारयुक्त पुस्तकालय निर्माण गरी सञ्चालनमा ल्याउने । | ३. वाचनालय तथा पुस्तकालयहरूलाई सूचना प्रविधियुक्त बनाई सबै नगरवासीको अधिकतम पहुँचयोग्य बनाउने । |
| ४. नगरको स्वामित्वमा रहेको जग्गा मध्य व्यवसायिक क्षेत्रमा रहेको जग्गामा व्यवसायिक भवन निर्माणका कार्यको सूची बनाई कम्तीमा एउटा उपयुक्त आयोजना अघि बढाउने । | ४. कम्तीमा एउटा व्यापारिक कम्प्लेक्स निर्माण सम्पन्न गर्ने । | ४. आवश्यकता र उपयुक्तताका आधारमा नयाँ व्यवसायिक भवन निर्माण गरी भाडामा लगाउने । |

**झ.** वैकल्पिक ऊर्जा सम्बन्धी अधिकार र एक मेघावाटसम्मको साना जलविद्युत उत्पादन सम्बन्धी अधिकार संविधनतः स्थानीय सरकारलाई छ । विद्युत सेवा सम्बन्धी अधिकार संघ प्रदेश र स्थानीय तहको साझा अधिकारका रुपमा रहेकोले नगरपालिकाको अधिकार क्षेत्रको निर्क्योल हुन बाँकी छ । दमक नगरपालिकाको स्थानीय अवस्थाका आधारमा विद्युतको तार, पोल, ट्रान्सफर्मर वा विद्युत वितरणमा बेलाबखत देखिने समस्या समाधानमा नगरको भूमिकामा स्पष्टता ल्याउने, वैकल्पिक ऊर्जा सम्बन्धी विषयलाई व्यवस्थित गर्ने आवश्यक रहेको महशुस गरी सो कार्यलाई अल्पकालीन कार्यका रुपमा समेटिएको छ। अन्य सान्दर्भिक विषयलाई आवधिक प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विद्युत प्राधिकरणसँगको समन्वयमा विद्युत सेवा विस्तार, विजुलीको तार, पोल, ट्रान्सफर्मर आदिमा परिवर्तन वा सुधार र स्थानीय विद्युत सेवा व्यवस्थापन, सेवा प्रवाह र चुहावट नियन्त्रण लगायत सम्बन्धमा नगरको भूमिकामा स्पष्ट बनाउने । | १. स्थानीय नदी प्रणालीबाट विद्युत उत्पादन तथा वैकल्पिक ऊर्जा र संघीय र प्रादेशिक कानुनले निर्धारण गरे अनुसार विद्युत सेवा व्यवस्थापनका विषय समेटेर विद्युत तथा ऊर्जा सम्बन्धी कानुन बनाउने । | १. विद्युत र ऊर्जा सम्बन्धी स्थानीय कानुनमा आवश्यक परिमार्जन र आवश्यकता अनुसार नयाँ कानुन निर्माण गर्ने । |

**ञ.** नगरपालिकामा जलविद्युत सेवाको पहुँचमा खासै समस्या छैन । २०७५ को तथ्याङ्क अनुसार नगरका ९८.५९ प्रतिशत घरधुरीमा जलविद्युत सेवा पुगेको छ । नगरमा ०.८ प्रतिशत परिवारले सौर्य ऊर्जालाई विद्युतीय ऊर्जाका रुपमा प्रयोग गरेका छन् । तथापि, आफ्नो घरमा विद्युत मिटर जडान गरी सेवा लिइरहेका परिवारको हिस्सा ९२.७ प्रतिशत मात्र रहेकोले विद्युत सेवाको पहुँच बाहिर रहेका तलको नक्सामा देखाइए अनुसार (वडा नं. १० मा बढी समस्या देखिएको) का घरधुरीमा जलविद्युत सेवाको पहुँच उपलब्ध गराउने र मिटर जडान नगरी विभिन्न विधिबाट सेवा लिएका परिवारमा मिटर व्यवस्थापन गर्न समन्वय गरिने छ ।

राष्ट्रिय प्रशारण लाइनबाट वितरण हुने विद्युत सेवा व्यवस्थापनमा नगरको भूमिका खासै नहुने भए पनि विद्युतका पूर्वाधार विकासमा ती समुदायको सहयोग र साझेदारीका लागि नगरपालिका भूमिका खेल्नुपर्ने हुन्छ। विद्युतीय पोलको अवस्थिति उचाई आदि सुधार गर्ने तथा विद्युतको तारलाई क्रमशः भूमिगत समेत गरी नगरको विद्युत सेवालाई शहरी मापदण्ड अनुसार बनाउन विद्युत प्राधिकरण लगायत सम्बद्ध निकायसँगको समन्वय र सहयोगमा निम्न कार्यलाई प्राथमिकता दिइने छ ।

## नक्सा ३/५.३.४ : विद्युत सेवाको उपयोग




| Ward | HHs without Meter | HHs without Electricity |
|---|---|---|
| 1 | 210 | 30 |
| 2 | 157 | 12 |
| 3 | 230 | 43 |
| 4 | 157 | 37 |
| 5 | 59 | 8 |
| 6 | 9 | 2 |
| 7 | 78 | 14 |
| 8 | 46 | 5 |
| 9 | 121 | 23 |
| 10 | 146 | 67 |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विद्युत पोलको उचाई तथा व्यवस्थापनमा देखिएका समस्या निर्धारण समधानका लागि विद्युत प्राधिकरणसँग समन्वय गर्ने । | १. तार र पोलको व्यवस्थापन सुधार तथा मुख्य शहरी क्षेत्रमा तारलाई जमिन मुनीबाट लाने (अन्डर ग्राउण्ड गर्ने) सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने । | १. सम्भाव्यताका आधारमा विद्युत प्रसारणलाई अन्डर ग्राउण्ड गर्ने । |
| २. थ्रीफेज लाइन तथा ट्रान्सफर्मरको विस्तार नहुँदा विभिन्न प्रयोजनमा ऊर्जा अपुग भएका क्षेत्र पहिचान गरी विद्युत विस्तारका लागि प्राधिकरणसँग समन्वय गर्ने । | २. पम्पमा आधारित खानेपानी र सिँचाइ आयोजनाका लागि आवश्यक बिन्दु तथा मझौला र ठूला कलकारखाना शुरु हुन लागेका क्षेत्र सम्मसम्म थ्रीफेज लाइन विस्तार गरिसक्न विद्युत प्राधिकरणसँगको समन्वय गर्ने । | २. औद्योगिक क्षेत्र तथा भू-उपयोग योजनाबाट निर्धारण हुने औद्योगिक र व्यवसायिक क्षेत्रमा थ्रीफेज लाइनको जलविद्युत सेवाको उपलब्धता सुनिश्चित गर्ने । |
| ३. प्राधिकरणसँगको समन्वयमा विद्युत नपुगेका करिब १ प्रतिशत घरमा विद्युत विस्तार र सबै घरमा मिटर जडान गर्ने । | ३. एलपी ग्याँसको विकल्पमा विद्युतीय ऊर्जालाई भान्छाको प्रमुख ऊर्जा स्रोतका रुपमा उपयोग गर्न परिवार लक्षित प्रवर्द्धनात्मक कार्य गर्ने । | ३. पेट्रोलियमको विकल्पका रुपमा जलविद्युतलाई भान्छाको प्रमुख ऊर्जाको रुपमा उपयोग हुने अवस्थामा लैजाने । |

**ट.** संविधानतः दूरसञ्चार सम्बन्धी अधिकार स्थानीय तहलाई नभए पनि रेडियो सञ्चालन सम्बन्धी अधिकार संविधानले एकल अधिकारका रुपमा समेटेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सेवा व्यवस्थापन सम्बन्धमा सूचना सञ्चार क्षेत्रको उपयोग, व्यवस्थापन र नियमन सम्बन्धी गरेको व्यवस्था अधिकार सम्बन्धी नगरको क्षेत्रको भूमिका सम्बन्धमा थप स्पष्ट पारेको छ । दमक नगरपालिकाको सन्दर्भमा रेडियो सञ्चालन तथा स्थानीय सेवा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग सम्बन्धी स्थानीय अधिकारलाई व्यवस्थित गर्न सूचना तथा सञ्चार सम्बन्धी निम्न नीतिगत प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. १०० वाटसम्मको एफ.एम. सञ्चालन तथा अनुमति तथा सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि बनाउने । | १. एफ.एम. रेडियो सञ्चालन सम्बन्धी स्थानीय कानुन कार्यान्वयनका लागि आवश्यक पुरक कानुन बनाउने । | |
| २. इन्टरनेट सेवा व्यवस्थापन लगायत सूचना तथा सञ्चार सम्बन्धी स्थानीय कानुन निर्माण गर्ने । | २. नगरको सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउन नगरपालिका र निजी क्षेत्रको भूमिकालाई सञ्चार नीतिबाट स्पष्टता ल्याउने । | २. सूचना प्रविधिमैत्री नगरका विभिन्न मापदण्ड तय गर्ने । |

**ठ.** नगरमा ५ ओटा एफ.एम. रेडियो, १ टेलिभिजन, २ दैनिक पत्रिका, साप्ताहिक तथा अनलाइन माध्यमबाट सूचना र सञ्चारको पहुँच उपलब्ध छ । विभिन्न सेवालाई सूचना प्रविधिमा आवद्ध गर्ने प्रयास पनि नगरले गरेको छ । राजश्व सम्बन्धी काम वडास्तरमा भई अनलाइनबाट रिपोर्टिङ हुने गरेको छ भने वडा कार्यालयमा इन्टरनेटको व्यवस्थापन पनि रहेको छ । नगरको वेभसाइटबाट नगरका विभिन्न जानकारी नागरिकले पाउने अवस्था रहेको छ । करिब ४५ प्रतिशत घरधुरीमा मोबाइल डाटा बाहेकको इन्टरनेट सेवा पुगेको २०७५ को तथ्याङ्क छ । इन्टरनेट सेवाको पहुँच नपुगेको घर तलको नक्सामा देखाइएको छ ।

**नक्सा ४/५.३.४ : इन्टरनेट सेवाको उपयोग**




| Ward | HHs without Internet |
|---|---|
| 1 | 1569 |
| 2 | 1298 |
| 3 | 1131 |
| 4 | 1011 |
| 5 | 1608 |
| 6 | 582 |
| 7 | 684 |
| 8 | 1112 |
| 9 | 1815 |
| 10 | 528 |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा वडा कार्यालय लगायत सबै सार्वजनिक माध्यमिक विद्यालय र सामुदायिक स्वास्थ्य संस्थामा इन्टरनेट सेवा सुनिश्चित गर्ने । | १. राजमार्ग तथा पर्यटन सडकका निर्धारित बिन्दुमा टेलिफोन वुथ तथा चार्जिङ स्टेशन राख्नका लागि नेपाल टेलिकम लगायत सम्बन्धित सेवा प्रदायकसँग समन्वय गर्ने । | |
| | २. टेलिकम र निजी क्षेत्रसँगको समन्वयमा नगरका सबै टोलसम्म ताररहित इन्टरनेट सेवाको पहुँच सुनिश्चित गर्ने । | २. निजी क्षेत्रसँगको समन्वयमा नगरबाट उपलब्ध हुने सेवा प्रवाह तथा राजश्व भुक्तानी समुदाय वा घरबाटै हुनसक्ने गरी इन्टरनेट सेवाको सुनिश्चिता गरिसक्ने । |
| | ३. सम्भाव्यताका आधारमा नगरको एफ.एम. सञ्चालन गर्ने । | |

**ङ.** सार्वजनिक निर्माणका क्षेत्रको पारदर्शिता र गुणस्तरियताका लागि सार्वजनिक खरिद ऐन अनुसार निश्चित लागत भन्दा बढीका आयोजना निर्माणलाई प्रतिस्पर्धात्मक रुपमा कार्यान्वयन गर्ने नीति दमक नगरपालिकाले लिएको छ । खर्चको पारदर्शिताका लागि सार्वजनिक सुनवाई, खर्च सार्वजनिकीकरण, प्रेस ब्रिफ लगायतका बहु औजार प्रयोगमा ल्याउने नीति पनि नगरले लिएको छ । नगरले परियोजनाहरूको गुणस्तर प्रवर्द्धनका लागि स्थानीय विकास तथा परियोजना सञ्चालन निर्देशिका २०७४ जारी गरेको छ । तथापि यसको दायरा विस्तार गर्नुपर्ने आवश्यकता छ । उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट सञ्चालन हुने विकास कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी बनाउन स्थानीय विकास तथा परियोजना सञ्चालन कार्यविधिलाई परिस्कृत गरी विगतका अभ्यास समेत समेटेर सार्वजनिक निर्माणमा जवाफदेहिता प्रवर्द्धनको म्यानुअल (विस्तृत कार्यविधि) बनाउने लगायतको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सबै सार्वजनिक निर्माणका क्षेत्रलाई सहभागितामुलक बनाउने गरी स्थानीय आयोजना तर्जुमा, कार्यान्वयन र निगरानी सम्बन्धि निर्देशिका वा म्यानुअल बनाउने बनाउने गरी परियोजना सञ्चालन निर्देशिका २०७४ लाई परिमार्जन गर्ने । | १. सार्वजनिक निर्माण सम्वन्धमा बृहत् योजनामार्फत् निर्धारित नीति तथा कार्यक्रम र क्षेत्रगत नीति र वार्षिक नीति तथा कार्यक्रमका बिचमा तादम्यता मिलाउँदै लैजाने । | १. सार्वजनिक निर्माणका सेवा तथा पूर्वाधारका क्षेत्रमा भएका उपलब्धीको आवधिक समिक्षा गरी कमि पूर्तिका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । |
| २. सार्वजनिक निर्माणका निश्चित रकम भन्दा माथिका आयोजना कार्यान्वयन गर्नु अघि वातावरणीय प्रभाव मुल्यांन गर्ने सम्बन्धी निर्देशिका तयार गर्ने । | | |
| | ३. पुंजी सुधार कार्यक्रममार्फत् विकास कार्यक्रमलाई थप व्यवस्थित बनाउने । | |
| | ४. सार्वजनिक परीक्षण लगायत विकास सूचना सार्वजनिकीकरणका विधिको पूर्ण कार्यान्वयन गर्ने । | |

**ढ.** नगरमा योजना प्राविधिक शाखा र शहरी विकास शाखा अन्तर्गत ४ जना इञ्जिनियर र ६ सहायक सव इञ्जिनियर रहेकोले सार्वजनिक निर्माण व्यवस्थापनका कार्य समन्वय रुपमा भइरहेको छ । नगर कार्यपालिका अन्तर्गत खानेपानी, सिँचाइ लगायतको पूर्वाधार सम्बन्धमा नीतिगत कार्य गर्न पूर्वाधार विकास समिति रहेको छ भने खानेपानी तथा सरसफाईका कार्यमा समन्वय र सबैका कामका बिचमा सामञ्जस्यता ल्याउन नगर र वडामा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति रहेको छ । वातावरण र सरसफाई शाखामा पनि न्यूनतम जनशक्तिको उपलब्धता रहेको छ । यसका बावजुद खानेपानी, सरसफाई, सिँचाइ यातायात लगायतका पूर्वाधार निर्माण र विकासको अनुगमन र सुपरिवेक्षणको लागि पर्याप्त जनशक्ति नभएको, तोकिएको दरबन्दी पनि रिक्त रहेको, विभिन्न पूर्वाधारको विशिष्ठतासहितको प्राविधिक इकाईहरू नगरमा नरहेको जस्ता संगठनात्मक क्षमता सम्बन्धी कमजोरी पनि छन् । कर्मचारी बाहेकका सम्बन्धित संयन्त्रको क्षमता र क्रियाशीलता बढाउने अवश्यकता छ । यो अवस्थामा सार्वजनिक निर्माणका सन्दर्भमा संगठन तथा संस्थागत विकासको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. पूर्वाधार वा शहरी विकास शाखा अन्तर्गत भवन, यातायात र खानेपानी, सिँचाइ तथा सरसफाईका पूर्वाधारजन्य कार्यको प्राविधिक नेतृत्व गर्ने अधिकृत स्तरको बेग्लाबेग्लै प्रमुख व्यक्ति तोक्ने । | १. नगरमा खानेपानी तथा सरसफाई सरसफाई शाखा गठन गरी खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धनका कार्यलाई एउटै इकाईमार्फत् कार्यान्वयन र सुपरिवेक्षण हुने व्यवस्था गर्ने र खानेपानी तथा सरसफाई इकाईको न्यूनतम जिम्मेवारी र कार्यसम्पादन सूचक निर्धारण गर्ने । | १. खानेपानी, सरसफाई र स्वच्छता शाखा तथा सम्बन्धित इकाईलाई शहरी विकास महाशाखाको अंगको रुपमा विकास गर्ने । |
| २. नगरको योजना तथा प्राविधिक शाखामा निर्धारित फोकल पर्शन तथा सरसफाई शाखाको बिचमा प्रशासनिक र समन्वयात्मक सहयोग रहने गरी संगठनात्मक स्वरुपलाई परिभाषित गर्ने । | २. नगरको सार्वजनिक निर्माण इकाई र अन्य सम्बन्धित प्रशासनिक इकाई बिचको समन्वय व्यवस्थित गर्ने । | |
| ३. वडास्तरको खानेपानी, सरसफाई र स्वच्छता समन्वय समिति गठन गर्ने र नगर र वडास्तरका समितिलाई आधारभूत अनुशिक्षण दिई क्रियाशील गराउने । | ३. खानेपानी तथा सरसफाई इकाईलाई नगरस्तरीय खानेपानी, सरसफाई र स्वच्छता समन्वय समितिको सचिवालयको रुपमा समेत विकास गर्ने । | ३. नगर, वडा र क्लस्टर वा विभिन्न सेवा केन्द्रस्तरका जनशक्तिको कार्यसम्पादन मापन तथा क्षमता विकासका कार्यलाई संस्थागत गरी नियमित रुपमा कार्यान्वयन गर्ने । |
| ४. खानेपानी तथा सरसफाई क्षेत्रको जिम्मेवारी लिएका कर्मचारी, समन्वय समिति तथा सामाजिक विकास समितिका बिचमा समन्वय वैठक र वार्षिक रुपमा क्षमता विकास कार्यक्रम गर्ने । | ४. खानेपानी, सरसफाई तथा सिँचाइका कार्यक्रम हेर्ने जिम्मेवारी तोकिएका प्राविधिक तथा प्रशासनिक जनशक्तिको क्षमता विकासका आन्तरिक र बाह्य कार्यक्रम तय गरी वार्षिक रुपमा कार्यान्वयन गर्ने । | ४. क्षमता विकास कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता र विस्तार गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ५. नगर आफैं र विभिन्न निकायको सहयोगमा सञ्चालित आयआर्जनका कार्यक्रमबाट नगरका लागि आवश्यक पर्ने खानेपानी, सरसफाई, सिँचाइ र विद्युत सेवा व्यवस्थापनका लागि प्राविधिक जनशक्ति उत्पादनलाई समेट्ने । | ६. खानेपानी उपभोक्ता समिति स्तरमा पानी शुद्धिकरणका उपकरण र सीपयुक्त जनशक्ति व्यवस्थापन गर्ने । त्यसका लागि सम्बन्धित उपभोक्ता समितिसँग समन्वय गर्ने ।<br><br>७. सरसफाई केन्द्र र दिसाजन्य लेदो प्रशोधन केन्द्रका लागि न्यूनतम जनशक्तिको व्यवस्था गर्ने । | ६. वडास्तरमा खानेपानी तथा सरसफाई हेर्ने न्यूनतम कर्मचारीको व्यवस्थापन गर्ने । |

**तालिका ९/५.३.४ : सार्वजनिक निर्माणको परिणामात्मक लक्ष्य**

| विषय | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|
| धारा पाइपको पहुँच पुगेको परिवार (प्रतिशत) | ५६.४३ | ६० | ९० | १०० |
| घरधुरीमा धारा जडान भएको परिवार (प्रतिशत) | ५६.४३ | ६५ | ९० | १०० |
| व्यवस्थित सेप्टिक ट्यांकसहितको शौचालय भएको परिवार (प्रतिशत) | ६१.६४ | ७० | ९० | १०० |
| शौचालयको फोहोर व्यवस्थापनका लागि ढल वा दिसाजन्य फोहोर व्यवस्थापन सेवाको पहुँचमा रहेको परिवार (प्रतिशत) | | | ४० | ९५ |
| सार्वजनिक शौचालय संख्या | ३ | ५ | ७ | १२ |
| ठोस फोहोर व्यवस्थापन सेवाको पहुँचमा रहेका परिवार (प्रतिशत) | २५ | ३५ | ५० | ९० |
| नगर मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या (प्रतिशत) | ५६.४३ | ६५ | ८० | १०० |
| सार्वजनिक पुस्तकालयको पहुँचमा भएको जनसंख्या (प्रतिशत) | ५ | | ५० | ८० |
| आफ्ना वडा कार्यालय भवन | ४ (वडा नं २, ३ ४, ७) | ८ | १० | |
| मेवाइल डाटा बाहेकको इन्टरनेट सेवा प्रयोगकर्ता परिवार (प्रतिशत) | ४४.९० | ५० | ७५ | १०० |

## ५.४. वन, वातावरण र विपद् व्यवस्थापन

यो खण्डमा दमक नगरपालिकाको प्राकृतिक स्रोत, वातावरण, विपद् तथा आपत्कालीन व्यवस्थापन नीति तथा प्राथमिकता समेटिएको छ । वन लगायत स्थानीय प्राकृतिक स्रोतको उपलब्धता र उपयोग एवं नगरको शान्ति सुरक्षा लगायत सबै किसिमका प्रकोप, विपद् तथा आपत्कालीन प्रतिकार्यमा नगरको भूमिकालाई पनि यो क्षेत्रमा समेट्ने प्रयास गरिएको छ ।

### ५.४.१ .प्राकृतिक स्रोत र वातावरण

### क. प्राकृतिक स्रोत

### १. परिचय

दमक नगरपालिका प्राकृतिक एवं पर्यटकीय दृष्टिकोणले आकर्षक र महत्वपूर्ण नगरपालिका हो । दमक जलस्रोतका हिसाबले सम्पन्न नगरपालिका हो । नगर क्षेत्र भएर बग्ने रतुवा खोला, मावा, बेतनी आदि प्रमुख नदीहरूमा जनस्रोतका अतिरिक्त गिट्टी र बालुवाको पनि स्रोत हुन् । नगरमा विभिन्न पार्कहरू जस्तैः विज्ञान तथा फन पार्क, शहिद वन बाटिका, रोज पार्क, चन्द्रमा बाल बाटिका, पाथीभरा पार्क समेत रहेका छन् । दमक नगरपालिकामा प्रमुख वनस्पतिका प्रजातिहरूमा मसला, मलेसियन साल, कदम, सिसौ, सिरिस आदि पाइन्छन् । यसैगरी घिस्रने जन्तुहरूमा धामन, तिरिच, घोरगराईच, हरियो काना, सुगा सर्प, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, आदि पाइन्छन् भने विभिन्न प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पनि पाइन्छन् । यस नगरपालिकामा हम्से दुम्से, रमा सामुदायिक सेवा तथा प्रकोप व्यवस्थापन समिति र हिमालय गरी जम्मा ३ वटा सामुदायिक वनहरू वन उपभोक्ता समुहहरूलाई हस्तान्तरण गरिएको छ । हस्तान्तरित सामुदायिक वनले यस नगरपालिकामा ६७७ हेक्टर क्षेत्रफल ओगटेको छ । यसबाट ५ हजार भन्दा बढी घरधुरी प्रत्यक्ष/अप्रत्यक्ष रूपमा लाभान्वित छन् । यसैगरी नगरमा केही निजी वनहरू पनि रहेका छन् ।

### २. वर्तमान अवस्था

दमक नगरपालिकामा विद्युत, सौर्य ऊर्जा, दाउरा, एलपी ग्याँसहरू ऊर्जाको रुपमा प्रयोग गर्ने गरेको छ । नगरपालिकाको कुल घर परिवार मध्ये १८,५३३ अर्थात ८२.५८ प्रतिशतले एलपी ग्याँस ३,१६९ अर्थात १४.१२ प्रतिशतले काठदाउरा, ७०१ अर्थात ३.१२ प्रतिशतले गोबरग्याँसको प्रयोग गर्दछन् । नगरपालिका क्षेत्रभित्र जम्मा २०८ वटा सौर्य बत्ती जडान समेत भएको छ । दमक नगरमा जडिबुटीको सम्भावना पनि रहेको छ । नगरपालिकाको हावापानीले जीवजन्तु र वनस्पतिहरूलाई संरक्षित गर्न सकिने खालका बासस्थान उपलब्ध गराइएको भएता पनि यहाँको वन क्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। प्राकृतिक स्रोतहरूको उचित संरक्षण नभएको कारण लुकिछिपी रुपमा बँदेल, मृग, घोरल, दुम्सी लगायतका वन्यजन्तुहरूको चोरी सिकारी हुने गरेको तथा भएका प्राकृतिक स्रोत समेत लोप हुने सम्भावना बढी भएको छ । त्यस्तै गरी पानीका मुहानहरू सुक्दै गएको अवस्था रहेको छ ।

नगरमा प्राकृतिक सम्पदाहरू प्रशस्त रहेता पनि तिनको संरक्षणले प्राथमिकता पाउन नसक्दा क्रमशः त्यस्ता सम्पदा हराउने अवस्था रहेको छ । नगरभित्र रहेका वन सम्पदाको संरक्षण गर्ने, वनस्पति र वन्यजन्तुको संरक्षण गर्ने, प्राकृतिक स्रोतको अनाधिकृत दोहन नियन्त्रण गर्ने, वनस्पतिजन्य उत्पादनबाट उद्योगहरू सञ्चालन गरी रोजगार सिर्जना गर्नका लागि आवश्यक श्रोत व्यवस्थापन गर्ने, नगरमा रहेका खोला नालाको उचित तटबन्ध गरी नदी किनारमा रहेका बस्ती र खेतीयोग्य जमिनको कटान र डुबानको समस्याबाट जोगाउने, प्राकृतिक श्रोतको उचित व्यवस्थापन गरी नगरको दीगो आयश्रोतको रुपमा विकास गर्ने कार्य प्रमुख समस्याको रुपमा रहेको छ ।

### ३. मुख्य अवसर र चुनौती

नगरवासीमा जनचेतनाको स्तरका कारण अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक श्रोत, वन्यजन्तु र वनस्पति वा जैविक विविधतायुक्त स्थलहरूको संरक्षण हुनुका साथै आगामी दिनमा प्राकृतिक सम्पदाहरूको विनाश जस्ता समस्याहरू उत्पन्न हुन नदिन समुदाय आफै अग्रसर हुने तथा नगर समुदाय साझेदारी अघि बढाउने अवसर छ। नगरमा भएका रतुवा खोला र मावा खोलाको सम्भाव्य अध्ययन गरेर वातावरणीय प्रभाव मुल्याकंन गरी सिँचाइका लागि नहर निर्माण नगरका कृषियोग्य जमिनमा सिँचाइको विस्तार गर्न सकिने अवसर रहेको छ। प्राकृतिक वस्तु लगायत अन्य वन पैदावरहरूमा आधारित व्यवसाय एवं नगरपालिकामा भएका वन पैदावरमा आधारित घरेलु तथा साना उद्योगहरू एवं वनस्पतिजन्य उत्पादनबाट उद्योगहरू सञ्चालन गरी नगरमा रोजगारी सिर्जना गर्न सकिने अवसर रहेको छ। यसका साथै निजी क्षेत्र र अन्य स्थानीय सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा प्राकृतिक स्रोत संरक्षणमा कार्यहरू अगाडी बढाई उपलब्धी हाँसिल गर्न सकिने अवसर पनि रहेको छ।

प्राकृतिक श्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्नु एंव जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्नु, त्यस्तो उपयोगबाट हुने वातावरणीय प्रभाव तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्नु तथा जलस्रोतलाई प्रदुषणमुक्त राख्ने सम्बन्धमा कानुनी व्यवस्था गर्नु, नगरपालिकाले नगरमा भएका प्राकृतिक स्रोतहरूको प्रयोगबारे गुरुयोजना बनाएर नगरवासीलाई सो अनुरुप यी स्रोतहरूको उपयोग गरी नगरवासीको जीवनस्तर उकास्ने र नगरमा थप रोजगार सिर्जना गर्ने प्रक्रिया अघि बढाउने कार्य चुनौतीपूर्ण रहेको छ।

## ४. लक्ष्य

प्राकृतिक स्रोतको आदर्शतम उपयोगमार्फत् स्थानीय विकास र समृद्धिमा टेवा दिने।

## ५. उद्देश्य

स्थानीयस्तरमा रहेका प्राकृतिक स्रोतको संरक्षण र उपयोगलाई ब्यवस्थित गर्ने।

## ६. रणनीति र कार्यनीतिहरू

**तालिका १/५.४.१ : प्राकृतिक स्रोतका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. पर्यटन ब्यवसायको विकासमा टेवा पुग्ने गरी वन सम्पदाको उपयोग र ब्यवस्थापन गर्ने। | १. सामुदायिक वन एवं निजी वनहरूको उत्पादन वृद्धि हुने गरी वनहरूको व्यवस्थापन योजनाहरू निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>२. व्यवसायीकरण हुन सक्ने जडिबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको सम्भाव्य अध्ययन गरी पकेट क्षेत्र निर्धारण गरी खेती प्रविधिको विकास र विस्तार एवं जडिबुटी प्रशोधन केन्द्रको स्थापना गरिनेछ।<br>३. गैर काष्ठ वनपैदावर एवं जडिबुटीमा आधारित मझौला तथा ठूला उद्योगको स्थापना गरी नगरमा गैरकाष्ठ वन पैदावरको स्वदेशी उत्पादन र आपूर्ति बढाई आयातलाई प्रतिस्थापना गरिनेछ।<br>४. वन क्षेत्रमा सामुदायिक वन लगायत वन व्यवस्थापन पद्धतिमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई विशेष प्राथमिकतामा राखी संस्थागत गरी यसबाट प्राप्त लाभको न्यायोचित वितरण गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको एकीकृत रुपमा संरक्षण र व्यवस्थापन गर्ने । | १. वन, जलाधार र जैविक विविधता संरक्षणलाई समेत सम्बोधन हुने गरी दीगो व्यवस्थापन योजना निर्माण र रैथाने तथा संकटासन्न अवस्थामा रहेका प्रजातिको संरक्षण कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।<br>२. वन्यजन्तु र तिनको बासस्थान तथा दुर्लभ वनस्पतिको संरक्षण र व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकतामा राखिने छ ।<br>३. नर्सरीहरू स्थापना गरिने छ ।<br>४. नगरमा रहेका जंगलहरूको दीगो व्यवस्थापनलाई प्रबर्द्धन गरिने साथै वन फडानी नियन्त्रित गरिने र क्षतिग्रस्त जंगलहरूको पुनर्स्थापना एवं वनक्षेत्र वृद्धि गरिने छ ।<br>५. संरक्षणमैत्री पूर्वाधार विकासको अवधारणालाई आत्मसात गरिनेछ ।<br>६. प्राकृतिक सम्पदा संरक्षण एवं दीगो व्यवस्थापनमा स्थानीयको संलग्नतालाई विशेष महत्व दिइनेछ । |
| ३. वैकल्पिक ऊर्जाको विस्तार र उपयोग बढाउने । | १. सौर्य ऊर्जा, जैविक ऊर्जा जस्ता वैकल्पिक ऊर्जाको उपयोग, निकास एवं विस्तार गरिनुका साथै उत्पादित ऊर्जाको उपयोग बढाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>२. वैकल्पिक ऊर्जाको व्यवस्था गरी ग्रामीण महिला एवं बालबालिकाहरूको स्वास्थ्यमा सुधार गरिनेछ ।<br>३. कृषि तथा पशुपालन र उद्योगहरूसँग सहकार्यमा सो क्षेत्रबाट उत्पादित जैविक पदार्थ/फोहोरको प्रयोग गरी बायोग्याँस उत्पादन गरिने साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गरिने छ ।<br>४. विद्युतीय चुलो, सुधारिएको चुलो, बायोग्याँस एवं अन्य ऊर्जामा संलग्न नगरबासीलाई प्रोत्साहन गरिनेछ भने ऊर्जामा नवीनतम प्रविधिमा अध्ययन एवं अनुसन्धान गर्न स्थानीयलाई थप उत्साह प्रदान गरिनेछ । |
| ४. स्थानीय जलसम्पदाको एकीकृत व्यवस्थापन गर्ने । | १. नदी प्रणालीको विभिन्न तहको समन्वयमा एकीकृत जलाधार व्यवस्थापन नीति तथा योजना तयार गरी कार्यान्वयन गरिने छ ।<br>२. नदीजन्य पदार्थहरू जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुहरूको उत्खनन्, संकलन, प्रशोधन, ओसारपसार र बिक्री वितरणलाई व्यवस्थित/वातावरणमैत्री र प्रभावकारी बनाइनेछ ।<br>३. नदीजन्य पदार्थहरू जस्तैः ढुंगा, गिट्टी, बालुवा उत्खनन् प्रक्रियालाई अनिवार्य रुपमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारको परिमाणमा मात्र उत्खनन् गर्नका लागि प्रतिवेदन प्रमाणीकरण प्रक्रियालाई पारदर्शी बनाई एवं पर्यावरणीय प्रभावको समिक्षा गरिनुका साथै नियमित अनुगमन गरिनेछ ।<br>४. नगरमा भएका पानीको मुहानहरूको खोजी गरी यसको संरक्षणका लागि स्थानीयहरूलाई प्रोत्साहन एवं व्यवस्थापन गरिनेछ ।<br>५. नदी, खोला एवं पोखरीहरूको नियमित सरसफाई गरिनेछ साथै यसको सरसफाई र रेखदेखको जिम्मा सम्बन्धित समुदायलाई दिइनेछ । |

## ख. वातावरण

## १. परिचय

वातावरण स्वच्छ र हराभरा राख्नु नागरिकको स्वास्थ्य र दीगो विकासका लागि अपरिहार्य छ । जैविक विविधता र प्राकृतिक वातावरण नै पर्यटन विकास एवं औद्योगिक विकासको मेरुदण्ड भएका कारण वातावरणीय स्वच्छता एवं सुन्दरताका लाीग सबै पक्ष र सरोकारवालाहरूको संलग्नता एवं ध्यानाकर्षण हुनु जरुरी छ। दीगो विकास लक्ष्य हाँसिल गर्न वातावरण संरक्षण र व्यवस्थापनमा व्यवस्थापनमा सरकार, विश्व विद्यालय र गैरसरकारी संस्थाहरू लगायत सबै सरोकारवालाहरूको सहयोग आवश्यक रहन्छ ।

दमक नगरपालिकाको उत्तरी भागमा हिमालको हावाको प्रभावले केही शितल हुने र दक्षिणी भाग भित्री मधेशसँग जोडिएको र बेशी भाग भएकोले चैत्रदेखि जेठसम्म गर्मी हुने गर्दछ। यहाँ उष्ण र समशितोष्ण हावापानी पाइन्छ । चैत्र महिनादेखि असोजको अन्त्यसम्म गर्मी हुन्छ । कार्तिक, मंसिर र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर अन्त्यदेखि माघसम्म शितलहर नै लाग्ने गर्दछ । जेष्ठको अन्त्यदेखि आश्विनको शुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । यहाँको औषत तापक्रम समान्यतयाः अधिकतम ३५ डिग्री सेल्सियससम्म पुग्छ भने औषत न्यूनतम १६ डिग्री सेल्सियससम्म पुग्न जान्छ। दमक नगरपालिकाको प्राकृतिक सुन्दरता, नदीहरू र धार्मिक स्थलहरूको रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ। दमक नगरपालिकामा रहेको साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता पर्यटकीय आकर्षण हो ।

## २. वर्तमान अवस्था

हरित र स्वच्छ नगरको सोच लिएको दमक नगरपालिका फोहोरमैला व्यवस्थापन, ढल निकाश, वायु, ध्वनी प्रदुषण जस्ता समस्यासँग जुधिरहेको छ । यस नगरपालिकामा रहेका २२,४४२ घरधुरीहरूमध्ये धारा/पाइप मार्फत आपूर्ति गरिएको पानी पिउने घरधुरीको संख्या १२,६६५ अर्थात् ५६.४३ प्रतिशत, दोस्रोमा भने ट्युबवेल वा हातेपम्पका धारा/पाइपबाट पानी पिउने परिवारको संख्या ९,७४८ अर्थात् ४३.४४ प्रतिशत रहेका छन् । अन्य श्रोत प्रयोग गर्नेको संख्या नगन्य रहेको छ । यस तथ्याङ्कले धारा/पाइप र ट्युबवेल वा हातेपम्प प्रयोग गर्ने घरधुरी अत्यधिक भएको देखिन्छ । नगरपालिकामा रहेका कुल घर परिवारहरू मध्ये ५७.७२ प्रतिशत घरधुरीले साधारण चर्पी, ३८.८५ प्रतिशतले फ्लससहितको सेप्टिक ट्याङ्क भएको चर्पी र १.६७ प्रतिशतले सामुदायिक चर्पीको प्रयोग गरेको र १.७६ प्रतिशतले भने चर्पीको प्रयोग नगरेको पाइएको छ। त्यस्तैगरी नगरको वडा नं. ६ दमक मोडमा एउटा सार्वजनिक शौचालय रहेको छ ।

व्यवस्थित ढल निकास वा दिसाजन्य लेदो व्यवस्थापनको प्रबन्ध नभएको यस नगरपालिकामा आवश्यक आधारभूत सार्वजनिक भौतिक पूर्वाधारको विद्यमान अवस्थालाई हेर्दा ढल जस्तो सामुदायिक सरसफाई, स्वास्थ्य तथा व्यक्तिगत र पारिवारिक स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषय व्यवस्थापनको स्थीतिमा सुधार आवश्यक रहेको छ ।

२०७५ को तथ्याङ्क अनुसार नगरपालिकामा रहेका कुल घरपरिवारहरू मध्ये १३,१३६ अर्थात् ५९.३४ प्रतिशतले घरमा उत्पादन भएको फोहोर घरको कम्पाउन्डभित्र बाल्ने गरेको, ५,८१९ अर्थात् २५.९३ प्रतिशतले फोहोर घरमै लिन आउने गरेको, २,११८ अर्थात् ९.४४ प्रतिशतले फोहोर घरको कम्पाउन्डभित्र गाड्ने/थुपार्ने, ४९८ अर्थात् २.२२ प्रतिशतले फोहोर नदी वा खोल्सामा फाल्ने गरेको, ४४८ अर्थात् २ प्रतिशतले फोहोर थुपार्ने ठाउँमा/क्यानमा, २०१ अर्थात् ०.९ प्रतिशतले फोहोरबाट कम्पोष्ट मल बनाउने, ३३ अर्थात् ०.१५ प्रतिशतले फोहोर सडक वा सार्वजनिक स्थलमा फाल्ने गरेको छ। नगरमा ट्याक्टर, ट्रिपर र परिमार्जन गरेका बाइकका कारण ध्वनी प्रदुषण हुने गरेको छ । त्यस्तै प्लाष्टिकजन्य वस्तु जलाउँदा, तरकारीमा प्रयोग हुने विषादी, कच्ची सडकको कारण वायुप्रदुषण हुने गरेको छ । तसर्थ पूर्वाधार विकास

र वातावरण बिचको असन्तुलन, एकीकृत र योजनावद्ध विकासको अभाव, मापदण्ड एवं नीति निर्देशन र वातावरण सम्बन्धी जनचेतनाको कमीका कारण नगरपालिकामा वातावरणीय प्रदुषण बढ्दै गइरहेको छ । वातावरण संरक्षण सम्बन्धी नगरवासी आमनागरिकहरूमा प्रभावकारी सचेतना जगाउने, नगरमा सडक किनाराको नालाको उचित व्यवस्थापन गर्ने, नगरका विविध क्षेत्रबाट उत्पादित फोहोरहरूको प्रभावकारी व्यवस्थापन गर्ने, पानीको गुणस्तर कायम राख्ने, नगरमा रहेका खोलानाला र तालतलैयाको उचित संरक्षण गर्ने, वायु प्रदुषण र ध्यनी प्रदुषण न्यूनिकरण गर्ने, कृषि उत्पादनमा रासायनिक विषादी प्रयोग न्यूनिकरण गर्ने, प्रौविक मलको प्रयोग गरी अर्गानिक उत्पादनमा जोड दिई नगरको वातावरण संरक्षणमा नागरिकहरूको अपनत्व सिर्जना गर्ने कार्य प्रमुख समस्याको रुपमा रहेको छ ।

## ३. मुख्य अवसर र चुनौती

नगरपालिकामा विकराल समस्याको रुपमा उत्पन्न हुँदै गरेको फोहोर मैलाको उचित ढंगबाट व्यवस्थित हुनुका साथै फोहोर मैलाबाट मानव लगायत अन्य जीवहरूमा पर्ने नकारात्मक प्रभावहरूबाट बच्ने एवं जैविक विविधता लोप हुने समस्या निराकरणका लागि नगरपालिकाले आवश्यक कार्ययोजना निर्माण गरी अघि बढ्ने अवसर छ । यसका साथै नगरमा सामुदायिक संघ संस्थाहरूमार्फत् स्थानीय समुदायहरूमा वातावरण सम्बन्धी जनचेतना र वातावरण र सरसफाई सम्बन्धी ज्ञान र सीप विस्तारमा योगदान हुने अवस्था छ । वातावरण संरक्षणमा गरिने लगानीले पर्यटन व्यवसायमार्फत् थप उपलब्धीले स्वच्छ वातावरणको भरपुर उपयोग एवं स्थानीय श्रोत र साधनको परिचालन गरी रोजगारी र पर्यटन व्यवसाय प्रवर्द्धनमार्फत् नगरवासीको आर्थिक स्तर उकास्ने अवसर पनि रहेको छ । साथै नगरमा वातावरण सम्बन्धी ज्ञान, सीप एवं दक्षता हाँसिल गरेका दक्ष जनशक्तिको परिचालनले नगरका वातावरण लगायत प्राकृतिक सम्पदाहरूको संरक्षण हुने, अवलोकन हुने, सही ढंगले मुल्याकंन हुने साथै नगरमा सम्भाव्य प्राकृतिक स्रोतहरूको खोज अनुसन्धान हुने तथा भएका सम्पदाहरूको निरीक्षण हुने अवसर पनि रहेको छ ।

दमक नगरमा बढ्दै गएको वायु र ध्वनी प्रदुषण, पानीका स्रोतहरू प्रदुषण र फोहोरमैलाको समस्या जस्ता विभिन्न वातावरणीय समस्याको रोकथाम र वैज्ञानिक समाधान गर्नु, फोहोर व्यवस्थापन प्रक्रिया उचित तरिकाले नहुँदा यसले थप समस्या उत्पन्न हुने भएकोले आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी समुदाय लगायत सरोकारवालाहरूका बिचमा उपयुक्त साझेदारीमा साझा कार्ययोजना निर्माण र कार्यान्वयन गर्नु, नगरवासीको महत्वपूर्ण आम्दानी र रोजगारीको स्रोत व्यापार व्यवसाय, होटलहरू, उद्योग र कृषि भएकोले उक्त क्षेत्रबाट उत्पादन हुने अव्यवस्थित फोहोर मैलाका कारण नगरपालिकामा महामारी फैलन सक्ने र आन्तरिक तथा बाह्य पर्यटकको संख्या पनि स्वतः घट्ने भएका कारण व्यापारी, उद्योगी, होटल व्यवसायी लगायत विभिन्न व्यवसायमा संलग्न सबैमा यस सम्बन्धी सचेतना फैलाई सम्बन्धित पक्षलाई नै जिम्मेवार बनाउने साथै साँस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाहरूको उपयोगको क्रममा वातावरणमा प्रतिकुल प्रभाव पर्न नदिने र पर्यावरणीय सन्तुलन कायम राख्ने कार्य प्रमुख चुनौतिको रुपमा रहेको छ ।

## ४. लक्ष्य

दमकलाई हरित र स्वच्छ नगरको पहिचान दिने ।

## ५. उद्देश्य

नगरमा सरसफाई र वातावरणीय स्वच्छता कायम गर्ने ।

## ३. रणनीति तथा कार्यनीतिहरू

**तालिका २/५.४.१ : वातावरणका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. जल सम्पदाहरूलाई प्रदुषणरहित बनाउने तथा तिनको जगेर्ना र दीगो व्यवस्थापन गर्ने । | १. पानीको गुणस्तर र फोहोर पानी विसर्जनलाई व्यवस्थित गर्न आवश्यक कानुनी प्रबन्ध गरिनेछ ।<br>२. नगरमा रहेका उद्योग एवं अन्य व्यवसायबाट/घर परिवारबाट निष्कासन हुने फोहोर (ठोस तथा तरल) जलस्रोतमा मिसाउने कार्यलाई निरुत्साहित बनाउँन आवश्यक दण्ड सजायसहितको निर्देशिकाहरू विकास गरिनेछ ।<br>३. नगरमा रहेका नदी, खोला, जलाधार, पोखरीहरूको भौगर्भिक सूचना प्रणाली (GIS) को माध्यमद्धारा नक्साकंन तयार गरिने छ ।<br>४. जलस्रोत विकास र व्यवस्थापन समग्रमा, व्यवस्थित ढंगले, एकीकृत जलस्रोत व्यवस्थापन (integrated water resource management) को आधारमा विकास गरिने छ ।<br>५. जलाधार संरक्षण र सम्बर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरण water recharge का विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>६. जल सम्पदाहरूको दीगो संरक्षणमा समुदायको सहभागितालाई बढावा दिइने तथा संस्थागत क्षमता र समन्वय वृद्धि गरिने छ ।<br>७. जलस्रोतको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीयको सक्रिय सहभागितालाई महत्व दिइनेछ । |
| २. प्रदुषण रोकथाम र नियन्त्रणका लागि ध्वनी, माटो र वायु प्रदुषण तहको स्थानीय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने । | १. जमिन, ध्वनी, वायु प्रदुषण रोकथाम सम्बन्धी अन्तर्राष्ट्रिय एवं राष्ट्रिय मापदण्ड अनुकुल कार्यविधि एवं निर्देशिकाहरू तयार गरी कार्यान्वयनका साथै सो को नियमित अनुगमन पनि गरिनेछ ।<br>२. पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम गर्न आवश्यक कानुन र संरचना निर्माण गरी वातावरणीय प्रभाव मूल्याकंन र न्यूनिकरणलाई पूर्वाधार विकासको अभिन्न अंग बनाइनेछ ।<br>३. बजार, औद्योगिक क्षेत्र र अन्य जोखिममा रहेका क्षेत्रहरूको वायु गुणस्तरको एकीकृत नक्सांकन, वायु प्रदुषण मापन क्षमता यकिन र पूर्वानुमान गरी उत्सर्जनका गतिविधिमा नियन्त्रण गरिने छ ।<br>४. औद्योगिक क्षेत्रहरूमा प्रदुषण नियन्त्रण प्रणाली स्थापना गरिने छ ।<br>५. उद्योग एवं अन्य व्यवसायहरूबाट निष्काशन हुने प्रदुषणयुक्त धुँवाधुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने छ ।<br>६. उद्योगहरू स्थापनाका लाीग औद्योगिक क्षेत्रबाट कुनै पनि वातावरणीय प्रदुषण नगरिने वा प्रदुषण मापदण्डभित्र निष्कासन गर्नका लागि अनिवार्य रुपले सो सम्बन्धी प्रदुषण नियन्त्रण तथा न्यूनिकरण प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरिनेछ ।<br>७. कृषि फर्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गरिने विषादी एवं उक्त स्थानहरूबाट निष्कासन हुने रसायन, ग्याँसहरूको निरुत्साहित गरिने तथा विकल्पको खोजी गरिनेछ ।<br>८. ध्वनी प्रदुषण हुने गरी कोलाहल मच्चाउनु र अत्यधिक पूराना सवारी साधनहरू चलाउन प्रतिबन्धका साथै यसरी चलाएमा ऐन बमोजिम दण्ड जरिवाना समेतको व्यवस्था गरिनेछ ।<br>९. सबै किसिमका पूर्वाधार निर्माण कार्यहरूलाई वातावरणमैत्री बनाइनेछ ।<br>१०. विषादी प्रयोग न्यूनिकरणका लागि विषादी परीक्षण प्रयोगशाला निर्माण गरिनेछ र प्राङ्गारिक मल प्रयोग गरी अर्गानिक खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ११. माटो, जमिन, पानी, ध्वनी, वायु प्रदुषण मापन, परीक्षण एवं अध्ययन अनुसन्धानका लागि नगरमा वातावरण परीक्षण प्रयोगशाला निर्माण गरिने छ ।<br>१२. वातावरणीय प्रदुषण नियन्त्रणका लाीग नगरमा स्थानीय, उद्योग व्यवसायी, कृषक लगायत अन्य सरोकारवालाहरूलाई जनचेतना जगाउने कार्यक्रमहरू गरिने छ ।<br>१३. प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन पहल गरिनेछ ।<br>१४. औद्योगिक प्रदुषण न्यूनिकरण तथा नियन्त्रण सम्बन्धी छुट्टै कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| ३. नगरमा वर्षातको पानी एवं दिसाजन्य लेदो व्यवस्थापनका लागि उपयुक्त पूर्वाधार र सेवा ब्यवस्थापन गर्ने । | १. सेप्टिक ट्यांक घर घरमा स्थापना गर्न उपयुक्त मापदण्ड बनाई शौचालय निर्माणलाई घर निर्माणको अनुमति प्रक्रियामा अन्तरनिहीत गरिनेछ ।<br>३. वर्षातको पानी व्यवस्थापनका लागि बस्तीहरूमा ढल निकास प्रणालीको विस्तार गरिने छ र बस्तीबाट अप्रशोधित ढल खुल्ला निष्कासन गर्ने कार्यलाई निरुत्साहित गरिने छ ।<br>४. उचित ढल निकासको व्यवस्था नभएका र सेप्टिक ट्यांक एवं फोहोर पानी निष्कासनको समस्या भएका स्थानहरूको पहिचान गरी ढल पूर्वाधारसहितको शहरी विकास गुरुयोजना तयार गरिने छ ।<br>५. दिसाजन्य फोहोर व्यवस्थापनका ढल लगायतका सार्वजनिक पूर्वाधारको नियमित मर्मत तथा सञ्चालन खर्च स्थानीय तह एवं लाभग्राही समुहको लागत सहभागितामा व्यवस्था गरिने छ ।<br>६. घर संरचनाको छानाबाट झरेको पानीलाई जमिनमुनी लाने प्रक्रिया (Rain water harvesting) कार्यान्वयनमा ल्याइनेछ । |
| ४. वातावरणीय स्वच्छता कायम गर्न समन्वयात्मक प्रयास अघि ढाउने । | १. पानी तथा सरसफाईसँग सम्बन्धित नीति नियम, मापदण्ड निर्देशिका तर्जुमा तथा समयानुकुल परिमार्जन गरिने छ ।<br>२. आधारभूत खानेपानी तथा सरसफाईबाट वञ्चित रहेका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा पुर्‍याउने कार्यक्रमलाई प्राथमिकता दिई सञ्चालन गरिने छ ।<br>३. सरसफाई लगायत पानीको भण्डारण तथा शुद्धिकरण सम्बन्धी चेतना अभिवृद्धि एवं तालिमहरू सञ्चालनका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय, सामुदायिक एवं अन्य सरोकारवालाहरूसँग समन्वय गरिने छ ।<br>४. स्थानीयको सरसफाई अभियान, वृक्षारोपण/हरियाली प्रवर्दन र पोखरी संरक्षणका गतिविधिहरूमा सक्रिय सहभागितालाई प्रोत्साहन गरिने छ ।<br>५. फोहोर पानी संकलन गर्ने प्रणालीको निर्माण र प्रशोधन केन्द्रको स्थापना गरिने छ ।<br>६. नगरका प्रत्येक वडामा रहेका महिला, बालबालिका, अपाङ्गगता भएका र ज्येष्ठ नागरिकमैत्री सहित वातावरणमैत्री शौचालयको व्यवस्था गरिने छ ।<br>७. दमक नगरपालिका खुल्ला दिसामुक्त घोषणा भइसकेकोले नियमित अनुगमन र अद्यावधिक गरी पूर्ण<br>सरसफाईयुक्त नगरको रुपमा विकास गरी पर्यटन व्यवसायलाई टेवा पुर्‍याइने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ५. निजी क्षेत्रसँगको साझेदारी समेतका आधारमा फोहोरमैला व्यवस्थापनका उपलब्ध नविनतम प्रविधिको उपयोग गर्ने । | १. फोहोरमैला व्यवस्थापन सम्बन्धी स्पष्ट नीति, मापदण्ड एवं कार्यविधि, निर्देशनहरू तर्जुमा गरिने छ ।<br>२. कुहिने, नकुहिने, हानिकारक, अस्पतालजन्य र अन्य फोहोरहरूको संकलन एवं व्यवस्थापन सम्बन्धी छुट्टै कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>३. फोहोरमैला व्यवस्थापनका ऐनमा पुनःचक्रण गर्न सकिने तथा पुनःचक्रण गर्न नसकिने वस्तुहरू वर्गीकरण गरिएको हुनुपर्नेछ ।<br>४. तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थको पुनःप्रयोगको नीति अवलम्बन गरिने छ ।<br>५. नदीको स्वच्छता कायम राख्न नदी एवं अन्य जलस्रोतमा फोहोरमैला मिसाउने कार्य नियन्त्रण गरिने छ ।<br>६. संकलन भएका फोहोरहरूको लागि आवश्यक स्थानान्तरण स्टेशन transfer station हरू एवं resource recovery center एवं ल्याण्डफिल साइटको व्यवस्था गरिने छ ।<br>७. ल्याण्डफिल साइट तथा स्थानान्तरण स्टेशनहरू छनौट गर्दा अन्तर्राष्ट्रिय एवं राष्ट्रिय नीति एवं मापदण्ड अनुरुप निर्माण एवं सञ्चालन गरिने छ ।<br>८. नगरमा उत्पादित पुनःचक्रिय योग्य फोहोरहरू सदुपयोग गर्ने उद्योगहरू स्थापना गरिने छ ।<br>९. वातावरणमैत्री कार्ययोजना तयार गरी जैविक ऊर्जा, प्राङ्गारिक मल उत्पादन जस्ता गतिविधिहरू सञ्चालन गरिने छ ।<br>१०.नगर क्षेत्रबाट निष्काशित फोहोरहरूमध्ये ६० प्रतिशत कुहिने फोहोरहरू कम्पोष्ट मल अथवा बायोग्याँस निर्माण गरिनेछ भने ३० प्रतिशत नकुहिने फोहोर पुनःचक्रणमा प्रयोग गरिन्छ र बाँकी अत्यन्त न्यून (करिब १० प्रतिशत) फोहोरहरू मात्र ल्याण्डफिलमा जाने अवधारणालाई आत्मसात गरिनेछ ।<br>११. फोहोर प्रशोधन केन्द्र, फोहोर संकलन केन्द्र एवं फोहोर मैलामा काम गर्ने कामदारहरूको स्वास्थ्य सुरक्षाको ख्याल गरिनेछ । व्यवसायिक स्वास्थ्य सुरक्षा Occupational health safety plan योजना तयार गरिनेछ र सो अनुरुप कामदारहरूलाई व्यक्तिगत सुरक्षाका उपकरण Personal Protective Equipment (PPE) प्रदान एवं स्वास्थ्य परीक्षण पनि गरिनेछ ।<br>१२. कम प्रयोग, पुनःप्रयोग तथा पुनःचक्रणका जनचेतना कार्यक्रमहरू समुदाय तथा विद्यालयहरूमा सञ्चालन गरिने छ । |
| ६. वृक्षारोपण र रुख विरुवा संरक्षण गरी हरियाली प्रवर्द्धन गर्ने । | १. सडक पेटीमा वृक्षारोपण गर्न नगरका तर्फबाट आवश्यक भूमिका निर्वाह गरिनेछ ।<br>२. नगरमा कौशी खेती र पुष्प बाटिका निर्माणमा प्रोत्साहन गरिनेछ ।<br>३. एक घर २ बिरुवा र एक सटर २ डष्टविन अभियान सञ्चालन गरिनेछ । |

## तालिका १/५.४.१ : आवधिक प्राथमिकता : प्राकृतिक स्रोत तथा वातावरण

**क.** नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार अन्तर्गत स्थानीय बजार व्यवस्थापन, वातावरण, संरक्षण र जैविक विविधता सम्बन्धी अधिकार समेटेकोले स्थानीय तहको वातावरण संरक्षण संस्थागत नेतृत्व नगरपालिकाले लिनुपर्ने हुन्छ । त्यसैले जैविक विविधता र वातावरण संरक्षण कार्यलाई निर्देशित र व्यवस्थित गर्ने, नीतिगत र कानुनी प्रबन्ध गर्ने नगरको प्राथमिकताका कार्यहरू हुन् । दीगो व्यवस्थापनको लक्ष्य १५ मा समेत जैविक विविधता संरक्षण, वन व्यवस्थापन र यस विरुद्धका कार्य नियन्त्रणको विषय समेटिएको छ । दीगो विकास लक्ष्य १४ अनुसार सन् २०३० सम्ममा समुदाय घना वनले ढाकेको क्षेत्र २९ बाट ३५.५ प्रतिशत, संरक्षित वन ३५ बाट ४५ प्रतिशत, संरक्षित क्षेत्र २३.२३ बाट २५ प्रतिशत, झाडी बुट्यान क्षेत्र १०.६ बाट ५ प्रतिशतमा पुऱ्याउने सूचकहरू निर्धारण गरिएको छ । तर विभिन्न कारणले विभिन्न प्रजातिका वन्यजन्तु तथा चराचुरुङ्गीहरूको बासस्थान विनास, वन विनास, प्रदुषण, प्राकृतिक स्रोतको दोहन, तापमान वृद्धि र जलवायु परिवर्तन, अतिक्रमणले जैविक विविधतामाथि प्रतिकुल असर परिरहेको छ । तसर्थ सो लक्ष्यलाई समेत मध्यनजर गरी वातावरण संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, दुर्लभ वन्यजन्तु, वनस्पति तथा जैविक विविधतायुक्त स्थलहरूको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्न कानुनको निर्माण एवं समिक्षा र समयानुसार परिमार्जन गर्नु आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन एवं नियमावली निर्माण गर्ने । | १. वातावरण संरक्षण ऐन एवं नियमावलीको आवधिक समिक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. संघ, प्रदेश र स्थानीय तहमा प्राथमिकता प्राप्त आयोजना र वातावरणमा प्रभाव पार्ने अन्य आयोजनाहरू व्यवस्थित गर्न वातावरण व्यवस्थापनको समग्र पक्ष समेट्ने गरी कानुन, मापदण्ड तर्जुमा तथा संशोधन गरी कार्यान्वयनका लागि समन्वय गर्ने । |
| २. वातावरण संरक्षण कोष (सञ्चालन) कार्यविधि निर्माण गर्ने । | २. वातावरण व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाई स्वच्छ र स्वस्थ वातावरण सृजना गर्दै प्राकृतिक स्रोतहरूको प्रभावकारी प्रयोगको माध्यमले दीगो लक्ष्य हाँसिल गर्न आवश्यक सहकार्यका साथै कोषको विवेकशील प्रयोग गर्ने । | २. विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरी हरित दमकका लागि वातावरण संरक्षण कोषको मुलधन वृद्धि गर्ने । |

**ख.** नगरका रतुवा र मावा खोलाहरूमा विशेषत गिट्टी बालुवा आदि रहेका छन् । यी नदीबाट अनियमित गिट्टी बालुवा उत्खनन् रोक्न भएका प्रयास अपर्याप्त देखिएको छ । अव्यवस्थित तरिकाले यस्ता प्राकृतिक पदार्थहरूको उत्खननले वातावरणीय पारिस्थितिक प्रणालीमा ह्रास हुनुका साथै वातावरणीय प्रदुषण समेत बढ्दै जाने भएका कारण यिनको समुचित उपयोग र व्यवस्थापन तथा मानव निर्मित संरचनालाई पर्यावरणमैत्री कायम गर्न कानुनको आवश्यकता रहेको छ । सरोकारवालाहरूलाई नगरमा भएका स्रोतहरूको दीगो संकलन गर्न प्रेरित गर्दै समय परिवर्तनसँगै नयाँ नीति नियमहरू बनाउनु मध्यकालीन तथा दीर्घकालीन प्राथमिकता हो ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. परियोजना प्रस्तावकले वातावरणमैत्री विकास आयोजना निर्माण गर्न तोकिए बमोजिमका क्षेत्रमा परियोजना प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याकंन अनिवार्य गर्न निर्देशिका तयार गर्ने । | १. नदीजन्य वस्तुहरूको उत्खनन सम्बन्धी बनेका निर्देशिकाको आवधिक समिक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. नदीजन्य वस्तुहरूको उत्खनन सम्बन्धी बनेका निर्देशिकालाई संघीय एवं प्रादेशिक नीतिलाई समेत मध्यनजर गरी सो नीतिहरूसँग तालमेल गराई आवश्यक संशोधन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नदीजन्य वस्तुहरू जस्तैः ढुंगा, बालुवा, गिट्टीको आँकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुहरूको उत्खनन्, संकलन, प्रशोधन, ओसार पसार र बिक्री वितरणलाई व्यवस्थित एवं प्रभावकारी बनाउने । | २. उत्खनन भइरहेका स्थानहरूमा प्रारम्भिक वातावरणीय प्रभाव मुल्याकंन प्रतिवेदन अनुसार स्रोतहरूको उत्खनन भएको हो वा होइन भनी नियमित अनुगमन गर्ने । | २. उत्खनन प्रक्रियाले वातावरणीय पारिस्थितिक प्रणालीमा ल्याउन सक्ने ह्रासलाई न्यूनिकरण गर्दै नगरमा प्राकृतिक स्रोतको रुपमा रहेको ढुंगा, बालुवा, गिट्टी जस्ता पदार्थहरूको दीगो सदुपयोग, बिक्री वितरण एवं निकासी गरी नगरको आर्थिक वृद्धिमा टेवा पुऱ्याउने । |

**ग.** नगरपालिकामा ३ वटा सामुदायिक वनहरूलाई वन उपभोक्ता समुहमा हस्तान्तरण गरेको छ । सामुदायिक वन सामुदायिक वन उपभोक्ता समुहको निगरानीमा रहेकाले वनको उचित संरक्षण भएको तर प्राकृतिक स्रोतहरूको उचित संरक्षण नभएको कारण लुकिछिपी रुपमा काष्ठ र गैरकाष्ठ पदार्थ, बँदेल, मृग, घोरल, दुम्सी लगायतका वन्यजन्तुहरूको चोरी शिकारी हुने गरेको छ । जीवजन्तु चोरी शिकार तथा अवैध ओसार पसार पनि नगरको समस्या बन्दै गरेकोले सो अन्त्य गर्न तत्काल कारबाहीका लागि संघीय कानुन अनुसार स्थानीय कानुनको व्यवस्था गनुपर्दछ ।

नगरमा वन पैदावार लगायत जडिबुटीको सम्भावना भएता पनि आवश्यकता अनुरुप जडिबुटीको पहिचान नभएको वैज्ञानिक तरिकाबाट वन व्यवस्थापन भएको छैन । तसर्थ, यी वस्तुहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्बन्धी कुनै पनि नीति नभएकाले सो को स्पष्ट नीति एवं कार्यविधि निर्माण आवश्यक छ । साथै जडिबुटीको उचित संरक्षण, व्यवस्थापन, खेती विकास र प्रशोधन एवं जडिबुटीको संकलन, ओसारपसार तथा निकासीलाई सरल, सहज, व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउँदै रोजगारयुक्त नगर बनाउन आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जडिबुटीहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्बन्धी स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्ने । | १. जडिबुटीहरूको दीगो संकलन गर्नका लागि नगरमा भएका नीति एवं कार्यविधिहरूमा आवश्यकता अनुरुप संशोधन गर्ने । | १.समय परिवर्तनसँगै प्राकृतिक स्रोत दीगो संरक्षणमा भएका आविष्कार प्रविधि विकास एवं नवीनतम सोचलाई आत्मसात गर्दै नीति निर्माण एवं परिमार्जन तथा संशोधन गर्दै प्रभावकारी कार्यान्वयन गर्ने । |
| २. जीवजन्तु एवं वनस्पतिको चोरी शिकारी अन्त्य गर्न आवश्यक ऐनको व्यवस्था गर्ने । | २. वन्यजन्तु चोरी शिकारी न्यूनिकरण गर्न नगरमा रहेका वनजंगलहरूमा घेराबार लगाई संरक्षण गर्ने । | २. जीवजन्तु चोरी शिकारी अन्त्य गर्न बनेको ऐनको आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने । |
| ३. वन कार्यालयको अनुमतिमा नगरमा पाइने जडिबुटीहरूको अध्ययन तथा अनुसन्धान गर्ने । | ३. वन क्षेत्रको उत्पादकत्व वृद्धि र जैविक विविधता संरक्षण गर्न सामुदायिक वन उपभोक्ता समिति सदस्यहरू समेतको क्षमता र सीप विकास तथा प्रचारप्रसार कार्यका लागि रणनीतिहरू बनाउने र नगरमा जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने र जडिबुटीको बजारीकरण गर्ने । | ३.नगरमा रहेका स्थानीय स्रोतहरूको दीगो संकलन गर्ने उद्देश्यका साथ नगरमा स्थानीय, उद्योग वाणिज्य संघ एवं सरोकारवालाहरूसँग सहकार्य गरी थप ठुला तथा मझौला उद्योगहरू स्थापना गरी पूर्ण रोजगारयुक्त नगर निर्माणमा टेवा दिने । |

**घ.** नगरमा पानीका स्रोतहरू प्रशस्त रहेका छन् र जमिनमुनिका पानीको तह घट्दै गइरहेको अवस्था रहेको छ । पानीका अवस्थाको गहन अध्ययन गरी मुहानहरूको खोजी गरी पानीको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं पानीको लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय प्रभाव तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने तथा पानीका मुहानलाई प्रदुषण मुक्त राख्न आवश्यक छ । तसर्थ, पानीका स्रोत (नदी, ताल, पोखरी र अन्य स्रोत) संरक्षण गर्नका निम्ति निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. पानीका मुहान एवं स्रोतहरू संरक्षण एवं सम्बर्द्धन गर्नका निमित्त नगरमा गठन गरिएका टोल सुधार समितिहरूको प्रमुख जिम्मेवारी रहने गरी कार्यविधि निर्माण गर्ने । | १. पानीका मुहान संरक्षणमा बनेको कार्यविधिको आवधिक समिक्षा गर्ने । | १. पानीका मुहान संरक्षणमा बनेको कार्यविधिको आवधिक समिक्षा गर्दै आवश्यक संशोधन गर्ने । |
| २. जमिन सुख्खा हुने जस्ता समस्या भइरहेको सन्दर्भमा नगरमा भएका पोखरीहरूको संरक्षण गर्दै ठाउँ ठाउँमा रिचार्ज पोखरीहरू निर्माण गर्ने । | २. कम्तीमा एक वडा एक पोखरी निर्माण गर्ने । | २. आवश्यकता अनुरुप पोखरीहरूको मर्मत गर्दै पोखरी निर्माण कार्यलाई निरन्तरता दिने । |
| ३. पोखरीहरूको संरक्षणका लागि नगरबासीहरूमा सचेतनाका कार्यक्रमहरू गर्ने । | ३. ताल एवं पोखरीहरूको संरक्षणमा नगरबासीहरूलाई बढि प्राथमिकता दिई संरक्षण कार्यमा अघि बढाउने । | ३. पोखरी लयागत पानीका मुहानहरूको सरसफाई एवं संरक्षण कार्यलाई निरन्तरता दिने । |

**ङ.** फोहोर मैला व्यवस्थापन ऐन, २०६८ सालको ऐन नं. ४ अनुसार फोहोर मैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन स्टेशन), कम्पोष्ट प्लाण्ट, बायो ग्याँस प्लाण्ट लगायत फोहोर मैलाको संकलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय निकायको हुने व्यवस्था रहेको छ । नगरपालिकामा नगर कार्यपालिकाको मिति २०७४ र २०७५ को बैठकबाट पारित फोहोर मैला तथा वातावरण सम्बन्धी विशेष निर्णय भएको जसमा फोहोरहरू वर्गीकरण गर्नुपर्ने, निर्माण सामग्रीहरू डम्पिङ्ग गर्न नपाउने, ठोस फोहोर मैलाहरू नालामा फाल्न नपाउने व्यवस्था रहेको छ। यसका साथै नगरपालिकामा स्थानीय बजार व्यवस्थापन ऐन, २०७४ रहेको जसमा वातावरण र फोहोर मैला व्यवस्थापन सम्बन्धी निर्देशनहरू समावेश भएको छ । तर नगरपालिकामा फोहोर मैला व्यवस्थापनको लागि ऐन एवं कार्यप्रणाली निर्माण नभएको अवस्था रहेको छ । यस्तै नगरपालिकामा कृषि तथा पशुपन्छी उत्पादन र व्यवस्थापन ऐन, २०७४ रहेको जसमा पशुपंक्षीको व्यवसायिकरण गर्दा पशुपन्छी पालनबाट निस्कने गोबर वा फोहोर पदार्थको समुचित व्यवस्थापन गर्नुपर्ने अपनाउनु पर्ने, वधशालाको व्यवस्थापन गर्नुपर्ने नीतिहरू समेटिएको छ । तर नगरपालिकामा जथाभाबी फोहोरहरू नदी तथा खोलामा अव्यवस्थित ढंगले फाल्ने गरेको, प्लाष्टिकहरू जलाउने गरेको, फोहोरहरूको विसर्जनका लागि व्यवस्थित डम्पिङ साइड नभएको अवस्था रहेको छ ।

नगरपालिकामा २५.९३ प्रतिशत घरपरिवारमा फोहोर घरमै लिन आउने व्यवस्था रहेको छ जुन प्रायः बजार क्षेत्रहरू रहेका छन् र अन्य स्थानहरूमा फोहोर संकलन गर्ने व्यवस्था नभएको अवस्था रहेको छ जसलाई चित्र नं. १/५.४.१. मा पनि देखाइएको छ । नक्सामा नगरका केही वडाहरूका केही घरहरू मात्र घरधुरी फोहोर संकलनको सुविधा पुगेका देखिन्छ भने बाँकी घरहरू यस सेवाको पहुँचमा पुग्न नसकेको अवस्था रहेको छ । नगरपालिकाभित्र उत्पादन भएको फोहोरमैलाको संकलन गरी व्यवस्थापन केन्द्रसम्म लैजानका लागि आवश्यक संकलन र ढुवानी गर्ने व्यवस्था नगरपालिकामा भएता पनि नगरपालिकामा निष्कासित फोहोरहरूको स्रोतमै कुहिने र नकुहिने फोहोरमा वर्गीकरण गरी फोहोरहरूको प्रकृति अनुरुप फोहोरहरूको व्यवस्थापन गर्ने चेतना वडाका सबै स्थानीयमा नभएको अवस्था रहेको छ। तसर्थ सडकहरूको स्तरोन्नति सँगै फोहोर संकलन साधनहरूको व्यवस्था गरी फोहोर संकलन प्रक्रियालाई गाउँघरमा समेत पुर्‍याई नगरको दूर दृष्टि औद्योगिक पर्यटकीय हरित नगर स्वच्छ नगर समेतलाई मध्यनजर गरी आयआर्जन गर्न सकिने अवस्थामा नगरलाई पुर्‍याउन फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रभावकारी कार्यान्वयनको आवश्यकता छ। तसर्थ फोहोर

व्यवस्थापन गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोचको आवश्यकता भएको र विभिन्न वातावरण विज्ञहरू एवं स्थानीयहरू सहितको संयुक्त प्रयासमा फोहोर व्यवस्थापनमा नयाँ प्रविधिको अध्ययन गर्न निम्न प्राथमिकताहरू तय गरिएको छ ।

### नक्सा १/५.४.१.: घरदैलोमा फोहोर संकलन सेवा पाउने घरघुरी




| Ward | Solid Waste Collected From Household | Solid Waste Not Collected From Household |
|---|---|---|
| 1 | 549 | 2450 |
| 2 | 65 | 1602 |
| 3 | 56 | 1936 |
| 4 | 42 | 2150 |
| 5 | 1621 | 1644 |
| 6 | 1212 | 32 |
| 7 | 662 | 625 |
| 8 | 720 | 1389 |
| 9 | 486 | 2332 |
| 10 | 6 | 1292 |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्राविधिक, आर्थिक तथा वातावरणीय रुपमा दीगो फोहोर व्यवस्थापनका लागि समुदायको सक्रिय सहभागिता तथा निजी क्षेत्रसँग साझेदारी (पि.पि.पि मोडल) लाई आत्मसात गरी फोहोर मैला व्यवस्थापन सम्बन्धमा स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्ने । | १. फोहोर मैला व्यवस्थापन सम्बन्धी भएका नीति एवं कार्यविधिको आवश्यकता अनुसार परिमार्जन गर्ने । | १. फोहोर मैला व्यवस्थापन सम्बन्धी भएका नवीनतम खोजहरूलाई अँगाल्दै फोहोर मैला व्यवस्थापनमा भएका नीतिहरू परिमार्जन एवं संशोधन गर्ने । |
| २. फोहोर मैलाको सही ढंगले व्यवस्थापन गर्न सर्वप्रथम फोहोरहरूको परिमाण, प्रकार र व्यवस्थापनबारे विस्तृत जानकारीको लागि फोहोर मैला व्यवस्थापन सम्बन्धी आधारभूत अध्ययन (baseline study) गर्ने । | | २. जनसंख्या वृद्धिदरसँगै फोहोर हरूको आधारभूत अध्ययन पुनः सञ्चालन गर्ने । |
| ३. शुन्य फोहोरको अवधारणालाई आत्मसात गरी फोहोरहरू स्रोतमै वर्गीकरण गरेपश्चात् मात्र उचित व्यवस्थापन गर्ने प्रक्रियालाई विकास गर्ने । | ३. फोहोरहरू स्रोतमै कुहिने र नकुहिने फोहोरमा छुट्टाछुट्टै वर्गीकरण गर्ने कार्यलाई निरन्तरता दिने । | ३. कुहिने र नकुहिने फोहोरहरूमा वर्गीकरण गरिएका फोहोरहरू मात्र घरदैलो फोहोर संकलन कर्ताले लैजाने भएकोले वर्गीकरण प्रक्रियालाई निरन्तरता दिने । |
| ४. घरदैलो फोहोर संकलन प्रक्रियालाई क्रमशः विस्तार गर्दै सबै वडाहरूमा यसको सुविधा पुऱ्याउन आवश्यक प्रबन्ध मिलाउने । | ४. घरदैलो (Door-to-door) फोहोर संकलनका लागि पर्याप्त सवारी साधनहरूको व्यवस्था गरी उक्त सुविधा नगरका प्रत्येक घर एवं फोहोर निष्कासन हुने स्थानहरूमा पुऱ्याउने । | ४. घरदैलो फोहोर संकलन प्रक्रियाले नगरका फोहोर निष्कासन गर्ने उद्योग, कलकारखाना, होटल, अस्पताल, बजार क्षेत्र, विद्यालय लगायत अन्यलाई समेत समेटिने गरी फोहोरमैला संकलनमा विकास भएका नवीनतम उपायहरू अपनाई फोहोरहरू संकलन प्रक्रियालाई अझ सरल सहज बनाउने । |
| ५. बेलडाँगीस्थित रिसाइक्लिङ्ग तथा रिकभारी सेन्टरको संरचना तयार गरी प्रभावकारी कार्यान्वयन गर्ने । | ५. बढ्दो फोहोरको अनुपातलाई मध्यनजर गरी फोहोर प्रशोधन केन्द्रलाई अन्य स्थानमा विस्तार गरी सञ्चालन गर्ने । | ५. निर्माणाधिन फोहोर, इलेक्ट्रोनिक्स फोहोर, हानीकारक फोहोर, धातु, सिसा प्लाष्टिक लगायत सबै किसिमका फोहोर हरूको व्यवस्थापन नगर आफैले गर्न सक्ने अवस्थामा पुग्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ६. फोहोर मैला संकलन गरेबापतको रकम स्थानीय एवं फोहोर निष्कासन गर्ने सबैले तिर्नुपर्ने प्रणालीको विकास गरी फोहोर मैला व्यवस्थापन गर्ने प्रक्रियालाई विस्तार गर्ने । | ६. सेवा शुल्कलाई वैज्ञानिक तथा न्यायोचित बनाउन फोहोरमैला व्यवस्थापनका लागि बिलिङ्ग र राजश्व संकलन प्रणालीहरूको व्यवस्थापन गर्ने । | ६. फोहोर मैला व्यवस्थापन सम्बन्धी राजश्व संकलन प्रक्रियामा सुधार गरी पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गर्ने । |
| ७. पर्यटकीय नगर भएका कारण नगरका मुख्य मुख्य स्थान, बसपार्क, पैदल मार्गहरूमा डस्टविनहरू व्यवस्था गर्ने । | ७. डस्टबिनहरूको व्यवस्था नगरका प्रत्येक मुख्य स्थानहरूमा राख्ने र आगन्तुक एवं यात्रुहरूले फोहोरहरू उक्त डस्टबिनमा मात्र फाल्ने प्रकृतिको विकास गर्ने । | ७. डस्टबिनहरू राखिएका स्थानहरूको अवलोकन गरी आवश्यक स्थानमा डस्टबिनको संख्यामा वृद्धि गरी सफा नगर निर्माण गर्ने । |
| ८. ल्याण्डफिल साइट सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्ने । | ८. आवश्यकता भएको खण्डमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूलाई अनुशरण गर्दै ल्याण्डफिल साइटको निर्माण कार्यलाई अगाडि बढाउने । | ८. छनौट गरिएका ल्याण्डफिल साइटको अवधि ख्याल राखी, भविष्यको लागि वैकल्पिक साइटहरू छनोट गरी नगरको स्वामित्वमा ल्याउने । |
| ९. होटल, पशुपालन, वधशाला, उद्योग, पसल एवं फोहोर निस्कासन गर्ने अन्य स्थानबाट फोहोर मैलाको उचित व्यवस्थापनका निमित्त सोमा संलग्न व्यवसायीहरूलाई नीतिको जानकारी हुने गरी कडा कारबाहीसहितको निर्देशिका निर्माण गर्ने । | ९. नगरमा फोहोर मैला व्यवस्थापन सम्बन्धी भएका आदेशहरूको पालना भए नभएको जानकारीका निमित्त नियमित अनुगमन एवं मुल्याकंन गर्ने । | ९. फोहोरमैला व्यवस्थापन सम्बन्धी हुने अनुगमन प्रक्रियालाई निरन्तरता दिने । |

**च.** नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम दर्ता भई सञ्चालनमा रहेको उद्योगहरूलाई खुल्ला रुपमा फोहोर जलाउन प्रतिबन्ध लगाइएको भएता पनि नगरमा औद्योगिक फोहोरहरू जलाउने अभ्यास छ । प्लाष्टिक झोला नियन्त्रणको प्रयास भएपनि नगरमा प्लाष्टिकको प्रयोग अत्यधिक मात्रामा भएको र सस्तो, सजिलो र बलियो हुने भएकाले यसको प्रयोग अझै बढ्दै गएको छ । नगरपालिकामा रहेका कुल घर परिवारहरू मध्ये १३,१३६ अर्थात् ५९.३४ प्रतिशतले घरमा उत्पादन भएको फोहोर घरको कम्पाउन्डभित्र बाल्ने गरेको छ । जसले गर्दा प्लाष्टिकजन्य फोहोरहरूबाट हुने नकारात्मक असरहरू जस्तैः फालिएका प्लाष्टिकहरू सेवन गरेर पशुहरूको मृत्यु हुने, प्लाष्टिकले ढल नालीहरू, सिँचाइका कुलोहरू थुनिने साथै खोलानालाहरू फोहोर हुने, नगरको शोभा घट्ने जस्ता प्रभावहरू हुनुका साथै प्लाष्टिकहरू बाल्दा निस्कने हानिकारक ग्याँसहरूले मानवमा प्राणघातक रोगहरू लाग्न सक्न सक्छ । तसर्थ, यस्ता समस्याहरू हटाउन एवं प्लाष्टिकको वैकल्पिक व्यवस्थापन र निषेधात्मक कार्यक्रम ल्याउन तथा शुन्य फोहोर अवधारणामा गई भएका फोहोरहरूलाई आधुनिक प्रविधि प्रयोग गरी श्रोतको रुपमा उपयोग गर्न नगरपालिकामा प्लाष्टिक व्यवस्थापन सम्बन्धी कार्ययोजनाहरूको आवश्यकता छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्लाष्टिकको प्रयोग बढ्दै गएको सन्दर्भमा प्लाष्टिकलाई व्यवस्थापन गर्न, तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र पुनःचक्रण विधि एवं प्लाष्टिकजन्य पदार्थको पुनःप्रयोगको नीति अवलम्बन गर्ने । | १. पुनःप्रयोग, पुनःचक्रण, कम प्रयोग (3R' concept) लाई अवलम्बन गर्दै अधिकतम सदुपयोग गरी नगरमा अत्यन्तै थोरै फोहोरहरू मात्र विसर्जन गर्ने प्रणाली तयार गर्ने । | १. पुनःचक्रण गर्न सकिने फोहोर हरूलाई व्यवस्थापन गर्न सो सम्बन्धित उद्योगहरू पहिचान गरी स्थापना गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. वातावरणमैत्री झोला प्रयोगलाई प्राथमिकता दिनको निमित्त नगरका महिलाहरूको सक्रिय भूमिकामा वातावरणमैत्री झोला उत्पादन सम्बन्धी आवश्यक परामर्श एवं तालिमहरूको व्यवस्था गर्ने । | २. वातावरणमैत्री झोला निर्माण एवं प्रयोगलाई निरन्तरता दिने । | २. प्लाष्टिकको मात्रा बढेसँगै प्लाष्टिक व्यवस्थापनका नवीनतम उपायहरूलाई अवलम्बन गर्दै जाने । |
| ३. औद्योगिक फोहोरहरू जलाउन प्रतिबन्ध लगाएको बारे उद्योग व्यवसायीहरूलाई समेत जानकारीमा ल्याई सो को दीगो व्यवस्थापनका लागि अनुगमनसहित समुदायमा यसबारे जनचेतना जगाउने । | ३. प्लाष्टिक उत्पादन, प्रयोग एवं विसर्जन प्रक्रियाहरूको नियमित अनुगमन एवं समुदायस्तरमा जनचेतना जगाउने क्रियाकलापहरूको निरन्तरता दिने । | ३. प्लाष्टिक सम्बन्धी सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |
| ४. फोहोरबाट मोहर भन्ने अवधारणालाई नगरका समुदायमा विकास गराउन फोहोरहरूलाई कच्चा पदार्थको रुपमा उपयोग गरी स्थापना गर्न सकिने उद्योगहरूबारेमा जानकारी एवं प्रशिक्षण एवं यस्ता उद्योगहरू सञ्चालन गर्ने व्यक्ति वा समुदायलाई नगरले प्रोत्साहन गर्ने कार्यक्रमहरू गर्ने । | ४. फोहोरहरूलाई कच्चा पदार्थको रुपमा प्रयोग गरी उद्योगहरू स्थापना गर्ने । | ४. फोहोरहरूलाई सक्दो सदुपयोग गरी पर्यावरणीय उद्योगहरू सञ्चालन गर्ने र भएका उद्योगहरूको नियमित अनुगमन गर्ने । |

**छ.** नगरमा निष्कासन हुने फोहोरहरूमा बढी प्रतिशत फोहोर जैविक फोहोर रहेको छ । तर नगरमा जैविक फोहोरहरूको उचित व्यवस्थापनका कार्यविधिहरू नभएका कारण स्थानीयले उक्त फोहोरहरू नदी खोल्सा एवं अन्य स्थानमा फाल्ने, गाड्ने र जलाउने गरेका छन् । जसले वायु प्रदुषणसँगै वातावरणीय ह्रास भइरहेको छ । तसर्थ जैविक फोहोरहरूलाई नगरको स्रोतको रुपमा प्रयोग गर्न सकिने गरी कार्यविधिहरूको आवश्यकता रहेको छ ।

नगरपालिकाको नगरपालिकाको कुल घर परिवारहरू मध्ये सबैभन्दा धेरै १८,५३३ (८२.५८ प्रतिशत) ले एलपी ग्याँस, ३,१६९ (१४.१२ प्रतिशत) काठ दाउरा, ७०१ (३.१२ प्रतिशत) ले गोबरग्याँसको प्रयोग गर्दछन् जसलाई नक्सा नं. २/५.४.१ मा देखाइएको छ । नगरमा खाना पकाउन र अन्य प्रयोजनका लागि काठ दाउराको प्रयोग भइरहेको अवस्था जसले गर्दा नगरमा काठको खपत धेरै हुने गरेको साथै नगरमा काठ दाउराको प्रयोगले एकातर्फ वनजंगल र पर्यावरणमा क्षति पुग्ने र अर्कोतर्फ धुवाँ र दाउरा सङ्कलन गर्दा लाग्ने समयले क्रमशः स्वास्थ्यमा असर पुऱ्याउनुका साथै समय समेत बढी खर्च हुने समस्या रहेको छ । नेपालले प्रस्तावित SDG–7 मा इन्धनको प्राथमिक स्रोतको रूपमा काठ, दाउरा, गुइँठा आदि प्रयोग गर्ने जनसमुदाय सन् २०३० सम्म १० % मा झार्ने) तथा बिजुलीको पहुँच ९९% मा ल्याउने बाट लक्ष्य राखेको छ । यस राष्ट्रिय लक्ष्य पक्ष्याउँदै नगरले आफ्ना नीति तथा प्राथमिकता सोही अनुसार निर्धारण गर्नुपर्ने हुन्छ ।

तसर्थ एकातिर जैविक फोहोरहरूको समस्याले नगर ग्रसित छ भने अर्कोतिर ग्याँस एवं काठ दाउरा जस्ता अनवीकरणीय ऊर्जाहरूले नगरमा वातावरणीय ह्रास बढ्दो रहेकोले सोलाई मध्यनजर गरी फोहोरबाट ऊर्जा उत्पादन नगरको लागि एउटा उचित उपाय हुन सक्दछ । नगरपालिकामा भएका स्रोत र साधनहरूको प्रयोग गरी नवीकरणीय ऊर्जाहरूको खोजी, उत्पादन एवं कार्यान्वयनका लागि नीति निर्देशिकाहरू निर्माण गर्दै नगरबासीमा ऊर्जाको सहज उपलब्धताको सुनिश्चित गर्न आवश्यक छ । त्यसलै सम्भाव्यताका आधारमा विद्युत तथा वैकल्पिक ऊर्जामार्फत् काठ दाउरालाई इन्धनको प्रयोगलाई कमी ल्याउन तल उल्लिखित कार्यक्रमले योगदान गर्नेछ ।

## नक्सा २/५.४.१ : काठ दाउरा र ग्याँसलाई खाना पकाउने ऊर्जाको प्रमुख स्रोत बनाउने घरधुरी




| Ward | HHs Using Firewood For Cooking | HHs Using LPG For Cooking |
|---|---|---|
| 1 | 151 | 2844 |
| 2 | 274 | 1284 |
| 3 | 816 | 939 |
| 4 | 425 | 1607 |
| 5 | 43 | 3204 |
| 6 | 15 | 1228 |
| 7 | 83 | 1201 |
| 8 | 53 | 2048 |
| 9 | 446 | 2286 |
| 10 | 590 | 579 |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जैविक फोहोरहरू समाधान गर्ने उद्देश्यका साथ घर घरमा कम्पोष्ट मल बनाउन प्रेरित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने । | १. जैविक फोहोरहरूको व्यवस्थापनका लागि समुदायस्तरमा सामुदायिक कम्पोष्ट मल प्लाण्टहरू राख्ने । | १.जैविक फोहोरहरूको व्यवस्थापनका लागि नगरमा ठुलो स्केलको कम्पोष्ट प्लाण्ट राख्ने । |
| २. एकिकृत फोहोर मैला व्यवस्थापन योजना बनाई शुन्य फोहोरको अवधारणा अनुरुप दातृ एवं साझेदार संस्थाहरूसँग सहकार्य गरी कुहिने फोहोर मैला ऊर्जा ग्याँस उत्पादन कार्यक्रम अगाडी बढाउने । | २. फोहोरबाट बायोग्याँस निष्कासनका लागि नगरमा ठुलो स्केलको बायोग्याँस प्लाण्ट राख्ने र उक्त ग्याँस घर घरमा वितरण गर्ने प्रणाली समेत व्यवस्था गरी कार्यान्वयन गर्ने । | २. बायोग्याँस प्लाण्टमा भएका नवीनतम प्रविधि विकासलाई उपयुक्तता हेरी अनुशरण गर्ने । |
| ३. सौर्य ऊर्जाका लागि नगरमा सम्भाव्यता अध्ययन प्रक्रिया अगाडि बढाउने । | ३. सौर्य ऊर्जा उपयोगका बिचको तुलनात्मक लाभका आधारमा सौर्य ऊर्जाको उपयोग गर्ने र नगरका घरहरूमा सहुलियतमा सौर्य उपकरणहरू जडान गर्ने । | ३. वैकल्पिक ऊर्जाहरू जस्तैः सौर्य ऊर्जा, सुधारिएको चुलो, बायोग्याँस आदि जस्ता वैकल्पिक ऊर्जाको खपत बढाई कार्वन उत्सर्जनमा न्यूनिकरण गर्ने । |
| ४. विद्युत आपुर्तिको कमी पुर्तिका पूर्वाधार निर्माणका लागि समन्वय गर्ने । | ४. जलविद्युत आपूर्ति बढाउन समन्वयात्मक प्रयास गरी दाउराको उपयोगलाई न्यूनिकरण गर्ने । | ४. नगरमा कम मूल्यमा घरेलु माग पूरा गर्न लागत प्रभावी जलविद्युत आयोजनाहरू सञ्चालन गर्न अध्ययन गर्ने । |

**ज.** यस नगरपालिकामा रहेका २२,४४२ परिवारहरू मध्ये धारा तथा पाइप प्रणालीबाट पिउने पानी प्रयोग गर्ने परिवारको संख्या १२,६६५ (५६.४३ प्रतिशत) रहेको छ भने ट्यूबवेल वा हातेपम्पमार्फत् आपूर्ति गरिएको पिउने पानी उपभोग गर्ने परिवारको संख्या ९,७४८ (४३.४४ प्रतिशत) रहेको छ । नगरमा धेरैजसो घर परिवारले ट्युबवेल र हातेपम्पको पानी पिउने गरेको र सो पानी पिउन वा अन्य प्रयोगका लागि पूर्णरूपमा सुरक्षित नहुने सम्भावना बढी रहेको उक्त पानी पिउन योग्य वा अयोग्य जाँच गर्नका लागि नगरमा कुनै पनि किसिमको प्रयोगशाला समेत नभएको अवस्था रहेको छ । तसर्थ दीगो विकास लक्ष्य Sustainable Development Goals Status & Roadmap: २०१६ - २०३० समेतलाई आधार बनाई नगरमा स्वच्छ खानेपानीको आपूर्ति गरी स्वच्छ खानेपानी उपभोग जनसंख्या क्रमशः वृद्धि गर्नको निमित्त नगरमा खानेपानी तथा सरसफाई सम्बन्धी नीति निर्देशिका एवं पानी शुद्धिकरण सम्बन्धी निर्देशिकाको आवश्यकता छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. खानेपानी तथा सरसफाई सम्बन्धी नीति निर्देशिका निर्माण गर्ने । | १. नगरमा खानेपानी तथा सरसफाई सम्बन्धि नीतिहरू आवश्यकता अनुरुप परिमार्जन गर्ने। | १. खानेपानी सम्बन्धी नीति निर्देशिकाहरूको समिक्षा गर्ने एवं संशोधन एवं परिमार्जन गरी पूर्ण स्वच्छ खानेपानी उपभोग नगर निर्माण गर्ने । |
| २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिका निर्माण गर्ने । | २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिकामा आवश्यक परिमार्जन गर्ने । | २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिकामा आवश्यक परिमार्जन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. दीगो विकास लक्ष्य अनुरुप आमरूपमा जनस्वास्थ्यमा सुधार गर्न जमिनमुनिको पानी एवं नदीको पानीको प्रयोग गर्दा पानीको उपयुक्तताको परीक्षणका लागि आवश्यक प्रयोगशाला एवं दक्ष जनशक्तिको व्यवस्था गर्ने । | ३. सबै प्रकारका पानीको परीक्षण नगरमै गर्न सक्ने अवस्थामा पुऱ्याउन विभिन्न प्रयोगशालाका सामग्री, रसायनहरू एवं उपयुक्त स्थानहरूको व्यवस्था गर्ने । | ३. पानी परीक्षणमा दक्ष जनशक्तिहरू नगरकै स्थानीयलाई तयार गर्ने र सम्पूर्ण सुविधायुक्त प्रयोगशाला निर्माण गर्ने । |
| ४. पानी शुद्धिकरणका विविध उपायहरू सम्बन्धी नगरबासीहरूलाई तालिमहरू दिने एवं सुरक्षित पानी सम्बन्धी व्यापक जनचेतना फैलाउने र पानी शुद्धिकरणका विविध प्रक्रियाहरू नपढेका ग्रामीण महिलाहरू समेतले बुझ्ने गरी चित्रमा प्रस्तुत गरी सूचना बोर्डहरू राख्ने । | ४. पानी शुद्धिकरण सम्बन्धी तालिम, जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने र यी कार्यक्रमहरूमा महिला स्वयंसेविका एवं नगर स्वयंसेवकहरूलाई सम्मिलित गर्ने । | ४. पानी शुद्धिकरण सम्बन्धी तालिम, जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |
| **झ.** नगरपालिकामा रहेका कुल घरपरिवारहरू मध्ये ५७.७२ प्रतिशत घरधुरीले साधारण चर्पी, ७,८१६ अर्थात् ३३.८५ प्रतिशतले फ्लससहितको सेप्टिक ट्यांक भएको चर्पी, १.६७ प्रतिशतले सामुदायिक चर्पीको प्रयोग गरेको र १.७६ प्रतिशतले भने आफ्नो वा सामुदायिक शौचालय प्रयोग नगरेको तथ्याङ्क छ ।<br>नगरपालिका खुल्ला दिसामुक्त घोषणा भएता पनि नगरका केही सुकुम्बासी र श्रमिक परिवारका केही घरहरूमा चर्पीको व्यवस्था नभएको साथै नगरमा शौचालयको व्यवस्थापन राम्रो नहुनु र अव्यवस्थित फोहोरका कारण डिप बोरिङमा आउने पानी समेत दुषित हुने सम्भावना रहेको छ। ढलको उचित व्उवस्थापन नहुँदा सामुदायिक सरसफाई, स्वास्थ्य तथा व्यक्तिगत र पारिवारिक स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषय व्यवस्थापनको स्थिति कमजोर रहेको छ । तसर्थ, ढलजस्ता भौतिक पूर्वाधारको समुचित विकास गर्न तथा शौचालय निर्माण एवं सञ्चालन गरी सरसफाई र स्वच्छता कायम राख्न आवश्यक छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरमा सेप्टिक ट्यांकसहितको चर्पीको प्रयोगलाई अनिवार्य गर्न नीति निर्माण गर्ने । | १. सेप्टिक ट्यांकसहितको चर्पी निर्माणमा बनेका नीतिको आवधिक समिक्षा गर्दै आवश्यक परिमार्जन गर्ने । | १. शौचालय प्रयोगमा बनेको नीतिमा परिमार्जन गर्ने । |
| २. दिसाजन्य लेदो व्यवस्थापन हेतु नगरमा Feacal Sludge Management treatment plant स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने । | २. नगरमा दिसाजन्य लेदो व्यवस्थापनका लागि गुरुयोजना निर्माण गर्ने । | २. Feacal Sludge Management treatment plant सञ्चालनका निमित्त विभिन्न सरकारी एवं गैर सरकारी, दातृ निकाय एवं स्थानीयहरूसँगको समन्वयमा आवश्यक संरचनाको निर्माण एवं कार्यप्रणाली विकास गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. नगरबासीसँगको सहकार्यमा शौचालयको निर्माण गर्ने । | ३. महिला बालबालिका, ज्येष्ठ नागरिक अपांगमैत्री शौचालयहरू नगरका मुख्य मुख्य स्थानहरू, बजार क्षेत्र, बसपार्कहरूमा निर्माण गर्ने र शौचालयको नियमित अनुगमन गर्ने । | ३. शौचालयहरूको मर्मत सम्भार गर्दै शौचालय प्रयोगको अनुगमन एवं समिक्षा गर्ने । |

**ञ.** पूराना सवारी साधन, कच्ची सडक, मोटरबाटाको धुलो, कलकारखाना एवं प्लाष्टिकजन्य वस्तु जलाउने जस्ता क्रियाकलापहरूको कारणले वायु प्रदुषण बढेको छ । २०७५ को सर्वेक्षणका क्रममा नगरका ४,४५० अर्थात् १९.८३ प्रतिशत परिवारले नगरमा वायु प्रदुषणको समस्या भएको जनाएको सन्दर्भमा वायु प्रदुषण नियन्त्रणका लागि कानूनी प्रवन्ध गरी नियन्त्रणको प्रयास अघि बढाउने आवश्यकता रहेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा यातायात व्यवसायी संघसँग समन्वय गरी उच्च वायु प्रदुषण गर्ने पूराना सवारी साधनहरू हटाउने सम्बन्धमा नीति निर्माण गर्ने । | १. नगरमा सञ्चालित गाडीहरूको नियमित अनुगमन गरी वातावरणमैत्री सडकहरू निर्माण प्रक्रियालाई अगाडि बढाउने । | १. एकदमै न्यून वायु प्रदुषण गर्ने र वातावरणमैत्री सवारी साधन जस्तैः विद्युतीय सवारी साधन लगायत अन्य नवीनतम उपायहरूलाई प्रयोगमा लाई सञ्चालन गर्ने । |
| २. वातावरणीय प्रदुषणलाई मध्यनजर गरी ग्रामीण कच्ची सडकहरूको स्तरोन्नती गर्ने । | २. गाउँघरका कच्ची सडकहरू कालोपत्रे गर्ने । | २. वातावरणीय प्रदुषण परीक्षण प्रयोगशालाका लागि आवश्यक दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने । |
| ३. बजार क्षेत्र, उद्योग कलकारखाना जस्ता वायु प्रदुषणबाट जोखिममा रहेका स्थानहरूको अध्ययन एवं अनुसन्धान गर्ने । | ३. बजार क्षेत्र, औद्योगिक प्रतिष्ठान र जोखिममा रहेका क्षेत्रमा वायु गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन, वायु गुणस्तरको एकीकृत नक्साकंन, वायु प्रदुषण क्षमता एकिन र पूर्वानुमान गरी उत्सर्जन गतिविधिमा नियन्त्रण गर्ने । | ३. वातावरणीय प्रदुषण परीक्षण प्रयोगशालाका लागि आवश्यक दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने । |
| ४. कृषिफार्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गर्ने विषादीको नियमन र नियन्त्रण गर्ने । | ४. नगरमा अर्गानिक खेतीलाई प्रोत्साहन गर्दै अर्गानीक खेतीको प्रभावकारी कार्यान्वयन गर्ने । | ४. विषादीलाई निर्मुल बनाउँदै अर्गानिक खेती गर्न कृषकहरूलाई प्रोत्साहन गर्ने । |

**ट.** नगरपालिकामा सञ्चालित विभिन्न उद्योगहरू तथा सवारी साधनहरू जस्तैः ट्याक्टर, टिप्पर र परिमार्जन गरेका बाइकबाट ध्वनी प्रदुषण हुने गरेको छ । यसका साथै विवाह, पूराना र अन्य सार्वजनिक कार्यक्रममा प्रयोग हुने अत्याधुनिक साउण्ड सिस्टमका कारण ध्वनी प्रदुषण हुने गरेको छ । जसले गर्दा मानव कानले सुन्न सक्ने ध्वनी भन्दा अत्यधिक ध्वनीले गर्दा मानव स्वास्थ्यमा हुने नकारात्मक असरहरू हुने सम्भावना अधिक रहन्छ । तसर्थ सवारी साधन लगायत चर्को आवजमा ध्वनी निकाल्ने उद्योग कलकारखानाहरूबाट हुने ध्वनी प्रदुषण नियन्त्रण गर्न स्पष्ट नीति लगायत नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप ध्वनी प्रदुषण स्तर प्रत्येक वर्ष जाँच गर्ने र मानव कानले सुन्न सक्ने ध्वनीको मात्रा भन्दा धेरै ध्वनी प्रदुषण भएमा दण्ड सजायको समेत व्यवस्था गर्न आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सवारी साधन लगायत चर्को आवाजमा ध्वनी निकाल्ने उद्योग कलकारखानाहरूबाट उत्पन्न हुने ध्वनी प्रदुषणलाई निराकरण गर्न र सामाजिक कार्यमा स्थानीयलाई मानव कानले सुन्न सक्ने आवाजमा मात्र गीतहरू बजाउन निर्देशन दिनका लागि स्पष्ट नीति निर्देशन निर्माण गर्ने । | १. ध्वनी प्रदुषणमा बनेको नीतिको समिक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । | १. ध्वनी प्रदुषणमा बनेको नीतिको समिक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । |
| २. नगरको ध्वनी मापनका लागि ध्वनी मापनयन्त्रको व्यवस्थापनका साथै समय समयमा अत्यधिक ध्वनी निष्कासन हुने स्थानहरू जस्तैः मानव बस्ती, ट्राफिक, कलकारखाना इत्यादिमा मापन गर्ने र राष्ट्रिय मापदण्ड अनुरुप भए नभएको जाँच गर्ने । | २. ध्वनी मापनयन्त्र सञ्चालन गर्न सक्ने जनशक्तिसहित यस्ता ध्वनी प्रदुषण गर्ने माध्यमहरूको नियमित अनुगमन गर्ने । | २. ध्वनी प्रदुषण नियन्त्रण गर्न बनेका नवीनतम उपकरण एवं प्रविधिहरू अँगाल्दै ध्वनी प्रदुषण नियन्त्रित नगर निर्माण गर्ने । |

**ठ.** नगरको दूरदृष्टि हरित, स्वच्छ नगरलाई समेत दृष्टिगत गरी वृक्षारोपण एवं बगैँचा निर्माणले नगरको सौन्दर्यता लगायत वातावरण सन्तुलन कायम राख्ने भएकाले निम्न कार्यहरूलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. हरित नगर समृद्ध दमकलाई सार्थक बनाउन सबै वडाहरूमा वृक्षारोपण गरी वातावरण र विकास बिच सन्तुलन कायम गर्ने । | १. खाली जग्गाहरूमा वृक्षारोपण गरी हरियाली प्रवद्धन गर्ने । | १. खुला तथा सार्वजनिक स्थलमा वृक्षारोपण गरी हरियाली कायम गर्ने साथै सडकपेटी किनारामा सुहाउँदो वृक्षारोपण गरी नगरको सौन्दर्यतामा वृद्धि तथा वातावरण सन्तुलनमा योगदान पुऱ्याउने । |
| २. एक वडा एक बगैंचा कार्यक्रमको शुरुवात गर्ने । | २. एक वडा एक बगैंचा कार्यक्रमलाई निरन्तरता दिने । | २. स्थानीयको संलग्नतामा बगैँचाको संरक्षण गर्ने । |

**ड.** नगरमा वातावरण संरक्षणका लागि वातावरण शाखा रहेको छ । बढ्दो वातावरणीय प्रदुषण निराकरणका साथै वनजङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्नका साथै जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन र सरसफाई तथा स्वास्थ्यजन्य फोहोर मैलाको व्यवस्थापन गर्नका निमित्त नगरमा वातावरण तथा प्राकृतिक सम्पदाहरूको संरक्षण सम्बन्धी ज्ञान एवं दक्षता हाँसिल गरेका कर्मचारी व्यवस्थापन पर्याप्त छैन । यसका साथै नगरबासीमा वातावरण सम्बन्धी जनचेतनाको पनि कमि देखिन्छ । तसर्थ, मानव संशाधनको व्यवस्थासँगै क्षमता विकासका कार्यक्रमहरू आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वातावरण सम्बन्धी बालबालिका समेतमा चेतना जगाउन विद्यालयको पाठ्यक्रममा वातावरण विषय समावेश गर्ने । | १. वातावरण विषय समावेश भएको पाठ्यक्रममा समयानुसार परिमार्जन गर्ने र वातावरण सम्बन्धित अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयमा निरन्तरता दिने । | १. वातावरण विषय समावेश भएको पाठ्यक्रममा समयानुसार परिमार्जन गर्ने र वातावरण सम्बन्धित अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयमा निरन्तरता दिने । |
| २. वातावरण सम्बन्धी विविध गतिविधि सञ्चालनका लागि प्रमुख समन्वयकारी भूमिका निर्वाहका लागि नगरमा वातावरण सम्बन्धी दक्षता हाँसिल गरेका निपुर्ण कर्मचारीहरूको व्यवस्था गर्ने । | २. नगर कार्यपालिकाको आफ्नो राजश्वको क्षमता, खर्चको आवश्यकता, सेवा उपलब्ध गराउनु पर्ने जनसंख्या तथा विकासका मुख्य मुख्य प्राथमिकता अनुरुप संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा विषयगत दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने । | २. वातावरण विषय एकदमै बहुआयामिक विषय भएका कारण यसका विविध पक्षहरूमा समावेशी रुपमा कार्यहरू गर्नका लागि नगरमा फोहोर मैला, खानेपानी तथा सरसफाई, जलस्रोत, ऊर्जा जस्ता विषयहरूका लागि छुट्टाछुट्टै इकाई निर्माण गर्ने । |
| ३. अनियन्त्रित शहरीकरणलाई मध्यनजर गर्दै कौशी खेती तालिमहरू सञ्चालन गर्ने । | ३. कौशी खेती तालिमहरूलाई निरन्तरता दिँदै स्वच्छ नगर निर्माण गर्ने । | ३. कौशी खेती जस्तैः अन्य नवीनतम उपायहरूलाई अनुशरण गर्दै कार्यान्वयन गर्ने । |
| ४. वातावरण, वनजंगल, जैविक विविधता सम्बन्धी विविध जनचेतनाका कार्यक्रमहरू एवं तालिमहरू नियमित सञ्चालन गर्ने । | ४. वातावरण एवं प्राकृतिक स्रोत, जैविक विविधता सम्बन्धी व्यापक जनचेतना फैलाउन विभिन्न क्रियाकलापहरू गर्ने । | ४. नगरबासीहरूमा वातावरण संरक्षण सम्बन्धी चेतनास्तर वृद्धि गर्दै वातावरणमैत्री नगर निर्माण गर्ने । |

**तालिका २/५.४.१ : वातावरण तथा प्राकृतिक स्रोत क्षेत्रको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य**

| विषय | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|
| घरधुरी फोहोर मैला संकलन (door to door waste collection) को पहुँच पुगेको परिवार (प्रतिशत) | २९.९३ | ४५ | ७५ | ९५ |
| फोहोर मैला जलाएर व्यवस्थापन गर्ने परिवार (प्रतिशत) | ४९.३४ | १० | ५ | ० |
| फोहोर मैला नदी तथा खोलामा फालेर व्यवस्थापन गर्ने परिवार संख्या (प्रतिशत) | २.२२ | ० | ० | ० |
| फोहोर मैला जथाभावी खुल्ला स्थानमा फालेर व्यवस्थापन गर्ने परिवार (प्रतिशत) | ०.१३ | ० | ० | ० |
| कम्पोष्टिङ्ग गर्ने परिवार (प्रतिशत) | ०.९ | १५ | ३५ | ५५ |
| फोहोर मैला कुहिने र नकुहिनेमा छुट्याई फोहोर स्रोतमै वर्गीकरण गर्ने परिवार संख्या (प्रतिशत) | ० | ३० | ६० | १०० |
| स्यानिटरी ल्याण्डफिल साइट | ० | - | १ | १ |
| स्थानान्तरण केन्द्र (transfer station) (प्रशोधन केन्द्रमा लानु अघि फोहोर राख्ने ठाउँ) | ० | - | २ | १ |
| शौचालयको फोहोर व्यवस्थापनका लागि ढल वा दिसाजन्य लेदो ब्यवस्थापन सेवाको पहुँचमा रहेको परिवार (प्रतिशत) | | | ४० | ९५ |

| विषय | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|
| फोहोर प्रशोधन केन्द्र (संख्या) | १ | - | - | २ |
| सार्वजनिक शौचालय संख्या | २ | ३ | ७ | १२ |
| खाना पकाउनको लागि काठ दाउराको प्रयोग गर्ने परिवारको संख्या (प्रतिशत) | १४.१२ | १० | ५ | २ |
| खाना पकाउनको लागि एलपी ग्याँसको प्रयोग गर्ने परिवारको संख्या (प्रतिशत) | ८२.५८ | ७८ | ६५ | २० |
| खाना पकाउनको लागि विद्युतको प्रयोग गर्ने परिवारको संख्या (प्रतिशत) | ० | १० | ५० | ९० |
| नगर मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या (प्रतिशत) | ५६.४३ | ६५ | ९० | १०० |

## ५.४.२. विपद् तथा आपत्कालीन व्यवस्थापन

## १. परिचय

कुनै पनि क्षेत्रमा बाढी, पहिरो, भूकम्प, चट्याङ्, हावाहुरी लगायतका प्रकोपहरू रहन्छन् । त्यस्ता प्रकोपले व्यक्तिको जनजीवनलाई अस्तब्यस्त बनाउने वा जीवन र जीविकोपार्जनमा गम्भीर नकारात्मक प्रभाव पार्ने अवस्था आएमा त्यससाई विपद् भनिन्छ । त्यसैले प्रकोपहरूको बारेमा निरन्तर अध्ययन र विश्लेषण गरी विपद् जोखिमको लेखाजोखा गर्ने, विपद् पूर्व तयारीका कार्य गर्ने, विपद्को समयमा खोज, उद्दार र राहत जस्ता सेवा सञ्चालन गर्ने र विपद्पछि पुनर्निमाण र पुनर्स्थापना जस्ता कार्य गर्नेसम्मको समग्र प्रक्रिया विपद् ब्यवस्थापन अन्तर्गत पर्छ । विपद् प्राकृतिक वा मानवीय कारणले सिर्जना हुने भएकोले सोही अनुसार ब्यवस्थापन रणनीति तथा कार्ययोजना बनाउनु पर्ने हुन्छ । स्वास्थ्यजन्य महामारीलाई पनि विपद् ब्यवस्थापनको एक प्रमुख सवालका रुमपा रहँदै आएको छ । दमक नगरपालिका पनि यस्ता प्रकोप र विपद् जोखिम बाहिर नरहेकोले विपद् ब्यवस्थापनको विषय महत्वपूर्ण स्थानीय प्राथमिकता हो । त्यस अतिरिक्त शान्ति सुरक्षाका प्रतिकुलताको न्यूनिकरण, आगलागी, दुर्घटना, आपत्कालीन स्वास्थ्य समस्या समाधान आदि आपत्कालीन ब्यवस्थापनमा पनि नगरको भूमिका अपरिहार्य हुन्छ ।

## २. वर्तमान अवस्था

भोगोलिक सुगमता, तुलनात्मक रुपमा राम्रो यातायात सञ्जाल, शिक्षा, स्वास्थ्य, व्यापारको अवसर र शान्ति सुरक्षा आदिको विश्वसनीयताका कारण दमक नगरपालिकामा बस्तीको सघनता र जनघनत्व क्रमशः बढ्दै गइरहेको छ । यसरी बढ्दो जनघनत्व र बस्ती विस्तार क्रमलाई योजनावद्ध शहरी विकासको मापदण्डमा आधारित र सुझबुझयुक्त बनाउन नसक्दा नगरपालिकामा विपद्जन्य घटना तथा विपद् जोखिम पनि बढिरहेको छ । पूर्वी, पश्चिमी र दक्षिणी सिमामा रहेका समुदाय तथा बस्तीहरूमा रतुवा र मावा नदीहरूबाट कटान, डबान र बाढीको प्रकोप रहेको छ । नगरका सबैजसो वडाहरू बाढी डुबानको जोखिममा छन् ।

नगरले प्लटिङ र बस्ती विकासलाई नियमनको प्रयास गरेता पनि असुरक्षित जग्गा प्लटिङ्गले पनि बाढीजन्य विपद जोखिमका कारणका रुपमा रहेका छन् । यस्तैगरी सुख्खा मौसममा आगलागीका घटनाहरू पनि हुने गरेका छन् । अस्थायी टहरा, टिनका छानाहरू भएका घरहरूमा हावाहुरीको समस्याले गर्दा क्षति हुने सम्भावना पनि अधिक रहेको छ । केही वर्षयता नगरपालिकामा बर्ड-फ्लु र डेंगुका प्रकोपहरू पनि देखिन थालेको छ भने सुरक्षित व्यवहार र पर्याप्त सचेतना नहुँदा झाडापखाला र हैजा जस्ता महामारीको जोखिमबाट पनि नगर मुक्त छैन । पछिल्लो पटक विश्वब्यापी रुपमा फैलिएको कोभिड १९ का कारण पनि नगरको जनजीवन नराम्ररी प्रभावित बनेको छ ।

पूर्व–पश्चिम राजमार्ग र सडक सञ्जालसँगै बढेका यातायातका साधनको संख्या र प्रकृतिका कारण सडक दुर्घटनाको दर र जोखिम वृद्धि भइरहेको छ । जंगली हाती आतंक पनि नगरको प्रमुख समस्या बन्दै गइरहेको छ । पूर्वाधार तथा आवासीय भवन निर्माणमा भवन-संहिता तथा मापदण्डको कार्यान्वयनका लागि पर्याप्त सावधानी अपनाइएता पनि बनिसकेका र हाल बनिरहेका कतिपय संरचना भुकम्पीय जोखिमयुक्त छन् । नगरपालिकामा कतिपय स्थानमा रहेका अव्यवस्थित विद्युतीय तार एवं केवल नेटवर्कका तारहरूका कारण विद्युतीय खतरा पनि रहेको छ ।

नगरपालिकामा प्रकोप प्रतिरोधी भवन निर्माणका लागि भवन निर्माण संहिता कार्यान्वयनका लागि प्राविधिक सहितको भवन तथा बस्ती उपशाखा रहेको छ । भवन संहिताको कार्यान्वयनबाट विपद् जोखिम कम हुने गरी व्यक्तिगत तथा संस्थागत भवनको संरचनागत मजबुतीका मापदण्ड कायम गरिएको छ । आपत्कालीन आश्रय स्थलको रुपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुला स्थान, सामुदायिक भवन र पार्कहरू रहेका छन् । नगरपालिकामा विपद् व्यवस्थापन कोष निर्देशिकासहित विपद् व्यवस्थापन कोष समेत रहेको छ । नगरले आपत्कालीन सेवाका लागि महत्वपूर्ण मानिएको ४ जना फायर म्यानसहित बारुणयन्त्र आफैंले सञ्चालन गरेको छ । यसका साथै नगरको मुख्य चोक तथा बजार क्षेत्रमा सिसी क्यामेरा जडानको केही कार्य पनि भएको छ ।

नगरस्तरीय विपद् व्यवस्थापन समिति गठन हुनुका साथै नागरिकहरूलाई विपद् उत्थानशील बनाउने तथा तत्काल प्रतिकार्य गर्ने संरचना नगरमा तयार भएको र विपद् प्रभावितलाई तत्काल राहत उपलब्ध गराउनका लागि न्यूनतम आर्थिक स्रोतको पूर्व व्यवस्था भएको छ । आपत्कालीन सेवा प्रदानका लागि नगरमा नगर प्रहरीको व्यवस्था भएको छ । नगरपालिकामा विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने सेवा उपलब्ध गराउनका विभिन्न संस्था तथा स्वास्थ्य सस्था रहेका छन् । नगरस्तरीय विपद् व्यवस्थापन समिति बाहेक विपद् व्यवस्थापनमा काम गर्न तोकिएका कर्मचारी तथा स्वास्थ्य क्षेत्रका कार्यरत जनशक्तिले पनि विपद् व्यवस्थापनका कार्यमा प्रत्यक्ष र परोक्ष भूमिका निर्वाह गरिरहेका छन् ।

नगरमा भवन बाहेकका अन्य संरचनाको मजबुतिको सुनिश्चितता गर्न सकिएको छैन । भौतिक पूर्वाधार निर्माण गर्दा तथा पूर्वाधार निर्माणका लागि निर्माणका स्थानीय सामग्रीको व्यवस्थापन गर्दा सम्भावित विपद् रोकथामका पर्याप्त उपायहरूलाई अपनाउन सकिएको छैन । वडास्तरमा विपद् व्यवस्थापन समितिले औपचारिक रुपमा गठन गरी क्रियाशील गराउन बाँकी रहेको, सामुदायिक विपद् प्रतिकार्यका संरचना निर्माण गर्न बाँकी रहेको तथा नगर र वडास्तरीय विपद् तथा जलवायु उत्थानशील योजना बनाई समुदायस्तरबाट विपद् व्यवस्थापनको सवाललाई मुल प्रवाहीकरण गर्ने प्रक्रियालाई संस्थागत रुपमा अघि बढाउन बाँकी रहेको छ ।

नगरको सीमित स्रोत र साधनलाई पूर्वाधार र सेवामा केन्द्रित हुनुपर्दा विपद् जोखिम न्यूनिकरणका पूर्वाधार तयारीलाई पर्याप्त प्राथमिकता दिन सकिएको छैन। विपद् व्यवस्थापन तथा आपत्कालीन व्यवस्थापनका लागि नगरभित्र आपत्कालीन कार्य सञ्चालन वा प्रकोप तथा विपद् सम्बन्धी सूचना संकलन र विश्लेषण गर्ने इकाई छैन । उद्दार सामग्री, दक्ष जनशक्ति, खाद्य तथा गैरखाद्य सामग्रीको व्यवस्थापन गर्न सकिरहेको छैन । यसका साथै नगरपालिकामा चोरी, डकैती, लुटपाट, कुटपिट आदि शान्ति सुरक्षाको प्रमुख चुनौतिको समाधानका लागि वडामा सुरक्षा संयन्त्रको उपस्थिति रहेको तर प्रभावकारी नभएको जसका कारण नगरमा अपराधिक गतिविधि एवं लागुऔषध दुर्व्यसनीको समस्या बढिरहेको छ । नगरपालिकाले संवैधानिक अधिकार बमोजिम नगर प्रहरी गठन गरी नगर सुरक्षामा परिचालन गरेको भए पनि साँस्कृतिक जमघट, मेला तथा महोत्सव, बजार तथा सवारीको जथाभावी पार्किङ नियन्त्रण आदि क्षेत्रमा परिचालन गर्न सकिएको छैन ।

यी विविध प्रकोपहरूको सम्भावनालाई मध्यनजर गर्दा नदी-तटीय र घना बस्तीहरूमा बाढी, आगलागी, महामारी जस्ता प्रकोपहरूको जोखिम न्यूनिकरणमा नगर केन्द्रित हुनुपर्ने अवस्था छ । विपद् व्यवस्थापन अन्तर्गत विपद् पूर्व तयारी र प्रतिकार्यका कार्यक्रमलाई सबै क्षेत्रका कार्यक्रमको समाहित सबालका रुपमा समेट्दै संस्थागत गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ। विश्वव्यापी र राष्ट्रिय समस्याका

रुपमा रहेको जलवायु परिवर्तनको नकारात्मक प्रभाव कम गर्न विकास प्रयासमा जलवायु परिवर्तन अनुकुलन गर्नुपर्ने आवश्यकता यस नगरपालिकाले पनि महशुस गरिएको छ। दीगो विकास लक्ष्य अनुसार संकाटासन्न परिवारको उत्थानशीलता प्रवर्द्धन गर्ने, विपद्का कारण आर्थिक विकासमा पर्ने असर कम गर्ने तथा जलवायु परिवर्तन अनुकुलनको क्षमता विकास गर्ने विषय नगरको प्राथमिकताका क्षेत्र हुन्।

## ३. मुख्य अवसर र चुनौती

संविधानले विपद् व्यवस्थापन, नगर प्रहरी, आधारभूत स्वास्थ्य सेवा जस्ता अधिकार एकल अधिकारका रुपमा स्थानीय तहलाई दिएको सन्दर्भमा संवैधानिक अधिकार अनुसार प्राकृतिक वा मानवीय कारणले उत्पन्न हुने विपद् व्यवस्थापनका लागि स्थानीय कानुन निर्माण गरी अघि बढ्ने अवसर नगरलाई छ। एम्बुलेन्स जस्ता आपत्कालीन सेवा व्यवस्थापनमा निजी क्षेत्रसँगको सहकार्य र स्वास्थ्यजन्य महामारीका सन्दर्भमा स्थानीय स्तरका स्वास्थ्य संस्थासँगको संस्थागत सहकार्य गरी विपद् तथा आपत्कालीन व्यवस्थापन सेवा सुधारको अवसर नगरलाई छ। कोभिड १९ को कारण उत्पन्न परिस्थितिका सिकाईहरूका आधारमा समुदाय, संघ संथा र निजी क्षेत्र समेतको साझेदारीमा यस्ता किसिमका स्वास्थ्यजन्य विपद् व्यवस्थापनको एकीकृत रणनीति निर्माण गरी अघि बढ्ने अवसर छ। नगर क्षेत्रमा रहेका पार्क तथा खुला क्षेत्रलाई विपद् को समयमा सुरक्षित आश्रय स्थलको रुपमा उपयोग गर्ने, नगर क्षेत्रमा रहेका नेपाल प्रहरी लगायतका सुरक्षा निकायका स्थानीय इकाईसँगको समन्वय र साझेदारीमा दुर्घटना तथा सुरक्षा चुनौतीको सामना गर्ने रणनीति निर्धारण कार्यान्वयन गर्ने जस्ता अवसर पनि नगरलाई उपलब्ध छ।

विभिन्न नदी प्रणालीले घेरिएको यो नगरलाई सुरक्षित बनाई राख्न आवश्यक पूर्वाधार, जनशक्ति र प्राविधिक क्षमता तयार राख्ने, सार्वजनिक सेवाका पूवार्धार निर्माण गर्दा विपद् तथा जलवायु अनुकुलन गर्ने र गर्भवती, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति आदिको सुरक्षा र सम्मान हुने गरी विपद् व्यवस्थापनमा नगरको संस्थागत क्षमता तयार गर्ने चुनौती पनि रहेको छ। भवन तथा पूर्वाधार निर्माणमा भुकम्पीय सुरक्षा बाहेक सुरक्षित निर्माणको बहुआयामलाई समेटेर निर्माणमा प्राविधिक सहायताका लागि भू-उपयोग योजना तथा भवन निर्माण मापदण्डलाई तालमेल मिलाई अघि बढाउन सक्ने गरी प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने चुनौती पनि नगरलाई छ।

## ४. लक्ष्य

उत्थानशील समुदायसहितको सुरक्षित दमक निर्माण गर्ने।

## ५. उद्देश्य

नगरको विपद् तथा आपत्कालीन सेवालाई प्रभावकारी बनाउने।

## ६. रणनीति तथा कार्यनीति नीतिहरू

**तालिका १/५.४.२ : विपद् तथा आपत्कालीन व्यवस्थापनका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. विपद् तथा आपत्कालीन व्यवस्थापनका आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने। | १. विपद् व्यवस्थापन, जलवायु परिवर्तन एवं आपत्कालीन व्यवस्थापनका कार्यक्रम कार्यान्वयनका लागि कानुनी प्रबन्ध गरिने छ।<br>२. विपद् पूर्व तयारीका संरचनागत र गैर संरचनागत कार्यलाई समान प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| | ३. नगरको विपद् तथा आपत्कालीन व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकुलन कार्ययोजना बनाउनुका साथै सो योजनाले निर्देश गरे अनुरुप बाढी, आगलागी तथा स्वास्थ्यजन्य महामारी नियन्त्रण तथा तत्काल प्रतिकार्यका लागि चाहिने खुला सुरक्षित स्थान निर्धारण र न्यूनतम जनशक्ति तथा पूर्वाधार एवं उपकरणको भरपर्दो व्यवस्थापन गरिने छ ।<br>४. नगरमा प्रकोप, विपद् तथा जलवायु परिवर्तनका समस्या सम्बन्धी सूचना संकलन, विश्लेषण, पूर्व तयारी र प्रतिकार्यका गतिविधि नियमित रुपमा सञ्चालन गर्ने दक्ष जनशक्तिसहितको विपद् व्यवस्थापन शाखा तथा नगरस्तरीय र वडास्तरीय समितिहरू गठन गरिने छ ।<br>५. नगरको विपद् प्रतिकार्य अन्तर्गत राहत, पुनर्स्थापना तथा पुनर्लाभका विशिष्ठ मापदण्ड निर्माण गरी लागु गरिने छ ।<br>६. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले निर्दिष्ट गरेका कार्यक्रम कार्यान्वयनका लागि न्यूनतम स्रोतको उपलब्धता सुनिश्चित गरिने छ ।<br>७. नगरको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण लगायत समयवद्ध रुपमा विपद् व्यवस्थापन योजना कार्यान्वयनको समिक्षा तथा परिमार्जन गरी सार्न्दर्भिक कार्यक्रमलाई बृहत् योजनाको अंग बनाउँदै लगिने छ ।<br>८. पूर्वाधार, उपकरण तथा कानुनी पूर्वाधार तयारीका कार्यमा सहयोग तथा स्रोत जुटाउन आवश्यकता अनुसार संघ, प्रदेश तथा बाह्य सहायता निकायसँगको समन्वयन गरिने छ ।<br>९. भवन निर्माण मापदण्डलाई भुकम्पका अतिरिक्त डुबान, बाढी, आगलागी, चट्याङ,हावाहुरी, शितलहर लगायतका विपद् जोखिम न्यूनिकरणका विषय समेत समावेश गरिने छ । विपद् व्यवस्थापन लक्षित भवन तथा पूर्वाधार निर्माणका मापदण्ड कार्यान्वयनका लागि प्राविधिक जनशक्तिलाई क्षमतायुक्त बनाइने छ । |
| २. वपद्को प्रकृति अनुसार विशिष्टीकृत पूर्वाधारको व्यवस्था गर्ने । | १. वभिन्न प्रकोपका आधारमा जोखिम बस्ती पहिचान गरी दीर्घकालीन बस्ती व्यवस्थापन, आवश्यकता अनुसार स्थानान्तरण तथा जोखिम न्यूनिकरण र अल्पीकरणका कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।<br>२. वर्षाको पानी सडक तथा बस्ती क्षेत्रबाट भू-क्षय नहुने गरी नदी प्रणालीमा बगाउन आकासे पानी व्यवस्थापन प्रणाली (Stormwater Management System) स्थापना गरिने छ ।<br>३. भुकम्प, आगलागी, र अन्य आपत्कालीन स्थितिलाई मध्यनजर राखी औद्योगिक, व्यवसायिक, संस्थागत लगायत ठुला भवनहरूमा नक्सासहितको आपत्कालीन निकास योजना (Emergency Evacuation Plan) अनिवार्य गरिने छ । निकास योजनाबारे भवन प्रयोगकर्तालाई अवगत गराउन आपत्कालीन निकास नक्सा प्रत्येक कोठामा राखिने छ र आवधिक कृत्रिम घटना अभ्यास गराइने छ ।<br>४. वन क्षेत्र नजिकका बस्ती/खेतिमा जंगली हात्तीबाट सुरक्षित रहन आवश्यक संरचना र प्रविधि प्रयोगमा ल्याइने छ । त्यस्तै शहरी क्षेत्रमा दुर्घटना निम्त्याउने छाडा चौपाया र कुकुर नियन्त्रण गरिने छ ।<br>५. सबै नदी तथा होलीको ROW पहिचान र बाढी जोखिम नक्सांकन (Flood Risk Mapping) गरिने छ र सो लाई भवन तथा बस्ती विकास मापदण्डको अंगको रुपमा प्रयोगमा ल्याइने छ ।<br>६. तटबन्ध कार्य सम्पन्न हुनु अगावैको समयलाई मध्यनजर गर्दै, बाढी तथा कट्टान नियन्त्रण तथा यसबाट हुने जोखिम न्यूनिकरणका अस्थायी उपायहरू अपनाइने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ७. मावा, रतुवा र अन्य नदीमा स्थायी तटबन्धको व्यवस्थाका लागि संघीय, प्रदेश सरकार तथा दातृ निकायहरूसँग समन्वय गरी नदी नियन्त्रण कार्यलाई गति दिइने छ। नदी कटान नियन्त्रणका लागि बायोइञ्जिनियरिङ्ग तथा नदी तटमा वृक्षारोपण कार्यक्रमलाई अगाडि बढाइने छ। हरित नगर निर्माणको अभियानमा समेत सहयोग हुने गरी विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन अनुकलनका कार्यक्रम कार्यान्वयन गरिने छ।<br>८. विपद्को समयमा खाली निजी जमिन आश्रय स्थलको रुपमा स्वतः प्रयोगमा आउने व्यवस्था गरिने छ। यसबाट जमिनमा पुगेको क्षति पूर्तिको प्रबन्ध प्रचलित नियम कानुन बमोजिम गरिनेछ।<br>९. खुला स्थानहरूको संरक्षणका साथै टोलस्तरमा सुरक्षित आश्रय स्थल निर्धारण गरिनुका साथै सुरक्षित भवन निर्माणको बेग्लै मापदण्ड बनाई उपयुक्त स्थानमा सुरक्षित सामुदायिक भवन निर्माण गरिने छ। यस प्रयोजनको लागि संघ संस्था, शैक्षिक संस्था, तथा सामाजिक प्रतिष्ठान भवन/परिसरलाई पनि प्रयोगमा ल्याउन सक्ने व्यवस्था गरिने छ।<br>१०. पोखरी, गहिरो जमिन, ठुला खाल्डा, तथा पानी जम्ने सबै स्थानमा दुर्घटना हुन नदिन तारबार एवं संकेत चिन्हको व्यवस्था गरिने छ। साथै ठुला खाल्डा खन्न रोक लगाइने छ भने गहिरो जमिन, ठुला खाल्डा, तथा पानी जम्ने स्थान पुरी वा पुर्न लगाई र आवश्यकता अनुसार प्रयोगमा ल्याइने छ।<br>११. उपलब्ध वारुणयन्त्रको पहुँच विश्लेषण गरी बढीमा १० मिनेटभित्र नगरका आगलागी भएको स्थानमा पुगिसक्ने गरी वारुणयन्त्र व्यवस्थापन गरिने छ। २४सै घण्टा आपत्कालीन सवारी साधन सञ्चालन गर्न सकिने अवस्थामा पुग्ने गरी पूर्वाधार विकास गरिने छ।<br>१२. वारुणयन्त्रमा नै आगलागी सिर्जित स्वास्थ्य समस्या कम गर्न प्राथमिक उपचार गर्न सक्ने जनशक्ति तथा स्वास्थ्य उपकरणको व्यवस्था गरिनुका साथै आगलागी नियन्त्रणको प्राविधिक तालिमयुक्त जनशक्ति परिचालित हुने व्यवस्था मिलाइने छ।<br>१३. आगलागी तथा बाढी उद्धारका लागि नियमित तालिम र कृत्रिम घटना अभ्यासको व्यवस्था नगर, वडा र बस्ती स्तरमा गरिने छ।<br>१४. स्वास्थ्यजन्य महामारी नियन्त्रण तथा प्रतिकार्यका लागि नगर स्तरमा द्रुत प्रतिकार्य टोली बनाइनुका साथै नगरपालिकाले सञ्चालन गरेको दमक अस्पतालमा महामारी नियन्त्रण इकाई गठनमा सहयोगी र समन्वयनकारी भूमिका निर्वाह गरिने छ।<br>१५. सडक दुर्घटना, विद्युतजन्य विपद् तथा अन्य कारणले घाइते भएकाहरूको जीवन रक्षा गर्न आपत्कालीन ट्रमा प्रणालीलाई व्यवस्थित गर्न स्थानीय स्वास्थ्य संस्थासँग संस्थागत समन्वयन गरिने छ।<br>१६. आवश्यकता अनुसार सिसी क्यामेरा जडान गरी प्रहरीको स्थानीय इकाईको समन्वयमा सडक क्षेत्रलाई थप सुरक्षित र मर्यादित बनाइने छ। |
| ३. विपद् प्रतिकार्यमा प्रभावितको सम्मान र सुरक्षाका लागि आवश्यक प्रबन्ध गर्ने। | १. कुनै पनि प्रकारको प्रकोप सिर्जित विपद् प्रतिकार्य गर्दा प्रभावितहरूको सेवा तथा सुरक्षाको नगर मापदण्ड बनाइ पूर्ण कार्यान्वयन गरिने छ।<br>२. विपद्को समयमा अपाङ्गता भएका, जेष्ठ नागरिक, बालबालिका, गर्भवती र बिरामीहरूको सेवाको लागि विशेष प्रबन्ध गरिने छ।<br>३. विपद्को समयमा मनोसामाजिक परामर्श सेवा र परामर्शकर्ताको व्यवस्थापन गरिने छ।<br>४. विपद्को समयमा उपलब्ध गराइने सेवा तथा राहत प्याकेज वितरणमा स्फेयर मापदण्ड (Sphere Standards) र एकद्वार नीति (One Door Policy) को पालना गरिने छ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. नगरको विपद् व्यवस्थापन कोषलाई समृद्ध बनाई मध्यमस्तरको विपद् प्रतिकार्य तथा पुनर्लाभका गतिविधिका लागि नगरलाई आत्मनिर्भर बनाइने छ ।<br>६. विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूसहितको गोदाम घरको व्यवस्था र यसको पहुँच सुनिश्चितता गरी यसको सञ्चालन कार्यविधि समेत बनाइनेछ ।<br>७. विपद् व्यवस्थापनमा अब्बल/अग्रज संघ संस्था र व्यक्तित्व तथा स्थानीय क्लब, समिति, प्रतिष्ठानहरूसँग साझेदारी गरिने छ । |
| ४. नगर विकासका सबै पक्षमा विपद् तथा जलवायु परिवर्तन अनुकुलनका विषयलाई मुल प्रवाहीकरण गर्ने । | १. नगरमा जलवायु परिवर्तन अनुकुलन बजेट तर्जुमा विधि निर्धारण गरी कार्यान्वयन गरिने छ ।<br>२. सबै भौतिक पूर्वाधारका कार्यमा विपद् जोखिम न्यूनिकरण तथा अल्पीकरणका संरचनागत कार्य समावेश गरिने छ ।<br>३. निश्चित रकम भन्दा माथिका पूर्वाधार निर्माणका कार्यको योजना बनाउँदा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलनको कार्ययोजना समावेश गर्ने व्यवस्था गरिने छ ।<br>४. उद्योग तथा कलकारखाना स्थापना गर्दा हरित गृह ग्याँस (greenhouse gas) उत्सर्जन निरुत्साहित गरिनुका साथै न्यूनिकरणका कार्यक्रम समेत एकीकृत रुपमा अघि बढाउनु पर्ने व्यवस्था गरिने छ ।<br>५. नगर सरसफाई, खानेपानी व्यवस्थापन, स्वास्थ्य सेवा आदि सञ्चालनका पूर्वाधार तयार गर्दा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान पुग्ने गरी गरिने छ । |
| ५. अग्नी नियन्त्रण सेवाको सुदृढीकरण गर्ने । | १. वारुणयन्त्र सेवाको सेवा व्यवस्थापनका लागि नगर प्रहरी एवं वारुणयन्त्र सेवा सम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गरिने छ ।<br>२. वारुणयन्त्रको पहुँच सबै समुदायसम्म हुने गरी पूर्वाधार विकास गर्नुका साथै सबै व्यवसायिक भवन तथा पानी संकलन केन्द्रहरूमा पानीको न्यूनतम मौज्दात कायम गरिने छ ।<br>३. वारुणयन्त्र सेवा तथा कार्यक्षेत्र विस्तार, संरचना निर्माण, नयाँ प्रबिधि/उपकरण खरिद, नियमित तालिम तथा कृत्रिम घटना अभ्यास, आगलागी सम्बन्धी सचेतना अभिवृद्धि लगायत कार्य गरिने छ । आगलागी समयमा मानिस बाहेक पशु वस्तु तथा सम्पतिमा पुग्ने क्षति कम गरी सुरक्षित स्थानमा स्थानान्तरणलाई समेत उत्तिकै प्राथमिकतामा राखिने छ ।<br>४. सबै व्यवसायिक भवन तथा संस्थाहरूमा अग्नी नियन्त्रण ग्याँस अनिवार्य राख्नुपर्ने व्यवस्था गरिनेछ । |
| ६. नगर सुरक्षामा नगरपालिकाको भूमिका व्यवस्थित गर्ने । | १. नगर प्रहरीको काम कर्तव्यसहितको स्थानीय कानुन बनाई कार्यान्वयन गरिने छ ।<br>२. नगर प्रहरीलाई नगरपालिका कार्यालय सुरक्षाको साथै, आपत्कालीन समयमा खोज, उद्धार, राहत वितरण साथै हाट, बजार, मेला, तथा अन्य प्रयोजनमा हुने भिडभाड नियन्त्रण, बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन, सार्वजनिक संरचना सम्पतिको सुरक्षा, प्राकृतिक स्रोत, पार्क, खुला क्षेत्र, मैदान सुरक्षा जस्ता कार्यको नियमन तथा साँस्कृतिक जमघट व्यवस्थापन जस्ता कार्यमा परिचालन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. ट्राफिक प्रहरी तथा जनपद प्रहरीका साथै सशस्त्र प्रहरी लगायत सुरक्षा निकायसँगको समन्वयमा नगरको शान्ति सुरक्षा, मदिरा तथा लागुऔषध सेवन एवं वितरण र अन्य सबै अपराधिक गतिविधि नियन्त्रण र सवारी व्यवस्थापन लगायतका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।<br>४. सडक बत्ती तथा सघन बस्ती र बजार क्षेत्रमा सिसी क्यामेरामार्फत् आपराधिक गतिविधिको निगरानी तथा प्रतिकार्यका लागि समन्वयकारी भूमिका निर्वाह गरिने छ ।<br>५. लागुऔषध, सामाजिक अपराध एवं सवारी दुर्घटना सम्बन्धी जनचेतनाका कार्यक्रमहरू एवं अभियानहरू सञ्चालन गरिनेछ ।<br>६. आवश्यकता अनुसार क्लस्टर स्तरमा प्रहरी बिटहरूको व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय गरिने छ । |

### तालिका २/५.४.२ : आवधिक प्राथमिकता : विपद् तथा आपत्कालीन व्यवस्थापन

**क.** संविधानको अनुसूची ८ मा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा सूचीकृत गरिएको छ । त्यसैगरी अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समेत विपद् व्यवस्थापनलाई समेटेको छ । नगरपालिकामा विपद् ब्यवस्थापन सम्बन्धी ऐन नियम नबनेको र सो अन्तर्गत निर्माण हुनुपर्ने कार्यविधि निर्माण नभएको अवस्था रहेको छ । यसका साथै नगर वा वडाहरूमा विपद् स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशील योजना निर्माण भएको छैन । तसर्थ ऐनको प्रावधान अनुसार नगरको विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐन, नियमावली, कार्यविधि, रणनीति र कार्यक्रम तय गरी स्थानीय तहको विपद् तथा आपत्कालीन ब्यवस्थापनको संस्थागत नेतृत्व नगरपालिकाले लिने गरी विपद् तथा जलवायु उत्थानशील नगर निर्माण गर्न निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जलवायु अनुकुलन तथा आपत्कालीन व्यवस्थापन (शान्ति सुरक्षा, आगलागी नियन्त्रण, सडक सुरक्षा, वन्यजन्तु आतंक, स्वास्थ्यजन्य महामारी नियन्त्रण) का विषय समेटी जलवायु अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका बनाउने । | १. विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी कानुनको पुनरावलोकन र संशोधन गर्ने । | १. परिवर्तित सन्दर्भमा विपद् तथा आपत्कालीन व्यवस्थापन र अनुकुलन सम्बन्धी स्थानीय कानुनमा आवश्यक परिमार्जन तथा नयाँ कार्यविधि तथा निर्देशिका निर्माण गर्ने । |
| २. जलवायु परिवर्तन अनुकुलनमैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिका तयार गर्ने । | २. जलवायु परिवर्तन अनुकुलनमैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिकामा आवश्यक परिमार्जन गर्ने । | २. स्थानीय बजेटलाई जलवायु परिवर्तन अनुकलनमा केन्द्रित बजेट वर्गीकरणको पद्धति विकास गर्ने । |
| ३. नगरस्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा वडास्तरमा सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्ने । | ३. स्थानीय, सामुदायिक एवं विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको वार्षिक रुपमा समिक्षा तथा परिमार्जन गर्ने एवं नयाँ योजनाहरू निर्माण गर्ने । | ३. स्थानीय, सामुदायिक तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणलाई निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. दीगो विकासको लक्ष्य १३ अनुसार जलवायु परिवर्तन र यसको प्रभाव रोक्नका लागि तत्काल कदम चाल्नुपर्ने लक्ष्य हाँसिल गर्नका लागि नगरमा आवासीय, यातायात, औद्योगिक क्षेत्रहरूबाट हरित गृह ग्याँसहरू उत्सर्जन न्यूनिकरणका लागि आवश्यक निर्देशिका निर्माण एवं अनुगमन गर्ने । | ४. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरूलाई नगरको योजनाहरूमा समायोजन गर्ने । | ४. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरूलाई आफ्नो योजनाहरूमा समायोजन गर्ने । |
| ५. विपद्को समयलाई मध्यनजर गरी स्थानीय बजार व्यवस्थापन ऐनमा विपद व्यवस्थापनलाई समावेश गरी उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न संशोधन गर्ने । | ५. विपद्लाई मध्यनजर गर्दै बजार अनुगमन निर्देशिकाको आवधिक समिक्षा गर्दै आवश्यकता अनुरुप परिमार्जन गर्ने । | ५. बजार अनुगमन निर्देशिकाको समयानुसार परिमार्जन एवं संशोधन गर्ने । |

**ख.** संविधानको भाग ४ धारा ५१ 'छ' को प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनिकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने कुरा उल्लेख छ । पूर्वी, पश्चिमी र दक्षिणी सिमामा रहेका समुदाय तथा बस्तीहरूमा रतुवा र मावा नदीहरूबाट कटान, डुबान र बाढीको प्रकोप रहेको छ । वडा नं. १, २, ७ र ८ बाढीबाट उच्च जोखिममा रहेको छ ।

नगरमा विशेषतः ठुला नदी बग्ने गरेको र वर्षायाममा नदीहरूले आसपासका भू-भागहरू वर्षेनी कटान गरी क्षति पुऱ्याई रहेको छ । त्यस्तै बाढीले वर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । जसलाई नक्सा नं. १/५.४.२ पनि देखाइएको छ । नक्सामा बाढीबाट क्षति हुन सक्ने घरधुरीहरूको चित्रण गरिएको छ । नक्साको आधारमा जोखिममा रहेका बस्तीहरू पहिचान गरी बस्ती स्थानान्तरण एवं उक्त जोखिमयुक्त स्थानहरूलाई मध्यनजर गरी आवश्यक स्थानहरूमा बाढी रोकथामका कार्यहरू पनि गर्न सकिन्छ । तसर्थ वातावरणलाई क्षति पुऱ्याउन सक्ने सम्भावित घटना वा आपत्कालीन स्थितिको विश्लेषण गरी त्यस्ता घटना वा परिस्थितिलाई प्रभावकारी एवं उपयुक्त ढंगले सामना गर्न सक्षम हुनका निमित्त विभिन्न योजनाहरू निर्माण एवं प्रभावकारी कार्यान्वयनको आवश्यकता छ ।

नक्सा १/५.४.२ : बाढीबाट जोखिमयुक्त बस्ती




| Riverside Settlement | HHs |
|---|---|
| Within 50m | 215 |
| Within 100m | 479 |
| Within 200m | 1251 |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
| --- | --- | --- |
| १. मावा र रतुवा नदीमा स्थायी तटबन्धको आवश्यक व्यवस्थाका लागि संघीय सरकार, प्रदेश सरकार तथा दातृ निकायहरूसँग समन्वय गरी नदी नियन्त्रणका लागि भैरहेको कार्यमा अझ तिब्रता ल्याउने, नदी नियन्त्रण तथा भू-क्षय व्यवस्थापनको लागि बायो इञ्जिनियरिङ्ग तथा तट हरितकरण कार्यक्रमलाई अगाडि बढाउने । | १. बाढी डुबानबाट क्षतिग्रस्त क्षेत्रहरूको पहिचान गरी विभिन्न संघ संस्थाहरूसँगको समन्वयमा भू-क्षय तथा नदी कटान रोकथामका लागि तटबन्धन गर्ने । | १. साझेदारीमा विपद् तथा जलवायु समानुकुलित विकास योजनाहरू सञ्चालन गर्दै आगामी वर्षहरूमा नगरपालिका आफैले विगतका साझेदारीमा भएका सकारात्मक कार्ययोजनाहरूको अनुशरण गर्दै विपद् व्यवस्थापनका लागि कार्ययोजनाहरू बनाई कार्यान्वियन गर्ने । |
| २. प्रभावकारी पूर्व तयारी र प्रतिकार्यका लागि सम्भाव्य प्रकोपहरूको आंकलनसहितको भौगोलिक सूचना प्रणाली (GIS based) पूर्व सूचना प्रणालीको विकास र विस्तार गर्ने । | २. सम्भावित हानी, नोक्सानी एवं क्षति कम गर्न जोखिम क्षेत्रमा रहेका व्यक्ति, समुदाय एवं संघ/संस्थाहरूलाई पूर्व तयारीमा रहन र समयमा नै उपयुक्त ढंगले कार्य गर्न आवश्यक पर्ने पूर्व सूचना चेतावनी प्रणालीको विकास गर्ने । | २. मुख्य नदीहरूमा बाढीको अनुगमन गरी पूर्व सूचना प्रणालीलाई थप प्रभावकारी बनाउँदै लैजाने । |
| ३. प्राकृतिक प्रकोपका हिसाबले जोखिममा रहेका स्थानहरूमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी वातावरणीय सन्तुलन कायम राख्दै हरियाली प्रवर्द्धन गर्ने । | ३. वृक्षारोपण बिरुवाहरूको संरक्षण गर्दै वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने । | ३. वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने । |

**ग.** नगरपालिकामा "संशोधित भवन तथा योजना मापदण्ड-२०७४, दमक नगरपालिका", "भूमि व्यवस्थापन कार्यविधि २०७४", जग्गा प्लटिङ्ग कार्यनीति, २०७५ र जग्गा विकास प्लटिङ्ग सम्बन्धी आवेदन र कार्यविधि-२०७४ रहेको छ । तर भवन निर्माण गर्दा विपद् व्यवस्थापन समेतलाई दृष्टिगत गरी जमिनको अवस्था निर्धारण गरी निर्माण स्वीकृति दिने मापदण्ड भएता पनि भू-उपयोग नीति र भू-उपयोग योजनामार्फत् भवन निर्माण गर्न मिल्ने वा नमिल्ने आधारमा जग्गा वर्गीकरण नभएको अवस्था रहेको छ । नगरपालिकामा विपद् प्रतिरोधी भवन निर्माणका लागि भवन निर्माण संहिता कार्यान्वयनका लागि प्राविधिकसहितको भवन तथा बस्ती विकास उपशाखा रहेको छ । तर सबै किसिमका भवनको स्वीकृति तथा निर्माणको अनुगमन प्रक्रियामा स्थलगत रुपमा अध्ययन गरी सुरक्षाका मापदण्ड पूर्ण पालना भएको एकिन गर्नमा जनशक्तिको अपर्याप्तता रहेको छ । दीर्घकालीन बस्ती विकास र पूर्वाधार लगानीको लागि भने भू-वैज्ञानिक र जलविज्ञानका विशेषज्ञहरूद्वारा उक्त स्थानको विस्तृत जाँच गराई त्यस्ता अध्ययनमा प्रकोपका घटना एवं तथ्याङ्क आदि सम्मिलित विवरण र विश्लेषण गरी भवन निर्माण गर्न आवश्यक रहेको छ ।

तसर्थ मानवीय जीवन सुरक्षा र हित सुनिश्चित गर्न र नभत्कने खालका सुरक्षित भवन संरचना निर्माणका लागि आवश्यक पर्ने संरचनाको डिजाइन, निर्माण पद्धति, निर्माण सामग्री, मर्मत-सम्भार परिमार्जन, भोगचलन जस्ता पक्षहरूको नियमन तथा नियन्त्रणका निम्ति जारी ऐन वा नियम/विनियम तथा सम्बद्ध मापदण्डहरूको आवश्यकता छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग योजनाहरूमा विपद् जोखिम व्यवस्थापन एकीकरणका लागि आवश्यक विधि निर्धारण गर्ने । | १. विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलताका विषयलाई भू-उपयोग, यातायात लगायत सार्वजनिक निर्माण, वातावरण र प्राकृतिक श्रोत संरक्षण लगायतका क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको मापदण्डमा समेट्ने । | |
| २. भुकम्पीय सुरक्षाका अतिरिक्त सुरक्षित निर्माणको बहुआयामलाई समेटेर भवन तथा पूर्वाधार निर्माणमा प्राविधिक सहायता गर्न सक्ने गरी प्राविधिक शाखाको क्षमता विकास गर्ने । | २. आवश्यकता हेरी भवन तथा पूर्वाधार निर्माणमा प्राविधिकहरू थप गर्ने र उक्त शाखाका कर्मचारीहरूका लागि अनुशिक्षण उपलब्धतालाई निरन्तरता दिने । | २. आवश्यकता हेरी भवन तथा पूर्वाधार निर्माणमा दक्ष प्राविधिकहरू थप गर्ने । |

**घ.** नगरपालिकामा विपद् व्यवस्थापन कोष निर्देशिका, २०७४ रहेको छ । विपद् व्यवस्थापन समिति गठन हुनुका साथै नागरिकहरूलाई विपद् उत्थानशील बनाउने तथा तत्काल प्रतिकार्य गर्ने संरचना नगरमा तयार भएको र विपद् प्रभावितलाई तत्काल राहत उपलब्ध गराउनका लागि न्यूनतम आर्थिक स्रोतको पूर्व व्यवस्था भएको । साथै नगरपालिकाको क्रियाकलापहरूलाई कार्यान्वयन गर्दा पारदर्शी, जवाफदेही, नियमसम्मत, सहभागितामुलक प्रक्रिया अवलम्बन गर्ने गरेको छ तर विपद्मा परेका समुदायका लागि खोज उद्दार र राहतको सेवा वडास्तरबाट समयमा नै उपलब्ध गराउन सक्ने गरी संस्थागत र आर्थिक व्यवस्थापन नभएको तथा विपद् प्रभावितले पाउने राहत सामग्रीहरूको न्यूनतम मापदण्ड निर्धारण र कार्यान्वयन हुन नसकेको अवस्था रहेको छ । तसर्थ, नगरपालिकामा विपद् व्यवस्थापन योजना एवं प्रतिकार्य योजना निर्माणको अभ्यास नगरमा नभएको सन्दर्भमा योजना निर्माण र अध्यावधि गर्ने अभ्यासलाई नियमित गराउनु तथा सबै विपद् प्रभावितलाई स्फेयर मापदण्ड अनुकुलको राहत वितरण हुने अवस्थामा पुऱ्याउनु नगरको प्राथमिकतामा रहेको छ । त्यसैले आपत्कालीन अवस्थामा जनधनको सुरक्षा तथा सेवा प्रदान गर्ने आकस्मिक योजना लगायत विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूको व्यवस्था गरी वडास्तरमा समेत प्रतिकार्य एवं राहतका सामग्री एवं गोदाम घरको व्यवस्थापन गरी सेवा प्रवाह गर्नको निमित्त निम्न बुँदाहरूलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विपद्को समयमा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका एवं ज्येष्ठ नागरिकको सुरक्षा तथा आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलनका प्रावधानसहितको स्थानीय कार्यविधि निर्माण गर्ने । | १. अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका एवं ज्येष्ठ नागरिकको सुरक्षा तथा आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलका प्रावधानसहितको स्थानीय कार्यविधिमा आवश्यकता अनुरुप परिमार्जन गर्ने । | १. आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलनका प्रावधानसहितको स्थानीय कार्यविधिमा समयानुसार संशोधन एवं परिमार्जन गर्ने । |
| २. विपद् प्रभावित समुदायहरूका लागि राहत एवं पुनर्स्थापनाका लागि आवश्यक कार्ययोजना एवं आर्थिक सहयोगका लागि कानुनी व्यवस्था गर्ने । | २. विपद् प्रभावित समुदायहरूका लागि राहत एवं पुनर्स्थापनाका लागि बनेका नीतिहरूको आवधिक समिक्षासँगै आवश्यक परिमार्जन गर्ने । | २. विपद् प्रभावित समुदायहरूका लागि राहत एवं पुनर्स्थापनाका लागि बनेका नीतिहरूको आवधिक समिक्षासँगै आवश्यक परिमार्जन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. विपद् प्रभावितका विपद् प्रतिकार्य कोष सञ्चालन कार्यविधि निर्माण गर्ने । | ३. सरोकारवालासँगको समन्वय बढाई विपद् व्यवस्थापन कोषमा जुट्ने सहयोगको दायरा विस्तार गरी मुलधनको आकार वृद्धि गरी सबै किसिमका विपद् प्रतिकार्य गर्न सक्ने अवस्थामा पुऱ्याउने । | ३.विभिन्न संघ संस्थाहरूसँग समन्वय गरी विपद् प्रतिकार्य कोषको रकम वृद्धि गर्ने । |
| ४. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने । | ४ विपद् व्यवस्थापन (पूर्व तयारी, आपत्कालीन प्रतिकार्य र पुनर्लाभ) को वित्तीय रणनीति तयार गरी लागु गर्ने । | ४. समयानुसार विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाहरूमा परिमार्जन गर्दै आवश्यकता अनुरुप नयाँ योजनाहरू निर्माण गर्ने । |
| ५. विपद् प्रतिकार्यका औजारहरू उपयुक्त अवस्थामा राख्नुका साथै क्लस्टरगत रुपमा सामुहिक बसोबासको सामग्री सेटको पूर्व व्यवस्था गर्ने । | ५. विपद् व्यवस्थापनका निमित्त बनाइने गोदाम घरको सञ्चालन एवं व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गरी आवश्यकता हेरी गोदाम घरको व्यवस्था प्रत्येक वडामा गर्ने । | ५. क्लस्टरगत रुपमा रहेका विपद् प्रतिकार्य औजारमा आवश्यक थपघट तथा सामुहिक बसोबासका सामग्रीको अपुग पूर्ति र उपयोगिता कायम गर्ने । |
| ६.नगर, वडा, विभिन्न सेवा प्रदायकककका भवनमा आपत्कालीन निकाशद्वार राख्ने अनिवार्य व्यवस्था गरी कार्यान्वयन शुरु गर्ने । नगरपालिका भवनबाट यसको शुरुवात गर्ने । | ६.आपत्कालीन निकासको प्रबन्धलाई सबै संस्थाथत र व्यवसायिक भवनसम्म विस्तार गर्ने । | |

ङ. आपत्कालीन आश्रयस्थलको रुपमा प्रयोग गर्नको लागि नगरपालिकामा सामुदायिक भवन, खुला स्थान र पार्कहरू रहेको छ । नगरपालिकामा विपद्को समयमा आपत्कालीन कक्षको लागि सुरक्षित स्थानहरू पहिचान नगरिएको जसले गर्दा सुरक्षित स्थानको बारेमा नगरबासीहरूमा जानकारी नभएको अवस्था रहेको छ । नगर क्षेत्रमा जनघनत्व बढेसँगै सुरक्षित भवन एवं खुल्ला स्थानहरूको आवश्यकता भएकाले आगामी वर्षका लागि निश्चित क्षमताका सुरक्षित भवन निर्माण गर्नुपर्ने आवश्यकता छ । तसर्थ विपद्का दृष्टिकोणले आपत्कालीन आश्रय स्थलको रुपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुल्ला स्थान, सुरक्षित भवन र पार्कहरूको संख्यामा अपर्याप्तता भएको साथै यसको संरक्षण आवश्यक भएका कारण निम्न बुँदाहरू प्राथमिकतामा राखिएका छन् ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगर तथा वडास्तरमा रहेका सुरक्षित भवनको अवस्था विश्लेषण गर्ने । ग्रामीण क्षेत्रमा आपत्कालीन आश्रयस्थल पहिचान र निर्धारण गर्ने र सुरक्षित आश्रय स्थलको निर्माण गर्ने । | १. बाल तथा अपाङ्गमैत्री र विपद् प्रतिरोधात्मक बहुउपयोगी शौचालय, खानेपानी, वैकल्पिक ऊर्जाको व्यवस्था भएको प्रत्येक नगरबासीको पहुँचमा पुग्ने गरी नगरमा सुविधायुक्त सुरक्षित भवनहरू निर्माण गरी समुदायको जानकारीमा ल्याउने । | १. जोखिमयुक्त बस्ती स्थानान्तरण गरी भू-उपयोग योजना बमोजिम सुरक्षित एकीकृत बस्ती निर्माण गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. विपद् परेको समयमा प्रयोग गर्नका लागि खुल्ला स्थान तथा चौरहरूको पहिचान र नक्सांकन गर्ने र सबै वडामा खुला स्थान पहिचान गरी इन्भेन्टरी तयार गर्ने र टोलगत रुपमा खुला स्थान सम्बन्धी सूचना प्रवाह गर्ने । | २. खुल्ला स्थानहरूको संरक्षणमा स्थानीयलाई प्राथमिकता दिँदै सरसफाई लगायत संरक्षणका कार्यक्रमहरू गर्ने र निर्माण भएका सुरक्षित स्थलहरूको नियमित अनुगमन गर्ने । | २. सुरक्षित आश्रय स्थलको व्यवस्थापन तथा उपयोगिता कायम राख्ने र खुल्ला स्थान एवं सुरक्षित आश्रय स्थलहरूको नियमित अनुगमन गर्ने । |
| ३. पूर्वाधार र सेवा व्यवस्थापन शाखाका कर्मचारीका लागि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने । | ३. पूर्वाधार र सेवा व्यवस्थापन शाखाका कर्मचारीका लागि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने । | ३. विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने । |

**च.** नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार अन्तर्गत नगर प्रहरी सम्बन्धी अधिकार पनि समेटेको र नेपालको संविधानको धारा २१६ को उपधारा (१) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बनाएको जसअन्तर्गत नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत तथा पुनर्स्थापनामा नगर प्रहरी परिचालन गर्न सकिने विषय समेटिएको छ । नगरमा नगर प्रहरीको व्यवस्था भई नगरका विभिन्न कार्यक्रममा परिचालन गरिएको छ । नगर प्रहरीलाई आपत्कालीन समयमा साथै हाट तथा अन्य प्रयोजनमा हुने भिडभाड नियन्त्रण, बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन जस्ता कार्यको नियमन तथा साँस्कृतिक जमघट व्यवस्थापन जस्ता कार्यमा परिचालन गर्नका निमित्त नगर प्रहरी व्यवस्थापन सम्बन्धी नीति निर्देशिकाको आवश्यकता रहेको छ । यसका साथै दमक नगरपालिकाको दूरदृष्टि पनि सुरक्षित, सुखी दमक रहेकोले पनि यसलाई सार्थक बनाउन तलका प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगर प्रहरी गठन र सञ्चालन सम्बन्धी ऐन र नियमावली निर्माण गर्ने । | १. नगर प्रहरी सञ्चालन सम्बन्धी बनेका नीतिहरूको आवधिक समिक्षा गरी आवश्यकता अनुरुप परिमार्जन गर्ने । | १. नगर प्रहरी सञ्चालन सम्बन्धी बनेका नीतिहरूको आवधिक समिक्षा गरी आवश्यकता अनुरुप संशोधन गर्ने । |
| २. विपद् प्रतिकार्य तथा आपत्कालीन सेवा प्रवाहमा आवश्यकता अनुसार नगर प्रहरी परिचालनको अभ्यास शुरु गर्ने । | २. विपद् प्रतिकार्य र आपत्कालीन सेवामा नगर प्रहरीलाई परिचालन गर्ने । | २. नगर प्रहरीको थप व्यवस्थासँगै विपद् प्रतिकार्य र आपत्कालीन सेवामा नगर प्रहरीलाई परिचालन गर्ने । |
| ३. समुदाय स्वयं तथा नगर प्रहरी र अन्य सुरक्षा संयन्त्र (प्रहरी, सेना आदि) को सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू लगायत सम्पदा क्षेत्र संरक्षण गर्ने । | ३. नगर प्रहरी, अन्य सुरक्षा संयन्त्र र स्थानीय (प्रहरी, बन विभाग, आदि) को सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू संरक्षण गर्ने । | ३. नगर प्रहरीको सेवाको निरन्तरता र विस्तार गर्दै जाने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. विपद्को समयमा गरिने खोज तथा उद्धार, पुनर्स्थापना एवं व्यवस्थापन कार्यलाई सहज तथा प्रभावकारी बनाउनका लागि प्रहरी र नगर प्रहरी एवं नागरिक बिचमा पारस्परिक सम्बन्ध कायम गरी सम्बन्धित निकायसँगको समन्वयमा नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाईलाई स्थानीय शान्ति सुरक्षाको चुनौती सामना गर्न सघाउने गरी क्षमता विकासका सैद्धान्तिक कक्षा सञ्चालन गर्ने । | ४. नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाईलाई स्थानीय शान्ति सुरक्षाको चुनौती सामना गर्न सघाउने गरी क्षमता विकासका कार्यक्रमहरू आयोजना गर्ने । | ४. नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाईको क्षमता विकासका कार्यक्रमहरूलाई निरन्तरता दिने । |

**छ.** नगरमा सडक दुर्घटना पनि प्रमुख समस्याको रुपमा रहेको छ । तसर्थ नगरमा दुर्घटना हुने क्रम बढ्दो रहेकोले सडक सुरक्षाको दुष्टिकोणबाट दुर्घटनाको सम्भाव्यतालाई मध्यनजर गर्दै सडक सुरक्षा कायम गर्न विभिन्न नीतिका साथै सडक स्तरोन्नति आवश्यक भएकाले निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. आवश्यक स्थानमा सिसी क्यामेराको व्यवस्था गर्ने । | १. सडक दुर्घटना एवं अन्य सामाजिक अपराधका गतिविधि न्यूनिकरण गर्न आवश्यक स्थानहरूमा सिसी क्यामेराको व्यवस्था गर्ने । | १. सडक दुर्घटना न्यूनिकरणका लागि भएका प्रविधिहरूको विकासलाई सम्भाव्यता हेरी नगरमा व्यवस्था गरी सडक दुर्घटना एकदमै न्यून बनाउने । |
| २. समुदाय र निजी क्षेत्रको समन्वयमा बजार क्षेत्रमा सडक बत्तीको व्यवस्थापन गर्ने । | २. सडक बत्ति एवं सिसी क्यामेराको व्यवस्था नगरका प्रत्येक स्थानमा पुऱ्याउने । | २. सडक बत्तिको व्यवस्थासँगै आवश्यक मर्मत गरी यसको विस्तार गर्ने । |
| ३. सडक दुर्घटनालाई मध्यनजर गरी आवश्यक स्थानमा सडक चिन्हहरू, सिग्नलहरू, जेब्राक्रस एवं ट्राफिक प्रहरीहरूको व्यवस्था गर्ने । | ३. सबै घरमा आपत्कालीन सेवा सुनिश्चित हुने गरी सडक पूर्वाधार विकास गर्ने । सडक दुर्घटना नियन्त्रणका लागि जोखिमयुक्त स्थानहरूमा सडक सुरक्षाको संरचना बनाउने । | ३.आवश्यकता हेरी नगरमा रहेका स्थानमा ट्राफिक चिन्ह, ट्राफिक लाइटहरूको मर्मत सम्भार गर्ने तथा आवश्यक स्थानमा ट्राफिक चिन्ह, ट्राफिक लाइट एवं ट्राफिकहरूको व्यवस्था गर्ने । |
| ४. प्रहरी बिटहरूको व्यवस्थापन गर्ने । | ४. आवश्यकता अनुरुप ट्राफिक बिट एवं ट्राफिक प्रहरीहरूको थप व्यवस्था गर्ने । | ४. शहरीकरण बढेसँगै ट्राफिक बिट एवं ट्राफिक प्रहरीहरूको थप व्यवस्था गर्ने । |
| ५. सडक दुर्घटना हुने क्षेत्रहरूको पहिचान गरी न्यूनिकरणका लागि ट्राफिक सचेतना कार्यक्रमका साथै ट्राफिक प्रहरी तथा जनपद प्रहरीका स्थानीय इकाईसँगको नगरको शान्ति सुरक्षा, लागु औषध नियन्त्रण र सवारी व्यवस्थापन लगायतका कार्यक्रम समन्वय बैठक नियमित सञ्चालनको अभ्यास गर्ने । | ५. सडक दुर्घटना न्यूनिकरणका लागि सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । | ५. सडक दुर्घटना न्यूनिकरणका लागि सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |

**ज.** अव्यवस्थित विद्युतीय तार, इन्टरनेट एवं केबल नेटवर्कका तारहरूका कारण नगरमा आगलागीको सम्भावना बढिरहेको छ। आगलागी नियन्त्रणका लागि नगरले आपत्कालीन सेवाका लागि महत्वपूर्ण मानिएको वारुणयन्त्र आफैंले सञ्चालन गरेको छ । नगरमा स्थानीय संघ संस्थामार्फत् एम्बुलेन्स सेवा प्रवाह भइरहेको छ । आपत्कालीन अवस्थाका लागि नगरमा ऐम्बुलेन्स एवं वारुणयन्त्रहरू अपर्याप्तता रहेको छ जसलाई तलको चित्र २/ ५.४.२ द्वारा प्रस्ट्याइएको छ। नगरमा रहेका एम्बुलेन्स एवं दमकलले केही आसपासका क्षेत्रमा मात्र सेवा पुऱ्याउन सक्दछ तर नगरका अन्य वडाबासीहरू आपत्कालीन समयमा यस सुविधालाई छिटो छरितो सेवाको पहुँचमा पुग्न नसकेको अवस्था रहेको छ । तसर्थ सम्पूर्ण नगरबासीले ऐम्बुलेन्स, शवबहान, दमकल जस्ता सेवाहरूमा सहज पहुँच पुऱ्याई विपद् जोखिमबाट सुरक्षित नगर निर्माण गर्नका निमित्त निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ।

**नक्सा २/५.४.२: नगरमा रहेका आपत्कालीन प्रतिकार्य सम्बन्धी सुविधा**



| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वारुणयन्त्र सञ्चालन, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन सम्बन्धी कार्यविधि निर्माण गर्ने । | १. वारुणयन्त्र, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन कार्यविधिको आवधिक समिक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १.वारुणयन्त्र, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन कार्यविधिको आवधिक समिक्षा गरी आवश्यक परिमार्जन गर्ने । |
| २. विद्युतिय तार, अनावश्यक बिजुली, सञ्चार तथा इन्टरनेटका तारहरूको व्यवस्थापन गर्न आवश्यक निर्देशिका तयार गर्ने र सम्बन्धित निकाय एवं स्थानीयहरूको सहकार्यमा विद्युतीय र केबलका लागि टाँगिएका अनावश्यक तारहरू हटाउने । | २. विद्युतीय एवं केवल नेटवर्कका तारहरूको नियमित अनुगमन गरी आवश्यकता अनुरुप विद्युतीय पोलहरू एवं नांगा तारलाई व्यवस्थापन गर्ने । | २. विद्युतीय एवं केवल नेटवर्कका तारहरूलाई भूमिगत गर्न आवश्यक व्यवस्था मिलाउने । |
| ३. वारुणयन्त्र सञ्चालनका लागि प्रशिक्षित फायरम्यानको व्यवस्था गर्ने । | ३. वारुणयन्त्रहरूको संख्या बृद्धिसँगै प्रशिक्षित फायर म्यानहरूको व्यवस्था गर्ने । | ३. वारुणयन्त्रहरूको मर्मत सम्भार सँगै आवश्यकतानुसार प्रशिक्षित फायर म्यानहरूको व्यवस्था गर्ने । |
| ४. व्यवसायिक, संस्थागत तथा सामुदायिक भवन, विद्यालय, सरकारी भवन, कलकारखाना जस्ता मानिसको बढी जमघट हुने संचरनामा अग्नि नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य रुपमा राख्ने सम्बन्धी निर्देशिका निर्माण गर्ने । | ४. अग्नी नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य राख्ने सम्बन्धमा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने । | ४. अग्नी नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य राख्ने सम्बन्धमा निर्देशिकाको आवधिक समिक्षा गर्दै आवश्यक परिमार्जन गर्ने । |
| ५. वारुणयन्त्र तथा एम्बुलेन्सको सेवा सबैतिर समयमा पुऱ्याउनका लागि भौतिक पूर्वाधार, जनशक्ति तथा सम्बन्धित उपकरणको व्यवस्थापन गर्ने । | ५. नगर अस्पतालमार्फत् "ख" वर्गको (स्वास्थ्य सहायक सहितको) एम्बुलेन्स सेवा सञ्चालन गर्ने । | ५. "ख" वर्गको एम्बुलेन्स सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी कम्तीमा ३ ओटा एम्बुलेन्स नगर अस्पताल वा क्लस्टर स्तरबाट सञ्चालन गरी हालको एम्बुलेन्स सेवालाई विस्थापित गर्ने । |
| ६. बढी जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा गर्भवती) लाई आपत्कालीन स्वास्थ्य सेवा पुऱ्याउन सहयोग गर्न एम्बुलेन्स सेवा नि:शुल्क गराउन पहल गर्ने । | ६. बढी जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा गर्भवती) लाई आपत्कालीन स्वास्थ्य सेवा पुऱ्याउन सहयोग गर्न एम्बुलेन्स सेवा नि:शुल्क गराउन नगरपालिकाबाट लागत व्यहोर्ने व्यवस्था मिलाउने । | ६. एम्बुलेन्स लगायतका आपत्कालीन सेवामा जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा गर्भवती) को नि:शुल्क पहुँच सुनिश्चित गर्ने । |
| ७. एम्बुलेन्स, दमकल समयमा पुऱ्याउनको निमित्त सडक स्तरोन्नति गर्ने । | ७. सबै किसिमका आपत्कालीन सेवा कम्तीमा टोलस्तरमा पुग्ने गरी वडास्तरका सडकलाई ग्राभेल गरिसक्ने र क्लस्टर स्तरमा एम्बुलेन्स रहने गरी स्थानीय र बाह्य संघ संस्था तथा निजी क्षेत्रसँग सहकार्य गर्ने। | ७. वारुणयन्त्रको संख्या र पहुँच विस्तार गरी सबै घरमा १५ मिनेटभित्र वारुणयन्त्र पुग्ने पद्धति विकास गर्ने । |

**झ.** नगरमा रहेका दमक अस्पताल, आम्दा अस्पताल, लाइफ लाइन अस्पताल, ओम इन्टरनेशनल मेची अस्पताल, नमस्ते हेल्थ केयर एयड रिसर्च सेन्टर, निम्स अस्पताल, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरू महिला स्वास्थ्य स्वयंसेविकाद्वारा आपत्कालीन स्वास्थ्य सेवा पुऱ्याउँदै आएको छ। नगरमा सञ्चालित स्वास्थ्य केन्द्रहरू सबैमा आपत्कालीन प्रतिकार्य योजनाहरू नबनेको जसले गर्दा विपद्को समयमा बढ्दो बिरामी चापलाई व्यवस्थित गरी स्वास्थ्य उपचार सबैमा र समयमा नै पुऱ्याउन कठिन हुने अवस्था रहेको छ। यसका साथै नगरपालिकामा बर्ड-फ्लु र डेंगुका प्रकोपहरू पनि देखिन थालेका छन्। चराबाट सर्ने वर्ड फ्लु, सुंगुर वा अन्य तवरबाट सर्ने स्वाइन फ्लु तथा अन्य महामारीबाट नगर सुरक्षित राख्नको निमित्त नगरमा केही प्रावधान नभएको अवस्था रहेको छ। तसर्थ नगरमा महामारी फैलन सक्ने सम्भावना बढी भएकोले नगरबासीलाई महामारी सम्बन्धी सचेतिकरण गर्न निम्न प्राथमिकता तल प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जनावर एवं चराचुरुङ्गीबाट सर्ने महामारीलाई समेत मध्यनजर गरी उक्त विषय समेटी सरसफाई निर्देशिका निर्माण गर्ने। जसमा पशुपंक्षीहरूबाट सर्ने रोगहरूलाई मध्यनजर गरी कुखुरा, बंगुरलाई नियमित चेकजाँच गराउने, पशुपन्छी बस्ती भन्दा टाढा पालन गर्ने, क्वारेन्टाईनको व्यवस्था गर्ने जस्ता विषयहरू समेट्ने। | १. महामारीको समयमा महामारी नियन्त्रण एवं सुरक्षित हुन महामारी सम्बन्धी निर्देशिकाको समिक्षा गर्दै आवश्यक परिमार्जन गर्ने, निर्माण गर्ने। | १. महामारी सम्बन्धी भएका निर्देशिका एवं कार्यविधिलाई आवश्यकता हेरी संशोधन गर्ने। |
| २. अस्पताल एवं स्वास्थ्य चौकीहरूमा आपत्कालीन प्रतिक्रिया योजनाहरू निर्माण गर्ने। | २. विपद्लाई मध्यनजर गरी नगरमा भएका स्वास्थ्य चौकीहरूमा आपत्कालीन सेवा प्रदान गर्ने व्यवस्थासहित स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्ने। | २. महामारी फैलँदा समेत नगर सुरक्षित हुन सक्ने अवस्थामा पुग्न पूर्वाधार, जनशक्ति, साधन स्रोतहरूको पूर्व व्यवस्था गर्ने। |
| ३. महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने। | ३. महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने | ३.महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने। |
| ४. समदायको संलग्नतामा नगरको नियमित सरसफाई गर्ने। | ४. पर्यटकीय नगर निर्माण गर्ने नगरको दूरदृष्टि समेत भएका कारण नगर सरसफाई गर्ने अभियानलाई निरन्तरता दिने। | ४. पर्यटन व्यवसायलाई समेत टेवा पुऱ्याउन सरसफाई अभियान सञ्चालन गरी सुन्दर स्वच्छ नगर निर्माण गर्ने। |

**ञ.** बेरोजगारी एवं अन्य विविध कारणहरूले गर्दा युवाहरूमा लागुपदार्थ दुर्व्यसनी बढ्दो रहेको छ। युवा जनशक्तिलाई विपद् व्यवस्थापन सम्बन्धी समेतनामुलक गतिविधि तथा विपद् प्रतिकार्य, खोज तथा उद्धार, राहत वितरण, विपद् सम्बन्धी सर्वेक्षण, प्राथमिक उपचार जस्ता कार्यहरूमा सहभागी गराउन सक्ने गरी संस्थागत र व्यवस्थाहरू गर्न नसकिएको अवस्था रहेको छ। तसर्थ रोजगारको व्यवस्थासँगै मदिरा सेवन एवं लागुपदार्थ दुर्व्यसनीमुक्त नगर निर्माण गर्नका लागि निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. मदिराको व्यवस्थित बिक्री वितरण सम्बन्धी स्थानीय कार्यविधि बनाउने। | १. मदिरा बिक्री वितरण सम्बन्धी बनेका कार्यविधिको आवधिक समिक्षा गरी आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने। | १. मदिरा बिक्री वितरण सम्बन्धी बनेका कार्यविधिको आवधिक समिक्षा गरी आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने। |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी विविध जनचेतनाका कार्यक्रमहरू विद्यालयहरू लगायत प्रत्येक वडाहरूमा सञ्चालन गर्ने । | २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । | २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |
| ३. युवाहरूलाई बढी भन्दा बढी सामाजिक कार्यहरूमा संलग्न गराउनका लागि आवश्यक रणनीतिहरू निर्माण गर्ने । | ३. लागुपदार्थ दुर्व्यसनीमा लागेका व्यक्तिहरू लक्षित गर्दै नगरमा विभिन्न रोजगारको व्यवस्था गर्ने । | ३. युवाहरूलाई स्वरोजगार बनाई लागुपदार्थ दुर्व्यसनीमुक्त नगर निर्माण गर्ने । |

**ट.** नगरपालिकाको वडा नं. १ र २ मा जंगली हात्तीको आतंकको समस्या रहेको छ। जसलाई तलको नक्सा नं. ३/५.४.२ मा देखाइएको छ। जंगली हात्तीको आतंकबाट प्रभावित क्षेत्रको २ कि.मि. भित्र पर्ने बस्तीहरूको नक्साकंन गरिएको छ। नक्साअनुसार उक्त नक्सांकित क्षेत्र भित्र पर्ने घरधुरीको संख्या करिब ९१० रहेको छ। तसर्थ भुउपयोग योजना निर्माणमा समेत जंगली जनावर आतंकलाई मध्यनजर गरी जोखिम भएका स्थान एवं घरधुरीहरूको पहिचान गरी समाधानका उपायहरू गर्नका निमित्त यसलाई प्राथमिकतामा राख्नु आवश्यक छ।

नगरमा हात्ती आतंकको नियन्त्रणको लागि साइरनको व्यवस्था पनि गरिएको छ। तर जंगली हात्ती आतंकको जोखिम यी वडाहरूमा उच्च भएका कारण जंगली हात्ती आतंकले जनजीवनमा नै असर गरेको साथै कृषि उत्पादनमा ह्रास ल्याएको कारणले जंगल एवं जंगली जनावरको सुरक्षासँगै उपयुक्त उपायहरूको नितान्त आवश्यक भएकोले निम्न प्राथमिकताहरूलाई तल प्रस्तुत गरिएको छ।

**नक्सा ३/५.४.२ : वन्यजन्तु आतंक सम्भाव्य बस्ती**



| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जंगली जनावरद्धारा नाश हुन नसक्ने खेतीहरूबारे अनुसन्धान गरी वैकल्पिक खेतीको विकास गर्ने । | १. वन कार्यालय एवं सामुदायिक वन उपभोक्ता समुहहरूसंगको सहकार्य एवं समन्वयमा वन जंगलमै जंगली जनावरको पर्याप्त आहाराको लागि विविध फलफुलको बिरुवा एवं अन्य बिरुवाहरू रोप्ने । | १. जंगली जनावर आतंक शुन्य गर्न नवीनतम् प्रविधिहरूको विकासलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने । |
| २. जंगली जनावरको आतंकलाई मध्यनजर गरी वन कार्यालयसँग सहकार्य गरी जंगलमा घेराबार लगाउने । नगरमा रहेका वनहरूको संरक्षण गर्ने । | २. जंगली जनावर आतकंबाट हुने नोक्सानी न्यूनिकरण गर्न जंगली आतंक बिमाको अवधारणाको विकास गर्ने । | २. जंगली जनावर आतंकबाट हुने नोक्सानी न्यूनिकरण गर्न जंगली आतंक बिमाको विस्तार गर्ने । |

**ठ.** नगरपालिकामा विभिन्न ५ वटा स्थानीय एफ.एम. रेडियोहरू रहेका छन् । नगरमा राष्ट्रिय र अन्तर्राष्ट्रिय र स्थानीय सञ्चार माध्यमको पहुँच पनि रहेको छ । नगरपालिकामा नेपाल टेलिकम र एनसेलको 3G Network सेवा उपलब्ध छ । नगरपालिकामा Ncell, NTC जस्त दूरसञ्चार आदि कम्पनीहरूले इन्टरनेट सेवा पुर्‍याउँदै आइरहेका छन् भने केही केबल नेटवर्क तथा डिस होमजस्ता माध्यमबाट नगरपालिकाबासीले मनोरञ्जनात्मक टि.भी. कार्यक्रमहरूका सेवा प्रदान गरिरहेको छन् । पत्र पत्रिकाहरूको सुविधा पनि नगरमा रहेको छ । विपद् को समयमा सञ्चार माध्यमको प्रमुख भूमिका रहने भएका कारण नगरमा रहेका रेडियो, टेलिभिजन लगायत सञ्चारका अन्य माध्यमहरूको सदुपयोग गरी विपद् व्यवस्थापन एवं जलवायु परिवर्तन सम्बन्धी सबै सूचना एवं जनचेतनाका निमित्त निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रकोप, विपद् तथा आपत्कालीन सूचना सामग्री निर्माण तथा प्रचार प्रसारको निमित्त विभिन्न सञ्चार माध्यम जस्तैः रेडियो, अनलाइन, एसएमएस, सामाजिक सञ्जाल आदि सम्बन्धी स्थानीय निर्देशिका निर्माण गर्ने । | १. विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका सूचना सम्प्रेषण सम्बन्धी बनेका निर्देशिकाको आवश्यकता अनुरुप परिमार्जन गर्ने । | १. विपद् पत्रकारितामा लागेका व्यक्तिहरूलाई सूचना सम्प्रेषण गर्नका निमित्त विपद् पुस्तिकाहरू निर्माण गर्ने । |
| २. सूचना प्रविधि इकाईसँगको समन्वयमा विपद् तथा जलवायु परिवर्तन सम्बन्धी भएका घटनाहरूको तथ्याङ्क राख्नको निमित्त तथ्याङ्क व्यवस्थापनको विकास गर्ने । | २. विपद् व्यवस्थापन समितिको प्रमुख भूमिका रहने गरी विपद् व्यवस्थापन सम्बन्धी घटनाहरू डिजिटल माध्यमबाट तथ्याङ्क राख्ने प्रणालीको व्यवस्था गर्ने । | २. विपद् व्यवस्थापन समितिको संलग्नतामा सबै प्रकारका प्रकोप समेटिने गरी डाटाहरू राख्ने र उक्त डाटालाई सुरक्षित राखी व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिने । |
| ३. सामाजिक सञ्जाल लगायत सूचना प्रविधिलाई विपद् सम्बन्धी सचेतनामुलक गतिविधिमा उपयोगमा ल्याउने । | ३. सञ्चार माध्यमलाई सचेतनामुलक गतिविधिमा उपयोग गर्ने । | ३. सञ्चार माध्यमलाई सचेतनामुलक गतिविधिमा उपयोग गर्ने । |

**ड.** नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू गर्न कार्यालयमा नगर प्रमुखको अध्यक्षतामा विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको छ नगरमा पूर्व सूचना कार्यदलका सदस्यहरू, प्राथमिक उपचार कार्यदलका सदस्यहरू र खोज तथा उद्धार कार्यदलका सदस्यहरू नगरमा रहेको छ । यसका साथै विपद् व्यवस्थापन उपशाखामा हाल पनि आवश्यक कर्मचारीहरूको व्यवस्था गर्न नसकिएको अवस्था रहेको छ ।

नगरका प्रत्येक वडाहरू समेट्न सक्ने गरी प्रतिकार्य टोलीहरू एवं अन्य मानव संशाधनको अपर्याप्तता छ । यसका साथै नगरमा स्थानीयहरूमा विपद् व्यवस्थापन सम्बन्धी चेतनामा कमी छ । प्रकोप एवं जलवायु परिवर्तन, विपद् व्यवस्थापन कोष, विपद् प्रतिकार्य टोली, आपत्कालीन योजना, आपत्कालीन नम्बरहरू लगायत विपद्का विविध पक्षहरूबारे वडाबासीहरूमा जानकारीको कमी भएका कारण निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकामा अवस्थित विभिन्न संघ संस्थाहरूसँग आपसी समन्वयमा प्रत्येक वडाहरू समेटिने गरी विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू गर्ने साथै नियमित रुपमा यी संघ संस्थाहरूद्धारा गरिने कार्यहरूको अनुगमन एवं मुल्यांकन गर्ने । | १. विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शिक्षण संस्थान, अनुसन्धानकर्ता तथा निजी क्षेत्रको साझेदारी र सहकार्यलाई प्रवर्द्धन र सुदृढ गर्ने । | १. अनुगमन एवं मुल्यांकनसँगै विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शिक्षण संस्थान, अनुसन्धानकर्ता तथा निजी क्षेत्रको साझेदारी निरन्तरता दिने । |
| २. प्रकोप र विपद् जोखिमको अनुगमन, सूचना सम्प्रेषण, खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण, बन्दोबस्तीका सामग्री र दक्ष जनशक्तिसहितको क्षमता अभिवृद्धि गर्ने । | २. जलवायु परिवर्तन अल्पीकरण, अनुकुलन, प्रभाव न्यूनिकरण मानव तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने । | २. खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण, बन्दोबस्तीका सामग्री र दक्ष जनशक्तिसहितको क्षमता अभिवृद्धि गर्ने । |
| ३. सबै वडामा स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत परिचालित हुने गरी सामुदायिक विपद् प्रतिकार्य तथा प्राथमिक उपचार टोली गठन र टोलीको क्षमता बढाई टोलीको न्यूनतम व्यवस्थापन र परिचालन गर्ने । | ३. सामुदायिक विपद् प्रतिकार्य तथा प्राथमिक उपचार टोली गठन र टोलीको क्षमता बढाई टोलीको व्यवस्थापन र परिचालनलाई निरन्तरता दिने । | ३. जलवायु परिवर्तन अनुकुलन तथा अन्य विपद् तथा आपत्कालीन व्यवस्था सम्बन्धी आवश्यक क्षमता अभिवृद्धि गरी परिचालन गर्ने । |
| ४. विपद्का हरेक प्रकोप समेटिने गरी नगरमा विपद् व्यवस्थापन सम्बन्धी जनसमुदायमा चेतना अभिवृद्धिका लागि बृहत् कार्यक्रमहरू सञ्चालन गर्ने । | ४. विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने । | ४. नगर, वडा र सामुदायिक विपद् व्यवस्थापन समितिबाट हुने सचेतनामुलक गतिविधिको कार्यान्वयनलाई निरन्तरता दिने । |
| ५. विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी ऐन, नियम वा निर्देशिका सम्बन्धी अनुशिक्षण सवै कर्मचारीहरूलाई दिने । | ५. वडा र नगरस्तरको विपद् व्यवस्थापन समितिमा नव निर्वाचित प्रतिनिधिसहित आवश्यक परिवर्तन र विपद् र जलवायु परिवर्तन सम्बन्धी अनुशिक्षण र वार्षिक रुपमा पुनर्ताजगी दिने । | ५. नयाँ कर्मचारी तथा जनप्रतिनिधिलाई जलवायु परिवर्तन अनुकुलन तथा अन्य विपद् तथा आपत्कालीन व्यवस्था सम्बन्धी नीति र अभ्यासको अनुशिक्षण र आवश्यक सैद्धान्तिक तालिम दिने । |

### तालिका ३/५.४.२ : विपद् तथा आपत्कालीन व्यवस्थापन क्षेत्रको परिमाणात्मक लक्ष्य

| विषय | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|
| सुरक्षित भवन | | १ | ३ | ५ |
| वारुणयन्त्र | ३ | ३ | निरन्तरता | निरन्तरता |
| एम्बुलेन्स | | | | |
| "ख" वर्गको एम्बुलेन्स | | | १ | ३ |

| विषय | आधार वर्ष २०७६/७७ | अल्पकालीन २०७८/७९ | मध्यकालीन २०८३/८४ | दीर्घकालीन २०९६/९७ |
|---|---|---|---|---|
| फायर स्टेशन (अग्नी नियन्त्रक यन्त्रमा पानी भर्ने बिन्दु व्यवस्थापन) | ४ | ५ | १० | १५ |
| आपत्कालीन निकास द्वारसहितका संस्थागत भवन | | १ | १० | ३० |
| स्थानीय र सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना | | १ | ५ | १० |
| तालिम प्राप्त खोज तथा उद्धार स्वयंसेवक (प्राथमिक उपचार समेत) | | १० | ३० | ६० |
| आपत्कालीन सामग्रीको पूर्व व्यवस्थापन भएका बिन्दु | १ | ३ | १० | १५ |

## ५.५. संस्थागत विकास र सुशासन

यो खण्डमा दमक नगरपालिकाको आन्तरिक संगठन संरचना तथा संयन्त्रको वर्तमान स्वरुपमा आवश्यक परिवर्तन र जिम्मेवारी पुनर्परिभाषित गरी क्षमता विकासका विशिष्ठ कार्यक्रम कार्यान्वयन समेतका माध्यमबाट नगरले तय गरेका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्य सम्पादनका लागि उपयुक्त संस्थागत संरचनाको सुनिश्चिततासहितको संस्थागत विकास कार्यक्रम तथा पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धनका नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

### ५.५.१. संस्थागत विकास

संवैधानिक व्यवस्था अनुसार नगर परिषद् नगरको संगठन संरचनाको सबैभन्दा माथिल्लो अंग हो जसले नगर व्यवस्थापिकाको रुपमा काम गर्छ । नगर परिषद् अन्तर्गत विभिन्न विषयगत समिति पनि रहन्छन् । ती समितिले नगर सभा नबसेको समयमा पनि नगर कार्यपालिकाको काम कारवाहीको अनुगमनका साथै नीति निर्माणको प्राविधिक कार्य गर्छन् । नगर कार्यपालिका नगर सभाप्रति उत्तरदायी प्रमुख कार्यकारिणी अंग हो । नगर कार्यपालिका नगर प्रमुखको अध्यक्षतामा रहन्छ भने नगर उपप्रमुखले न्यायिक समितिको संयोजकका साथै नगर प्रमुखको अनुपस्थितिमा नगर कार्यपालिकाको प्रमुखको भूमिका निर्वाह गर्छन् । प्रमुख प्रशासकीय अधिकृतले नगर कार्यपालिकाको सदस्य सचिवको अतिरिक्त नगरको कर्मचारी प्रशासनको नेतृत्व गर्छन् ।




माथिको तालिकामा दमक नगरपालिकाको वर्तमान संगठन संरचना देखाइएको छ । जस अनुसार प्रमुख प्रशासकीय अधिकृत (चार्टमा कार्यकारी अधिकृत भनिएको) प्रत्यक्ष सुपरिवेक्षणमा रहने गरी सामान्य प्रशासन, आर्थिक प्रशासन, समाज कल्याण, आन्तरिक लेखा परीक्षण, शहरी विकास र योजना तथा प्राविधिक शाखा गरी ६ ओटा शाखा र ती अन्तर्गत विभिन्न इकाई तथा उपशाखा रहेका छन् ।

संविधान र संघीय कानुनले निर्धारण गरेका उल्लिखित संरचना तथा जिम्मेवारी अनुरुप नगरमा विभिन्न प्रयोजनका लागि विभिन्न समिति, आयोग तथा संयन्त्र निर्माण पनि दमक नगरपालिकाले गरेको छ। संस्थागत क्षमता विकासले नीतिगत भूमिकामा रहने नेतृत्व तथा नीति कार्यान्वयनको भूमिकामा रहने स्थानीय कर्मचारी संयन्त्र एवं सान्दर्भिक अन्य संयन्त्र तथा इकाईको क्षमता विकासका विषय समेट्छ। बृहत् योजना तर्जुमाका क्रममा पहिचान गरिएका आन्तरिक क्षमतामा रहेको कमी पूरा गर्ने योजना कार्यान्वयनका लागि आवश्यक दक्षताको सुनिश्चितताका कार्यक्रमलाई नगरले अघि बढाउने छ।

नगरको संस्थागत क्षमता विकासका सबाल बृहत् योजनामा समेटिएका चार ओटा विषयगत क्षेत्र तथा बाह्र ओटा विषयको नीति तथा प्राथमिकतामा नै समेटिएको छ। अल्पकालमा साविकको संगठन संरचना अन्तर्गत रिक्त पदपूर्ति गरी विभिन्न इकाई निर्माण वा परिमार्जन नगरको प्राथमिकता हो भने मध्यकाल र दीर्घकालमा संगठन र व्यवस्थापन सर्वेक्षणमा आधारित भई बृहत् योजना क्षेत्रगत प्राथमिकतामा सुझाएका कार्यक्रमका आधारमा संगठन संरचना निर्माण वा परिमार्जन गरिने छ। विषयगत क्षेत्र र उपक्षेत्रमा समेटिएका संस्थागत विकासका आवधिक प्राथमिकताको सारांश तथा सम्बन्धित विशिष्ठ क्षेत्रमा नसमेटिएका संस्थागत विकाससँग सम्बन्धित अन्य प्राथमिकताका विषयलाई बुँदागत रुपमा यहाँ प्रस्तुत गरिएको छ।

- नगर सभा, विषयगत तथा नगर कार्यपालिकाको क्षमता विकासको आवश्यकता विश्लेषण गरी आवधिक रुपमा क्षमता विकासका कार्यक्रम कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित निकाय तथा बाह्य सहयोगी निकायसँग नगरपालिकाले संस्थागत समन्वय र सहकार्य गरी कमी पूर्तिमा लक्षित कार्यक्रम कार्यान्वयन गर्ने। यस्ता कार्यक्रम स्थानीय तहको प्रत्येक निर्वाचन लगत्तै गर्नुका साथै वार्षिक रुपमा पुनरताजगी सञ्चालन गर्ने।
- नगरको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नगर बृहत् योजनाले प्रस्ताव गरेको क्षेत्रगत शाखा तथा इकाईहरू गठन वा हालका त्यस्ता संयन्त्रको स्वरुपमा आवश्यक परिवर्तन गर्नुका साथै सेवा, शर्त तथा जिम्मेवारी परिभाषित वा पुनरपरिभाषित गर्ने।
- प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण हुनेगरी कम्तीमा अधिकृतस्तरको कर्मचारीको नेतृत्व रहने गरी नगरपालिकामा बेग्लै नीति तथा योजना शाखा बनाउने। योजना तर्जुमा प्रक्रियामा नागरिक सहभागिता प्रवर्द्धनका साथै योजना कार्यान्वनको आवधिक समिक्षा, योजनामा आवश्यक परिमार्जनको सहजीकरण, वार्षिक नीति तथा कार्यक्रम तयारीमा सहजीकरण तथा पुँजी सुधार योजना निर्माण र कार्यान्वयन, शहरी नियोजनाका कार्यमा समन्वय जस्ता समग्र पक्षमा यो शाखाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ।
- शहरी विकास तथा योजना तथा प्राविधिक शाखालाई यातायात, अन्य पूर्वाधार, वातावरण, विपद् व्यवस्थापन आदिको विशिष्ठ शाखा तथा इकाईको स्तरमा लाने र प्राविधिक कर्मचारीको कार्य विशिष्टीकरण गर्ने। दीर्घकालमा सबै किसिमका भौतिक पूर्वाधार र सम्बन्धित सेवा व्यवस्थापनको जिम्मेवारीसहितको शहरी विकास महाशाखा बनाउने र विभिन्न प्राविधिक शाखा तथा इकाईलाई महाशाखाको अंग बनाउने।
- राजश्व तथा पूर्वाधार, उद्योग र वाणिज्य, कृषि, पर्यटन तथा उद्योग व्यवसाय लगायत आर्थिक विकासका समग्र पक्ष हेर्ने जिम्मेवारीसहित आर्थिक विकास शाखा बनाउने। नगरको आर्थिक विकासका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन, अनुगमन, मुल्यांकनका कार्य यस शाखाले नगरको नीति तथा योजना शाखासँगको सहकार्यमा गर्ने।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, शिक्षा र स्वास्थ्य, सरसफाई जस्ता सामाजिक विकासका संयन्त्रलाई थप क्षमतायुक्त क्रियाशील बनाउने। यसका लागि सम्बन्धित शाखा अन्तर्गत विशिष्ठ इकाई निर्माण गर्ने वा फोकल पर्शन तोक्ने।
- प्राकृतिक स्रोत तथा वातावरण, विपद् तथा आपत्कालीन व्यवस्थापन, यहाँको साँस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धन, पार्क तथा मनोरञ्जन आदिलाई पर्याप्त प्राथमिकता दिन संगठन विकासका बृहत् योजनाको क्षेत्रगत प्राथमिकतामा निर्धारित कार्यक्रम कार्यान्वयन गर्ने। कर्मचारी क्षमता तथा नगर र वडास्तरका समिति वा संयन्त्र स्थापना र तिनको प्रभावकारिता विस्तारका कार्य गर्ने।

- आर्थिक विकास, समाजिक विकास, पूर्वाधार विकास, वन, वातावारण र विपद् व्यवस्थापन जस्ता क्षेत्रका समिति, आयोग आदि गठन र क्षमता विकासका कार्यक्रम सम्बन्धित क्षेत्रको प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने र दीर्घकालमा नगर योजना आयोग गठन गरी नगर विकास योजना निर्माणको माथिल्लो निकायको रुपमा क्रियाशील गराउने ।
- नगर बाहेक वडा तथा समुदायस्तरका संयन्त्र तथा समितिको क्षमता विकासका कार्यक्रमलाई नगरको समग्र संगठन विकासको कार्यक्रमका रुपमा समेटी कार्यान्वयन गर्ने ।

## ५.५.२. सुशासन

### १. परिचय

आम नागरिकको जीवनमा प्रत्यक्ष र परोक्ष रुपमा प्रभावपार्ने निर्णय गर्ने अधिकार प्राप्त निकायले त्यस्ता निर्णय प्रक्रियालाई पारदर्शी, जवाफदेही र सहभागितामुलक बनाउनु नै सुशासन हो । संयुक्त राष्ट्रसंघले सुशासनका आठ प्रमुख विशेषता हुने जनाएको छ । सहभागितामुलक, आम सहमतिमा आधारित, जवाफदेही, उत्तरदायी, पारदर्शी, कार्यकुशल र प्रभावकारी, समतामुलक र समावेशी र विधिमा आधारित शासन नै सुशासन वा असल शासन हो । सुशासनयुक्त व्यवस्थाले भ्रष्टाचार न्यून हुने कुराको प्रत्याभूति दिन्छ, अल्पसंख्यकको भावनाको कदर गर्छ र संकटासन्न समुदायको रक्षा गर्छ । यस्तो शासन व्यवस्थामा जिम्मेवार निकायले समुदायको तत्कालीन र भावी आवश्यकता सम्बोधनलाई सदैब प्राथमिकतामा राख्छ । दमक नगरपालिकाले स्थानीय शासन व्यवस्थालाई सुशासनयुक्त बनाउन विगतदेखि गरिआएको प्रयासलाई थप व्यवस्थित गर्न यो क्षेत्रलाई महत्वका साथ संस्थागत रुपमा अघि बढाउने प्रण लिएको छ ।

### २. वर्तमान अवस्था

दमक नगरपालिकाले नगरबाट सञ्चालन हुने विकासका कार्यक्रम तथा परियोजनाको गुणस्तरियता कायम गर्न, योजनाको प्राथमिकताको क्रम निर्धारण गर्न, जनसहभागिता प्रवर्द्धन गर्न तथा आर्थिक र प्राविधिक पक्षलाई व्यवस्थित गर्न स्थानीय विकास तथा परियोजना सञ्चालन निर्देशिका, २०७४ जारी गरेको छ । उपभोक्ता समितिमार्फत् सञ्चालन हुने विकासका कार्यक्रम छनोट तथा कार्यान्वयनलाई सहभागितामुलक तथा पारदर्शी बनाउने असल अभ्यासको प्रयोग पनि नगरले गरिरहेको छ । संघीय सूचनाको हक सम्बन्धी ऐनको प्रावधान कार्यान्वयनका लागि सूचना अधिकारीको व्यवस्था, नगरका निर्णय तथा जानकारी सार्वजनिकीकरण गर्नका लागि प्रवक्ताको व्यवस्था, विभिन्न प्रतिवेदनहरूको सार्वजनिकीकरणको अभ्यास आदिमार्फत् पारदर्शिता प्रवर्द्धनको प्रयास पनि नगरले गरेको छ । नगरको प्रशासन संयन्त्रलाई जवाफदेही बनाउनका लागि बायोमेट्रिक हाँजिरी लगायतका प्रशासनिक सुधारका विधि पनि नगरले अवलम्बन गरिरहेको छ ।

यी सबै अभ्यासका बावजुत सूचनाको पूर्ण कार्यान्वयनका लागि आवधिक रुपमा सूचनाको स्वत: खुलासा, वार्षिक र आवधिक प्रतिवेदनहरूको समयवद्ध सार्वजनिकीकरण, नगर कार्यपालिका, बोर्ड तथा नगर सभाका निर्णय डिजिटाइज गरी सार्वजनिकीकरण जस्ता पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धनका अभ्यासमा अपर्याप्तता र सुधारको आवश्यकता महशुस गरिएको छ । स्थानीय सरकार गठन हुनु अघिका प्रयोगमा रहेको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको अभ्यासलाई परिस्कृत गरी आन्तरिक पारदर्शिता, जवाफदेहिता तथा विकास र सेवा प्रवाहको प्रभावकारिताको स्वमुल्यांकनको विधि निर्धारण गरी कार्यान्वन गर्नुपर्ने आवश्यकता पनि नगरले महशुस गरेको छ । नागरिकले महशुस गरेका सेवा प्रवाहका कार्य विधिगत जटिलता हटाई विद्युतीय शासन प्रणालीको विकास र विस्तार गर्दै नगरले प्रवाह गर्ने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने र आमनागरिकमा सुशासनयुक्त स्थानीय शासनको अनुभूति दिलाउनु आवश्यक छ ।

## ३. मुख्य अवसर र चुनौती

नगरले अघि सारेका गरेका सार्वजनिक निर्माणको गुणस्तरियता तथा पारदर्शिता प्रवर्द्धनका कार्यक्रमको प्रचार प्रसार तथा कार्यान्वयन अनुगमनको संयन्त्रलाई प्रभावकारी बनाई समुदायको साथ र सहयोगमा सामुहिक जावाफदेहिता प्रवर्द्धन गर्ने, विगतदेखि अभ्यास गरिएका सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण जस्ता औजारलाई अझ परिस्कृत र प्रभावकारी रुपमा उपयोग गर्ने, स्थानीय विकास तथा परियोजना सञ्चालन कार्यविधिलाई परिस्कृत गरी विगतका अभ्यास समेत समेटेर सार्वजनिक निर्माणमा जवाफदेहिता प्रवर्द्धनको म्यानुअल (विस्तृत कार्यविधि) को स्वरुप दिने तथा सबै पक्षबाट त्यसको कार्यान्वयन गराउने, सूचनाको हक सम्बन्धी संघीय कानुन अनुसार सूचना अधिकारीको बहुजिम्मेवारी मध्ये सूचना व्यवस्थापन र खुलासाको जिम्मेवारीका लागि आवश्यक समय व्यवस्थापन गरी सूचना प्रदान गर्ने तथा स्वतः खुलासा गर्ने अभ्यासलाई थप व्यवस्थित बनाउने तथा सूचना प्रविधिको विकासका कारण प्रविधिको प्रयोगमार्फत् सूचना र पारदर्शिताको माग पक्ष सबल बन्दै जानु सुशासनयुक्त स्थानीय शासनको सुनिश्चितताका अवसरका रुपमा रहेका छन् ।

विगतमा अवलम्बन गरिएका सामाजिक जवाफदेहिताका सबै औजार तथा नगरको वर्तमान नीतिको आधारमा नगरमा बाह्य पक्षबाट समेत हुने सेवा प्रवाह र सार्वजनिक निर्माणका कार्यलाई अपेक्षित रुपमा पारदर्शी र जवाफदेही बनाउने, विकासका हरेक चरणमा पारदर्शिता र जवाफदेहिताको पक्षलाई समाहित गर्ने, सबै किसिमका पूर्वाधारसँग सम्बन्धित आम्दानी र खर्च हिसाब नगरले समयमा प्राप्त गर्ने र त्यसको सत्यता प्रमाणीकरण गरी निर्धारित समय (हरेक ३ महिना) आमनागरिकका लागि सार्वजनिक गर्ने अभ्यासलाई व्यवस्थित गर्ने चुनौती रहेको छ । सुशासनका आयामका सन्दर्भमा जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समुह तथा आमनागरिकका बिचमा समान बुझाई र सामुहिक जवाफदेहिता कायम गर्ने चुनौती पनि रहेको छ ।

## ४. लक्ष्य

नगरबासीलाई सहभागितामुलक, पारदर्शी र जवाफदेही स्थानीय शासनको प्रात्याभूति दिलाउने ।

## ५. उद्देश्य

स्थानीय शासनको अरेक प्रक्रियालाई पारदर्शी, जवाफदेही र सहभागितामुलक बनाउने ।

## ६. रणनीति तथा कार्यनीतिहरू

**तालिका १/५.५.२ : सुशासनका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. नगरको शासकीय अभ्यासको पारदर्शिता पभिवृद्धि गर्ने । | १. अभिलेख व्यवस्थापन प्रणालीमा सुधार तथा आवश्यक संस्थागत क्षमता विकास गरी सूचनाको हक सम्बन्धी संघीय ऐनको पूर्ण कार्यान्वयन गरिने छ।<br>२. सार्वजनिक सरोकारका सूचना अद्यावधिक गरी नागरिकले बुझ्न सक्ने भाषा र स्वरुपमा समय समयमा सक्रियतापूर्वक सार्वजनिक गरिने छ ।<br>३. आफ्नो र सार्वजनिक सरोकारको सूचना सम्बन्धित नागरिक तथा समुदायले सहज रुपमा प्राप्त गर्न सक्ने गरी प्रक्रियागत सरलता तथा सूचना प्रविधिमा आधारित विधिको उपयोग गरिने छ ।<br>४. नगरको आन्तरिक संयन्त्रको क्षमता विकास र जनप्रतिनिधि तथा प्रशासनिक कर्मचारीको कार्यस्थलको स्वरुपमा आवश्यक परिवर्तन गरी खुला कार्य स्थलको अवधारणा प्रवर्द्धन गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. नगरका निर्णय तथा आर्थिक गतिविधिका सूचनामा आमनागरिकको पहुँच बढाउन सूचना व्यवस्थापन र प्रवाहका बढी भन्दा बढी माध्यमको उपयोग गरिने छ ।<br>६. नगर सभाको बैठक सञ्चार माध्यम तथा पर्यवेक्षकलेले प्रत्यक्ष अवलोकन गर्न सक्ने गरी संरचनागत र प्रक्रियागत व्यवस्था गरिने छ । |
| २. स्थानीय विकास प्रक्रियालाई थप सहभागितामुलक बनाउने । | १. आवश्यक विधि तथा प्रक्रिया तय गरी नगरबाट कार्यान्वयन हुने सबै किसिमका पूर्वाधार निर्माणका कार्यक्रमको योजना तर्जुमा, कार्यान्वियन, अनुगमन र निगरानीमा नागरिक सहभागिता सुनिश्चित गरिने छ ।<br>२. समुदायबाट सञ्चालन हुने विकास कार्यक्रमका लागि बन्ने सम्बन्धित उपभोक्ता समितिको पदाधिकारी तहमा महिला सहभागिता अनिवार्य हुने गरी कम्तीमा ३३ प्रतिशत महिला सहभागिता र सम्बन्धित समुदायको जनसाङ्खिक अवस्थाका आधारमा दलित, आदिवासी जनजाति तथा सिमान्तकृत वर्गको सहभागिता सुनिश्चित गरिने छ ।<br>३. विकासका कार्यक्रम र बजेट तर्जुमा गर्दा लैंगिक उत्तरदायी र गरिबी निवारण केन्द्रित पद्धति कार्यान्वयन गरिने छ ।<br>४. सबै किसिमका विकासका कार्यक्रमप्रतिको जनधारणा समयमा नै संकलन हुने व्यवस्था गरिनुका साथै यसरी प्राप्त हुने गुनासो, सुझाव तथा पृष्ठपोषणको समयवद्ध सम्बोधन हुने व्यवस्था मिलाइने छ ।<br>५. विकास कार्यक्रमको उपलब्धी मुल्यांकन तथा परिमार्जन सम्बन्धी निर्णयमा सम्बन्धित समुदायको प्रतिनिधित्वका लागि आवश्यक प्रबन्ध गरिने छ । |
| ३. सामाजिक जवाफदेहिता प्रवर्द्धनका विधिहरूको कार्यान्वयन गर्ने । | १. नगर तथा अन्तर्गतका निकायवाट प्रवाह हुने सेवा तथा सुविधामा नागरिकको धारणा र सन्तुष्टि आँकलन गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, टाउन हल बैठक, नागरिक प्रतिवेदन प्रणाली जस्ता सामाजिक जवाफदेहिताका उपयुक्त औजारहरूको समयवद्ध रुपमा उपयोग गरिने छ ।<br>२. सेवा र विकासका प्रक्रियाप्रति नागरिक तहमा रहन सक्ने असन्तुष्टी सम्बोधनका लागि नगरस्तरमा गुनासो संकलन र सुनुवाईका लागि संयन्त्र तयार गरी क्रियाशील गराइने छ ।<br>३. विकास निर्माणको निर्णय लिनु अघि स्थानीय परम्परा, संस्कृति तथा सम्पदा एवं निश्चित समुदायको हितमा पर्नसक्ने नकारात्मक सामाजिक र वातारणीय प्रभावको आँकलन प्रक्रियामा सम्बन्धित समुदायको प्रतिनिधित्व सुनिश्चित गरिने छ ।<br>४. नगरको कार्यप्रतिको नागरिक धारणा अभिव्यक्त हुने वातावरण बनाउन अनलाइन विधिहरू निर्धारण र प्रचार प्रसार गरिने छ । |
| ४. स्थानीय प्रशासन र शासन प्रक्रिमा संलग्न संयन्त्रको सदाचारिता गर्नु । | १. नगर र नगर अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा र सुविधा प्राप्तिको प्रक्रिया थप सरल बनाइने छ ।<br>२. राजश्व भुक्तानी, सिफारिस, नक्सा स्वीकृति प्रक्रिया आदिलाई विद्युतीय प्रणालीमा आधारित बनाइने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. नगरको संयन्त्र तथा नगरभित्रका सबै सार्वजनिक निकायको सेवा प्रवाहमा हुनसक्ने आर्थिक अनियमितताको सूचना संकलन, विश्लेषणका लागि नगरस्तरीय संयन्त्र निर्माण गरिने छ ।<br>४. आन्तरिक र बाह्य रुपमा आर्थिक अनियमितता सम्बन्धी सूचना उपलब्ध गराउने सूचनादाताको संरक्षणको ग्यारण्टी गरिनुका साथै सुशासनयुक्त र भ्रष्टचारमुक्त प्रशासन कायम गर्न योगदान गर्ने कर्मचारी तथा नागरिकको सम्मान गरिने छ ।<br>५. आर्थिक अनियमितता सम्बन्धी अनुसन्धान, अभियोजन र तहकिकातका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने छ ।<br>६. नगरका स्रोत साधनको व्यक्तिगत प्रयोजनमा प्रयोग गर्ने तथा राजनीतिक तथा प्रशासनिक अधिकारको दुरुपयोग निरुत्साहित गर्न आवश्यक संस्थागत सुधार गरिने छ । |

**तालिका २/५.५.२ : आवधिक प्राथमिकता : सुशासन**

**क.** नेपालको संविधानको धारा ५१ मा उल्लिखित सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने, राज्यको नीतिलाई नगरले मार्गदर्शक नीतिको रुपमा लिनेछ । सूचना प्रविधिको अधिकतम प्रयोग र डिजिटल गभर्नेन्सलाई बढावा दिने लगायतका विधिमार्फत् नगरपालिकाको शासकीय अभ्यासलाई थप पारदर्शी, जवाफदेही र सहभागितामुलक बनाउने लक्ष्यका साथ सुशासन सम्बन्धी निम्न प्राथमिकता तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विकास तथा सेवा क्षेत्रको डिजिटल इन्भेन्टरी तथा सूचना मध्ये नागरिकलाई प्रवाह गरिने सूचनासहित नगरको अभिलेख व्यवस्थापन प्रणालीमा सुधार गर्न सूचना अधिकारी तथा सम्बन्धित सूचना व्यवस्थापन शाखाका कामको बिचमा समन्वय बढाउन संस्थागत विधि निर्धारण गर्ने । | १. संघीय सूचनको हक सम्बन्धी कानुनले व्यवस्था गरे अनुसार अभिलेख व्यवस्थापन, सूचनाको स्वयं खुलासा तथा सूचनाको मागको सम्बोधनको अभ्यासलाई थप व्यवस्थित र प्रविधिमैत्री गराई सूचनाको हकको पूर्ण कार्यान्वन गर्ने । | १. जिम्मेवार विभागीय प्रमुख, सूचना व्यवस्थापन शाखा तथा इकाई र जिम्मेवार सूचना अधिकारीको कार्यका बिचमा अन्तर शाखा सूचना प्रवाह व्यवस्थित गर्ने । |
| २. व्यक्तिगत गोपनियताको संविधान प्रद्धत्त हकको संरक्षण र सूचनाको हकको सुनिश्चिताको विषयलाई सन्तुलन गर्ने गरी नगरका विकास, सेवा तथा आर्थिक सूचनालाई डिजिटाइज गरी समयवद्ध रुपमा अनलाइनबाट सार्वजनिक पहुँचमा उपलब्ध गराउने प्रक्रिया प्रारम्भ गर्ने र चौमासिक नागरिक सम्बाद सञ्चालन प्रारम्भ गर्ने । | २.१. आर्थिक सूचना सार्वजनिकीकरण पद्धतिलाई संस्थागत गरी तथ्याङ्कमा आधारित ओकालतका लागि नगरबासीलाई अधिकतम् अवसर उपलब्ध गराउने र प्रकाशित सूचनाका आधारमा चौमासिक नागरिक सम्बाद सञ्चालन गर्ने । | २. राजश्व तथा विकासका कार्यक्रममा गरिएको लगानीको उपलब्धीसहितको आर्थिक सूचनामा आधारित नागरिक सम्बादलाई निर्धारित मितिमा नियमित गर्ने । नागरिक सम्बादको अनलाइन विधिलाई पुरक विधिका रुपमा कार्यान्वयन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | २.२. खुला तथ्याङ्क (कम्प्युटरकृत ओपन डाटा) तयारी गरी स्वतः खुलासाको अभ्यासलाई थप प्रभावकारी बनाउने । | |
| ३. उपभोक्ताबाट कार्यान्वयन हुने कार्यक्रम कार्यान्वनको विद्यमान अभ्यासलाई स्थानीय कानुनबाट व्यवस्थित गर्ने । कानुनमा स्थानीय योजना तर्जुमा, कार्यान्वयन र अनुगमन पद्धतिलाई थप सहभागितामुलक बनाउने विषय पनि समेट्ने । | ३. योजना तर्जुमा तथा कार्यान्वनको विधिलाई सहभागितामुलक बनाउन तय गरिएका स्थानीय कानुनको प्रभावकारी कार्यान्वयन गर्ने । | ३. जनसहभागिता प्रवर्द्धनका स्थानीय कानुनमा आवश्यक सुधार गरी बृहत् योजना परिमार्जन र वार्षिक योजना निर्माण र परिमार्जनलाई सहभागितामुलक बनाउने विधि पनि समेट्ने । |
| ४. नागरिकको गुनासो संकलन तथा फर्छौटको विधि निर्माण गरी कार्यान्वयन शुरु गर्ने । | ४. गुनासो संकलन र फछ्र्यौटको अभ्यासलाई अनलाइन बनाउने । | ४. गुनासो सुनुवाई प्रक्रियालाई थप व्यवस्थित र पहुँचयोग्य बनाउने । |
| ५. राजश्व भुक्तानी तथा नक्सा स्वीकृति प्रक्रियालाई अनलाइन पद्धतिमा आधारित बनाउने गृहकार्य पूरा गर्ने । | ५. अनलाइन नक्सा स्वीकृति तथा राजश्व भुक्तानी प्रणाली कार्यान्वयन गर्ने । | ५. नगर र वडाका सिफारिस लगायतका सेवालाई अनलाइन बनाउने । |
| ६. जनप्रतिनिधि तथा कर्मचारीलाई सुशासन र सूचनाको हक सम्बन्धी अनुशिक्षण उपलब्ध गराउने । | ६. जनप्रतिनिधि तथा कर्मचारीलाई सुशासन र सूचनाको हक सम्बन्धी अनुशिक्षण उपलब्ध गराउने अभ्यासलाई वार्षिक रुपमा निरन्तरता दिने । नवनिर्वाचित प्रतिनिधिले जिम्मेवारी लिएको पहिलो ६ महिनाभित्र यस्तो अनुशिक्षण अनिवार्य उपलब्ध गराउने । | ६. जनप्रतिनिधि तथा सूचनाको हक, सुशासन तथा सुशासन प्रवर्द्धनका लागि नगरले तय गरेका विधि तथा मापदण्ड सम्बन्धी अनुशिक्षण दिने । |
| ७. नगर सभा र विषयगत समितिका बैठकमा प्रवेश पास पाएका नागरिक र स्थानीय सञ्चार माध्यमलाई पर्यवेक्षणको अवसर उपलब्ध गराउन आवश्यक प्रबन्ध गर्ने । | ७. सुशासन प्रवर्द्धनलाई कर्मचारी र सम्बन्धित शाखाको कार्य सम्पादन सूचकमा समावेश गर्ने र उत्कृष्ट कर्मचारीलाई वार्षिक रुपमा सम्मानको व्यवस्था गर्ने । | ७. पारदर्शिता र सुशासनमा योगदान गर्ने एकजना कर्मचारी र एकजना नागरिक समाजका सदस्यलाई वार्षिक रुपमा पुरस्कृत गर्ने अभ्यास शुरु गर्ने । |

# खण्ड ६
# अनुगमन र मूल्याङ्कन

बृहत् योजना परम्परागत आवधिक योजना नभई समग्र विकास र सेवाका गतिविधिलाई निर्देशित र व्यवस्थित गरी समयवद्ध रुपमा कार्यान्वयन गर्न मार्गदर्शन गर्ने जीवन्त नीतिगत दस्तावेज हो । समय समयमा अद्यावधिक भइरहने भएकोले यसको समयावधि हरेक वर्ष २० वर्ष नै कायम रहने छ। यो योजनाका नीति तथा प्राथमिकता संशोधनका लागि सुझाव लिन तथा संशोधन गर्न नीति तथा प्राथमिकताका लागि दिइएका संकेत वा नम्बर र अवधिलाई आधार बनाइने छ । बृहत् योजना कार्यान्वयनको समग्र पक्षको अनुगमन र मुल्यांकनको मुख्य जिम्मेवारी नगर कार्यपालिकाको भए पनि प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षणमा सम्बन्धित शाखा तथा इकाईबाट अनुगमन र मुल्यांकनको कार्यमा सहयोग हुनेछ । नगर परिषद् अन्तर्गतका समितिले पनि अनुगमन र मुल्यांकनमा भूमिका निर्वाह गर्नेछन् ।

बृहत् योजना कार्यान्वनको अनुगमन मुल्यांकनको कार्यलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ । जसलाई आगामी दिन थप विस्तृत बनाइने छ ।

१ बृहत् योजनामा समेटिएका अधिकांश विकास र सेवा क्षेत्रको आवधिक रुपमा अपेक्षित उपलब्धी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ । यसलाई क्षेत्रगत योजनाको प्रभावकारिता मुल्यांकनको आधार बनाई सम्बन्धित शाखाबाट तयार हुने वार्षिक तथ्याङ्कलाई एकीकृत रुपमा प्रमुख प्रशासकीय अधिकृतको सहजीकरणमा नगर कार्यपालिकाबाट हरेक ३ वर्षमा मुल्यांकन हुनेछ भने वार्षिक रुपमा तथ्याङ्क अध्ययन गरी त्यसका आधारमा सुधारात्मक कार्यक्रम तय गरी कार्यान्वयन गर्दै लगिने छ ।

२ बृहत् योजनामा तय गरिएका आवधिक प्राथमिकताका आधारमा नगर प्रमुखको नेतृत्वमा रहने राजश्व पुर्वानुमान तथा बजेट सीमा निर्धारण समितिले वार्षिक योजना तथा बजेट तर्जुमा निर्देशिका बनाउने छ । यसरी बन्ने निर्देशिकाका आधारमा वार्षिक योजना तथा बजेट तर्जुमाको कार्यलाई बजेट तथा योजना समितिले निर्देशित र व्यवस्थित गर्नेछ ।

३ नगरले तय गर्ने वार्षिक विकास कार्यक्रमको अंग हुनेगरी बृहत् योजनाले अनुमान गरेको अपेक्षित उपलब्धीका आधारमा वार्षिक कार्यतालिका र परिमाणात्मक लक्ष्य सम्बन्धित शाखाले तयार गर्नेछन् । यसका आधारमा स्वमुल्यांकनको विधि तय गरिने छ ।

४ हरेक ३ वर्षमा बृहत् योजना कार्यान्वयनको आवधिक समिक्षा गरिने छ । अल्पकालीन प्राथमिकता तथा अपेक्षित उपलब्धी र यथार्थ अवस्थाको तुलनात्मक विश्लेषण गरी उपलब्धी मुल्यांकन गरिने छ। यसरी आवधिक समिक्षा प्रतिवेदनका आधारमा सहभागितामुलक पद्धतिबाट बृहत् योजना अद्यावधिक गरिने छ । यससँगै २० वर्षको अद्यावधिक बृहत् योजनाको नयाँ संस्करण तयार हुनेछ । यो क्रम निरन्तर चलिरहने छ ।

५ बृहत् योजनामा निर्धारित प्राथमिकता मध्ये स्थानीय कानुन तथा विभिन्न नीति निर्माणको कार्यान्वयन पक्ष नगर कार्यपालिका र विषयगत समिति हुने हुनाले ती विषय नगर परिषद् तथा विषयगत समितिको अनुगमन र मुल्यांकनको क्षेत्रमा समेटिने छन् ।

६ वस्तु तथा सेवा सम्बन्धी कार्यको अनुगमनको कार्य सम्बन्धित शाखा प्रमुखको प्राविधिक सहयोगमा नगर उपप्रमुख नेतृत्वको नगरस्तरीय अनुगमन समितिले गर्नेछ ।

७ संगठन विकाससँग सम्बन्धित विषयको अनसुगमन तथा मुल्यांकनको कार्य प्रमुख प्रशासकीय अधिकृतको मुख्य प्राविधिक सहयोगमा नगर कार्यपालिकाले गर्नेछ ।

८ योजना कार्यान्वयन अनुगमन र मुल्यांकनको समग्र पक्षको अभिलेखीकरण र व्यवस्थापनको कार्य नगरको नीति तथा योजना शाखाले गर्नेछ ।

# अनुसूची १
# बृहत् योजना कार्यान्वयनको आर्थिक पक्ष

## १. परिचय

दमक नगरपालिकाले आन्तरिक राजश्व, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा विशेष अनुदानका कार्यक्रमका लागि संघीय र प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त हुने विभिन्न अनुदान तथा सहयोगबाट आर्थिक स्रोत एकीकृत गरी विकास तथा सेवा प्रवाहका कार्य गरिरहेको छ । निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रममार्फत् सम्बन्धित संघ तथा प्रदेश निर्वाचन क्षेत्रको स्रोत पनि केही रुपमा नगरको पूर्वाधार विकासमा उपयोग हुने गरेको छ । यो योजना जारी भएको वर्ष अर्थात् आर्थिक वर्ष २०७६/७७ मा उल्लिखित स्रोत तथा कृषि तथा पशुपालन, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा प्राप्त हुने सशर्त अनुदान समेतका अधारमा रु. १ अर्ब ३७ करोडको बजेट रहेकोमा चालु खर्च करिब ७५ करोड र पूँजीगत खर्च करिब रु. ६५ करोड खर्च हुने अपेक्षा राखेको थियो ।

आर्थिक वर्ष २०७५/७६ मा नगरले करिब रु. १ अर्ब खर्च गर्न सकेको थियो । यस आधारमा नगरको खर्च गर्ने क्षेमता १ अर्ब भन्दा माथि पुगेको अवस्था रहेको छ । नगरले आन्तरिक करिब रु. १० करोड हाराहारीमा मात्र आन्तरिक राजश्व परिचालन गर्न सकेको अवस्था छ । नगरले वार्षिक बजेटमा अपेक्षा गरेभन्दा कम खर्च हुन सकेको र पछिल्लो आर्थिक वर्षमा मात्र १ अर्ब खर्च गर्न सक्ने अवस्थामा पुगेको सन्दर्भमा एकातर्फ आन्तरिक राजश्व र समग्र स्रोत विस्तार गर्नु पर्नेछ भने अर्कोतर्फ नगरको खर्च गर्ने क्षमता समेत बढाउनु पर्ने आवश्यकता छ । बृहत् योजना तयार गर्दा नगरले बाह्य सहयोग, साझेदारी र लागत सहभागिता बढाउने तथा आन्तरिक आय पनि क्रमशः विस्तार गर्दै जाने रणनीति लिएकोले आगामी वर्षहरूमा बजेटरी खर्च र गैरबजेटरी खर्च समेतबाट वार्षिक रु. १.५ अर्बसम्म खर्च गर्न सक्ने अवस्थामा पुग्ने अपेक्षा राखिएको छ। आर्थिक गतिविधि र पूर्वाधार विकास र विस्तार तथा राजश्व सुधार योजनामार्फत् नगरले आगामी २० वर्षमा हालको मुल्यमा वार्षिक रू. ३० करोड भन्दा बढी आन्तरिक राजश्व उठाउन सक्ने अनुमान गरेको छ ।

## २. बृहत् योजना कार्यान्वनयको लागत

बृहत् योजनाका सबै लक्षित कार्यक्रम कार्यान्वयन गर्न लाग्ने यथार्थ लागत अनुमान गर्नका लागि कतिपय कार्यक्रमको सम्भाव्यता अध्ययन गर्नुपर्ने, दीर्घकालका लागि गरिने कतिपय कार्यक्रका लागि त्यस समयमा सो कार्यक्रमको आवश्यकता र औचित्य विश्लेषण समेत गर्नुपर्ने सन्दर्भमा हालको अवस्थालाई दृष्टिगत गरी कार्यक्रमको हालको मुल्यका आधारमा लागत अनुमान गर्ने प्रयास गरिएको छ । कतिपय आन्तरिक रुपमा गरिने कार्यक्रमको लागत अनुमान यहाँ समावेश छैन । अल्पकाल र मध्यकालका कार्यक्रमको लागत प्रक्षेपणले अधिकांश विकासमुलक कार्यक्रम समेट्ने भए पनि दीर्घकालका कतिपय कार्यक्रम पछि नगरपालिकाले परिभाषित गर्नुपर्ने भएकोले सो अवधिका कतिपय कार्यक्रमको लागत अनुमान हाल गर्न सकिएको छैन ।

## तालिका १/६.१ : लागत अनुमानको सार संक्षेप

### क. आर्थिक बिकास

| क्र. सं. | आर्थिक विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ बर्ष) | मध्यकालीन (३ देखि ७ बर्ष) |
| १ | कृषि तथा पशुपालन | १,४०५ | ४०५ | १,००० |
| २ | पर्यटन | २,७६५ | ३१५ | २,४५० |
| ३ | उद्योग र वाणिज्य | ३,७५० | १,१५० | २,६०० |
| ४ | आर्थिक पूर्वाधार तथा राजस्व अभिवृद्धि | १,६०५ | २०० | १,४०५ |
| ५ | सहकारी | २५० | ९० | १६० |
| ६ | सीप तथा रोजगारी | १,१०० | २६० | ८४० |
| ७ | संस्थागत विकास (आर्थिक विकास) | २५० | १८५ | ६५ |
| | **जम्मा** | **११,१२५** | **२,६०५** | **८,५२०** |

### ख. सामाजिक विकास

| क्र. सं. | सामाजिक विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ बर्ष) | मध्यकालीन (३ देखि ७ बर्ष) |
| १ | शैक्षिक विकास | ५,६४४.६० | १,८९७.६० | ३,७४७ |
| २ | स्वास्थ्य | ४,९८९ | १,५६७ | ३,४२२ |
| ३ | सम्पदा संरक्षण | १,३४७.५० | ५८५ | ७६२.५ |
| ४ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ६६५ | २२५ | ४४० |
| | **जम्मा** | **१२,६४६.१०** | **४,२७४.६०** | **८,३७१.५०** |

### ग. पूर्वाधार विकास

| क्र. सं. | पूर्वाधार विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ बर्ष) | मध्यकालीन (३ देखि ७ बर्ष) |
| १ | भू-उपयोग तथा आवास व्यवस्थापन | १,५१६.५० | १५४ | १,३६२.५ |
| २ | पार्क तथा मनोरञ्जन | २,०५४ | ५३४ | १,५२० |
| ३ | यातायात | ३२,३५० | ५,८१२ | २६,५३८ |
| ४ | सार्वजनिक निर्माण | १४,३९२.२७ | ७,०१३.१७ | ७,३७९.१ |
| | **जम्मा** | **५०,३१२.७७** | **१३,५१३.१७** | **३६,७९९.६** |

### घ. वन, वातावरण तथा विपद् व्यवस्थापन

| क्र. सं. | बन, वातावरण तथा विपद् व्यवस्थापनका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ बर्ष) | मध्यकालीन (३ देखि ७ बर्ष) |
| १ | प्राकृतिक स्रोत र वातारण | ५,७५० | १,७९५ | ३,९५५ |
| २ | विपद् तथा आपत्कालीन व्यवस्थापन | २,७३५ | ९५५ | १,७८० |
| | **जम्मा** | **८,४८५** | **२,७५०** | **५,७३५** |

**ङ. संस्थागत विकास र सुशासन (संस्थागत विकासका कार्यक्रम सम्वन्धित क्षेत्रमा नै समेटिएको)**

| क्र. सं. | संस्थागत बिकास र सुशासनका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालिन (पहिलो २ बर्ष) | मध्यकालिन (३ देखि ७ बर्ष) |
| १ | सुशासन | ५१ | ९ | ४२ |
| | **जम्मा** | **५१** | **९** | **४२** |

**समग्र लागत अनुमान (रू. लाखमा)**

| कुल जम्मा | अल्पकालीन (पहिलो २ बर्ष) | मध्यकालीन (३ देखि ७ बर्ष) |
|---|---|---|
| **८२,६१९.८७** | **२३,१५१.७७** | **५९,४६८.१०** |

प्रस्तुत लागत आनुमान अनुसार बृहत् योजना कार्यान्वयनका लागि नगरले वार्षिक औषत करिब रु. १ अर्ब १८ करोड  लगानी गर्नुपर्ने देखिन्छ। पूर्वाधार विकासमा सबैभन्दा बढी अर्थात् वार्षिक औषत रु. ७१ करोड र सामाजिक विकास र आर्थिक विकासमा क्रमश: रू. १८ करोड र १५ करोड ९० लाख लगानी गर्नुपर्ने अवस्था देखिएको छ। लागत अनुमानमा प्रशासनिक खर्च तथा सेवा उपभोग खर्च समावेश छैन। त्यसैले करिब ३५ प्रतिशत लागत त्यसका लागि थप हुने अनुमान गरिएको छ। यो अनुमान आ.व. २०७६/७७ को मुल्यमा गरिएको हुनाले मुद्रास्फितिलाई ध्यान दिएर मौद्रिक मुल्यलाई यथार्थ मुल्यमा रुपान्तरण गर्दै जानुपर्ने हुन्छ।

## ३. योजना कार्यान्वयनका लागि स्रोत व्यवस्थापन

बृहत् योजना कार्यान्वयनको स्रोत व्यवस्थापनको प्रारुप तलको तालिकामा प्रस्तुत छ।

**तालिका २/६.१ : बृहत् योजना कार्यान्वयनको स्रोत व्यवस्थापनको प्रारुप**

| क्र.सं. | सुशासन र संस्थागत विकास | आय अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल आय | अल्पकालीन | मध्यकालीन |
| १ | आन्तरिक राजश्व | | ५,६०० | १५,४०० |
| २ | राजश्व बाँडफाँड | | ४,००० | ११,००० |
| ३ | संघीय अनुदान | | | |
| | वित्तीय समानीकरण अनुदान | | ३,८०० | १०,४५० |
| | सशर्त अनुदान | | ८,५०० | २३,३७५ |
| | समपुरक अनुदान | | ८०० | २,२०० |
| | विशेष अनुदान | | ३०० | ८२५ |
| ४ | प्रादेशिक अनुदान | | | |
| | वित्तीय समानीकरण अनुदान | | १६० | ४,४०० |
| | सशर्त अनुदान | | ६२० | १,७०५ |
| | समपुरक अनुदान | | २०० | ५५० |
| | विशेष अनुदान | | ५० | ३३८ |

| क्र.सं. | सुशासन र संस्थागत विकास | आय अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल आय | अल्पकालीन | मध्यकालीन |
| ५ | जनसहभागिता तथा अन्य (बीमा दाबी, पुँजीगत हस्तान्तरण तथा अन्य बेरुजु) | | २०५ | ६६० |
| **कुल आय आनुमान** | | | **२४,२३५** | **७०,९०३** |
| अनुमानित कार्यक्रम खर्च | | | २३,१५१.७७ | ५९,४६८.१० |
| प्रशासनीक तथा उपभोग खर्च | | | ८१०२.८५ | २०,८१३.८० |
| **कुल व्यय अनुमान** | | | **३१,२५५** | **८०,२८२** |
| **अन्य तहबाट कार्यक्रम हस्तान्तरण तथा वित्तीय व्यवस्था** | | | **७,०२०** | **९,३७९** |

बृहत् योजना कार्यान्वयनका लागि स्रोत व्यवस्थापनका निम्न रणनीति अघि सारिएको छ।

१. राजश्वको दायरा विस्तारमा केन्द्रित गतिविधि र सम्बन्धित पूर्वाधारमा गरिने लगानीले आन्तरिक राजश्व हरेक वर्ष आधार वर्षको मुल्यमा औसत २० प्रतिशतले वृद्धि भई आ.व. २०९६/९७ सम्ममा करिब ३० करोड हाराहारी पुग्ने अनुमान गरिएको छ।

२. संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा संघ, प्रदेश र स्थानीय सरकार बिचको राजश्व बाँडफाँडको रकम क्रमशः बढ्दै जाने अपेक्षा गरिएको छ भने विशेष पूर्वाधारका लागि विशेष अनुदान प्राप्तिमा समन्वय गरिने छ।

३. नीति निर्माण र प्रवर्द्धनात्मक कार्यक्रमका लागि स्थानीय सामुदायिक संस्था तथा अन्य विभिन्न संघ संस्थासँग साझेदारी हुने अपेक्षा गरिएको छ।

४. कतिपय महत्वपूर्ण पूर्वाधारका लागि निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम तथा संघ तथा प्रदेशबाट एक भन्दा बढी स्थानीय तहको विकासमा हुने लगानीले पनि कतिपय स्रोतको आवश्यकता अप्रत्यक्ष रुपमा पूरा हुने छ। त्यसका लागि छिमेकी स्थानीय तहहरूसँग साझेदारी गरिने छ।

५. आर्थिक विकास अन्तर्गतका सीपमुलक कार्यक्रम तथा पूर्वाधार विकासका कार्यक्रममा निजी, सार्वजनिक, सहकारी साझेदारीका आधारमा कार्य अघि बढाइने छ।

६. स्थानीय पूर्वाधार र सेवा विस्तारमा लागत (नगद वा श्रम) सहभागिता र साझेदारीले पनि लगानीको स्रोतको आवश्यकता पूर्तिमा केही योगदान गरेको छ।

७. योजना कार्यान्वयनका लागि घाटा बजेट पूर्तिका लागि नेपाल सरकार तथा अन्य वित्तीय संस्था तथा नेपाल सरकार मार्फत वाह्य ऋण प्राप्तीलाई पनि प्राथमिकतामा राखिने छ।

८. कतिपय कार्यक्रम अन्य तह (संघ तथा प्रदेश) का कार्यक्रममा समेत समेटिन सक्ने हुनाले त्यसले अप्रत्यक्ष रुपमा आर्थिक सहयोगको भूमिका खेल्ने अपेक्षा छ।

# अनुसूची २
# बृहत योजनाको प्रारम्भिक मस्यौदा माथि
# नागरिक सल्लाहकार परिषद्को सुझाव



आज मिति २०७७ साल श्रावण १० गते शनिवार दमक नगर पालिका वृहत नगर योजना प्रक्रिया अन्तर्गत नगर कार्यपालिका लाई सुझाव दिन दमक नगर प्रमुख श्री रोमनाथ ओली ज्युको प्रमुख आतिथ्यतामा बैठक बसी निम्न अनुसार सुझाव दिने निर्णय गरियो ।

उपस्थिति

१. श्री रोमनाथ ओली – नगर प्रमुख
२. श्री दुर्गा प्र. चौलागाई – नागरिक स. सदस्य
३. " अम्बिका खनाल – "
४. " बोध प्रसाद घिमिरे – "
५. " धिरेन सुब्बा लावती – "
६. " हिमलाल भण्डारी – "
७. श्रीमती रिता थापा – "
८. " मधुरा पौडेल – "
९. श्री खगेन्द्र प्र. घिमिरे – "
१०. " प्रकाश [illegible] – "
११. " दुर्गा प्र. ढकाल – "
१२. " गिरेन्द्र चौलागाई प्रदेश सभा सदस्य प्रतिनिधि
१३. " कृष्ण तिम्सिना – ना.स. सदस्य
१४. " प्रकाश अधिकारी – "
१५. " युवराज घिमिरे – "
१६. " नन्दि केशर अधिकारी – "
१७ " महेश्वर घिमिरे " "
१८. " विष्णु प्र. निरौला सामाजिक परिचालक दनपा.

प्रस्ताव नं. १. नागरिक सल्लाहकार परिषदका सदस्यहरुले वृहत छलफल गरि पेस गर्नु भएका सुझावहरु नगर कार्यपालिका मा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।



श्री दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
१ नं. प्रदेश, नेपाल

मिति : २०७७/०४/११

विषय :- बृहत योजना निर्माणमा सुझाव पेश गरिएको बारेमा ।

उक्त सम्वन्धमा मिति २०७७/०४/१० गते शनिवार बसेको नागरिक सल्लाहकार परिषद्को बैठकले बृहत योजना निर्माण प्रक्रिया अर्न्तगत नागरिक तथा वडा स्तरबाट आएको सुझाव माथी विस्तृत रुपमा छलफल गरि नगर कार्यपालिकालाई निम्न अनुसार सुझावहरु पेस गर्ने निर्णय गरिएको व्यहोरा जानकारी गराउँदछु ।

नन्दिकेशर अधिकारी
संयोजक
नागरिक सल्लाहकार परिषद्
दमक नगरपालिका

बृहत् योजनाको मस्यौदामाथि दमक नगरपालिका, नागरिक सल्लाहकार परिषद्ले विभिन्न वडामा गरेको छलफल र सार्वजनिक सुनुवाईबाट आएका सुझावका आधारमा बृहत् योजनाको प्रारम्भिक मस्यौदामा निम्न विषय थप गर्न नगर कार्यपालिकालाई सुझाव दिएको छ ।

**तालिका ३/६.१ : वडा र समुदाय स्तरबाट प्राप्त सुझावको सम्बोधनका लागि परिषद्को निर्णय**

| क्षेत्र | वडा र समुदाय स्तरबाट प्राप्त सुझावको सम्बोधनका लागि परिषद्को निर्णय |
|---|---|
| आर्थिक विकास | सम्भाव्यताका आधारमा पहाडी इलाका वा अन्य सवै कृषि योग्य जमिनमा तरकारी खेती गर्नुपर्ने हुनाले निम्नानुसार हुने गरी कृषि तथा पशुपालन क्षेत्रको नीति च थप गर्ने र सोही अनुसार कार्यक्रम पनि थप्ने ।<br>नीति चः जैविक विधिमा आधारित तरकारी उत्पादन बढाई तराकारी आयात प्रतिस्थापन  गर्न कौसी खेती तथा शहरी क्षेत्र बाहिरका उपयुक्त क्षेत्रमा जैविक तरकारी खेती प्रोत्साहन गरिने छ । |
| | पर्यटन क्षेत्रको मध्यकालिन कार्यक्रममा नगर र नगर क्षेत्र आसपास रहेका पर्यटकीय महत्वका क्षेत्रको संरक्षण र प्रवर्द्धनका विषय राखी पर्यटन प्रवर्द्धन सम्वन्धि विषयलाई थप स्पष्ट पार्ने । |
| | कृषि तथा पशुपालन क्षेत्रमा कौसी खेती, शहरी खेती र कृषि पकेट क्षेत्रमा उत्पादित तरकारी लगायत कृषि उपजको सहकारी मार्फत बजारीकरणको व्यवस्था मिलाईने नीति तथा प्राथमिकता थप समेट्ने । |
| | कृषि क्षेत्रको नीति छ थप गरी कृषि उत्पादनकालाई आवश्यक पर्ने प्राविधिक सेवा उत्पादन क्षेत्रमा समयवद्ध रुपमा उपलब्ध हुने व्यवस्था मिलाईने छ  भन्ने उल्लेख गर्ने र कार्यक्रममा पनि सो विषय समेट्ने । |

| | |
|---|---|
| सामाजिक विकास | शिक्षा क्षेत्र अन्तर्गत उद्देश्य नं १ को नीतिमा संस्कृत र नैतिक शिक्षाको व्यवहारिक प्रयोजनका लागि विद्यालय शिक्षाको पाठ्यक्रममा समावेस गर्ने र आवधिक प्राथमिकताको घ नम्बरको अल्पकालीन योजनामा संस्कृत र नैतिक शिक्षाको व्यवहारिक कार्यान्वयनका लागि आधार तयार गर्ने, मध्यकालीन कार्यक्रममा संस्कृत र नैतिक शिक्षा सम्बन्धी पाठ्यक्रम निर्माण गरी र्कायान्वयन गर्ने विषय थप गर्ने । |
| | शिक्षा क्षेत्रको उद्देश्य नं २ को नीति ठ मा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको विद्यालय शिक्षामा पहूँच बृद्धिलाई विशेष जोड दिइने विषय थप गर्ने |
| | शिक्षा अन्तर्गत उद्देश्य १ को नीति क मा सामुदायिक विद्यालयको भौतिक संरचना बालमैत्री र अपांगता मैत्री बनाइनेछ भनेर सम्बोधन भएकोले त्यसै नीतिमा संस्थागत विद्यालयको भौतिक संरचना बालमैत्री र अपाङ्गता मैत्री बनाउन आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ भनी थप गर्ने । |
| | शिक्षा अन्तर्गत उद्देश्य नं १ को नीतिमा विद्यालयका कक्षाकोठाहरुमा विद्यार्थीको उमेर र भौतिक अवस्था अनुसार उपर्युक्त र सुविधाजनक बसाई व्यवस्थापन सुनिश्चित गर्ने नीति निर्माण गरि कार्यान्वयन गरिने वातावररण तयार गरिनेछ भनी थप गर्ने |
| | शिक्षा अन्तर्गत उदेश्य नं २ को नीतिमा थप गर्ने : प्रविधिको विकास संगै विद्यार्थीहरुको सिक्ने तरिका बदलिँदै गएको अवस्थामा सिकाइ गुणस्तर अभिवृद्धि गर्न तथा शिक्षण सिकाइमा विद्यार्थीहरुलाई आर्कषित गरि विद्यालय छाड्ने दर कम गर्दै सिकाइ उपलब्धी वृद्धि गर्न कक्षा शिक्षणलाई Interactive बनाउदै लै जाने तथा digital classroom को अवधारणालाई सहयोग गर्ने निती नीति निर्माण र कार्यान्वयन गरिनेछ । |
| | शिक्षा अन्तर्गत उद्देश्य नं १ को नीतिमा: विद्यार्थीहरुको कक्षा छाड्ने दर कम गर्नका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ भन्ने विषय थप गर्ने । |
| | उद्देश्य २ को नीति ढ मा समावेश विषयलाई आवधिक प्राथमिकता घ मा पनि समावेश गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने । |
| | शिक्षाको उद्देश्य नं २ को नीति नं ण थप गरी विद्यालय शिक्षाको पहुँच बृद्धि र गुणस्तर सुधारमा युवा परिचालन गरिनेछ । आवधिक प्राथमिकता नं घ मा शिक्षाको पहुँच बृद्धि र गुणस्तर सुधारमा युवा परिचालनको आधार तयार गर्ने विषय थप गर्ने । |
| | उद्देश्य नं ३ को नीति ज थप गरी नगरमा शिक्षा क्षेत्रमा विशेषज्ञ ज्ञान भएका युवाहरुको think tank निमार्ण गरी नगरको विद्यालय शिक्षाको विकासमा युवाहरुको क्षमताको उचित उपयोग गर्ने रणनीति निर्माण गरिनेछ । शिक्षाको आवधिक प्राथमिकता ग को अल्पकालीन, मध्यकालीन र दीर्घकालिनमा शिक्षाको विकासमा विशेषज्ञ ज्ञान भएका युवाको अवस्था तयार गरी उचित परिचालन गर्ने भनी थप गर्ने |
| | स्वास्थ्यको आवधिक प्राथमिकताको कार्यक्रम नम्बर (ज) अल्पकालीन कार्यक्रम नं १ मा स्वास्थ्य संस्था बाहिरका खोप स्थल निर्धारित र व्यवस्थित गर्ने र तत्कालको लागि वडा न. ३ स्थित उत्तरी क्षेत्रमा खोप केन्द्र निर्माण गर्ने कुरा उल्लेख गर्ने । |
| | स्वास्थ्यको उद्देश्य न.२ नीति 'ग' मा निम्नानुसार हुने गरी सुधार गर्ने ।<br>नीति ग: सबै नगरवासीको स्वास्थ्य बिमा अनिवार्य गराई स्वास्थ्य बिमा गर्दा नगर र व्यक्ति दुबै तर्फबाट निश्चित रकमको लगानी गर्ने व्यवस्था गरि स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा लिने सेवाग्राहीको चापलाई मध्यनजर गर्दै छिटो र झन्झट रहित स्वास्थ्य सेवा प्रवाहका लागि वर्तमान अभ्यासमा आवश्यक सुधार गरिने छ । सबै किसिमका स्वास्थ्य सेवा प्राप्तीको समय र लागत घटाउनका लागि सेवा प्रवाह प्रक्रियामा आवश्यक परिमार्जन गरिनेछ । |

| | |
|---|---|
| पूर्वाधार विकास | सबै घरमा सुरक्षित पानी पुऱ्याउने विषय समेटिएकोले जनसंख्या सम्बन्धि विषयमा त्यसको प्रस्तुतीलाई थप प्रष्ट पारेर यस्ता विषय समेटिने गरी भाषा मिलाउने । |
| | सार्वजनिक निर्माण अन्तर्गत खानेपानी सम्बन्ध कानुनमा लाइन विस्तारका मापदण्ड सम्वन्धि विषय समेत खुलाउने । |
| | पैनी र चेक ड्याम्प भन्ने शब्द सिंचाई सम्वन्धि कार्यक्रममा थप गर्ने । |
| | खानेपानीको कार्यक्रम बनाउँदा नगरको वर्तमान जनसंख्या तथा पर्यटन विकास सँगै बढ्नसक्ने जनसंख्यालाई समेत आधार बनाउने कुरा भावी जनसंख्या समेतलाई आधार बनाउने गरी उद्देश्य ७ को नीति ज थप गर्ने र सोही अनुसार कार्यक्रम सामान्य परिमार्जन गर्ने । |
| | खानेपानीको कार्यक्रम बनाउँदा नगरको वर्तमान जनसंख्या तथा पर्यटन विकास सँगै बढ्नसक्ने जनसंख्यालाई समेत समावेश गरी भावी जनसंख्या समेतलाई आधार बनाउने गरी उद्देश्य ७ को नीति ज थप गर्ने र सोही अनुसार कार्यक्रम सामान्य परिमार्जन गर्ने । |
| | सबै घरमा सुरक्षित पानी पुऱ्याउने विषय समेटिएकोले भएपनि जनसंख्या सम्वन्धि विषय त्यसको प्रस्तुतीलाई थप प्रष्ट पारेर यस्ता विषय समेटिने गरी भाषा मिलाउने । |
| | आवधिक प्राथमिकता तालिका ५.४.२ : पार्क तथा मनोरञ्जन को कार्यक्रम ग. ५. मा रंगशाला सम्वन्धि विषयलाई थप स्पष्ट पार्ने । |
| | चोक तथा चौबाटो निर्माण सम्वन्धि विषयलाई सडकको प्राथमिकतामा थप स्पष्ट पार्ने । |
| | सार्वजनिक निर्माण अन्तर्गगको उद्देश्य १० अन्तर्गत ठोस फाहोर वर्गीकरण व्यवस्थापन केन्द्र सञ्चालन, सार्वजनिक नीजि साझेदारी सम्वन्धि विषय समेट्ने । |
| | घुम्ती शौचालय सम्वन्धि विषय सार्वजनिक शौचालय सम्वन्धि हाल उल्लेखित कार्यक्रममा नै समेट्ने । |
| | सार्वजनिक सरसफाईको कार्यक्रममा बाटाघाटा, हाट बजार, पार्क लगायतका सार्वजनिक स्थलहरुको सरसफाई र बगैंचाको निर्माण पश्चात सञ्चालन र रेखदेख जस्ता विषयमा नीजि क्षेत्रसँग साझेदारीको विषय समेट्ने । |
| | घुम्ती शौचालय सम्वन्धि विषय सार्वजनिक शौचालय सम्वन्धि हाल उल्लेखित कार्यक्रममा नै समेट्ने । |
| संस्थागत विकास र सुशासन | उपभोक्ता समिति वा निर्माण समितिको हर हिसाव राख्ने विधिलाई सम्वन्धित समितिको विधानको अभिन्न अंग बनाउने कुरा सुशासनको नीति र कार्यक्रममा समावेश गर्ने । |

**दमक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, दमक, झापा, प्रदेश नं. १, नेपाल
कार्यालय फोन नं : ०२३५८०१३७, ०२३५८००४४ फ्याक्स : ०२३५८०१४६, ०२३५८०१४७
इमेल : info@damakmun.gov.np, ict.damakmun@gmail.com
वेबसाइट : www.damakmun.gov.np